बिडीएलग्रन्थ

# धम्मपद

## मूलग्रन्थ-२


लेखक/संकलक/अनुवादक

खेन्पो बसन्त कुमार गुरुङ

कल्याणमित्र डीबी गुरुङ

# धम्मपद

पाली, संस्कृत, हिन्दी, संभोटा र
अंग्रेजीबाट सारानुवाद गरिएको

लेखक/संकलक/अनुवादक
खेन्पो बसन्त कुमार गुरुङ
कल्याणमित्र डीबी गुरुङ

चेल्सी, मासाच्यूसेट, अमेरिका
अक्टोबर ०१, २०२४

"सबै मान्छेमा चेतना छ
त्यसैमा बुद्ध बसेको छ"

# समर्पण

धम्मपद मूलग्रन्थ– २
सम्पूर्ण बौद्ध समुदायलाई
समर्पण गर्न चाहन्छौं ।
लेखकद्वय ।

# पुन्यानुमोदन

धम्मपद मूलग्रन्थ– २
सम्पूर्ण प्रकाशन परिवारलाई
पुन्यानुमोदन गर्न चाहन्छौँ।
लेखकद्वय।

# अनुमति

धम्मपदको मूल पाण्डुलिपिलाई
बुद्धिजम डिजीटल लाइब्रेरीमा डिजीटल
पुस्तकको रुपमा प्रकाशन गर्न
अनुमति प्रदान गर्दछौं ।

लेखकद्वय

**प्रकाशकः**
बुद्धिजम डिजिटल लाइब्रेरी मासाचुसेट, अमेरिकाको
लागि आर्थिक सायोग प्रदान गर्नु हुने मनकारी दाताहरूमा
श्री कर्साङ लामा (दाजु) । श्री छिरिङ दिन्डु लामा (भाइ) र
श्रीमती झोम्पा लामा (बहिनी) हुन् ।

**लेखक/संकलक/अनुवादकः**
खेन्पो बसन्त कुमार गुरुङ
कल्याणमित्र डीबी गुरुङ

**सर्वाधिकार ©**ः प्रकाशकमा सुरक्षित

**ब्यवस्थापनः**
राजु गुरुङ, सुरेन्द्र गुरुङ, आनन्द गुरुङ
ज्योति गुरुङ, जानकी गुरुङ र एलिना गुरुङ


**गुरुङ बुद्धिजमको लागि इप्रकाशकः**
www.buddhismlibrary.org
२५६८औं बुद्ध जयन्ति, २०८१

**प्रथम संस्करण**ः ३००० प्रति
निःशुल्क बितरण

**डिजाईन**ः सुरेन्द्र महर्जन

**मुद्रण**ः कानुङ प्रिन्टिङ्ग प्रेस
बागबजार, काठमाडौं, नेपाल
फोनः ९८५१०५१४१६

# मेरो दुई शब्द



आजको २१औं शताब्दीमा आइपुग्दा बर्मा, श्रीलंका र थाइल्याण्ड यी देशहरूमा थेरावाद सम्प्रदायको बलियो जग बसेको छ। यी देशहरूमा अहिले पनि त्यसरीनै बौध्द धर्मको अध्ययन र अभ्यास जारी छ। त्यसै गरी एशिया महाद्धीपमा नेपाल, भारत, तिब्बत, भुटान, चीन, मंगोलिया, कोरिया र जापानमा महायानको महापण्डितहरूबाट यो सम्प्रदायको बिस्तार हुन गयो।

हाम्रो देशमा भगवान बुद्धले प्रतिपादन गर्नु भएको शिक्षालाई अंगीकार गरी आफ्नो संस्कृतिलाई धर्ममा मिश्रण गरी एकरुपता दिने कार्य भयो। यसले नेपालीहरूको गौरब बढाएको छ।

यस पुस्तकभित्र बुद्ध, बोधिसत्व, देवदेवी, महापण्डित सिद्ध गुरुवरहरूले रचेका र अनुवादकको पाठहरूलाई पनि समावेश गरी एउटा फूलमाला गास्ने जमर्को गरेको छौं। हरेक पूजापाठ प्रार्थना, मन्त्र, जप, मंगलचरण बिधिबाट प्राप्त हुने पुन्यलाभहरू पनि अचिन्त्य वा अपार छन्। जसको व्याख्या गर्न सकिँदैन।

तिब्बती धर्म पनि महायान सम्प्रदायको एउटा अभिन्न अंग हो। तिब्बतमा आठौं शताब्दीदेखि बौद्ध धर्म तीव्र गतिमा फैलिएर जान थाल्यो। राजा ठ्रिसोङ दुईछेन, गुरु पद्मसम्भव, शान्तरक्षित जस्ता युग पुरुषहरूको अथक प्रयास अनि अमूल्य योगदान र महत्त्वको बेग्लै इतिहास छ। तिब्बत भोटमा बौद्ध धर्म स्थापित भए पछि त्यहाँबाट धेरै बिद्वानहरू भारतको विश्व प्रसिद्ध विश्वविद्यालयहरू नालन्दा, विक्रमशिला, ओदन्तपुरी र तक्षशिलामा आइ अध्ययन गरी संस्कृतदेखि तिब्बती भाषामा उल्था गरे। अहिले पनि तिब्बती धर्मगुरुहरूले ती धर्म ग्रन्थहरूलाई आफ्नो प्राणभन्दा प्यारो गरेर सुरक्षित राखेका छन्। ती पुस्तक भित्र बौद्ध धर्मका उपदेशहरू समावेश छन्। बाहिरी थेरावादको उपदेश, भित्री महायानको अनि गोप्य बज्रयानको शिक्षा बहुजन हिताय बहुजन सुखायको परिप्रेक्ष्यबाट राखिएका छन्। सबैको लक्ष्य बुद्धत्व प्राप्त गर्नु हो।


बौद्ध अनुयायी साधकहरूले बौद्ध ग्रन्थद्वारा कुनै पनि पूजापाठ जप शाधना, प्रार्थना र मन्त्र उच्चारण आदि गर्दा, यी तीन पवित्र बिचारहरू मनमा लिनु अति आवश्यक छ। पहिलो बोधिचित्त धारणा, दोस्रो मनको एकाग्रचित्त तेस्रो बोधि परिणामना हो।

मनुष्यको भाग्यले एकैखेप मात्र साथ दिन्छ। यदि कसैले पवित्र बिचारहरूको साथ धार्मिक कार्यहरू सम्पन्न गरे मुक्ति अनुकूल पुण्यमा परिणत हुन्छ।

अन्तमा, २५६८औं बुद्ध जयन्तिको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना!
भवतु सर्वमंगलम्। बुद्धम् शरणम् गच्छामि।

खेन्पो बसन्त कुमार गुरुङ (ज्ञान दोर्जे)
प्रमुख लामा कञ्चन व्योम कुसुमा
स्वर्णद्वीप गुम्बा, नेपाल।
हाल बौद्ध समाज कोलोराडो, अमेरिका।
२५६८औं बुद्ध जयन्ति।

# अनुवादकको भनाइ



धम्मपद भनेको त्रिपिटकको खुद्दक निकाय भित्रको एउटा महत्त्वपूर्ण ग्रन्थ हो । साधरण भाषामा भन्नु पर्दा धम्मपद भनेको धर्मको बाटो हो। जसलाई अवलम्बन गर्दा मानव जीवन अर्थपूर्ण, सार्थक समृद्ध र सम्पन्नशाली हुन सक्दछ। यस अर्थमा भन्नु पर्दा धर्म भनेको सत्य हो । सत्य भनेको समय हो । तर समय पनि एकनास रहँदैन। बिहानको समय दिउँसो हुँदैन। दिउँसोको समय बेलुकी रहँदैन । बेलुकीको समय रातमा हुँदैन। अर्थात कुनै पनि समय र बस्तुहरू एकनास रहँदैन। तथागतले यसैलाई अनित्यवाद भन्नु भएको छ।

संसारमा स्थापित सबै धर्महरूको आ-आफ्नै मुल्य र मान्यताहरू छन् । जस्तै दिन्दु धर्मको पवित्र ग्रन्थ भनेको गीता हो । त्यसैगरी क्रिश्चियनहरूको बाइबल हो । मुस्लिमहरूको कुरान भने जस्तै बौद्धमार्गीहरूको पबित्र ग्रन्थ भनेको धम्मपद हो । कुनै पनि अड्डअदालतहरूमा साक्षी राखेर कसम खानु पर्यो भने बौद्धमार्गीहरूको लागि धम्मपदलाई साक्षी राख्नु पर्छ ।

धम्मपद भनेको तथागत गौतम बुद्धको मूलबचन हो । उनको अमृत बचनहरू पाली भाषामै सुरक्षित रहेका छन् । पाली भाषामै पुस्ता हस्तान्तरण हुँदै आएका छन् । धम्मपदमा बत्तिस बर्गहरू र हजार पालीगाथाहरू समावेश गरिएका छन् भन्ने श्रुति रहेको छ । तर, अहिले बजारमा उपलब्ध भएका धम्मपदहरूमा २६ बर्गहरू र ४२३ पालीगाथा मात्र प्रचलनमा रहेको देखिन्छ । यस बिषयमा बौद्ध बिद्वानहरूले छलफल गरी सत्य कुराको टुँगो लगाउँनु पर्ने आजको आवश्यकता रहेको देखिन्छ ।

हामीहरू यो अनुवाद गर्ने क्रममा दर्जनौ धम्मपदहरूको अध्ययन गरेका छौँ । धेरैजसो पुस्तकमा भाषिक समस्यहरू देखिएका छन् । पालीगाथामा पनि कमिकजोरीहरू देखिएका छन् । मूल रुपमा पाली र संस्कृत भाषालाई छुट्याउन सक्नु पर्छ । पाली र संस्कृत भाषालाई छुट्याउन सकिएन भने, कतिपय पद र श्लोक लेख्ने क्रममा अप्ठेरोपन देखिन आउँछ । यसलाई अभ्यास गरी हेर्नु ।

अहिलेसम्मको अनुभवले के भन्छ भने त्रिपिटकको मूल भाषा पाली हो । त्यसपछि संस्कृत र संभोटा हुन् । अहिलेसम्म देखिएका महायानी, बज्रयानी ग्रन्थहरू र साहित्यहरूमा लेखिएका

मन्त्रहरू सबै संस्कृतमा छन् । ती मन्त्रहरू शुद्ध छन् भन्ने कुराको कुनै पुष्टि हुन सकेको छैन । म पाली भाषाको बिद्यार्थी भएको नाताले मलाई संकृत भाषाको पनि आधारभूत जानकारी छ ।

बिभिन्न आचार्यहरूले अनुवाद गर्ने क्रममा आचार्यवादको प्रभाव रहेका छन् । कुन चाहि आचार्यले अनुवाद गरेको ग्रन्थको स्तर कस्तो छ, भनेर ब्यक्तिको नाम चाहि लिन चाहन्न । तर अनुवादित ग्रन्थको स्तर सही छैनन् । अनुवाद सही भएन भने गलत सन्देश दिन्छ । यो कुरामा आचार्यहरू सचेत हुनुहोस् ।

अनुवाद गर्ने क्रममा के कुराको अनुभूति भयो भने, अनुवाद तीन प्रकारले गर्न सकिदो रहेछ । सर्वप्रथम शब्दानुवाद भावानुवाद र सारानुवाद । अहिले बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्कको समूहले सारानुवाद गर्ने प्रयास गरिरहेको छ । किनभने बुद्धबचन भनेको बिशाल समुन्द्र हो । बिशाल समुन्द्रको सबै पानी पिउने लायक हुँदैन । पिउनको लागि मिठो पानी चाहिन्छ । हाम्रो लक्ष्य भनेको मिठो पानी उपलब्ध गराउनु हो ।

कुनै भाषा भनेको चित्र ध्वानी हो । अर्थात चित्र अनुसारको ध्वानी हुनु पर्छ । तर कतिपय नेपाली शब्दहरूको उच्चारण त्यस्तो देखिएको छैन । उदाहणको लागि (विषय) लेखर बिसय उच्चारण गर्ने । (विवाह) लेखेर बिबाहको उच्चारण गर्ने । (षड्यन्त्र) लेखेर सड्यन्त्रको उच्चारण गर्ने । (वन्दना) लेखेर बन्दनाको उच्चारण गर्ने । (वस्त्र) लेखेर बस्त्रको उच्चारण गर्ने । (वायु) लेखेर बायुको उच्चारण गर्ने गरेको पाइन्छ । यो एउटा उदाहरण मात्र हो । उपरोक्त शब्दहरू संस्कृत हुन् भन्ने मेरो बुझाई रहेको छ । तर हामीले जे भाषा लेख्ने गरेका छौं, त्यसैलाई महत्त्व दिनु पर्छ । म पाली

भाषाको बिद्यार्थी भएको नाताले पाली र संस्कृत भाषाको आधार भूत अन्तरबस्तुलाई चिन्ने प्रयन्त गर्छु ।

समग्रमा भन्नु पर्दा, बुद्धले के भन्नु भएको छ भने, मेरो दर्शनलाई सबै मान्नै पर्छ भन्ने कुरा छैन । तर यसलाई राम्रोसँग बुझेर अध्ययन गर्नु । ध्यान, भावना र साधना गर्नु । यसबाट उपलब्धि हुन्छ भन्ने बिश्वास लाग्यो भने मात्र ग्रहण गर्नु । मेरो दर्शनलाई सध्य होइन साधनको रुपमा प्रयोग गर्नु । जस्तै डुँगा भनेको वारिबाट पारी जाने साधन हो, साध्य होइन । जीवन भर बोकेर हिँडिरहनु पर्ने आवश्यकता छैन । त्यसैले तथागत गौतम बुद्धले धम्मपदको पहिलो पालीगाथामै भन्नु भएको छ–

**मनोपुब्बंगमा धम्मा, मनोसेठा मनोमय**
**मनसा चे पदुटेन, भासति वा करोति वा**
**ततोनं दुक्खमन्वेति, चक्कं व वहतो पदं ॥१॥**

अर्थात मन नै सबै प्रबृतिहरूको प्रधान हो । सबै कुरा मनबाटै उत्पन्न हुन्छ । यदि कसैले दुषित मनले केही कुरा बोल्छ, भन्छ वा कुकर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरुको खुट्टालाई पछ्याए झैं दुःखले सधै अनुसरण गरिरहन्छ ।

बुद्धबचनको मूल भाषा भनेको पाली हुन् । त्यसैले पाली भाषाको आधार बिना गरिएका ब्याख्या र बिश्लेषणहरू कति सही छ ? भन्न कठिन छ । हामीले अनुवादको यात्रामा आचार्यवादको प्रभाव कतिसम्म रहन्छ भन्ने कुरा अनुभव गरेका छौं । खास गरी बिषय बस्तुको प्रस्तुति, भाषाको शुद्धता, ब्याख्या र भाषान्तर कुन शैलीमा भैरेहेको छ ? यसबाट अनुवादक कुन सम्प्रदायका हुन भन्ने कुरा सजिलैसँग बुझ्न सकिन्छ ।

अन्तमा, अनुवादन, सम्पादन, प्रकाशन र ब्यबस्थापनको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभवहरू र मनकारी दाताहरू बिशेष गरी यो धम्मपदलाई प्रकाशन गर्नु हुने श्रीमान कर्साङ लामाज्यू, श्रीमान छिरिङ दिन्डु लामाज्यू र उनीहरू दुबैको बहिनी श्रीमती झोम्पा लामाज्यूलाई हार्दिक धन्यवाद सहित आभार ब्यक्त गर्दै, सुख, शान्ति, उन्नति, प्रगति समृद्धि र दीर्घायुको हार्दिक मंगलमय शुभकामना !

कल्याणमित्र डीबी गुरुङ, अमेरिका
dhirgurung2020@gmail.com
www.buddhismlibrary.org
२५६८औं बुद्ध जयन्ति ।

# प्रकाशकको मन्तब्य



भारतमा बुद्ध धर्मलाई सर्वप्रथम पाली भाषामा लेख्ने परम्परा थालियो । पालीबाट बिस्तारै संस्कृत भाषामा संग्रह हुन थाल्यो । आठौँ सताब्दी पछि संभोटा भाषामा पनि अनुवाद हुन थाल्यो । वर्तमान अवस्थालाई हेर्दा, पाली र संस्कृतमा भन्दा, संभोटा भाषाका ग्रन्थहरू बजारमा धेरै सहज रुपमा उपलब्ध भएको देखिन्छ ।

यस बाहेक चाइनीज, मंगोलिया, जापानीज, कोरियन मलेशियन, हङकङ, ताइवान, भेतनाम, कम्बोडिया, लावस थाइलैन्ड, सिँगापुर, मैनमार, श्रीलंका, भूटान आदि राष्ट्रहरूमा बौद्धदर्शनलाई आ-आफ्नै राष्ट्रिय भाषामा प्रकाशन गरेका छन् । यसबाट के कुराको पुष्टि हुन्छ भने, बुद्धदर्शन भनेको सामाजिक मुल्य र मान्यतहरूको संबाहक हुन् । यसले सबै समुदायको मौलिक भावना र जीवन

पद्धतिलाई सम्मान गर्दै, चार आर्यसत्य पञ्चशील, अष्टमार्ग, महाशील र प्रतित्यसमुत्पादको मौलिक भावना र सिद्धान्तलाई धर्मको रुपमा देशना गरेको छ।



सर्वप्रथम धर्म भनेको के हो ? धर्म भनेको सत्य हो। सत्य भनेको समय हो। तर, समय पनि बिहना, दिउँसो र बेलुकी एकनास हुँदैन। किनभने समयलाई उर्जा प्रदान गर्ने मूल तत्व भनेको ऋतुको अवस्था हो। अर्थात समय पनि अवस्थामा निर्भर रहन्छन्। यसैलाई बुद्धले अनित्यवाद भन्नु भएको छ।

बुद्धबचन वा त्रिपिटकमा लेखिएका कुराहरू मौलिक एवं ब्यवहारिका छन् । बुद्धले सबै कुराहरू आफ्नै जीवनमा भोगेका र अनुभव गरेका कुराहरू छन् । कुनै पनि कुराहरू काल्पनिक वा मिथ्य छैनन् । त्यसैले गर्दा, बुद्धको पछि यति धेरै मानिसहरू लागे कि, इतिहासमा कसैको पछि पनि लागेन । उनीहरू त्यस समयका जम्बुद्धीपका नामुद बिद्वान ब्राह्मणहरू थिए ।

नेपाल बुद्धभूमि भएता पनि बुद्धदर्शनलाई नेपाली बौद्धमार्गीहरूले राम्रोसँग बुझ्ने अवसर पाए जस्तो लाग्दैन। यसको मूल कारण भनेको भाषा हो। अहिलेसम्म छिटपुट बाहेक बजारमा नेपाली भाषामा त्रिपिटक उपलब्ध हुन सक्ने अवस्था देखिएको छैन। नेपाली बौद्धमार्गीहरूले अनुवाद गर्न नचाहेको हो कि ? नसकेको हो ? यो बडो पेचिलो प्रश्न छ। यो प्रश्नको उत्तर खोज्न सबै बौद्धमार्गीहरू तयार रहनु पर्छ।



त्यसैले, बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क, अमेरिकाले मूल पाली, संस्कृत, हिन्दी, संभोटा र अंग्रेजीमा रहेका पिटकहरूलाई आधार मानि नेपालीमा सरलिकरण गरी डिजीटलाइज र प्रकाशन समेत गर्ने प्रयास भैरहेको ब्योहरा समेत जानकारी गराउन चाहन्छु।

यस आर्थिक वर्ष सन् २०२४/२५ मा १२ वटा पुस्तकहरू प्रकाशन गर्ने तयारी भैरहेका छन् । यही मध्येको धम्मपद नामक मूल ग्रन्थलाई मनाङ जिल्ला, नासौं गाउँ पालिका, वडा नं ९, बगरछाप गाउँ निबासी स्वर्गीय बाबा पासङ नामग्याल लामा र आमा छिरिङ बुटी लामा दुबैको नाउँमा पुण्यानुमोदन हुने गरी, बुद्धभूमि सुखवती प्राप्त होस् भनी हामी दुई दाजुभाइ र बहिनी मिलेर संयुक्त रुपमा प्रकाशन गर्ने प्रयास गरेका छौं । यस प्रकाशनबाट नेपाली बौद्धमार्गीहरूलाई धम्मपदको बारेमा सरल र सहज रुपमा पढ्न पाउन भन्ने कामना गर्न चाहन्छु । साथै यो धम्मपदलाई अझ सजिलैसँग उपलब्ध होस् भन्नका लागि www.buddhismlibrary.org मा पनि उपलब्ध गराइएको छ । मोबाइल एप्पसबाट कुनै पनि समयमा पढ्न सक्नु हुनेछ ।

अन्तमा, धम्मपदलाई नेपाली भाषामा उपलब्ध गराउन सफल हुन भएका खेन्पो बसन्त कुमार गुरुङ र कल्याणमित्र डीबी गुरुङ लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु भएका सम्पूर्ण सहयोगीहरू साथीहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

१. श्रीमान कर्साङ लामा (दाजु) मनाङ, नासौं गाउँपालिका, वडा नं ९ बगरछाप गाउँ । हाल एभरेट, अमेरिका ।
२. श्रीमान छिरिङ दिन्डु लामा (भाइ) हाल काठमाडौं, नेपाल ।
३. श्रीमती झोम्पा लामा (बहिनी) हाल काठमाढौं, नेपाल ।

एभरेट, मासाच्यूसेट, अमेरिका
karsanglama@gmail.com
अक्टोबर ५, २०२४

# बिषय सूची


१. यमक बर्ग ........ १
२. अप्रमाद बर्ग ........ २३
३. चित्त बर्ग ........ ३७
४. पुष्प बर्ग ........ ४९
५. बाल (अज्ञानी) बर्ग ........ ६७
६. पण्डित बर्ग ........ ८५
७. अहर्त बर्ग ........ १०१
८. सहस्र बर्ग ........ ११३
९. पाप बर्ग ........ १३१
१०. दण्ड बर्ग ........ १४५
११. जरा (बुढ्यौली) बर्ग ........ १६३
१२. आत्म बर्ग ........ १७५
१३. लोक बर्ग ........ १८७
१४. बुद्ध बर्ग ........ २०१
१५. सुख बर्ग ........ २२१
१६. प्रिय बर्ग ........ २३५
१७. क्रोध बर्ग ........ २४९
१८. मल बर्ग ........ २६५
१९. धर्मष्ट (न्याय) बर्ग ........ २८७
२०. मार्ग बर्ग ........ ३०५
२१. प्रर्किण बर्ग ........ ३२३
२२. निरय बर्ग ........ ३४१
२३. नाग र हात्ती बर्ग ........ ३५७
२४. तृष्णा बर्ग ........ ३७३
२५. भिक्षु बर्ग ........ ४०१
२६. ब्राह्मण बर्ग ........ ४२५

# धम्मपद

# यमक बर्ग – १

## १. समय सन्दर्भ–

एक समयमा श्रावस्तिको जेतवन बिहारमा चक्खुपाल नामक कुनै अन्धो भिक्षु थियो । बिहार बाहिरा धुम्दा उनको खुट्टाले कुल्चेर धेरै किरा फट्याङ्ग्रहरू किचिएर मारिन्थे । एकदिन केही भिक्षुहरूले तथागतसँग यो कुरा भन्दा, उनले चक्खुपाल अहर्त भिक्षु हो । अहर्तलाई जीव हिंसा गर्ने मनसाय हुँदैन, भने । भिक्षुहरूले सोधे । 'हे भन्ते,' अहर्त प्राप्तिको लागि पूर्वजन्ममा पुण्य गरेर पनि चक्खुपाल यो जुनीमा कसरी अन्धो भयो ? किन अन्धो भयो ? भगवानले आज्ञा भयो । पूर्वजुनिमा चक्खुपाल नामुद बैद्य थिए । कुनै महिलाको आँखाको चिकित्स गर्दा, खराब नियत भएकोले त्यही समयदेखि उनको पाप कर्म पछि लागि रह्यो । यस जन्ममा पनि त्यही फल भोगिरहेको छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**मनोपुब्बंगमा धम्मा, मनोसेठा मनोमय**
**मनसा चे पदुटेन, भासति वा करोति वा**
**ततोनं दुक्खमन्वेति, चक्कं व वहतो पदं ॥१॥**

**भावार्थ**–

कुनै पनि मानिसको मन नै सबै प्रबृतिहरूको प्रधान हो । मन नै सबै कुराको केन्द्र हो । सबै कुरा मनबाटै उत्पन्न हुन्छ । यदि कसैले दुषित मनले केही कुरा बोल्छ वा कुकर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरुको खुट्टालाई पछ्याए झैं दुःखले अनुसरण गरिरहन्छ । यो कुरा प्राकृतिक सिद्धान्तको अनुकुल रहेको छ । यो कुरा ध्रुब सत्य हो ।

# २. समय सन्दर्भ–

एक समयमा श्रावस्तिका महाकृपान आदिन्नपूर्वक नामक ब्राह्मण, जसले पैसा खर्च हुने डरले उपचार नगराएको हुँदा, १६ वर्ष उमेरमै मरेको मट्टकुण्डली नामक उनको एकलो छोराले आफु मरणासन्न अवस्थामा रहँदा, भिक्षाटन गर्दै रहेको अवस्थामा तथागतलाई देखि उनी माथि मन प्रसन्न गरी प्राण त्यागेकोले सुखवतीमा पुग्यो। आदिन्न पूर्वकलाई यो कुराको जानकारी भए पछि एकदिन तथागतलाई आफ्नो घरमा निमन्त्रणा गर्यो। 'हे गौतम,' तपाइँलाई दान नदिई, पूजा नगरी, घर्म नसुनिकन खालि मन प्रसन्न हुँदैमा पनि सुखवती पुग्न सकिन्छ भनेर प्रश्न गर्दा, कर्म गर्ने मन नै अगुवा हो। छाया जस्तै कर्महरू पनि पछि लाग्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**मनोपुब्बंगमा धम्मा, मनोसेठा मनामय**
**मनसा चे पसन्नेन, भासति वा करोति वा**
**ततोनं सुखमन्वेति, छाया व अनपायिनी ॥२॥**

**भावर्थ–**

कुनै पनि मानिसको मन नै सबै प्रबृतिहरूको प्रधान हो। मन नै सबै कुराको केन्द्र हो। सबै कुरा मनबाटै उत्पन्न हुन्छ। यदि कसैले स्वाच्छ मनले केही कुरा बोल्छ वा राम्रो कर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरुको खुट्टालाई पछ्याए झैं सुखले अनुसरण गरिरहन्छ। यो कुरा प्राकृतिक सिद्धान्तको अनुकुल रहेको छ। यो कुरा ध्रुब सत्य हो।

## ३. समय सन्दर्भ–

एक समयमा श्रावस्तिको जेतवन महाबिहारमा बृद्धावस्थामा प्रबर्जित भएर आएको एकजना भिक्षु थियो । उनले आफुभन्दा बरिष्ट भिक्षुहरूलाई पनि आदर सत्कार नगर्ने बडो अहंकारी थियो। उनी तथागतको काकाको छोरा भाइ नाता पर्ने थुल्लतिस्स गौतम नामक स्थबिर थियो । उनलाई आफ्नो अनुचित क्रियाकलपले गर्दा, एकदिन आगन्तुक भिक्षुले गाली गरे। त्यसपछि उ रुँदै तथागत कहाँ जाँदा उनकै गल्ति देखेर उनलाई नै गाली गरी भिक्षुहरूसँग क्षमा माग्न आदेश गरे । तर, उनले तथागतको आदेशको पालना नगरी अटेर गरेर बसे। मलाई गाली गर्‍यो । मलाई अपमान गर्‍यो । मलाई पिट्‍यो । मलाई जित्यो । मलाई लुट्‍यो । मलाई बर्बाद गर्‍यो भनेर जसले यस्तो कुरा गाँठो पारेर मनमा राखिरहन्छन् । उनीहरूको बैरभाव कहिल्यै पनि शान्त र साम्य हुँदैनन् । थुलतिस्सलाई उनको पूर्वजन्मको कुरा समेत बताई तथागतले भिक्षुहरूलाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अक्कोछि मं अवधि मं, अजिनि मं महासि मे**
**ये च तं उपनह्यन्ति, वेरं तेसं न सम्मति ॥३॥**

**भावार्थ**–

मलाई गाली गर्‍यो । मलाई अपमान गर्‍यो । मलाई पिट्‍यो । मलाई जित्यो । मलाई लुट्‍यो । मलाई बर्बाद गर्‍यो भनेर जसले यस्तो कुरा गाँठो पारेर मनमा राखिरहन्छन् । उनीहरूको बैरभाव कहिल्यै पनि शान्त र साम्य हुँदैनन् ।

# ४. समय सन्दर्भ–

एक समयमा श्रावस्तिको जेतवन महाबिहारमा बृद्धावस्थामा प्रबर्जित भएर आएको एकजना भिक्षु थियो । उनी बिद्वान पण्डित भएकोले उनले बुद्धको उपदेश सुने पछि छोटो समय मै अहर्तत्व प्राप्त गरे । उनले आफुभन्दा कनिष्ट भिक्षुहरूलाई पनि बढो आदर सत्कार गर्नु हुन्थ्यो । संघको सेवा गर्नु हुन्थ्यो । उनी तथागतको ससुरालीतिरको मामा नाता पर्ने कमल कोलिया नामक स्थबिर थियो । उनलाई असल चरित्र र आचरणले गर्दा, आगन्तुक भिक्षुहरूले पनि अत्यन्तै आदर सत्कार र प्रशंस गर्थे । उनी प्रशंसा गर्ने लायकको थियो । मलाई गाली गर्यो । मलाई अपमान गर्यो । मलाई पिट्यो । मलाई जित्यो । मलाई लुट्यो । मलाई बर्बाद गर्यो भनेर जसले यस्तो कुरा गाँठो पारेर मनमा राख्दैनन् । उनीहरूको बैरभाव सधै शान्त र साम्य हुन्छन् । एकदिन तथागतले स्थबिर कमल कोलियाको उपमा दिँदै भिक्षुहरू लाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अक्कोचि मं अवधि मं, अजिनि मं अहासि मे**
**ये च तं न उपनह्यन्ति, वेरं तेसुप सम्मति ॥४॥**

**भावार्थ**–

मलाई गाली गर्यो । मलाई अपमान गर्यो । मलाई पिट्यो । मलाई जित्यो । मलाई लुट्यो । मलाई बर्बाद गर्यो भनेर जसले यस्तो कुरा गाँठो पारेर मनमा राख्दैनन् । उनीहरूको बैरभाव पनि सधै शान्त र साम्य हुन्छन् ।

## ५. समय सन्दर्भ–

एक समयमा पूर्वजन्ममा सौता सौतेनी हुँदा एक आर्काको डाहले अनेक जुनिहरूमा परस्पर बदला लिँदै बुद्धकालमा माली यक्षनी र कुलकन्या भई श्रावस्तिमा जन्मिएका सौता सौतेनीमध्ये दुई पटकसम्म सौता कुलकन्याको नवजात शिशु खोसेर खाइदिने काली यक्षनी र तेश्रो पटक माइत गएर सुत्केरी भइ पतिको घर फर्कँदै गर्दा, बाटोमा जेतवन महाबिहार नजिकै बसेर दूध चुसाउन लागेको बेला काली यक्षनी आउँदै गरेको देखी फेरी पनि आफ्नो बच्चा गुमाउनु पर्ने डरले तथागतको शरणमा गएकी कुलकन्याले भन्ते यो शिशुलाई जीवन दान दिनुहोस् भने । यस संसारमा मानिसहरूले बैरभाव राखेर दुस्मनि कहिल्यै पनि शान्त र साम्य हुँदैन । अबैर र मैत्रीभावबाट मात्र आपासी दुस्मुनि शान्त हुन्छन् । यही नै सनातनदेखि चलि आएको नियम र परिपाटी हो । तथागतले जेतवनको द्वारमै रोकिराखेकी काली यक्षनी र मृत बच्चाकी आमा कुलकन्या दुबैलाई सँगै राखी सौता सौतेनीको बारेमा जेतवनमा दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**न हि वेरेन वेरानि, सम्मन्तिध कुदाचनं**
**अवेरेन च सम्मति, एस धम्मो सनातनो ॥५॥**

**भावार्थ–**

यस संसारमा मानिसहरूले बैरभाव राखेर दुस्मनि कहिल्यै पनि शान्त र साम्य हुँदैन । अबैर र मैत्रीभावबाट मात्र आपासी दुस्मुनि शान्त हुन्छन् । यही नै सनातनदेखि चलि आएको नियम र परिपाटी हो ।

## ६. समय सन्दर्भ–

एक समयमा कौशम्बीको घोषित ग्राममा बुद्ध शासनको बिनय सम्बन्धि संघायना भयो। संघायनामा छलफल हुँदा सामान्य कुरामा फाटो भयो । यस बिषयमा तथागतले भिक्षुहरूलाई धेरै उपमा दिएर सम्झाउँदा पनि मानेनन् । आपासमा बैचारिक द्वन्द्व भयो। तर्कबिर्तक भयो। पक्ष र बिपक्ष भयो। बिनयको बिबिध बुँदाहरूमा समिक्षा भयो । पछि दुबै पक्षले आ-आफ्नो दोष स्वीकार गरेर आपासमा क्षमा याचना गरे। यस संसारको कतिपय मानिसहरूले हामीहरू यस संसारबाट एकदिन मरेर जाने छौं भन्ने हेक्का राख्दैनन्। उनीहरू भौतिक संसारमा मात्र रमाउँछन्। जसले यस्तो कुराको ख्याल गर्छन् तिनका सबै वैरभाव र झगडाहरू आफै साम्य भएर जान्छन् । यसरी पाँच पाँच सयको संख्यामा रहेका बिनयधर र धर्मकथित नामक दुई समूहका भिक्षुहरूलाई तथागतले श्रावस्तीको जेतवनमा दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**परे च न विजानन्ति, मयमेत्थ यमामसे**
**ये च तत्थ विजयनन्ति, ततो सम्मन्ति मेधगा॥६॥**

**भावार्थ–**

यस संसारको कतिपय मानिसहरूले हामीहरू यस संसारबाट एकदिन मरेर जाने छौं भन्ने हेक्का राख्दैनन् । उनीहरू भौतिक संसारमा मात्र रमाउँछन्। जसले यस्तो कुराको ख्याल गर्छन् तिनका सबै वैरभाव र झगडाहरू आफै साम्य भएर जान्छन्।

## ७. समय सन्दर्भ–

एक समयमा कौशल राज्यको छिमेकी नगर सेतब्य नगरबासी दुई ब्यापारी दाजुभाइहरू महाकाल र चुलकाल सँगसँगै पब्रजित भएका थिए। दाजु महाकालले मिहेनत गरेर छिटै अहर्त प्राप्त गरे। तर काम, भोग वासना र गृहस्ति मात्र चिताइरहने भाइ चुलकालको दाजुको जस्तो प्रगति भएन । एकदिन उनको आफ्नो स्त्रीको समूहले बलजफती समाएर सेतो बस्त्र लगाइदियो । तर उनको दाजु महाकाल भने ऋद्धि बलको प्रभावले स्त्रीहरूको प्रभावबाट जोगिन सफल भयो । जताततै शुभ र रमाइलो मात्र हेर्दै घुम्ने, इन्द्रियहरूलाई बशमा नराख्ने, भोजनको मात्रा नजान्ने अल्छी र उद्योगहीन मानिसहरूलाई मार प्रलोभकले पनि यसरी दुःख दिन्छन्, जसरी कमजोर रुखलाई हल्लाउँदै दुःख दिन्छन् । यो बिषय भिक्षु महसंघमा चर्चाको बिषय बन्यो । यस बिषयमा भिक्षुहरूले तथागतलाई सोध्दा, भिक्षुलाई सधै शुभ देख्ने चुलकालको दृष्टान्त देखाइ दिएको उपदेशको पालीथगाथा।

**पालीगाथा–**

**सुभानुपस्सिं विहरन्तं, इन्द्रियेसु असंवुतं**
**भोजनम्हि च अमत्तञ्ञुं, कुसितं हीनबीरियं**
**तं वे पसहति मारो, वातो रुक्खं व दुब्बलं ॥७॥**

**भावार्थ–**

जताततै शुभ र रमाइलो मात्र हेर्दै घुम्ने, इन्द्रियहरूलाई बशमा नराख्ने, भोजनको मात्रा नजान्ने, अल्छी र उद्योगहीन मानिसहरूलाई मार प्रलोभकले पनि यसरी दुःख दिन्छन्, जसरी कमजोर रुखलाई हल्लाउँदै दुःख दिन्छन् ।

## ८. समय सन्दर्भ–

एक समयमा कौशल राज्यको छिमेकी नगर सेतब्य नगरबासी दुई ब्यापारी दाजुभाइहरू महाकाल र चुलकाल सँगसँगै पब्रर्जित भएका थिए। दाजु महाकालले मिहेनत गरेर छिटै अहर्त प्राप्त गरे। तर काम, भोग वासना र गृहस्ति मात्र चिताइरहने भाइ चुलकालको दाजुको जस्तो प्रगति भएन। एकदिन उनको आफ्नो स्त्रीको समूहले बलजफती समाएर सेतो बस्त्र लगाइदियो। तर उनको दाजु महाकाल भने ऋद्धि बलको प्रभावले स्त्रीहरूको प्रभावबाट जोगिन सफल भयो। यो बिषय भिक्षु महसंघमा चर्चाको बिषय बन्यो। शुभलाई अशुभ देख्दै बिचरण गर्ने इन्द्रियहरूलाई संयममा राख्ने, भोजनको मात्र अड्काल्न जान्ने श्रद्धावान र उद्योगी मानिसहरूलाई मार प्रलोभकले कहिल्यै पनि डगाउँन सक्दैन। जसरी हावाले पहाडलाई हल्लाउन सक्दैन। यस बिषयमा भिक्षुहरूले तथागत लाई सोध्दा, भिक्षुलाई सधै शुभ देख्ने चुलकालको दृष्टान्त देखाइ दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**असुभानुपस्सिं विहरन्तं, इन्द्रियसु सुखंवुतं**
**भोजनम्हि च मत्तञ्ञुं, सद्धं आरद्धवीरियं**
**तं वे नप्पसहति मारो, वातो सेलं व पब्बतं ॥८॥**

**भावार्थ–**

शुभलाई अशुभ देख्दै बिचरण गर्ने, इन्द्रियहरूलाई संयममा राख्ने, भोजनको मात्र अड्काल्न जान्ने श्रद्धावान र उद्योगी मानिसहरूलाई मार प्रलोभकले कहिल्यै पनि डगाउँन सक्दैन। जसरी हावाले पहाडलाई हल्लाउन सक्दैन।

## ९. समय सन्दर्भ–

एक समयमा राजगृहबासी श्रद्धवान उपासक उपासिकाहरूले अहर्त सारिपुत्रको उपदेश अनुसार आपासमा थोरैथोरै चन्दा उठाएर भिक्षु महासंघलाई भोजन दान दिएको थियो । त्यसरी उठाएको चन्दले दानको सामग्रीहरू किन्न अपुग भएमा, यो बस्त्र बेचेर भए पनि भोजन दान गर्नु भनि एकजना सेठबाट प्राप्त महंगो बस्त्र योग्य ब्यक्ति अहर्त सारिपुत्रलाई दिनु पर्ने थियो । तर त्यसो नगरी छलकपट गरी अयोग्य भिक्षु देवदत्तलाई दियो । देवदत्तले सो बस्त्र च्याति चिवर बनाइ धारण गरेको समाचार श्रावस्तीमा भिक्षुहरू बीचमा फैलियो । जसले मनमा रहेको दुर्गुनरुपी राग, द्वेष, माया, मोहा, काम वासना र तृष्णा आदि अहंकार जस्ता मयलहरूलाई नहटाइकना (चिवर) पहेलो वस्त्र धारण गर्दछन् । बास्तवमा त्यस्तो मानिस चिवर लगाउने योग्य हुँदैन । त्यस बखत तथागतले देवदत्तलाई सो बस्त्र धारण गर्न योग्य नभएको भनि दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अनिक्कसावो कासावं, यो वत्थं परिदहिस्सति**
**अपेतो दमसच्चेन, न सो कासावमरहति ।।९।।**

**भावार्थ–**

जसले मनमा रहेको दुर्गुनरुपी राग, द्वेष, माया, मोहा, काम वासना र तृष्णा आदि अहंकार जस्ता मयलहरूलाई नहटाइकना (चिवर) पहेलो वस्त्र धारण गर्दछन् । बास्तवमा त्यस्तो मानिस चिवर लगाउने योग्य हुँदैन ।

## १०. समय सन्दर्भ–

एक समयमा राजगृहबासी श्रद्धवान उपासक उपासिकाहरूले अहर्त सारिपुत्रको उपदेश अनुसार आपासमा थोरैथोरै चन्दा उठाएर भिक्षु महासंघलाई भोजन दान दिएको थियो । त्यसरी उठाएको चन्दले दानको सामग्रीहरू किन्न अपुग भएमा, यो बस्त्र बेचेर भए पनि भोजन दान गर्नु भनि एकजना सेठबाट प्राप्त भएको महंगो बस्त्र योग्य ब्यक्ति अहर्त सारिपुत्रलाई नदिइ छलकपट गरी अयोग्य भिक्षु देवदत्तलाई दियो । देवदत्तले सो बस्त्र च्याति चिवर बनाइ धारण गरेको समाचार श्रावस्ती नगरमा भिक्षुहरू बीचमा फैलियो । जसले मनमा रहेका दुर्गुणरुपी मयलहरूलाई बान्ता गरे जस्तै गरी हटाएको हुन्छ । जो शील सदाचारमा सधै समाहित र प्रतिष्ठित रहन्छन् । जो सयम र सत्यले परिपूर्ण छ । त्यस्तो मानिस नै चिबरको लागि योग्य हुन्छ । त्यस बखत तथागतले भिक्षु देवदत्तलाई सो बस्त्र धारणा गर्न योग्य पात्रा नभएको भनि दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो च वन्तकसावस्स, सिलेसु सुसमाहितो**
**उपेतो दमसच्चेन, स वे कासावमरहति ॥१०॥**

**भावार्थ–**

जसले मनमा रहेका दुर्गुणरुपी मयलहरूलाई बान्ता गरे जस्तै गरी हटाएको हुन्छ । जो शील सदाचारमा सधै समाहित र प्रतिष्ठित रहन्छन् । जो सयम र सत्यले परिपूर्ण छ । त्यस्तो मानिस नै चिबरको लागि योग्य हुन्छ ।

# ११. समय सन्दर्भ–

एक समयमा अग्रसावक सारिपुत्र र मौदगल्यान भिक्षु अश्वजितको सम्पर्कबाट सर्वप्रथम तथागतको सेवामा जानुपूर्व उनको आश्रमको गुरु आचार्य सञ्जयकहाँ गई उनलाई पनि तथागतनिर जानको लागि अनुरोध गरे । आचार्य सञ्जयको २५० जना शिश्यहरू थिए । त्यसैले अहंकारी सञ्जयले शाक्यमुनि गौतम बुद्ध प्रति ब्यङ्गात्मक प्रश्न गर्दै, त्यहाँ जान अस्वीकार गरे । यो कुरा सारिपुत्रले सुनाउदा तथागतले यसो भने, 'हे भिक्षुहरू,' आचार्य सञ्जयले आफ्नो आचारणको कारण सारलाई असार र असारलाई सार मान्यो । तर, तिमीहरू सबै आफ्नो पण्डित्यइले गर्दा, सारलाई सार र असारलाई असार भन्ने कुरा जानेर सारलाई ग्रहण गर्ने प्रयास गर्दै यहाँ आयो । सारहिन बस्तुमा सार र सारयुक्त बस्तुमा सारहिनता देख्ने मानिसहरू मिथ्य संकल्पमा रमाएका हुन्छन् । त्यस्ता मानिसहरूले बास्तविक सारको पहिचान गर्न सक्दैन । त्यसैले उ सधै सारहिन अवस्थामा रहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथाः**

**असारे सारमतिनो, सारे चासारदस्सिनो**
**ते सारं नाधिगच्छान्ति, मिच्छासङ्कप्पगोचरा ॥११॥**

**भावार्थ–**

सारहिन बस्तुमा सार र सारयुक्त बस्तुमा सारहिनता देख्ने मानिसहरू मिथ्य संकल्पमा रमाएका हुन्छन् । त्यस्ता मानिसहरूले बास्तविक सारको पहिचान गर्न सक्दैन । त्यसैले उ सधै सारहिन अवस्थामा रहन्छ ।

## १२. समय सन्दर्भ–

एक समयमा अग्रसावक सारिपुत्र र मौदगल्यान भिक्षु अश्वजित को सम्पर्कबाट सर्वप्रथम तथागतको सेवामा जानुपूर्व उनको आश्रमको गुरु आचार्य सञ्जयकहाँ गइ उनलाई पनि तथागतनिर जानको लागि अनुरोध गरे। आचार्य सञ्जयको २५० जना शिश्यहरू थिए । त्यसैले अहंकारी सञ्जयले शाक्यमुनि गौतम बुद्ध प्रति ब्यङ्गात्मक प्रश्न गर्दै, त्यहाँ जान अस्वीकार गरे। यो कुरा सारिपुत्रले सुनाउदा तथागतले यसो भने, 'हे भिक्षुहरू,' आचार्य सञ्जयले आफ्नो आचारणको कारण सारलाई असार र असारलाई सार मान्यो । तर, तिमीहरू सबै आफ्नो पण्डित्यइले गर्दा, सारलाई सार र असारलाई असार भन्ने कुरा जानेर सारलाई ग्रहण गर्ने प्रयास गर्दै यहाँ आयो। जो मानिस असारलाई सारहिन र सारमय बस्तुलाई सार ठान्दछ । त्यस्ता मानिसहरू सम्यक संकल्पले युक्त हुने छन्। त्यस्तै मानिसहरूले मात्र बास्तविक रुपमा सारको पहिचान गरी अहर्तत्व प्राप्त गर्न सफल हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥११॥

**पालीगाथा–**

**सारञ्च सारतो ञत्वा, असारञ्च असारतो**
**ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्पगोचरा ॥१२॥**

**भावार्थ–**

जो मानिस असारलाई सारहिन र सारमय बस्तुलाई सार ठान्दछ। त्यस्ता मानिसहरू सम्यक संकल्पले युक्त हुने छन्। त्यस्तै मानिसहरूले मात्र बास्तविक रुपमा सारको पहिचान गरी अहर्तत्व प्राप्त गर्न सफल हुन्छन्।

## १३. समय सन्दर्भ–

एक समयमा पत्नीलाई सम्झेर भिक्षु जीवनबाट उदास भएका आफ्नी सानि आमाको छोरा भइ अयुष्मान नन्दलाई तथागतले तावतीस भवनमा लागि अप्सराहरूलाई देखाउँदै भने, 'हे नन्द,' यदि तिमीले यिनलाई चाहन्छौ भने ब्रह्मचर्यको पालना गर । तिम्रो चाहना हामी पुराइदिनेछौँ भने । भिक्षुहरूले यो कुरा थाहा पाए पछि भिक्षु नन्दलाई जिस्काउँदै नाना प्रकारले लज्जित गर्न थाले । आयुष्मान नन्द अप्सराको लागि नोकरी बजाउँदै छन् । यिनलाई त अप्सराहरूले किनेका छन् आदि । उनीहरूको कुराबाट लज्जित भएका आयुष्मान नन्दले समथा बिपासनाद्वारा छिटै अहर्तत्व प्राप्त गरे । एकदिन भिक्षुहरूले यस बारेमा सोध्दा, तथागतले राम्ररी छाएको र नछाएको छानाको दृष्टान्त दिए । जसरी राम्रोसँग नछाइएको छानो बर्सातको समयमा पानीले छेडेर घर भित्र पस्दछ । त्यसरी नै ध्यान, भावना र साधना बिनाको चित्तमा राग, द्वेष, काम र वासनाले छेडेर छिद्रैछिद्र बनाएर भित्र पस्दछन् दिँदै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यथा अगारं दुच्छन्नं, वुट्ठि समतिविज्झति**
**एवं अमवितं चित्तं, रागो समतिविज्झति ॥१३॥**

**भावार्थ–**

जसरी राम्रोसँग नछाइएको छानो बर्सातको समयमा पानीले छेडेर घर भित्र पस्दछ । त्यसरी नै ध्यान, भावना र साधना बिनाको चित्तमा राग, द्वेष, माया, मोहा, काम वासनाले छेडेर छिद्रैछिद्र बनाएर भित्र पस्दछन् ।

## १४. समय सन्दर्भ–

एक समयमा पत्नीलाई सम्झेर भिक्षु जीवनबाट उदास भएका आफ्नी सानि आमाको छोरा भइ अयुष्मान नन्दलाई तथागतले तावतीस भवनमा लागि अप्सराहरूलाई देखाउँदै भने, 'हे नन्द,' यदि तिमीले यिनलाई चाहन्छौ भने, ब्रह्मचर्यको पालना गर । तिम्रो चाहना हामी पुराइदिनेछौं भने । भिक्षुहरूले यो कुरा थाहा पाए पछि भिक्षु नन्दलाई जिस्काउँदै नाना प्रकारले लज्जित गर्न थाले । आयुष्मान नन्द अप्सराको लागि नोकरी बजाउँदै छन् । यिनलाई त अप्सराहरूले किनेका छन् आदि कुराकानी गर्दै ब्यापक हुन थाले । उनीहरूको कुराबाट लज्जित भएका आयुष्मान नन्दले समथा बिपासनाद्वारा छिटै अहर्त प्राप्त गरे । एकदिन भिक्षुहरूले यस बारेमा सोध्दा, तथागतले राम्ररी छाएको र नछाएको छानाको दृष्टान्त दिए । जसरी राम्रोसँग छाएको घरमा वर्षाको समयमा छानाबाट पानी चुहेर भित्र पस्न सक्दैन । त्यसैगरी ध्यान, भावना र साधनाबाट सुसंस्कृत चित्तमा राग पस्न सक्दैन दिँदै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यथा अगारं दुच्छन्नं, वुट्टि न समतिविज्झति**
**एवं सुभावितं चित्तं, रागो न समतिविज्झति ॥१४॥**

**भावार्थ–**

जसरी राम्रोसँग छाएको घरमा वर्षाको समयमा छानाबाट पानी चुहेर भित्र पस्न सक्दैन । त्यसैगरी ध्यान, भावना र साधनाबाट सुसंस्कृत चित्तमा राग पस्न सक्दैन ।

## १५. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको छेउमा एउटा कशाइको परिवार बस्दथ्यो । कशाइको मूल पेशा नै जिव हत्या गर्नु हो । उनले मासु बेचेर जिवीका चलाउथे । त्यसैले उनले जीवनभर धेरै सुंगुरहरू मारे । अन्तमा सुंगुर जस्तै गरी चिच्याइ चिच्याइ मर्यो । उनी मरे पछि अविची नामक नरकमा पुग्यो । उनी अविचीको नरकबाट मुक्त भए पछि श्रावस्तीको चुन्दसुकरिक नामक कुनै गृहस्तिको रुपमा जन्मिए । उनको कथा थाहा पाए पछि भिक्षुहरूले सोध्दा तथागतबाट आज्ञा भयो । 'हे भिक्षहरू,' अप्रमत्त प्रबर्जित होस् वा गृहस्ति होस्, दुबै ठाउँमा शोकै शोक प्राप्त हुन्छ । अनि परलोकमा गएर पनि पापीहरू दुबै ठाउँमा चिन्तित रहन्छन् । जो यो लोकमा शोक गर्छ । अनि परलोकमा गएर पनि पापीहरू दुबै ठाउँमा चिन्तित रहन्छन् । उ आफ्नो क्लिस्ट वा मैला कर्महरूलाई सम्झेर सधै शोक गर्दछन् । सधै पिडित र चिन्तित् रहन्छन् । भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**इध सोचति पेच्च सोचति, पापकारी उभयत्थ सोचति**
**सो सोचति सो विहञ्ञति, दिस्वा कम्मकिलिट्ठमत्तनो ॥१५॥**

**भावार्थ–**

जो यो लोकमा शोक गर्छ । अनि परलोकमा गएर पनि पापीहरू दुबै ठाउँमा चिन्तित रहन्छन् । उ आफ्नो क्लिस्ट वा मैला कर्महरूलाई सम्झेर सधै शोक गर्दछन् । सधै पिडित र चिन्तित् रहन्छन् ।

## १६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको एक धार्मिक उपासक ब्रह्मदत्त ब्राह्मणले जीवनभर पुण्य कार्यहरू गरेको थियो। उनले ब्यवसायबाट धेरै धनार्जन गरेको थियो । उनको धार्मिक आचरणले गर्दा, चारैतिर प्रसिद्धि फैलिएको थियो। उनी मरे पछि खुसिसाथ तुषिता देवलोकमा पुग्यो। यस बारेमा भिक्षु महासंघमा चर्चा उपचर्चा हुन थाले पछि ब्यापक चर्चाको बिषय बन्यो। भिक्षुहरूबीच बादबिवाद भयो। भिक्षुहरूले यस बारेमा तथागतलाई सोध्दा, 'हे भिक्षुहरू,' अप्रमत्त होस् वा प्रबर्जित होस् वा गृहस्ति जो सकै होस्। उनले सबै ठाउँमा प्रमोद नै प्राप्त गर्दछ। पुण्य कर्म गर्ने ब्यक्तिहरू यस संसारमा आनन्दित् हुन्छन्। परलोक गएर पनि आनन्दित् हुन्छन्। उनी दुबैलोकमा आनन्दित् हुन्छन् । आफ्ना बिशुद्ध कर्महरूलाई देखेर सधै प्रसन्न र आनन्दित् भैरहन्छन्। चाहे त्यो मानवलोक र देवलोक वा बुद्धभूमिमा होस् भन्दै तथागतले दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**इध मोदति पेच्च मोदति, कतपुञ्ञो उभयत्थ मोदति**
**सो मोदति सो पमोदति, दिस्वा कम्मविसुद्धिमत्तनो ॥१६॥**

**भावार्थ–**

पुण्य कर्म गर्ने ब्यक्तिहरू यस संसारमा आनन्दित् हुन्छन् । परलोक गएर पनि आनन्दित् हुन्छन्। उनी दुबैलोकमा आनन्दित् हुन्छन्। आफ्ना बिशुद्ध कर्महरूलाई देखेर सधै प्रसन्न र आनन्दित् भैरहन्छन्।

## १७. समय सन्दर्भ–

एक समयमा आफ्नो जीवनभर तथागत शाक्यमुनि गौतम बुद्धसँग बैरभाव राखि प्रतिस्पर्ध गर्ने एकजना देवदत्त नामक भिक्षु थियो। उनी गौतम बुद्धको फुपूको छोरा थियो। उनी भन्दा ७ वर्ष पाका थियो। बुद्धसँग प्रतिस्पर्ध गर्दा केहीसिप नलागे पछि अन्तमा श्रावस्तीको जेतवन महाबिहारको पोखरी किनारबाट जमिन भासिएर मृत्यु भए पछि अबिची नरकमा पुगेको भिक्षु देवदत्तको दुर्गतिको बारेमा तथागत बुद्धसँग सोध्दा 'हे भिक्षुहरू,' देवदत्त भिक्षु भएर पनि अबिची नरकमा झरेको छ। प्रमादकासाथ बिहार गर्ने प्रबर्जित होस् वा गृहस्ति जोसुकै होस् दुबै ठाउँमा सन्तप्त नै गर्दछन्। पापी मानिसले यस संसारमा धेरै सन्तप्त गर्दछ। मरेर परलोक भए पछि पनि सन्तप्त गर्दछ। मैले धेरै पाप गरेको छु भन्दै सन्तप्त गर्दछ। दुर्गति प्राप्त गरेर पछि त झनै बढि सन्तप्त गर्दछन्। त्यही सन्तप्तको बोझले उनी अबिचि नरकमा भासिन्छन्। यसमा कुनै शंका नगर्नु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**इध तप्पति पेच्च तप्पति, पापकारी उभयत्थ तप्पति**
**पापं मे कतं ति तप्पति, भिय्यो तप्पति दुग्गतिं गतो॥१७॥**

**भावार्थ–**

पापी मानिसले यस संसारमा धेरै सन्तप्त गर्दछ। मरेर परलोक भए पछि पनि सन्तप्त गर्दछ। मैले धेरै पाप गरेको छु भन्दै सन्तप्त गर्दछ। दुर्गति प्राप्त गरेर पछि त झनै बढि सन्तप्त गर्दछन्। त्यही सन्तप्तको बोझले अबिचि नरकमा भासिन्छन्।

## १८. समय सन्दर्भ–

एक समयमा जेतवनको महाबिहार निर्माण गर्ने धनपति अहर्त अनाथपिण्डक सेठकी छोरी सुमनादेवी सकृदागामी भइन् । तर उनलाई रोगले च्याप्यो । सेठसँग अकूत सम्पत्ति थियो । उनले प्रसिद्ध बैद्यहरू बोलाएर छोरीको उपचार गराइन् । तर, उनको बाल्यकालमै मृत्यु भइन । अप्रमादमा बिहार गर्ने उनी मरे पछि तुषिता देवलोकमा पुगिन् । आफ्नो प्रिये छोरीको गति जान्नका लागि रुदै तथागतकहाँ गएको सेठलाई तथागतले भन्यो– 'हे अनाथपिण्डक,' अप्रमादका साथ बिहार गर्ने प्रबर्जित होस् वा गृहस्थ उनीहरू दुबै ठाउँमा आनन्द मनाउदै सुखि रहन्छन् । जो मानिसहरू यस लोकमा आनन्दित हुन्छन् र परलोकमा गएर पनि आनन्दित हुन्छन् । सधै राम्रो काम गरेको पुण्यकर्मी मानिसहरू दुबै लोकमा आनन्दित हुन्छन् । मैले पुण्यकर्म गरेको छु भनि आनन्दित हुन्छन् । सुगति प्राप्त गरेर झनै आनन्दित हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**इध नन्दति पेच्च नन्दति, कतपुञ्ञो उभयत्थ नन्दति**
**पुञ्ञं मे कतंति नन्दति, भिय्यो नन्दति सुग्गतिं मतो ॥१८॥**

**भावार्थ–**

जो मानिसहरू यस लोकमा आनन्दित हुन्छन् र परलोकमा गएर पनि आनन्दित हुन्छन् । सधै राम्रो काम गरेको पुण्यकर्मी मानिसहरू दुबै लोकमा आनन्दित हुन्छन् । मैले पुण्यकर्म गरेको छु भनि आनन्दित हुन्छन् । सुगति प्राप्त गरेर झनै आनन्दित हुन्छन् ।

## १९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा तथागतको उपदेश सुनेर गृह त्याग गरी सँगै प्रबर्जित भएका दुई मित्रहरू मध्ये एउटाले समथा बिपाश्यनाको साधनाद्वारा छोटो समयमै अहर्त प्राप्त गरे। आर्कोले ५०० भिक्षुहरूलाई पढाएर पनि श्रोतापन्न हुन सकेना। यस बारेमा भिक्षु महासंघमा चर्चा परिचर्चा र ब्यापक रुपमा छलफल भयो। अन्तमा तथागतलाई सोध्दा, 'हे भिक्षुहरू,' ग्रन्थबाचक भिक्षुहरू भनेको अरुको गाई चराउने गोठालो जस्तै हो। बिपाश्यना मा अभ्यास्त हुने भिक्षुहरू भनेको पञ्चगोरसको उपभोग गर्ने मालिक समान हुन्। जतिसुकै धर्मग्रन्थहरूको पाठ गरेको किन नहोस्। यदि पाखन्डी प्रमादी भएर बुद्धबचनमा बताइए अनुसार आचरण गर्दैनन् भने, आर्काको गोठालोको अवस्था जस्तै भएर गोठको लाभको भागिदार हुन सक्दैन भन्दै तथागतले दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**बहु पि चे सहितं भासमानो, न तक्करो होति नरो पमत्तो**
**गोपो व गावंगणयं परेसं, नभागवा सामञ्ञस्स होति ॥१९॥**

**भावार्थ–**

जतिसुकै धर्मग्रन्थहरूको पाठ गरेको किन नहोस्। यदि पाखन्डी प्रमादी भएर बुद्धबचनमा बताइए अनुसार आचरण गर्दैनन् भने, आर्काको गोठालोको अवस्था जस्तै भएर गोठको लाभको भागिदार हुन सक्दैन।

## २०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा तथागतको उपदेश सुनेर गृहत्याग गरी सँगै प्रबर्जित भएका दुई मित्रहरू मध्ये एउटाले समथा बिपाश्यनाको साधनाद्वारा छोटो समयमै अहर्त प्राप्त गरे। आर्कोले ५०० भिक्षुहरूलाई पढाएर पनि श्रोतापन्न हुन सकेना। यस बारेमा भिक्षु महासंघमा चर्चा परिचर्चा र ब्यापक रुपमा छलफल भयो। अन्तमा तथागतलाई सोध्दा, 'हे भिक्षुहरू,' ग्रन्थबाचक भिक्षुहरू भनेको अरुको गाई चराउने गोठालो जस्तै हो। बिपाश्यनामा अभ्यास्त हुने भिक्षुहरू भनेको पञ्चगोरसको उपभोग गर्ने मालिक समान हुन्। धर्म ग्रन्थको पाठ थोरै नै किन नगरोस्। तर जसले बताइए अनुसार पाठ गर्छ। आचरण गर्छ। राग, द्वेष, माया र मोहलाई त्याग्न सफल हुन्छ। कुनै कुरामा पनि आशक्ति गर्दैन भने, त्यस्तो ब्यक्ति नै श्रमणको अधिकारी बन्दछ भन्दै तथागतले दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अप्पम्पि चे सहितं भासमानो, धम्मस्स होति अनुधम्मचारी**
**रागञ्च दोसञ्च पहाय मोहं, सम्मप्पजानो सुविमुत्तचित्तो**
**अनुपादियानो इध व'हुरं वा, स'भागवा सामञ्ञस्स होति ॥२०॥**

**भावार्थ–**

धर्म ग्रन्थको पाठ थोरै नै किन नगरोस्। तर जसले बताइए अनुसार पाठ गर्छ। आचरण गर्छ। राग, द्वेष, माया र मोहलाई त्याग्न सफल हुन्छ। कुनै कुरामा पनि आशक्ति गर्दैन भने, त्यस्तो ब्यक्ति नै श्रमणको अधिकारी बन्दछ।

# धम्मपद

# अप्रमाद बर्ग– २

## २१. समय सन्दर्भ–

कौशम्बीको राजा उदयनकी रानी मागन्दियाले तथागतसँग बैर गरी बुद्धको परम् अनुयायी आफ्नी सौता सामावतीलाई ५०० संगिनीकासाथ अन्तपुरमा आगो लगाई जलाएको घट्नाको बारेमा भिक्षाटनको बेलामा भिक्षुहरूले देखेकोले तथागतसँग उनी जलेर मरेको गतिको बारेमा जिज्ञासा राख्दा, 'हे भिक्षुहरू,' ती उपासिकाहरू मध्ये केही श्रोतापन्न केही सकृदागामी र केही अनागामी थिए। उनीहरूको मृत्यु असफल भएनन्। जो प्रबर्जित वा गृहस्ति प्रमादी छन्। उनीहरू हजार वर्ष बाँचे पनि मरे जस्तै हुन्छन्। तर जो अप्रमादि छन्। ती मरे पनि जीवित नै रहन्छन्। मागन्दिया जीवित भएर पनि मरेकी सरह छिन्। तर सामावती चाहिँ मरे पनि जीवितै छिन्। बौद्ध दर्शनमा अप्रमाद भनेको अमरत्व हो भने प्रमाद भनेको मृत्युको बाटो हो। जसले प्रमाद गर्दैनन्, तिनीहरू कहिल्यै पनि मर्दैनन्। जो प्रमादि छन्, त्यस्ता मानिसहरू जिउदै भए पनि मरे सरह हुन्। अप्रमादिहरू कहिल्यै पनि मर्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अप्पमादो अमतपदं, पमादो मच्चुनो पदं**
**अप्पमत्ता न मियन्ति, ये पमत्ता यथा मता॥२१॥**

**भावार्थ–**

बौद्ध दर्शनमा अप्रमाद भनेको अमरत्व हो भने प्रमाद भनेको मृत्युको बाटो हो। जसले प्रमाद गर्दैनन्, तिनस्हरू कहिल्यै पनि मर्दैनन्। जो प्रमादि छन्, त्यस्ता मानिसहरू जिउदै भए पनि मरे सरह हुन्।

# २२. समय सन्दर्भ–

कौशम्बीको राजा उदयनकी रानी मागन्दियाले तथागतसँग बैर गरी बुद्धको परम् अनुयायी आफ्नी सौता सामावतीलाई ५०० संगिनीकासाथ अन्तपुरमा आगो लगाई जलाएको घट्नाको बारेमा भिक्षाटनको बेलामा भिक्षुहरूले देखेकोले तथागतसँग उनी जलेर मरेको गतिको बारेमा जिज्ञासा राख्दा, 'हे भिक्षुहरू,' ती उपासिकाहरू मध्ये केही श्रोतापन्न केही सकृदागामी र केही अनागामी थिए। उनीहरूको मृत्यु असफल भएनन्। जो प्रबर्जित वा गृहस्ति प्रमादी छन्। उनीहरू हजार वर्ष बाँचे पनि मरे जस्तै हुन्छन्। तर जो अप्रमादि छन्। ती मरे पनि जीवित नै रहन्छन्। मागन्दिया जीवित भएर पनि मरेकी सरह छिन्। तर सामावती चाहिँ मरे पनि जीवितै छिन्। आर्य/अर्हन्त/अहर्त/श्रेष्ट मानिसहरूको चर्यापथमा लागेको ज्ञानीहरू अप्रमादको महिमालाई विशेष रुपले जानेर बुझेर अप्रमादमै आनन्दित र प्रफुल्लित हुन्छन्। अप्रमादिहरू कहिल्यै पनि मर्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२१॥

**पालीगाथा–**

**एतं विसेसतो ञत्वा, अप्पमादम्हि पण्डिता**
**अप्पमादे पमोदन्ति, अरियानं गोचरे रता** ॥२२॥

**भावार्थ–**

आर्य / अर्हन्त / अहर्त / श्रेष्ट मानिसहरूको चर्यापथमा लागेको ज्ञानीहरू अप्रमादको महिमालाई विशेष रुपले जानेर बुझेर अप्रमादमै आनन्दित र प्रफुल्लित हुन्छन्।

## २३. समय सन्दर्भ–

कौशम्बीको राजा उदयनकी रानी मागन्दियाले तथागतसँग बैर गरी बुद्धको परम् अनुयायी आफ्नी सौता सामावतीलाई ५०० संगिनीकासाथ अन्तपुरमा आगो लगाई जलाएको घट्नाको बारेमा भिक्षाटनको बेलामा भिक्षुहरूले देखेकोले तथागतसँग उनी जलेर मरेको गतिको बारेमा जिज्ञासा राख्दा, 'हे भिक्षुहरू,' ती उपासिकाहरू मध्ये केही श्रोतापन्न केही सकृदागामी र केही अनागामी थिए। उनीहरूको मृत्यु असफल भएनन्। जो प्रबर्जित वा गृहस्ति प्रमादी छन्। उनीहरू हजार वर्ष बाँचे पनि मरे जस्तै हुन्छन्। तर जो अप्रमादि छन्। ती मरे पनि जीवित नै रहन्छन्। मागन्दिया जीवित भएर पनि मरेकी सरह छिन्। तर सामावती चाहिँ मरे पनि जीवितै छिन्। जो मानिसहरू नबिराइ वा नटुटाइकन निरन्तर रुपमा ध्यानमा निमग्न हुन्छन्। उनीहरू सधै दृढ पराक्रम गर्दछन्। ती धैयैशील मानिसहरूले बेजोड योगक्षेम उत्तम कल्याण स्वरुप निर्वाणपद चयन गर्दछन्। अप्रमादिहरू कहिल्यै पनि मर्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२१॥

**पालीगाथा–**

**ते झायिनो साततिका, निच्चं दल्हपरक्कमा**
**फुसन्ति धीरा निब्बानं, योगक्खेमं अनुत्तरं ॥२३॥**

**भावार्थ–**

जो मानिसहरू नबिराइ वा नटुटाइकन निरन्तर रुपमा ध्यानमा निमग्न हुन्छन्। उनीहरू सधै दृढ पराक्रम गर्दछन्। ती धैयैशील मानिसहरूले बेजोड योगक्षेम उत्तम कल्याण स्वरुप निर्वाणपद चयन गर्दछन्।

# २४. समय सन्दर्भ–

राजगृहको पाठकराम सेठको छोरा कुम्भघोष, जसको बाबा आमा चालिस करोडको ढुकुटी बताएर उ सानो छदै अबिवातक (प्लेग) रोगले मरेका थिए। कुम्भघोष ठुलो भए पछि त्यतिका खजाना भएर पनि त्यसको उपयोग नगरी नोकरीबाट जीविका गरी बसे। उनको बारेमा सबै कुरा थाहा पाएका राजा बिम्बिसरले आफ्नी राजिश नामक छोरी दिइ उनलाई नगरको नामुद सेठ बनाइ दिए। एकदिन उसलाई सँगै लिएर राजा तथागतनिर गई सबै कुरा बताउँदा, 'हे महाराज,' यसरी बाँच्नेको जीवन धार्मिक हो। जो पाप कर्मबाट बञ्चित रही सयमकासाथ जिउँछ, उसको यश बढ्छ। कुनै पनि उद्योगी, सचेत, निष्कपट बिशुद्ध कर्म गर्ने सोचेर बिचार गरेर मात्र काम गर्ने, सधै समय रहने, धर्मले निर्दिष्ट गरे अनुसारको जीवनशैली अपनाउने र प्रमाद नगर्ने मानिसहरूको कीर्ति आफै बढदै जान्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**उट्ठानवतो सतिमतो, सुचिकम्मस्स निसम्मकारिनो**
**सञ्ञतस्स च धम्मजीविनो, अप्पमत्तस्स यसो भिवड्ढति ॥२४॥**

**भावार्थ–**

कुनै पनि उद्योगी, सचेत, निष्कपट बिशुद्ध कर्म गर्ने सोचेर बिचार गरेर मात्र काम गर्ने, सधै समय रहने, धर्मले निर्दिष्ट गरे अनुसारको जीवनशैली अपनाउने र प्रमाद नगर्ने मानिसहरूको कीर्ति आफै बढदै जान्छ।

## २५. समय सन्दर्भ–

एक समयमा प्रजर्जित भइ राजगृहको बेनुबन बिहारमा रहेका महापन्थक र चुल्लपन्थक नामक दुई भाइ भिक्षुहरू मध्ये दाजुले थोरै दिनमै अहर्त प्राप्त गरे। तर मन्द बुद्धिको भाइ चुल्लपन्थकले चार महिनामा यौटा गाथा पनि याद गर्न नसकेपछि दाजु महापन्थले उसलाई बिहारबाट निस्कन भनेकोले भोलिपल्ट बिहानै चुल्लपन्थ बिहारबाट निस्कनै लाग्दा, तथागतले रोकेर उपदेश दिए। त्यसपछि उनले बिहानदेखि दिउँसोसम्म तलातार बिपाश्यना गरी प्रतिसम्भिदाका साथ अहर्त प्राप्त गर्यो। यस विषयमा भिक्षुहरूबीच पनि ब्यापक छलफल भयो। एकदिन भिक्षुहरूले यो कुरा उठाउदा, 'हे भिक्षुहरू,' उद्योगी पुरुषले लोको त्तर धर्म प्राप्त गर्दछ। मेघवी ब्यक्तिले उद्योगबाट, समुन्नतिबाट अप्रमादबाट असयमबाट एवं मानसिक बिकार र इन्द्रियहरूको आत्म दमनबाट आफ्नो सुसंस्कृतिहरूको यस्तो दीप (टापु) बनाएका हुन्छन् जसलाई बाढिले बगाउँन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**उट्ठानेन'प्पमादेन, सञ्ञमेनदमेन च**
**दीपं करियथ मेघावी, यं ओघो नाभिकिरति ॥२५॥**

**भावार्थ–**

मेघवी ब्यक्तिले उद्योगबाट, समुन्नतिबाट, अप्रमादबाट असयमबाट एवं मानसिक बिकार र इन्द्रियहरूको आत्म दमनबाट आफ्नो सुसंस्कृतिहरूको यस्तो दीप (टापु) बनाएका हुन्छन् जसलाई बाढिले बगाउँन सक्दैन।

## २६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा बाल नक्षेत्र (होली)को घोषण हुँदा उपासक, उपासिकाहरू, भिक्षुहरू र भिक्षुनीहरू एक सातासम्म घरबाट बाहिर निस्केको थिएन। आठौं दिनमा श्रद्धवान गृहस्तिहरू, उपासक र उपासिकाहरू तथागतकहाँ गइ भिक्षु महासंघलाई महादान दिँदै सातौं दिनसम्म अत्यन्तै कष्टकर समय बिताउनु परेकोमा क्षमा याचना गर्दै, यो कुरा तथागतसँग उठाउदा, 'हे भिक्षुहरू,' मुर्ख, असभ्य र गवारहरूको काम भनेको यस्तै हुन्छन्। तर अहर्त, सिद्धमहापुरुषहरू र बुद्धिमानहरू भने कतैबाट प्राप्त घनमाल समान अप्रमादको रक्षा गर्दै अमृत स्वरुपको महापरिनिर्वान सम्पत्ति प्राप्त गर्दछन्। मुर्ख तथा दुर्बुद्धि भएका मानिसहरूको मन सधै प्रमादमा रमाएका हुन्छन्। जसरी बहुमुल्य धनमालको जतन गरिन्छ त्यसरी नै मेघावी सिद्ध महापुरुषहरूले अप्रमादलाई पनि राम्रोरी रक्षा गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**पमादमनुयुञ्जन्ति, वाला दुम्मेधिनो जना**
**अप्पमादञ्च मेघावी, धनं सेट्ठं व रक्खति ॥२६॥**

**भावार्थ–**

मुर्ख तथा दुर्बुद्धि भएका मानिसहरूको मन सधै प्रमादमा रमाएका हुन्छन् । अप्रमादकै उद्योग गर्छन् । जसरी बहुमुल्य धनमालको जतन गरिन्छ त्यसरी नै मेघावी, सिद्धमहापुरुषहरूले अप्रमादलाई पनि राम्रोरी रक्षा गर्दछन् ।

## २७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा बाल नक्षेत्र (होली)को घोषण हुँदा उपासक, उपासिकाहरू तथा भिक्षुहरू एक सातासम्म घरबाट बाहिर निस्केको थिएन । आठौँ दिनमा श्रद्धवान गृहस्तिहरू उपासक र उपासिकाहरू तथागतकहाँ गइ भिक्षु महासंघलाई महादान दिँदै सात दिनसम्म अत्यन्तै कष्टकर समय बिताउनु परेकोमा क्षमा याचना गर्दै, यो कुरा तथागतसँग उठाउदा, 'हे भिक्षुहरू,' मुर्ख, असभ्य र गवारहरूको काम भनेको यस्तै हुन्छन् । तर बुद्धिमान तथा सिद्धमहापरुषुहरू भने कतैबाट प्राप्त घनमाल वा समान अप्रमादको रुपमा रक्षा गर्दै अमृत स्वरुपको महापरिनिर्वान सम्पत्ति प्राप्त गर्दछन् । राग, द्वेष, माया, मोहा काम, वासना, इच्छा, तृष्णा आनन्दरुपी प्रमादमा मन लगाई त्यस्ता कुरासँग सघन परिचय बढाएर अल्झने प्रयत्न नगर । अप्रमादीहरूले ध्यान गर्दा, बिपु सुख प्राप्त गर्दछन् । भन्दै दिएको उपदेशको पालीगाथा ।।२६।।

**पालीगाथा–**

**मा पमादमनुयुञ्जेय, मा कामरतिसन्थवं**
**अप्पमत्तो हि झायन्तो, पप्पोति विपुलं सुखं ।।२७।।**

**आवार्थ–**

राग, द्वेष, माया, मोहा, काम, वासना, इच्छा, तृष्णा आनन्दरुपी प्रमादमा मन लगाई त्यस्ता कुरासँग सघन परिचय बढाएर अल्झने प्रयत्न नगर । अप्रमादीहरूले ध्यान गर्दा, बिपु सुख प्राप्त गर्दछन् ।

## २८. समय सन्दर्भ–

एक समयमा अहर्त उरुबेल महाकाश्यप स्थविर राजगृह नगरको पूर्वपट्टिठ अवस्थित घना जंगलकोबीचमा रहेको पिप्फाली गुफामा बसेर प्रमादी र अप्रमादी अवस्थामा मेरेका र जन्म भैरहेका मानिसहरूको बास्तविक अवस्था लाई प्रज्ञाचक्षुद्वारा मसिनोसँग निरीक्षण गरिरहेका थिए । जब ज्ञानि मानिसले अप्रमादद्वारा प्रमादलाई पर पन्छाउँछ, त्यसबेला उ प्रज्ञारुपी आग्लो दरबारमा चढेर शोकरहित भइ, उनले त्यसबेला पहाडको टाकुरामा बसेको ब्यक्तिले फेदीमा रहेको दुःखित मानिसलाई देखे जस्तै गरी चिन्ताग्रस्त अवस्थामा देख्छन् । यही प्रसँगलाई दोहराउँदै जेतवन महाबिहारमा तथागतले अवभास स्वरुप ब्यक्त गरे । जब ज्ञानि मानिसले अप्रमादद्वारा प्रमादलाई पर पन्छाउँछ त्यसबेला उ प्रज्ञारुपी आग्लो दरबारमा चढेर शोकरहित भइ, पहाडको टाकुरामा बसेको ब्यक्तिले फेदीमा रहेको दुःखित मानिसलाई हेरे जस्तै चिन्ताग्रस्त देख्दछ भन्दै गरेको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पमादं अप्पमादेन, यदा नुदति पण्डितो**
**पञ्ञापासादं आरुय्ह, बसोको सोकिनिं पजं**
**पब्बतट्ठो व भुम्मट्ठे, धीरो बाले अवेक्खति ॥२८॥**

**भावार्थ–**

जब ज्ञानि मानिसले अप्रमादद्वारा प्रमादलाई पर पन्छाउँछ । त्यसबेला उ प्रज्ञारुपी आग्लो दरबारमा चढेर शोकरहित भइ पहाडको टाकुरामा बसेको ब्यक्तिले फेदीमा रहेको दुःखित मानिसलाई हेरे जस्तै चिन्ताग्रस्त देख्दछ ।

## २९. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा तथागतसँग गएर प्रबर्जित भइ जंगलमा गएका दुई मित्र भिक्षुहरू मध्ये एउटाले निरन्तर प्रयत्न गरेर छिटै अहर्तत्व प्राप्त गरे । तर आर्को साथीले भने सारा समय आगो ताप्ने, गफ लाउने, खाने, पिउने र मिथ्य परिकल्पनमा मात्र बितायो । जब बर्षाबास सकिए पछि उनीहरू तथागतनिर गए । उनले केही प्रश्नहरू सोधे । के तिमीहरूले अप्रमादका साथमा श्रमण धर्म गर्यो ? दुबैले आफुले गरेको यथार्त कुराहरू बताए । 'हे भिक्षुहरू,' जसले प्रमाद भइ समय बिताएर पनि अप्रमाद भन्ने र अप्रमाद भएर पनि प्रमाद भन्ने, तिमीहरू मेरो पुत्रका अगाडि कमजोर घोडा जस्तै हो । प्रमत मानिसहरूका बीचमा अप्रमत भएर तथा सुपुप्तका बीचमा बढी जागरुक भएर मेधावी ब्यक्ति आफ्नै बुद्धि र चेतनाले यसरी अधि बढछन् । जसरी बेगवान घोडाले कमजोर घोडालाई उछिनेर अगाडि दौडन्छन् भनि दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अप्पमतो पमत्तेसु, सुत्तेसु बहुजागरो**
**अबलस्सं व सिघस्सो, हित्वा याति सुमेधसो ।।२९।।**

**भावार्थ–**

प्रमत मानिसहरूका बीचमा अप्रमत भएर तथा सुपुप्तका बीचमा बढी जागरुक भएर मेधावी ब्यक्ति आफ्नै बुद्धि र चेतनाले यसरी अधि बढछन् । जसरी बेगवान घोडाले कमजोर घोडालाई उछिनेर अगाडि दौडन्छन् ।

## ३०. समय सन्दर्भ–

एक समयमा बैशालीको लिच्छबी कुटागारशालामा महाली भन्ने परम् बिद्वान थियो । उनी बिद्वान भएर पनि अरुको कुरा सुन्दैनथ्यो । त्यसैले मानिसहरू उनलाई अहंकारी बिद्वान भन्दथे । एकदिन उनी तथागतनिर आएर सोधे । 'हे भन्ते,' के तपाइँले स्वर्गको देवेन्द्रलाई देख्नु भएको छ ? भन्दै अनेक प्रकारका प्रश्नहरू सोधे । 'हे महाली,' देवेन्द्र अप्रमादमा रहेको हुनाले यस्तो अलौकिक सम्पत्ति प्राप्त गरे । अप्रमादलाई सबै आर्यजन कण्ठ मुखले प्रसंशा गर्दछन् । त्यसैले प्रमादी र अप्रमादी चिन्नु पर्छ । अप्रमाद बाट नै सारा लौकित लोकोत्तर सम्पत्ति प्राप्त हुन्छ । अप्रमादी रहेकाले नै देवेन्द्र देवताहरू मध्ये सर्वश्रेष्ट भए । अप्रमादीलाई सबैले सह्राउछन् भने प्रमादीलाई सबैले निन्दित गर्छन् । अप्रमादबाट सारा लौकित लोकोत्तर सम्पत्ति प्राप्त हुन्छ । त्यसैले प्रमादी र अप्रमादीलाई सही अर्थमा चिन्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अप्पमादेन मघवा देवानं सेट्ठतं गतो**
**अप्पमादं पसंशाति, पमादो गरहितो सदा ॥३०॥**

**भावार्थ–**

अप्रमादी रहेकाले नै देवेन्द्र देवताहरू मध्ये सर्वश्रेष्ट भए । अप्रमादीलाई सबैले सह्राउछन् भने प्रमादीलाई सबैले निन्दित गर्छन् । अप्रमादबाट सारा लौकित लोकोत्तर सम्पत्ति प्राप्त हुन्छ । त्यसैले प्रमादी र अप्रमादीलाई सही अर्थमा चिन्नु पर्छ ।

# ३१. समय सन्दर्भ–

एक समयमा कुनै एउटा भिक्षु तथागतबाट कर्म स्थानको शिक्षा पाएर अरन्यमा गयो। उनले अनेक प्रयत्न गर्दा पनि अहर्तत्व प्राप्त गर्न नसकेर जेतवन महाबिहारतिर फर्कन लाग्दा, बनको बाटोमा डढेलो लागेको थियो। उ डराएर पहाडको चुलीमा चढ्यो। यसरी दन्केको आगो देखेर उनले मनमा सोच्न थाल्यो। जसरी यो आगोले सानो ठुलो झारपातहरू र बनबुटाहरू बिनास गर्दै जलाएका छन्। त्यसैगरी नै आर्य मार्गको ज्ञानले सबै क्लेशहरू पनि जलाइदिन्छन् होला। गन्धकुटीमा बसेका तथागतले उसका बिचारहरू देखेर, हो, हो, भिक्षु, ज्ञानको आगोले साना ठुला सबै क्लेशहरू जसमा राग, द्वेष, माया, मोहा, काम र वासना फेरिफेरी उत्पन्न नहुने गरी जलाइ दिन्छन्। प्रमादमा भय देख्ने र अप्रमादमा मन लगाएर रतिने भिक्षु उपासक, उपासिकाहरू र श्रद्धवान गृहस्तिहरू साना, ठुला सबै बन्धनहरूलाई डढाउदै आगो जस्तै अघि बढछन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अप्पमारदतो भिक्खु, पमादे भयदस्सि वा**
**संयोजनं अणुथुलं, डहं अग्गिव गच्छति ॥३१॥**

**भावार्थ–**

प्रमादमा भय देख्ने र अप्रमादमा मन लगाएर रतिने रमिते हेर्ने भिक्षुहरू, श्रावकहरू, उपासकहरू, उपासिकाहरू, श्रद्धवानहरू र गृहस्तिहरू साना, ठुला सबै बन्धनहरूलाई डढाउदै आगो जस्तै अघि बढ्छन्।

## ३२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको नजिकै निगम गाउँको तिस्स भन्ने स्थविर प्रवर्जित भएदेदिख नै सधै आफ्नै गाउँमा भिक्षाटन गर्दथे। उनको नियति देखे पछि अरु भिक्षुहरूले उनी गृहस्तहरूसँग घुलमिल भएका छन् भन्ने कुरा उठाएको तथागतले सुने पछि तिस्सलाई बोलाएर सोध्दा 'हे भन्ते,' रुखोसुखो भोजन मिले पछि म सन्तुष्ट हुन्छु। भोजनको लोभले धेरै ठाउँ घुम्दिन। गृहस्तहरूसँग पनि त्यति धेरै घुललिम गर्दिन भने पछि उनको प्रतिउत्तरमा स्पष्टता र दृढता देखेर सन्तुष्ट हुनु भएका तथागतले, 'हे भिक्षुहरू,' सबै भिक्षुहरू तिस्स जस्तै स्पष्ट र दृढ हुनु पर्छ। प्रमादमा भय देख्ने, अप्रमादमा मन लगाएर रमाउनेको पतन असम्भव छ। अनि मार्गफलबाट पतित नभई निर्वानको नजिक पुगिन्छ। प्रमादमा भय देख्ने, अप्रमादमा मन लगाएर रमाउने भिक्षुहरूको पतन असम्भव छ। किनभने उ साधनाबाट निर्वाणको नजिक पुगिसकेको हुने छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अप्पमादरतो भिक्खु, पमादे भयदस्सि वा**
**अभब्बो परिहनाय, निब्बानस्सेव शान्तिके ।।३२।।**

**भावार्थ–**

प्रमादमा भय देख्ने, अप्रमादमा मन लगाएर रमाउने स्थविरहरू भिक्षुहरू, श्रावकहरू, उपासकहरू र उपासिकाहरूको पतन असम्भव छ। किनभने उ साधनाबाट निर्वाणको नजिक पुगिसकेको हुने छ।

# धम्मपद
# चित्त बर्ग– ३

## ३३. समय सन्दर्भ–

एक समयमा चालिका नगरको चालिक पर्वतमा बिहार गरिरहँदा तथागतको सेवामा रहेको मेघिय स्थविरले आफु किमिकाला नदी किनारमा रहेको आँपको बगैंचामा बिहार गर्न जानको लागि तथागतसँग अनुमति मागे । मेघिय स्थविर अलि एकोहोरोपनको र अहंकारी स्वभावको थियो । तथागतले म एक्लै छु, आर्को भिक्षु आए पछि जाउला भन्दा पनि नमानेर आफु खुसि गए । तर अनुमति बिन बगैंचामा गएकोले उनको चित्त एकाग्र नहुँदा मनमा नाना किसिमका तर्कबितर्कहरू मनमा उठिरहेको थियो । साँझपख फर्केर आए । अब तथागतले के भन्ने हो भनेर मनमा डर र त्रास छाईरहेको थियो । जसरी बाण बनाउनेले बाङ्गोटिङ्गो बाणलाई सोझो पारेर मिलाउँछ । त्यसरी नै बुद्धिमान मानिसले निरन्तर चलयमान भैरहने चञ्चल मनलाई पनि निवारण गर्न सकिने चित्तलाई पनि बशमा राख्दछ । सबै कुरा बृतान्त सुनाउदा उनलाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**फन्दनं चपलं चित्तं, दुरक्खं दुन्निवारयं**
**उजुं करोति मेघावी, उसुकारी व जेतनं ॥३३॥**

**भावार्थ–**

जसरी बाण बनाउनेले बाङ्गोटिङ्गो बाणलाई सोझो पारेर मिलाउँछ । त्यसरी नै बुद्धिमान मानिसले निरन्तर चलयमान भैरहने चञ्चल मनलाई पनि निवारण गर्न सकिने चित्तलाई पनि बशमा राख्दछ ।

## ३४. समय सन्दर्भ–

एक समयमा चालिका नगरको चालिक पर्वतमा बिहार गरिरहँदा तथागतको सेवामा रहेको मेघिय स्थविरले आफु किमिकाला नदी किनारमा रहेको आँपको बगैँचामा बिहार गर्न जानको लागि तथागतसँग अनुमति मागे । मेघिय स्थविर अलि एकोहोरोपनको र अहंकारी स्वभावको थियो । तथागतले म एक्लै छु, आर्को भिक्षु आए पछि जाउँला भन्दा पनि नमानेर आफु खुसि गए । तर अनुमति बिन गएकोले उनको चित्त एकाग्र नहुँदा, मनमा नाना किसिमका तर्क बितर्कहरू उठिरहेका थिए । साँझपख फर्केर आए । अब तथागतले के भन्ने हो भनेर मनमा डर र त्रास छाईरहेको थियो । जसरी पानीबाट निकालेर बाहिर पाखा जमिनमा फ्याँकिएको माछा वा अन्य जलजन्तु छटपटाएर उफ्रिन्छ, त्यसरी नै मारको बन्धनबाट उन्मुक्त हुनको लागि यो चित्त पनि त्यसरी नै छटपटाउँछ । पछि सबै कुरा बृतान्त सुनाउदा उनलाई दिएको उपदेशको पालीगाथा ॥३३॥

**पालीगाथा**– *****

**वारिजो व थले खितो, ओकमोकत उब्भतो**

**परिफन्दति’दं चित्तं, मारधेय्यं पहातवे ॥३४॥**

**भावार्थ**–

जसरी पानीबाट निकालेर बाहिर पाखा जमिनमा फ्याँकिएको माछा वा अन्य जलजन्तु छटपटाएर उफ्रिन्छ, त्यसरी नै मारको बन्धनबाट उन्मुक्त हुनको लागि यो चित्त पनि त्यसरी नै छटपटाउँछ।

## ३५. समय सन्दर्भ–

एक समयमा कोशल देशको पहाड नजिकै मातिक गाउँमा बस्ने एक उपासिका चार प्रतिसम्भिदा र पाँच अभिज्ञाको साथमा अनागामी वग्फल प्राप्त थिइन् । भिक्षुहरूको चित्तमा रहेको सबै कुरा उनले जान्दथिइन । एकदिन एउटा भिक्षु उनको प्रशंसा सुनी त्यहाँ गाएर केही दिनमा फर्किए पछि तथागतसँग भेटना गए । 'हे भिक्षु,' तिमी त्यहाँ किन बस्न सकेनौं भनेर प्रश्न गर्दा 'हे भन्ते,' मानिसहरूले राम्रो पनि सोच्छन् । नराम्रो पनि सोच्छन् । नराम्रो सौंचेको बखतमा चोरहरूलाई सामान सहित पक्रे जस्तै चित्तकी जानकार उनले कुनै पनि बेला निग्रह गर्न सक्ने हुँदा, म उसकहाँ बस्न सकिन भने पछि तथागतले उनलाई त्यही जानु भने । तर उ त्यहाँ जान राजी नभएको देखि, त्यसो भए तिमी आफ्नो चित्तको रक्षा र निग्रह गर । गाह्रोसँग निग्रह गर्न सकिने चञ्चल र स्वेच्छचारी चित्तलाई दमन गर्न उत्तम हुन्छ । चित्तको उचित ढंगले दमन गर्न सकेमा सुखदायी हुनेछ भन्दै चित्त निग्रह सम्बन्धि उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**दुन्निग्गहस्स लहुनो, यत्थकामनिपातिनो**
**चित्तस्स दमथो साधु, चित्तं दन्तं सुखावहं ॥३५॥**

**भावार्थ–**

मानिसहरूको गाह्रोसँग निग्रह गर्न सकिने चञ्चल र स्वेच्छचारी चित्तलाई दमन गर्न उत्तम हुन्छ । चित्तको उचित ढंगले दमन गर्न सकेमा सुखदायी हुने छ ।

# ३६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा धर्म र बिनयको महिमाबाट उत्कण्ठित भएका धेरै श्रद्धावान उपासक र उपासिकाहरू थिए। उनीहरू मध्ये श्रावस्तीको कुनै सेठको छोरो प्रबर्जित भयो। उनले भिक्षुहरूलाई भन्यो कि, म घरमै बसेर धर्म गर्न सक्छु। तर सत्य कुरा भन्नु पर्दा, यी धर्म र बिनयहरू यति महान रहेछन् कि सबैको अक्षरस पालना र अभ्यास गर्न सकिँदैन भन्यो। यस बारेमा भिक्षु महासंघमा पनि धेरै छलफल भयो। सबैले आ-आफ्नो राय राख्यो। तर्क बिर्तक गर्यो। पक्ष र बिपक्षमा बहस भयो। तर केही पनि निर्णय हुन सकेन। अन्तमा, यो कुरा तथागतले थाहा पाए पछि उनलाई बोलाएर, 'हे भिक्षु,' तिमी केवल चित्तको मात्र रक्षा गर। धेरै मुस्किलले देख्न सकिने, चतुर र स्वेच्छाचारी त्तिलाई बुद्धिमान मानिसले वशमा राख्नु पर्छ। यसरी बशमा राखिएको सुरक्षित चित्त आज्ञकारी हुनका साथै सुखदायी पनि हुन्छ। यस बाहेक अरु केही पनि गर्नु पर्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सुदुद्दसं सुनिपुणं, यत्थकामनिपातिनं**
**चित्तं रक्खेथ मेधावी, चित्तं गुत्तं सुखावहं ॥३६॥**

**भावार्थ–**

मानिसहरूमा धेरै मुस्किलले देख्न सकिने, चतुर र स्वेच्छाचारी त्तिलाई बुद्धिमान मानिसले वशमा राख्नु पर्छ। यसरी बशमा राखिएको सुरक्षित चित्त आज्ञकारी हुन्छन्। आज्ञकारी चित्त सुखदायी हुन्छ। यो कुरा सत्य हो।

# ३७. समय सन्दर्भ–

एक समयमा प्रबर्जित भएर श्रमण धर्ममा लागेको श्रावस्तीको संघरक्षित स्थविरको भाइको छोरा भागिनेय संघरक्षितले दानमा पाएको दुईवटा मध्ये एउटा बस्त्र आचार्यलाई दिन जाँदा, उनले अस्वीकार गरे । उनलाई ताडको पङ्खाले हम्कँदै गर्दा, म यहाँ बस्दिन । यो बस्त्र बेचेर भेडी किन्छु । अनि श्रीमती ल्याउछु । छोरा जन्मे पछि स्त्रीको साथ स्थविरलाई भेटना आउँदा, भनेको नमान्ने श्रीमतीलाई यसरी पिट्छु भनि मनमा कुरा खेलाउँदा स्थविरलाई नै पङ्खाले हान्यो । स्थविरले उनको बिर्तकको कुरा जानेर भन्यो, 'हे आबुस,' तिमीले त पत्निलाई हान्दा, मलाई नै हान्यो भन्दा, यो स्थविरले त मेरो मनको सबै कुरा जान्दो रहेछ भनेर भाग्यो । तर आर्को तरुण भिक्षुले समातेर तथागतकहाँ ल्याए । टाढा टाढासम्म पुग्ने, एक्लै बिचरण गर्ने, बिना शरीरको हृदयरुपी गुफमा लुकेर बस्ने चित्तलाई जसले सयममा राख्दछ । त्यस्ता ब्यक्ति मारको बन्धनबाट मुक्त रहन्छ । तथगतले सबै कुरा सोधरे उनलाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**दुरङ्गमं एकचरं, अशरीरं गुहासयं**
**ये चित्तं सञ्ञमेस्सन्ति, मोक्खन्ति मारबन्धना ॥३७॥**

**भावार्थ**–

टाढा टाढासम्म पुग्ने, एक्लै बिचरण गर्ने, बिना शरीरको हृदयरुपी गुफमा लुकेर बस्ने चित्तलाई जसले सयममा राख्दछ । त्यस्ता ब्यक्ति मारको बन्धनबाट मुक्त रहन्छ ।

## ३८. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको चित्तहत्थ नामक गृहस्त आफ्नो हराएको गोरु खोज्दै बनमा गयो । खोज्दै जाँदा बाटो हरायो । उनले भिक्षुहरूलाई भेट्यो । भिक्षुहरूले खाएर बचेको भात खाएर प्रबर्जित पनि भयो । दुई चार दिन पछि उत्कण्ठित भएर धर फर्कियो । यसरी ६ पटकसम्म प्रबर्जित हुँदै घर फर्किदै गर्यो । सातौं पटक फेरी प्रबर्जित हुन जाँदा, उनको आचरण बुझेर भिक्षुहरूले स्वीकार गरेनन् । धेरै प्रार्थना गरे पछि एकजना भिक्षुले प्रबज्य दिए । यस पटक भने उनले राम्रो अभ्यास गर्यो । धेरै मिहेनत गरे पछि छिटै अहर्तत्व पनि प्राप्त गर्यो । जुन मानिसको चित्त स्थिर हुँदैन । जसले सद्धर्म जान्दैन । जसको मानसिक शान्ति खलबलिएको हुन्छ । त्यस्तो मानिसको प्रज्ञा परिपूर्ण हुन सक्दैन । अब चित्त स्थिर रहे पछि उनको पाप र पुन्यहरू पनि प्रहीन भएको बारेमा तथागतबाट ब्यक्त भएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**अनवट्ठितचित्तसस, सद्धम्मं अविजानतो**
**परिप्लवपसादस्स, पञ्ञा न परिपूरति ॥३८॥**

**भावार्थ–**

जुन मानिसको चित्त स्थिर हुँदैन । जसले सद्धर्म जान्दैन । सद्धर्म बुझ्दैन । त्यस अनुसारको आचरण गर्दैनन् । ध्यान, भावना र साधना गर्दैनन् । जसको मानसिक शान्ति खलबलिएको हुन्छ । त्यस्तो मानिसको प्रज्ञा कहिले परिपूर्ण हुन सक्दैन ।

## ३९. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको चित्तहत्थ नामक गृहस्त आफ्नो हराएको गोरु खोज्दै बनमा गयो । खोज्दै जाँदा बाटो हरायो । उनले भिक्षुहरूलाई भेट्यो । भिक्षुहरूले खाएर बचेको भात खाएर प्रबर्जित पनि भयो । दुई चार दिन पछि उत्कण्ठित भएर धर फर्कियो । यसरी ६ पटकसम्म प्रबर्जित हुँदै घर फर्किदै गर्यो । सातौं पटक फेरी प्रबर्जित हुन जाँदा, उनको आचरण बुझेर भिक्षुहरूले स्वीकार गरेनन् । धेरै प्रार्थना गरे पछि एकजना भिक्षुले प्रबज्य दिए । यस पटक भने उनले राम्रो अभ्यास गर्यो । धेरै मिहेनत गरे पछि छिटै अहर्तत्व पनि प्राप्त गर्यो । अब चित्त स्थिर रहे पछि उनको पाप र पुन्यहरू पनि प्रहीन हुन्छ । जसको चित्त रिस र रागले युक्त छ । जसको मनमा निर्णय शक्ति भएकोले किकर्तब्य बिमुढ हुँदैन । जो पुण्य र पापबाट अलग छ । त्यस्ता जागृत ब्यक्ति अभय हुन्छन् भन्दै यस बारेमा तथागतबाट ब्यक्त भएको उपदेशको पालीगाथा ।।३८।।

**पालीगाथा–**

**अनवस्सुतचित्तस्स, अनन्वाहतचेतसो**
**पुञ्ञपापपहिनस्स, नत्थि जागरतो भयं ।।३९।।**

**भावार्थ–**

जसको चित्त रिस, राग, माया, मोह, तृष्णा, काम र वासनाले युक्त छ । जसको मनमा निर्णय शक्ति भएकोले किकर्तब्य बिमुढ हुँदैन । जो पुण्य र पापबाट अलग छ । त्यस्ता जागृत ब्यक्ति अभय हुन्छन् ।

## ४०. समय सन्दर्भ–

एक समयमा श्रावस्ती आसपासका ५०० बिपाश्यक भिक्षुहरू तथागतबाट कर्म स्थान ग्रहण गरी सयौं कोस टाढाको जंगलमा ध्यान, भावना र साधना गर्न गए । त्यस जंगलका द्यौताहरू वा स्थानीय शक्तिपीठहरूले भिक्षुहरूलाई डर र त्रास देखाए पछि ध्यानमा बस्न नसकि त्यसै फर्किएर तथागतबाट करणीयमेत्त सूत्रको पाठ गर्ने आज्ञा लिएर पुनः फर्किए । त्यसपछि ध्यान, भावना र साधना गर्न लाग्दा देवताहरूबाट पनि सुरक्षा प्रबन्ध राम्रो भएको अनुभूति भयो । त्यहाँ कुनै अशान्ति भएन । अनि पछि तथागतले उनीहरूको चित्त एकाग्र भएको र अनित्यको प्रत्येक क्षणमा लागेको देखे । हाम्रो शरीर माटोको घैठो जस्तै छिटै नाश भएर जान्छ भन्ने कुराको ख्याल गरेर यो चित्तलाई नगर जस्तै सुरक्षित बनाइ प्रज्ञारुपी शास्त्रले मारलाई परास्त गर्दै गन्धकुटीबाटै उनीहरूको सम्मुख उभिएर दिँदै गरेको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**कुम्भूपमं कायमिमं विदित्वा, नगरुपमं चित्तमिदं ठपेत्वा**
**योधेय मारं पञ्ञाबुधेन, जितञ्च रक्खे अनिवेसनो सिया ॥४०॥**

**भावार्थ–**

हाम्रो यो बिज्ञानरुपी शरीर माटोको घैठो जस्तै छिटै नाश भएर जान्छ भन्ने कुराको ख्याल गरेर, यो भ्रमित र अस्थिर भैरहने चित्तलाई नगर जस्तै सुरक्षित बनाइ प्रज्ञारुपी शास्त्रले मारलाई परास्त गर्नु पर्छ ।

# ४१. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको पुतिगत तिस्स श्रद्धापूर्वक पब्रर्जित भयो। उनी प्रबर्जित भएको केही दिन पछि उनको शरीरमा फोका उठ्यो। बैद्यहरू र झारफुकेद्वारा धेरै उपचार गर्दा पनि निको नभए पछि सहायक भिक्षुहरूले पनि उनलाई सहायोग गर्न छाड्यो। अप्ठेरो अवस्थमा आफन्तहरूले पनि साथ दिँदैनन् भनेको यही हो। त्यसपछि लामो समयदेखि उनी एक्लै भए। उनको घिनलाग्दो अवस्थामा ओक्ष्यान परेर कराइरहेको अवस्थामा छन् भन्ने कुरा तथागतले थाहा पाए पछि उनलाई आफ्नो महाकरुणाद्वारा समापतिमा देखेर एकदिन डुबे पछि ऋद्धिबलद्वारा आफै त्यहाँ गइ पानी तताएर बिस्तारै स्नान गराइ दिए। अपसोच, भवसागरको नियम अनुसार यो हाम्रो भौतिक शरीर छिटै नै सडेर मकिएको काठको ठुटो जस्तै पृथ्वीमा पल्टिने छ। त्यसपछि यो शरीर चेतनाहिन हुने छ। त्यसपछि खाटमा सुताइदिएर ब्यक्त गरेको सूत्ति बचनसँग सम्बन्धित उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अचिरं वत'यं कायो, पठविं अधिसेस्सति**
**छुद्धो अपेतविञ्ञाणो, निरत्थं व कलिङ्गरं ॥४१॥**

**भावार्थ–**

अपसोच, भवसागरको नियम अनुसार यो हाम्रो भौतिक शरीर छिटै नै सडेर मकिएको काठको ठुटो जस्तै पृथ्वीमा पल्टिने छ। त्यसपछि यो शरीर चेतनाहिन हुने छ।

## ४२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा अहर्त अनाथपिण्डक सेठको ३०० गाईहरू थिए । गाईहरूको देखभाल गर्नाका लागि नन्द नामक गोठलो थियो । उनी अत्यन्तै परिश्रमी र बुद्धको अनुयायी थियो । एकदिन उनले भिक्षु महासंघका साथ तथागतलाई निमन्त्रण गरी एक सातासम्म मन, बचन र कर्मले पञ्चगोरस दान गर्यो । सातौं दिनमा दानानुमोदन गरी फर्कन लाग्दा, उ पनि पात्रा लिएर तथागतको पछि पछि लाग्यो । अलि पर पुगे पछि तथागतको आज्ञाले गर्दा उनी फर्कँदै थियो । एउटा ब्यथाले उसलाई मार्यो । उनको पछि पछि आउने भिक्षुले उ मरेको देखेर 'हे भन्ते,' तपाइँले दान ग्रहण नगरेको भए यो मर्ने थिएन भन्दा तथागतले उनको अतीतको जातक कथाको बारेमा ब्याख्या गरे । शत्रुले शत्रुलाई वा बैरीले बैरीलाई जे जति हानि पुर्याउन सक्छ त्यो भन्दा कति हो कति बढि गुणा खराब बाटोमा लागेको चित्तले हानि पुर्याउँछ भन्दै गरेको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**दिसो दिसं यन्तं करिया, वेरी वा पन वेरिनं**
**मिच्छापणिहितं चित्तं, पापियो नं ततो करे ॥४२॥**

**भावार्थ–**

शत्रुले शत्रुलाई वा बैरीले बैरीलाई जे जति हानि पुर्याउन सक्छ त्यो भन्दा कति हो कति बढि गुणा खराब बाटोमा लागेका आफन्तहरूको चित्तले हानि पुर्याउँछ । यो कुरामा पत्यार नभए अजमाएर हेर्नु होला ।

## ४३. समय सन्दर्भ–

एक समयमा शौरय नगरको एज जना सेठको छोरा रथमा बसी नुहाउन जाँदा, चिबरधारी भिक्षु महाकात्यानको सुन जस्तो शरीर देखेर, आफ्नो पत्नि पनि त्यस्तै भए कति रुपवती हुन्थी भन्ने परिकल्पना गर्दा, छिनभरमै उनी स्त्रीलिङ्गमा परिवर्तन भयो । कसैलाई पनि सूचना नगरी उनी तक्षशिला गयो । त्यहाँ एउटा सेठसँग बिबाह गरी दुई छोराहरू जन्मियो । केही समय पछि अयुष्मान महाका त्यानलाई निमन्त्रण गरी महादान दिएर क्षमा पाइ पुनः पुरुषलिङ्गमा परिवर्तन भएर पनि उदविग्न भइ उनीसँगै प्रबर्जित भयो । पछि श्रावस्ती आउँदा, पहिले पुरुष हुँदा, जन्मेको दुई छोरा र पछि स्त्रीलिङ्ग हुँदा जन्मेको दुई गरी चार छोराहरू मध्ये कसको धेरै माया लाग्छ भन्दा, कसैको पनि माया लाग्दैन । माता पिता दाजुभाइ वा बन्धुजन र हितौषी आफन्तहरूले जति भलाई गर्न सक्दछन्, त्यो भन्दा असल बाटोमा लागेको चित्तले कति हो कति बढि भलाई गर्न सक्दछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न तं माता पिता कयिरा, अञ्ञे वापि च ञातका**
**सम्मापणिहितं त्तिं, सेय्यसो नं ततो करे ॥४३॥**

**भावार्थ–**

माता पिता दाजुभाइ वा बन्धुजन र हितौषी आफन्तहरूले जति भलाई गर्न सक्दछन्, त्यो भन्दा असल बाटोमा लागेको चित्तले कति हो कति बढि भलाई गर्न सक्दछ ।

# धम्मपद

# पुष्प वर्ग– ४

# ४४. समय सन्दर्भ–

एक समयमा तथागत साँझपख जनपदको चारिकाबाट फर्किरहेको थियो । त्यसबेला जेतवानको महाबिहारको आसन शालामा बसेका ५०० भिक्षुहरू आपासमा आफु घुमेको ठाउँ बारेमा कुरा गर्दै थिए । त्यस प्रसँगमा सबैले आ-आफ्नो कुराहरू राखे । त्यहाँको जमिन कालो छ । त्यहाँको जमिन रातो छ । त्यहाँको जमिन पहेलो छ । त्यहाँको बाटो साँगुरो छ । त्यहाँको बाटो चिप्लो छ । त्यहाँको गाउँ पातलो छ आदि भन्दै आपासमा छलफल हुँदै गर्दा, तथागतले त्यही आएर कुरा कानीको बिषयमा सोध्दै, 'हे भिक्षुहरू,' अब तिमीहरू सबैले बाह्य होइन आध्यात्मिक संसारको पहिचान गरी, त्यसको परिक्रमा गर्नु पर्छ । अध्यात्मिक संसार भनेको मन भित्रमो संसार हो । यो सम्पूर्ण धरातल र देवताहरू सहितको त्यो यमलोकलाई कस्ले जित्न सक्ला ? कुनै सिपालु मालिले फूलहरू चुने जस्तै गरी जसले धम्मपदका उपदेशहरू चुन्न सक्छन् भन्दै दिएको उपदेशको पालिगाथा ।

**पालीगाथा**– *****

**को इमं पठविं विजेस्सति, यमलोकं च इमं सदेवकं**

**को धम्मपदं सुदेसितं, कुसलो पुप्फमिवप्पचेस्सति ॥४४॥**

**भावार्थ**–

यो सम्पूर्ण धरातल मानव, यक्ष, गन्दर्भ, किन्नर, गरुड र देवताहरू सहितको त्यो यमलोकलाई कस्ले जित्न सक्ला ? कुनै सिपालु मालिले फूलहरू चुने जस्तै गरी जसले धम्मपदका उपदेशहरू चुन्न सक्छने छन्, उही मालि हुनेछ ।

# ४५. समय सन्दर्भ–

एक समयमा तथागत साँझपख जनपदको चारिकाबाट फर्किरहेको थियो । त्यसबेला जेतवानको महाबिहारको आसन शालामा बसेका ५०० भिक्षुहरू आपासमा आफु घुमेको ठाउँ बारेमा कुरा गदै थिए। त्यस प्रसँगमा सबैले आ-आफ्नो कुराहरू राखे । त्यहाँको जमिन कालो छ । त्यहाँको जमिन रातो छ । त्यहाँको जमिन पहेलो छ। त्यहाँको बाटो साँगुरो छ। त्यहाँको बाटो चिप्लो छ। त्यहाँको गाउँ पातलो छ। त्यहाँ भिक्षा राम्रो पाइन्छ वा पाइदैन आदि भन्दै आपासमा छलफल हुँदै गर्दा, तथागतले त्यही आएर कुरा कानीको बिषयमा सोध्दै, 'हे भिक्षुहरू,' अब तिमीहरू सबैले बाह्य होइन आध्यात्मिक संसारको पहिचान गरी, त्यसको परिक्रमा गर्नु पर्छ। असल शिष्यले यो सम्पूर्ण धरातल र देवताहरू सहितको त्यो यमलोकलाई पनि जित्न सक्ने छ। सिपालु मालिले राम्राफूलहरू चुने जस्तै धम्मपदका उपदेशहरू चुन्ने छन् भन्दै दिएको उपदेशको पालिगाथा ॥४४॥

**पालीगाथा**– *****

**सेखो पठविं बिजेस्सति, यमलोकञ्च इमं सदेवकं**

**सेखो धम्मपदं सुदेसितं, कुसलो पुप्फमिवप्पचेस्सति ॥४५॥**

**भावार्थ**–

असल शिष्यले यो सम्पूर्ण धरातल र देवताहरू सहितको त्यो यमलोकलाई पनि जित्न सक्ने छ। सिपालु मालिले राम्राफूलहरू चुने जस्तै धम्मपदका उपदेशहरू चुन्ने छन् ।

## ४६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा तथागतबाट कर्म स्थान ग्रहण गरी जङ्गलमा गएर ध्यान र साधना गरे । धेरै प्रयास गर्दा पनि अहर्तत्व प्राप्त गर्न नसकेको एउटा भिक्षु फर्कँदै गर्दा बाटोमा मृगतृष्णा देखि त्यो असार भएको सोच्दै अचिरवती नदीमा नुहाएर किनारमा बस्दै गर्दा, नदीमा पानीको फोकाहरू उठ्दै फुट्दै गरेको हेरेर आफै बिचार गर्छन् । यो मेरो शरीर पनि पानीको फोका जस्तै रहेछ भनेर बुझे । गन्धकुटीमा बसेको तथागतले त्यो भिक्षुको बिचार जानेर हो, हो, भिक्षु, सही हो । यो हाम्रो शरीर पनि पानीको फीँज जस्तै उत्पन्न हुन्छन् र नाशवान छ । यो हाम्रो शरीरलाई पानीमा निस्कने फीँज वा गज वा फोका जस्तै क्षणिक एवं मृगतृष्णा समान प्रबृतिको छ भन्ने कुरा राम्रोसँग बुझेर मारका मोहक पुष्पयुक्त हतियारहरूलाई टुक्रटुक्र पारे यमराजको नजरबाट टाढै रहोस् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**फेणुपमं कायमिमं विदित्वा, मरीचिधम्मं अभिसम्बुधानो**
**छेत्वान मारस्स पपुप्फकानि, अदस्सनं मच्चुराजस्स गच्छे ॥४६॥**

**भावार्थ–**

यो हाम्रो शरीरलाई पानीमा निस्कने फीँज वा गज वा फोका जस्तै क्षणिक एवं मृगतृष्णा समान प्रबृतिको छ भन्ने कुरा राम्रोसँग बुझेर मारका मोहक पुष्पयुक्त हतियारहरूलाई टुक्रटुक्र पारे यमराजको नजरबाट टाढै रहोस् ।

## ४७. समय सन्दर्भ–

एक समयमा कोशल नरेश प्रसेनजितको शाक्यहरूकी दासी पुत्री बासभखतिया पट्टिको छोरा सेनापति बिरुढकले शाक्यहरूको बिनाशको लागि तीन पटकसम्म धावा बोल्यो । तीनै पटक तथागतको चक्षुले देखे पछि बाटोमा गएर फर्काइ दियो । चौथो पटकमा भने, शाक्यहरूको पूर्वजन्मको कर्म बिपाकलाई बलवान देखेर रोकेन । तथागतले नरोके पछि सेनापति बिरुढकले कपिलबस्तु गएर शाक्यहरूको बंशनाश गरी बाटोमा अचिरवती नदीमा, जसलाई राप्ती अनोमा, बाणगंगा र बुद्धगंगा पनि भन्दछन्, को किनारमा बास बसिरहेको बेलामा राति अचानक बाढी आएर सेनापति बिरुढकको सैनिकहरू सबै बगाएर लग्यो । यसरी बाढि आएको कारणको बारेमा तथागतले ब्याख्या गरे । खालि भोग बिलासरुपी फूलहरू मात्र टिप्न आशक्त मानिसहरूलाई मध्यरातमा मस्त निंद्रमा सुतिरहेको अवस्थामा आएको ठुलो बाढीले जस्तै मृत्युले पनि सोहरेर लैजान्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**पुप्फानि हे’यव पचिनन्तं, ब्यासत्तमनसं नरं**
**सुत्तं गामं महोघो व, मच्चु आदाय गच्छति ॥४७॥**

**भावार्थ**–

खालि भोग बिलासरुपी फूलहरू मात्र टिप्न आशक्त मानिसहरूलाई मध्यरातमा मस्त निंद्रमा सुतिरहेको अवस्थामा आएको ठुलो बाढीले जस्तै मृत्युले पनि सोहरेर लैजान्छ ।

## ४८. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा एकजना महिला बुद्धको परम् अनुयायी थिए। उनी पूर्वजन्मको कुराहरू स्मरण गर्न सक्ने थिइन। उनको भनाइ अनुसार उनी देवलोकको मालभारी देवपुत्रबाट च्युत भएर श्रावस्तीमा जन्म भएको कुरा थाहा पाइन्। उनी भन्ने गर्थिन कि, यो पुण्यकर्मबाट म आफ्नो स्वामीकहाँ उत्पन्न हुन पाउँ। त्यो कुरा सुनेर भिक्षुहरूले उनको नामै पतिपुजिका राखिदिए। एकदिन साँझपख अचानक उनको मृत्यु भयो। भोलिपल्ट उनको मृत्युको खबरले संवेगवान भिक्षुहरूले, 'हे भन्ते,' प्राणीहरूको आयु एकदमै थोरै छ। आजै बिहान हामीहरूलाई भात पस्केर खुलाएकी पतिपुजिका साँझपख मरिन् भन्ने खबर सुनेर तथागतले, 'हे भिक्षुहरू,' आयु अत्यन्तै थारै हुँदाहुँदै पनि काम भोगहरूमा अतृप्त हुने प्राणीहरूलाई मृत्युले लैजान्छन्। यो संसारमा खालि भोग बिलासरुपी फूलहरू मात्र टिप्न आशक्त र काम वासनाबाट सन्तुष्ट नभएका मानिसलाई मृत्यु वा कालले पनि छिटै बशमा पार्दछन् भन्दै गरेको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**पुप्फानि ह्'यव पचिनन्तं, ब्यासत्तमनसं नरं**
**अतित्तं येव कामेसु, अन्तको कुरुते वसं ॥४८॥**

**भावार्थ–**

यो भौतिक संसारमा खालि भोग, बिलास, काम र वासनारुपी फूलहरू मात्र टिप्न आशक्त र काम वासनाबाट सन्तुष्ट नभएका मानिसलाई मृत्यु वा कालले पनि छिटै बशमा पार्दछन्।

## ४९. समय सन्दर्भ–

एक समयमा राजगृहको नजिकै सक्कर भन्ने निगममा महाधनी सेठा थियो । उनी महासेठ भएर पनि अरुलाई केही नदिने र आफलेु पनि सम्पत्तिको उपभोग नगर्ने एकजना कोसिय नामक कन्जु सेठ थियो । एकदिन उ घरको सातौँ तलामा एक्लै खानको लागि मालपुवा बनाइरहेको अवस्थामा, अहर्त मौद्गल्यानले आफ्नो ऋद्धिबलद्वारा त्यहाँ पुगी उनलाई उपदेश दिएर मालपुवा सहित श्रावस्तीमा ल्याए । तथागत सहित सबै भिक्षुहरूलाई मालपुवा खुलायो । तथागतको उपदेश सुने पछि आफ्नो धन सम्पत्ति पनि सबै भिक्षु महासंघलाई दान गरी आफु पनि जीवन भर उपासक बन्ने संकल्प गरे । जसरी भँवराले फूलको रङ्ग, रस र गन्धमा कुनै किसिमको हानी नपुराइकन रस मात्र चुसेर जान्छ । त्यसरी नै भिक्षुहरू पनि गाउँमा बिचरण गरी भिक्षाटन गरुन् । यस घटनाले भिक्षु महसंघमा अहर्त मौदगल्यानको चारैतिर प्रशंसा भैरहेको थियो भन्दै गरेको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**यथापि भमरो पुप्फं, वण्णगन्धं अहेठयं**
**पलेति रसमा दाय, एवं गामे मुनि चरे ॥४९॥**

**भावार्थ–**

फूलको बगैँचामा जसरी भँवराले फूलको रङ्ग, रस र गन्धमा कुनै किसिमको हानी र नोक्सानी नपुराइकन रस मात्र चुसेर जान्छन् । त्यसरी नै भिक्षुहरू र श्रमणेरहरू पनि गाउँ गाउँमा बिचरण गरी भिक्षाटन गर्न सकुन् ।

## ५०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै गृहणीले पाठिक नामक आजिवकलाई निकै आदर सत्कार गर्थिन् । उनी तथागतको उपदेश सुन्न जेतवन जान चाहन्थिन् । तर आजिवकले रोक्यो । त्यसको भोलिपल्ट उनले आफ्नो छोरालाई पठाएर तथागतलाई भोजनको निम्ति आमन्त्रण गरिन् । तथागत भिक्षु महासंघका साथ आएर भोजन ग्रहण गरी दानानुमोदन गर्ने समयमा गृहणीले साधु साधु भन्दै उपदेश सुनिरहेको थियो । त्यही अवस्थामा पाठिक आजिवक आएर गृहणी र तथागतलाई दुर्वचन बोलेर त्यहाँबाट भाग्यो । उनको अपशब्द सुनेर लज्जित भएकी गृहणीले राम्रोरी उपदेश सुन्न पाएनन् । हामीहरूले अरुको दोषपूर्ण र सामाजिक मर्याद बिपरित गरे नगरेको काम र आचरणमा ध्यान दिनु भन्दा, बरु आफैले गरेको खराब कामहरूको समिक्षा गरेर हेर भन्दै गृहणीको यही अवस्थालाई देखेर दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**न परेसं विलोमानि, न परेसं कताकतं**
**अत्तनो व अवेक्खेय्य, कतानि अकतानि च ॥५०॥**

**भावार्थ–**

हामीहरूले खालि अरुको दोषपूर्ण र सामाजिक मर्याद बिपरित उनीहरूले गरे नगरेको काम, ब्यवहार, बोली, बचन र आचरणमा ध्यान दिनु भन्दा, बरु आफैले गरेको खराब कामहरूको सही ढंगले समिक्षा गरेर हेर्न सकेमा, यसबाट करुणा उत्पन्न हुनेछ । करुणाले बाधिचित्त उत्पन्न गर्न सधाउने छ ।

## ५१. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको छत्तपणि नामक अनागामी उपासक तथागतकहाँ गएर बन्दना गर्दै बसेको बेला राजालाई प्रणाम नगरेको हुँदा, पछि एकदिन राजाले बोलाई प्रणाम नगरेको कारण सोध्दा, छत्तपाणिले बुद्ध गौरबबाट नउठेको कुरा बताए पछि प्रसन्न भएका राजाले अन्तपुरको रानीहरूलाई बुद्धबचन पढाउन आग्रह गरे । तर छत्तपाणिले स्वीकार गरेनन् । एकजना भिक्षु शिक्षक पठाइ दिन तथागतलाई अनुरोध गर्दा, मल्लिका र बासभखतिया दुई रानीलाई शिक्षा दिने जिम्मेवारीमा खटिएका अहर्त आनन्दले पढाउदा, रानी मल्लिकाले मन लगाएर पढे । तर बासभखतियाले पटक्कै ध्यान नदिएको र नबुझ्ने गरेको थियो । जसरी बिभिन्न रङ्ग र रेखाले शोभयमान हुँदाहुँदै पनि सुगन्ध बिहिन छ भने, त्यो फूल बेकार हुन्छ । त्यसरी नै युक्तिमा भनिए अनुसारको आचरण नगर्ने मानिसको लागि शुभाषित वाणी बेकारको हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यथापि रुचिरं पुप्फं, वण्णवन्तं अगन्धकं**
**एवं शुभाषिता वाचा, अफला होति अकुब्बतो ॥५१॥**

**भावार्थ–**

जसरी बिभिन्न रङ्ग र रेखाले शोभयमान हुँदाहुँदै पनि सुगन्ध बिहिन छ भने, त्यो फूल बेकार हुन्छ । त्यसरी नै युक्तिमा भनिए अनुसारको ब्यवहार र आचरण नगर्ने मानिसको लागि शुभाषित वाणी बेकारको हुन्छ ।

# ५२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको छत्तपणि नामक अनागामी उपासक तथागतकहाँ गएर बन्दना गर्दै बसेको बेला राजालाई प्रणाम नगरेको हुँदा, पछि एकदिन राजाले बोलाई प्रणाम नगरेको कारण सोध्दा, छत्तपाणिले बुद्ध गौरबबाट नउठेको कुरा बताए पछि प्रसन्न भएका राजाले अन्तपुरको रानीहरूलाई बुद्धबचन पढाउन आग्रह गरे। तर छत्तपाणिले स्वीकार गरेनन्। एकजना भिक्षु शिक्षक पठाइ दिन तथागतलाई अनुरोध गर्दा, मल्लिका र बासभखतिया दुई रानीलाई शिक्षा दिने जिम्मेवारीमा खटिएका अहर्त आनन्दले पढाउदा, रानी मल्लिकाले मन लगाएर पढे। तर बासभखतियाले पटक्कै ध्यान नदिएको र नबुझ्ने गरेको थियो। जसरी सुन्दर रङ्ग र रेखा भएको फूलमा सुगन्ध समेत छ भने सफल र आकर्षक हुन्छ। त्यसरी नै युक्तिमा भनिए अनुसार आचरण गर्नेको लागि शुभाषित उपयोगी हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥५१॥

**पालीगाथा–**

**यथापि रुचिरं पुप्फं, वण्णवतं सगन्धकं**
**एवं शुभाषिता वाचा, सफला होति सकुब्बतो ॥५२॥**

**भावार्थ–**

जसरी सुन्दर रङ्ग र रेखा भएको फूलमा सुगन्ध समेत छ भने त्यो फूल सफल र आकर्षक पनि हुन्छ। त्यसरी नै युक्तिमा भनिए अनुसार सरल, ब्यवहार र आचरण गर्ने मानिसको लागि शुभाषित उपयोगी हुन्छ।

## ५३. समय सन्दर्भ–

एक समयमा अङ्ग राष्ट्रको भद्दिय नगरको सेठ धनन्जयकी छोरी बिशाखा उपासिकाले सातै वर्षकै उमेरमा धर्मोपदेश सुनेर श्रोतापतिफल प्राप्त गरेकी थिइन् । राजा प्रसेनजितको आग्रहले उनको पिता साकेतमा आइ बसेको थियो । ती उपासिकाको श्रावस्तीको मृगार सेठको छोरा पूर्णबर्दनको साथमा बिबाह भयो । बिशाखाकै प्रयत्नले मृगार सेठ र पूर्णबर्दन दुबैले तथागतको शिष्य बन्ने अवसर पाए। त्यसपछि उनले ठुलो घनराशी खर्च गरेर पूर्वराम बिहार निर्माण गरी भिक्षु महासंघलाई दान गरिन् । आफुले गरेको दान र पुण्यकर्मको अनुस्मरण गरी उदान (प्रिति वाक्य) अभिब्यक्त गर्दा, उपासिका बिशाखाले गीत गाइन् भन्ने भ्रम भयो । जसरी फूलको थुप्रोबाट धेरै किसिमका मालाहरू बनाउन सकिन्छ। त्यसरी नै यो संसारमा जन्म भएका मानिसहरूले पनि धेरै किसिमको असल कर्महरू गर्नु पर्ने हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यथापि पुप्फरासिम्हा, करिया मालागुणे बहुं**
**एवं जातेन मच्चेन, कत्तब्बं कुसलं बहुं ॥५३॥**

**भावार्थ–**

जसरी बगैंचाबाट ल्याएको फूलको थुप्रोबाट धेरै किसिमका मालाहरू बनाउन सकिन्छ । त्यसरी नै यो संसारमा जन्म भएका मानिसहरूले पनि धेरै किसिमका असल कर्महरू गर्नु पर्ने हुन्छ । गर्न सक्ने हुन्छन् । खालि उनलाई अनुकुल बातावरण चाहिन्छ ।

## ५४. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको पूर्व दिशामा अवस्थित कन्दर गुफमा ध्यान गरी फर्केको अहर्त आनन्द सिधै गन्धकुटीमा तथागतकहाँ गएर प्रणाम गरी जिज्ञास राखे । 'हे भन्ते,' सारगन्ध मूलगन्ध र पुष्पगन्ध आदि हावासित सोभैं मिल्न जान्छन् । यी गन्धहरू हावाको बिपरित दिशातिर जादैनन् । प्राकृतिमा के यस्तो पनि गन्ध छ, जो हावासित सोभैं पनि जान्छ र हावाको बिपरित दिशातिर पनि जान सक्छ ? 'हे आनन्द,' यो भवसागरमा असम्भव भन्ने कुनै पनि बिषय छैन । तर, असम्भवलाई सम्भव गराउनका लागि प्रतित्यसमुत्पादको आधार चाहिन्छ। एउटा बस्तुले अस्तित्व लिनका लागि आर्को बस्तुको सहयोग चाहिन्छ। फूलको सुगन्ध, चन्दन, तगर एवं चमेलीको वासनाहरू हावाको बिपरित दिशातिर जान सक्दैनन् । तर, सज्जन मानिसको असल कीर्तिहरू हावा भन्दा बिपरित दिशातिर पनि फैलन सक्दछन् । आस्रित सिद्धान्त भनेको यही हो भनी बुझ्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न पुप्फगन्धो पटिवातं एति, न चन्दनं तगरमल्लिका वा**
**सतञ्च'गन्धो पटिवातं एति, सब्बादिशा सप्पुरिसो पवाति ॥५४॥**

**भावार्थ–**

फूलको सुगन्ध, चन्दन, तगर एवं चमेलीको वासनाहरू हावाको बिपरित दिशातिर जान सक्दैनन् । तर, सज्जन मानिसको असल कीर्तिहरू हावा भन्दा बिपरित दिशातिर पनि फैलन सक्दछन् । आस्रित सिद्धान्त भनेको यही हो ।

## ५५. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको पूर्व दिशामा अवस्थित कन्दर गुफमा ध्यान गरी फर्केको अहर्त आनन्द सिधै गन्धकुटीमा तथागतकहाँ गएर प्रणाम गरी जिज्ञास राखे । 'हे भन्ते,' सारगन्ध मूलगन्ध र पुष्पगन्ध आदि हावासित सोझैं मिल्न जान्छन् । यी गन्धहरू हावाको बिपरित दिशातिर जादैनन् । प्राकृतिमा के यस्तो पनि गन्ध छ, जो हावासित सोझैं पनि जान्छ र हावाको बिपरित दिशातिर पनि जान सक्छ ? 'हे आनन्द,' यो भवसागरमा असम्भव भन्ने कुनै पनि बिषय छैन । तर, असम्भवलाई सम्भव गराउनका लागि प्रतित्यसमुत्पादको आधार चाहिन्छ । एउटा बस्तुले अस्तितत्व लिनका लागि आर्को बस्तुको सहयोग चाहिन्छ । पूलको सुगन्ध, चन्दन, तगर, नीलकमल वा जुही र यस्तै सुगन्धित पदार्थहरू मध्येमा शीलको सुगन्ध पनि सबै भन्दा असल र अनुपम हुन्छन् । यो प्रतित्यसमुत्पादको मौलिक सिद्धान्त हो भन्दै दिएको उपदेशको पालीगाथा ।।५४।।

**पालीगाथा–**

**चन्दनं तगरं वापि, उप्पलं अथ वस्सिकी**
**एतेसं गन्धजातानं, शीलगन्धो अनुत्तरो ।।५५।।**

**भावार्थ–**

पूलको सुगन्ध, चन्दन, तगर, नीलकमल वा जुही र यस्तै सुगन्धित पदार्थहरू मध्येमा शीलको सुगन्ध सबै भन्दा असल र अनुपम हुन्छ । यो प्रतित्यसमुत्पादको मौलिक सिद्धान्तमा आधारित आश्रित प्रणलि हो

## ५६. समय सन्दर्भ–

एक समयमा राजगृहको पिप्पली गुहामा एक साताको समाधी बाट उठेर गरीबहरूको उपकारको लागि भिक्षाटन मा निस्केको अहर्त महाकाश्यप स्थविरलाई ५०० अप्सराहरूले पिण्डपात अर्थात भिक्षा दिन खोज्दा, उनले स्वीकार गरेनन् । यो कुरा भिक्षु महासंघमा चर्चा भए पछि इन्द्रदेव आफै तन्तुवायको रुप धारण गरी भिक्षाटन स्थलमा आइ महाकाश्यप भित्र पस्नासाथ नाना ब्यञ्जनहरू र सूप सहित पिण्डदान गरे । यो कुरा थाहा पाए पछि महाकाश्यपले भने, 'हे इन्द्रदेव,' यो चाहि अति गर्नु भयो । उप्रान्त यस्तो नगर्नु भनि उपदेश दिए । 'हे भन्ते,' म पनि पुण्य गर्नु चाहन्छु भनि सादर प्रणाम गरी गए । बेनुबनमा बिहार गरिरहँदा, तथागतले यो दृष्य देखेर, मेरो पुत्रको शीलको गन्धबाट आकर्षित भइ पिण्डदान गरेको हो । तगर र चन्दनको गन्ध सिमित मात्रमा हुन्छन् । त्यसैगरी शीलवानहरूको जुन गन्ध छ, त्यो उत्तम हुन्छ । त्यसको गन्धहरू देवताहरूसम्म फैलिएको हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अप्पमत्तो अयं गन्धो, यायं तगरचन्दनी**
**यो च शीलवतं गन्धो, वाति देवेसु उत्तमो ॥५६॥**

**भावार्थ–**

प्राकृतिमा भएका बस्तुहरू, जस्तैः तगर, धूप र चन्दनको सुगन्ध सिमित मात्रमा हुन्छन् । तर शीलवान पुरुषहरूको जुन सुगन्ध हुन्छ, त्यो अति उत्तम हुन्छ । त्यसको सुगन्धहरू मानव, यक्ष गन्दर्भ, किन्नर, गरुड र देवताहरूसम्म फैलिएको हुन्छ ।

# ५७. समय सन्दर्भ–

एक समयमा राजगृहको इसिगिली पर्वतको कालशिलामा बिहार गर्दा, आयुष्मान गोधिकले कुनै रोगको कारण ६ पटक प्रयास गरे पनि अहर्तत्व प्राप्त गर्न सकेनन् । नसके पछि कपाल खौरने छुराले आफैले घाँटी रेटेर आत्म हत्या गरे । आत्म हत्य गर्ने समयमा उनले अहर्तत्व प्राप्त गरे । तथागतको बुद्धचक्षुद्वारा यो कुरा थाहा पाए पछि उनी पनि भिक्षुहरूको साथमा घटना स्थलमा पुगे । त्यहाँ गोधिकको मृत शरीर लम्पछार परेको थियो । गोधिकको पुर्नजन्म कहाँ भयो भनि पापी मार पनि त्यसै समय यताउती घुमिरहेको थियो । त्यसबखत तथागतले, 'हे मार,' गोधिक जस्तो कुलपुत्र पुर्नजन्म हुने स्थान तिमी जस्तो पापीहरूले देख्न सक्दैन भनि मारलाई लक्षित गरे । ती शीलवान र अप्रमादमा बिहार गर्ने सम्यक ज्ञानको शक्तिद्वारा निर्वाण प्राप्त गरेको मानिसहरूको बाटो मारले पनि पत्ता लगाउँन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**तेसं सम्पन्नशीलानं, अप्पमादविहारिनं**
**सम्मदञ्ञाविमुत्तानं, मारो मग्गं न विन्दति ॥५७॥**

**भावार्थ–**

ती उत्तम शीलवान आर्यहरू र श्रावकहरू, जो अप्रमादमा बिहार गर्ने सम्यक सम्बोधिको अनुत्तर मार्गको ज्ञानको शक्तिद्वारा निर्वाण प्राप्त गरेको मानिसहरूको मुक्तिको बाटो मारले पनि पत्ता लगाउँन सक्दैन ।

## ५८. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा सिरिगुत्त र गरहदिन्न नामक दुई मित्रहरू थिए। सिरिगुत्त बुद्ध भक्त थिए भने, गरहदिन्न निर्ग्रन्थ श्रावण भक्त थियो । एक पटक सिरिगुत्तले निर्ग्रन्थहरूलाई निमन्त्रणा गरेर दलदलमा फसाई अपमानित गार्यो। त्यसैगरी गरहदिन्नले पनि ५०० भिक्षुहरूलाई निमन्त्रणा गरी अग्नि कुण्डमा खसालेर अपमानित गर्न चाह्यो । तर, तथागतको साथमा त्यहाँ जाँदा, अग्नि कुण्डको ठाउँमा रंङ्गी बिरंगी कमलको फूलहरू उम्रेर झकिझकाउ भएको देखेर गरहदिन्न आश्चर्य भएर तथागतको शरणमा गयो । भोजन परान्त दानानुमोदन गर्दै, प्रज्ञाचक्षु नहुनेले बुद्धको श्रावकहरूको गुण बिशेषता जान्दैनन् । किनभने यनीहरू अन्धा हुन्छन् । जसरी राजमार्ग वा मूलबाटोको छेउछाउमा फ्याँकिएको फोहर मैलाको थुप्रोमा सुन्दर, शुद्ध र सुगन्धित कमलको फूल उत्पन्न हुन्छन् । कमलको प्रकृति पनि यही हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यथा संस्कारधानस्मिं, उज्झितस्मिं महपथे**
**पदुमं तत्थ जायेथ, सुचिगन्धं मनोरमं ॥५८॥**

**भावार्थ–**

जसरी राजमार्ग वा मूलबाटोको छेउछाउमा फ्याँकिएको फोहर मैलाको थुप्रोमा वा अलि खाल्टो परेको ठाउँ, जहाँ चिस्यान हुन्छ त्यही ठाउँमा सुन्दर, शुद्ध र सुगन्धित कमलको फूल उत्पन्न हुन्छ। कमलको प्रकृति पनि यही हो ।

## ५९. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा सिरिगुत्त र गरहदिन्न नामक दुई मित्रहरू थिए। सिरिगुत्त बुद्ध भक्त थिए भने, गरहदिन्न निर्ग्रन्थ श्रावण भक्त थियो। एक पटक सिरिगुत्तले निर्ग्रन्थहरूलाई निमन्त्रणा गरेर दलदलमा फसाई अपमानित गार्यो । त्यसैगरी गरहदिन्नले पनि ५०० भिक्षुहरूलाई निमन्त्रणा गरी अग्नि कुण्डमा खसालेर अपमानित गर्न चाह्यो। तर, तथागतको साथमा त्यहाँ जाँदा, अग्नि कुण्डको ठाउँमा रंङ्गी बिरंगी कमलको फूलहरू उम्रेर झकिझकाउ भएको देखेर गरहदिन्न आश्चर्य भएर तथागतको शरणमा गयो । भोजन परान्त दानानुमोदन गर्दै, प्रज्ञाचक्षु नहुनेले बुद्धको श्रावकहरूको गुण बिशेषता जान्दैनन् । किनभने यनीहरू अन्धा हुन्छन् । त्यसरी नै फोहर मैला समानका चेतना बिहिन अन्धा प्राणीहरूको बीचमा सम्यक सम्बुद्धका श्रावकहरू आफ्नो प्रज्ञाद्वारा साह्रै सुभोशित रहन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।।५८।।

**पालीगाथा–**

**एवं संकारभूतेसु, अन्धभूते पुथुज्जने**
**अतिरोचति पञ्जय, सम्मासम्बुद्धसावको ।।५९।।**

**भावार्थ–**

प्राकृतिको सिद्धान्त अनुसार जहाँ फोहर मैला र हिलो हुन्छ, त्यही सुन्दर कमल फुलेझैं, चेतना बिहिन अन्धा प्राणीहरूको बीचमा सम्यक सम्बुद्धका आर्यहरू र श्रावकहरू आफ्नो प्रज्ञाद्वारा सदा सर्वदा सुभोशित रहन्छन् ।

# धम्मपद
# बाल (अज्ञानी) बर्ग– ५

## ६०. समय सन्दर्भ–

एक समयमा कोशल नरेश प्रसेनजित एउटा दरिद्र सेवककी पत्नीमाथि मोहित भयो । सेवकालाई मारेर उनको पत्नीलाई राज भवनमा ल्याउन चाहन्थ्यो । एकदिन सेवकलाई टाढा रहेको कुनै नदीबाट कुमुदको फूल र रातोमाटो लिएर साँझसम्म जसरी पनि आउनु पर्ने यदि नआए, मृत्युदण्डको सजाय हुने आदेश दिए । सेवक नदीतिर दौडियो । राजाले नगरको द्वार बन्द गरेर साँचो उनको हातमा लियो । सेवक रातोमाटो र फूल लिएर आउँदा नगरको द्वार बन्द देखे पछि राजाको कुनियत जानेर डरले चिच्याउँदै नजिकैको जेतवन बिहारमा गइ भिक्षुहरूसँग बसे । त्यसरातमा राजाले डरलाग्दो सपना देखेर तथागतकहाँ गइ, 'हे भन्ते,' आज मैले नराम्रो सपना देखे । यसको फल कस्तो होला भन्दै सोघेको प्रश्नको उत्तर दिँदै निंद्रा नलागेको अवस्थामा रात निकै लामो हुन्छ । थाकेको मानिसलाई एक योजन (चारकोस) बाटो पनि लामो हुन्छ । सद्धर्म नजान्ने अज्ञानीलाई पनि संसार यस्तै हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**दीघा जागरतो रत्ति, दीघं सन्तस्स योजनं**
**दीघो बालानं संसारो, सद्धम्मं अविजानतं ॥६०॥**

**भावार्थ–**

निंद्रा नलागेको अवस्थामा करवट बदल्दै गर्दा, रात निकै लामो भएको अनुभूति हुन्छ । थाकेको मानिसलाई एक योजन वा चारकोस बाटो पनि लामो हुन्छ । सद्धर्म नजान्ने अज्ञानी मानिसलाई पनि संसार यस्तै हुन्छ ।

## ६१. समय सन्दर्भ–

एक समयमा राजगृहमा बिहार गर्दा, अहर्त महाकाश्यक स्थिवरको साथमा रहेका दुई शिष्य मध्येमा एउटा अत्यन्तै आज्ञाकारी थियो । एउटा चाहि भनेको नमान्ने अटेरी खालको थियो । महाकाश्यपले यस्तो नगर्नु । उस्तो नगर्नु भनेर उपदेश दिन्थे । तर उनी चाहि सधै बिपरित रुपमा काम गर्ने गर्थे । कसैले केही भनि हाल्यो भने पनि एकदमै रिसाउने दुष्टालु स्वभावको थियो । एकदिन महाकाश्यप र आज्ञाकारी शिष्य दुबै भिक्षाटनमा गएको समयमा त्यो खराब आचरण भएको शिष्यले बिहारमा आगो लगाएर त्यहाँबाट गाउँतिर भागेको थियो । यो कुराको बारेमा तथागतले थाहा पाए । उनी अहिले मात्र हैनन् अतीतमा पनि यस्तै गलत काम गदै गरेको थियो भन्दै कपिजातक कथाको उपमा दिँदै, भेटिएसम्म आफुभन्दा श्रेष्ट ब्यक्ति र त्यस्तो नपाएमा आफु समानका ब्यक्तिहरूसँग संगत गर्नु । अधम र अज्ञानी ब्यक्तिहरूको संगत गर्नु भन्दा, एक्लै बस्नु उत्तम हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**चरञ् चे नाधिगच्छेय्य, सेय्यं सदिसमं अत्तनो**
**एकचरियं दल्हं करिया, न'त्थि बाले सहयता ॥६१॥**

**भावार्थ**–

जीवनमा उपलब्धि प्राप्त गर्नाका लागि भेटिएसम्म आफुभन्दा श्रेष्ट ब्यक्ति र त्यस्तो नपाएमा आफु समानका ब्यक्तिहरूसँग संगत गर्नु उत्तम हुन्छ । तर, अधम र अज्ञानी ब्यक्तिहरूको संगत गर्नु भन्दा, एक्लै बस्नु उत्तम ।

## ६२. सयम सन्दर्भ–

एक समयमा श्रावस्तीको आनन्द भन्ने सेठ ज्यादै कन्जुस थियो । कसैलाई पनि केही दिँदैन्थ्यो । छोरा मुलसिरिलाई पनि त्यस्तै कन्जुसी गर्ने तरिका सिकाएको थियो । केही दिनमा सेठको मृत्यु भयो र श्रावस्तीमै चण्डाल कुलमा जन्मियो । उनी हुर्किएर भिक्षु बन्यो । उनले जातिस्तरमा पूर्वजन्मको कुराहरू सम्झन सक्ने पूर्वानुस्मृतिको ज्ञान प्राप्त भयो । एकदिन भिक्षा माग्दै जाँदा, मुलसिरिको घरमा पुग्यो । यो मेरो पूर्वजुनिको आफ्नै घर हो भनेर सरासर भित्र पस्यो । गृहपति मुलसिरिले उनलाई अपमान गर्दै लछारपछार गर्दै बाहिरा निकाली दियो । यो कुरा तथागतले थाहा पाइ अहर्त आनन्द मार्फत मुलसिरिलाई जेतवन महाबिहारमा बोलाएर उनको पिताको पूर्वजन्म भएको बारेमा जानकारी दिए । मसँग सन्तान छ । मसँग धन सम्पत्ति छ भनि सोच्ने मुर्ख ब्यक्तिले दुःख पाउँछ । बास्तवमा आफु नै आफ्नो हुँदैन भने, सन्तान र सम्पत्ति आफ्नो बसमा कसरी हुन सक्छ ? भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**पुत्त म'अत्थि धनं, म'अत्थि, इति बालो विहञ्ञति**
**अत्ता हि अत्तनो न'अत्थि, कुतो पुत्त कुतो धनं ॥६२॥**

**भावार्थ–**

मसँग सन्तान छ । मसँग धन सम्पत्ति छ । मसँग इष्टमित्रहरू र आफन्तहरू छन् भनि सोच्ने मुर्ख ब्यक्तिले दुःख पाउँछन् । बास्तवमा आफु नै आफ्नो हुँदैन भने, सन्तान, सम्पत्ति र आफन्तहरू आफ्नो बसमा कसरी हुन सक्छ ?

## ६३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा दुई जना पकेटमार चोरहरू थिए । एकदिन धर्म श्रवण गर्नेहरूको साथमा दुबै जना जेतवन महाबिहारमा गए । तथागतको उपदेश सुनेर एकजना छिटै श्रोतापन्न भयो । आर्कोले कसैको पाकेट मारेर पाँच आर्कषक चलन चल्तिको मुद्रा मात्र पायो । त्यसैले उनको घरको ब्यवस्था चल्यो । तर श्रोतापन्न चोरको भने नियमित चुलो बलेन । त्यो देखेर आर्को चोरले आफ्नी पत्नीसँग के भन्यो भने, कुनै पण्डितले आफ्नो पण्डित्यइबाट भोजनको ब्यवस्था पनि गर्न सक्दैनौ, त्यो पण्डितको कुनै महत्त्व हुँदैन भनेको सुनेर श्रोतपन्न चोरले तथागतलाई त्यो कुरा सुनाए पछि शास्ताले उनलाई अतीतको चतुर जातक नामक कथाको उपमा दिए । जसले आफुमा रहेको मूर्खताको पहिचान गर्न सक्छ । त्यो ब्यक्तिहरू बुद्धिमान हुन्छन् । मूर्ख भएर पनि जसले आफु लाई बिद्वान ठान्दछ, बास्तवमा त्यही ब्यक्ति मूर्ख हुन्छ भन्दै दिएको उपदेशसको पालीगाथा ।

**पालीगाथा–**

**यो बालो मञ्ञति बाल्यं, पण्डितो वापि तेन सो**
**बालो च पण्डितमानी, स वे बालो ति बुच्चति ॥६३॥**

**भावार्थ–**

जसले आफुमा रहेको कमिकमजोरी र मूर्खताको सही अर्थमा पहिचान गरी सुधार्ने प्रयास गर्दछ । त्यो ब्यक्तिहरू बुद्धिमान हुन्छन् । जो मूर्ख भएर पनि जसले आफु लाई बिद्वान ठान्दछ बास्तवमा त्यही ब्यक्ति मूर्ख हो ।

## ६४. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारबाट महास्थविरहरू अन्यत्र गए पछि उदायी नामक स्थविर धर्मसभाको आसनमा बसेको थियो। एकदिन आगन्तुक भिक्षुहरूले यिनी कुनै वरिष्ट स्थविर होलान भन्ने सोचेर उनलाई गम्भिर प्रश्नहरू गरे । तर उदायीले प्रश्नको सही जवाब दिन नसके पछि भिक्षुहरूले उनको परिचय माग्न थाले । भिक्षुहरूको आपासमा छलफल सहित तर्कबितर्क भयो । तथागतसँग गएर यो कुरा भने पछि, मुर्ख मानिसले बिद्वानको सत्सँग गरे पनि धर्मको मर्म बुझ्न सक्दैनन् । जसरी भरिभराउ भाडामा जति डुबिरहे पनि डाडुले दाल वा सुपको स्वाद थाहा पाउन सक्दैन । आजीवन विद्धानको सत्सँगमा रहे पनि मुर्खले धर्मको मर्म बुझ्न सक्दैन । जसरी भरिभराउ भाडामा जति डुबिरहे पनि डाडुले दाल वा सुपको स्वाद थाहा पाउन सक्दैन भन्दै उनीहरूलाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यावजीवम्पि चे बालो, पण्डितं पयिरुपासति**
**न सो धम्मं विजानाति, दब्बी सुपरसं यथा ॥६४॥**

**भावार्थ–**

मन्द बुद्धिको मानिस र मुर्खले आजीवन विद्धानको सत्सँगमा रहे पनि धर्मको बास्तविक मर्म बुझ्न सक्दैन । जसरी भरिभराउ भाडामा जति डुबिरहे पनि डाडुले दालको स्वाद र पन्यूले भातको थाहा पाउन सक्दैन ।

## ६५. समय सन्दर्भ–

सक समयमा पाठेय नामक देशबासीहरू तीस भद्रबर्गिय भिक्षुहरूले तथागतको अनमतग्ग सूत्रको धर्मोपदेश सुनेर त्यसै आसनमा अहर्तत्व प्राप्त गरे । यसरी प्रथम धर्मोपदेश मै तुरुन्तै अहर्तत्व प्राप्त हुन सकेकोमा अरु भिक्षुहरूले पनि कण्ठ मुखले प्रशंसा गर्न थाले । एकदिन जेतवन महाबिहारको धर्मसभामा पनि यही कुरा चल्यो । त्यसै समयमा तथागतले यो कुरा थाहा पाए पछि, कुनै बिज्ञ जानकार मानिस एक मुहर्त मात्र पनि पण्डितको संगत र सेवामा रह्यो भने, उसले तुरुन्तै धर्मको मर्म बुझ्दछ । त्यसरी नै जिब्रोले चाट्ने बित्तिकै दाल र सुपको स्वाद पनि थाहा पाउन सक्दछ भन्दै अतीतको तुण्डिल नामक जातकको प्रशंग सुनाए । कुनै बिज्ञ जानकार मानिस एक मुहर्त मात्र पनि पण्डितको संगत र सेवामा रह्यो भने, उसले तुरुन्तै धर्मको मर्म बुझ्दछ । त्यसरी नै जिब्रोले चाट्ने बित्तिकै दाल र सुपको स्वाद पनि थाहा पाउन सक्दछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**महुत्तमपि चे विञ्ञु पण्डितं पयिरुपासति**
**खिप्पं धम्मं विजानाति जिब्हा सुपरसं यथा ।।६५।।**

**भावार्थ–**

कुनै बिज्ञ, बिद्वान र जानकार मानिस एक मुहर्त मात्र पनि पण्डितको संगत र सेवामा रह्यो भने, उसले तुरुन्तै धर्मको मर्म बुझ्दछ । त्यसरी नै जिब्रोले चाट्ने बित्तिकै दाल र सुपको स्वाद पनि थाहा पाउन सक्दछ ।

## ६६. समय सन्दर्भ–

एक समयमा राजगृह निबासी सुप्रबुद्ध नामक ब्राह्मण महादरिद्र थियो । उनी (कोरी) कुष्टरोगले लामो समयदेखि ग्रसित थियो । उनी गौतम बुद्धको उपासक थिए । उनले बेनुबनमा प्रथम पटक तथागतको उपदेश सुने पछि श्रोतापन्न फल प्राप्त गरेको थियो । उनी बुद्धको प्रवचन सुन्नको लागि सधै जेतवन र श्रावस्ती आउने जाने गरिहन्थ्यो । एकदिन तथागतको उपदेश सुनेर घर फर्कन लाग्दा, बाटोमा बसाहाले हनेर उनको घटना स्थलमै मृत्यु भयो । यस घटनाको बारेमा भिक्षु महासंघले जिज्ञास राख्दा, 'हे भिक्षुहरू,' सुप्रबुद्धले पूर्वजन्ममा तगरसिखी बुद्धलाई थुकेर अपमान गरेको पापले कर्म बिपाकको अबशेषले सुप्रबुद्ध कोरी भएर जन्मिएको हो । बुझ्ने र संभिmन सक्ने शक्ति नभएका मुर्खहरू आफैले आफुलाई शत्रु बनाएर यस्ता कुकर्महरू गर्दै हिँडछन् जसको फल तितो र नमिठो हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**चरन्ति बाला दुम्मेधा, अमितेनेव अत्तना**
**करोनता पापकं कम्मं यं होति कटुकप्फलं ॥६६॥**

**भावार्थ–**

बुझ्न सक्ने र संभिmन सक्ने शक्ति नभएका मुर्खहरू आफैले आफुलाई शत्रु बनाएर यस्ता कुकर्महरू गर्दै हिँडछन्, जसको फल तितो र नमिठो हुन्छन् । यसको परिणाम पाकीसके पछि आफैले भोग्छन् । तर उनी यसलाई प्रारब्ध सम्भmन्छन् ।

## ६७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको एउटा किसानले बिहानै खेत जोत्दै थियो। त्यसै खेतमा राति चोरहरूले चोरेको धनमालहरू आपासमा बाँड्दा, एक हजारको थैली त्यही खेतमा खसेको रहेछ। त्यसै दिन तथागतले त्यो थैली किसानको हातमा देखेर साथमा रहेको अहर्त आनन्दसँग त्यो आशिविषलाई हेर भनेको कुरा सुनेर, त्यस किसानले हजारको थैली खेतको छेउमै गाड्दै गर्दा त्यसै समय चोर खोज्दै आएका गाउँलेहरूले गाडेको थैली सहित किसानलाई पक्रेर राजाकहाँ पुराए। उनलाई फाँसीको सजाय सुनायो। फाँसीको लागि बाटोमा लैजाँदै गर्दा, राजाले यर्थात कुरा बुझे पछि किसालाई छाडि दिए। त्यसपछि तथागतकहाँ गए। 'हे राजन,' जुन काम गरेर पछुताउनु पर्छ, त्यस्तो काम नगर्नु राम्रो। जुन कर्म ठिक तरिकाले गरिएको हुँदैन, त्यस्तो कामबाट पछि पछुताउनु पर्छ। जसको फल आँखाभरि आँसु भारेर रुदै भोग्नु पर्ने हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**न तं कम्मं कतं साधु, यं कत्वा अनुतप्पति**
**यस्स अस्सुमुखो रोदं, विपाकं पटिसेवति ॥६७॥**

**भावार्थ–**

मानिसहरूले जुन कर्महरू ठिक तरिकाले गरिएको हुँदैन। त्यस्तो कामबाट परिणाम राम्रो आउँदैन। यसबाट खालि पछुताउनु पर्छ। जसको फल आँखाभरि आँसु भारेर रुदै भोग्नु पर्ने हुन्छ। यसलाई हामी नियती भन्छौं।

## ६८. समय सन्दर्भ–

एक समयमा राजगृहमा सुमन नामक मालीले प्रतिदिन आठ भारी फूल बिम्बिसर राजाकहाँ ल्याउथ्यो। त्यस वापत राजाबाटा आठ कार्षापण पाउथ्यो । एकदिन भिक्षाटनमा जान लागेको तथागतलाई देखेर मालीले राजा बाट जे जस्तो सजय भए पनि भोग्न तयार छु। तर तथागतको पूजा नगरी छाड्दिन भन्ने संकल्प गरी, सबै फूल तथागतलाई चढायो। यो कुरा राजाले थाहा पाए पछि सुमन मालीलाई बोलाएर उनको कुरा सुने। सुमन मालीले गरेको संकल्प सुने पछि राजा पनि खुशी भएर उनको प्रशंसा गर्दै हात्ती, घोडा, दासी, आभूषण समालंकृत स्त्री गाउँ र आठ हजार कार्षापण दिइ सम्मानित गरे । धर्मसभामा पनि सुमन मालीको प्रशंसा भएको चर्चा चलेको थियो। जुन काम गरेर पछि सन्तप्त हुँदैन, जसको परिणाम भोग्दा चित्त प्रसन्न हुन्छ। समुदायमा प्रशंसा हुन्छ, त्यस्तो मात्र काम गर्न उत्तम हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**तञ्च कम्मं कतं साधु, यं कत्वा नानुतप्पति**
**यस्स पतीतो सुमनो, विपांक पटिसेवति ॥६८॥**

**भावार्थ–**

मानव जीवनमा जुन काम गरेर पछि आफुलाई पछि सन्तप्त हुँदैन। जसको परिणाम उत्तम र उत्कृष्ट हुन्छ। यसलाई भोग्दा चित्त पनि प्रसन्न हुन्छ। समुदायमा प्रशंसा हुन्छ, त्यस्तो मात्र काम गर्न उत्तम हुन्छ।

## ६९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै सेठको उप्पलवण्ण नामक सुन्दरी छोरी थिइन । उनी श्रावस्ती नगर र आसपासको क्षेत्रमा सुन्दरीमा चर्चित थिइन । उनलाई जम्बुद्धीपका सारा राजाहरूले बिबाह गर्न चाहन्थे । सुरक्षाको संकटले गर्दा, सेठले उनलाई भिक्षुनी आश्रममा लगी प्रवर्जित गराइ दिए । उनले छोटो समयमै अहर्तत्व पनि प्राप्त गरिन् । त्यस पछि उनी अन्धबनमा रहन थालिन् । उनको मामाको छोरा नन्दमानव उनी प्रति अत्यन्तै मोहित थियो । एक रात अवसर छोपेर कुटीमा घुसेर भिक्षुनीलाई बलात्कार गरी भागेको नन्दमानव उनको कुकर्मले गर्दा, घर्ती फाटेर त्यही समाहित भए । पाप कर्महरू परिपक्क भएर तिनको परिणामहरू नआउँदा सम्म मुर्खले पाप कर्महरू सहजै गुलियो ठान्दछन् । पापका नतिजा देखिन थाले पछि त्यो मुर्ख दुःखले सन्तप्त हुन्छ । त्यही घटनाको प्रसँगमा तथागतले दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**मध्ु'वा मञ्ञति बालो, याव पापं न पच्चति**
**यदा च पच्चति पापं, अथ बालो दुक्खं निगच्छति ॥६९॥**

**भावार्थ–**

कानिसहरूले पाप कर्महरू परिपक्क भएर तिनको परिणामहरू नआउँदासम्म मुर्खले पाप कर्महरू सहजै गुलियो र उत्तम ठान्दछन् । जब पाप कर्मको नतिजाहरू देखिन थाले पछि त्यो मुर्ख दुःखले सन्तप्त हुन्छ ।

## ७०. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा जम्बुक ब्राह्मण नामक एकजना आजिवक थियो। उनी दिनभर चट्टानमा दुबै खुट्टा उठाएर मुख तल पारेर बस्दथ्यो । उनको यस्तो अवस्था देखेर सर्वसाधरणमा के प्रभाव थियो भने परिब्रजक हावा मात्र खाएर बाँच्दछ भन्ने बिश्वास थियो । तर उनी रातको आँधेरो समयमा अरुले थाहा नपाउने गरी यताउती घुमेर जुठोमैला खान्थ्यो। उनको यस्तो अवस्थाको बारेमा चारैतिर फैलियो। त्यसैले टाढा टाढाबाट पनि मानिसहरू आएर उनलाई दर्शन गरी भेटी चढाउँथे । मानिसहरूलाई बढि प्रभाव पार्न उनले कुशको टुप्पोले मात्र जिब्रोमा लगेर भोजन गर्ने स्वाङ रचेको थियो । प्रत्येक माहिना तपस्विले कुशको टुप्पाले झिकेर भोजन गर्दै साधना गरे पनि अज्ञानी मानिस सद्धर्म जान्ने बिद्वानहरूको सोह्र भागको एक भाग पनि हुँदैन । यस घटनाको बारेमा तथागतलाई जानकारी भए पछि भिक्षुहरूलाई आजिवकको बारेमा दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**मासे मासे कुशग्गेन, बालो भुञ्जेय्य भोजनं**
**न सो संखातधम्मानं, कलां नाग्धति सोलसिं ॥७०॥**

**भावार्थ**–

जो तपस्विहरू सर्वसाधरण मानिसहरूलाई प्रभावित गर्न कुशको टुप्पाले मात्र झिकेर भोजन गर्दै साधना गर्ने स्वाङ रच्छन्। त्यो अज्ञानी मानिस सद्धर्म जान्ने बिद्वानहरूको सोह्र भागको एक भाग पनि हुँदैन। यो कुरा ध्रुब सत्य हो।

# ७१. समय सन्दर्भ–

एक समयमा गृद्धकुट पर्वतबाट भिक्षाटनको लागि ओर्लदै गर्दा, मुस्कुराएको अहर्त महामौदगल्यानलाई साथमा रहेको लक्षण स्थविरले मुस्कुराउनुको कारण सोध्दा, त्यस समय उनले केही बोलेनन् । पछि भगवानकहाँ गएर फेरी सोध्दा आफुले टाउको मान्छेको शरीर सर्पको भएको अहिप्रेत देखेको थियो । जसको शिरबाट उठेको ज्वाला पुच्छारसम्म जाने र पुच्छारबाट निस्कने ज्वाला शिरसम्म जाने गरेको कुरा तथागतलाई बताए । तथागतले मैले पनि त्यो प्रेतलाई देखेको छु । त्यो अहिप्रेतको पूर्वजुनिमा सामा नामक गन्दर्भ थियो । उनले द्वेषको कारण एकजना प्रत्येक बुद्धको कुटी जलाएको पापले गर्दा, अहिले त्यस्तो जुनी लिएको भन्दै तथागतले अतीतको प्रेत जातक कथाको उपमा दिए । जसरी साजी दूध जम्न समय लाग्छ, त्यसरी नै गरेको पाप कर्मले तुरुन्तै बिगार पैदा गर्दैन । तर त्यो पाप कर्मले खरानी भित्र पुरिएको आगोले जस्तै गरी मुर्खको पछि लागेर सन्ताप दिइरहन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न हि पापं कतं कम्मं, सज्जु खीरं व मुच्चति**
**डहन् तं बालम् अन्वेति भस्मच्छन्नो व पावको ॥७१॥**

**भावार्थ–**

जसरी साजी दूध जम्न समय लाग्छ, त्यसरी नै गरेको पाप कर्मले तुरुन्तै बिगार पैदा गर्दैन । तर त्यो पाप कर्मले खरानी भित्र पुरिएको आगोले जस्तै गरी मुर्खको पछि पछि लागेर सन्ताप दिइरहन्छन् ।

## ७२. समय सन्दर्भ–

एक समयमा गृद्धकुट पर्वतबाट भिक्षाटनको लागि ओर्लदै गर्दा, मुस्कुराएको अहर्त महामौदगल्यानलाई साथमा रहेको लक्षण स्थविरले मुस्कुराउनुको कारण सोध्दा, त्यस समय उनले केही बोलेनन् । पछि भगवानकहाँ गएर फेरी सोध्दा आफुले टाउको मान्छेको शरीर सर्पको भएको अहिप्रेत देखेको थियो । जसको शिरबाट उठेको ज्वाला पुच्छारसम्म जाने र पुच्छारबाट निस्कने ज्वाला शिरसम्म जाने गरेको कुरा तथागतलाई बताए। तथागतले मैले पनि त्यो प्रेतलाई देखेको छु। त्यो अहिप्रेतको पूर्वजुनिमा सामा नामक गन्दर्भ थियो। उनले द्वेषको कारण एकजना प्रत्येक बुद्धको कुटी जलाएको पापले गर्दा, अहिले त्यस्तो जुनी लिएको भन्दै तथागतले अतीतको प्रेत जातक कथाको उपमा दिए। बास्तवमा मुर्ख मानिसको ज्ञान उनको अनार्थको लागि उत्पन्न हुन्छ। त्यसैले उनको शिरलाई नष्ट गर्छ। त्यसको प्रभावले असल भाग निस्कृय गरिदिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥७१॥

**पालीगाथा–**

**यावद एवं अनत्थाय, ञतं बालस्स जायति**
**हस्ति बालस्य सुक्कंसं, मुद्धमं अस्स विपातयं ॥७२॥**

**भावार्थ–**

बास्तवमा मुर्ख मानिसको ज्ञान उनको अनार्थको लागि स्वयं उत्पन्न हुन्छ। त्यसैले उनको शिरलाई नष्ट गर्छ। त्यसको प्रभावले उनको असल भाग निस्कृय गरिदिन्छ। अनि उ निकम्म भएर रुन्छ।

## ७३. समय सन्दर्भ–

एक समयमा मच्छिकासण्ड नामक नगरमा चित्त नामक एक श्रोतापन्न गृहपति थियो । उनले अम्बाटकवन भन्ने उद्यानमा बिहार बनाएर भिक्षु महासंघलाई दान दिएको थियो । त्यहाँ सुधम्म स्थविर रहन्थे । एकदिन चित्त गृहपतिले भोजनको लागि निमन्त्रणा गर्ने क्रममा आग्रश्रावकहरूलाई पहिले र आफुलाई पछिबाट भनेको भन्दै रुष्ट भएर निमन्त्रणा अस्वीकार गर्ने भिक्षु सुधम्मलाई तथागतले तिम्रै दोष छ, चित्तसँग क्षमा माँग, भने पछि सुधम्मले क्षमा माँगे । तर, गृहपति चित्तले क्षमा दिएनन् । यसै प्रसँगमा तथागतले, श्रमणले मेरो बिहार हो । मेरो निवास स्थान हो । मेरो उपासक हुन् । यस्तो सोँचेर मान र इर्ष्य गर्नु हुँदैन भने । मुर्ख ब्यक्तिले जे कुरा बिद्यमान छैन, त्यसैको चाहना राख्नु भिक्षुहरूमा अगुवा बन्न खोज्नु, बिहार र मठहरू जस्ता सार्वजनिक ठाउँहरूमा ऐश्वर्यको इच्छा गर्नु, आरुको घरमा आफ्नो पूजा होस् भन्ने कामना चाहेका हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**असतं भावनं इच्छेय, पुरेक्खारञ्च च भिक्खुसु**
**आवासेसु च इस्सरियं, पूजं परकुलेसु च ॥७३॥**

**भावार्थ–**

मुर्ख ब्यक्तिले जे कुरा बिद्यमान छैन, त्यसैको चाहना राख्नु भिक्षुहरूमा अगुवा बन्न खोज्नु, बिहार र मठहरू जस्ता सार्वजनिक ठाउँहरूमा ऐश्वर्यको इच्छा गर्नु । आरुको घरमा आफ्नो पूजा होस् भन्ने कामना चाहेका हुन्छन् ।

# ७४. समय सन्दर्भ–

एक समयमा मच्छिकासण्ड नामक नगरमा चित्त नामक एक श्रोतापन्न गृहपति थियो। उनले अम्बाटकवन भन्ने उद्यानमा बिहार बनाएर भिक्षु महासंघलाई दान दिएको थियो। त्यहाँ सुधम्म स्थविर रहन्थे। एकदिन चित्त गृहपतिले भोजनको लागि निमन्त्रणा गर्ने क्रममा आग्रश्रावकहरूलाई पहिले र आफुलाई पछिबाट भनेको भन्दै रुष्ट भएर निमन्त्रणा अस्वीकार गर्ने भिक्षु सुधम्मलाई तथागतले तिम्रै दोष छ, चित्तसँग क्षमा माँग, भने पछि सुधम्मले क्षमा माँगे । तर, गृहपति चित्तले क्षमा दिएनन् । यसै प्रसँगमा तथागतले, श्रमणले मेरो बिहार हो। मेरो निवास स्थान हो। मेरो उपासक र उपासिकहरू हुन्। यस्तो सौँचेर मान र इर्ष्य गर्नु हुँदैन। गृहस्त एवं सन्यासी दुबैले मैले गरेको कुरा मानुन्। गर्नु पर्ने वा गर्नु नपर्ने दुबै काम मेरै बसमा रहोस्। यसरी गरेको मिथ्य संकल्पले अहंकार बढछ भन्दै दिएको उपदेशको पालीगाथा ।।७३।।

**पालीगाथा–**

**मंएवं कत मञ्ञन्तु, गिही पब्बजिता उभो**
**मं एवंतिवसा अस्सु, किच्चाकिच्चेसु किस्मिचि**
**इति बालस्स संकप्पो, इच्छा मानो च वड्ढति ।।७४।।**

**भावार्थ–**

गृहस्त एवं सन्यासी दुबैले मैले गरेको कुरा मानुन् । गर्नु पर्ने वा गर्नु नपर्ने दुबै काम मेरै बसमा रहोस्। यसरी गरेको मिथ्य संकल्पले अहंकार बढछ। मिथ्य अहंकारले बिनाश गर्छ।

## ७५. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा एकजना निर्धन ब्राह्मण अहर्त सारिपुत्रलाई खीर र बस्त्र दान गरेर मरेको कारण छिटै श्रावस्तीको कुनै सेठको धरमा पुर्नजन्म भयो । उनको नाम तिस्स राखियो । सातै वर्षको उमेरमा प्रबर्जित भएर पुनर्जन्को प्रभावले उनी चर्चित भए । त्यसपछि उनी श्रावस्तीबाट सयौँ कोस टाढा बनमा बस्न थालेकोले उनलाई बनबासी तिस्सको नामबाट परिचित भए । उनले छोटो समयमै ध्यान र साधनाबाट अहर्तत्व प्राप्त गरे । उनले ब्यक्तिगत लोभ, लाभ र सत्कार त्यागेर बनमा बसेको तिस्सको भिक्षुहरूमा पनि शुद्ध आचरण थियो । भिक्षु बनबासी तिस्सकै सन्दर्भलाई मध्य नजर राख्दै संसारिक लाभ प्राप्त गर्ने र निर्वानतिर लैजाने बाटो फरक हुन् भन्ने कुरालाई राम्ररी बुझेर भिक्षुहरूले सामाजिक संस्कारलाई राम्रोसँग बुझेर बुद्धि र बिवेकको जगमा चेतनको उपयोग गर्नु उत्तम हुनेछ भन्दै तथागतले दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अञ्ञा हि लाभुपनिसा, अञ्ञा निब्बान गामिनी**
**एवं एतं अभिञ्ञाय, भिक्खु बुद्धस्स सावको**
**सक्कारं नाभिनन्देय, विवेकं अनुब्रुहये ॥७५॥**

**भावार्थ–**

संसारिक लाभ प्राप्त गर्ने र निर्वानतिर लैजाने बाटो फरक हुन् भन्ने कुरालाई राम्ररी बुझेर भिक्षुहरूले सामाजिक संस्कारलाई राम्रोसँग बुझेर बुद्धि र बिवेकको जगमा चेतनको उपयोग गर्नु उत्तम हुने छ ।

# धम्मपद

# पण्डित बर्ग– ६

## ७६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको राध नामक एकजना दरिद्र ब्राह्मण प्रबर्जित हुने इच्छाले जेतवन महाबिहारमा आएर लामो समय भिक्षुहरूको सेवा सत्कार गर्ने गर्थ्यो। आफुलाई कुनै समय मन, बचन र कर्मले सेवा सत्कार गरेको राध ब्राह्मणलाई तथागतको आज्ञा मानेर अहर्त सारिपुत्रले प्रबर्जित गराइ दियो। आज्ञाकारी राध ब्राह्मणले पनि ध्यान र साधनामा मेरै मेहनत गरी छिटै अहर्तत्व प्राप्त गरे। आफ्नो दोष देखाएर उपदेश दिँदा पनि कसैसँग कुनै किसिमको क्रोध नगर्ने आज्ञाकारी राध ब्राह्मण कै जीवन कथाको प्रसँग दिँदै खानी वा ढिकुटी देखाउने वा बताउनेहरूले जस्तै छोडनु पर्ने दोषहरू खुटाएर देखाइ दिने त्यस्ता संयमवादी मेघवी पण्डितहरूको संगत गर्नु। त्यसो गर्दा कल्याण मात्र हुन्छ, कहिल्यै पनि अहित हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**निधिनंव पवत्तारं, यं पस्से बज्जदस्सिनं**
**निग्गह्यवादिं मेघवी, तादिसं पण्डित भजे**
**तादिसं भजमानस्स, सेय्यो होति न पापियो ॥७६॥**

**भावार्थ–**

खानी वा ढिकुटी देखाउने वा बताउनेहरूले जस्तै छोडनु पर्ने दोषहरू खुटाएर देखाइ दिन सक्ने त्यस्ता संयमवादी मेघवी पण्डितहरूको संगत गर्न उत्तम हुन्छ। त्यसो गर्दा कल्याण मात्र हुन्छ, कहिल्यै पनि अहित हुँदैन।

## ७७. समय सन्दर्भ–

एक समयमा किटागिरीमा अस्सजी र पुनब्बसु नामक अग्र श्रावकका दुई शिष्यहरू नाना किसिमका पापाचार गरेर जीविका चलाउथे । त्यहाँ ५०० भिक्षुहरू बस्दथे । जेतवन महाबिहारमा गएको समयमा ती दुई पापाचारीहरू बारेमा थाहा पाए पछि तिनलाई पब्बाजनीय कर्म भिक्षु संघबाट निस्काशन गर्ने काम गर्न आमन्त्रित गर्यो । तर तत्कालको लागि परिणाम राम्रो भएन । भिक्षुहरू बीचमा पनि बादबिवाद भयो । आर्यहरू, भिक्षुहरू र श्रावकहरू जसले राम्रा उपदेश दिन्छन् । जसले कुबाटोतिर जानबाट रोक्छ । त्यस्तो मानिसहरू निश्चय नै सत्पुरुषहरूको प्यारो हुन्छ भने, दुष्ट ब्यक्तिहरूलाई मन नपर्ने अर्घेलो हुन्छ। जसले राम्रा उपदेश दिन्छन्। जसले कुबाटोतिर जानबाट रोक्छ। त्यस्तो मानिसहरू निश्चय नै सत्पुरुषहरूको प्यारो हुन्छ भने, दुष्ट ब्यक्तिहरूलाई मन नपर्ने मानिस समूदायमा अर्घेलो हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**ओवदेय्यानुसासेय्य, असब्भा च निवारये**
**सतं हि सो पियो होति, असतं होति अप्पियो ॥७७॥**

**भावार्थ–**

आर्यहरू, भिक्षुहरू र श्रावकहरू जसले राम्रा उपदेश दिन्छन् । जसले कुबाटोतिर जानबाट रोक्छ । त्यस्तो मानिसहरू निश्चय नै सत्पुरुषहरूको प्यारो हुन्छ भने, दुष्ट ब्यक्तिहरूलाई मन नपर्ने मानिस समूदायमा अर्घेलो हुन्छ ।

## ७८. समय सन्दर्भ–

एक समय जेतवनमा रहँदा भिक्षु छन्न स्थविरले अहर्त सारि पुत्र र मौदगल्यान प्रति इर्ष्य गरी यसरी तितो पोख्थे । तथागतको आज्ञा अनुसार मैले पनि घरबार छोडेर प्रबर्जित भए । त्यस समय आर्को कोही त थिएन । तर अब म सारिपुत्र हुँ । म मौदगल्यान हुँ । म महाकाश्यप हुँ । म कौण्ड्य हुँ । म आनन्द हुँ । म फलना आचार्य हुँ । म फलना अहर्त हुँ । म फलना अग्रश्रावक हुँ भन्दै बिचरण गर्छन् भन्ने कुरा तथागतले थाहा पाए पछि भिक्षु छन्न स्थविरलाई बोलाएर दुई पटक सम्झाउनु भयो । तर उनले चुपचाप सुनेर पनि फेरी त्यसै गर्न छाडेनन् । तथागतले जेतवन महाबिहारमा तेश्रो पटक पनि उनलाई बोलाएर सम्झाउँदै गलत साथीहरूको संगत नगर । पापी, भ्रष्ट अधम, निकृष्ट र स्वार्थी स्वभाव भएका मानिसहरूको संगत नगर । असल आचरण भएका साथीहरूको पहिचान गरी उनको संगत गर्न सकेमा सुख, शान्ति र समृद्धि प्राप्त हुनेछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न भजे पापके मित्ते, न भजे पुरिसाधमे**
**भजेथ मित्ते कल्याणे, भजेथ पुरिसुत्तमे ॥७८॥**

**भावार्थ–**

गलत साथीहरूको संगत नगर । पापी, भ्रष्ट, अधम, निकृष्ट र स्वार्थी स्वभाव भएका मानिसहरूको संगत नगर । असल आचरण भएका साथीहरूको पहिचान गरी उनको संगत गर्न सकेमा सुख शान्ति र समृद्धि प्राप्त हुनेछ ।

## ७९. समय सन्दर्भ–

एक समय सुकुटवती नगरमा महाकपिन नामक राजा श्रावस्तीबाट गएका ब्यापारीहरूबाट बुद्ध धर्मको प्रशंसा सुनेर प्रभावित भइ राजपाट त्यागेर अमात्यहरूको साथमा जेतवन महाबिहारमा आए । त्यस बखत तथागत बुद्ध चन्द्रभागा नदीको किनारमा अवस्थित बरको रुख मुनि उपदेश दिइरहेको खबर पाएर त्यही गए । तथागत बुद्धको प्रथम उपदेश सुनेर महाकपिनले त्यही स्थानमै अहर्तत्व प्राप्त गरे । राजासँग आएका बिद्वानहरूले पनि अहर्तत्व प्राप्त गरे । तथागतले हात फैलाए पछि त्यहाँ आएका सबैले प्रवज्य लिए । अहर्त महाकपिनले अहो सुख ! अहो सुख ! भनि रहने हुँदा, उनलाई अझैं पनि राज्यसुखको स्मरण भैरहने रहेछ । धर्मको रस पिएका प्रसन्नचित्त पण्डितहरूले सुखपूर्वक सुतेर निदाउछन् । उनीहरू सधै श्रेष्ठतम् मानिसहरूबाट उपदिष्ट धर्ममा रमण गरी सुखी हुन्छन् । आरु मानिसहरूलाई पनि सुखी रहने मार्गको उपदेश दिन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**धम्मपिति सुखं सेति, विप्पसन्नेन चेतसा**
**अरियप्पवेदिते धम्मे, सदा रमति पण्डितो ॥७९॥**

**भावार्थ–**

धर्मको रस पिएका प्रसन्नचित्त पण्डितहरूले सुखपूर्वक सुतेर निदाउछन् । उनीहरू सधै श्रेष्ठतम् मानिसहरूबाट उपदिष्ट धर्ममा रमण गरी सुखी हुन्छन् । आरुलाई पनि सुखी रहने मार्गको उपदेश दिन्छन् ।

## ८०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा सारिपुत्रको एक सेवकको घरमा भाग्यमानी छोरा जन्मियो । सात वर्षको उमेर हुँदा नै सारिपुत्र कहाँ लगेर प्रबसिर्जत गराए । एकदिन भिक्षाटनमा जाँदा सारिपुत्र आधि आधि र उनको चिबर पात्र लिएर उ पछि पछि जाँदै गर्दा, उनले बाटोमा कुलो काटेर पानी लैजाने, बाण बनाउने तथा काठको पाङ्ग्रा बनाउने सिकर्मीलाई देखेर सौँच्न थाल्यो । बास्तवमा यस्ता अचेत बस्तुलाई त जस्तो चाह्यो त्यस्तै बनाउन सक्छन् भने मान्छे जस्तो सचेत प्राणीले आफ्नो चित्तलाई पनि बशमा राख्न किन सक्दैन ? उनको मनमा यस्तो सोच्दै फर्कियो । उ केही बेर पछि अनागामी बन्यो । सारिपुत्र र तथागतको कुरा सुने पछि अहर्तत्व प्राप्त गर्यो । साँझको धर्मसभामा पनि यही चर्चा चल्यो । कुलो र नहर बनाउनेहरू निश्चय नै पानी लैजान्छन् । बाण, भाला, तीर र भाला बनाउने लोहाकर्मीहरूले बिग्रेका हतियारहरूलाई सिधा बनाउँछन् । पण्डितहरू संयमित भएर आफु लाई बशमा राख्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**उदकं हि नयन्ति नेतिका, उसुकारा नमयन्ति तेजनं**
**दारुं नमयन्ति तच्छका, अत्तानं दमयन्ति पण्डिता ॥८०॥**

**भावार्थ–**

कुलो र नहर बनाउनेहरू निश्चय नै पानी लैजान्छन् । बाण भाला, तीर र भाला बनाउने लोहाकर्मीहरूले बिग्रेका हतियारहरूलाई सिधा बनाउँछन् । पण्डितहरू संयमित भएर आफुलाई बशमा राख्दछन् ।

## ८१. समय सन्दर्भ–

एक समयमा जेतवनमा बिहार गर्दा, भिक्षु लकुण्टक भद्दिय स्थविरको नाक र कान समातेर उठबस गराउदै, श्रमनेरहरूले भन्ने गर्थे रे । भन साना बा, राम्ररी घुम्दै छौ नि ! बुद्ध शासनमा मन लगाएको छौ नि ! यस्तो गर्दा पनि लकुण्डकले उनीहरू माथि कुनै रिस गर्दैन्थे । एकदिन जेतवन महाबिहारमा धर्मसभामा भिक्षुहरूबीच, हेर न श्रमनेरहरूले लकुन्टकलाई यसरी यातना दिएर सताउदा पनि उनी केही बोल्दैनन् । यस्तो कुराकानी भैरहँदा तथागतले थाहा पाए पछि, 'हे भिक्षुहरू,' क्षीणाश्रवले तृष्णालाई त्यागिसकेका हुन्छन् । त्यसैले उनले कसैसँग पनि कुनै किसिमको क्रोध गर्दैनन् । कसैको निन्दा र प्रशंसाबाट पनि बिचलित हुँदैनन् । जसरी साह्रो चट्टानको पहाड हुरी बतासले हल्लाउन वा डगाउँन सक्दैनन् । त्यसरी नै तृष्णा त्यागिसकेका त्यागी पण्डितहरू निन्दा र प्रशंसाबाट बिचलित हुँदैनन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**सेलो यथा एकघनो, बातेन न समिरति**
**एवं निन्दापसंसासु, न समिञ्जन्ति पण्डिता ॥८१॥**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार साह्रो चट्टानको पहाड हुरी बतासले हल्लाउन वा डगाउँन सक्दैनन् । त्यसरी नै राग, द्वेष, माया, मोह काम, वासना र तृष्णा त्यागिसकेका त्यागी क्षीणाश्रवहरू निन्दा र प्रशंसाबाट बिचलित हुँदैनन् ।

## ८२. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको काणाले छोरीलाई घर पठाउनका लागि चार पटक पुवा बनाइन् । चारै पटक भिक्षुहरूलाई दिइन् । यसरी बिलम्ब भएको कारण ज्वाइले आर्को बिबाह गरे । यो कुरा थाहा पाए पछि काणाको छोरीले भिक्षुहरूलाई देख्दा, यिनीहरूले गर्दा, मलाई अभागिनी बनाए भन्दै गालि गर्न थालिन् । भिक्षुहरूले त्यो कुरा थाहा पाए पछि त्यो बाटो हिँड्नै छाडे । यो कुरा तथागतले थाहा पाए पछि काणा माताकहाँ गए । उनले तगागतलाई स्वागत गरिन् । घरमा रुदै बसेकी छोरीको बारेमा कृतान्त कुरा बताइन् । त्यसै समय तथागतको उपदेश सुनेर काणा श्रोतापन्न भइन् । राजा प्रसेनजितले उनको दिश्रो बिबाह महामात्यसँग गराई दिए । जसरी पानीको गहिरो पोखरी निर्मल र शान्त हुन्छन् । त्यसरी नै धर्मको उपदेश सुनेर बिद्वान पण्डितहरू र अहर्तहरू पनि शान्त रहन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यथापि रहँदो गम्भीरो, विप्पासन्नो अनाविलो**
**एवं धम्मानिसुत्वान, विप्पासीदन्ति पण्डिता ॥८२॥**

**भावार्थ–**

जलशास्त्र अनुसार पानीको गहिरो पोखरी निर्मल र शान्त हुन्छन् । त्यसरी नै धर्मको उपदेश सुनेर बिद्वान पण्डितहरू र अहर्तहरू पनि शान्त रहन्छन् । किनभने उनीहरू राग, द्वेष, माया, मोह काम, वासना र तृष्णा त्यागिसकेका हुन्छन् ।

## ८३. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा बिहार गर्दा, भिक्षुहरूको जुठोपुरो खाएर जेतवन बिहारमा ५०० भिखारीहरू बस्दथे। उनीहरू नदीमा नुहाएर नाना किसिमका अनाचार गर्दथे। फलना अहर्त यस्ता छन्। फलना अहर्त उस्ता छन्। फलना र ढिस्कना श्रमनेर भनेर निन्दा र प्रशंसा गर्दथे। एकदिनको धर्मसभामा यी जुठोपुरो खाने मानिसहरू मदमस्त भएर अनाचार गर्दै हिँड्छन्। तर भिक्षुहरू भने पहिले जस्तो शान्त स्वभावका थिए, अहिले पनि उस्तै छन्। कुनै परिपर्वन भएका छैनन् भन्दै जेतवनको महाबिहारमा भिक्षुहरूबीच भएको छलफलमा भए। सज्जन पुरुषहरू त जे पनि त्याग्न सक्छन्। त्यस्ता ब्यक्तिहरू राग, द्वेष माया, मोहा, काम, वासना, भोग, तृष्णा कुनै पनि काम कुरामा अशक्ति गर्दैनन्। त्यस्ता पण्डितहरू सुख पाउन वा दुःख पाउन्। त्यसबाट कुनै किसिमको उन्माद र बिस्मात प्रदर्शन गर्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**–

**सब्बत्थ वे सप्पुरिसा चजन्ति, नकामकामा लपयन्ति सन्तो**
**सुखेन फुट्टा'अथ वा दुखेन, उच्चावचं पण्डिता दस्सयन्ति ॥८३॥**

**भावार्थ**–

सज्जन पुरुषहरू त जे पनि त्याग्न सक्छन्। त्यस्ता ब्यक्तिहरू राग, द्वेष, माया, मोहा, काम, वासना, भोग, तृष्णा कुनै पनि काम कुरामा अशक्ति गर्दैनन्। त्यस्ता पण्डितहरू सुख पाउन वा दुःख पाउन्। त्यसबाट कुनै किसिमको उन्माद र बिस्मात प्रदर्शन गर्दैनन्। उनीहरूसँग जे छन्, त्यसैमा रमाउँछन्।

## ८४. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको एकजना उपासक छोरा जन्मने बित्तिकै घर छोडेर प्रबर्जित भए। धेरै मेहनेत गरेर छोटो समयमै अहर्तत्व पनि प्राप्त गरे। पछि आफ्नो छोरा हेर्ने बिचारले घर गएर परिवारलाई पनि धर्मोपदेश दिए। त्यस पछि छोरालाई पनि प्रबर्जित गराए पछि उनको पत्नी एक्लै भए। केही समय पछि उनी पनि प्रबर्जित भएर भिक्षुनी संघमा सामेल भए। उनले पनि केही समय मै अहर्तत्व प्राप्त गरिन्। एकदिन धर्मसभामा ती उपासक आफु पनि प्रबर्जित भए। छोरालाई पनि प्रबर्जित गराए। केही समय पछि पत्नी पनि भिक्षुनी भए भन्ने चर्चा चल्यो। जो मानिसमा सन्तान, ऐश्वर्य र राज्यको इच्छा न आफ्नो लागि गर्छन्, न त आरुको लागि गर्छन्। जसले धर्म बिरुद्ध काम गरेर आफ्नो निजि समृद्धि चाहदैनन्। त्यस्ता शीलवान र प्रज्ञावान ब्यक्ति नै धार्मिक हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**न अतहेतु न परस्स हेतु, न पुत्तमिच्छे न धनं न रट्टं**
**न इच्छेय्य अधम्मेन समिद्धिमत्तनो,**
**स सिलवा पञ्जवा धम्मिको सिया ॥८४॥**

**भावार्थ–**

जो मानिसमा सन्तान, ऐश्वर्य र राज्यको इच्छा न आफ्नो लागि गर्छन्, न आरुको लागि गर्छन्। जसले धर्म बिरुद्ध काम गरेर आफ्नो निजि स्वार्थ र समृद्धि चाहँदैनन्। त्यस्ता शीलवान र प्रज्ञावान ब्यक्तिहरू नै धार्मिक हुन्छन्। त्यस्तै मानिसहरूले मात्र बुद्धशासनको समृद्धि गराउँछन्।

## ८५. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरका गाउँबासीहरूले भेला भएर भिक्षुहरू निमन्त्रण गरी पालै पालोसित धर्मोपदेश गराए। सुरुसुरुमा त उपदेश सुन्न गाउँबासीहरू धचाधचै भयो। बिस्तारै साँझपखमा धर्मोपदेश सुन्नेहरू मध्ये केही एक छिन मात्र सुनेर काम क्लेशबाट पिडित भइ फर्के भने, केही त्यही बस्दाबस्दै झुल्न थाल्दथे। भोलिपल्टको धर्मसभामा यस विषयमा चर्चा चल्दा, भोलि सबै उपस्थित हुने भन्थे। तर गृहस्तको ब्यस्त जीवनले गर्दा, नियमित रुपमा उपस्थित हुन सक्दैनथे। गाउँ बासीहरूको जीवन पद्धति यसरी नै चलिरहेको थियो। यो भवसागरका मानिसहरू मध्ये केही मात्र त्यस्ता छन्। जो तथागतबाट पारिजान सक्दछन्। बाँकी अधिकांश मान्छेहरू त वारिकै किनारै किनार दौडिरहन्छन्। यही हो मानविय प्रबृति। यसरी नै संसार चलिरहेको छ। यही हो सनातन भन्दै तथागतले दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अप्पका ते मनुस्सेसु, ये जना पारगामिनो**
**अथायं इतरा पजा, तीरमेवानुधावति ॥८५॥**

**भावार्थ–**

यो भवसागरका मानिसहरू मध्ये केही मात्र त्यस्ता छन्। जो तथागतबाट पारिजान सक्दछन्। बाँकी अधिकांश मान्छेहरू त वारिकै किनारै किनार दौडिरहन्छन्। यही हो मानविय प्रबृति। यसरी नै संसार चलिरहेको छ। यही हो सनातन।

## ८६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरका गाउँबासीहरूले भेला भएर पालै पालोसित धर्मोपदेश गराए । सुरुसुरुमा त उपदेश सुन्न धचाधचै भयो । बिस्तारै साँझमा धर्मोपदेश सुन्नेहरू मध्ये केही एक छिन मात्र सुनेर काम क्लेशबाट पिडित भइ फर्के भने, केही त्यही बस्दाबस्दै झुल्न थाल्दथे । भोलिपल्टको धर्मसभामा यस विषयमा चर्चा चल्दा, भोलि सबै उपस्थित हुने भन्थे । तर गृहस्तको ब्यस्त जीवनले गर्दा, नियमित रुपमा उपस्थित हुन सक्दैनथे । गाई भैसी, बस्तुभाउ सबैलाई हेर्न पर्ने ? चारा दिन पर्ने ? गाउँ बासीहरूको जीवन पद्धति यसरी नै चलिरहेको थियो । मानिसहरू मध्ये केही मात्र त्यस्ता छन् । जो तथागतबाट पारि जान सक्दछन् । बाँकी अरु मान्छेहरू त वारिकै किनारै किनार दौडिरहन्छन् । जसले राम्ररी उपदेश दिएको धर्मको अवलम्बन गरी त्यसको अनुसरण गर्छ । त्यस्तो मानिस साह्रै गाह्रोसँग पार गर्न सकिने मृत्यु क्षेत्रबाट निश्चय नै पारि जान सक्दछ । यही हो मानविय प्रकृति र स्वभाव भन्दै दिएको उपदेशको पालीगाथा ॥८५॥

**पालीगाथा–**

**ये च खो सम्मदक्खाते, धम्मे धम्मानुवत्तिनो**
**ते जना पारमेस्सन्ति, मच्चुधेय्य सुदुत्तरं ॥८६॥**

**भावार्थ–**

जसले राम्ररी उपदेश दिएको धर्मको अवलम्बन गरी त्यसको अनुसरण गर्छ । त्यस्तो मानिस साह्रै गाह्रोसँग पार गर्न सकिने मृत्यु क्षेत्रबाट निश्चय नै पारि जान सक्दछ । यही हो निर्वाण भनेको अर्थात शून्यता ग्रहण गर्नु ।

# ८७. समय सन्दर्भ–

एक समयमा कोसल राज्यमा बुद्ध शासनको बिनय अनुसार असार पूर्णिमादेखि भदौ पूर्णिमासम्म तीन महिनाको वर्षाबास गरेर तथागतको दर्शनार्थ ५०० भिक्षुहरू जेतवन महाबिहार आइ अभिवादन पूर्वक बसेका थिए । तथागतले सन्ध्यकालको उपदेशमा ती ५०० भिक्षुहरूलाई सम्बोधन गर्दै, 'हे भिक्षुहरू,' ज्ञानी पण्डितहरूले असल धर्मको गुण र विशेषतालाई सही अर्थमा पहिचान गरी अवलम्बन गर्न सक्नु पर्छ । त्यसो गर्नाका लागि सर्वप्रथम राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा घरबार सबै त्यागेर एकान्त ठाउँमा रमाउन सक्नु पर्छ । अनि मात्रै वारिबाट पारि जाने मार्ग देख्न सक्दछ । यही हो प्रबज्य भनेको । यसैलाई साक्षत्कार गर्न सक्नु पर्छ । यसैबाट जीवनमा सार्थकता प्राप्त गर्न सकिन्छ । यसै सन्दर्भलाई मध्ये नजर राख्दै ५०० भिक्षुहरूलाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**कण्हं धम्मं दिप्पहाय, सुक्कं भावेथ पण्डितो**
**ओका अनोकं आगम्म, विवेके यत्थ दुरमं ॥८७॥**

**भावार्थ–**

ज्ञानी पण्डितहरूले असल धर्मको गुण र विशेषतालाई सही अर्थमा पहिचान गरी अवलम्बन गर्न सक्नु पर्छ । त्यसो गर्नाका लागि सर्वप्रथम राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा घरबार सबै त्यागेर एकान्त ठाउँमा रमाउन सक्नु पर्छ । अनि मात्रै वारिबाट पारि जाने मार्ग देख्न सक्दछ ।

## ८८. समय सन्दर्भ–

एक समयमा कोसल राज्यमा बुद्ध शासनको बिनय अनुसार असार पूर्णिमादेखि भदौ पूर्णिमासम्म तीन महिनाको वर्षाबास गरेर तथागतको दर्शनार्थ ५०० भिक्षुहरू जेतवन महाबिहार आइ अभिवादन पूर्वक बसेका थिए। तथागतले सन्ध्यकालको उपदेशमा ती ५०० भिक्षुहरूलाई सम्बोधन गर्दै, 'हे भिक्षुहरू,' ज्ञानी पण्डितहरूले असल धर्मको गुण र विशेषतालाई सही अर्थमा पहिचान गरी अवलम्बन गर्न सक्नु पर्छ। त्यसो गर्नाका लागि सर्वप्रथम राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा घरबार सबै त्यागेर एकान्त ठाउँमा रमाउन सक्नु पर्छ। अनि मात्रै वारिबाट पारि जाने मार्ग देख्न सक्दछ। काम, भोग, वासना र तृष्णालाई त्यागेर पनि, त्यसैमा आनन्दको अनुभूति गर्न सक्ने बिद्वान पण्डितहरूले आफ्नो चित्तभित्र रहेको सम्पूर्ण क्लेशलाई शुद्धि गर्न सकोस्। यसै सन्दर्भलाई मध्ये नजर राख्दै ५०० भिक्षुहरूलाई दिएको उपदेशको पालीगाथा ॥८७॥

**पालीगाथा–**

**तत्राभिरतिमिच्छेय्य, हित्वा कामे अकिञ्चनो**
**परियोदपेय्य अत्तानं, चित्तक्लेसेहि पण्डितो ॥८८॥**

**भावार्थ–**

राग, द्वेष, माया, मोहा, काम, भोग, वासना र तृष्णालाई त्यागेर पनि, त्यसैमा आनन्दको अनुभूति गर्न सक्ने बिद्वान पण्डितहरूले आफ्नो चित्तभित्र रहेको सम्पूर्ण क्लेशलाई शुद्धि गर्न सकोस्। यहीबाट प्रबज्यको यात्रा आरम्भ हुन्छ। यही आएर शून्यतामा अन्त्य हुन्छ। यसले पूर्णबिराम लगाएको आभास हुन्छ।

## ८९. समय सन्दर्भ–

एक समयमा कोसल राज्यमा बुद्ध शासनको बिनय अनुसार असार पूर्णिमादेखि भदौ पूर्णिमासम्म तीन महिनाको वर्षाबास गरेर तथागतको दर्शनार्थ ५०० भिक्षुहरू जेतवन महाबिहार आइ अभिवादन पूर्वक बसेका थिए । तथागतले सन्ध्यकालको उपदेशमा ती ५०० भिक्षुहरूलाई सम्बोधन गर्दै, 'हे भिक्षुहरू,' ज्ञानी पण्डितहरूले असल धर्मको गुण र विशेषतालाई सही अर्थमा पहिचान गरी अवलम्बन गर्न सक्नु पर्छ । त्यसो गर्नाका लागि सर्वप्रथम राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा घरबार सबै त्यागेर एकान्त ठाउँमा रमाउन सक्नु पर्छ । अनि मात्रै वारिबाट पारि जाने मार्ग देख्न सक्दछ । जसको चित्त सम्बोधि अङ्गहरूमा अभ्यास्त भैसकेको छ । जो बन्धन परित्याग गरेर अशक्तबाट पर छन् । वा चित्तको मैलो पखालिसकेका छन् । उनले निवार्ण प्राप्त गर्दछन् । यसै सन्दर्भलाई मध्ये नजर राख्दै ५०० भिक्षुहरूलाई दिएको उपदेशको पालीगाथा ।।८७।।

**पालीगाथा**–

**येसं सम्बोधि-अङ्गेसु, सम्मा चित्तं शुभावितं**
**आदान-पटिनिस्सग्गे, अनुपादाय ये रता**
**खीणासवाज जुतिमन्तो, ते लोके परिनिब्बुता ।।८९।।**

**भावार्थ**–

जसको चित्त सम्बोधि अङ्गहरूमा अभ्यास्त भैसकेको छ । जो बन्धन परित्याग गरेर अशक्तबाट पर छन् । वा चित्तको मैलो पखालिसकेका छन् । उनले निवार्ण प्राप्त गर्दछन् ।

# धम्मपद

# अहर्त बर्ग– ७

## ९०. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा रहेको बेला भिक्षु देवदत्तले तथागतलाई मार्न भनि गृद्धकुटको डाँडाबाट ठुलो ढुंगो लडायो । त्यही ढुंगो चट्टानमा ठोकिदा, चोइटिएको ढुंगाले तथागतको खुट्टामा लाग्यो । भिक्षुहरूले भद्दकुच्छि लगे । त्यहाँ जीवक बैद्यले तथागतको घाउमा उपचार गरी पट्टि बााधिदिए । म नआएसम्म यो पट्टि नखोल्नु भनि, उनी आर्को बिरामी हेर्न गए । साँझ उनी फर्कदा नगरको द्वार बन्द भैसकेको थियो । त्यसैले बैद्य आउन सकेन । यता तथागतको घाउको वेदना बढदै गएकोले अहर्त आनन्दले पट्टि खोलिदियो । जीवक बैद्य भोलिपल्ट बिहानै आएर मैले ठुलो अपराध गरे भन्दै क्षमा याचना गर्न आए । जसले आफ्नो यात्रा पुरा गरिसकेको हुन्छ । जो शोक रहित एवं सबै प्रकारले विमुक्ति छन् । सबै प्रकारको बन्धनहरू चुँडालिसकेको छ । 'हे जीवक,' मेरो कष्ट त बोधिबृक्ष मुनि नै समाप्त भैसकेको थियो भनेर दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**गतद्धिनो विसोकस्स, विप्पमुत्तस्स सब्बधि**
**सब्ब गन्थप्पहिनस्स, परिलाहो न विज्जति ॥९०॥**

**भावार्थ–**

जसले आफ्नो यात्रा पुरा गरिसकेको हुन्छ । जो शोक रहित एवं सबै प्रकारले विमुक्ति छन् । सबै प्रकारको बन्धनहरू चुँडालिसकेको छ । त्यस्तालाई राग, द्वेष, माया, मोहा काम, वासना, तृष्णा र अहंकारको जरो आउँदैन ।

# ९१. समय सन्दर्भ–

एक समयमा राजगृहबाट जाने बेलामा तथागतको साथमा चारिकामा जान भनि महाकाश्यप आफ्नो चीबर धुँदै थियो । भिक्षुहरूले यो कुरा थाहा पाए पछि एक आपासमा भन्न थाले । अधिकांश सेवक र सम्बन्धि भएका महाकाश्यप राजगृह छाडेर बाहिर जान उचित छैन भनि, हिडने बेलामा तथागतले पनि त्यही कुरा सौंचेर महाकाश्यपलाई बोलाएर, 'हे महाकाश्यप,' तिमी यही बस् भन्दा, हुन्छ भन्ते भन्दै, सहज रुपमै स्वीकार गरे । यस बिषयमा भिक्षुहरूबीच ब्यापक चर्चा परिचर्चा हुन थाल्यो । आखिर हामीले भनेको कुरा साँचो भयो । महाकाश्यप त यही रहनु पर्छ भन्ने कुरा सुनेर, तथागतले पनि मेरो पुत्र कुलहरूमा अशक्त हुने खालको छैन । जागरुक स्मृतिवान मानिसहरू प्रगतिको प्रयास गर्दछन् । उनीहरू घरमा रमाउँदैनन् । एक पछि आर्को घर त्याग्दै जान्छन् । जसरी हाँसहरूले पोखरी छाडेर जाने गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**उय्युञ्जन्ति सतीमन्तो, न निकेते रमन्ति ते**
**हंसा व पल्ललं हित्वा, ओकमोकं जहन्ति ते ॥९१॥**

**भावार्थ–**

प्रत्येक जागरुक र स्मृतिवान मानिसहरू प्रगतिको प्रयास गर्दछन् । उनीहरू घरमा रमाउँदैनन् । निरन्तर प्रयत्न गर्दै एक पछि आर्को घर त्याग्दै जान्छन् । जसरी हाँसहरूले पोखरी छाडेर जाने गर्दछन् । यो त हाँसहरूको मौलिक स्वभाव हो ।

# ९२. समय सन्दर्भ–

एक समयमा जेतवनमा रहँदा बेलट्ठिसिस स्थविरले भिक्षा टनमा पाएको भोजन खाएर बाँकी रहेको र भिक्षाटनबाट ल्याएको काँचो भोजनलाई सञ्चय गरी राख्दथे। उनीसँग यसरी सञ्चय गरेको काँचो भोजन धेरै थियो । उनको मनासय के थियो भने, दिनदिनै भिक्षाटनमा जाँन पनि झन्झट हुने । यसका साथै ध्यान, साधना र भावनाको लागि पनि समय बचत हुने भएकोले काँचो भोजन सञ्चय गरेर राख्ने गरेको विषयमा भिक्षुहरूले पनि टिकाटिप्पनी गरेका थिए। यस बारेमा तथागतले थाहा पाए पछि, यस्तो कार्य नगर्न निषेध गर्दै, बेलट्ठिसिस स्थविरको उपमा दिए। जसको लागि कुनै भौतिक संग्रह छैन । जसले भोजनको मात्रा जानेका छन् । जसको लागि शून्यता एवं स्वरुप सहित निर्वाण छर्लङ्ग छ। उनको बिचारणको गति आकाशमा उड्ने पन्छिहरूको गति जस्तै हुन्छ दिँदै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**येसं सन्निचयो न'त्थि, ये परिञ्ञातभोजना**
**सुञ्ञतो अनिमित्तो च, बिमोक्खो यस्स गोचरो**
**आकासे व सकुन्तानं, गति तेसं दुरन्नया ॥९२॥**

**भावार्थ–**

जसको लागि कुनै भौतिक संग्रह छैन । जसले भोजनको मात्रा जानेका छन्। बुझेका छन्। जसको लागि शून्यता एवं स्वरुप सहित निर्वाण छर्लङ्ग छ । उनको बिचारणको गति आकाशमा उड्ने पन्छिहरूको गति जस्तै हुन्छ। उनको लागि कही कतै पनि कुनै अबरोध हुँदैन।

## ९३. समय सन्दर्भ–

एक समयमा राजगृहको बेलुबन महाबिहारमा रहेका भिक्षु अनुरुद्ध स्थविरको फाटेको चीबर तावतीस लोकमा उत्पन्न भएकी पूर्वजन्मकी उनकी भार्याले लुकाएर राखेको थियो । अब भिक्षुहरू भिक्षाटनमा आउँदैनन्, बिहारमै लगेर दान दिनु पर्ला भनेर गइन् । एकदिन बिहारमा जाँदा, दानमा आएको यवागु र भात फालाफाल भइ प्रशस्त बचेको थियो । यही प्रशंगमा भिक्षुहरूबीच छलफल हुँदा, भिक्षु अनिरुद्धले यतिका धेरै भोजन किन मगाए ? बिहारमा कति मानिसहरू छन भन्ने कुरा उनलाई थाहा थिएन र ? हिसाव किताप किन गरेन ? यो त साह्रै लापर्वही भयो । बेठिक भयो भन्ने कुरा उठाएका थिए । जसको आश्रव पुरै नष्ट भएका छन् । जसलाई भोजनमा रुचि छैन । शून्यता एवं निर्वाणको बारेमा जानकारी छ । उसको बाटो आकाशमा उडने पंक्षिको जस्तै हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यस्सासवा परिक्खीणा, आहारे च अनिस्सितो**
**सुञ्ञतो अनिमितो च, विमोक्खो यस्स गोचरो**
**आकासे व सकुन्तानं, पदं तस्स दुरुन्नयं ॥९३॥**

**भावार्थ–**

जसको आश्रव पुरै नष्ट भएका छन् । जसलाई भोजनमा रुचि छैन । बिज्ञान र संस्कारमा रुचि छैन । शून्यता एवं निर्वाणको बारेमा पूर्ण जानकारी छ । ध्यान, भावना र साधनमा अभ्यास्त रहन्छ, उसको बाटो आकाशमा उडने पंक्षिको जस्तै हुन्छ । कहि कतै पनि कुनै रुकावट हुँदैन ।

# ९४. समय सन्दर्भ–

एक समयमा तथागत श्रावस्तीको पूर्वराममा बिहार गरिरहँदा, महाकात्यान स्थविर अवन्तिमा बस्दथे । उनी नित्य धर्म श्रवण गर्ने समयमा जसरी भए पनि आउथे । एकदिन धर्म श्रवणमा सपरिवारकासाथमा देवेन्द्र पनि आएका थिए । त्यस समय अवन्तिबाट आएका भिक्षु महाकात्यान स्थविर आसनमा बसे पछि देवेन्द्रले उनको गोडा समातेर ढोगे । अनि माला, गन्ध, पुष्प आदिले पूजा गरे । यो देखेर, त्यहाँ यतिका धेरै महास्थविरहरू हुँदाहुँदै पनि इन्द्रदेव महाकात्यान कै पूजा गर्छन् । मानौ उनी मुख हेरेर सत्कार गर्छन् भनेर भिक्षुहरूले एक आपासमा कानेखुसी गर्न थाले पछि इन्द्रिय सयमी आफ्ना पुत्र महाकात्यानको सवल दृष्टान्त दिँदै, जसरी सारथिले रथ तान्ने घोडाहरूलाई पुरै काबुमा राखेको हुन्छ । त्यसरी नै आफ्ना इन्द्रियहरू पूर्णरुपले आफ्नो आधिनमा राखेका छन् । त्यस्ता अभिमान रहित पुरुषहरू सँग देवता पनि प्रतिस्पर्ध गर्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यस्स'इन्द्रियानि समथंगतानि, अस्सायथा सारथिना सुदन्ता**
**पहिनमानस्स अनासवस्स, देवपि तस्स पिहयन्ति तादिनो ॥९४॥**

**भावार्थ–**

जसरी सारथिले रथ तान्ने घोडाहरूलाई पुरै काबुमा राखेको हुन्छ । यदि त्यसो हुन सकेन भने, सारथिले रथलाई नियन्त्रण गर्न सक्दैन । रथ बेकाबु हुन्छ । त्यसरी नै आफ्ना इन्द्रियहरू पूर्णरुपले आफ्नो आधिनमा राखेका छन् । त्यस्ता अभिमान रहित पुरुषहरू सँग देवता पनि प्रतिस्पर्ध गर्दछन् ।

## ९५. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारबाट चारिकमा जाँदा नाम र गोत्र उच्चारण गरेर बोलाएनन् भन्दै एकजना भिक्षुले अहर्त सारिपुत्रसँग बैरभाव राखेका थिए । भिक्षुपरिवारका साथमा सारिपुत्र चारिकामा जान निस्किसके पछि बैरभावी ती भिक्षुले तथागतसँग भने, 'हे भन्ते,' सारिपुत्रले मलाई कम्पारो फुट्ने गरी पिटेर क्षमा याचना बिना नै भए भनेर भन्दा, तथागतले सारिपुत्रलाई बोलाएर सोधे । 'हे भन्तै,' जसमा कायगत स्मृति छैन । उ एउटा ब्रह्मचारीलाई पिटेर जान सक्छ भन्ते ? जसमा कायगत स्मृति छ, उ पृथ्वी जस्तै अकम्प्य रहन्छ आदि कुरा गरेर आफु निर्दोष रहेको तथागतलाई बताए पछि, त्यो कुरा सुनीरहेको बैर भावी भिक्षुले तथागतको आज्ञा अनुसार सारिपुत्रसँग क्षमा याचना गरे । जो पृथ्वी जस्तै अक्षुब्ध र अबाधित छ । राम्रो ब्रतहरू घारण गर्दछ । नगरद्वारमा रहने बलियो स्तम्भ जस्तै हो । जो हिलो फालिएको सङ्लो रह जस्तै छ । त्यस्ता पुरुषहरूमा संसारणको झमेला हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पठविसमो नो बिरुज्झति, इन्द्रखिलुपमो तादि सुब्बतो**
**रहँदो'ब अपेतकद्दमो, संसारा न भवन्ति तादिनो ।।९५।।**

**भावार्थ–**

जो पृथ्वी जस्तै अक्षुब्ध र अबाधित छ । राम्रो ब्रतहरू घारण गर्दछ । नगरद्वारमा रहने बलियो स्तम्भ जस्तै हो । अनि जो हिलो फालिएको पानीको सङ्लो रह जस्तै छ । त्यस्ता पुरुषहरूमा संसारणको झमेला हुँदैन ।

## ९६. समय सन्दर्भ–

एक समयमा कौसम्बीमा वर्षाबास बसेर तथागतको दर्शनार्थ श्रावस्ती जान लागेको तिस्स स्थविरको सेवाको लागि साथमा उनको सेवकले आफ्नो सात वर्षको छोरालाई ल्याएर प्रबर्जित गराइदिए । बालकलाई छिटै अहर्तत्व पनि प्राप्त भयो । स्थविर श्रावस्तीको लागि प्रस्थान गरे । बोटमा पर्ने एक बिहारमा उनीहरू बास बसे । सुत्ने बेलामा तिस्स स्थविरले हामी आगन्तुक हौं । बाहिर सुत्न ठिक हुँदैन । तिमी पनि यही सुत भन्दै आफु निदाए । श्रमनेरले उपाध्यायको साथ लागेको आज तेश्रो रात थियो । म यहाँ सुते भने, आपत्ति हुने छ, भनेर एक छेउमा रात बितायो । बिहान उठ्दा, स्थविरले यसरी बसेको देखि रिसाएर पंखाले हिर्काउदा, उसको एउटा आँखा फुट्यो । स्थविरले क्षमा माग्दा श्रमनेरले क्षमा दिँदै यसमा तपाइँको दोष छैन । जो सम्यक ज्ञान यर्थात जानकारीद्वारा बिमुक्त वा निर्वाण प्राप्त गरी शान्त हुन्छन् । उसको मन अत्यन्तै निर्मल वाणी र कर्म समेत अत्यन्तै शुद्ध र शान्त हुन पुग्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सन्तं तस्स मनं होति, सन्ता वाचा च कम्म च**
**सम्मदञ्ञाविमुत्तस्स, उपसन्तस्स तादिनो ॥९६॥**

**भावार्थ–**

जो सम्यक ज्ञान यर्थात जानकारीद्वारा बिमुक्त वा निर्वाण प्राप्त गरी शान्त हुन्छन् । उसको मन अत्यन्तै निर्मल, वाणी र कर्म समेत अत्यन्तै शुद्ध र शान्त हुन पुग्दछन् ।

## १७. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा कुनै दिन तीसजना आरण्यक भिक्षुहरू तथागतनिर आए । त्यहाँ आएर श्रद्धापूर्वक बन्दना गरी एक छेउमा बसे । त्यसपछि तथागतले अहर्तत्व सम्बन्धमा उपदेश दिँदै, अहर्त सारिपुत्र सँग पञ्चइन्द्रिय सम्बन्धि प्रश्न सोधे । तथागत र सारिपुत्र को बीचमा प्रश्न उत्तर भयो । यो सम्बाद सुनेर ती भिक्षुहरूलाई केही सन्देह भयो । यस बारेमा पनि भिक्षुहरू बीचमा केही समय छलफल र तर्कबिर्तक भयो । अन्तमा तथागतले अहर्त सारिपुत्रको उत्तर सही हो भन्दै जो अन्धबिश्बासी छैन । अकृत वा निर्वाणलाई जानेको छ । अर्थात जसले यो जन्म र पूर्वजन्मलाई सन्धि बिच्छेद गर्छ । जसले कुशल तथा अकुशल दुबै अवसरहरूलाई नष्ट गर्छ । जसले इच्छा र आकांक्षहरूलाई उल्टी गरेर त्यागे झैं, त्यागेको छ, उनी उत्तम पुरुष हुन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अस्सद्धो अकतञ्ञु च, सन्धिछेदो च यो नरो**
**हतावकासो वन्तसो, स वे उत्तमपोरिसो ॥९७॥**

**भावार्थ–**

जो अन्धबिश्बासी छैन । अकृत वा निर्वाणलाई जानेको छ । अर्थात जसले यो जन्म र पूर्वजन्मलाई सन्धि बिच्छेद गर्छ । जसले कुशल तथा अकुशल दुबै अवसरहरूलाई नष्ट गर्छ । जसले इच्छा र आकांक्षहरूलाई उल्टी गरेर त्यागे झैं, त्यागेको छ, उनी उत्तम पुरुष हुन् । उनले निर्वाण साक्षात्कार गर्ने छ ।

## ९८. समय सन्दर्भ–

एक समयमा अहर्त सारिपुत्रका भाइ रेवत बिबाह पछि बाटैबाट भागी अरण्यक भिक्षुहरूका साथ प्रबर्जित भएर खदिर बनमा आए। परिश्रम गरी सातै वर्षमा प्रतिसम्भिदा सार्थ अहर्तत्व पनि प्राप्त गरे । वर्षा बास पछि तथागत त्यहाँ आउँदा, उनले ऋद्धिबलबाट आसन बनाए । एक महिना त्यहाँ बसेर फर्कदा, दुईजना भिक्षुको केही सामान छुटेर ती भिक्षुहरू फर्कि त्यहाँ सामान लिन जाँदा बास स्थान पुरै काँडैकाँडाले भरिएको देखे। श्रावस्ती फर्के पछि भोलिपल्ट बिहान महाउपासिका बिशाखाको घरमा यवागु खान जाँदा, बिशाखाले ‘हे भन्ते,’ आर्य रेवतको बास स्थान कस्तो छ ? भनि सोध्दा, काँडैकाँडाले भरिएको छ, भन्ने उत्तर दिए। आर्को भिक्षुसँग सोध्दा, सधर्म देवसभा जस्तो छ, भन्ने उत्तर पाइन् । फरक भनाइले आश्चर्यमा परेकीले तथागतसँग सोध्दा, गाउँमा होस् वा जंगलमा, जमिनमा होस् वा आकाशमा, जहाँ अहर्तहरू विहार गर्दछन्, त्यो भूमि मनलाई लोभ्याउने खालको साँच्चिकै रमाइलो हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**गामे वा यदि वारञ्ञे, निन्ने वा यदि वा थले**
**यत्थ'अरहन्तो विहरन्ति, तं भूमि रामणेय्यकं ॥९८॥**

**भावार्थ**–

गाउँमा होस् वा जंगलमा, जमिनमा होस् वा आकाशमा, जहाँ अहर्तहरू बिहार गर्दछन्, त्यो भूमि मनलाई लोभ्याउने खालको साँच्चिकै रमाइलो हुन्छ। यसमा कुनै शंका गर्नु पर्दैन।

## ९९. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको कुनै पिण्डपातिक भिक्षुले तथागतबाट कर्म स्थान ग्रहण गरी लामो समयदेखि उजाडिएको बगैंचामा गएर श्रमण धर्म गर्न थाले । त्यही आसपासको एउटी बेश्यले कुनै पुरुषलाई त्यहाँ आउने संकेत दिएर त्यस स्थानमा गइ धेरै बेर कुरे पछि मात्र उनलाई भेटिन् । बेश्यले ती भिक्षुलाई मोहित गर्न उनको अगाडि उभिएर नाना प्रकारले हाउभाउ देखाउन थालिन् । उनको क्रियाकलपले भिक्षुलाई धर्म संवेग उत्पन्न भयो । जेतवन बिहारको गन्धकुटीबाट सर्वज्ञ तथागतले बेश्यको अनाचार र चित्तमा धर्म संवेग उत्पन्न भएको अवस्थालाई देखेर ब्यक्त गर्दै मन लोभ्याउने खालका त्यस्ता जंगल, जहाँ सर्वसाधरण मानिसहरू रमाउन सक्दैनन् । त्यही वीतरागहरू रमाउँछन् । किनभने उनीहरूले काम भोग, वासना र बिलासित बस्तुहरूको खोजि गरेको हुँदैनन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**रमणीयानि अरञ्ञानि, यत्थ न रमती जनो**
**वीतरागा रमिस्सन्ति, न ते कामगवेसिनो ॥९९॥**

**भावार्थ–**

कुनै पनि मानिसको मन लोभ्याउने खालका त्यस्ता जंगल, जहाँ सर्वसाधरण मानिसहरू रमाउन सक्दैनन् । त्यही वीतरागहरू क्षीणाश्रवहरू रमाउँछन् । किनभने उनीहरूले काम, भोग, वासना र बिलासित बस्तुहरूको खोजि गरेको हुँदैनन् ।

# धम्मपद

# सहस्र बर्ग– ८

## १००. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा तम्बदाठिक नामक एकजना जल्लाद थियो । मृत्युदण्ड पाएका चोरहरूको उसले प्रति दिन बध गर्थ्यो । पचपन्न वर्षसम्म यो काम गरेपछि राज्य बाट उनले अवकाश पायो । अवकाश पाएको दिन उसले नदीमा गएर स्नान गरी दूधमा यवागु पकाएर खाने सुरमा थियो । त्यसै बेला अहर्त सारिपुत्र भिक्षाटनको लागि उसको द्वारमा आए । उनले सारि पुत्रलाई आदार पूर्वक घरमा बसालेर यवागु खुलायो । सारिपुत्रले दानानुमोदन गरे पछि उनलाई श्रोतापतिको अनुलोमिक शान्ति प्राप्त भयो । सारिपुत्र लान लाग्दा, उ पनि अलि परसम्म पुगेर फर्कँदै थियो, गाईले हानेर मृत्यु भयो । भिक्षुहरूले तथागतसँग उनको गति बारे सोध्दा, तावतीस भूवनमा उत्पन्न भएको जानकारी पाएर पचपन्न वर्षसम्मको उनको कर्मफलको प्रशंग दिए । हजार किन नहोउन् निरर्थक वा अनर्थक पदले युक्त त्यस्ता धेरै बचनहरू भन्दा, एउटै मात्र सार्थक पद श्रेष्ट हुन्छ । जुन पद सुनेर ब्यक्तिहरू शान्त होउन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सहस्समपि चे वाचा, अनत्थपदसंहिता**
**एकमत्थपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥१००॥**

**भावार्थ–**

हजार किन नहोउन् निरर्थक वा अनर्थक पदले युक्त त्यस्ता धेरै बचनहरू भन्दा, एउटै मात्र सार्थक पद श्रेष्ट हुन्छ । जुन पद सुनेर ब्यक्तिहरू शान्त होउन् ।

## १०१. समय सन्दर्भ–

एक समयमा सुप्पारक बन्दरगाहमा लाभ सत्कारका साथ बस्ने दारुचिरिय नामक बल्कलधारी साधु तथागतको गुण र स्वभाव सुनेर चारिका गर्दै, जेतवन महाबिहार आए। तथागत भिक्षाटनमा गएको समय परेकोले उनी त्यही गइ धर्मोपदेशको लागि प्रार्थना गरे। पहिले त असमय भन्यो। दोश्रो पटक पनि प्रार्थना गरेकोले उभिएरै उपदेश दिए। उपदेश सुनेपछि उनको चित्त सबै मयलबाट बिमुक्ति भयो। तथागतलाई प्रणाम गरेर फर्कन लाग्दा, गाईले हानेर मृत्यु भयो। तथागतकै उपस्थितिमा दारुचिरियको मृत शरीर चित्ता बनाएर जलाइयो। उनको स्मृतिमा त्यही स्थानमा स्तुपा बनाइयो। त्यसपछि जेतवन बिहार गएर दारुचिरियको पूर्वजन्मको जातक कथामा तथागतसँग कस्तो सम्बन्ध थियो भन्ने प्रशंग सुनाए। हजार किन नहोउन, निरर्थक पदहरूले युक्त त्यस्ता धेरै गाथाहरू भन्दा, एउटै मात्र भए पनि सार्थक गाथामा निबद्ध पद श्रेष्ट हुन्छ। जुन पद सुनेर ब्यक्तिहरू शान्त होउन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**–

**सहस्समपि चे गाथा, अनत्थपदसंहिता**
**एवं गाथापदं सेय्यो, यं सुत्वा उपसम्मति ॥१०१॥**

**भावार्थ**–

हजार किन नहोउन, निरर्थक पदहरूले युक्त त्यस्ता धेरै गाथाहरू भन्दा, एउटै मात्र भए पनि सार्थक गाथामा निबद्ध पद श्रेष्ट हुन्छ। जुन पद सुनेर ब्यक्तिहरू शान्त होउन्।

## १०२. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा कुण्डलकेशी नामकी परिब्रजिका सधै जामुनाको हाँगो लिएर धुम्थिइन् । भिक्षाटनमा जाँदा पनि जामुनाको हाँगा गाडेर, जसले मेरो प्रश्नको उत्तर दिन्छ, उसैले यो हाँगो पनि उखेल्छ भन्थिन् । यस्तै गर्दै एकदिन जब उनी श्रावस्ती पुगिन् र जामुनाको हाँगो गाडेर भिक्षाटनमा गइन् । अहर्त सारिपुत्रले केटाहरू लगाएर, त्यो हाँगो उखेलिदिए । फर्के पछि हाँगो उखेलेको देखेर केटाहरूसँग सोधिन् । पछि सारिपुत्रसँग गएर आफ्नो प्रश्नहरू राखिन् । सारिपुत्रले सबै उत्तर दिए । सारिपुत्रले पनि उनीसँग एक नाम के हो ? भनेर प्रश्न गरे । उनले उत्तर दिन सकिन । सारिपुत्रले प्रबर्जित नभइ बताउन मिल्दैन भने पछि, उनी भिक्षुनी भइन् । ध्यान, भावना र साधना गरी अहर्तत्व पनि प्राप्त गरिन् । सय नै किन नभट्याउन निरर्थक पदले युक्त त्यस्ता धेरै गाथा भन्दा, एउटै भए पनि सार्थक पद श्रेष्ट हुन्छ । जुन पद सुनेर सबै शान्त होउन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो च गाथा सतं भासे, अनत्थपदसहिंता**
**एकं धम्मपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥१०२॥**

**भावार्थ–**

सय नै किन नभट्याउन निरर्थक पदले युक्त त्यस्ता धेरै गाथा भन्दा, एउटै भए पनि सार्थक गाथा श्रेष्ट हुन्छ । जुन पद सुनेर सबै शान्त होउन् । मार्ग दर्शन गरुन् । जीवनको मूल उद्देश्यलाई साक्षत्कार गर्न सफल होउन ।

## १०३. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा कुण्डलकेशी नामकी परिब्रजिका सधै जामुनाको हाँगो लिएर धुम्थिइन् । भिक्षाटनमा जाँदा पनि जामुनाको हाँगा गाडेर, जसले मेरो प्रश्नको उत्तर दिन्छ, उसैले यो हाँगो पनि उखेल्छ भन्थिन् । यस्तै गर्दै एकदिन जब उनी श्रावस्ती पुगिन् र जामुनाको हाँगो गाडेर भिक्षाटनमा गइन् । अहर्त सारिपुत्रले केटाहरू लगाएर, त्यो हाँगो उखेलिदिए । फर्के पछि हाँगो उखेलेको देखेर केटाहरूसँग सोधिन् । पछि सारिपुत्रसँग गएर आफ्नो प्रश्नहरू राखिन् । सारिपुत्रले सबै उत्तर दिए । सारिपुत्रले पनि उनीसँग एक नाम के हो ? भनेर प्रश्न गरे । उनले उत्तर दिन सकिन । सारिपुत्रले प्रबर्जित नभइ बताउन मिल्दैन भने पछि, उनी भिक्षुनी भइन् । ध्यान, भावना र साधना गरी अहर्तत्व पनि प्राप्त गरिन् । यद्यपि कसैले सँग्राममा हजारौं मानिसहरूलाई जिते पनि त्यसले खासै अर्थ राख्दैन । तर, जसले आफैले आफुलाई जित्न सक्छ, त्यही मानिस असली बिजेता हो भन्दै दिएको उपदेशको पालीगाथा ।।१०२।।

**पालीगाथा**– *****

**यो सहस्सं सहस्सेन, सँगामे मानुसे जिने**

**एकञ्च जेय्यमत्तानं, स वे सङ्गामजुत्तमो ।।१०३।।**

**भावार्थ**–

यद्यपि कसैले सँग्राममा हजारौं मानिसहरूलाई जिते पनि त्यसले खासै अर्थ राख्दैन । तर, जसले आफैले आफुलाई जित्न सक्छ त्यही मानिस असली बिजेता हो ।

## १०४. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारको क्षेत्रमा बिहार गर्दा, एकजना जुवाडे ब्राह्मणले तथागतसँग आएर अनर्थको बारेमा सोधे । तथागतले अनर्थको बारेमा बृतान्त बताए पछि फेरि ब्राह्मणसँग सोधे । 'हे ब्राह्मण,' तिमी जुवामा जित्छौँ कि हार्छौ ? भनेर सोधे । यो जुवामा कहिले जित्छु । कहिले हार्छु, यसै भन्न सकिन्न ब्राह्मणले सिधा भन्यो । 'हे ब्राह्मण,' जुवामा अरुलाई जित्नु भन्दा, आफैले आफुलाई जित्नु उत्तम हो । जसले आफुलाई जित्न सक्छ त्यही मानिस असली बिजेता हो । त्यस्तो मानिसले ब्रह्माण्डनै जित्न सक्छ । उसलाई कसैले पनि हराउन सक्दैन । हाम्रो मानव जीवन राग, द्वेष, माया, मोहा, काम, वासना र तृष्णाले ढाकेको हुन्छन् । जस्ले निरन्तर संयमित भएर रहन सक्ने आत्म अर्थात दमनकारी पुरुषको लागि निश्चय नै अरु मानिसहरूलाई जित्नु भन्दा स्वयं माथिको बिजय नै श्रेष्टकर हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**अत्ता हवे जितं सेय्यो, या चायं इतरा पज**
**अत्तदन्तस्स पोसस्स, निच्चं सञ्ञतचारिनो ॥१०४॥**

**भावार्थ–**

हाम्रो मानव जीवन राग, द्वेष, माया, मोहा, काम, वासना र तृष्णाले ढाकेको हुन्छन् । जस्ले निरन्तर संयमित भएर रहन सक्ने आत्म अर्थात दमनकारी पुरुषको लागि निश्चय नै अरु मानिसहरूलाई जित्नु भन्दा स्वयं माथिको बिजय नै श्रेष्टकर हो । उसलाई कसैले पनि हराउन सक्दैन ।

## १०५. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारको क्षेत्रमा बिहार गर्दा एकजना जुवाडे ब्राह्मणले तथागतसँग आएर अनर्थको बारेमा सोधे । तथागतले अनर्थको बारेमा यसको भावर्थ बृतान्त बताए पछि फेरि ब्राह्मणसँग सोधे । 'हे ब्राह्मण,' तिमी जुवा किा खेल्छौं । जुवामा जित्छौं कि हार्छौ ? भनेर सोधे । यो जुवामा नराम्रो लत परेको छ । बेलाबखतमा खेलिन भने, मन सन्तुष्ट हुँदैन । साथि भाइको मन राख्न पनि खेल्नु पर्छ । कहिले जित्छु । कहिले हार्छु । यसै भन्न सकिन्न, ब्राह्मणले सिधा भन्यो । 'हे ब्राह्मण,' जुवामा अरुलाई जित्नु भन्दा, आफैले आफुलाई जित्नु उत्तम हो । जसले आफुलाई जित्न सक्छ त्यही मानिस असली बिजेता हो । त्यस्तो मानिसले ब्रह्माण्डनै जित्न सक्छ । उसलाई कसैले कहिकतै पनि हराउन सक्दैन । यस प्रकारका आत्म बिजयी ब्यक्तिहरूको बिजयलाई देव असुर, यक्ष, गन्दर्भ, किन्नर, नाग, गरुड, अष्टबर्ग आदिले पनि पराजयमा साटफेर गरी उल्टाउन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा ॥१०४॥

**पालीगाथा–**

**न'एव देवो न गन्धब्बो, न मारो सह ब्रहमुना**
**जितं अपजितं कयिरा, तथारुपस्स जनतुनो ॥१०५॥**

**भावार्थ–**

यस प्रकारका आत्म बिजयी ब्यक्तिहरूको बिजयलाई सुर, असुर यक्ष, गन्दर्भ, किन्नर, नाग, गरुड, अष्टबर्ग आदिले पनि पराजयमा साटफेर गरी उल्टाउन सक्दैन ।

## १०६. समय सन्दर्भ–

एक समयमा राजगृहको वेनुबनमा बिहार गर्दा, एकदिन अहर्त सारिपुत्र स्थविरले आफ्नो मामा जीवराम ब्राह्मणस गएर, 'हे मामा,' के तपाइँले कुनै पुण्य कर्म गर्दै हुनुहुन्छ ? भनेर सोधे । 'हे भन्ते,' मृत्यु पछि ब्रह्मलोक जानको लागि महिना महिनामा हजार रुपैयाको दरले खर्च गरेर निर्ग्रन्थहरूलाई दान दिने गर्छु । आफ्नो मामाको कुरा सुनेर सारिपुत्रले ब्रह्मलोक जाने बाटो सोध्नको लागि मामालाई पनि लिएर तथागतसँग गए । ब्राह्मणले आफ्नो सबै इतिबृति सुनाए । 'हे ब्राह्मण,' ब्रह्मलोक भन्ने ठाउँ कहाँ छ ? तपाइँको पुरेत ब्रह्मलोक गएर आउनु भएको छ ? कसैले प्रत्येक महिनामा हजारको सयगुणा एकलाख बराबरको पटक वा समयसम्म पूजन गरोस् । अथवा एकजना आत्म शोधक परिशुद्ध मन भएकोलाई मुहुर्त भरि मात्र पुजोस् । सुयोग्य ब्यक्तिको एक मुहुर्तको पूजा नै सय वर्षसम्म गरेको हवन भन्दा उत्तम हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**मासे मासे सहस्सेन, यो यजेथ सतं समं**
**एकञ्च भावित'अत्तानं, मुहुत्तमपि पूजय**
**सा एवं पूजना सेय्यो, यं चे वस्ससतं हुतं ॥१०६॥**

**भावार्थ–**

कसैले प्रत्येक महिनामा हजारको सयगुणा बराबरको पटक वा समयसम्म पूजन गरोस् । अथवा एकजना आत्म शोधक परिशुद्ध मन भएकोलाई मुहुर्त भरि मात्र पुजोस् । सुयोग्य ब्यक्तिको एक मुहुर्तको पूजा नै सय वर्षसम्म गरेको हवन भन्दा उत्तम हुन्छ ।

## १०७. समय सन्दर्भ–

एक समयमा अहर्त सारिपुत्र स्थविरको भान्जा कनक ब्रह्मण ब्रह्मलोक जानको लागि महिना महिनामा एक एक पशु मारेर अग्निहोत्र पूजा गर्दथे। एकदिन अहर्त सारिपुत्र उनको भान्जालाई उपदेश दिन गए। तर उनको भान्जालाई सारिपुत्रको कुरामा बिश्वास लागेन। त्यसैले ब्रह्मलोकको बाटोको बारेमा तथागतले मात्र सही ढंगले बताउन सक्नु हुन्छ भनेर बिश्वास दिलाए पछि, उनलाई तथागतकहाँ ल्याए। तथागतले उनको सबै कुरा सुने पछि परिशुद्ध मन भएको सुयोग्य ब्यक्तिको एक मुहुर्तको पूजा नै सय वर्षसम्म गरेको हवन भन्दा उत्तम हुने छ। कुनै ब्यक्तिले बनमा रहेर अग्नि परिचर्या अग्निहोत्र यज्ञा गरोस्। एकजना मात्र आत्म शोधक परिशुद्ध भएकोलाई मुहुर्तभरि पुजोस्। सुयोग्य ब्यक्तिको एक मुहुर्तको पूजा नै सय वर्षसम्म गरेको हवन भन्दा उत्तम हुनेछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यो च बस्ससतं जन्तु, अग्गिं परिचरे वने**
**एकं च भावित'अत्तानं, मुहुत्तमपि पूजये**
**सा येव पूजना सेय्यो, यं चे बस्ससतं हुतं ॥१०७॥**

**भावार्थ–**

कुनै ब्यक्तिले बनमा रहेर अग्नि परिचर्या अग्निहोत्र यज्ञा गरोस्। एकजना मात्र आत्म शोधक परिशुद्ध भएकोलाई मुहुर्तभरि पुजोस्। सुयोग्य ब्यक्तिको एक मुहुर्तको पूजा नै सय वर्षसम्म गरेको हवन भन्दा उत्तम हुनेछ।

## १०८. समय सन्दर्भ–

एक समयमा अहर्त सारिपुत्र स्थविरको कुनै मित्र ब्रह्मलोक जानको लागि यज्ञ गर्दै थियो । एकदिन सारिपुत्र उनकै घरमा गएर धर्मोपदेश गरे । तर, उनको कुराले बिश्वास्त हुन नसके पछि ब्रह्मलोक छ कि छैन ? कहाँ छ ? कस्तो छ ? कसरी जान सकिन्छ ? कति टाढा छ ? कसरी जाने ? त्यहाँसम्म जाने सरल बाटोको बारेमा तथागतले मात्र सही ढंगले बताउन सक्नु हुन्छ भनेर बिश्वास दिलाएर उनलाई तथागतकहाँ ल्याए । तथागतले उनको सबै कुरा सुने पछि परिशुद्ध मन भएको सुयोग्य ब्यक्तिको एक मुहुर्तको पूजा नै सय वर्षसम्म गरेको हवन भन्दा उत्तम हुन्छ । संसारमा पुण्य चाहने कुनै पनि ब्यक्ति एक वर्षसम्म भविष्यको अहुति दिँदै यज्ञ गरोस् । तर त्यो सबै जोडदा पनि उत्तम पुरुषको मुहूर्त मात्रको अभिवादनको एक चौथाइ बराबर पनि हुँदैन । सरल चित्त भएका श्रेष्टजनको अभिवादन नै श्रेष्ट हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यं किञ्चि यिट्ठं च हुतं च लोके, संवच्छरं यजेथ पुञ्ञपेक्खो**
**सब्बम्पि तं न चतुभागं'एति, अभिवादन उज्जुगतेसुसेय्यो ॥१०८॥**

**भावार्थ–**

संसारमा पुण्य चाहने कुनै पनि ब्यक्ति एक वर्षसम्म भविष्यको अहुति दिँदै यज्ञ गरोस् । तर त्यो सबै जोडदा पनि उत्तम पुरुषको मुहूर्त मात्रको अभिवादनको एक चौथाइ बराबर पनि हुँदैन । सरल चित्त भएका श्रेष्टजनको अभिवादन नै श्रेष्ट हो ।

# १०९. समय सन्दर्भ–

एक समयमा तथागत दीर्घलम्कमा बस्नु भएको बेला एकदिन कुनै ब्राह्मण आफ्नो छोरा र पत्निकासाथ आएर तथागतलाई प्रणाम गरे। तथागतले ती ब्राह्मण र उनकी पत्नीलाई दीर्घायु होस् भन्नु भयो। तर बालकले प्रणाम गर्दा भने, चुपचाप रहनु भयो। यो देखेर ब्राह्मणले कारण सोध्दा, तथागतले यो बालकको आयु केवल एक साता मात्र बाँच्छ भन्नु भयो। ब्राह्मणले दीर्घायुको उपाय सोधे। तथागतले उनको घरमा मण्डप बनाएर एक सातासम्म परित्राणपाठ गराए पछि मात्र आठौं दिनमा बालकले प्रणाम गर्दा, दीर्घायु होस् भन्नु भयो। ब्राह्मणले यो कति वर्ष बाँच्छ भनि सोध्दा, एकसय बीस वर्षसम्म भन्नु भयो। यसै प्रसँगमा एकदिन धर्मसभामा पनि चर्चा चलेको भन्दै कुनै पनि मानिसहरू स्वभावले नै बिनम्र एवं बृद्धजनहरूको सेवा गर्ने मानिसका आयु, बर्ण, सुख र बल यी कुराहरू बढेर जान्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अभिवादनसिलिस्स, निच्चं बुड्ढापचायिनो**
**चतारो धम्मा बड्ढन्ति, आयु बण्णो सुखं बलं ॥१०९॥**

**भावार्थ–**

यो भवसागरमा जन्मिने कुनै पनि मानिसहरू स्वभावले नै बिनम्र हुन्छन्। बाल र बृद्धजनहरूको सेवा गर्ने मानिसका आयु, बर्ण सुख, सयल र बल यी सबै कुराहरू बढेर स्वयं जान्छन्। पुण्य भनेको यही हो भनेर बुझ्नु पर्छ।

## ११०. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा तथागतबाट तीस जना भिक्षुहरूले कर्मस्थान ग्रहण गरेर ध्यान, भावना र साधनाको लागि जंगल जानाको लागि आज्ञा माग्दा, तथागतबाट उनीहरूको भविष्य बिध्न देखेर अहर्त सारिपुत्रलाई भेटेर जानु भन्ने आज्ञा भए पछि अहर्त सारिपुत्रलाई भेटदा, उनले सकिच्च श्रमनेरलाई पनि सँगै लगेर जानु भने । उनीहरूले त्यही अनुसार सकिच्च श्रमनेरका साथ श्रावस्तीबाट एक सय बीस योजन ४८० कोस टाढा जंगलमा गइ ध्यान भावना र साधना गर्न थाले । त्यसै जंगलमा ५०० चोर बस्दथे । एकदिन चोरहरू आएर बलि चढाउनको लागि एकजना भिक्षु मागे । अरु भिक्षु जान तयार हुँदाहुँदै पनि सकिच्च श्रमनेर जिद्धि गरेर बलिको लागि गए । बलि काट्दा तरवार नै बांगियो । सबै चारले श्रमनेरसँग क्षमा माग्दै प्रबर्जित भए । खराब बानि भएको दुःशील इन्द्रियहरू जित्न सकेको छैन । एकाग्र पनि छैन भने, सय वर्ष बाँच्ने भन्दा, शीलवान पुरुषको एकदिनको जीवन श्रेष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो च वस्ससतं जीवे, दुस्सीलो असमाहितो**
**एकाहं जीवितं सेय्यो, शीलवन्तस्स झायिनो ।।११०।।**

**भावार्थ–**

खराब बानि भएको दुःशील इन्द्रियहरू जित्न सकेको छैन । एकाग्र पनि हुन सकेको छैन भने, सय वर्ष बाँच्ने भन्दा, शीलवान पुरुषको एकदिनको जीवन श्रेष्ट हुन्छ ।

## १११. समय सन्दर्भ–

एक समयमा खाणु कौण्ड्य स्थविर जंगलमा ध्यान, भावना र साधना सकेर तथागतको दर्शन गर्न जेतवनतिर आउँदै थियो। लामो बाटोको थकाइको कारण ढुंगाको चट्टानमा बसेर साधना गरिरहँदा रातमा चोरहरूले लुटेर ल्याएको धनमालहरू स्थविरलाई मुढो सम्भेर उनै माथि राखेर सुते। भोलि पल्ट बिहानै सामान लिएर जान लाग्दा, स्थविर उठेको देखे पछि उनलाई अमनुष्य सम्भेर डरले चिच्याउँदै भाग्न थाले। स्थविरले न डराउ, म भिक्षु हुँ भने पछि, ती चोरहरू फर्केर आइ क्षमा मागेर, उनैसँग प्रबर्जित भए। त्यसपछि खाणु कोण्ड्य स्थविर उनीहरूलाई लिएर तथागतसँग आए। उनीहरूको सबै कुरा सुने पछि जो मानिस गलत आचरणमा हुर्केको छ। आफ्नो इन्द्रियहरूलाई जित्न पनि सकेको छैन। एकाग्र पनि छैन। सय वर्ष बाँच्ने त्यस्तो मानिसको भन्दा, ध्यानी पुरुषको एकै दिनको जीवन श्रेष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यो च वस्ससतं जीवे, दुप्पञ्ञो असमाहितो**
**एकाहं जीवितं सेय्यो, पञ्ञावन्तस्स झायिनो ॥१११॥**

**भावार्थ–**

यो भवसागरको जो मानिस गलत आचरणमा हुर्केको हुन्छ। आफ्नो इन्द्रियहरूलाई जित्न पनि सकेको हुँदैन। एकाग्र पनि हुन सकेको छैन भने सय वर्ष बाँच्ने त्यस्तो मानिसको भन्दा, ध्यानी पुरुषको एकै दिनको जीवन श्रेष्ट हुन्छ।

## ११२. समय सन्दर्भ–

एक समयमा एकजना भिक्षु प्रबर्जित भएको केही दिनमै भिक्षुचर्याबाट उदास भए । उनले अब म फेरी गृहस्तमा फर्किनु भन्दा, आत्महत्या गर्न बेस हुन्छ भनेर मनमा सोँचे । उनले सर्पलाई टोकाएर मर्ने प्रयास पनि गर्यो तर, सफल भएन । त्यसैले गर्दा उनको नाम पनि सप्पदासक रह्यो । एकदिन नाउको छुरी लिएर आत्महत्या गर्न जेतवनबाट बाहिरा गइ एउटा रुख समातेर उभिए । त्यसै समय उनलाई उपसम्पदादेखि लिएर आफ्नो शील एकदमै परिशुद्ध देखा पर्यो । यसबाट प्रिति उत्पन्न भएर चित्त बिपाश्यनातिर डौड्यो । त्यही उभिँदा उभिँदै उनलाई अहर्तत्व प्राप्त भयो । यो कुरा थाहा पाएर, एकदिन भिक्षुहरूले तथागतसँग, 'हे भन्ते,' सप्पदासक स्थविरले त छुरी लिएर आत्महत्या गर्न उभिँदा उभिँदै अहर्तत्व प्राप्त गरे भन्ने प्रशंगमा सय वर्ष बाँच्ने अल्छि र उद्योगहिन मान्छेको जीवन भन्दा दृढताका साथ उद्योग गर्ने बालवान र असल पुरुषको एकदिनको जीवन श्रेष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो च वस्ससतं जीवे, कुसितो हीनविरियो**
**एकाहं जीवितं सेय्यो, वीरियमारभतो दल्हं ।।११२।।**

**भावार्थ–**

सय वर्ष बाँच्ने अल्छि र उद्योगहिन मान्छेको जीवन भन्दा दृढताका साथ उद्योग गर्ने बालवान र असल पुरुषको एकदिनको जीवन श्रेष्ट हुन्छ । नपत्याए अजमाएर हेर्नु ।

## ११३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै महिला आफ्ना दुई छोराहरू र पति मरेको तथा आमा, बाबा र भाइ समेत एउटै चित्तामा जलेको देखे पछि बौलाइन् । उनी आफ्नो लुगाको पनि ख्यालै नगरी नाङ्गै घुम्न थालिन् । एकदिन जेतवन जाना लाग्दा, त्यहाँ रोक्न खोजे । तर तथागतले नरोक्नु भने । तथागतको नजिकै जाँदा उनको चेतना खुल्यो । आफुलाई नाङ्गै देखेर लज्जित भइ भुइमा थुचुक्क बसिन् । कसैले बस्त्र दिए पछि तथागतलाई पञ्चाङ्ग प्रणाम गरिन् । तथागतको उपदेश सुने पछि श्रोतापतिफल प्राप्त गरिन् । प्रबर्जित भए पछि उनको नाम पटाचारा थेरी राखियो । एकदिन उनले गोडा धुदै गर्दा, पञ्चस्कन्धहरूको उत्पति र बिनाशको बारेमा मनन् गर्दै थिइन् । त्यसै समयमा गन्धकुटीबाट उनको चित्त प्रबृति जानी उनकै अगाडि उभिएर जो पञ्चस्कन्धको उत्पति र बिनाशलाई देख्दैन । सय वर्ष बाँच्नु भन्दा, उत्पति र बिनाशको प्रणाली जान्ने वा देख्ने मानिसको एकै दिनको जीवन श्रेष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**यो च वस्ससतं जीवे, अपस्सं उदयब्बयं**
**एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ॥११३॥**

**भावार्थ**–

जो पञ्च स्कन्धको उत्पति र बिनाशलाई देख्दैन । त्यस्ता मानिसहरू सय वर्ष बाँच्नु भन्दा, उत्पति र बिनाशको प्रणाली जान्ने वा देख्ने मानिसको एकै दिनको जीवन श्रेष्ट हुन्छ ।

## ११४. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको एक सम्पन्न सेठकी पत्नी किसा गौतमी आफ्नो एक्लो प्यारो छोराको मृत्यु भए पछि यसलाई काखमा लिएर मरेकालाई ब्युताउने बैद्यको खोजिमा घुम्दै थिइन्। यही क्रममा उनी तथागतकहाँ पुगिन् । उनले आफ्नो छोरा ब्युताइदिन अनुरोध गरिन् । 'हे गौतमी,' तिम्रो छोरालाई ब्युताउनको लागि अलिकति सर्स्युँ चाहिन्छ । तर, त्यो घरमा कहिल्यै पनि मानिस मरेको हुनु हुँदैन भने । गौतमी, दौडिएर गाउँमा सर्स्युँ माग्न पुगिन् । उनले सारा नगर घुमिन । तर, मानिस नमरेको घर कतै पनि भेटिएन । उ खालि हात फर्कियो । 'हे गौतमी,' मैले भने जस्तो सर्स्युँ ल्यायो त ? भनेर सोध्दा, 'हे भन्ते,' म अज्ञानीले तपाइँको आसय नबुझिकनै सर्स्युँ खोज्न गए । मलाई अहिल्यै प्रबज्य दिनु भन्दै गरेको अवस्थालाई ब्यक्त गर्दै, जो निर्वाणको बास्तविक अवस्थालाई नजानेर, नदेखेर सय वर्षसम्म बाँच्नु भन्दा, अमृतपदलाई जानी हेक्का राख्ने असल पुरुषको एकदिनको जीवन श्रेष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**यो च वस्ससतं जीवे, अपस्सं अमतं पदं**
**एकाहं जीवितं सेय्यो, पस्सतो अमतं पदं ॥११४॥**

**भावार्थ–**

जो निर्वाणको बास्तविक अवस्थालाई नजानेर, नदेखेर सय वर्षसम्म बाँच्नु भन्दा, अमृतपदलाई जानी हेक्का राख्ने असल पुरुषको एकदिनको जीवन श्रेष्ट हुन्छ ।

## ११५. समय सन्दर्भ–

एक समयमा श्रावस्तीकी एक महिलाको सात छोराहरू र सात छोरीहरू थिए। उनको पति मरे पछि छोराहरू सबैलाई सम्पत्ति बराबर बाँडिदिए । उनी पालैपालो छोराहरूसँग बस्न थालिन । केही समय पछि छोरा बुहारीहरूले उनलाई हेला गरिन् । समयमा खाना लाउन नपाए पछि उनले दुःख पाइन् । उनको कुरा छोरा बुहारीहरूले नसुने पछि, उनी जेतवन गएर तथागतसँग प्रबर्जित भइन् । भिक्षुनीहरूले उनको नाम पनि उनकै परिवारको अवस्था र अतीतलाई प्रतिबिम्बित हुने गरी बहुपुत्रिका थेरी राखे । बृद्धावस्थामा प्रबर्जित भएकी र उनको परिवारलाई सबै भिक्षु र भिक्षुनीहरू सबैले पनि चिन्ने भएकाले बहुपुत्रिका थेरी भिक्षुहरू र भिक्षुनीहरू बीचमा एकदमै चर्चित भइन् । उनले धर्ममा एकदमै चित्त लगाएको देखेर गन्धकुटीबाटै जो उत्तम धर्मलाई नजानेर वा वास्त नगरेर सय वर्षसम्म बाँच्दछन् । त्यस्तो मान्छे भन्दा उत्तम धर्मलाई जान्ने र बुझ्ने असल पुरुषको एकै दिनको जीवन श्रेष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**यो च वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं**
**एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं ॥११५॥**

**भावार्थ**–

जो उत्तम धर्मलाई नजानेर वा वास्त नगरेर सय वर्षसम्म बाँच्दछन् । त्यस्तो मान्छे भन्दा, उत्तम धर्मलाई जान्ने र बुझ्ने असल पुरुषको एकै दिनको जीवन श्रेष्ट हुन्छ ।

# धम्मपद
# पाप बर्ग– ९

## ११६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा चुलएकसाटक नामक ब्राह्मण थियो । उनीसँग एउटा मत्र च्यादर थियो । लोग्ने स्वास्नी दुबैले त्यही ओड्ने गर्थ्यो । एक रात जेतवनमा तथागतको उपदेश सुने पछि ब्राह्मणले त्यो च्यादर तथागतलाई दान दिने बिचार गरे । तर मोह-मात्सर्यसँग द्वन्द्व चलिरहँदा पहिलो र दोश्रो याम त्यतिकै बित्यो । पछिल्लो समयमा तथागतमा त्यो समर्पण गरेर, मैले जितैं भने । उनले त्यसो भन्नुको कारण बुझ्दा, महादुष्कर दान दिएको हुनाले ब्राह्मणले यसो भनेको हुन् भन्ने थाहा पाइ, कोसल नरेश प्रसेनजितले उनलाई क्रमश ३२ जोर लुगा दिँदा, आफुले एक जोर मात्र राखेर सबै तथागतलाई दान गरे । यसरी राजाले हात्ती, घोडा, स्त्री, गाउँ, कार्षपण आदि दिए । यस बारेमा चर्चा हुँदा, मानिसहरूले पुण्यकर्महरू मनमा उत्पन्न हुने बित्तिकै काम छिटै गरिहलोस् । पापबाट चित्तलाई हटावोस् । पुण्यकार्य मन्द गतिले ढिलो गर्नेको मन, साँच्चै नै पापकर्मतिर ढल्किन थाल्छ । तत्कालै गरीहाल्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अभित्थरेथ कल्याणे पापा चित्रं निवारये**

**दन्धं हि करोतो पुञ्ञं पापस्मिं रमती मनो ।।११६।।**

**भावार्थ**–

मानिसहरूले कल्याणकारी काम छिटै गरिहलोस् । पापबाट चित्तलाई हटावोस् । पुण्यकार्य मन्द गतिले ढिलो गर्नेको मन, साँच्चै नै पापकर्मतिर ढल्किन थाल्छ ।

## ११७. समय सन्दर्भ–

एक समयमा आर्य लालुदायी स्थविरले भनेको हुँदा सेय्यसक स्थविरले पटक पटक संघादिसेस कर्म गरे । त्यसै कार्यबाट तथागतले उनलाई चिने पछि शिक्षापदको प्रज्ञापन गरी पाप कर्मले त यो जुनीमा मात्र होइन, मरे पछि पनि सधै दुःख दायक हुन्छ । यदि कसैले पाप गरेको छ। गर्छ वा गर्न लगाएको छ भने त्यस्तो काम दोहराएर कसैले पनि नगरोस् । त्यसपट्टि स्वयं प्रबृत्त भएर प्राप्त हुने खुसीमा हर्षानुभूति नगरोस् । पापलाई थुपारेर राख्ने काम सधै दुःखद्‌ायी हुन्छ । अतीतको राम्रो नराम्रो कर्मफलको प्रभाव यस जुनीमा पनि छाँया जस्तै गरी पछ्याइ रहेको हुन्छ । तर, हामीहरूले यसको प्रभाव कहाँ, कहिले र कसरी भैरहेको छ ? हामीले स्पष्ट अनुभूति गर्न सकेको हुँदैन । यदि कसैले पाप गरेको छ । गर्छ वा गरायको छ भने त्यस्तो काम दोहराएर कसैले पनि नगरोस् । त्यसपट्टि स्वयं प्रबृत्त भएर प्राप्त हुने खुसीमा हर्षानुभूति नगरोस् । पापलाई थुपारेर राख्ने काम सधै दुःखद्‌ायी हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पापञ्चे पुरिसो कयिरा, न तं कयिरा पुनप्पुनं**
**न तम्हि छन्दं कयिराथ, दुक्खो पापस्स उच्चयो ॥११७॥**

**भावार्थ–**

यदि कसैले पाप गरेको छ। गर्छ वा गरायको छ भने त्यस्तो काम दोहराएर कसैले पनि नगरोस् । त्यसपट्टि स्वयं प्रबृत्त भएर प्राप्त हुने खुसीमा हर्षानुभूति नगरोस् । पापलाई थुपारेर राख्ने काम सधै दुःखद्‌ायी हुन्छ ।

## ११८. समय र सन्दर्भ–

एक समयमा पिप्फली गुफाबाट ध्यान, भावना र साधना सकेर भिक्षाटनको लागि निस्केको महाकाश्यप स्थविरलाई खेतको देखभाल गर्ने एउटा कन्याले लावा दान दिइन् । स्थविर दान लिएर गइसके पछि ती कन्या सर्पको डसाइबाट मरिन् । प्रसन्न चित्तले स्थविरलाई दान दिएको पुण्यले तावतीस भूवनमा देवकन्या भएर जन्मिए । स्थविरलाई दान दिएकै कारणले आफुले राम्रो जुनी पाएको थाहा पाइ सम्प्राप्ति स्थिर रहोस् भनी उनले सधै एका बिहानै पिप्फली गृहामा आएर घुर बढार्ने, पानी ल्याएर राखिदिने जस्ता कार्य पनि गर्न थालिन् । यो कुरा थाहा पाएका स्थविरले उनले उनलाई त्यस्तो काम फेरि नगर्न आदेश दिए । पटक पटक निषेध गरे पछि उनी आकाशमा गएर रुन थालिन् । यसरी रोएको शब्द सुनी गन्धकुटीबाटै यदि कुनै मानिसले पुण्य गर्छ भने, पुण्यकार्यहरू बारम्बार गरिरहोस् । स्वच्छन्द रुपले त्यसपट्टि रत र हर्षित रहोस् । किनभने पुण्यको सञ्चय सुखदायक हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पुञ्ञञ्चे पुरिसो कयिरा, कयिराय्'एनं पुनप्पुनं**
**तम्हि छन्दं कयिराथ, सुखो पुञ्ञस्स उच्चयो ॥११८॥**

**भावार्थ–**

यदि कुनै मानिसले पुण्य गर्छ भने, पुण्यकार्यहरू बारम्बार गरिरहोस् । स्वच्छन्द रुपले त्यसपट्टि रत र हर्षित रहोस् । किनभने पुण्यको सञ्चय सुखदायक हुन्छ ।

## ११९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको महाउपासक श्रोतापन्न अनाथपिण्डकलमई उनको घरको चौथो ढोकामा बस्ने द्यौताले राती सुत्ने बेलामा आएर भने । 'हे गृहपति,' धेरै दान दिँदादिँदै तिमी गरीब भैसक्यो । अब श्रमण गौतम र भिक्षुहरूलाई दान गर्न छाडेर, बाँकी घन ब्यापार ब्यवसाय मा लगाउँ । यो कुरा सुनेर रिसाएको श्रोतापन्न महाउपासक अनाथपिण्डकले द्यौतालाई गाली गर्दै घर छाडेर जानु भन्यो । तर, द्यौताले देवइन्द्रसँग परामर्श गरेर महाउपासकको अन्न भण्डारको साथै चौवन्न करोड असर्फीले ढिकुटी भरिदिए। उनले द्यौतासँग क्षमा माग्यो। भोलिपल्ट द्यौतालाई तथागतसँग लिएर गयो । द्यौताले बुद्धलाई ढोगेर क्षमा मागे । उनले पनि महाउपासकको तर्फबाट क्षमा माँगे । यसै प्रसँगमा उनको पूर्वजुनीको जातक बताउँदै जबसम्म पापहरू परिपक्क हुँदैनन् । तबसम्म पापीले पापलाई राम्रो मलाईको रुपमा हेर्ने गर्छन् । जब पापहरू पाक्दै जान्छन् । अनि मात्र उनले पापहरू देख्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**पापो पि पस्सति भद्रं याव पापं न पच्चति**

**यदा च पच्चति पापं, अथ पापो पापानि पस्सति ॥११९॥**

**भावार्थ**–

जबसम्म पापहरू परिपक्क हुँदैनन् । तबसम्म पापीले पापलाई राम्रो मलाईको रुपमा हेर्ने गर्दछन् । जब पापहरू पाक्दै जान्छन् । अनि मात्र उनले पापहरू देख्दछन् ।

## १२०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको महाउपासक श्रोतापन्न अनाथपिण्डकलाई उनको घरको चौथो ढोकामा बस्ने द्यौताले राती सुत्ने बेलामा आएर भने । 'हे गृहपति,' धेरै दान दिँदादिँदै तिमी गरीब भैसक्यो । अब श्रमण गौतम र भिक्षुहरूलाई दान गर्न छाडेर, बाँकी धन ब्यापार ब्यवसायमा लगाउँ । यो कुरा सुनेर रिसाएको श्रोतापन्न महाउपासक अनाथपिण्डकले द्यौतालाई गाली गर्दै घर छाडेर जानु भन्यो । तर, द्यौताले देवइन्द्रसँग परामर्श गरेर महाउपासकको अन्न भण्डारको साथै चौवन्न करोड असर्फीले ढिकुटी भरिदिए । उनले द्यौतासँग क्षमा माग्यो । भोलिपल्ट द्यौतालाई तथागतसँग लिएर गयो । द्यौताले बुद्धलाई ढोगेर क्षमा मागे । उनले पनि महाउपासकको तर्फबाट क्षमा माँगे । यसै प्रसँगमा उनको पूर्वजुनीको बारेमा बताउँदै भद्र मानिसले त्यस बेलासम्म पनि पुण्यलाई पापकै रुपमा देख्दछ । जुन बेलसम्म पुण्य राम्ररी परिपक्क हुँदैनन् । जब पुण्यकर्म परिपक्क हुन्छ, तब मात्र उनले देख्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥११९॥

**पालीगाथा–** *****

**भद्रो पि पस्सति पापं, याद भद्रं न पच्चति**

**यदा च पच्चति भद्रं, अथ भद्रो भद्रानि पस्सति ॥१२०॥**

**भावार्थ–**

भद्र मानिसले पनि त्यस बेलासम्म पुण्यलाई पापकै रुपमा देख्दछ । जुन बेलसम्म पुण्य राम्ररी परिपक्क हुँदैनन् । जब पुण्यकर्म परिपक्क हुन्छ, तब मात्र उनले देख्दछन् ।

## १२१. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारको परिसरमा असंयत भएको एउटा बेहोसी भिक्षु थियो । सबै भिक्षुहरूले सम्झाउँदा बुझाउँदा पनि सुधारको कुरामा कुनै ध्यान नदिए पछि, यो कुरा तथागतकहाँ पुग्यो । तथागतले उनलाई बोलाएर, हेर, भिक्षुहरूले यस्तो गर्नु हुन्न । त्यस्तो गर्नु हुन्न । भिक्षु भए पछि आचर संहिताको ख्याल गर्नु पर्छ । बिनयको पालना गर्नु पर्छ । कुनै पनि पापकर्महरूलाई थोरै सम्झनु हुँदैन । म पापमा रत छैन । त्यसैले उ मसँग आउने छैन भनेर कहिल्यै पनि पापको अवहेलना नगर्नु । जसरी पानीको थोपाहरू झरेर गाग्री भरिन्छ । त्यसरी नै थोरै थोरै पापको सञ्चय गर्दै जाँदा, अज्ञानी त्यसले भरिन्छ भन्दै म पापमा रत छैन । त्यसैले उ मसँग आउने छैन भनेर कहिल्यै पनि पापको अवहेलना नगर्नु । जसरी पानीको थोपाहरू झरेर पुरै गाग्री भरिन्छ । त्यसरी नै थोरै थोरै पापको सञ्चय गर्दै जाँदा अज्ञानी त्यसले भरिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**मावमञ्ञेथ पापस्स, न मन्तं आगमिस्सति**
**उदबिन्दुनिपातेन, उदकुम्मो पि पुरति**
**बालो पुरति पापस्स, थोकंथोकम्मि आचिनं ॥१२१॥**

**भावार्थ–**

म पापमा रत छैन । त्यसैले उ मसँग आउने छैन भनेर कहिल्यै पनि पापको अवहेलना नगर्नु । जसरी पानीको थापा थोपाहरू झरेर पुरै गाग्री भरिन्छ । त्यसरी नै थोरै थोरै पापको सञ्चय गर्दै जाँदा, अज्ञानी त्यसले भरिन्छ ।

## १२२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै उपासकले भिक्षु संघका साथमा तथागतलाई भोजनका लागि निमन्त्रणा गरे । उनी सँग चामल, दाल आदिको केही मकीको कारण नगरमा घुमेर घोषणा गरे। भोलि मैले बुद्ध सहित भिक्षु महासंघ लाई भोजन दान भनेको छु । तपाइँहरू पनि आफ्नो सामर्थ अनुसार मलाई सहयोग गर्नु होस् । यो कुरा सुनेर सबैले दान दिए। बिलालपादक भन्ने सेठले पनि थोरै मात्रमा दान दिए। उनले त्यसलाई छुट्टै भाडामा राखेको देखेर सेठको मनमा लाग्यो कि, यसले भोलि मेरो बेइजेत गर्यो भने मारिदिन्छु भनी छुरा लिएर बस्यो । तर, उपासकले कसैको पनि नाम नलिएर नगरबासीले दिएको भने पछि बिलाल पादकको उपमा दिँदै म पुण्यमा रत छैन। त्यसैले उ मसँग आउने छैन भनेर कहिल्यै पनि पुण्यको अवहेलना नगर्नु । जसरी पानीको थोपाहरू झरेर पुरै गाग्री भरिन्छ। त्यसरी नै पुण्य सञ्चय गरेमा जीवन पुण्यले भरिनेछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**मावमञ्ञेथ पुञ्ञस्स, न मन्तं आगमिस्सति**
**उदबिन्दुनिपातेन, उदकुम्भो पि पुरति**
**पुरति धीरो पुञ्ञस्स, थोकंथोकम्मि आचिनं ॥१२२॥**

**भावार्थ–**

म पुण्यमा रत छैन। त्यसैले उ मसँग आउने छैन भनेर कहिल्यै पनि पुण्यको अवहेलना नगर्नु । जसरी पानीको थोपा थापाहरू झरेर पुरै गाग्री भरिन्छ। त्यसरी नै पुण्य सञ्चय गरेमा मानव जीवन पुण्यले भरिने छ।

## १२३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा महाधन नामक कुनै बनियाले गोरुगाडामा सामान लादेर ब्यापारको लागि बाहिर जान लाग्दा 'हे भन्ते,' तपाइँहरू पनि कुनै नयाँ देशमा जाने इच्छा भए, हिँड्नु होस् । भोजनको ब्यवस्था मैले मिलाउँछु भन्यो । उनीसँग ५०० जना भिक्षुहरू तयार भए । केही पर पुगे पछि अगाडि र पछाडिबाट चोरहरूले घरेरेको हुनाले बनिया अगाडि बढन सकेन । 'हे भन्ते,' अगाडि पछाडि चोरहरू बसेकाले अहिले जान सकिएन । तपाइँहरू केही दिन यही बस्नुहोस् । पछि सबै कुरा पत्ता लगाएर जाउला भन्यो । त्यहाँ धेरै दिन बस्नु पर्ने देखेर श्रावस्ती फर्केका भिक्षुहरूले तथागतलाई सबै कुरा बताए पछि, 'हे भिक्षुहरू,' बनियाले चोरका कारण बाटो छोडिदिए झैं बाँच्न चाहनेले विष र निर्वाणको आकांक्षा राख्नेले पाप छाड्नु पर्छ भन्दै यहयोगी र सहयात्री थोरै भएको धनी ब्यापारीले जोखिमपूर्ण बाटोलाई, बाँच्ने इच्छा भएका मानिसले विषलाई र निर्वाणको आकांक्षा राख्ने पुरुषले पापलाई छाढ्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**वाणिजो व भयं मग्गं, अप्पसत्थो महद्धनो**<br>
**विसं जीवितुकामोव, पापानि परिबज्जये ॥१२३॥**

**भावार्थ–**

यहयोगी र सहयात्री थोरै भएको धनी ब्यापारीले जोखिमपूर्ण बाटोलाई, बाँच्ने इच्छा भएका मानिसले विषलाई र निर्वाणको आकांक्षा राख्ने पुरुषले पापलाई छाडिदिन्छन् ।

## १२४. समय सन्दर्भ–

एक समयमा राजगृहको कुनै सेठकी उपाली नामक छोरी सानै उमेरमा श्रोतापन्न भएकी थिइन। उनी तरुनी भए पछि जंगलमा शिकार गरेर जीविका चलाउने कुक्कुटमित्त नामक निशादको प्रेममा मोहित भएर उनैसँग गन्दर्भ बिबाह गरिन्। उनीहरूको सात छोराहरू भए। हुर्के पछि बिबाह गरी बुहारीहरू पनि आए। एकदिन बिहानै तथागत निशादले जाल थाप्ने गरेको ठाँउमा पुग्दा, उनको जालमा कुनै शिकार परेको थिएन। त्यही समय निशाद पनि त्यही पुगे। तथागतलाई देखे पछि मेरो शिकारलाई यिनैले छुटाइ दिएका होलन भन्ने मनमा शंका गरी छल गरेर उनलाई मार्न तीर हाने। तर, घनुषबाट तीर नै छुटेन। साथमा आएकी सेठकी छोरीले, 'ए निशाद,' तिम्रो पितालाई नमार भन्दै चिच्याएकीले लज्जित हुँदै तथागतसँग माफी मागे। यदि हातमा कुनै घाउ छैन भने, हातैले विष झिक्दा पनि शरीरमा विष लाग्दैन। त्यस्तै दुष्कर्म नगर्ने उपासिका र सत्पुरुषहरूलाई पाप लाग्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**पाणिम्हि चे वणो नास्स, हरेय्य पाणिान विसं**
**नाब्बनं विसं अन्वेति, न'अत्थि पापं अकुब्बतो ॥१२४॥**

**भावार्थ–**

यदि हातमा कुनै घाउ छैन भने, हातैले विष झिक्दा पनि शरीरमा विष लाग्दैन। त्यस्तै दुष्कर्म नगर्ने उपासिका र सत्पुरुषहरूलाई पाप लाग्दैन। यो कुरा धाम जस्तै सत्य हो।

## १२५. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नागरमा कोक नामक एउटा कुकुर शिकारीले जंगलतिर लिएर जाँदा, बाटोमा एकजना पिण्डपातिक भिक्षुलाई देख्यो । दिनभरी घुम्दा पनि कुनै शिकार भटाएनन् । साँझ घर फर्कदा पनि उनै भिक्षुलाई भेटे । यही अलछिन भिक्षुलाई देख्नाले आज मैले कुनै शिकार भटिन् । यसलाई कुकुरले टोकाएर मार्छु, भन्दै कुकुरलाई भिक्षुतिर छाडिदिए । भिक्षु डराएर एउटा रुखमा चढ्यो । कुकुर त्यही रुखलाई घेरेर बसे । बचेर कहाँ जालस भनी खुट्टामा तीर हानी धायल बनायो । घाइते भिक्षुले आफ्नो चिबर सम्भाल्न नसक्दा कुकुर माथि खस्यो । भिक्षु भुइमा खस्यो भन्ठानेर चिबरलाई झम्टेर कुकुर पनि बाटो लाग्यो । भिक्षु बिस्तारै भुइमा झर्यो । तथागतनिर पुगेर बृतान्त बतायो । जसले निर्दोष माथि दोष लगाउँछ, त्यो परिणाम आफैतिर फर्कन्छ । जो मानिस दोषरहित शुद्ध र निर्मल ब्यक्तिसँग द्वेष गर्छ । पाप त्यही अज्ञानीतिर फर्कन्छ । जसरी हावाको बिपरित दिशातिर फ्याक्ने कसिँगर आफैतिर फर्कन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो अप्पदुट्ठस्स नरस्स दुस्सति, शुद्धस्स पोसस्स अनङ्गणास्स**
**तम्'एवं बालं पच्चेति पापं, सुखुमोरजो पटिवातं व खित्तो ॥१२५॥**

**भावार्थ–**

जो मानिस दोषरहित शुद्ध र निर्मल ब्यक्तिसँग द्वेष गर्दछ । पाप त्यही अज्ञानीतिर फर्कन्छ । जसरी हावाको बिपरित दिशातिर फ्याक्ने कसिँगर आफैतिर फर्कन्छ ।

## १२६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको मणिकारको घरमा तिस्स नामक स्थविर भोजन गर्न जान्थे । एकदिन मणिकारले मासु काट्ना लागेको थियो। स्थविर पनि त्यही थियो। राजाकहाँबाट ल्याएको मणि सफा गर्न मणिकारले हात धोए । त्यसै बेला घरमा पालेको मालचरो आएर त्यो मणि निलिदियो। हात धोएर आउँदा, मणि नदेखे पछि मणिकार ले यो मणि भिक्षुले नै लिएको होला भन्ठान्यो । तर उनको पत्नीले भने त्यस्तो सोच्न निषेध गरिन्। मणिकारलाई सोध्दा, भिक्षुले मैल लिएको छैन भन्यो तर भिक्षुलाई यात्न दिइयो। त्यही यात्नले उनको मृत्यु भयो। पछि मणि मालचरोले निलेकोले थाहा पायो। उनको पनि मृत्यु भयो। यही घट्नाले गर्दा, मणिकारको पनि मृत्यु भयो । उनी अबिचि गयो। उनको पत्नीले सुखवती पाइन्। प्राकृतिको नियम अनुसार केही पैदा हुने क्रममा गर्भमा रहन्छन्। पापीहरू नरकतिर जान्छन्। सत्कर्मीहरू सुखवती जान्छन्। श्रावकहरूले निर्वाण प्राप्त गर्दछन् भन्दै गरेको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**गब्बमं एके उप्पज्जन्ति, निरयं पापकम्मिनो**
**सग्गं सुगतिनो यनित, परिनिब्बन्ति अनासवा ॥१२६॥**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार केही पैदा हुने क्रममा गर्भमा रहन्छन् । पापीहरू नरकतिर जान्छन् । सत्कर्मीहरू सुखवती जान्छन्। श्रावकहरूले निर्वाण प्राप्त गर्दछन्।

## १२७. समय सन्दर्भ–

एक समयमा जेतवनमा तथागतको दर्शनार्थ आउन लागेका धेरै भिक्षुहरूले कुनै गाउँमा जलेको कागलाई देखे। केही भिक्षुहरूले डुंगा तर्दा, बोटेहरूले एक स्त्रीलाई समुन्द्र मा फ्याँकेको देखे। सात जना भिक्षुहरू एउटा गुफाको द्वार मा ढुंगा खसेको कारण एक सातासम्म गुभ्फाभित्र थुनिए। उनीहरू सबै तथागतसँग आएर यस्तो हुनुको कारण सोधे। 'हे भिक्षुहरू,' पूर्वजन्मको पापको कारण यस्ते भएको भनी बताए पछि एकजना भिक्षुले, 'हे भन्तेहरू,' पाप कर्म गर्नेहरू आकासमा उडेर, समुन्द्रमा गएर वा गुफामा पसेर पनि जोगिन सक्दैनन्। न अन्तरिक्षमा, न समुन्द्रको बीचमा, न त पहाडको काप र गुफामा छिरेर होस्। संसारभरिमा त्यस्तो ठाउँ छैन जहाँ रहे पनि पापका कर्महरूबाट कोही पनि बच्न सक्दैनन्। न अन्तरिक्षमा, न समुन्द्रको बीचमा, न त पहाडको काप र गुफामा छिरेर होस्। संसारभरिमा त्यस्तो ठाउँ छैन जहाँ रहेर पापका कर्महरूबाट कोही पनि बच्न सक्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं विवरं पविस्स**
**न बिज्जति सो जगतिप्पदेसो, पत्थट्ठितो मुच्चेय्य पापकम्म ॥१२७॥**

**भावार्थ**–

न अन्तरिक्षमा, न समुन्द्रको बीचमा, न त पहाडको काप र गुफामा छिरेर होस्। संसारभरिमा त्यस्तो कही ठाउँ पनि छैन जहाँ रहेर पापका कर्महरूबाट कोही पनि बच्न सक्दैनन्।

## १२८. समय सन्दर्भ–

एक समयमा तथागत बुद्ध कपलिबस्तुको निग्रोधग्राममा बिहार गर्नु हुँदा, सुप्पबुद्ध शाक्यले, मेरी छोरीलाई अनाथ गराएर गएको, यसलाई नगरमा पस्न दिन्न भनेर तथागत लाई भिक्षाटजमा रोके । सुप्पबुद्ध तथागतको ससुरा थियो । त्यसैले तथागतले आनन्द सित भने, 'हे आनन्द,' सुप्प बुद्धले मलाई नगरमा भिक्षाटन गर्न जान दिएन । यो उनले राम्रो काम गरेन । अब यो सातौँ दिनमा दरबारको भऱ्याङ नजिकै जमिनमा धसिएर उनको मृत्यु हुनेछ भन्यो । यो कुरा निग्रोधग्राममा जंगलको आगो झैं फैलियो । सबैले अब के हुन्छ ? भन्नेमा थिए । तर कसैले पनि यसै भन्न सक्ने अवस्था थिएन । तथागतले भनेझैं सातौ दिनमा उनी धसिएरै मर्यो । यसै प्रसँगमा भिक्षुहरू लाई सुप्पबुद्ध जहाँ गएको भए पनि उनले मृत्युबाट छुटकारा पाउने छैन । न अन्तरिक्षमा न समुन्द्रको बीचमा, न त पहाडका काप वा गुफामा छिरेर रहे पनि । संसार भरिमा त्यस्तो ठाउँ छैन, जहाँ मृत्युले देख्न र भेटाउन नसकोस् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**न अन्तलिक्खे न समुद्दमज्झे, न पब्बतानं बिवरं पविस्स**
**न विज्जति सो जगतिप्पदेसो, यत्थट्ठितं नप्पसहेय्य मच्चु**
**॥१२८॥**

**भावार्थ–**

न अन्तरिक्षमा, न समुन्द्रको बीचमा, न त पहाडका काप वा गुफामा छिरेर रहे पनि । संसार भरिमा त्यस्तो कही ठाउँ पनि छैन, जहाँ मृत्युले देख्न र भेटाउन नसकोस् ।

# धम्मपद

## दण्ड बर्ग– १०

## १२९. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गरिरहँदा एकदिन छ-बर्गिय भिक्षुहरू र सत्र-बर्गिय भिक्षुहरू बीच आपासी मतभेद र द्वन्द्व भएर हात हालाहाल भयो । यो कुरा तथागतले थाहा पाए पछि छ-बर्गिय भिक्षुहरू र सत्र-बर्गिय भिक्षुहरू दुबैलाई बोलाएर नाना किसिमले उपमा दिँदै सम्झाउनु भयो । 'हे भिक्षुहरू,' हामी भिक्षुहरू सबै समान हुन् । सबैलाई आफु समान सम्झनु पर्छ । भिक्षुहरू पञ्चशील, अष्टमार्ग र प्रतित्यसमुत्पादको संबहक हुन् । भिक्षुहरू नै आपासमा लडामाति गर्यो भने जनमानसमा यसको परिणाम के हुने ? जसरी मलाई दण्ड र मृत्यु देखि डर लाग्छ । त्यसरी नै सबै डराउँछन् । यस्तो जानेर कसैले पनि कसैलाई हात हालाहाल गरेर अपमान गर्ने द्वन्द्व गर्ने र मारपिट गर्ने वा त्यस्तो प्रेरणा दिने काम गर्नु हुँदैन । दण्ड भने पछि सबै जना तर्सेर काँप्छन् । मृत्यु भने पछि सबै जना डराउँछन् । आफैलाई उपमा बनाएर, कसैलाई पनि मारपित गर्नु वा मार्ने प्रेरणा दिनु हुन्न भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो**
**अत्तानं उपमं कत्वा, न हनेय्य न धातये ॥१२९॥**

**भावार्थ–**

दण्ड भने पछि सबै जना तर्सेर काँप्छन् । मृत्यु भने पछि सबै जना डराउँछन् । आफैलाई उपमा बनाएर, कसैलाई पनि मारपित गर्नु वा मार्ने प्रेरणा दिनु हुन्न ।

## १३०. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गरिरहँदा एकदिन छ-बर्गिय भिक्षुहरू र सत्र-बर्गिय भिक्षुहरू बीच आपासी मतभेद र द्वन्द्व भएर हात हालाहाल भयो । यो कुरा तथागतले थाहा पाए पछि छ-बर्गिय भिक्षुहरू र सत्र-बर्गिय भिक्षुहरू दुबैलाई बोलाएर नाना किसिमले उपमा दिँदै सम्भाउनु भयो । 'हे भिक्षुहरू,' हामी भिक्षुहरू सबै समान हुन् । सबैलाई आफु समान सम्भनु पर्छ । भिक्षुहरू पञ्चशील, अष्टमार्ग र प्रतित्यसमुत्पादको संबहक हुन् । भिक्षुहरू नै आपासमा लडामाति गर्यो भने, जनमानसमा यसको परिणाम के हुने ? जसरी मानव समुदायमा दण्ड सजय भने पछि सबै जना तर्सेर काँप्छन् । मृत्यु भने पछि सबै जना डराउँछन् । यस्तो जानेर कसैले पनि कसैलाई हात हालाहाल गरेर अपमान गर्ने, द्वन्द्व गर्ने र मारपिट गर्ने वा त्यस्तो प्रेरणा दिने काम गर्नु हुँदैन । यो अत्यन्तै असुरी प्रबृति देखिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥१२९॥

**पालीगाथा–**

**सब्बे तसन्ति दण्डस्स, सब्बे जीवितं पियं**
**अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥१३०॥**

**भावार्थ–**

मानव समुदायमा दण्ड सजय भने पछि सबै जना तर्सेर काँप्छन् । मृत्यु भने पछि सबै जना डराउँछन् । यस्तो जानेर कसैले पनि कसैलाई हात हालाहाल गरेर अपमान गर्ने, द्वन्द्व गर्ने र मारपिट गर्ने वा त्यस्तो प्रेरणा दिने काम गर्नु हुँदैन ।

## १३१. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारबाट श्रावस्ती नगरतिर बिहानै भिक्षाटनमा जाँदा धेरै केटाहरूले कुनै सर्पलाई लौरोले हान्दै गरेको देखेर तिनीहरूलाई सोध्यो। 'हे केटाहरू,' यो कालो सर्पलाई किन हान्दै छौ भनेर सोधे। केटाहरूले भन्यो, यो कोप्र सर्प एकदमै विषालु छ। यसले टोक्यो भने मानिस टक्लकै मर्छ। यसको कुनै उपचार छैन भन्ने डरले मारेको हो भन्यो। तिमीहरू यसलाई मारेर आफ्नो सुख चाहन्छौँ। तर, तिमीहरू मरेपछि जहाँ जन्म हुन्छ, त्यस ठाउँमा तिमीले कुनै सुख पाउने छैन। तिम्रो अवस्था पिडादायक र दुःखद्ाय हुने छौँ। किनभने आफ्नो सुख शान्ति चाहने मानिसले आरुको निर्मम् बध गर्न हुँदैन। यो मानव लोकमा जो ब्यक्तिले आफ्नो सुखको लागि कुनै पनि प्राणीहरूलाई बिना कारण दण्ड दिन्छ, बिना कारण हिंसा गर्छ लौरोले हानेर मार्छ, अपमान गर्छ वा दुःख दिन्छ भने, त्यस्तो मानिसले मरेर पनि सुख प्राप्त गर्न सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सुखकामनि भूतानि, यो दण्डेन विहिंसति**
**अत्तनो सुखमेसानो, पेच्च सो न लभते सुखं ॥१३१॥**

**भावार्थ–**

यो मानव लोकमा जो ब्यक्तिले आफ्नो सुखको लागि कुनै पनि प्राणीहरूलाई बिना कारण दण्ड दिन्छ, बिना कारण हिंसा गर्छ लौरोले हानेर मार्छ, अपमान गर्छ वा दुःख दिन्छ भने, त्यस्तो मानिसले मरेर पनि सुख प्राप्त गर्न सक्दैन।

## १३२. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारबाट श्रावस्ती नगरतिर बिहानै भिक्षाटनमा जाँदा धेरै केटाहरूले कुनै सर्पलाई लौरोले हान्दै गरेको देखेर तिनीहरूलाई सोध्यो। 'हे केटाहरू,' यो कालो सर्पलाई किन हान्दै छौ भनेर सोधे। केटाहरूले भन्यो, यो कोप्र सर्प एकदमै विषालु छ। यसले टोक्यो भने मानिस टक्लकै मर्छ। यसको कुनै उपचार छैन भन्ने डरले मारेको हो भन्यो। तिमीहरू यसलाई मारेर आफ्नो सुख चाहन्छौँ। तर, तिमीहरू मरेपछि जहाँ जन्म हुन्छ, त्यस ठाउँमा तिमीले कुनै सुख पाउने छैन। तिम्रो अवस्था पिडादायक र दुःखद्राय हुने छौँ। किनभने आफ्नो सुख शान्ति चाहने मानिसले आरुको निर्मम् बध गर्न हुँदैन। सुखको चाहना राख्ने सबै प्राणीहरूले कुनै पनि प्रकारको हिंसा गर्ने, दण्ड सजाय, बध गर्ने, अपमान गर्ने, दुःख दिने जस्ता कामहरू गर्न हुँदैन। त्यस्तो गर्ने मानिसले मृत्यु भए पछि पनि कुनै सुख शान्ति प्राप्त हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा ॥१३१॥

**पालीगाथा–**

**सुखकामानि भूतानि, यो दण्डेन हिंसति**
**अत्तनो सुखमेसानो, पेच्च सो लभते सुखं ॥१३२॥**

**भावार्थ–**

सुखको चाहना राख्ने सबै प्राणीहरूले कुनै पनि प्रकारको हिंसा गर्ने, दण्ड सजाय, बध गर्ने, अपमान गर्ने, दुःख दिने जस्ता कामहरू गर्न हुँदैन। त्यस्तो गर्ने मानिसले मृत्यु भए पछि पनि कुनै सुख शान्ति प्राप्त हुँदैन।

# १३३. समय सन्दर्भ–

एक समयमा कुण्डधान स्थविरले पूर्वजन्ममा गरेको पापको कारण प्रबर्जित भएदेखि नै सधै उसको पछि पछि एउटी स्त्री देखिन्थी । तर कुण्डधानले यसलाई देख्दैन्थे । अरुले देखेर उनको निन्दा गर्थे । कोसलनरेश प्रसेनजित आएर उनको धेरै किसिमले परीक्षण लिँदा, निर्दोष देखिएकोले उनलाई प्रतिदिन आफुकहाँ भोजन गर्न निमन्त्रणा गरेर गए । भिक्षुहरूले यो कुरा थाहा पाए पछि कुण्डधान र राजा दुबैको कुरा काट्ना थाले । कुण्डधानले पनि भिक्षुहरूको नकारात्मक टिप्पनी गर्न थाले । तथागतले यो कुरा थाहा पाए पछि, कुण्डधानलाई बिहारमै बोलाएर सबै कुरा सोधे । 'हे भिक्षुहरू,' पूर्वजन्मको खराब टृष्टिको कारण तिमीले यस्तो निन्दा पाएका छौं । भिक्षुहरूलाई पनि दुर्बचनले चिढाएका छौं । कोही कसैसँग पनि रुखो बोली नबोल । रुखो बोलीलाई मानिसहरूले प्रतिवाद गर्छन् । रिसाएर बोलिएको कुरा साँच्चै दुखदायी हुन्छन् । किनभने, त्यो बोली प्रतिशोधसँग जोडिएको हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**मा'वोच फरुसं कञ्चि, वुत्ता पटिवदेय्य तं**
**दुक्ख हि सारम्भकथा, पतिदण्डा फुसेय्यु तं ।।१३३।।**

**भावार्थ–**

कोही कसैसँग पनि रुखो बोली नबोल । रुखो बोलीलाई मानिसहरूले प्रतिवाद गर्छन् । रिसाएर बोलिएको कुरा साँच्चै दुखदायी हुन्छन् । किनभने, त्यो बोली प्रतिशोधसँग जोडिएको हुन्छ । प्रतिशोधले बिनाश निम्त्याउँछ ।

## १३४. समय सन्दर्भ–

एक समयमा कुण्डधान स्थविरले पूर्वजन्ममा गरेको पापको कारण प्रबर्जित भएदेखि नै सधै उसको पछि पछि एउटी स्त्री देखिन्थी। तर कुण्डधानले यसलाई देख्दैन्थे। अरुले देखेर उनको निन्दा गर्थे। कोसलनरेश प्रसेनजित आएर उनको धेरै किसिमले परीक्षण लिँदा, निर्दोष देखिएकोले उनलाई प्रतिदिन आफुकहाँ भोजन गर्न निमन्त्रणा गरेर गए। भिक्षुहरूले यो कुरा थाहा पाए पछि कुण्डधान र राजा दुबैको कुरा काट्ना थाले। कुण्डधानले पनि भिक्षुहरूको नकारात्मक टिप्पनी गर्न थाले। तथागतले यो कुरा थाहा पाए पछि, कुण्डधानलाई बिहारमै बोलाएर सबै कुरा सोधे। 'हे भिक्षुहरू,' पूर्वजन्मको खराब टृष्टिको कारण तिमीले यस्तो निन्दा पाएका छौँ। भिक्षुहरूलाई पनि दुर्बचनले चिढाएका छौँ। फुटेको काँसको भाँडोझैं आफुलाई निःशब्द पार्न सक्यो भने तिमीले निर्वाण प्राप्त गर्न सक्नेछौँ। तिम्रो लागि अरु कुनै किसिमको कलहको भावना रहने छैन भन्दै दिएको उपदेशको पालीगाथा ॥१३३॥

**पालीगाथा–**

**सचे नेरेसि अत्तानं, कंसो उपहतो गथा**
**एस पत्तोसि निब्बानं, सारम्भो ते न सवज्जति ॥१३४॥**

**भावार्थ–**

फुटेको काँसको भाँडोझैं आफुलाई निःशब्द पार्न सक्यो भने तिमीले निर्वाण प्राप्त गर्न सक्ने छौँ। त्यस अवस्थाले तिम्रो लागि अरु कुनै किसिमको कलहको भावना रहने छैन। बिल्कुलै निर्मल एवं शुद्ध आचरण हुने छ।

## १३५. समय सन्दर्भ–

एक समयमा तथागत बुद्ध श्रावस्तीको पूर्वराममा रहेको समयमा उपोसथको दिनमा उपासिका बिशाखाले उपोसथ गर्ने महिलाहरूलाई सोधेर अनेक किसिमको बिचारले उपोसथ गर्ने गरेको थियो। तर तिनमा कोही पनि निर्वाणको अभिलाषी नरहेको पनि जानिन्। एकदिन उपासिका बिशाखा पनि उनीहरूका साथ तथागतकहाँ गइन्। तथागतले यो कुरा सुने पछि 'हे बिशाखे,' जसरी गोठालोले लौरोले खेद्‌दै गाई गोरुहरूलाई उपयुक्त चरनमा लैजाने प्रयास गर्दछन्। त्यसरी नै मानिसहरूलाई बुढ्यौलीपन र मृत्युले सधै लखेटिरहन्छन्। तर उनीहरूलाई यो कुराको अनुभूति भैरहेका हुँदैनन्। त्यसैले कसैले पनि निर्वाणको चाहना गरेको हुँदैन। बोधिसत्व, महासत्व र कल्याणमित्रले बाहेक अरु सबैले लोककै चाहना गरेको हुन्छ। किनभने उनीहरू निवार्णमा गएर पनि प्रज्ञामै रहेको हुन्छ। प्रज्ञामा रहेर पनि निर्वाणमा पुग्दछन्। अर्थात बोधिसत्व, महासत्व र कल्याणमित्र भन्नु नै प्रज्ञापारमिता हो भनेर बुझ्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यथा दण्डेन गोपालो, गावो पाचेति गोचरं**
**एवं जरा च मच्चु च, आयुं पाचेन्ति पाणिनं ॥१३५॥**

**भावार्थ–**

जसरी गोठालोले गाईगोरुहरूलाई लौरोले लखेद्‌दै उपयुक्त चरनतिर लैजाने प्रयास गर्दछन्। त्यसरी नै बुढ्याउलीपनको संस्कार र मृत्युले प्राणीहरूलाई लखेटिरहेका हुन्छन्। तर, हामी स्वयंलाई यो कुराको अनुभूति भैरहेको हुँदैन।

## १३६. समय सन्दर्भ–

एक समयमा राजगृहको बेलुबनको महाबिहारमा रहँदा, अहर्त महामौदगल्यान र लक्षण स्थविर गृद्धकुद पर्वतबाट तल झर्दै थिए। अहर्त महामौदगल्यानले पच्चिस योजन (सय कोस) लामो शिरबाट आगोको ज्वाला निकाल्ने एउटा अचम्मको अजिङ्गर प्रेत देखेर मुस्कुराए। लक्षण स्थविरले मुस्कुराउनुको कारण जान्न खोज्दा, तथागतसँग पुगे पछि मात्र सोध्नु भन्यो। भिक्षाटन सकेर खाना खाए पछि दुबै जना तथागतनिर गए। भिक्षु लक्षणले बिहानको कुरा पुनः सोध्यो। महामौदगल्यानले अजिङ्गर प्रेत देखेको कारणले मुस्कुराएको हुँ भन्दै प्रेतलाई जस्तो देखेको थियो त्यही अनुसार बताए। त्यो कुरा सुनेर मैले पनि बोधि बृक्षमुनि त्यही प्रेत देखेको थियो। तर सकैलाई पनि भनेको थिएन। उनले पूर्वजन्ममा काश्यप बुद्धको समयमा एउटा सेठको घर सात पल्टसम्म जलाउनुका साथै बुद्धकुटी पनि भष्म गराएको थियो। त्यही पापको कारण यस्तो दुर्गति भएको हो। अज्ञानीले पाप कर्महरू गर्दै जाँदा, त्यसबाट हुने परिणामको बारेमा केही पनि बुझ्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अथ पापानि कम्मानि, करं बालो न बुज्झति**
**सेही कम्मेही दुम्मेधो, अग्गिदड्ढोव तप्पति ॥१३६॥**

**भावार्थ–**

अनि फेरि अज्ञानीले पापकर्महरू गर्दै जाँदा, त्यसबाट हुने परिणामको बारेमा केही पनि बुझ्दैन। दुर्बुद्धि मान्छे आफ्नै कर्मद्वारा आगोमा डढे जस्तै सन्तप्त हुन्छ।

## १३७. समय सन्दर्भ–

एक समयमा तथागत वेनुबनमा रहेको बेला तिर्थकर सन्यासीहरूको एउटा सम्प्रदयले ५०० सय चोरहरू पठाएर कालशिला पर्वतको एउटा गुफामा महामौदगल्यानलाई मारे । स्थविर परिनिर्वाण भएको कुरा तथागतले थाहा पाए । यो कुरा राजा अजातकहाँ पुगे पछि, उनले गुप्तचारहरू लगाई सबै चोरहरू र तिर्थकहरूलाई पनि पक्रेर नाभिसम्म दलदलमा गाडि ज्युँदै जलाइदिए । यो अत्यन्तै अमानविय थियो । भिक्षुहरूले यो कुरा सुने पछि तथागतसँग अहर्त महामौदगल्यान स्थविरको मृत्युको कारण सोध्दा, 'हे भिक्षुहरू,' स्थविरले पूर्वजुनिमा आफ्नो अन्धो माता पितालाई मारेर जंगलमा फ्याँकेको कारण, उनको पूर्वजन्मको पापनै उनको मृत्युको कारण बनेको हो । तिर्थकरहरूले पनि निर्दोषलाई दोष देखएको कारणमा अकालमै मारिएका हुन् । जसले दण्ड दिन नहुने ब्यक्ति वा पूर्णतय दोषरहित माथि दण्ड वापत लौरोको प्रहार गर्छ । त्यस्तालाई दशमध्ये कुनै एक स्थानमा दण्ड प्राप्त हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो दण्डेन अदण्डेसु, अप्पदुट्ठेसु दुस्सति**
**दसन्नं अञ्ञतरं ठानं, खिप्पमेव निगच्छति ।।१३७।।**

**भावार्थ–**

जसले दण्ड दिन नहुने ब्यक्ति वा पूर्णतय दोषरहित माथि दण्ड वापत लौरोको प्रहार गर्छ, हिसां गर्छ, घात गर्छ, अपमान गर्छ बदनाम गर्छ वा प्रतिशोध गर्छ । त्यस्ता मानिसलाई दशमध्ये कुनै एक स्थानमा दण्ड प्राप्त हुन्छ ।

## १३८. समय सन्दर्भ–

एक समयमा तथागत वेनुबनमा रहेको बेला तिर्थकर सन्यासीहरूको एउटा सम्प्रदयले ५०० सय चोरहरू पठाएर कालशिला पर्वतको एउटा गुफामा महामौदगल्यानलाई मारे । स्थविर परिनिर्वाण भएको कुरा तथागतले थाहा पाए । यो कुरा राजा अजातकहाँ पुगे पछि, उनले गुप्तचारहरू लगाई सबै चोरहरू र तिर्थकहरूलाई पनि पक्रेर नाभिसम्म दलदलमा गाडि ज्युँदै जलाइदिए। यो अत्यन्तै अमानविय थियो। भिक्षुहरूले यो कुरा सुने पछि तथागतसँग अहर्त महामौदगल्यान स्थविरको मृत्युको कारण सोध्दा, 'हे भिक्षुहरू,' स्थविरले पूर्वजुनिमा आफ्नो अन्धो माता पितालाई मारेर जंगलमा फ्याँकेको कारण, उनको पूर्वजन्मको पापनै उनको मृत्युको कारण बनेको हो । तिर्थकरहरूले पनि निर्दोषलाई दोष देखएको कारणमा अकालमै मारिएका हुन् । त्यसलाई कटु वेदान, धन सम्पत्ति वा अरु प्रकारको हानि वा शरीरमा कुनै अङ्गभङ्ग हुने गरी गम्भिर खालको रोग वा चित्तबिक्षेप वा बौलाहपन आदि हुने गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥१३७॥

**पालीगाथा–**

**वेदनं फरुसं जानिं, शरीरस्स च भेदनं**
**गरुकं वापि आवाधं, चित्तक्खेपंव पापुणे ॥१३८॥**

**भावार्थ–**

त्यसलाई कटु वेदान, धन सम्पत्ति वा अरु प्रकारको हानि वा शरीरमा कुनै अङ्गभङ्ग हुने गरी गम्भिर खालको रोग वा चित्तबिक्षेप वा बौलाहपन आदि हुने गर्दछन् ।

## १३९. समय सन्दर्भ–

एक समयमा तथागत वेनुबनमा रहेको बेला तिर्थकर सन्यासीहरूको एउटा सम्प्रदयले ५०० सय चोरहरू पठाएर कालशिला पर्वतको एउटा गुफामा महामौदगल्यानलाई मारे । स्थविर परिनिर्वाण भएको कुरा तथागतले थाहा पाए । यो कुरा राजा अजातकहाँ पुगे पछि, उनले गुप्तचारहरू लगाई सबै चोरहरू र तिर्थकहरूलाई पनि पक्रेर नाभिसम्म दलदलमा गाडि ज्युँदै जलाइदिए । यो अत्यन्तै अमानविय थियो । भिक्षुहरूले यो कुरा सुने पछि तथागतसँग अहर्त महामौदगल्यान स्थविरको मृत्युको कारण सोध्दा, 'हे भिक्षुहरू,' स्थविरले पूर्वजुनिमा आफ्नो अन्धो माता पितालाई मारेर जंगलमा फ्याँकेको कारण, उनको पूर्वजन्मको पाप नै उनको मृत्युको कारण बनेको हो । तिर्थकरहरूले पनि निर्दोषलाई दोष देखएको कारणमा अकालमै मारिएका हुन् । अथवा राजा वा सरकारबाट भयानक दण्ड सजाय, निन्दा अपमान वा बन्धु बन्धावको बिनाश वा आफुले गरिहेको उपभोगको क्षय आदि सबै कर्म कै फल हुन् भन्दै दिएको उपदेशको पालीगाथा ॥१३७॥

**पालीगाथा–**

**राजतो वा उपस्सग्गं, अब्भक्खानं व दारुणं**
**परिक्खयं व ञातिनं, भोगानं व पभङ्गुरं ॥१३९॥**

**भावार्थ–**

अथवा राजा वा सरकारबाट भयानक दण्ड सजाय, निन्दा अपमान वा बन्धु बन्धावको बिनाश वा आफुले गरिहेको उपभोगको क्षय आदि सबै कर्म कै फल हुन् ।

# १४०. समय सन्दर्भ–

एक समयमा तथागत वेनुबनमा रहेको बेला तिर्थकर सन्यासीहरूको एउटा सम्प्रदयले ५०० सय चोरहरू पठाएर कालशिला पर्वतको एउटा गुफामा महामौदगल्यानलाई मारे । स्थविर परिनिर्वाण भएको कुरा तथागतले थाहा पाए । यो कुरा राजा अजातकहाँ पुगे पछि, उनले गुप्तचारहरू लगाई सबै चोरहरू र तिर्थकहरूलाई पनि पक्रेर नाभिसम्म दलदलमा गाडि ज्युँदै जलाइदिए। यो अत्यन्तै अमानविय थियो। भिक्षुहरूले यो कुरा सुने पछि तथागतसँग अहर्त महामौदगल्यान स्थविरको मृत्युको कारण सोध्दा, 'हे भिक्षुहरू,' स्थविरले पूर्वजुनिमा आफ्नो अन्धो माता पितालाई मारेर जंगलमा फ्याँकेको कारण, उनको पूर्वजन्मको पापनै उनको मृत्युको कारण बनेको हो । तिर्थकरहरूले पनि निर्दोषलाई दोष देखएको कारणमा अकालमै मारिएका हुन् । प्राकृतिको नियम अनुसार या त उनको घरहरूलाई दन्केको आगोले डढाइदिन्छ । शरीर नाश भए पछि त्यस्तो दुर्बुद्धिको मानिसहरू नरकमा उत्पन्न हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।।१३७।।

**पालीगाथा–**

**अथवास्स अगारानि, अग्गि डहति पावको**
**कायस्स भेदा दुप्पञ्ञो, निरयं सो'प्पज्जति ।।१४०।।**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार या त उनको घरहरूलाई दन्केको आगोले डढाइदिन्छ । शरीर नाश भए पछि त्यस्तो दुर्बुद्धिको मानिसहरू नरकमा उत्पन्न हुन्छन् ।

# १४१. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा एकजना बहुभाण्डिक भिक्षुले आफ्नो सबै सामानहरू निकालेर घाममा सुकाउँदै थियो । उसका त्यति धेरै सामानहरू देखेर केही भिक्षुहरूले तथागतनिर गएर भने । तथागतले बहुभाण्डिक भिक्षुलाई बोलाएर भने, 'हे भिक्षु,' तिमीले यतिका धेरै सामान किन राखेको छौं । भिक्षु त अल्पेच्छ हुनु पर्छ भन्दा, उ रिसाएर उत्तरासँग संघाटी समेत भुइमा फालेर केवल अन्तरबस्त्र मात्र लगाएर परिषदको बीचमा उभिएर भन्यो । 'हे भन्ते,' यस्तै वा यही अवस्थामा रहनु धेरै राम्रो हो नि, हैन र ? भन्दै ब्यांग गरे । उनको कुरा सुनेर तथागतले देवधम्म जातक कथाको कुरा सम्झाउँदै बहुभाण्डिकलाई उपदेश दिए । जसका सन्देह समाप्त भएका छैनन् । त्यस्ता मान्छे नङ्गै रहे पनि लट्टाजट्टा पाले पनि, शरीरमा खरानी घसे पनि उपवास बसे पनि बाँझो जमिनमा सुते पनि, भुइमा टाउकोले टेकेर उभिए पनि परिशुद्ध हुँदैनन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा– *******

**न नग्गचरिया नजटा नपंका, नानासका थण्डिलसायिका**
**रजोचजल्लं उक्कुटिकप्पधानं, सोघेन्तिमच्चं अवितिण्णकंखं ॥१४१॥**

**भावार्थ–**

जसका सन्देह समाप्त भएका छैनन् । त्यस्ता मान्छे नङ्गै रहे पनि लट्टाजट्टा पाले पनि, शरीरमा खरानी घसे पनि, उपवास बसे पनि बाँझो जमिनमा सुते पनि, भुइमा टाउकोले टेकेर उभिए पनि रुखमा शिरतल पारेर झुन्डिए पनि परिशुद्ध हुँदैनन् ।

## १४२. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजितको सन्तति नामक महामात्य छ दिनसम्म रक्सीले मस्त भएर सातो दिनमा सजिसजाउ भइ हात्तीमा चढेर राजघाटमा नुहाउन जादै थियो। श्रावस्ती नगरमा थतागतलाई देखेर उसले टाउको हल्लाएर प्रणाम गर्यो । त्यो देखेर तथागत मुस्कुरायो। अनन्दले मुस्कुराउनुको कारण सोध्दा, 'हे आनन्द,' आजै मात्र अहर्तत्व प्राप्त गरेर आजै परिनिर्वाण हुनेछ । सन्तति महामात्य दिनभरि राजघाटमा बिताएर साँझ उद्यानमा रमझम गर्दै थियो। उनको नर्तकी मरेकीले उनी शोकमा डुब्यो। शोकाकुल अवस्थामा उनी तथागतनिर गयो। उपदेश सुनेर अहर्तत्व प्राप्त गरे । सन्तति महामात्यले अलङ्कृत अवस्थामै तथागतकै सामु परिनिर्वाण भयो । यसलाई ब्राह्मण, श्रमण वा भिक्षु के भन्ने ? जो कोही पनि मान्छे, अलङ्कृत भएर हिँड्छ। यदि उ शान्त, नियन्त्रित, संयम ब्रह्मचारी तथा समस्त प्राणीहरू प्रति दण्डत्यागी छ भने, उ ब्राह्मण, श्रमण र भिक्षु हो भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अलंकतो चेपि समं चरेय्य, सन्तो दन्तो नियतो ब्रह्मचारी**
**सब्बेसुभूतेसु निधाय दण्ड, सोब्राह्मणो सोसमणो स भिक्खु**
**॥१४२॥**

**भावार्थ–**

जो कोही पनि मान्छे, अलङ्कृत भएर हिँड्छ। यदि उ शान्त स्वयं नियन्त्रित, संयमित, ब्रह्मचारी, राग, द्वेष, माया, मोहा काम, वासना र तृष्णा रहित छन्। उनी समस्त प्राणीहरू प्रति दण्डत्यागी छ भने, उ ब्राह्मण, श्रमण र भिक्षु हो।

## १४३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको जेतवन महाबिहारमा रहँदा, एकदिन अहर्त आनन्द स्थविरले बस्त्रखण्ड लगाइ भिक्षापात्र हातमा लिइ धुम्दै गरेको एकजना केटोलाई उसको बस्त्रखण्ड र भिक्षापात्र एउटा रुखमा झुन्डाइ दिएर प्रबर्जित गराए। प्रबर्जित भएको केही दिनमै भिक्षु जीवन बाट उदास भएको त्यो केटाले फेरी पुरानै बस्त्रखण्ड लगाएर भिक्षाटन गर्न चाह्यो। जब उनी बस्त्रखण्ड लिन रुखनिर जान्थ्यो बिपरित भएर फर्कन्थ्यो। यसरी जाने र फर्कनेक्रम धेरै दिनसम्म चल्यो। यसरी आउने र जाने देखेर भिक्षुहरूले तिमी कहाँ जान्छौ ? भनि सोध्दा, आचार्यकहाँ जान्छु भन्थ्यो। आज तिमी आचार्यकहाँ जान्नौ भनेर सोध्दा आचार्यसँग संसर्ग हुँदा जान्थे। अब संसर्ग छुट्यो। आचार्यकहाँ जादैन भन्ने कुरा तथागतले सुने पछि यस संसारमा लज्जाको कारणले स्वयं नियन्त्रित पुरुष पनि छन्। जो उत्तम भद्र घोडाले कोर्राको प्रहार नसहे जस्तै निन्दाहरू पटक्कै सहन सक्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**हिरीनिसेधो पुरिसो, कोचि लोकस्मि बिज्जति**
**यो निन्दं अप्पबोधति, अस्सो भद्रो कसांइव ॥१४३॥**

**भावार्थ–**

यस संसारमा लज्जाको कारणले स्वयं नियन्त्रित रहने पुरुषहरू पनि छन्। जो उत्तम भद्र घोडाले मालिकको कोर्राको प्रहार नसहे जस्तै निन्दाहरू पटक्कै सहन सक्दैनन्।

## १४४. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको जेतवन महाबिहारमा रहँदा, एकदिन अहर्त आनन्द स्थविरले बस्त्रखण्ड लगाइ भिक्षापात्र हातमा लिइ धुम्दै गरेको एकजना केटोलाई उसको बस्त्रखण्ड र भिक्षापात्र एउटा रुखमा झुन्डाइ दिएर प्रबर्जित गराए । प्रबर्जित भएको केही दिनमै भिक्षु जीवन बाट उदास भएको त्यो केटाले फेरी पुरानै बस्त्रखण्ड लगाएर भिक्षाटन गर्न चाह्यो । जब उनी बस्त्रखण्ड लिन रुखनिर जान्थ्यो बिपरित भएर फर्कन्थ्यो । यसरी जाने र फर्कनेक्रम धेरै दिनसम्म चल्यो । यसरी आउने र जाने देखेर भिक्षुहरूले तिमी कहाँ जान्छौ ? भनि सोध्दा, आचार्यकहाँ जान्छु भन्थ्यो । आज तिमी आचार्यकहाँ जान्नौ भनेर सोध्दा, आचार्यसँग संसर्ग हुँदा जान्थे, भन्यो । यो कुरा तथागतले सुने पछि कोर्राले हानेको घोडा जस्तै उद्योगी र संवेगवान बन । श्रद्धा शील, समाधि एवं धर्मको विनिश्चय युक्त बन । आचरणले सम्पन्न होउ भन्दै दिएको उपदेशको पालीगाथा ॥१४३॥

**पालीगाथा–**

**अस्सो यथा भद्रो कसानिविट्ठो, आतापिनो संवेगिनो भवाथ**
**सद्धानय शीलेन च वीरियेन च, समाधिना धम्मविनिच्छयेन**
**सम्पन्नबिज्जचरण पतिस्सता, पहस्सथ दुःखमिदं अनप्पकं ॥१४४॥**

**भावार्थ–**

कोर्राले हानेको उत्तम घोडा जस्तै उद्योगी र संवेगवान बन । श्रद्धा, शील, पराक्रम, समाधि एवं धर्मको विनिश्चय युक्त बन । विद्या, ध्यान, भावना, समाधि र अचरणले सम्पन्न होउ ।

## १४५. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा सारिपुत्रको एक सेवकको घरमा भाग्यमानी छोरा जन्मियो । सात वर्षको उमेर हुँदा नै सारिपुत्रकहाँ लगेर प्रबसिर्जत गराए । एकदिन भिक्षाटनमा जाँदा, सारिपुत्र आधि आधि र उनको चिबर पात्र लिएर उ पछि पछि जाँदै गर्दा, उनले बाटोमा कुलो काटेर पानी लैजाने, बाण बनाउने तथा काठको पाङ्ग्रा बनाउने सिकर्मीलाई देखेर सौंच्न थाल्यो । बास्तवमा यस्ता अचेत बस्तुलाई त जस्तो चाह्यो त्यस्तै बनाउन सक्छन् भने मान्छे जस्तो सचेत प्राणीले आफ्नो चित्तलाई पनि बशमा राख्न किन सक्दैन ? उनको मनमा यस्तो सोच्दै फर्कियो । उ केही बेर पछि अनागामी बन्यो । सारिपुत्रको कुरा सुने पछि अहर्तत्व प्राप्त गर्यो । धर्मसभामा पनि यही चर्चा गर्दै कुलो र नहर बनाउनेहरूले निश्चय नै पानी लैजान्छन् । बाण, भाला र तीर बनाउनेहरूले बिग्रेको र बांगिएकोलाई सिधा बनाउँछन् । सिकर्मीहरू काठलाई बनाउँछन् । सुब्रतीहरू संयमद्वारा आफुलाई बशमा राख्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।।८०।।

**पालीगाथा–**

**उदकं हि नयन्ति नेत्तिका, उसुकारा नमयन्ति तेजनं**
**दारुं नमयन्ति तच्छका, अत्तानं दमयन्ति सुब्बता ।।१४५।।**

**भावार्थ–**

कुलो र नहर बनाउनेहरूले निश्चय नै पानी लैजान्छन् । बाण भाला र तीर बनाउनेहरूले बिग्रेको र बांगिएकोलाई सिधा बनाउँछन् । सिकर्मीहरू काठलाई सिधा बनाउँछन् । सुब्रतीहरू संयमद्वारा आफुलाई बशमा राख्दछन् ।

# धम्मपद

# जरा (बुढ्यौली) बर्ग– ११

## १४६. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा एकदिन उपासिका बिशाखा केही सहयोगीहरूका साथमा सुरापान गरेको अवस्थामा तथागतसँग धर्मसभामा बसेर उपदेश सुन्न थालिन् । तिनीहरू मध्ये केही त मदमस्त भइ उठेर नाच्ने गाउने र थप्पडि बजाएर हाँस्न थाले । यस्तो अवस्था देखेर तथागतले आफ्नो आँखिभौबाट रश्मि छोडेर अन्धकार बनाइ दिए पछि उनीहरू भयभित भइन् । त्यही बेला तथागत सिनेरु पर्वतको चुलीमा गएर आफ्नो उष्णलोम बाट रश्मि छोड्दै, ती मदस्त स्त्रीहरूलाई सम्बोधन गर्दै 'हे मदस्त स्त्रीहरू,' तिमीहरू प्रमत्त भएर धर्मसभामा आउन हुँदैन्थे । रागादि अग्निलाई शान्त गर्ने प्रयत्न गर्नु पर्छ । तिमीहरूले गरेको यो कृत्यको सजय छिटै भोग्नु पर्छ । जब सबै कुरा लगातार जलिरहेको छ भने कस्तो हाँसो ? के को आनन्द ? कस्तो आनन्द ? तिमी अन्धकारले धेरिएर पनि बत्तीको उज्यालो किन खोज्दैनौ ? तिम्रो चेतना किन शून्य भयो ? भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**कोनु हासो किमानन्दो, निच्चं पज्जलिते सति**
**अन्धकारेन ओनद्धा, पदीपं न गवेसय ॥१४६॥**

**भावार्थ–**

यो कुरा कबै मानिसहरूलाई थाहा भएकै कुरा हो कि, जब सबै कुरा लगातार जलिरहेको छ भने कस्तो हाँसो ? के को आनन्द ? कस्तो आनन्द ? तिमी अन्धकारले धेरिएर पनि बत्तीको उज्यालो किन खोज्दैनौ ? तिम्रो चेतना किन शून्य भयो ?

## १४७. समय सन्दर्भ–

एक समयमा राजगृहमा सिरिका नाम गरेकी सुन्दरी गणिकाले तथागतले उपदेश सुनेर श्रोतापन्न भइ प्रतिदिन सम्मानको साथमा भिक्षुहरूलाई दान दिने गर्दथे। एकदिन भिक्षुहरूलाई दान दिइ सके पछि तत्कालैको बिमारीले उनको मृत्यु भयो। उसको मृत शरीर राजाद्वारा सम्मान साथ मसानमा सुरक्षित राखियो। तेश्रो दिनमा तथागत पनि त्यहाँ गएर उनको पार्थिक शरीरलाई हार्दिक श्रद्धान्जली चढाए। त्यो मृत शरीर भिक्षुहरूलाई देखाउँदै यस्तो अकल्पनिय शरीर पनि नष्ट भयो। 'हे भिक्षुहरू,' यो शरीरलाई हेर त ? एकदिन हामी पनि यसरी नै नष्ट हुने हो। यो प्रतित्यसमुत्पादको सिद्धान्त अनुसार जन्म र मृत्युको नियमित भवचक्र हो। यो साश्वत, सनातन र सत्य हो। घाउहरूको संयोजित संग्रह भएको पिडाले आकुल र अनेक संकल्पले भरिएको यस चित्रित रङ्गीबिरङ्गी शरीरलाई हेर। जसको अवस्थिति स्थिर र निश्चित छैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**पस्स चित्तकतं बिम्बं अरुकायं समुस्सितं**
**आतुरं बहुसंकप्पं यस्स न'अत्थि धुवं ठिति ॥१४७॥**

**भावार्थ–**

यो भवचक्रमा जन्म र मृत्यु हुने कुरा साश्वत, सनातन र सत्य हो। घाउहरूको संयोजित संग्रह भएको पिडाले आकुल र अनेक संकल्पले भरिएको यस चित्रित रङ्गीबिरङ्गी शरीरलाई हेर। जसको अवस्थिति स्थिर र निश्चित छैन।

## १४८. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा तथागतले भिक्षाटन गर्दै गर्दा १२० वर्ष उमेर पुगेकी उत्तरी नामक भिक्षुनी थेरी पनि सोही स्थानमा भिक्षाटन गर्दै थिइन् । तथागतलाई आफुतिर आउँदै गरेको देखेर बाटो छोडि किनारा लाग्न खोज्दा दुर्बलताको कारण आफ्नै खुट्टाले चिबर कल्चिएर त्यही चिबरमा अल्झेर उनी भुइमा पछारिइन् । १२० वर्षको जीर्ण शरीर भएकीले उनी लगभग बेहोस भइन । आफ्नो शरीर पनि सम्भाल्न सकिनन् । यस्तो अवस्था देखेर तथागत त्यही गएर, 'हे भिक्षुनी,' तिम्रो शरीर एकदमै जीर्ण भैसकेको छ । तिमीलाई चोटपटक लागेको छ कि ? होस छ कि छैन भनि सोध्दा, 'हे तथागत,' अब म निर्वाण मार्गमा छु । केही दिनमै मेरो शरीर नाश हुनेवाला छ । यो थोत्रिएको जीर्ण जीउ एवं रुप अनेक प्रकारका रोगहरूको अड्डा लक्षभङ्गर छन् । यो दुर्गन्धित शरीर नाश भएर जान्छ । साँच्चै जीवन नै मरणान्त छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**परिजिण्णं इदं रुपं, रोगनिड्ढं पभङ्गुरं**
**भिज्जति पुतिसन्देहो, मरणन्तं हि जीवितं ॥१४८॥**

**भावार्थ–**

यो थोत्रिएको जीर्ण जीउ एवं रुप अनेक प्रकारका रोगहरूको अड्डा लक्षभङ्गर छन् । यो जन्म र मृत्युबाट सिर्जित फोहरी दुर्गन्धित शरीर नाश भएर जान्छ । साँच्चै जीवन नै मरणान्त छ । यो शास्वत, सनातन र सत्य हो ।

## १४९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा तथागतबाट कर्मस्थान ग्रहण गरेका ५०० भिक्षुहरूले जंगलमा गइ ध्यान भावना गरे । त्यस मध्ये केहीले अर्हत्व पनि प्राप्त गरेको अनुभूति तथागतसँग साभ्का गर्न जेतवनतिर गए। यो कुरा थाहा पाएर तथागतले अहर्त आनन्दलाई भने । उनीहरू आए पछि पहिले मसानमा पठाउनु भन्ने आदेश भएको हुँदा त्यसै गरे। आगन्तुक भिक्षुहरू सूचना अनुसार मसानमा गए। भरखरै मरेकी सुन्दर शरीर भएको लास देखेर उनीहरूमा राग उत्पन्न भएको देखेर उनीहरूलाई आफुले अर्हत्व प्राप्त नगरेको ज्ञान भयो। तथागतले गन्धकुटीबाटै 'हे भिक्षहरू,' के यस्तो अस्ति कंगाललाई देखेर रति गर्नु उचित छ ? यो शरद ऋतुमा खेतबारीमा जताततै फैलिएका लौकाका झ्यालहरू जस्तै मसानमा छरिएका कंगालहरू देखेर, यो अस्थि समूहले बनेका नश्वर शरीरलाई कुनै पनि उपाएले बचाउँन सकिन्न भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यान'इमानि अपत्थानि अलावुनेव सारदे**
**कापोतकानि अट्टीनि तानि दिस्वान का रति ॥१४९॥**

**भावार्थ–**

शरद ऋतुमा खेतबारीमा जताततै फैलिएका लौकाका झ्यालहरू जस्तै मसानमा छरिएका कंगालहरू देखेर, यो अस्थि समूहले बनेका नश्वर शरीरलाई कुनै पनि उपाएले बचाउँन सकिन्न। कुन मानिसको आयु कति छ ? यो कुरा उनको भाग्यमा लेखिएको हुन्छ। कसैलाई पनि थाहा हुँदैन ।

## १५०. समय सन्दर्भ–

एक समय जनपद कल्याणी रुपनन्दका आमा, पति र भाइ सबै प्रबर्जित भए पछि आफु पनि भिक्षुनीहरूसँग गएर प्रबर्जित भइन् । उनलाई आफ्नो रुपको अत्यन्तै गर्ब थियो । तथागतले रुपलाई अनित्य, दुःख, अनात्म आदि बताउने हुँदा, आफ्नो रुपलाई पनि निन्दा गर्छन भन्ने लागेर उनी उपदेश सुन्न पनि प्राय जादैन्नथिन् । भिक्षुनीहरूले आग्रह गरे पछि उनी गइन् । तथागतलाई प्रणाम गरी बसिन् । तथागतले रुपनन्दाको चित्तको कुरा जानेर आफ्नो ऋद्धि बलले रुपनन्दा भन्दा पनि राम्री तरुनी बनाएर तथागतको पछाडि उभिएर पंखा हम्किइन् । तथागत र रुपनन्दले उनलाई खुब हेरिरहन्थे । तर अरुले देख्दैन्थे । हेर्दाहेर्दै उनी बृद्ध भइन र मरिन् । त्यो देखेर रुपनन्दालाई बिराग उत्पन्न भयो । आफ्नो शरीरलाई पनि त्यस्तै अनित्य हो । हड्डीहरूको नगर भवनरुपी शरीरको संरचना बनेको छ । जसलाई मासु र रगतले पुरेको छ । जसभित्र बुद्दयौली धमन्ड, राग, द्वेष, माया, मोहा र इर्ष्य लुकेको छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अट्ठीनं नगरं कतं, मंसलोहितलेपनं**
**यत्थ जरा च मच्चु च, मानो मक्खो च ओहितो ॥१५०॥**

**भावार्थ–**

हड्डीहरूको नगर भवनरुपी शरीरको संरचना बनेको छ । जसलाई मासु र रगतले पुरेको छ । छालाले ढाकेको छ । जसभित्र बुद्दयौली धमन्ड, राग, द्वेष, माया, मोहा र इर्ष्य लुकेको छन् ।

# १५१. समय सन्दर्भ–

एक समयमा कोसल नरेशकी पत्नी मल्लिकाले निहुरेर खुट्टा धुँदा उनलाई कुकुरले मैथुन गरेको घट्ना झ्यालबाट देखेको राजाले रानी आए पछि धिक्कार्दा रानीले भनिन् । 'हे महाराज,' त्यो ठाउँ नै त्यस्तै छ । जो त्यहाँ जान्छन् दुई भएर देखिन्छ । बिश्वास नलागे हजुर त्यहाँ जानुस्, म हेर्छु, भन्यो । त्यो कुरा मानेर राजा त्यहाँ गए । छि छि महाराज, हजुर बाख्रीसित मैथुन गर्दै हुनुहुन्थ्यो भन्दै लज्जित बनाइन् । यसमा राजालाई स्नान कक्षाकै दोष रहेको कुरामा बिश्वास भयो । तथागतले मेरो यस्तो खराब काम देखेर के भने होलान् भन्ने सौंचेर मल्लिकलाई पश्चताप भयो । यही पाप कर्मले नरकमा परिन् । त्यहाँ एक साता रहेर तुषिता भूवन पुगिन् भन्दै दान, शील र उदारताको बारेमा भन्दै राजाको सुचित्रित रङ्गीबिरङ्गी रथा जो पुरानो हुन्छन् । यो शरीर पनि त्यस्तै पुरानो हुन्छ । तर सन्तहरूको धर्म पुरानो हुँदैन । सन्तहरू नै सन्तहरूलाई यस्तो कुराहरू बताउँछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**जिरन्ति वे राजरथा सुचित्ता, अथो शरीरम्मि नरं उपेति**
**सतञ्च धम्मो न जरं उपेति, सन्तो ह्वे सब्भि पवेदयन्ति ॥१५१॥**

**भावार्थ–**

राजाको सुचित्रित रङ्गीबिरङ्गी रथा जो पुरानो हुन्छन् । यो शरीर पनि पुरानो हुन्छ । तर सन्तहरूको धर्म पुरानो हुँदैन । सन्तहरू नै सन्तहरूलाई यस्तो कुराहरू बताउँछन् ।

## १५२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा बस्ने भिक्षु लालुदायी स्थविरले मंगल कारीहरूको घरमा जाँदा, 'तिरोकुड्डेसु तिट्ठन्ति' आदि अबमंगल गाथा र अमंलकारीहरूको घरमा जाँदा, 'दानञ्च धम्मचरिया च यं किञ्चि वित्त वा हुरं' वा आदि मंगल गाथा भन्ने गर्थे। उनी स्थान र कालको खासै ख्याल राख्दैनथे। कहाँ के कुराको बाचन गर्ने भन्ने कुरामा उनी जानकारी राख्दैनथे। किनभने उनी अल्पज्ञानी थियो। अल्पज्ञानीमा यस्तो बिबेक हुँदैन। एउटा कुरा गर्नु पर्ने ठाउँमा अर्कै कुरा गर्थे। उनी के भन्दैछन् ? के गर्दै छन् ? आफैलाई पनि थाहा हुँदैन्थे। उनको यस्तो कथन सुनेर भिक्षुहरूले तथागतलाई बताए पछि, 'हे भिक्षुहरू,' यो भवसागरका मानिसहरू जो अल्पश्रुत शास्त्रका कुरा थोरै मात्र जान्ने बुझ्नेको मानिस साँढे जस्तै मोटाउछन्। बिज्ञानको हिसाबले शारीरिक बिकास भए पनि प्रज्ञा र बुद्धि भने बढ्दैन। यो कुरा अल्पश्रुत शास्त्रको सिद्धान्त हो भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अप्पस्सुतायं पुरिसो, बलिवद्दो व जीरति**
**मंसानि तस्स वड्ढन्ति, पञ्ञा तस्स न वड्ढन्ति ॥१५२॥**

**भावार्थ–**

यो भवसागरका मानिसहरू जो अल्पश्रुत शास्त्रका कुरा थोरै मात्र जान्ने बुझ्नेको मानिस साँढे गोरु जस्तै मोटाएर बढ्दछन्। बिज्ञानको हिसाबले त्यसको शारीरिक बिकास भए पनि प्रज्ञा र बुद्धि भने बढ्दैन। यो कुरा अल्पश्रुत शास्त्रको सिद्धान्त हो।

## १५३. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको बोधिबृक्ष मुनि बसिरहँदा तथागतले घाम अस्ताउनु भन्दा अगाडि नै मारका सेनालाई बिध्वंश गरेर प्रथम याममा पूर्वनिवासलाई ढाक्ने अन्धकारलाई हटाएर मध्य याममा दिब्यचक्षुलाई बिशोधन गरेर अन्तिम याममा प्राणीहरूमा करुणा गरी प्रतित्यसमुत्पाद अनुलोम र बिलोममा बिचरण गर्ने अरुणोदय जस्तै सम्यक सम्बोधिलाई प्राप्त गरेका थिए। त्यसबेला उनले अनेक सहस्र बुद्धहरूद्वारा त्याग नगरिएको उदानको बारेमा बताउनु भयो । 'हे भिक्षुहरू,' यो भवसागरमा म अनेक जन्म जन्मान्तरसम्म यो शरीररुपी घर बनाउनेलाई खोज्दै दौडिरहेको छु। तर पनि अहिलेसम्म यसको कारण भेटाउन सकेको छैन । पटक पटकको जन्म दुःखद्ायी हो । मैले हरेक जन्ममा केही न केही बिकराल समस्याहरूको सामना गरेको छु भन्दै आनन्द स्थविरलाई दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अनेक जातिसंसारं, सन्धाविस्सं अनिब्बिसं**
**गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ॥१५३॥**

**भावार्थ–**

यो भवसागरमा म अनेक जन्म जन्मान्तरसम्म यो शरीररुपी घर बनाउनेलाई खोज्दै दौडिरहेको छु। तर पनि अहिलेसम्म यसको कारण भेट्ठाउन सकेको छैन। पटक पटकको जन्म दुःखद्ायी हो। मैले हरेक जन्ममा केही न केही बिकराल समस्याहरूको सामना गरेको छु। यो मेरो जातक पारमिता हो।

# १५४. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको बोधिबृक्ष मुनि बसिरहँदा तथागतले घाम अस्ताउनु भन्दा अगाडि नै मारका सेनालाई बिध्वंश गरेर प्रथम याममा पूर्वनिवासलाई ढाक्ने अन्धकारलाई हटाएर मध्य याममा दिब्यचक्षुलाई बिशोधन गरेर अन्तिम याममा प्राणीहरूमा करुणा गरी प्रतित्यसमुत्पाद अनुलोम र बिलोममा बिचरण गर्ने अरुणोदय जस्तै सम्यक सम्बोधिलाई प्राप्त गरेका थिए। त्यसबेला उनले अनेक सहस्र बुद्धहरूद्वारा त्याग नगरिएको उदानको बारेमा बताउनु भयो । 'हे भिक्षुहरू,' यो भवसागरमा म अनेक जन्म जन्मान्तरसम्म यो शरीररुपी घर बनाउनेलाई खोज्दै दौडिरहेको छु। तर पनि अहिलेसम्म यसको कारण भेट्ठाउन सकेको छैन । पटक पटकको जन्म दुःखदायी हो । मैले हरेक जन्ममा केही न केही बिकराल समस्याहरूको सामना गरेको छु भन्दै आनन्द स्थविरलाई दिएको उपदेशको पालीगाथा ।।१५३।।

**पालीगाथा–**

**गहकारक दिट्ठोसि, पुन गेहं न काहसि**
**सब्बा ते फासुका भग्गा, गहकुटं बिसँगति**
**विसंखारगतं चित्तं, तन्हानं खयं अज्झगा ।।१५४।।**

**भावार्थ–**

हे गृहनिर्माता तिमीलाई मैले पटक पटक देखे । फेरि आर्को पटक घर बनाउने छैनौं । तिम्रो सबै दारपात भाँचिर, घरको घुरी भत्काइयो ढलाइयो । चित्त संस्कार रहित अवस्थामा पुग्यो । तिम्रो राग, द्वेष, माया, मोहा र तृष्णा जति सबै मैले नाश गरिसकें ।

## १५५. समय सन्दर्भ–

एक समयमा वाराणसीको कुनै सेठको छोरा नाचगान बाहेक अरु केही पनि जान्दैनथे। उनको पत्नी पनि त्यस्तै थिइन्। दुबैको बाबा आमा मरे पछि दुईतिरकै सम्पत्ति एकत्रित भयो। सेठको छोरा गाउने बजाउने काममा राजाकहाँ जान्थ्यो। एकदिन जाँड्याह केटाहरूले उनलाई देखेर सोच्न थाले। यसले पनि जाँड खाना सिक्यो भने त हामी सबै यसैको साहारामा मजाले बाँच्न सक्छौं। बिस्तारै जड्याहहरूको जालमा फस्यो। उ अब रक्सी बिना बाँच्नै नसक्ने अवस्थामा पुग्यो। उनले रक्सी र रमाइलोमा सबै सम्पत्ति पानी भैं बगायो। केही समयमै उनी कंगाल भए। एक छाक खाना पनि सडकमा भीख माग्न पुग्यो। तथागत ऋषिपतन मृगदय बनमा बिहार गरिरहँदा, उनको अवस्था देखेर मुस्कुराउदै ब्रह्मचर्यको पालना नगर्ने, युवा अवस्थमा धन सम्पत्ति नकमाउने मानिसहरू, माछा सकिएको पोखरीमा कुरिरहेको बुढो मालचरो वा बकुलो जस्तै चिन्ताले सताउँछन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**अचरित्व ब्रह्मचरियं, अलद्धा योब्बने धनं**
**जिण्णकोञ्च व झायन्ति, खीणमच्छे व पल्लले ॥१५५॥**

**भावार्थ**–

ब्रह्मचर्यको पालना नगर्ने। युवा अवस्थमा धन सम्पत्ति नकमाउने मानिसहरू, माछा सकिएको पोखरीमा कुरिरहेको बुढो मालचरो वा बकुलो जस्तै चिन्ताले सताउँछन्।

## १५६. समय सन्दर्भ–

एक समयमा वाराणसीको कुनै सेठको छोरा नाचगान बाहेक अरु केही पनि जान्दैनथे। उनको पत्नी पनि त्यस्तै थिइन्। दुबैको बाबा आमा मरे पछि दुईतिरकै सम्पत्ति एकत्रित भयो। सेठको छोरा गाउने बजाउने काममा राजाकहाँ जान्थ्यो। एकदिन जाँड्याह केटाहरूले उनलाई देखेर सोच्न थाले। यसले पनि जाँड खाना सिक्यो भने त हामी सबै यसैको साहारामा मजाले बाँच्न सक्छौं। बिस्तारै जड्याहहरूको जालमा फस्यो। उ अब रक्सी बिना बाँच्नै नसक्ने अवस्थामा पुग्यो। उनले रक्सी र रमाइलोमा सबै सम्पत्ति पानी झैं बगायो। केही समयमै उनी कंगाल भए। एक छाक खाना पनि सडकमा भीख माग्न पुग्यो। तथागत ऋषिपतन मृगदय बनमा बिहार गरिरहँदा, उनको अवस्था देखेर मुस्कुराउदै ब्रह्मचर्यको पालना नगर्ने। युवा अवस्थमा घन सम्पत्ति नकमाउने मानिस, पूर्णतय क्षत बिक्षत धनुर्बाण जस्तै फालिन्छन्। पुराना कुराहरू सम्झेर बिलाप गरिरहन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥१५५॥

**पालीगाथा**– *****

**अचरित्व ब्रह्मचरियं, अलद्धा योब्बने धनं**
**सेन्ति चापातिखीणाव, पुराणानि अनुत्थनं ॥१५६॥**

**भावार्थ**–

ब्रह्मचर्यको पालना नगर्ने। युवा अवस्थमा घन सम्पत्ति नकमाउने मानिस, पूर्णतय क्षत बिक्षत धनुर्बाण जस्तै फालिन्छन्। पुराना कुराहरू सम्झेर बिलाप गरिरहन्छन्।

# धम्मपद

# आत्म बर्ग– १२

## १५७. समय सन्दर्भ–

एक समयमा सुसुमार गिरीका बोधिराजकुमारले बेजोडको दरबार बनाए । गृहप्रबेश गर्दा, भेषकला बनमा बिहार गर्दै गरेको तथागतलाई भिक्षु महासंघ सहित भोजनको लागि निमन्त्रणा गरे । राजकुमारको सन्तान थिएन । यदि मलाई सन्तान हुने रहेछ भने, तथागतले यस माथि टेकेर जाने छन् । अन्यथा त्यही रोकिने छन् भन्ने बिचार गरी माथि चढ्ने भऱ्याङमा नयाँ कपडा बिछाए । भोजनको लागि माथि चढ्ने बेलामा नयाँ कपडा देखेर रोकियो । 'हे भन्ते,' के कारणले मेरो अतिथ्याइ स्वीकार भएन भनेर सोध्दा तथागतले आनन्दतिर हेरे । उनले रोकिनुको कारण खुलाए । पछि उनी बुद्धको शरणमा गए । 'हे बोधिकुमार,' पूर्वजन्ममा तपाइँको पति पत्नी दुबैले प्रमाद गरेको हुनाले सन्तान भएको हो । उप्रान्त प्रमाद नगर्नु होस् भन्दै यदि आफुलाई प्यारो सम्भिन्छौं भने, उसलाई पनि सुरक्षित राखौ । पण्डितहरू तीनवटा याम युवा, प्रौढ र बृद्धमध्ये कुनै एक याममा सचेत रहोस् भन्दै दिएको उपदेशको पालीथागा ।

**पालीगाथा–**

**अत्तानञ्चे पियं जञ्ञा, रक्खेय्य नं सुरक्खितं**
**तिण्णं अञ्ञतरं यामं, पटिजग्गेय्य पण्डितो ॥१५७॥**

**भावार्थ–**

यदि आफुलाई प्यारो सम्भिन्छौं भने, उसलाई पनि सुरक्षित राखौ । पण्डितहरू तीनवटा याम युवा, प्रौढ र बृद्धमध्ये कुनै एक याममा सकृया वा सचेत रहोस् ।

## १५८. समय सन्दर्भ–

एक समयमा उपनन्द शाक्य-पुत्र धर्मोपदेश दिन सिपालु थिए । उनको उपदेश सुनेर धेरै भिक्षुहरूले चिबर दान दिन्थे । उनी बर्षाबासको समयमा बिहारहरूमा पछि पाइने दान बारे धुम्दै बुझ्दै जाँदा एउटा चिबर दान पाइनेमा जुत्ता, दुईटा पाइनेमा लौरो, तीनवटा पाइनेमा पानीको घैटो राखी, अन्तमा चारवटा पाइनेमा वर्षाबास बसे । वर्षाबासको अन्तमा सबै बिहारहरूमा सन्देश पठाए । मैले आफ्नो परिष्कार राखेर आएको थिए । मैले पनि वर्षाबासिक पाउनु पर्छ । त्यसरी मगाएर प्राप्त भएका सबै चीबरहरू रथमा लादेर प्रस्थान गरे । बाटोमा दुईजना तरुण भिक्षुहरू चिबर र कम्बलको बारेमा आपासमा झगडा गर्दै थिए । दुबै जनालाई झगडा मिलएर वापत कम्बल लिएर उनी गए पछि भिक्षुहरूले ठुलो पश्चाताप गरे । सबभन्दा पहिले आफुलाई उचित काममा लगावस् । त्यसपछि मात्र अरुलाई शिक्षा र उपदेश देवस् । यसो गरे पछि पण्डितहरूमा क्लेश आउन सक्दैन भन्दै तथागतले दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अत्तानं एवं पठनं, पतिरुपे निवेसये**
**अथ'अञ्ञं अनुसासेय्य, न किलिस्सेय्य पण्डितो ॥१५८॥**

**भावार्थ–**

सबभन्दा पहिले आफुलाई उचित काममा लगावस् । त्यसपछि मात्र अरुलाई शिक्षा र उपदेश देवस् । यसो गरे पछि पण्डितहरूमा क्लेश आउन सक्दैन ।

## १५९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा योगाभ्यासी तिस्स स्थविर तथागतबाट कर्मस्थान लिई ५०० सय भिक्षुहरूका साथमा जंगलमा गइ वर्षाबास सके पछि भिक्षुहरूलाई सम्झाउँदै भने, 'हे भिक्षुहरू,' तथागतबाट कर्मस्थान ग्रहण गरेका तिमीहरूले अप्रमादका साथमा श्रवण धर्म गर भन्दै उपदेश दिएर आफु चाहि सुत्थे । नित्यकर्म सकी कुनै पनि प्रहारमा सुत्न आएका भिक्षुहरूलाई, नसुत श्रमण धर्म गर भनि सताउने गर्थे । तिस्स स्थविरको यो ब्यवहारले राम्ररी सुत्न नपाए पछि चित्त एकाग्र नभएको कारण राम्रो ज्ञान पाउन सकेनन् । वर्षाबासबाट फर्केर गए पछि तथागतनिर गए । 'हे भिक्षुहरू,' तिमीहरूले वर्षाबासको समयमा श्रमण धर्मलाई कसरी अभ्यास गर्यौ ? भनेर सोध्दा, भिक्षु तिस्स स्थविरले सुत्न नदिएको गुनासो गरे । अरुलाई उपदेश दिए जस्तै पहिलेनै आफुले ब्यवहार गर्ने हो भने, त्यस्तो जितेन्द्रिय मानिसले अरुलाई बशमा राख्न सक्दछ । आफुलाई बशमा राख्नु कठिन काम हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अत्तानब्बे तथा कयिरा, यथ'अञ्ञं अनुसासति**
**सुदन्तो वत दम्मेय, अत्ताहि किर दुद्दमो ॥१५९॥**

**भावार्थ–**

अरुलाई उपदेश दिए जस्तै पहिलेनै आफुले ब्यवहार गर्ने हो भने त्यस्तो जितेन्द्रिय मानिसहरूले अरुलाई बशमा राख्न सक्दछ । तर, आफुलाई बशमा राख्नु कठिन काम हो ।

## १६०. समय सन्दर्भ–

एक समयमा कुमार काश्यापकी आमा राजगृहको सेठकी छोरी थिइन । उनी सानै उमेरदेखि प्रबर्जित हुन चाहन्थिन् । तर बाबा आमाको आज्ञा पाइनन् । सानै उमेरमा उनको बिबाह भयो । पतिसँग आज्ञा मागे पछि उनलाई देवदत्त पक्षका भिक्षुनीहरूसँग लगेर प्रबर्जित गराइदिए । पतिसँगकै सहवासबाट उनी गर्भिनी भएकी थिइन् । यो कुरा थाहा पाए पछि देवदत्तले उनलाई सेतो लुगा लगाएर आश्रमबाट निकाल्न आदेश दिए । उनले आफु देवदत्तको नभएर तथागतको शासनमा प्रबर्जित भएको बताइन् । तथागतको आज्ञा अनुसार भिक्षु उपालीले राजा प्रसेनजित, उपासिका बिशाखा, अनाथपिण्डक बोलाएर उनको जाँच गराउदा उनी निर्दोष भएको प्रमाणित भयो । त्यही गर्भबाट कुमार काश्यपको जन्म भयो र राजा प्रसेनजितले पाल्यो भन्दै बास्तवमा मानिसको आफ्नो स्वामी भन्नुनै आफै हो । आफु बाहेक अर्को स्वामी को हुन सक्छ र ? आफैले आफु लाई बशमा राख्न सके दुर्लभ स्वामी पाउँछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अत्ता हि अत्तनो नाथो, को हि नाथो परो सिया**
**अत्तना हि सुदन्तेन, नाथं लभति दुल्लभं ॥१६०॥**

**भावार्थ**–

बास्तवमा मानिसको आफ्नो स्वामी भन्नुनै आफै हो । आफु बाहेक अर्को स्वामी को हुन सक्छ र ? आफैले आफुलाई बशमा राख्न सके दुर्लभ स्वामी पाउँछ ।

## १६१. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा महाकाल नामक श्रोतापन्न उपासक महिनामा आठ पटक उपोसत ब्रत बसेर रातभरी बिहारमा धर्म श्रवण गर्दथ्यो । एक रात कुनै घरमा चोरी भयो । चोरहरूलाई गाउँलेले लखेद्दा, सबै चोर सामान फ्याँकेर भागे । तिनमा एकजनाले आफ्नो लागि भनेर पोखरीको किनारमा सामान फाल्यो । रातभरि बिहारमा बसेर बिहानै फर्कदा, चोरले फालेको सामान भएनिरै पोखरीमा मुख धुन लागेको महाकाललाई देखे पछि चोर यही हो भन्ठानेर गाउँलेले मारेर त्यही फालिदिए। पछि श्रमनेर हरूले उपासकलाई मरेको देखेर यो कुरा तथागत लाई सुनए । 'हे भिक्षुहरू,' यो उपासकले पूर्वजन्ममा कसैको स्त्रीसँग मोहित भएर उनको पतिलाई मारेको पापको फल हो । प्राणीहरू आफ्नै कर्मको फलले गर्दा, अपाएकमा पिडित हुन्छन् । आफैमा उत्पन्न, आफैबाट निर्मित तथा परिपोषित पापले दुर्बुद्धिको मानिसहरूलाई यसरी हुँडाल्छन् । जसरी ढुंगाबाट बनेको बज्रले ढुंगाको मणिलाई रगेटेर टुक्रटुक्र पार्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अत्तना व कतं पापं, अत्तजं अत्तसम्भावं**

**अभिमत्थति दुम्मेधं, वजिरं व'स्ममयं मणि ॥१६१॥**

**भावार्थ**–

आफैमा उत्पन्न, आफैबाट निर्मित तथा परिपोषित पापले दुर्बुद्धिको मानिसहरूलाई यसरी हुँडाल्छन् । जसरी ढुंगाबाट बनेको बज्रले ढुंगाको मणिलाई रगेटेर टुक्रटुक्र पार्छ ।

## १६२. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा महाकाल नामक श्रोतापन्न उपासक महिनामा आठ पटक उपोसत ब्रत बसेर रातभरी बिहारमा धर्म श्रवण गर्दथ्यो । एक रात कुनै घरमा चोरी भयो । चोरहरूलाई गाउँलेले लखेद्दा, सबै चोर सामान फ्याँकेर भागे । तिनमा एकजनाले आफ्नो लागि भनेर पोखरीको किनारमा सामान फाल्यो । रातभरि बिहारमा बसेर बिहानै फर्कदा, चोरले फालेको सामान भएनिरै पोखरीमा मुख धुन लागेको महाकाललाई देखे पछि चोर यही हो भन्ठानेर गाउँलेले मारेर त्यही फालिदिए । पछि श्रमनेहरूले उपासकलाई मरेको देखेर यो कुरा तथागतलाई सुनए । 'हे भिक्षुहरू,' यो उपासकले पूर्वजन्ममा कसैको स्त्रीसँग मोहित भएर उनको पतिलाई मारेको पापको फल हो । प्राणीहरू आफ्नै कर्मको फलले गर्दा, अपाएकमा पिडित हुन्छन् । जसको उग्र दुराचारले सालको रुखलाई बेरेर झांगिएको मालुवा भन्ने लहरो जस्तै हुन्छ । त्यो मानिसले आफुलाई पनि त्यस्तै बनाउँछ, जस्तो उसको शत्रु चाहन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥१६१॥

**पालीगाथा–**

**यस्स अच्चन्तदुस्सील्यं, मालुवा सालमिवोत्थतं**
**करोति सो तथ'अत्तानं, यथा नं इच्छति दिसो ॥१६२॥**

**भावार्थ–**

जसको उग्र दुराचारले सालको रुखलाई बेरेर झांगिएको मालुवा भन्ने लहरो जस्तै हुन्छ । त्यो मानिसले आफुलाई पनि त्यस्तै बनाउँछ, जस्तो उसको शत्रु चाहन्छन् ।

## १६३. समय सन्दर्भ–

एक समयमा बेनुबनमा एकदिन भिक्षाटनमा रहेको भिक्षु आनन्द स्थविरलाई देखेर भिक्षु देवदत्तले उनीसँग संघ भेद गर्ने आफ्नो अभिप्राय स्पष्ट बताए। अहर्त आनन्द स्थविरले तथागतसँग गएर यो कुरा बृतान्त सुनाए। 'हे भन्ते,' आज म भिक्षाटनमा जाँदा, भिक्षु देवदत्तलाई भेटे। आजैदेखि म तथागतको भिक्षु महासंघबाट अलग भएर उपोसथ ब्रत गर्ने छु। भिक्षु महासंघमा फूट ल्याउनको लागि सांधिक कर्म गर्ने छु। तथागतको भन्दा ठुलो संघ बनाउने छु भनि यावत कुरा भने। उनीसँग भएको सम्पूर्ण कुराहरू तथागतलाई सुनाए। 'हे आनन्द,' आफ्नो कुभलो गर्ने खराब र नराम्रो कामहरू गर्न सजिलो हुन्छन्। जुन काम राम्रो र भलो गर्ने हुन्छन् त्यस्ता कामहरू गर्न सबै भन्दा गाह्रो हुन्छ। आफ्नो कुभलो गर्ने खराब र नराम्रो कामहरू गर्न सजिलो हुन्छन्। जुन कामहरू राम्रो र भलो गर्ने हुन्छन्। त्यस्ता कामहरू गर्न सबै भन्दा गाह्रो हुन्छ भन्दै देवदत्तको सम्बन्धमा तथागतले दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सुकरानि असाधूनि, अत्तनो अहितानी च**
**यं चे हितञ्च च साधुञ्च च, तं वे परमदुक्करं ॥१६३॥**

**भावार्थ–**

आफ्नो कुभलो गर्ने खराब र नराम्रो कामहरू गर्न सजिलो हुन्छन्। जुन कामहरू राम्रो र भलो गर्ने हुन्छन्। त्यस्ता कामहरू गर्न सबै भन्दा गाह्रो हुन्छ। त्यसैले प्रयत्न गरिरहनु।

## १६४. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै उपासिकाले काल स्थविरलाई आफ्नो छोरा जस्तै मान्थिन् । स्थविरलाई आदार सत्कार पनि गर्थिन् । यिनले तथागतको उपदेश सुनिन् भने, यिनले मलाई पहिले जस्तै मन्दिनन् कि भन्ने सोचेर काल स्थविरले उनलाई उपदेश सुन्न जान पर्दैन भनेर जान दिन्नथे । छिमेकीबाट उपदेशको प्रशंसा सुनेकी ती उपासिका उपोसथको दिन त्यहाँ गएर उपदेश सुनिन् । काल स्थविरले यो कुरा थाहा पाएर जेतवन गएर तथागत सँग भने । 'हे भन्ते,' यो उपासिका मुर्ख छिन् । यसले सुक्ष्म तथा गम्भिर अवस्थाको धर्मोपदेश बुझ्न सक्दिनन् । यसलाई दान, शील र भावना सम्बन्धि उपदेश दिनुहोस् भनि अनुरोध गरे । जुन अज्ञानीले पापमय दृष्टिकोण अपनाएर अहर्त धर्मजीविहरूको उपदेश अनुशासनलाई मान्दैनन् भने त्यस्ता मानिसको जन्म बाँसमा फुलेको फूल जस्तै हुन्छन् भन्दै काल स्थविरको भावना अनुरुप दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो शासनं अरहतं, अरियानं धम्मजीविनं**
**पटिक्कोसति दुम्मेधो, दिट्ठिं निस्साय पापिकं**
**फलानि कट्ठकस्सेव, अत्तघञ्ञाय फल्लति ॥१६४॥**

**भावार्थ–**

जुन अज्ञानीले पापमय दृष्टिकोण अपनाएर अहर्त धर्मजीविहरूको उपदेश अनुशासनलाई मान्दैनन् भने त्यस्ता मानिसको जन्म बाँसमा फुलेको फूल जस्तै हुन्छन् ।

## १६५. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहेको बेलामा महाकाल जस्तै गाथा १६१ चुलकाल उपासक पनि गाउँलेहरूबाट पिटियो । तर पानी लिन आएका दासीहरूले चिनेर बचाए । भिक्षुहरूले यो कुरा सुने पछि, तथागतलाई सुनाए । 'हे भिक्षुहरू,' चुलकाल आफु अकर्ता भएकोले पधेर्निहरूले उनलाई बचाए । यो भवसागरको हरेक प्राणीहरू आ-आफ्नो पाप कर्महरूले गर्दा, नरकमा दुःख कष्टहरू भोगेर बस्दछन् । आफुले गरेको पाप आफैबाट मात्र शुद्ध हुन्छ । शुद्ध र अशुद्ध भन्ने कुरा ब्यक्तिगत हुने भएकोले, कसैले कसैलाई पनि शुद्ध गर्न सक्दैन । पुण्य कमाएर बुद्धभूमि सुखवती तथा निर्वाणमा जाँनाको लागि आफै शुद्ध हुनु पर्छ । पापकर्महरू आफैले गरिन्छ । ब्यक्ति स्वयंबाट खराब बन्दछ । आफुले गरेको पाप आफैबाट मात्र शुद्ध हुन सक्छ । शुद्ध र अशुद्ध भन्ने कुरा ब्यक्तिगत हुने भएकोले, कसैले कसैलाई पनि शुद्ध गर्न सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**अत्तना व कतं पापं, अत्तना संकिलिस्सति**
**अत्तना अकतं पापं, अत्तना व विसुज्झति**
**शुद्धि अशुद्धि पच्चतं, नाञ्ञो अञ्ञं बिशोधये ॥१६५॥**

**भावार्थ–**

पाप कर्महरू केवल आफैले गरिन्छ । ब्यक्ति स्वयंबाट खराब बन्दछ । आफुले गरेको पाप आफैबाट मात्र शुद्ध हुन सक्छ । शुद्ध र अशुद्ध भन्ने कुरा ब्यक्तिगत हुने भएकोले, कसैले कसैलाई पनि शुद्ध गर्न सक्दैन ।

## १६६. समय सनदर्भ–

एक समयमा श्रावस्तीमा तथागतले १०० दिन पछि आफ्नो परिनिर्वाण हुने कुरा बताए पछि भिक्षुहरू सबै चिन्ति भए । भिक्षु अत्तदत्थ भने तथागतसँगै अहर्त्व प्राप्त गर्ने मनसायले अरु भिक्षुहरूलाई छाडेर एकान्तमा बस्न थाले । यो कुरा भिक्षुहरूलाई थाहा भए पछि, एकदिनको धर्मसभामा तथागतलाई सुनाए । तथागतले अत्तदत्थलाई एकान्तमा बोलाएर सोध्दा, यसको मूल कारण सही अर्थमा बुझेकोले उनलाई साधुवाद दिए । 'हे भिक्षुहरू,' जसलाई म माथि श्रद्धा र बिश्वास छ । उनीहरू भिक्षु अत्तदत्थ जस्तै हुनु पर्छ । जो कसैले पनि अर्घ पुष्प धूप दीप सुगन्ध आदिले पूजा गर्दैमा कोही पनि मेरो पूजक हुन सक्दैन । तर जस्ले धर्म अनुसार आचरण गर्दछ । ध्यान, साधना र भावना गर्दछन् उनीहरू मात्र मेरो पूजाको अधिकारी हुन सक्दछ । अर्काको धेरै हितबाट पनि आफ्नो हित हुने कुरालाई छोड्नु हुँदैन । आफ्नो हितलाई पूर्णरुपले जानेर बुझेर मात्र सही वा असली हित प्रति निष्ठा राख्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अत्तदत्थं परत्थेन, बहुना पि न हापये**
**अत्तदत्थं अभिञ्ञाय, सदत्थपसुतो सिया ॥१६६॥**

**भावार्थ**–

अर्काको धेरै हितबाट पनि आफ्नो हित हुने कुरालाई छोड्नु हुँदैन । आफ्नो हितलाई पूर्णरुपले जानेर बुझेर मात्र सही वा असली हित प्रति निष्ठा राख्नु पर्छ ।

# धम्मपद
# लोक बर्ग– १३

## १६७. समय सन्दर्भ–

एक समयमा कुनै स्थविर युवा भिक्षुका साथ बिहानै महोपासिका बिशाखको घरमा गएर यवागु खाए पछि युवा भिक्षुलाई त्यही छाडि आफु बाहिरा गए। भिक्षुको सेवामा रहेकी बिशाखाकी नातिनीले पानी छान्दै गर्दा, पानीमा आफ्नो अनुहार देखेर हाँसीन्। उनी हाँसेको देखेर युवा भिक्षु पनि हाँस्यो। केटीले शिर काटेको मुडुलो हाँसीरहेको छ भनिन्। त्यहाँ भनाभन भएर आक्रोश भयो। केटी रुदै बिशाखानिर पुगिन्। अनेक प्रयास गर्दा पनि बिशाखाले उनीहरू दुबैलाई सम्झाउन सकिनन्। पछि स्थविर आएर सम्झाए। तर युवा भिक्षुले मानेन्। त्यसपछि तथागत आएर भने। 'हे मुडुलो,' मेरो श्रावकलाई केटीबाट आक्रोश गराउने ? काम वास्नाको बारेमा हाँस्नु निच धर्म हो। निच धर्मको सेवन गर्नु हुँदैन। प्रमादित भएर पनि बस्नु हुँदैन। नीच निकृष्ट धर्मलाई नअपनाउ। आलस्य, असावधानी जस्ता प्रमादमा रहने काम नगर। मिथ्या धारणालाई नअँगाल्नु। संसारको लिप्सा बढाउनेतिर नलाग भन्दै दिनु भएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**हिनं धम्मं न सेवेय्य, पमादेन न संवसे**
**मिच्छदिट्ठि न सेवेय्य, न सिया लोकवड्ढनो ॥१६७॥**

**भावार्थ–**

नीच निकृष्ट धर्मलाई नअपनाउ। आलस्य, असावधानी जस्ता प्रमादमा रहने काम नगर। मिथ्या धारणालाई नअँगाल्नु। संसारको लिप्सा बढाउनेतिर नलाग।

# १६८. समय सन्दर्भ–

एक समयमा तथागत पहिलो पटक जन्मभूमि कपिलबस्तु आएर उपदेश दिए । पहिले त उनलाई कसैले पनि भोजनको लागि निमन्त्रणा गरेनन् । महाराज शुद्धोधनले मेरो छोरा अन्त कहाँ जाला र ? उ त मैकहाँ आउनेछ भन्ने सोँचेर आमन्त्रण गरेनन् । तर भोलिपल्ट बिस हजार भिक्षुहरूको लागि यवागु बनाएर आसन ठिक पारे । तर तथागतले पहिलेका बुद्धहरूले झैं भिक्षाटनमा निस्किए । तथागतले भिक्षाटन गरिरहेको अवस्था राहुल माताले देखे पछि महाराजलाई भनिन् । महाराजले 'हे बुद्ध,' तिमीले मेरो बंश नाश गर्दैछौं । भिक्षाटन गरेर मलाई लज्जित गर्दै छौ । यो तिमीले उचित गरेन भने । 'हे महाराज,' भिक्षाटन गर्ने मेरो कर्तब्य हो । अब म तपाइँको बंशमा छैन । अब म बुद्ध बंशको २८औं बुद्ध हुँ । मैले प्रतिपादन गरेको धर्मको पालना गर । उठ ! प्रमाद नगर । असल चरित्र भएको धर्मको पालना गर । त्यसै अनुरुपको आचरण गर । धर्म अनुसार चिन्त मुक्त भएर यस लोक र परलोकमा पनि सुखानुभूति गर भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**उत्तिट्ठे न'प्पमज्जेय्य, धम्मं सुचरित चरे**

**धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ॥१६८॥**

**भावार्थ**–

उठ ! प्रमाद नगर । असल चरित्र भएको धर्मको पालना गर । त्यसै अनुरुपको आचरण गर । धर्म अनुसार चिन्त मुक्त भएर यस लोक र परलोकमा पनि सुखानुभूति गर ।

# १६९. समय सन्दर्भ–

एक समयमा तथागत पहिलो पटक जन्मभूमि कपिलबस्तु आएर उपदेश दिए । पहिले त उनलाई कसैले पनि भोजनको लागि निमन्त्रणा गरेनन् । महाराज शुद्धोधनले मेरो छोरा अन्त कहाँ जाला र ? उ त मैकहाँ आउनेछ भन्ने सोँचेर आमन्त्रण गरेनन् । तर भोलिपल्ट बिस हजार भिक्षुहरूको लागि यवागु बनाएर आसन ठिक पारे । तर तथागतले पहिलेका बुद्धहरूले झैं भिक्षाटनमा निस्किए । तथागतले भिक्षाटन गरिरहेको अवस्था राहुल माताले देखे पछि महाराजलाई भनिन् । 'हे बुद्ध,' तिमीले मेरो बंश नाश गर्दैछौं । भिक्षाटन गरेर मलाई लज्जित गर्दै छौ । यो तिमीले उचित गरेन भने ! 'हे महाराज,' भिक्षाटन गर्ने मेरो कर्तब्य हो । अब म तपाइँको बंशमा छैन । अब म बुद्ध बंशको २८औं बुद्ध हुँ ! मेरो धर्मको पालना गर । असल चरित्र भएको धर्मको अवलम्बन गर । त्यसै अनुरुप आचरण गर । दुराचारलाई त्याग । धर्म अनुसार चिन्तबाट मुक्त भए यस लोक र परलोकमा पनि सुखी हुनेछ भन्दै दिएको उपदेशको पालीगाथा ।।१६८।।

**पालीगाथा**– *****

**धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे**

**धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ।।१६९।।**

**भावार्थ**–

असल चरित्र भएको धर्मको अवलम्बन गर । त्यसै अनुरुप आचरण गर । दुराचारलाई त्याग । धर्म अनुसार चिन्तबाट मुक्त भए यस लोक र परलोकमा पनि सुखी हुनेछ ।

## १७०. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा तथागतबाट कर्मस्थान लिएर जंगलतिर ध्यान, भावना र साधना गर्न गएका ५०० भिक्षुहरूले उपयुक्त बासस्थान नपाएका कारण कुनै बिशेषता प्राप्त गर्न नसके पछि, फर्केर फेरि ठीकसँग कर्मस्थान ग्रहणको लागि तथागतनिर आउँदै थिए। आउँदा आउँदै उनीहरू मरीचिको कर्मस्थानको भावना गर्दै आए। जेतवन पुगे पछि एकदमै ठुलो पानी पर्यो। उनीहरू घरको एक छेउमा उभिएर उठ्दै फुट्दै गरेको पानीको फोकाहरू हेर्दै थिए। भिक्षुहरूको मनमा, यी पानीका फोकाहरू पनि हाम्रो शरीर जस्तै उत्पन्न र नाशवान हुने हुन् भन्दै थिए। त्यही अवस्थालाई तथागतले गन्धकुटीबाट दिब्य चक्षुले हेर्दै थिए। भिक्षुहरूको मनका कुरा बुझ्रेर 'हे भिक्षुहरू,' हाम्रो जीवन पनि यस्तै हो। यो अनित्य संसारलाई पानीमा निस्कने फीँज वा फोका जस्तै उत्पन्न र नाश हुने मृगतृष्णा ठान। यसरी संसार हेर्नेलाई मृत्युको राजाले देख्न सक्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यथा बुब्बुलकं पस्से, यथा पस्से मरीचिकं**
**एवं लोकं अवेक्खन्तं, मच्चुराजा नपस्सति ॥१७०॥**

**भावार्थ–**

यो अनित्य संसारलाई पानीमा निस्कने फीँज वा फोका जस्तै उत्पन्न र नाश हुने मृगतृष्णा ठान। यसरी संसार हेर्नेलाई मृत्युको राजाले देख्न सक्दैनन्।

# १७१. समय सन्दर्भ–

एक समयमा सीमान्त प्रदेशमा रहेका अभए राजकुमारले त्यहाँको उपद्रव शान्त पारेर आएको हुँदा, खुसी भएका राजा बिम्बिसारले उनलाई एउटी नर्तकी र एक साताको लागि राज्य दिए। उनी सात दिनसम्म भवनबाट बाहिर निस्केनन्। आठौँ दिन नदीमा नुहाएर सन्तति महामात्य जस्तै गाथा १४२ अनुसारको बगैँचामा गए। उनकी नर्तकी पनि सन्तति महामात्मको जस्तै गरी अचानक मरिन्। उनी दुःखी भएर बेनुबनमा तथागतनिर गएर के कारणमा यस्तो भयो ? 'हे भन्ते,' म अत्यन्तै ब्याकुल छु। मेरो शोकलाई शान्त गरिदिनुहोस् भनेर अनए बिनय गरे। तथागतले सबै कुरा बुझेर उपदेश दिँदै भने, 'हे राजान,' यो नर्तकीको मृत्यु हुँदा तिमीले बगाएको आँसुको यो अनादि कालमा कुनै प्रमाण छैन। यो धर्मोपदेश सुनेर शोक कम गर। आउ राजाको रथ जस्तै रङ्गीबिरङ्गी संसारलाई हेर। जहाँ अज्ञानी मुर्खहरू पिरोलिरहन्छन्। तर जाने बुझेका ज्ञानी पुरुषहरूलाई यसपट्टिठ कुनै असक्ति हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**एवं पस्सथ'इमं लोकं, चित्तं राजरथुपमं**
**यत्थ बाला विसिदन्ति, न'त्थि सङ्गो विजानतं ॥१७१॥**

**भावार्थ–**

आउ, राजाको रथ जस्तै रङ्गीबिरङ्गी यो संसारलाई हेर। जहाँ अज्ञानी मुर्खहरू पिरोलिरहन्छन्। तर जाने बुझेका ज्ञानी पुरुषहरूलाई यसपट्टिठ कुनै असक्ति हुँदैन।

## १७२. समय सन्दर्भ–

एक समयमा जेतवनमा समुञ्जन नामक एक स्थविरले बिहान बेलुकीको ख्यालै नराखी कुचो लगाउने गर्थे । कुनै दिन रेवत स्थविरले उपदेश दिए पछि उनले बढार्ने काम छाडी भने अनुसारको आचरण गरे । उनले केही दिनमै अहर्त्व पनि प्राप्त गरे । बिस्तारै बिहारका धेरै ठाउँहरू फोहर हुन थाले पछि एकदिन भिक्षुहरूले उनलाई सोधे । 'हे समुञ्जन,' फलानो फलानो ठाउँमा धेरै फोहर भएको छ, किन बडार्नु हुन्न ? समुञ्जनले भने, 'हे भन्ते,' पहिले पहिले प्रमादको समयमा त्यस्तो गरे । अब म अप्रमादी भएको छु । यो कुरा सुनी भिक्षुहरूले तथागतसँग 'हे भन्ते,' यो स्थविरले अहर्त्व पाएको कुरा गर्छन् भन्दा, मेरो पुत्रले प्रमादको समयमा कुचो बढार्यो । तर, अब मार्गफलको सुखबाट समय बिताएको छ । अब कुचो लगाउँदैन । जो पहिले प्रमादी भएर पनि पछि बुझेर सुध्रिएर प्रमाद गर्दैन । त्यस्तो मान्छेले बादलले छोडिएको चन्दैमाले झैं संसारलाई प्रकाशमान गराउँछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो च पुब्बे पमज्जित्व, पच्छा सो न'प्पमज्जति**
**सो'मं लोकं पभासेति, अब्भा मुत्तो व चन्दिमा ॥१७२॥**

**भावार्थ–**

जो पहिले प्रमादी भएर पनि पछि जानेर बुझेर सुध्रिएर प्रमाद गर्दैनन् । त्यस्तो मान्छेहरूले बादलले छोडिएको चन्दैमाले झैं संसारलाई प्रकाशमान गराउन सक्दछ ।

## १७३. समय सन्दर्भ–

एक समयमा जेतवनमा अंगुलिमाला स्थविरको परिनिर्वाण भयो । उनी अहिंसक थियो । अहिंसकबाट प्रतिशोधपूर्ण हिसां गरेर कान्छि औला काटेर उनको माला लगाउने भएकोले उनलाई अंगुलिमाला भनियो। अंगुलिमाला मरेर कहाँ जन्म भयो ? उनको कर्म फलको प्रभाव कस्तो रह्यो भनेर भिक्षुहरूबीचमा चर्चा परिचर्चा चल्यो। यसरी ब्यापक चर्चा चलिरहेको कुरा तथागतले सुने पछि, 'हे भिक्षुहरू,' मेरो पुत्र परिनिर्वान भयो । यो भव सागरमा यतिका धेरै मानिसहरू परिनिर्वान भए। तर उनले समयमै कल्याणमित्रको संगत नपाएकोले अनाकमा धेरै मानिसहरूको हत्या गरेर धेरै पाप गर्यो। अन्तमा प्रबर्जित भएर थोरै समयमै अहर्त्व प्राप्त गरे। उनले श्रद्धाका साथ ध्यान, साधना र भावनाको अभ्यास गरे । जसले पहिले गरेका पाप कर्महरूलाई पछि गरेका कुशल कर्महरूबाट पश्ताप गरी ढाक्छन्। त्यस्तो ब्यक्तिले बादलले छोडेको चन्द्रमालेभैं यस संसारलाई प्रकाशमान गराउन सक्दछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यस्स पापं कतं कम्मं, कुसलेन पिथियति**
**सो'मं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा ।।१७३।।**

**भावार्थ–**

जसले पहिले गरेका पाप कर्महरूलाई पछि गरेका कुशल कर्महरूबाट ढाकिन्छन् । त्यस्तो ब्यक्तिहरूले बादलले छोडेको चन्द्रमाले भैं यस संसारलाई प्रकाशमान गराउन सक्दछ।

## १७४. समय सन्दर्भ–

एक समयमा तथागत आलवीको अगालव चैत्यक नामक बिहारमा रहेको बेला एकजना जुलह अर्थात कपडा बुन्ने पेशा भएको एक जातीको सोह्र वर्षकी छोरी तथागतको उपदेश सुनेर मरण स्मृतिको भावना गर्दथी । एकदिन गाउँलेहरूले भिक्षु महासंघका साथ तथागतलाई भोजन दान दिए । भोजनपछि दानानुमोदन गर्ने बेलामा कपडा बुन्ने कारखानामा जान लागेकी जुलहपुत्रीले धागो सहित को टोकरीलाई एकातिर राखी तथागतलाई प्रसन्न चित्तले प्रणाम गरिन् । 'हे कुमारी,' कहाँबाट आउँदैछौ भनि सोध्दा थाहा छैन भनिन् । फेरि कहाँ जान्छौ भन्दा पनि थाहा छैन भनिन् । के थाहा छैन ? के जान्दैनौ भन्दा, थाहा छ भनिन् । यसरी उल्टोपाल्टो कुरा भनेको भनि गाउँलेहरू रिसाए । तर तथागतले भने उनको बुद्धिमत्त कुरा सुनेर साधुवाद दिँदै यो संसार अन्धो छ । केही मान्छेले मात्र यहाँ स्पष्ट देख्छन् । जालबाट मुक्त भएको चराहरू जस्तै बिरलै कोटीका मानिसहरू मात्र बुद्धभूमि पुग्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अन्धभूतो अयं लोको, अनुक'एत्थ विपस्सति**
**सकुन्तो जालमुत्तो व, अप्पो सग्गाय गच्छति ॥१७४॥**

**भावार्थ–**

यो संसार अन्धो छ । केही मान्छेले मात्र यहाँ स्पष्ट रुपले देख्दछन् । जालबाट मुक्त भएको चराहरू जस्तै बिरलै कोटीका मानिसहरू मात्र बुद्धभूमि सुखवती पुग्दछन् ।

## १७५. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारको आसपासमा बिहार गरिरहँदा, तीस दिशाबासी भिक्षुहरू तथागतकहाँ आए। उनीहरूलाई धर्मोपदेश दिइरहेको देखेर भिक्षु आनन्द स्थविर भित्र नगइ बाहिरै उभिरहे। तथागतको अवस्था बुझ्रेर काम गर्नु पर्ने आनन्दको कर्तब्य थियो। तथागतको उपदेश सुने पछि ती भिक्षुहरू सबैले अहर्त्व प्राप्त गरी आकाश मार्गबाट उडेर गए। भिक्षुहरू कतिनखेर बाहिर निस्कन्छन् भन्दै कुरेर बसेको भिक्षु आनन्द त्यही झकाएको हुँदा उनले भिक्षुहरू गएको थाहा पाएनन्। एक छिन पछि भित्र जाँदा, उनीहरूलाई नदेखे पछि तथागतसँग सोध्दा क्षीणश्रब भिक्षुहरू अहर्त्व प्राप्त गरी आकाश मार्गबाट गएको कुरा थाहा पाए। त्यसै समयमा आकाशमा हाँसहरू उडिरहेका थिए। हाँसहरू आकाश मार्गबाट माथि जान्छन्। त्यसैगरी ऋद्धिवान पुरुषहरू पनि आकाश मार्गबाट जान्छन्। त्यस्ता सिद्ध पुरुषहरू मारको सेनालाई पनि पराजित गर्दछन्। भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**हंसादिच्चपथे यन्ति, आकाशे यन्ति इद्धिया**
**नीयन्ति धीरा लोकम्हा, जेत्व मारं सवाहिनिं ॥१७५॥**

**भावार्थ–**

हाँसहरू आकाश मार्गबाट माथि जान्छन्। त्यसैगरी ऋद्धिवान पुरुषहरू पनि आकाश मार्गबाट जान्छन्। त्यस्ता सिद्ध पुरुषहरू मारको सेनालाई पनि पराजित गर्दछन्।

## १७६. समय सन्दर्भ–

एक समयमा तथागत र भिक्षु महासंघलाई प्राप्त भएको लाभ सत्कार र कीर्तिहरूलाई तिर्थिकहरू देखिसहदैनथे। एकदिन उनीहरूले सल्लाह गरी माणविकाद्वारा तथागतको बेइज्जत गराउने षड्यन्त्र रची माणबिकालाई यस कामको लागि नियुक्त गरे। उनलाई सबै कुरा सम्झाएर प्रशिक्षण दिए। उनी सधै साँझ जेतवन गएर तिर्थिकहरूको आश्रममा बसी बिहानै नाटकीय ढंगले फर्कन्थी। कसैले सोधिहाली भने, म राती श्रमण गौतमको गन्धकुटीमा कसेकी हुँ भन्थी। यसरी दश महिना बिते पछि उनले गर्भिनी भएको बहाना बनाई पेटमा डोरीले काठ बाँधी जेतवन गइ परिषदको बीचमा धर्मोपदेश गरिरहेको तथागतलाई आरोप लगाइन्। यो कुरा इन्द्रले थाहा पाए पछि उनले पेटको डोरी काटीदिए। पोको भुइमा झर्यो पोल खुल्यो। एक सत्य धर्मलाई उलङ्घन गर्ने, झुट बोल्ने र झुटो अभियोग लगाउने नीच स्त्री वा पुरुषले तृष्णा त्यागेको सिद्धमहापुरुषलाई दोषी ठहराउन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो**
**वितिण्णपरलोकस्स, न’त्थि पापं अकरियं ॥१७६॥**

**भावार्थ**–

एक सत्य धर्मलाई उलङ्घन गर्ने, झुट बोल्ने र झुटो अभियोग लगाउने नीच स्त्री वा पुरुषले राग, द्वेष, माया, मोह, काम वासना र तृष्णा सबै त्यागिसकेको सिद्धमहापुरुषलाई कुनै पनि अवस्थामा दोषी ठहराउन सक्दैन।

## १७७. समय सन्दर्भ–

एक समयमा ५०० भिक्षुहरूका साथमा चारिका गर्दै जेतवन आउनु भएको तथागतलाई राजाले भोजनको लागि निमन्त्रणा गरे। दानको बिधि हेर्नकाल लागि नगर बासीलाई पनि बोलाइयो। त्यसपछि फेरि नगरबासीहरूले आमन्त्रण गरी राजाले भन्दा बढी दान दिए। राजा र नगर बासीहरूबीच प्रतिस्पर्ध नै चले जस्तो भयो। दानमा नगर बासीहरूलाई कसरी जित्ने भन्ने कुरामा छलफल भयो। रानी मल्लिकाले असदृश दानको उपाए निकालेर सुझाइन् राजाले त्यसै गरे। काल नामक मन्त्रीले राज्यकोषबाट खर्चेर गरेको दानको अलोचना गर्यो। दानानुमोदन गर्ने बेलमा तथागत मौन बस्नु भयो। राजाले यसको कारण सोध्दा, 'हे राजन,' मुर्खहरू अर्काको दानमा अप्रसन्न भएर दुर्गति प्राप्त गर्छन। तर पण्डितहरू दानानुमोदन गरी सुखी हुन्छन्। कन्जुस मान्छे सुखवती जाँदैनन्। मुर्खहरू दानको प्रशंसा गर्दैनन्। धैर्यवान पण्डितहरू दानलाई अनुमोदन गरेकै कारण सुखवतीमा सुखीसाथ निवास गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**नवेकदरिया देवलोकं वजन्ति, बाला हवे न'प्पस्सन्ति दानं**
**धीरो च दानं अनुमोदमानो, तेन'एवं सोहोति सुखिपरत्थ॥१७७॥**

**भावार्थ–**

कन्जुस मान्छे सुखवती जाँदैनन्। मुर्खहरू दानको प्रशंसा गर्दैनन्। धैर्यवान पण्डितहरू दानलाई अनुमोदन गरेकै कारण बुद्धभूमि सुखवतीमा सुखीसाथ निवास गर्दछन्।

## १७८. समय सन्दर्भ–

एक समयमा महाउपासक अनाथपिण्डकको काल नामक छोरा थियो । उनी तथागतको धर्म श्रवण गर्न जादैन्थ्यो । उनको बाबाले एक सय कार्षापण दिने प्रलोभन दिएर धर्म श्रवण गर्न पठाए । जेतवनमा रातभर सुतेर बिहानै घर फर्कियो । सय कार्षापण नपाएसम्म खाना खाएन । आर्को दिन एक हजार कार्षापण दिने बाचा गरी धर्मश्रवण गर्न पठाए । कालले तथागतको अगाडि बसेर धर्मश्रवण गरी श्रोतापतिफल प्राप्त गरे । उनी तथागतको साथमा घर आयो । आज उनको मुखाकृति अर्कै थियो । भोजन उपरान्त पिताले एक हजार कार्षापणको थैली देखाए । तर लिन चाहेन । 'हे भन्ते,' पहिलो दिन सय कार्षापण नलिइ खानै खाएन । आज हजार कार्षापण दिँदा पनि लिँदैनन् भन्दा, 'हे अनाथपिण्डक,' आज तिम्रो छोराले एक हजार कार्षापण भन्दा पनि धेरै मुल्यवान सम्पत्ति श्रोतापति फल प्राप्त गरेको छ । पृथ्वीको एकछत्र आधिपत्य साम्राज्य सुखवती भूवन गमन गर्नु भन्दा, श्रोतापतिफल प्राप्त गर्नु सर्वाधिक श्रेष्ट हो । भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**–

**पथब्या एकरञ्जेन, सग्गस्स गमनेन वा**
**सब्बलोकाधिपच्चेन, श्रोतापतिफलं वरं ॥१७८॥**

**भावार्थ**–

पृथ्वीको एकछत्र आधिपत्य साम्राज्यको राज्यसुख भोग गरी मृत्यु पश्चात बुद्धभूमि सुखवती भूवन गमन गर्नु भन्दा, श्रोतापतिफल प्राप्त गर्नु सर्वाधिक श्रेष्ट हो ।

# धम्मपद

# बुद्ध बर्ग– १४

## १७९. समय सन्दर्भ–

एक समयमा शाक्यमुनि गौतमले बुद्धत्व प्राप्त गर्नु भन्दा पहिला बोधिबृक्ष मुनि बसेर मेरो हड्डी र छाला मात्र बाँकी रहे पनि बुद्धत्व प्राप्त नगरी यो आसनबाट उठ्ने छैन भनि प्रतिज्ञा गरेको थियो । उनको प्रतिज्ञा भंग गर्न सेना सहित मार आयो । तर उनी आफै पछारिए । त्यसपछि मारले आफ्ना छोरीहरू पठाए । मारकन्याहरूले नाना प्रकारका प्रलोभनहरू देखाए बशमा पार्न खोजे । तर उनहरूको प्रयास सफल भएनन् । शाक्यमुनि गौतम लाई भट्काउन मार सेनाहरूले किन यतिका धेरै प्रयास भयो ? सबैले बुझ्ने भाषामा भन्नु पर्दा, उनी त परमात्माको खोजिमा राग द्वेष, माया, मोहा, काम, वासना र तृष्णा सबै त्यागेको महात्मा थियो । अन्तमा उनीहरू सबैले हार स्वीकार गरी फर्किए । जसको बिजय फेरि पराजयमा उल्टिन सक्दैन । जसको जीतले आरुलाई प्रभावित पार्दैन । त्यस्ता आनन्त गोचर अपद सम्यक सम्बुद्धलाई कुन बाटोबाट लैजान्छौँ ? भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यस्स जितं नावजीयति, जितंअस्स नो याति कोचिलोके**
**तं बुद्धं अनन्तगोचरं अपदं, केन पदेन नेस्सथ ॥१७९॥**

**भावार्थ–**

जसको बिजय फेरि पराजयमा उल्टिन सक्दैन । जसको जीतले आरुलाई प्रभावित पार्दैन । त्यस्ता आनन्त गोचर अपद सम्यक सम्बुद्धलाई कुन बाटोबाट लैजान्छौँ ?

## १८०. समय सन्दर्भ–

एक समयमा शाक्यमुनि गौतमले बुद्धत्व प्राप्त गर्नु भन्दा पहिला बोधिबृक्ष मुनि बसेर मेरो हड्डी र छाला मात्र बाँकी रहे पनि बुद्धत्व प्राप्त नगरी यो आसनबाट उठ्ने छैन भनि प्रतिज्ञा गरेको थियो । उनको प्रतिज्ञा भंग गर्न सेना सहित मार आयो । तर उनी आफै पछारिए । त्यसपछि मारले आफ्ना छोरीहरू पठाए । मारकन्याहरूले नाना प्रकारका प्रलोभनहरू देखाए बशमा पार्न खोजे । तर उनहरूको प्रयास सफल भएनन् । शाक्यमुनि गौतमलाई भट्काउन मार सेनाहरूले किन यतिका धेरै प्रयास भयो ? सबैले बुझ्ने भाषामा भन्नु पर्दा, उनी त परमात्माको खोजिमा राग द्वेष, माया, मोहा, काम, वासना र तृष्णा सबै त्यागेको महात्मा थियो । अन्तमा उनीहरू सबैले हार स्वीकार गरी फर्किए । जालरुपी बिषक्त लालसा तिर्सनाले जसलाई बिचलित पारेर कही कतै पनि लैजान सक्दैन । त्यस्ता आनन्त गोचर अपद बुद्धलाई कुन बाटोबाट लैजान्छौं ? भन्दै दिएको उपदेशको पालीगाथा ॥१७९॥

**पालीगाथा**–

**यस्स जालिनी बिसत्तिका, तन्हान'त्थि कुहिञ्चि नेतवे**
**तं बुद्धं अनन्तगोचर, अपदं केन पदेन नेस्सथ ॥१८०॥**

**भावार्थ**–

जालरुपी बिषक्त लालसा तिर्सनाले जसलाई बिचलित पारेर कही कतै पनि लैजान सक्दैन । त्यस्ता आनन्त गोचर अपद सम्यक सम्बुद्धलाई कुन बाटोबाट लैजान्छौं ?

## १८१. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा अषाड पूर्णिमा दिनमा तथागतले गन्डम्ब आँपको बुक्षमुनि यमक प्रतिहार्य गरेर तावतीस भूवनमा पान्डुकम्बल शिलासनमा तीन महिना बर्षाबास बसेर अभिधम्म पिटकको उपदेश दिए । महापवरणाको दिन तीन महाब्रह्मा इन्द्रादिद्वारा छत्र धारणा गरी मणिमय सोपनबाट तल झरे । त्यसबेला देवता र मानिसको सन्निपात गनिनसक्नु थियो । द्यौताले मानिसलाई र मानिसले खोतालाई हेर्दै थिए । तथागतको शोभा अबर्णनीय थियो । यस प्रकारको बुद्ध पहिले नदेखेको सारिपुत्रले प्रणाम गरी 'हे भन्ते,' सबै देवताहरू र मानिसहरू तपाइँलाई चाहन्छन् । सत्य कुरा भन्नु पर्दा, सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् । ध्यानमा लागेका ती धैर्यशाली ब्यक्तिहरू, जो परित्यागबाट प्राप्त शान्तिमा रत रहन्छन् । त्यस्ता सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**ये झानपसुता धीरा, नेक्खम्मुपसमे रता**
**देवापि तेसं पिहयन्ति, संबुद्धनं सतीमतं ॥१८१॥**

**भावार्थ**–

क्षीणाश्रवहरू जो ध्यान, भावना र साधनामा लागेका ती धैर्यशाली ब्यक्तिहरू, जो प्रबर्जित भई परित्यागबाट प्राप्त शान्तिमा रत रहन्छन् । त्यस्ता सिद्ध पुरुष वा अहर्त सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् ।

## १८२. समय सन्दर्भ–

एक समयमा तथागत बारणासीमा सात शिरीषको रुख मुनि बिहार गरिरहँदा, एरकपत्त नामक नागराज स्रोतापन्न उत्तर मानवकासाथ तथागतकहाँ आई प्रणाम गरी रुँदै उभिए । 'हे तथागत,' मैले काश्यप बुद्धको श्रावक भएर बीस हजार वर्षसम्म अनुसरण गरे । त्यसबाट आफ्नो निस्तार नभएको खालि एकरको पात मात्र टिपेर प्रतिसन्धि ग्रहण गर्दै, पेटबाट घिस्रिनु पर्ने जीवमा जन्म लिए । मैले बुद्धन्तरसम्म मनुष्यको जीवन पाउन सकिन । मानव जीवन नपाएकोले मैले न त सद्धर्मको श्रवण गर्न सकेँ । न त तपाइँ जस्तो तथागतको दर्शन पाउन सकेँ । अब मैले के गर्दा, मानव जीवन पाउन सक्छु ? मलाई धर्मोपदेश गर्नुहोस् । म त्यही अनुसार आचरण गर्छु भने पछि तथागतले उनको पूर्वजन्मको जातक कथा सुनाउदै यस भव सागरमा सबैले उपयुक्त समयमा मनुष्यको जन्म लिन कठिन छ । त्यसै अनुरुप सद्धर्मको श्रवन गर्न पनि कठिन छ । बुद्धको प्रादुर्भाव हुनु त झनै कष्टि छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**किच्छो मनुस्स पटिलाभो, किच्छं मच्चान जीवितं**
**किच्छं सद्धम्मस्सवनं, किच्छो बुद्धनं उप्पादो ॥१८२॥**

**भावार्थ–**

यस भव सागरमा सबैले उपयुक्त समयमा मनुष्यको जन्म लिन एकदमै कठिन छ । त्यसै अनुरुप सद्धर्मको श्रवन गर्न पनि कठिन छ । बुद्धको प्रादुर्भाव हुनु त झनै कठिन छ ।

## १८३. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा ध्यानमा बसिरहँदा भिक्षु अहर्त आनन्दले मनमा यस्तो बिचार गरे । केही समय अगाडि तथागतथले सातै बुद्धका माता, पिता र आयुको परिच्छेदको बारेमा त बताउनु भएको थियो । तर उपोसथ ब्रतको बोरमा केही पनि बनाउनु भएन ? यसको अर्थ सातै जना बुद्धको उपोसथ ब्रतको गाथा अलग अलग नै हो कि, एउटै हुन् ? के उनको पनि त्यही उपोसथ थियो वा आर्को ? अलि अलमल भयो । यस बारेमा उनले दिनभरी सोँचेर सम्झेर एउटा निक्यौंल गर्ने प्रयास गरे । तर, कुन पनि निर्णय हुन नसके पछि साँझपख गएर यो कुरा सोध्दा, तथागतले 'हे आनन्द,' उपदेश गर्ने गाथा यिनै हुन् भनेर सबै बुद्धहरूको एउटै उपोसथ भएको कुरा बताउँदै मानव जीवनमा समस्त पापहरूको परिमार्जन गर्दै, पुण्यको सञ्चय गर्नु आफ्नो चित्तको परिशुद्धि गर्नु वा हुनुनै बुद्ध शासनको बास्तविक शील वा अनुशासन हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सब्बपापस्स अकरणं, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं, एतं बुद्धन शासनं ॥१८३॥**

**भावार्थ–**

यो भवसागरमा जन्म लिने प्रत्येक मानवले आफ्नो जीवनमा समस्त पापहरूको परिमार्जन गर्दै, पुण्यको सञ्चय गर्नु, आफ्नो चित्तको परिशुद्धि गर्ने प्रयास गर्नु वा हुनुनै बुद्ध शासनको बास्तविक शील वा अनुशासन हो ।

# १८४. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा ध्यानमा बसिरहँदा भिक्षु अहर्त आनन्दले मनमा यस्तो बिचार गरे । केही समय अगाडि तथागतथले सातै बुद्धका माता, पिता र आयुको परिच्छेदको बारेमा त बताउनु भएको थियो । तर उपोसथ ब्रतको बोरमा केही पनि बनाउनु भएन ? यसको अर्थ सातै जना बुद्धको उपोसथ ब्रतको गाथा अलग अलग नै हो कि, एउटै हुन् ? के उनको पनि त्यही उपोसथ थियो वा आर्को ? अलि अलमल भयो । यस बारेमा उनले दिनभरी सौंचेर सम्झेर एउटा निर्क्यौल गर्ने प्रयास गरे । तर, कुन पनि निर्णय हुन नसके पछि साँझपख गएर यो कुरा सोध्दा, तथागतले 'हे आनन्द,' उपदेश गर्ने गाथा यिनै हुन् भनेर सबै बुद्धहरूको एउटै उपोसथ भएको कुरा बताउँदै सहिनष्णुता र क्षमाशीलता सबै भन्दा ठुलो तपस्य हो । बुद्धहरू निर्वाणलाई सर्बौतम् पद बताउँछन् । जसले आर्कालाई घात, प्रतिघात र अपमान गर्छन् । त्यस्तो ब्यक्तिहरू श्रमण हुन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा ॥१८३॥

**पालीगाथा–**

**खन्ति परमं तपो तितिक्ख, निब्बाणं परमं बदन्ति बुद्ध**
**नहि पब्बजितो परुपघाति, न समणो होति परमं विहेठयन्तो ॥१८४॥**

**भावार्थ–**

सहिनष्णुता र क्षमाशीलता सबै भन्दा ठुलो तपस्य हो । बुद्धहरू निर्वाणलाई सर्बौतम् पद बताउँछन् । जसले आर्कालाई घात प्रतिघात र अपमान गर्छन् । त्यस्तो ब्यक्ति श्रमण हुन सक्दैन ।

# १८५. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा ध्यानमा बसिरहँदा भिक्षु अहर्त आनन्दले मनमा यस्तो बिचार गरे । केही समय अगाडि तथागतथले सातै बुद्धका माता, पिता र आयुको परिच्छेदको बारेमा त बताउनु भएको थियो । तर उपोसथ ब्रतको बोरमा केही पनि बनाउनु भएन ? यसको अर्थ सातै जना बुद्धको उपोसथ ब्रतको गाथा अलग अलग नै हो कि, एउटै हुन् ? के उनको पनि त्यही उपोसथ थियो वा आर्को ? अलि अलमल भयो । यस बारेमा उनले दिनभरी सौँचेर सम्झेर एउटा निक्यौंल गर्ने प्रयास गरे । तर, कुन पनि निर्णय हुन नसके पछि साँझपख गएर यो कुरा सोध्दा, तथागतले 'हे आनन्द,' उपदेश गर्ने गाथा यिनै हुन् भनेर सबै बुद्धहरूको एउटै उपोसथ भएको कुरा बताउँदै, कसैलाई पनि निन्दा र घात नगर्नु । प्रतिमोक्षमा संयम राख्नु । भोजनको मात्रा जान्नु । आसन र एकान्त वासमा उद्योग गर्नु बुद्धहरूको शील र अनुशासन हो भन्दै दिएको उपदेशको पालीगाथा ॥१८३॥

**पालीगाथा–**

**अनुपवादो अनुपधातो, पातिमोक्खे च संवरो**
**मत्तञ्ञुता च भत्तस्मिं, पन्तञ्ञ च सयनासनं**
**अधिचित्ते च आयोगो, एतं बुद्धन शासनं ॥१८५॥**

**भावार्थ–**

कसैलाई पनि बिना कारण निन्दा, अपमान, घात र प्रतिघात नगर्नु । प्रतिमोक्षमा संयम राख्नु । भोजनको मात्रा जान्नु । शयन आसन र एकान्त वासमा उद्योग गर्नु बुद्धहरूको पञ्चशील र अनुशासन हो । यसलाई मनन गर्नु पर्छ ।

# १८६. समय सन्दर्भ–

एक समयमा कुनै युवा भिक्षु आफ्नो पिता मर्ने बेलामा बाहिरा गएकोले चाँहदा चाँहदै पनि भेट्न सकेन । पिताले मर्ने बेलामा उनको नाम लिएर रुँदै युवा भिक्षुको चिबर आदिको लागि कान्छो छोराको हातमा एकसय कार्षापण दिएको थियो । केही दिन पछि श्रावस्ती आउँदा, भाइले रुँदै सबै समाचार सुनाइ पिताले दिएको एकसय कार्षापण दिँदा युवा भिक्षुले लिन अस्वीकार गरे । केही साता पछि युवा भिक्षुले सोच्यो कि, घर घरमा भिक्षा माग्दै बाँच्नु भन्दा त एकसय कार्षापणले जीवन बिताउनु राम्रो हो । त्यसैले उसले चिबर छाडेर गृहस्थ बन्ने संकल्प गर्यो । उ भिक्षु जिवनबाट उदास भएको देखर तरुण श्रमनेरहरूले त्यो कुरा तथागतलाई सुनाए पछि, उनको अतीतको बारेमा बताउँदै स्वर्ण मुद्रको वर्षाले पनि काम भोगको तृप्ति हुन सक्दैन । त्यसैले सिद्धपुरुषहरूले कामभोग क्षणिक स्वाद भएका दुःखद् छन् भन्ने जानेर त्यागेका हुन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न कहापणबस्सेन, तित्ति कामेसु विज्जति**
**अप्पस्सादा दुक्ख कामा, इति विञ्ञाय पण्डितो ।। १८६।।**

**भावार्थ–**

भौतिक बस्तुहरूमा उत्कृष्ट मानिने स्वर्ण मुद्रको वर्षाले पनि काम भोगको तृप्ति हुन सक्दैन । त्यसैले पण्डित र सिद्धपुरुषहरूले काम भोगको क्षणिक स्वाद भएका दुःखद् छन् भन्ने जानेर त्यसलाई त्यागेर निर्वाण मार्ग चयन गरेका हुन् ।

## १८७. समय सन्दर्भ–

एक समयमा कुनै युवा भिक्षु आफ्नो पिता मर्ने बेलामा बाहिरा गएकोले चाँहदा चाँहदै पनि भेट्न सकेन । पिताले मर्ने बेलामा उनको नाम लिएर रुँदै युवा भिक्षुको चिबर आदिको लागि कान्छो छोराको हातमा एकसय कार्षापण दिएको थियो । केही दिन पछि श्रावस्ती आउँदा, भाइले रुँदै सबै समाचार सुनाइ पिताले दिएको एकसय कार्षापण दिँदा युवा भिक्षुले लिन अस्वीकार गरे । केही साता पछि युवा भिक्षुले सोच्यो कि, घर घरमा भिक्षा माग्दै बाँच्नु भन्दा त एकसय कार्षापणले जीवन बिताउनु राम्रो हो । त्यसैले उसले चिबर छाडेर गृहस्थ बन्ने संकल्प गर्यो । उ भिक्षु जिवनबाट उदास भएको देखर तरुण श्रमनेरहरूले त्यो कुरा तथागतलाई सुनाए पछि, उनको अतीतको कथा बताउँदै दिब्य काम भोगहरूमा पनि रति खोज्दैनन् । सम्यक सम्बुद्धहरूको असली श्रावकहरू सधै तृष्णालाई नाश गर्नेतिर रत भएर लागेका हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥१८६॥

**पालीगाथा–**

**अपि दिब्बेसु कामेसु, रतिं सो नाधिगच्छति**
**तन्हक्खयरतो होति, सम्मासम्बुद्धसावको ॥१८७॥**

**भावार्थ–**

संसारिक जीवनलाई त्यागेर प्रबर्जित भएका भिक्षुहरू दिब्य काम भोगहरूमा पनि रति खोज्दैनन् । सम्यक सम्बुद्धहरूको असली श्रावकहरू सधै राग, द्वेष, माया, मोह, काम, वासना र तृष्णालाई नाश गर्नेतिर रत भएर लागेका हुन्छन् ।

# १८८. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजितको पिताको पुरोहित अग्गिदत्त ब्राह्मण जो पब्रिजक बनेर दश हजार भिक्षुहरूबाट घेरिइ अङ्ग, मगध, काशी, कोसल आदि राष्टमा धुम्दै उपदेश दिन थाले। उनी भन्थे– पर्वत, बन, बगैंचा, रुख आदिको शरणमा जाउ। सारा दुःखहरूबाट छुटकारा पाउ भन्थे। उनी श्रावस्तीको नजिकै रहेको बेला मौदगल्याणले एक रात पर्णशालामा बास बस्न खोजे, तर दिएन। उनी त्यही नजिकै नागराज भएको ठाउँमा गए, तर नागराज रिसाए। दुबैकोबीचमा द्वन्द्व भयो। अन्तमा नागराजले हार स्वीकार गरे पछि मोदगल्यानलाई ओत दियो। मोदगल्यान मर्यो भन्ठानेर परिब्रजकहरू हेर्न गए। त्यही बखत तथागत पनि मोदगल्यानलाई प्रणाम गरिहेको थियो। डरले त्रस्त भएका मानिसहरू सुरक्षाको लागि कतै पहाड कतै बन, बगैंचा, फूलबारी चैत्य आदिको शरणमा जान्छन्। तर बास्तविक भय मानिसको मनभित्र हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**बहु वे शरणं यन्ति, पब्बतान्ति बनानि च**

**आरामरुक्खचेत्थानि, मनुस्सा भयतज्जिता ॥१८८॥**

**भावार्थ–**

डरले त्रस्त भएका मानिसहरू सुरक्षाको लागि कतै पहाड, कतै बन, बगैंचा, फूलबारी, चैत्य आदिको शरणमा जान्छन्। तर बास्तविक भय मानिसको मनभित्र हुन्छन्।

## १८९. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजितको पिताको पुरोहित अग्गिदत्त ब्राह्मण जो पब्रिजक बनेर दश हजार भिक्षुहरू बाट घेरिइ अङ्ग, मगध, काशी, कोसल आदि राष्टमा धुम्दै उपदेश दिन थाले । उनी भन्थे– पर्वत, बन, बगैंचा, रुख आदिको शरणमा जाउ । सारा दुःखहरूबाट छुटकारा पाउ भन्थे । उनी श्रावस्तीको नजिकै रहेको बेला मौदगल्याणले एक रात पर्णशालामा बास बस्न खोजे, तर दिएन । उनी त्यही नजिकै नागराज भएको ठाउँमा गए, तर नागराज रिसाए । दुबैकोबीचमा द्वन्द्व भयो । अन्तमा नागराजले हार स्वीकार गरे पछि मोदगल्यानलाई ओत दियो । मोदगल्यान मर्यो भन्ठानेर परिब्रजकहरू हेर्न गए । त्यही बखत तथागत पनि मोदगल्यानलाई प्रणाम गरिहेको थियो । बास्तवमा यस्तो शरण कल्याकारक हुँदैन । यस्तो शरण उत्तम पनि हुँदैन । यस्तो शरणमा गएर दुःखबाट मुक्त पनि हुँदैन । दुःखबाट मुक्त हुनका लागि बुद्ध, धर्म र संघ बाहेक अरु उत्तम मार्गहरू छैनन् भन्दै दिएको उपदेशको पालीगाथा ।।१८८।।

**पालीगाथा**– *****

**न’एतं खो शरणं खेमं, न’एतं शरणमुत्तमं**
**न’एतं शरणमागम्म, सब्बदुक्ख पमुच्चति ।।१८९।।**

**भावार्थ**–

बास्तवमा यस्तो शरण कल्याकारक हुँदैन । यस्तो शरण उत्तम पनि हुँदैन । यस्तो शरणमा गएर दुःखबाट मुक्त पनि हुँदैन । दुःखबाट मुक्त हुनका लागि बुद्ध, धर्म र संघ बाहेक अरु कुनै उत्तम मार्गहरू छैनन् ।

## १९०. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजितको पिताको पुरोहित अग्गिदत्त ब्राह्मण जो पब्रिजक बनेर दश हजार भिक्षुहरू बाट घेरिइ अङ्ग, मगध, काशी, कोसल आदि राष्टमा धुम्दै उपदेश दिन थाले। उनी भन्थे– पर्वत, बन, बगैँचा, रुख आदिको शरणमा जाउ। सारा दुःखहरूबाट छुटकारा पाउ भन्थे। उनी श्रावस्तीको नजिकै रहेको बेला मौदगल्याणले एक रात पर्णशालामा बास बस्न खोजे, तर दिएन। उनी त्यही नजिकै नागराज भएको ठाउँमा गए, तर नागराज रिसाए। दुबैकोबीचमा द्वन्द्व भयो। अन्तमा नागराजले हार स्वीकार गरे पछि मोदगल्यानलाई ओत दियो। मोदगल्यान मर्यो भन्ठानेर परिब्रजकहरू हेर्न गए। त्यही बखत तथागत पनि मोदगल्यानलाई प्रणाम गरिहेको थियो। जो कोही पनि ब्यक्ति, बुद्ध, धर्म र संघको शरणमा गयो भने, उसले चार आर्य सत्य, अष्टमार्ग र पञ्चशीलको भावना बुझ्दछ। प्रतित्यसमुत्पादको अनुसरण गर्दछ भन्दै दिएको उपदेशको पालीगाथा ॥१८८॥

**पालीगाथा**– *****

**यो च बुद्धं, यो च धम्मं, यो च संघं शरणगतो**
**चत्तारि अरियसच्चानि, सम्मप्पञ्ञाय पस्सति ॥ १९०॥**

**भावार्थ**–

जो कोही पनि ब्यक्ति, बुद्ध, धर्म र संघको शरणमा गयो भने उसले चार आर्य सत्य, अष्टमार्ग र पञ्चशीलको भावना बुझ्दछ। प्रतित्यसमुत्पादको अनुसरण गर्दछ।

# १९१. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजितको पिताको पुरोहित अग्गिदत्त ब्राह्मण जो पब्रिजक बनेर दश हजार भिक्षुहरूबाट घेरिइ अङ्ग, मगध, काशी, कोसल आदि राष्टमा धुम्दै उपदेश दिन थाले। उनी भन्थे– पर्वत, बन, बगैंचा, रुख आदिको शरणमा जाउ। सारा दुःखहरूबाट छुटकारा पाउ भन्थे। उनी श्रावस्तीको नजिकै रहेको बेला मौदगल्याणले एक रात पर्णशालामा बास बस्न खोजे, तर दिएन। उनी त्यही नजिकै नागराज भएको ठाउँमा गए, तर नागराज रिसाए। दुबैकोबीचमा द्वन्द्व भयो। अन्तमा नागराजले हार स्वीकार गरे पछि मोदगल्यानलाई ओत दियो। मोदगल्यान मर्यो भन्ठानेर परिब्रजकहरू हेर्न गए। त्यही बखत तथागत पनि मोदगल्यानलाई प्रणाम गरिहेको थियो। दुःख दुःखको उत्पति, दुःखबाट मुक्ति, दुःखलाई नाश गरी शान्ति पाउनका लागि त्रिरत्न, पञ्चशील, आर्य अष्टाङ्गिक मार्ग र प्रतित्यसमुत्पादको सिद्धान्त अनुसरण गर्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥१८८॥

**पालीगाथा–** *****

**दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं**
**अरियञ्चट्ठङ्गिकं मग्गं, दुक्खुपसमगामिनं ॥१९१॥**

**भावार्थ–**

दुःख, दुःखको उत्पति, दुःखबाट मुक्ति, दुःखलाई नाश गरी शान्ति पाउनका लागि त्रिरत्न शरण गमण, चार आर्य सत्य, पञ्चशील आर्य अष्टाङ्गिक मार्ग र प्रतित्यसमुत्पादको सिद्धान्त अनुसरण गर्नु पर्छ। अनि मात्र दुःखको निर्मुल गर्न सकिन्छ।

## १९२. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजितको पिताको पुरोहित अग्गिदत्त ब्राह्मण जो पब्रिजक बनेर दश हजार भिक्षुहरूबाट घेरिइ अङ्ग, मगध, काशी, कोसल आदि राष्टमा धुम्दै उपदेश दिन थाले। उनी भन्थे– पर्वत, बन, बगैंचा, रुख आदिको शरणमा जाउ। सारा दुःखहरूबाट छुटकारा पाउ भन्थे। उनी श्रावस्तीको नजिकै रहेको बेला मौदगल्याणले एक रात पर्णशालामा बास बस्न खोजे, तर दिएन। उनी त्यही नजिकै नागराज भएको ठाउँमा गए, तर नागराज रिसाए। दुबैकोबीचमा द्वन्द्व भयो। अन्तमा नागराजले हार स्वीकार गरे पछि मोदगल्यानलाई ओत दियो। मोदगल्यान मर्यो भन्ठानेर परिब्रजकहरू हेर्न गए। त्यही बखत तथागत पनि मोदगल्यानलाई प्रणाम गरिहेको थियो। बुद्ध धर्म र संघ, यो साँच्चिकै रक्षा दायक शरण हो। यो उत्तम शरण हो। यस्तो शरणमा गए पछि सबै दुःखहरूबाट सजिलैसँग छुटकारा पाउन सकिन्छ। यो उत्तम मार्ग हो भन्दै दिएको उपदेशको पालीगाथा ॥१८८॥

**पालीगाथा–**

**एतं खो शरणं खेमं, एतं शरणमुत्तमं**
**एतं शरणमागम्म, सब्बदुक्ख पमुच्चति ॥१९२॥**

**भावार्थ–**

बुद्ध, धर्म र संघ, यो साँच्चिकै रक्षा दायक शरण हो। यो उत्तम शरण हो। यस्तो शरणमा गए पछि सबै दुःखहरूबाट सजिलैसँग छुटकारा पाउन सकिन्छ। यो उत्तम मार्ग हो।

## १९३. समय सन्दर्भ–

एक समयमा भिक्षु आनन्द स्थविर जेतवन बिहारको बिशेष कक्षमा साधनामा बसेको थियो। साधना सकिए पछि तथागतसँग भेटघाट गर्न गए। 'हे भन्ते,' तपाइँले उत्तम हात्तीहरू र घोडाहरूको उत्पति र बास स्थानको बारेमा बृतान्त गरी बताउनु भयो। त्यसको गुण र बिशेषताको बारेमा पनि बताउनु भयो। तर, सिद्ध महापुरुषहरूको जन्म स्थान कहाँ हो ? कस्को जन्म कहिले हुने हो ? कुन कुलमा हुने हो ? के उद्देश्यले जन्म हुने हो ? यस बारेमा केही पनि बताउनु भएन, भनेर ती सिद्ध महापुरुषहरू कहाँ जन्म हुन्छन् भनेर सोधे। 'हे आनन्द,' उत्तम तथा सिद्ध महापुरुषहरू सर्वत्र तथा सधै जन्म हुँदैनन्। अब आउने कुलिन पुरुष ३०० योजन वा १२०० कोस सीधा, वा ९०० योजन ३६०० कोस घेरिएको मध्य देशमा महाधनवान क्षेत्रीय वा ब्राह्मण कुलमा मात्र जन्म हुनेछ। यस युगमा कुलिन पुरुषको जन्म हुन दुर्लभ छ। त्यस्तो मानिसको सर्वत्र जन्म हुँदैन। त्यस्तो धीर पुरुषको जहाँ जन्म हुन्छ। त्यो कुल समृद्धले सम्पन्न हुनेछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**दुल्लभो पुरिसाजञ्ञो, न सो सब्बत्थ जायति**
**यत्थ सो जायति धीरो, तं कुलं सुखमेघति ॥१९३॥**

**भावार्थ–**

यस युगमा कुलिन पुरुषको जन्म हुन दुर्लभ छ। त्यस्तो मानिसको सर्वत्र जन्म हुँदैन। त्यस्तो धीर पुरुषको जहाँ जन्म हुन्छ। त्यो कुल समृद्धले सम्पन्न हुनेछ।

## १९४. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा बसेर भिक्षुहरूबीचमा संसारमा बास्तविक सुख के हो ? भन्ने बिषयमा छलफल गर्दै थिए। कसैले राज्य सुखको बराबर अरु छैन भने। कसैले काम वासनाको सुखको बारेमा प्रशंसा गरे। कसैले ध्यान, भावना र साधनाको बारेमा चर्चा गरे। यसरी आपासमा छलफल गर्दागर्दै तर्कबिर्त र चर्काकिर्ची समेत भए। त्यही अवस्थाको बारेमा जानकारी पाएर तथागत पनि त्यही आए। 'हे भिक्षुहरू,' तिमीहरू के गर्दैछौं। यो भवसागरमा सुख र दुःख छन्। यस संसारमा बुद्धोत्पाद धर्म श्रवण र संघमा एकता एवं एक्यवद्धता भएर काम गर्नु नै सुखदायक छ। यसबाट आनन्दको अनुभूति हुन्छ। बुद्धहरूको प्रादुर्भव हुनु सुखदायक कुरा हो। सद्धर्मको उपदेश पनि सुखदायक हो। त्यस्तै गरी संघको एकता सुखदायक हो। त्यस्तो तपस्यामा जुटेकाहरूको सुखदायक हो। यसलाई ग्रहण गरे पछि अनुभूति हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**सुखो बुद्धनं उप्पादो, सुखा सद्धम्मदेसना**
**सुखा संघस्स सामग्गी, समग्गानं तपो सुखो ॥१९४॥**

**भावार्थ**–

बुद्धहरूको प्रादुर्भव हुनु सुखदायक कुरा हो। सद्धर्मको उपदेश पनि सुखदायक हो। त्यस्तै गरी संघको एकता सुखदायक हो। त्यस्तो एकतामा जुटेकाहरूको तपस्या सुखदायक हो। यसलाई ग्रहण गरे पछि अनुभूति हुन्छ।

## १९५. समय सन्दर्भ–

एक समयमा तथागत श्रावस्तीबाट बरणासीतिर जाँदै गर्दा बाटोमा तोदेयूय गाउँको नजिकै भिक्षु महासंघले घेरिएको एउटा देवस्थालमा पुगे । त्यहाँ बसेर सुगतले खेतमा काम गर्न लागेका ब्राह्मणहरूलाई बोलाए । ब्राह्मणहरू आएर देवस्थानलाई प्रणाम गरी उभिए । 'हे ब्राह्मणहरू,' तिमीहरूले के जानेर प्रणाम गर्यौ भनि तथागतले सोध्यो । उत्तरमा ब्राह्मणहरूले भन्यो, हाम्रो परम्परादेखिको चैत्य स्थान हो भन्यो । तथागतले यो कुरा सुनेर तिमीहरूले चैत्यलाई प्रणाम गरेर अति राम्रो काम गर्यौ । यो अत्यन्तै महत्त्वपूर्ण स्थान हो भनेर घटिकार सूत्रको उपदेश गरेर ऋद्धिबलद्वारा चारकोससम्म फैलिएको काश्यप बुद्धको स्वर्ण चैत्यलाई देखाए पछि सबैले चैत्यको महत्त्व पनि बुझे भन्दै पूजनीय बुद्ध एवं श्रावकहरूको पूजा गर्ने, प्रपञ्च संसारिक झमेलाहरूको अतिक्रमण गरिसकेका शोक र बिलाप जस्ता कुराहरूबाट पर भैसकेका छन् भन्दै गरेको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पुजारहे पुजयतो, बुद्धे यदि व सावके**
**पपञ्चस मतिक्कन्ते, तिण्णसोक परिद्दवे ॥१९५॥**

**भावार्थ–**

पूज्यनीय तथागत अहर्त सम्यक सम्बुद्ध, प्रत्येक बुद्धहरू, आर्यहरू बोधिसत्व, महासत्व र कल्याणमित्रहरू एवं श्रावकहरूको पूजा गर्ने प्रपञ्च संसारिक झमेलाहरूको अतिक्रमण गरिसकेका तथा शोक र बिलाप जस्ता कुराहरूबाट पर भैसकेका छन् ।

## १९६. समय सन्दर्भ–

एक समयमा तथागत श्रावस्तीबाट बरणासीतिर जादै गर्दा बाटोमा तोदेय्य गाउँको नजिकै भिक्षु महासंघले घेरिएको एउटा देवस्थालमा पुगे । त्यहाँ बसेर सुगतले खेतमा काम गर्न लागेका ब्राह्मणहरूलाई बोलाए । ब्राह्मणहरू आएर देवस्थानलाई प्रणाम गरी उभिए । 'हे ब्राह्मणहरू,' तिमीहरूले के जानेर प्रणाम गर्यौ भनि तथागतले सोध्यो । उत्तरमा ब्राह्मणहरूले भन्यो, हाम्रो परम्परादेखिको चैत्य स्थान हो भन्यो । तथागतले यो कुरा सुनेर तिमीहरूले चैत्यलाई प्रणाम गरेर अति राम्रो काम गर्यौ । यो अत्यन्तै महत्त्वपूर्ण स्थान हो भनेर घटिकार सूत्रको उपदेश गरेर ऋद्धिबलद्वारा चारकोससम्म फैलिएको काश्यप बुद्धको स्वर्ण चैत्यलाई देखाए पछि सबैले चैत्यको महत्त्व पनि बुझे भन्दै जसले त्यस्ता परिनिर्बृत्त एवं निर्भय पुरुषहरूको पूजा गर्दछन् । उनका पुण्य कार्यहरूको जसले जतिसकै कुशलतापूर्वक गणना गरे तापनि, यो यति नै छ भनेर किटानसाथ भन्न सकिन्न भन्दै गरेको उपदेशको पालीगाथा ॥१९५॥

**पालीगाथा–**

**ते तादिसे पूजयतो, निब्बुते अकुतोभये**
**न सक्का पुञ्ञं संखातुं, इम एतं अपिकेनचि ॥१९६॥**

**भावार्थ–**

जसले त्यस्ता परिनिर्बृत्त एवं निर्भय पुरुषहरूको पूजा गर्दछन् । उनका पुण्य कार्यहरूको जसले जतिसकै कुशलतापूर्वक गणना गरे तापनि, यो यति नै छ भनेर किटानसाथ भन्न सकिन्न ।

# धम्मपद

# सुख वर्ग– १५

## १९७. समय सन्दर्भ–

एक समयमा कपिलबस्तु राज्यको शाक्य र कोलियाको सीमामा पर्ने रोहिनी नदीमा बाँध बाँधेर दुबै राज्यको जन पदबासीहरू खेतमा सिँचाइ गर्थे। जेष्टको खडेरीले बाली सुक्न थाले पछि शाक्य र कोलिया दुबैतिरका कामदारहरू कुलो लैजान रोहिनी नदीमा गए। पानीको सवालमा झगडा भएर हानाहन हुँदा, दुबै पक्ष युद्ध गर्न तयार भए। तथागतले महाकरुणाद्वारा हेर्दा, युद्ध गर्ने पक्षमा देखेकाले आकाश मार्गद्वारा त्यहाँ पुगी नदीको बीचभागमा आकास मै पलेटी कसेर बसे। शाक्य र कोलियाहरू दुबैले तथागतलाई देखे पछि हातियार फालेर बन्दना गरे। दुबै पक्षले आ-आफ्नो कुरा राखे। अन्तमा, तथागतले पानीको लागि आमुल्य जीवन नाष्ट गर्न खोज्दैछौं भनि बैरीहरूमा अबैरी बनेर आउ। साँच्चै धेरै सुखपूर्वक बाँचौं। आउ, बैरी मानिसहरूमा अबैर बनेर रहौं। सद्भावनाका साथ सबै मिलेर सँगै बसौं, घुमौ फिरौं र रमाउँ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सुसुखं वत जीवाम, वेरिनेसु अवेरिनो**
**वेरिनेसु मनुस्सेसु, विहराम अवेरिनो ॥१९७॥**

**भावार्थ–**

बैरीहरूमा अबैरी बनेर आउ। साँच्चै धेरै सुखपूर्वक बाँचौं। आउ बैरी मानिसहरूमा अबैर बनेर समुदायलाई सुखमय बनाउँ। सामाजिक सद्भाव, भातृत्व, मैत्रित्व र आपासी भाइचारकासाथ सबै मिलेर सँगै बसौं, घुमौ, फिरौं र रमाउँ।

## १९८. समय सन्दर्भ–

एक समयमा कपिलबस्तु राज्यको शाक्य र कोलियाको सीमामा पर्ने रोहिनी नदीमा बाँध बाँधेर दुबै राज्यको जन पदबासीहरू खेतमा सिँचाइ गर्थे । जेष्टको खडेरीले बाली सुक्न थाले पछि शाक्य र कोलिया दुबैतिरका कामदारहरू कुलो लैजान रोहिनी नदीमा गए । पानीको सवालमा झगडा भएर हानाहन हुँदा, दुबै पक्ष युद्ध गर्न तयार भए । तथागतले महाकरुणाद्वारा हेर्दा, युद्ध गर्ने पक्षमा देखेकाले आकाश मार्गद्वारा त्यहाँ पुगी नदीको बीचभागमा आकास मै पलेटी कसेर बसे । शाक्य र कोलियाहरू दुबैले तथागतलाई देखे पछि हातियार फालेर बन्दना गरे । दुबै पक्षले आ-आफ्नो कुरा राखे । अन्तमा, तथागतले पानीको लागि आमुल्य जीवन नाष्ट गर्न खोज्दैछौं भनि आउ, रोगग्रस्तहरूमा निरोगी बनेर, साँच्चै धेरै सुखपूर्वक बाँचौं । आउ, रोगी मानिसहरूमा रोगरहित बनेर बसौं, घुमौं, फिरौं र रमाउँ भन्दै दिएको उपदेशको पालीगाथा ।।१९७।।

**पालीगाथा–**

**सुसुखं वत जीवाम, आतुरेसु अनातुरा**
**आतुरेसु मनुस्सेसु, विहराम अनातुरा ।।१९८।।**

**भावार्थ–**

आउ, रोगग्रस्तहरूमा निरोगी बनेर, साँच्चै धेरै सुखपूर्वक बाँचौं । सामाजिक सद्भाव कायम गरौं । भातृत्व र मैत्रित्व कायम गरौं । आउ, सबै मिलेर रोगी मानिसहरूमा रोगरहित बनेर बसौं, घुमौं फिरौं, रमाउँ र सुख शान्तसँग बसौं ।

# १९९. समय सन्दर्भ–

एक समयमा कपिलबस्तु राज्यको शाक्य र कोलियाको सीमामा पर्ने रोहिनी नदीमा बाँध बाँधेर दुबै राज्यको जन पदबासीहरू खेतमा सिँचाइ गर्थे । जेष्टको खडेरीले बाली सुक्न थाले पछि शाक्य र कोलिया दुबैतिरका कामदारहरू कुलो लैजान रोहिनी नदीमा गए । पानीको सवालमा झगडा भएर हानाहन हुँदा, दुबै पक्ष युद्ध गर्न तयार भए । तथागतले महाकरुणाद्वारा हेर्दा, युद्ध गर्ने पक्षमा देखेकाले आकाश मार्गद्वारा त्यहाँ पुगी नदीको बीचभागमा आकास मै पलेटी कसेर बसे । शाक्य र कोलियाहरू दुबैले तथागतलाई देखे पछि हातियार फालेर बन्दना गरे । दुबै पक्षले आ-आफ्नो कुरा राखे । अन्तमा, तथागतले पानीको लागि आमुल्य जीवन नाष्ट गर्न खोज्दैछौँ । आउ, लालचीहरूमा लालचरहित बनेर साँच्चे धेरै सुख पूर्वक बाँचौं । आउ, लिप्सावान मानिसहरूमा लालचरहित बनेर रहौं, घुमौ, फिरौं, रमाउँ र सुख शान्तिसँग बसौं भन्दै दिएको उपदेशको पालीगाथा ॥१९७॥

**पालीगाथा–**

**सुसुखं वत जीवाम, उस्सुकेसु अनुस्सुका**
**उस्सुकेसु मनुस्सेसु, विहराम अनुस्सुका ॥१९९॥**

**भावार्थ–**

आउ, लालचीहरूमा लालचरहित बनेर साँच्चै धेरै सुख पूर्वक बाँचौं । आउ, लिप्सावान मानिसहरूमा लालचरहित बनेर रहौं घुमौ, फिरौं, रमाउँ, खाउँ, पिउँ, र सुख शान्तिसँग सबै मिले बसौं । यही उत्तम जीवनचार्य हो ।

## २००. समय सन्दर्भ–

एक समयमा तथागत पञ्चशाला नामक ब्राह्मणहरूको गाउँमा भिक्षाटनको लागि गए। मारले पहिले नै गाउँ बासीहरूमा आवेश सिर्जना गरिसकेको हुँदा, कसैले पनि भिक्षा दिएनन्। खाली पात्र लिएर फर्कँदै लाग्दा, मार आएर, 'हे भन्ते,' केही भिक्षा पायौं त भन्यो ? 'हे पापी मार,' तिमीले भिक्षा नपाउने गराइदिइस् ? त्यसो भए फेरि जानुहोस न् भन्यो। उनले यस्तो सोचेर भन्यो कि यदि फर्केर फेरि गयो भने त झन अपमान गरेर हाँस्ने छन्। त्यसैले हामी पुनः भिक्षा माग्न जादैनौ भन्यो। त्यही समयमा नुहाएर फर्केका ५०० कन्याहरूले बन्दना गरी बाटोमा एकातिर उभिए। 'हे भन्ते,' भिक्षा पाइएन भने भोकले सताउने छ, भने। 'हे पापी मार,' आज हामीले केही पाइएन भने, त्यस्ता जति सबै सँगै बसौं। सुखपूर्वक बाचौं। हामी पनि ब्रह्मालोकको आभास्वर देवताले जस्तै गरी प्रीतिभक्ष्य भएर बिताउने छौं भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सुसुखं वत जीवाम, येसं नो नत्थि कि१चनं**
**पीतिभक्ख भविस्साम, देवा आभस्सरा यथा॥२००॥**

**भावार्थ–**

हे भिक्षुहरू आउ, आज हामी जोसँग केही पनि छैन। त्यस्ता जति सबै सँगै रहौं। सुखपूर्वक बाँचौं। हामी पनि ब्रह्मालोकको आभास्वर देवताले जस्तै गरी प्रीतिभक्ष्य गरौं। एकदिन भोजन नगरेर कसैको पनि मृत्यु हुनेवाला छैन।

## २०१. समय सन्दर्भ–

एक समयमा कोसल राज्यको नरेश प्रसेनजित काशीको राजा अजात शत्रुसँगको लडाइँमा तीन पटक लगातार हार भयो । तेश्रो पटक पनि हार खाए पछि उनले मनमनै सोंचे कि मैले भरखरको दूधमुखे बच्चालाई पनि हराउन सकिन । मेरो युद्ध नीतिमा कहाँनिर भूल भयो ? अर्थात कसले कहाँनिर कस्तो कमजोरी गर्यो ? यसको समिक्षा राम्रोसँग गरी अब बिजयको तयारी कसरी गर्ने ? भनेर आफैले आफैसँग मसिनोसँग समिक्षा गर्दै, यो अवस्थामा मैले बाँच्नुको के अर्थ हुन्छ र ? भनेर उनले खानपिन सबै छाडेर लामो समय बिस्तरमा पल्टिरहे । भिक्षुहरूले यो कुरा सुने पछि यर्थात कुरा के हो ? भनि आपासमा छलफल पनि गरे । तर कुनै निस्कर्ष निकाल्न सकेन । अन्तमा तथागतसँग सोधे । 'हे भिक्षुहरू,' जित्ने ब्यक्तिको बिजयले बैर उत्पन्न गर्छ । तर, हार्ने चाहि दुःखका साथ सुत्छ । ज्ञानी पुरुषहरू जय र पराजयको कुनै वास्त नराखी सुख पूर्वक सुत्छ । यसैमा आनन्दको अनुभूति हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**जयं वेरं पसवति, दुक्खं सेति पराजितो**
**उपसन्तो सुखं सेति, हित्वा जयपराजयं ॥२०१॥**

**भावार्थ–**

बिजयले बैर उत्पन्न गर्छ । त्यही बैरको कारणले गर्दा, बिजय पुरुष पनि सुत्न सक्दैन । पराजित पुरुष दुःखपूर्वक सुत्छ । ज्ञानी पुरुषहरू जय र पराजयको कुनै वास्त नराखी सुख पूर्वक सुत्छ । यसैमा आनन्दको अनुभूति हुन्छ ।

## २०२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै कुलकन्याको बिबाह भयो । त्यही उपलक्षमा उनको बाबा आमाले भोजनको लागि निम्तो गरेको हुँदा, भिक्षु महासंघका साथमा तथागत पनि त्यहाँ आएर बिछ्याइएको आसन ग्रहण गरेर बसे । कुलकन्याहरू भिक्षुहरू र अतिथिहरूको लागि पानी छान्दै यताउती घुम्दै तयारी गर्दै थिइन् । उनको पति उनलाई देखेर नाना प्रकारका काम वासनाको बिचार गर्दै राग अग्निमा जल्दै थियो । उनले कतैतिर ध्यान नदिएर दुलहीलाई समाउन चाहन्थ्यो । तथागतले उनको आसय जानेर दुलहीलाई देख्नै नसक्ने अवस्था बनाइ दिए । दुलहीलाई नदेखे पछि उनी अत्तियर तथागततिर हेर्दै उभियो । 'हे दुलह,' यो मानव जीवनमा राग अग्नि समानको अरु कुनै अग्नि छैन । राग बराबर कुनै पनि आगो छैन । द्वेष बराबर कुनै पनि कलह वा दुष्टता छैन । शरीर धारणा बराबर अरु कुनै पनि दुःख छैन । शान्ति भन्दा ढुलो अरु कुनै सुख छैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न'अत्थि रागसमो अग्गि, न'अत्थि दोस्समोकलि**
**न'अत्थि खंधसमा दुक्ख, न'अत्थि सन्तिपरंसुखं ॥२०२॥**

**भावार्थ–**

राग बराबर कुनै पनि आगो छैन । द्वेष बराबर कुनै पनि कलह वा दुष्टता छैन । शरीर धारणा बराबर अरु कुनै पनि दुःख छैन । शान्ति भन्दा ढुलो अरु कुनै सुख छैन । यसलाई राम्रोरी मनन गर्नु भनेर उपदेश गरे ।

## २०३. समय सन्दर्भ–

एक समयमा तथागत आलवी नगर गएको समयमा ५०० भिक्षुहरूका साथमा नगरबासीहरूको भोजन निमन्त्रणामा जाँदा तथागत आएको थाहा पाएर त्यस नगरको एकजना निर्धनलाई पनि धर्म श्रमणको लागि जान मन भयो । तर बिहानै उसको एउटा गोरु हराएकोले गोरु खोज्न गए । गोरु खोज्दा खोज्दै दोपार भयो । गोरु भेट्ठाएर घरमा ल्याए पछि बाँधेर तथागतकहाँ गइ बन्दना गरी एक छेउमा बसे । तथागतले उनको लागि भोजन मगाइ दिए । त्यही बसेर पेटभरी खायो । खाए पछि उपदेश सुनेर श्रोतापन्न भयो । शिष्टाचार पुरा भए पछि तथागत जानु भयो । जाँदा जादै भिक्षुहरूले उनको बारेमा कुरा गर्यो । 'हे भिक्षुहरू,' उ साह्रै भोको थियो । भोकाएको मानिसले धर्म श्रमण गर्न सक्दैन । भोक सबै भन्दा ठुलो रोग हो । संस्कारहरू सबै भन्दा ठुलो दुःख हुन् । यस्तो यर्थातालाई जानेर बुद्धिमानहरू निर्वाण नै सबै भन्दा ठुलो सुख हो भनेर बुझ्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**जिघच्छा परमा रोगा, संखारा परमा दुक्ख**
**एतं ञत्वा यथाभूतं, निब्बनं परमं सुखं ॥२०३॥**

**भावार्थ–**

मानव जीवनमा भोक सबै भन्दा ठुलो रोग हो । संस्कारहरू सबै भन्दा ठुलो दुःख हुन् । यस्तो यर्थातालाई जानेर बुद्धिमानहरू निर्वाण नै सबै भन्दा ठुलो सुख हो भनेर बुझ्दछन् ।

## २०४. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजित तथागतको उपदेश सुन्न जाँदा उनी एकातिर बसेर घुर्न लाग्यो। तथागतले 'हे महाराज,' आज आराम नगरिकन आउनु भयो कि के हो भनि सोध्दा, 'हे भन्ते,' आज खाना खाए पछि महादुःख भइरहेछ भन्यो। तथागतले एउटा गाथा भन्नु भयो। त्यो गाथा प्रसेनजितको आग्नेय सुदर्शन भन्ने मन्त्रीले कण्ठ गर्यो। प्रसेनजितले खाना खाने बेलामा सुदर्शनले त्यो गाथा सुनायो। प्रसेनजितले बिस्तारै खाना कम गर्दै गए। उनमा फुर्ति र बल पनि आयो। 'हे भन्ते,' वजिरा कुमारीसँग सुदर्शनको बिबाह भयो र हराएको मणि पनि भेटियो भन्यो। 'हे महाराज,' निरोगी हुनु परम् लाभ हो। सन्तोष बराबर को घन, बिश्वास बराबरको दाजुभाइ र निर्वाण बराबरको अरु सुख छैन। आरोग्य सबै भन्दा ठुलो लाभ हो। सन्तोष सबै भन्दा ठुलो धन वा सम्पत्ति हो। बिश्वास सबै भन्दा ठुलो आफन्त वा बन्धु हो। निर्वाण सबै भन्दा उत्तम सुख हो भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**आरोग्य परमा लाभा, सन्तुट्ठि परमं धनं**

**विस्सासपरमा ञाति, निब्बनं परमं सुखं ॥२०४॥**

**भावार्थ**–

आरोग्य सबै भन्दा ठुलो लाभ हो। सन्तोष सबै भन्दा ठुलो धन वा सम्पत्ति हो। बिश्वास सबै भन्दा ठुलो आफन्त वा बन्धु हो। निर्वाण सबै भन्दा उत्तम सुख हो।

## २०५. समय सन्दर्भ–

एक समयमा तथागत बैशाली नगरमा बिहार गरिरहँदा भिक्षु आनन्दलाई भन्यो । 'हे आनन्द,' आज बिहानै कालदेव आएर मेरो आयु समाप्त भैसकेको सूचना आयो । अब मैले १०० दिन पछि आयु त्याग गर्दैछु । भोलीदेखिको मेरो यात्रा कुशीनगरतिर हुनेछ । यो कुरा सम्पूर्ण भिक्षुहरूलाई जानकारी गराइदेउ भन्यो । तथागतको आदेश अनुसार भिक्षुहरूलाई जानकारी गराए । यो कुरा भिक्षु महासंघमा आगो झैं फैलियो र तरंग उत्पन्न भयो । तथागतले आयु त्याग गर्ने रे ? महासंघमा तर्कबितर्क हुन थाले । अबको संघनायक को हुने ? कसको सहारा लिने ? शील र साधनाको बारेमा छलफल हुन थाल्यो । सबैको गन्तब्य कुशीनगरतिर सोझिए । एकदिन महासंघलाई सम्बोधन गर्दै 'हे भिक्षुहरू,' म प्रति श्रद्धा छ भने, तिस्स स्थविर जस्तै हुनु पर्छ । ध्यान, भावन, साधना, एकान्त र शान्तिको रस पिएर सिद्ध पुरुषहरू निडर हुन्छन् । धर्म प्रितिको रस पिउने ब्यक्तिहरू पनि निष्पाप र निडर हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**पबिवेकरसं पित्वा, रसं उपसमस्स च**
**निद्दरो होति निप्पपो, धम्मपीतिरसं पिवं ॥२०५॥**

**भावार्थ–**

ध्यान, भावन, साधना, एकान्त र शान्तिको रस पिएर सिद्ध पुरुषहरू निडर हुन्छन् । धर्म प्रितिको रस पिउने ब्यक्तिहरू पनि निष्पाप र निडर हुन्छन् ।

## २०६. समय सन्दर्भ–

एक समयमा आयु संस्कार त्यागे पछि बेनुबनमा तथागतलाई रक्तश्रावको रोग लाग्यो । यस्तो अवस्था थाहा पाएर शक्रदेवले तावतीस भवन छाडी निको नहुन्जेलसम्म तथागतकै सेवामा रहे । उनी तथागतको दिशा पिसावहरूको भाँडो सुगन्धित बस्तुझैं शिरमा राखेर लैजान्थे । तथागतलाई निको भए पछि, त्यहाँबाट फर्किए । यो कुरा सुनेर भिक्षुहरूबीच चर्चा परिचर्चा र भयो । शक्रदेव र तथागतको सम्बन्धको बारेमा लेखाजोखा भयो । सबैले आ-आफ्नो अनुभवहरू साझा गरे । तथागतले यो कुरा सुने पछि 'हे भिक्षुहरू,' शक्रदेवले मलाई स्नेह गर्नु कुनै अनौठो कुरा होइन । उ मेरै सहाराले बृद्ध शक्रबाट तरुण शक्र भएका हुन् । उनको लागि मैले धेरै उपकार गरेको छु । कल्याणमित्रको दर्शन र संगतमा रहनु सुखदाएक हो । आर्यहरूको दर्शन र संगतमा रहनु कल्याणकारी हुन्छ । उनीहरूसँगको सहचार्य सुखदायक हुन्छ । मुर्खहरूको संगत गर्न परेन भने पनि मानिसहरू सुखी हुन्छन् । भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**साधु दस्सनमं अरियानं, सन्निवासो सदा सुखो**
**अदस्सनेन बालानं, निच्चमं एवं सुखी सिया ॥२०६॥**

**आवार्थ**–

आर्यहरूको दर्शन र संगतमा रहनु कल्याणकारी हुन्छ । उनीहरूसँगको सहचार्य सुखदायक हुन्छ । मुर्खहरूको संगत गर्न परेन भने पनि मानिसहरू सुखी हुन्छन् ।

# २०७. समय सन्दर्भ–

एक समयमा आयु संस्कार त्यागे पछि बेनुबनमा तथागत लाई रक्तश्रावको रोग लाग्यो। यस्तो अवस्था थाहा पाएर शक्रदेवले तावतीस भवन छाडी निको नहुन्जेलसम्म तथागतकै सेवामा रहे। उनी तथागतको दिशा पिसावहरूको भाँडो सुगन्धित बस्तुझैं शिरमा राखेर लैजान्थे। तथागतलाई निको भए पछि, त्यहाँबाट फर्किए। यो कुरा सुनेर भिक्षुहरूबीच चर्चा परिचर्चा र भयो। शक्रदेव र तथागतको सम्बन्धको बारेमा लेखाजोखा भयो। सबैले आ-आफ्नो अनुभवहरू साझा गरे। तथागतले यो कुरा सुने पछि 'हे भिक्षुहरू,' शक्रदेवले मलाई स्नेह गर्नु कुनै अनौठो होइन। मेरै सहाराले तरुण शक्र भएका हुन्। मैले धेरै उपकार गरेको छु। कल्याणमित्रको संगतमा रहनु सुखद हो। जो मुर्खहरूको संगतमा रहन्छन्, उनले लामो अवधिसम्म शोक गर्दछन्। मुर्खहरूको सहचार्य शत्रुको जस्तै दुःखखायी हुन्छ। बुद्धिमानहरूसँगको सहचार्य सुखद रहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥२०६॥

**पालीगाथा–**

**बालसंगतचारी हि, दीघमद्धान सोचति**
**दुक्खो बालेहि संवासो, अमित्तेनेव सब्बदा**
**धीरो च सुखसंवासो, ञातीनं व समागमो ॥२०७॥**

**भावार्थ–**

जो मुर्खहरूको संगतमा रहन्छन्, उनले लामो अवधिसम्म शोक गर्दछन्। मुर्खहरूको सहचार्य शत्रुको जस्तै दुःखखायी हुन्छ। बुद्धिमानहरूसँगको सहचार्य सुखद रहन्छ।

## २०८. समय सन्दर्भ–

एक समयमा आयु संस्कार त्यागे पछि बेनुबनमा तथागत लाई रक्तश्रावको रोग लाग्यो । यस्तो अवस्था थाहा पाएर शक्रदेवले तावतीस भवन छाडी निको नहुन्जेलसम्म तथागतकै सेवामा रहे । उनी तथागतको दिशा पिसावहरूको भाँडो सुगन्धित बस्तुझैं शिरमा राखेर लैजान्थे । तथागतलाई निको भए पछि, त्यहाँबाट फर्किए । यो कुरा सुनेर भिक्षुहरूबीच चर्चा परिचर्चा र भयो । शक्रदेव र तथागतको सम्बन्धको बारेमा लेखाजोखा भयो । सबैले आ-आफ्नो अनुभवहरू साझा गरे । तथागतले यो कुरा सुने पछि 'हे भिक्षुहरू,' शक्रदेवले मलाई स्नेह गर्नु कुनै अनौठो होइन । मेरै सहाराले तरुण शक्र भएका हुन् । मैले धेरै उपकार गरेको छु । कल्याणमित्रको संगतमा रहनु सुखद हो । त्यस्ता धीर, प्रज्ञावान बहुश्रुत, शीलवान, ब्रतसम्पन्न कल्याणमित्रहरूको संसर्ग एवं अनुसरण गर्छन । जसरी चन्द्रमाले नक्षेत्र पथहरूको गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२०६॥

**पालीगाथा–**

**तस्माहि धीरञ्ञ च पञ्ञं च बहुस्सुतञ्च, धोरय्हसीलं वतवन्तं अरियं, तं तादिसं सुप्पुरिसंसमेधं, भजेय नक्खत्त पथंव चन्दिमा ॥२०८॥**

**भावार्थ–**

त्यस्ता धीर, प्रज्ञावान, बहुश्रुत, शीलवान, ब्रतसम्पन्न कल्याण मित्रहरूको संसर्ग एवं अनुसरण गर्दछन् । जसरी चन्द्रमाले नक्षेत्र पथहरूको अनुसरण गर्दछन् ।

# धम्मपद

## प्रिय बर्ग– १६

## २०९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा कुनै आमा बाबुको एक्लो छोरो निमन्त्रित भिक्षुहरूको उपदेश सुनेर प्रबर्जित हुन चाहन्थ्यो । तर घरबाट आज्ञा पाएनन् । एकदिन उ दिशा जाने बाहनाले घरबाट भागेर भिक्षुहरूसँग गइ प्रबर्जित भयो । त्यो कुरा थाहा पाइ छोरा खोज्दै बिहारमा गएको बाबु पनि त्यही प्रबर्जित भए। त्यो कुरा थाहा पाए पछि आमा पनि प्रबर्जित भइन् । प्रबर्जित भएका तीनै जना आश्रम धर्म नगरी गफ गरेर बस्थे । यस्तो देखेर भिक्षु भिक्षुनीहरू दिक्क भइ तथागतलाई यो कुरा सुनाए । तथागतले उनीहरूलाई बोलाएर 'हे भिक्षुहरू,' के तिमीहरूले साँच्चै श्रमण धर्मको पालन गर्दैनौं ? किन यस्तो गर्छौ ? यो त प्रबर्जितहरूको योग होइन भनेर भन्दा, हामीहरू एकै परिवारका हौं । छुट्टिएर बस्न सक्दैनौं भने । मनोरञ्जनको रमाइलोमा आफुलाई लगाउने ध्यान र एकाग्र तामा नलाग्ने, आध्यात्मिक मार्गलाई छाडेर संसारिक आकर्षणमा लाग्नेले आत्म उन्नति गर्न सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अयोगे युञ्जम' अत्तानं, योगस्मिञ्च च अयोजयं**
**अत्थं हित्वा पियग्गाही, पिहेत्'अत्तानुयोगिनं ॥२०९॥**

**भावार्थ–**

मनोरञ्जनको रमाइलोमा आफुलाई लगाउने, ध्यान र एकाग्र तामा नलाग्ने, आध्यात्मिक मार्गलाई छाडेर संसारिक आकर्षणमा लाग्नेले आत्म उन्नति गर्न सक्दैन ।

## २१०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा कुनै आमा बाबुको एक्लो छोरो निमन्त्रित भिक्षुहरूको उपदेश सुनेर प्रबर्जित हुन चाहन्थ्यो । तर घरबाट आज्ञा पाएनन् । एकदिन उ दिशा जाने बाहनाले घरबाट भागेर भिक्षुहरूसँग गइ प्रबर्जित भयो । त्यो कुरा थाहा पाइ छोरा खोज्दै बिहारमा गएको बाबु पनि त्यही प्रबर्जित भए । त्यो कुरा थाहा पाए पछि आमा पनि प्रबर्जित भइन् । प्रबर्जित भएका तीनै जना आश्रम धर्म नगरी गफ गरेर बस्थे । यस्तो देखेर भिक्षु भिक्षुनीहरू दिक्क भइ तथागतलाई यो कुरा सुनाए । तथागतले उनीहरूलाई बोलाएर 'हे भिक्षुहरू,' के तिमीहरूले साँच्चै श्रमण धर्मको पालन गर्दैनौं ? किन यस्तो गर्छौ ? यो त प्रबर्जितहरूको योग होइन भनेर भन्दा, हामीहरू एकै परिवारका हौं, छुट्टिएर बस्न सक्दैनौं । प्रिया तथा अप्रियाको साथमा कहिल्यै नपर । प्रियालाई नदेख्नु वा देख्न नपाउनु र अप्रियलाई देख्नु वा देख्न पर्नु दुबै कुरा दुःखप्रद हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२०९॥

**पालीगाथा–**

**मा पियेही समागञ्छि, अप्पियेही कुदाचनं**
**पियानं अदस्सनं दुक्खं, अप्पियानञ् च दस्सनं ॥२१०॥**

**भावार्थ–**

हामीहरू एकै परिवारका हौं, छुट्टिएर बस्न सक्दैनौं । प्रिया तथा अप्रियाको साथमा कहिल्यै नपर । प्रियालाई नदेख्नु वा देख्न नपाउनु र अप्रियलाई देख्नु वा देख्न पर्नु दुबै कुरा दुःखप्रद हुन्छन् । यसबाट अलिकति पृथक रहनु पर्छ ।

## २११. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा कुनै आमा बाबुको एक्लो छोरो निमन्त्रित भिक्षुहरूको उपदेश सुनेर प्रबर्जित हुन चाहन्थ्यो । तर घरबाट आज्ञा पाएनन् । एकदिन उ दिशा जाने बाहनाले घरबाट भागेर भिक्षुहरूसँग गइ प्रबर्जित भयो । त्यो कुरा थाहा पाइ छोरा खोज्दै बिहारमा गएको बाबु पनि त्यही प्रबर्जित भए । त्यो कुरा थाहा पाए पछि आमा पनि प्रबर्जित भइन् । प्रबर्जित भएका तीनै जना आश्रम धर्म नगरी गफ गरेर बस्थे । यस्तो देखेर भिक्षु भिक्षुनीहरू दिक्क भइ तथागतलाई यो कुरा सुनाए । तथागतले उनीहरूलाई बोलाएर 'हे भिक्षुहरू,' के तिमीहरूले साँच्चै श्रमण धर्मको पालन गर्दैनौं ? किन यस्तो गर्छौ ? यो त प्रबर्जितहरूको योग होइन भनेर भन्दा, हामीहरू एकै परिवारका हौं । छुट्टिएर बस्न सक्दैनौं । त्यसकारण प्रिय नबाऔं । प्रियासँगको बिछोड साँच्चिकै कष्टकारक हुन्छ । त्यस्ता ब्यक्तिका केही गाँठा वा बन्धन हुँदैनन् । जस्को कुनै पनि प्रिया वा अप्रिया कुरा हुँदैनन् । भन्दै दिएको उपदेशको पालीगाथा ॥२०९॥

**पालीगाथा–**

**तस्मा पियं न कयिराथ, पियपायो हि पापको**
**गन्था तेसं न बिज्जन्ति, येसं न'अत्थि पियाप्पियं ॥२११॥**

**भावार्थ–**

त्यसकारण प्रिय नबाऔं । प्रियासँगको बिछोड साँच्चिकै कष्ट कारक हुन्छ । त्यस्ता ब्यक्तिका केही गाँठा वा बन्धन हुँदैनन् । जस्को कुनै पनि प्रिया वा अप्रिया कुरा हुँदैनन् । यसमा सचेत रहनु पर्छ ।

## २१२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा एकजना कुटुम्बिकको छोरा मरेकोले उनी साहै दुःखी भए । सधै मसान घाटमा गएर रोइरहन्थ्यो । पुत्र शोकले बेहाल थियो । उनले आफुलाई सम्हाल्न सकेन । एकदिन दिउँसोको भोजन पछि एकजना भिक्षुको साथमा तथागत पनि उनको घरैमा आए । कुटुम्बिकले आदर पूर्वक तथागतलाई आसनमा बसालेर प्रणाम गरे । 'हे उपासक,' पुत्रको मृत्युमा शोक नहुने त कुरै भएन । तर, जन्म र मृत्यु त यो भवसागरमा शास्वत र सनातन हो । छोराको मृत्यु भयो भनेर शोक नगर । मरण स्वभाव भएको मर्छन् । नष्ट हुने स्वभाव भएको नष्ट हुन्छ । एउटा रुखको फूललाई हेर त ? फूलेका सबैमा फल लाग्न सक्दैन । फलेका सबै फलले पाक्न पाउदैन । पाकेको सबै फलले बीउ हुन पाउदैन । प्रिय कुरा र बस्तुहरूबाट शोक उत्पन्न हुन्छ । प्रिय कुराबाट भय उत्पन्न हुन्छ । प्रिय कुराबाट बिमुक्ति छन् । तिनलाई कुनै शोक हुँदैन । फेरी कहाँको डर, त्रास र भय भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**पियतो जायति सोको, पियतो जायति भयं**
**पियतो विप्पमुत्तस्स, न'अत्थि सोको कुतो भयं ।।२१२।।**

**भावार्थ**–

प्रिय कुरा र बस्तुहरूबाट शोक उत्पन्न हुन्छ । प्रिय कुराबाट भय उत्पन्न हुन्छ । प्रिय कुराबाट बिमुक्ति छन् । तिनलाई कुनै शोक हुँदैन । फेरी कहाँको डर, त्रास र भय हुने ?

## २१३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको महाउपासिका बिशाखा आफ्नो नातिनी दन्तकुमारी मरेकीले तथागतकहाँ गइन् । तथागतले 'हे बिशाखे,' तिमी किन दुःखी मन लिएर आयो भनेर सोध्दा, 'हे भन्ते,' ब्रतसम्पन्न मेरी नातिनी दन्तकुमारीको मृत्यु भयो। तथागतले श्रावस्तीमा कति मानिस छन् भनि सोध्दा, 'हे भन्ते,' तपाइँले त्यही सात करोड छन् भन्नु भएको थियो। यतिका धेरै मानिस तिमीलाई दन्तकुमारी जस्तै लागे भने, सबैलाई चाहन्छौं भन्दा उनले अँ भन्ते भनिन्। श्रावस्तीमा प्रतिदिन कति मान्छे मर्छन् ? भनि सोध्दा, धेरै मर्छन् भनिन्। यस्तो हुँदा, के तिमी दिन रात रुँदै चिच्यादै घुम्छौ त भन्दा, 'हे भन्ते,' मैले कुरा बुझे भनिन् । 'हे बिशाखे,' आफन्तको मृत्यु हुँदा, शोक कसलाई हुँदैन र ? तर, शोक र भय प्रेमबाटै उत्पन्न हुन्छ। माया र प्रेमबाट शोक उत्पन्न हुन्छ। माया र प्रेमबाट भय उत्पन्न हुन्छ। जो माया र प्रेमबाट मुक्त छन्, उनीहरूलाई कुनै शोक हुँदैन। अनि के को डर ? भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**पेमतो जायति सोको, प्रेमतो जायति भयं**
**पेमतो विप्पमुत्तस्स, न'अत्थि सोको कुतो भयं॥२१३॥**

**भावार्थ–**

आफन्तको माया र प्रेमबाट शोक उत्पन्न हुन्छ। माया र प्रेमबाट भय उत्पन्न हुन्छ। जो माया र प्रेमबाट मुक्त छन्, उनीहरूलाई कुनै शोक हुँदैन। अनि के को डर ?

## २१४. समय सन्दर्भ–

एक समयमा बैशालीको लिच्छवी परिवारहरू ठाटबाँटका साथ सजिसजाउ भएर एक समूहमा कतै जाँदै थिए । तथागतले उनीहरूलाई देखाउँदै, 'हे भिक्षुहरू,' लिच्छवीहरूलाई हेर त ? जसले तावतीस भूवनको देवताहरू देखेका छैनन् भने तिनीहरूले यिनीहरूलाई हेरुन् । लिच्छवीहरूमा देवताहरूको जस्तो दैवीशक्ति नभए पनि सजधजमा कुनै फरक छैन । यिनीहरू सम्पन्न छन् तर सचेत छैनन् भने । एक छिन पछि उनीहरू आपको बगैँचामा गएर गणिकाहरूको लागि आपासमा मारपित गर्न थाले । कतिपय लिच्छवीहरू त रगतम्य भएर खटौलीमा राखेर नगरतिर लाँदै गरेको देखियो । यस्तो अवस्था देखेर आपासमा केही भन्न खोजेको भिक्षुहरूलाई तथागतले शोक वा भय दुबै अवस्था रतिको कारणले उत्पन्न हुन्छन् । रति र आसक्तिबाट शोक उत्पन्न हुन्छ । रति र आसक्तिबाट भय उत्पन्न हुन्छ । जो आसक्तिबाट मुक्त छन्, तिनीहरूलाई कुनै शोक र भय हुँदैन । अनि के को डर ? भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**रतिया जायती सोको, रतिय जायती अयं**
**रतिया विप्पमुत्तस्स, न'अत्थि सोको कसतो भयं ॥२१४॥**

**भावार्थ–**

रति र आसक्तिबाट शोक उत्पन्न हुन्छ । रति र आसक्तिबाट भय उत्पन्न हुन्छ । जो आसक्तिबाट मुक्त छन्, तिनीहरूलाई कुनै शोक र भय हुँदैन । अनि के को डर ?

## २१५. समय सन्दर्भ–

एक समयमा ब्रह्मलोकबाट च्युत भएर श्रावस्ती नगरको महाधनवान कुलमा जन्मेको कुनै बच्चाले स्त्रीको गन्ध सहदैनथ्यो। उसलाई कपडामा लपेटर दूध खुलाउथ्यो। उनको नाम अनित्थिगन्ध कुमार राख्यो। हुर्के पछि बिबाह गरिदिन चाहे तर उनी मानेन्। एकदिन आमाले बिबाह नगरे कुल कसरी चल्छ त ? भनेर जोड गरिन्। उनले सुनारलाई बोलाएर सुनको स्त्रीको प्रतिमा बनाएर, त्यस्तै केटी पाए बिबाह गर्छु भन्यो। ब्राह्मणहरू मुर्ति लिएर केटी खोज्न गए। घुम्दै जाँदा, सागन नगरको कुनै सेठकी परम् सुन्दरी कन्यासँग बिबाह गर्ने निधो भयो। कुमार पनि खुसी भए। सागलबाट रथमा आउँदा आउँदै कन्या बाटैमा मरिन्। कुमार शोकले बिहाल भयो। एकदिन तथागत भोजन दानमा आउँदा, अनित्थिगन्ध कुमारलाई शोक कसरी भयो ? काम वासनाबाट शोक उत्पन्न हुन्छ। काम वासनाबाट भय उत्पन्न हुन्छ। जो काम वासनाबाट मुक्त छन्, तिनलाई कुनै शोक र भय हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**कामतो जायती सोको, कामतो जायती भयं**
**कामतो विप्पमुत्तस्स, न'अत्थि सोको कुतो भयं॥२१५॥**

**भावार्थ–**

काम वासनाबाट शोक उत्पन्न हुन्छ। काम वासनाबाट भय उत्पन्न हुन्छ। जो काम वासनाबाट मुक्त छन्, तिनलाई कुनै शोक हुँदैन। अनि के को शोक र भय ?

# २१६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको एकजना ब्राह्मणले खोलाको किनारमा धान रोपेको थियो । उनले तथागतलाई पनि भनेको थियो । 'हे तथागत,' मेरो धान पाकेर स्याहरे पछि पहिले तपाइँलाई खुवाउने छु भनि बचन पनि दिएको थियो । तर बाढी आएर बाली सबै बगाइ दिए पछि ब्राह्मणलाई शोक भयो । तथागतले यो कुरा थाहा पाए पछि भोजन उपरान्त ब्राह्मणको घरमा गए । 'हे ब्राह्मण,' तिमी के कारणले किन शौक र दुःखी भयो भनेर सोध्दा मेरो सबै बाली बाढिले बगाइ दियो । अब मेरो खेतबाली केही पनि छैन । मंगसिरमा खेतिबाली केही पनि नआउने भए पछि मैले कसरी निर्वाह गर्ने, भनेर शौक परेकोले दुःखी भएको हुँ भन्यो । 'हे ब्राह्मण,' तृष्णाको कारण शोक उत्पन्न भएको हो । तृष्णाबाट शोक उत्पन्न हुन्छ । तृष्णाबाट भय उत्पन्न हुन्छ । जो मानिस तृष्णाबाट मुक्त छन्, उनलाई कुनै शोक र भय हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**तण्हाय जायती सोको, तण्हाय वायती भयं**
**तण्हाय विप्पमुत्तस्स, न'अत्थि सोको कुतो भयं ॥२१६॥**

**भावार्थ**–

तृष्णाबाट शोक उत्पन्न हुन्छ । तृष्णाबाट भय उत्पन्न हुन्छ । जो मानिस तृष्णाबाट मुक्त छन्, उनलाई कुनै शोक हुँदैन । अनि फेरी के को शोक, भय, त्रास, चिन्ता ?

## २१७. समय सन्दर्भ–

एक समयमा तथागत राजगृह नजिकै बेलुबनमा बिहार गर्दा कुनै उत्सवको दिन ५०० बाल बालिकाहरू टोकरीमा मालपुवा लिएर बगैंचामा खेल्न जाँदै थिए। भिक्षु महासंघका साथ तथागत पनि जाँदै गरेको देखेर उनीहरूले बन्दना गरे । तर कसैलाई पनि मालपुवा खाना निमन्त्रणा भने गरेनन् । अलि पर रुखमुनि गएर तथागतले भन्यो । 'हे भिक्षुहरू,' आज मालपुवा खाएर जाने हो भने। ती बाल बालिकाहरूले सबै भन्दा पछाडिको आउँदै गरेको अहर्त महाकाश्यपलाई देखेर प्रणम गरी, सबै मालपुवा उनलाई दान गरे। उनले तथागतलाई दान गर्नु भने पछि बालकहरूले त्यही गएर मुख हेरेर दान गरे। 'हे भिक्षुहरू,' मेरा पुत्र महाकाश्यप स्थविर देवताहरू र मानिसहरूका प्रियपात्र हुन् । शील र दर्शनले सम्पन्न धर्ममा रहेको, साँचो कुरा बोल्ने सत्यवादी एवं आफ्नो काम आफै गर्ने सतपुरुषलाई जनता र देवताले मन पराएर दान गर्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**शीलदस्सनसम्पन्नं, धम्मट्ठं सच्चवादिनं**
**अत्तनो कम्मकुब्बानं, तं जनो कुरुते पियं ।।२१७।।**

**भावार्थ–**

शील, प्रज्ञा, करुणा र दर्शनले सम्पन्न बुद्ध धर्ममा रहेको, साँचो कुरा बोल्ने सत्यवादी एवं आफ्नो काम आफै गर्ने सतपुरुषलाई जनता र देवताले मन पराएर दान गर्छन्। अनि मनचाहै पुण्य प्राप्त गर्दछन् ।

## २१८. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनको महाबिहारमा रहेको बेला, एकजना अनागामी स्थविरको मृत्यु भयो । उनी बुद्धभूमि सुखवतीमा उत्पन्न भए । उनी मर्ने बेलामा उनका शिष्यहरूले 'हे भन्ते,' अन्तिम समयमा केही बिशेषता प्राप्त भयो कि भएन भनेर सोध्दा, अनागामी त गृहस्तीहरू पनि हुन सक्दछन् भन्ने सौँची लज्जित हुँदै उनले केही पनि भनेन् । उनको मृत्यु भए पछि उनको शिष्यहरूले रुँदै तथागतसँग गएर उनको गतिको बारेमा सोधे । तथागतले उनको चित्तको प्रबृति बारेमा बताउँदै 'हे भिक्षुहर,' उनको बारेमा चिन्ता नगर्नु । उनी बुद्धभूमिमा उत्पन्न भैसकेको छ । तिमीहरूको उपाध्याय काम, भोग र वासनाबाट एकदमै चित्त मुक्त भैसकेको छ । जो श्रद्धवानहरू निर्वाणमा लिन छ । त्यसपट्ठि मनले लागेको छ । काम भोकहरूमा जसको चित्त प्रतिबद्ध छैन । त्यस्तो ब्यक्तिहरू उर्ध्वस्स्रोता भनिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**छन्दजातो अनक्खाते, मनसा च फुटो सिया**
**कामेसु च अप्पटिबद्धचित्तो, उद्धंसोतो ति वुच्चति ॥२१८॥**

**भावार्थ–**

जो श्रद्धवानहरू निर्वाणमा लिन छ । त्यसपट्ठि मनले लागेको छ । राग, द्वेष, माया, मोहा, काम, वासना, तृष्णा र भोकहरूमा जसको चित्त प्रतिबद्ध छैन । त्यस्तो ब्यक्तिहरू उर्ध्वस्स्रोता भनिन्छ ।

# २१९. समय सन्दर्भ–

एक समयमा वाराणसीमा नन्दिय नामक श्रद्धालु सेठपुत्र थियो। उनले ऋषिपतन मृगदाय बनमा बिहार बनाएर भिक्षु महासंघ सहित तथागतलाई दान दिए। दान दिने बित्तिकै तावतीस भूवनमा दिब्य दरबार उत्पन्न भयो । एकदिन अहर्त महामौदगल्यानले त्यो दरबार देखेर देवताहरूसँग सोधे । त्यसै समयमा अप्सराहरू दरबारबाट निस्केर, 'हे भन्ते,' हामीहरू नन्दियको सेविका हौँ। उ बिना रमाइलो लाग्दैन। उनसालई चाँडै यहाँ आउ भिनिदिनुहोस् भनिन् । अहर्त मौदगल्यानले सबै कुरा सने पछि तथागत लाई सुनाए । 'हे भिक्षुहरू,' परदेशमा लामो समयसम्म बसेर आएका आफन्तहरूलाई परिवारका सदस्यहरूले स्वागत गरेझैं, मनुष्य लोकमा पुण्य कमाएर गएकाहरूलाई देवलोकमा पनि देवताहरूले स्वागत तथा अभिनन्दन गर्दछन् । लामो समयसम्म टाढा बिदेशमा रहेर सकुशल घर फर्केका पुरुषहरूलाई आफन्त दाजुभाइ, दिदीबहिनीहरू, इष्टमित्रहरू र हितौषी मित्रहरूले स्वागत तथा अभिनन्दन गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**चिरप्पवासिं पुरिसं, दूरतो सोत्थिम आगतं**
**ञातिमित्ता सुहज्जा च, अभिनन्दन्ति आगतं ।।२१९।।**

**भावार्थ–**

लामो समयसम्म टाढा बिदेशमा रहेर सकुशल घर फर्केका पुरुषहरूलाई आफन्त दाजुभाइ, दिदीबहिनीहरू, इष्टमित्रहरू र हितौषी मित्रहरूले स्वागत तथा अभिनन्दन गर्दछन् ।

## २२०. समय सन्दर्भ–

एक समयमा वाराणसीमा नन्दिय नामक श्रद्धालु सेठपुत्र थियो। उनले ऋषिपतन मृगदाय बनमा बिहार बनाएर भिक्षु महासंघ सहित तथागतलाई दान दिए। दान दिने बित्तिकै तावतीस भूवनमा दिब्य दरबार उत्पन्न भयो । एकदिन अहर्त महामौदगल्यानले त्यो दरबार देखेर देवताहरूसँग सोधे । त्यसै समयमा अप्सराहरू दरबारबाट निस्केर, 'हे भन्ते,' हामीहरू नन्दियको सेविका हौँ । उ बिना रमाइलो लाग्दैन। उनसालई चाँडै यहाँ आउ भिनिदिनुहोस् भनिन् । अहर्त मौदगल्यानले सबै कुरा सने पछि तथागत लाई सुनाए । 'हे भिक्षुहरू,' परदेशमा लामो समयसम्म बसेर आएका आफन्तहरूलाई परिवारका सदस्यहरूले स्वागत गरेझैं, मनुष्य लोकमा पुण्य कमाएर गएकाहरूलाई देवलोकमा पनि देवताहरूले स्वागत गर्दछन्। ठीक त्यसैगरीनै यस लोकबाट परलोक गएका पुण्यकर्ताहरूलाई पनि उनको पुण्य कार्यहरूले गर्दा, परदेशबाट घर फर्केको आफन्त लाईझैं स्वागत् गर्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२१९॥

**पालीगाथा–**

**तथ'एवं कतपुञ्ञमं पि, अस्मा लोका परंगतं**
**पुञ्ञानि पटिगण्हन्ति, पियं ञातीव आगतं ॥२२०॥**

**भावार्थ–**

ठीक त्यसैगरी यस लोकबाट परलोक गएका पुण्यकर्ताहरूलाई पनि उनको पुण्य कार्यहरूले गर्दा, परदेशबाट घर फर्केको आफन्तलाई झैं स्वागत् सत्कार गर्दछन् ।

# धम्मपद

# क्रोध बर्ग–१७

# २२१. समय सन्दर्भ–

एक समयमा आयुष्मान अनुरुद्ध स्थविर ५०० भिक्षुहरूका साथमा कपिलबस्तु जाँदा, अरु सबै आएर प्रणम गरे । तर उनकै बहिनी रोहिणी आइनन् । बोलाउदा पनि चर्मरोग भएको कारण आइनन् । स्थविरले सन्देह पठाउदा, मुख ढाकेर आइन् । एउटा आसनशाला बनाएर भिक्षुहरूलाई दान दिने बचन दिइन् । उनले आफ्नो आमुल्य गहना बेचेर आसनशाला बनाउँदै गर्दा, उनको चर्मरोग निको हुँदै गयो । आसनशाला तयार भए पछि तथागत सहित सबैलाई भोजन दानको लागि आमन्त्रण गरिन् । तर, आफु चाहि तथागतसँग आइनन् । उनी किन नआएकी भनेर सोध्दा 'हे भन्ते,' मेरो शरीरमा चर्मरोग छ । त्यसैले नआएकी हुँ भनिन् । तथागतले उनले पूर्वजन्ममा एउटी नर्तकीलाई पीडित गाराएकोले यो रोग लागेको हो । क्रोधलाई छाडिदेउ । अभिमान त्याग । सबै बन्धनहरूलाई अतिक्रमण गर । नाम र रुपमा असक्त रहने अकिञ्चन ब्यक्तिलाई कुनै दुःखले पछ्याउँदैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**कोधंजहे विप्पजहेय्य मानं, सञ्ञोजनं सब्बमतिक्कमेय्य**
**तं नामरुपस्मि हसज्जमानं, अकिञ्चनं नानुपतन्ति दुक्ख ।।२२१।।**

**भावार्थ**–

क्रोधलाई छाडिदेउ । अभिमान त्याग । सबै बन्धनहरूलाई अतिक्रमण गर । नाम, रुप र संज्ञामा असक्त नरहने अकिञ्चन ब्यक्तिलाई कुनै दुःखले पछ्याउँदैन ।

## २२२. समय सन्दर्भ–

एक समयमा आलवीको कुनै भिक्षुले कुटी बनाउनको लागि एउटा रुख ढाल्न थाले । त्यस रुखमा कुनै देवकन्या उनको छोरो सहित बस्दथिइन् । 'हे भन्ते,' यो रुख ढालेर मेरो बास नउठाइ दिनुहोस् भनेर अनुरोध गर्दा पनि भिक्षुले मानेन् । भिक्षुले त्यो काम रोक्लान कि भनेर देवकन्याले आफ्नो छोरालाई हाँगामा तेर्स्याइ दिइन् । तर, भिक्षुले उठाएको बन्चरो रोकिएन । उनको बच्चा काटियो । दुःखित देवकन्याले भिक्षुलाई मार्न भनी हात उठाइन् । तर आफ्नो निन्दा हुने डरले, त्यसो नगरी रुँदै तथागतनिर गएर बन्दना गरी एक छेउमा उभिइन् । 'हे देवकन्या,' तिमी किन रोएकी भनेर सोध्दा, सबै कुरा बताए पछि, तिमीले राम्रो काम गर्यो । जसले आफुमा चढेको क्रोधलाई बाटो छोडेर जान लागेको रथलाई जस्तै रोक्न सक्छ । म उसैलाई मात्र सारथि भन्छु । बाँकी जनसमूह त केवल लगाम समाउने मात्र हुन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**यो ये उप्पतितं कोधं, रथंभन्तं व धारये**

**तमअहं सारथिं ब्रुमि, रस्मिग्गाहो इतरो जनो ॥२२२॥**

**भावार्थ**–

जसले आफुमा चढेको क्रोधलाई, बाटोछोडेर जाना लागेको रथलाई जस्तै गरी तुरन्तै रोक्न सक्छ । म उसैलाई मात्र असल एवं योग्य सारथि भन्छु । बाँकी सर्वसाधरण जनसमूह त केवल लगाम समाउने र रमाइलो हेर्ने मात्र हुन् ।

## २२३. समय सन्दर्भ–

एक समयमा राजगृहको पूर्ण सेठकी छोरी उत्तरा परम् बुद्धभक्तिनी थिइन । उनको बिबाह कुनै सेठको छोरासित भयो । उनको पति धार्मिक नभएकोले उनले धर्म श्रवण गर्न पाइनन् । यो कुरा पिताले थाहा पाए पछि छोरीलाई दश हजार कार्षापण पठाइ दिए । उनले त्यो रकम गणिका सिरिमालाई दिइ, १५ दिनसम्म उनको पतिको सेवा गर्न लगाइन् । त्यो समयमा उनी महापवारणमा गइन् । उत्तरालाई देखेर उनको पति हाँस्यो । त्यो हाँसेको देखेर सेठपुत्रले उत्तरालाई पनि साँच्चै माया गर्दो रहेछ भन्नठाने । यसलाई म दुःख दिन्छु भन्ठानी, उमालेको घिउ उत्तराको शरीरमा खन्याउन खोज्दा, उनको दासीहरूले सिरिमा लाई समतेर पिटिन् । तर उत्तराको मैत्री चित्तले गर्दा, बातावरण सहज भयो । 'हे उत्तरा,' क्रोधलाई मैत्री चित्तले जित्नु पर्छ । क्रोधी र रिसाह मानिसलाई माया प्रेमले, दुष्टलाई सज्जनताले छुच्च्याई र कन्जुसीलाई दानले र झुट बोल्नेलाई करुणा र मैत्री चित्तले जित्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**अक्कोधेन जिने कोधं, असाधु साधुना जिने**
**जिने कदरियं दानेन, सच्चेनालिकवादिनं ॥२२३॥**

**भावार्थ–**

कुनै पनि क्रोधी र रिसाह मानिसलाई माया प्रेमले, दुष्टलाई सज्जनताले, छुच्च्याई र कन्जुसीलाई दानले र झुट बोल्नेलाई करुणा र मैत्री चित्तले जित्नु पर्छ । यसबाट भावनात्मक एकता र सामाजिक सद्भाव कायम हुन्छ ।

## २२४. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारको वरिपरी बिहार गरिरहँदा, बुद्धलोक गएका अहर्त महामौदगल्यान स्थविरलाई चारिकाहरू र देवतहरू आएर प्रणाम गरे । कुन पुण्य कर्मको प्रभावले गर्दा, उनीहरू त्यहाँ उन्पन्न भए भनेर सोध्दा, आ-आफ्नो अनुभाव अनुसार, कसैले सत्य बचन बताए । कसैले अक्रोध बताए भने, कसैले यथाशक्य दान करुणा र मैत्री चित्तको कारण बताए । उनी त्यहाँबाट जेतवन फर्केर तथागतलाई, 'हे भन्ते,' मानिसहरू के सत्य बोलेर, क्रोध नगरेर, धेरै दान दिएर, मैत्री चित्त र करुणा भाव राख्दैमा बुद्धलोक प्राप्त हुन्छ ? भनेर तथागतलाई प्रश्न गर्दा, 'हे महामौदगल्यान,' तिमीले यस्तो प्रश्न किन सोधेको ? देवताहरूले पनि नजानेको कुरा तिमीले जानेको छ । अर्थात तिमीले जे प्रश्न सोधेको छ, त्यही सत्य हो । सधै सत्य बोल्ने प्रयत्न गर । क्रोधित नबन । कसैले केही मागेमा थोरै भए पनि देउ । यस्तो बानी बसाल्यौ भने तिमी देवताहरूको समिपमा पुग्ने छौ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सच्चे भणे न कुज्झेय्य, दज्जा अप्पम्पि याचितो**
**एतेही तिही ठानेही, गच्छे देवान सन्तिके ॥२२४॥**

**भावार्थ–**

सबै मानिसले सधै सत्य बोल्ने प्रयत्न गर । क्रोधित नबन । कसैले केही मागेमा थोरै भए पनि देउ । यस्तो बानी बसाल्यौ भने तिमी देवताहरूको समिपमा पुग्ने छौ ।

## २२५. समय सन्दर्भ–

एक समयमा साकेतमा भिक्षाटन गरिरहेको बेला, एकजना बृद्ध ब्राह्मण आएर तथागतलाई श्रद्धा पूर्वक प्रणाम गर्दै भने 'हे पुत्र,' बुद्ध अवस्थामा छोराले बाबु आमालाई पाल्नु पर्छ । तर तिमीले त दर्शनसम्म पनि दिँदैनौं, भने । उनले तथागतलाई आफ्नो घर लगे । उनकी पत्निले पनि ब्राह्मणले भनेकै कुरा दोहोराइन् । श्रद्धाको साथ भोजन गराइन् । तथागतलाई प्रतिदिन उनकै घरमा भोजन गर्न पनि प्रार्थना गरे । यो कुरा भिक्षुहरूले सुने पछि आपासमा चर्चाको बिषय बन्यो । तथागतको पिता त शुद्धोधन हुन् । माता महामायादेवी हुन् । तर ब्राह्मण दम्पत्तिले पुत्र भनेर सम्बोधन गर्दा पनि उनले कुनै प्रकारको प्रतिकृया गरेन । 'हे भिक्षुहरू,' पूर्वजुनिमा ५०० वर्षसम्म यी दुबै मेरो मातापिता र ५०० वर्षसम्म सानीआमा र सानीबा थिए । जो मुनिहरू हिंसा गर्दैनन् । निरन्तर आफ्नो शरीरद्वारा संयमित छन् । तिनीहरू यस्तो अचुक स्थानमा जान्छन् । जहाँ गएर कुनै किसिमको शोक गर्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**अहिंसका ये मुनयो, निच्चं कायेन संबुता**
**ते यन्ति अच्चुतं ठानं, यत्थगन्त्वा न सोचरे ॥२२५॥**

**भावार्थ**–

जो मुनिहरू हिंसा गर्दैनन् । निरन्तर आफ्नो शरीरद्वारा संयमित रहन्छन् । तिनीहरू यस्तो अचुक स्थानमा जान्छन् । जहाँ गएर कुनै किसिमको शोक, भय, त्रास र निन्दा गर्नु पर्दैन ।

## २२६. समय सन्दर्भ–

एक समयमा राजगृहको कुनै सेठकी पूर्णा भन्ने दासी आधा रातसम्म घान कुटेर पसिनाले लतपथ भइ बाहिरा आएर उभिएकी थिइन् । तथागतको उपदेश सुनी गृद्धकुट पर्वतबाट झरेर यताउता लाग्दै गरेको भिक्षुहरूलाई आयुष्मान दब्ब मल्लपुत्रले आफ्नो औंलाको प्रकाशले लिएर जाँदै थियो । त्यो उज्यालोमा बिचरण गरेका भिक्षुहरूलाई देखेर पूर्णाले मनमनै चोचिन । म त धान कुट्दाकुट्दै दुक्खाले यतिका रातसम्म जागै छु । तर यी भिक्षुहरू अहिलेसम्म के गरेका होलन ? सायद कोही बिमारी पो भयो कि ? बिहानै उठी रोटी सेकेर पानी लिन गएकी पूर्णाले त्यही बाटोमा भिक्षाटनमा आउँदै गरेको तथागतलाई देखेर रोटी दान गरिन् । तथागतले त्यही बसेर रोटी खाए । आनन्दले पानी ल्याए । 'हे पूर्णा,' तिमी भिक्षुहरूलाई निन्दा गर्छौं कि गर्दैनौं भनेर सम्बाद गरे । सधै जागरणशील रहने, दिनरात अध्ययनमा लागिरहने तथा निर्वाणलाई उद्देश्य बनाउनेहरूले सबै आश्रवहरू नष्ट गर्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सदा जागरमानानं, अहोरत्तानु सिक्खिनं**
**निब्बानं अधिमुत्तानं, अत्थं गच्छनन्ति आसवा ॥२२६॥**

**भावार्थ–**

सधै जागरणशील रहने, दिनरात ध्यान, भावना, साधना र अध्ययनमा लागिरहने तथा निर्वाणलाई आफ्नो उद्देश्य बनाउनेहरूका लागि सबै आश्रवहरू नष्ट हुन्छन् ।

## २२७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको अतुल नामक उपासक ५०० उपासकहरूका साथ धर्म श्रवण गर्न जेतवन महाबिहारमा गयो। उ क्रमश, रेवत, सारिपुत्र र आनन्द स्थविरलाई भेटी अन्तमा तथागतनिर गएर भन्यो। 'हे भन्ते,' म यतिका उपासकहरूका साथमा धर्म श्रवण गर्न आएको थिए। तर रेवत स्थविर केही नबोली चुपचाप बसे। अहर्त सारिपुत्र पनि अभिधम्मको उपदेश दिए। तर हामीहरूले राम्रोसँग बुझ्ने, भन्यो। आनन्द स्थविर एक दमै कम बोल्नु भयो। त्यसैले म त्यहाँबाट रिसाएर आएको हुँ, भन्यो। तथागतले उनको कुरा सुने पछि, 'हे उपासक,' यो भव सागरमा को छ त्यस्तो मानिस, जसको निन्दा र प्रशंसा हुँदैन। 'हे अतुल,' यो पुरानै कुरा हो। मानिसहरू शान्त भएर चुपचाप बस्नेलाई निन्दा गर्छन्। बोलिरहनेलाई पनि निन्दा गर्छन्। यो भवसागरमा निन्दा र प्रशंसा नहुने को छ र ? भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**पोराणं एतं अतुल, न'एतं अज्जतनामं इव**
**निन्दन्ति तुण्हिमासिनं, निन्दन्ति बहुभाणिनं**
**मितभाणिनमं निन्दन्ति, न'अत्थि लोकेअनिन्दितो ॥२२७॥**

**भावार्थ–**

हे अतुल, यो पुरानै कुरा हो, आजको मात्र होइन। मानिसहरू शान्त भएर चुपचाप बस्नेलाई निन्दा गर्छन्। बोलिरहनेलाई पनि निन्दा गर्छन्। यो भवसागरमा निन्दा र प्रशंसा नहुने को छ ?

## २२८. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको अतुल नामक उपासक ५०० उपासकहरूका साथ धर्म श्रवण गर्न जेतवन महाबिहारमा गयो। उ क्रमश, रेवत, सारिपुत्र र आनन्द स्थविरलाई भेटी अन्तमा, तथागतनिर गएर भन्यो । 'हे भन्ते,' म यतिका उपासकहरूका साथमा धर्म श्रवण गर्न आएको थिए । तर रेवत स्थविर केही नबोली चुपचाप बसे। अहर्त सारिपुत्र पनि अभिधम्मको उपदेश दिए । तर हामीहरूले राम्रोसँग बुझने, भन्यो । आनन्द स्थविर एक दमै कम बोल्नु भयो। त्यसैले म त्यहाँबाट रिसाएर आएको हुँ, भन्यो। तथागतले उनको कुरा सुने पछि, 'हे अतुल,' यो भव सागरमा को छ त्यस्तो मानिस, जसको निन्दा र प्रशंसा हुँदैन। यो हिजो पनि थियो। आज पनि छ। भोलि पनि रहने छ। एकदमै पूर्णरुपले निन्दित वा एकदमै पूर्णरुपले प्रशंसित मानिसहरू न त पहिले थियो। न आजभोली छन्। न भविष्यमा हुने छन्। यो कुरा धाम जस्तै सत्य हो भन्दै दिएको उपदेशको पालीगाथा ।।२२७।।

**पालीगाथा–**

**न चाहु न च भविस्सति, न च'एतरही विज्जति**
**एकन्तं निन्दितो पोसो, एकान्तं वा पसंसितो ।।२२८।।**

**भावार्थ–**

एकदमै पूर्णरुपले निन्दित वा एकदमै पूर्णरुपले प्रशंसित मानिसहरू न त पहिले थियो। न आजभोली छन्। न भविष्यमा हुने छन्। यो कुरा धाम जस्तै सत्य हो।

# २२९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको अतुल नामक उपासक ५०० उपासकहरूका साथ धर्म श्रवण गर्न जेतवन महाबिहारमा गयो । उ क्रमश, रेवत, सारिपुत्र र आनन्द स्थविरलाई भेटी अन्तमा तथागतनिर गएर भन्यो । 'हे भन्ते,' म यतिका उपासकहरूका साथमा धर्म श्रवण गर्न आएको थिए । तर रेवत स्थविर केही नबोली चुपचाप बसे । अहर्त सारिपुत्र पनि अभिधम्मको उपदेश दिए । तर हामीहरूले राम्रोसँग बुझेन, भन्यो । आनन्द स्थविर एक दमै कम बोल्नु भयो । त्यसैले म त्यहाँबाट रिसाएर आएको हुँ, भन्यो । तथागतले उनको कुरा सुने पछि, 'हे अतुल,' यो भव सागरमा को छ त्यस्तो मानिस, जसको निन्दा र प्रशंसा हुँदैन । एकदमै पूर्णरुपले निन्दित वा एकदमै पूर्णरुपले प्रशंसित मानिसहरू न त पहिले थियो । न आजभोली छन् । न भविष्यमा हुने छन् । यो कुरा धाम जस्तै सत्य हो भन्दै दिएको उपदेशको पालीगाथा ।।२२७।।

**पालीगाथा–**

**यञ्ञ च विञ्ञु पसंसन्ति, अनुविच्च सुवेसवे**
**अच्छिद्दवुत्तिं मेघविं, पञ्चाशीलसमाहितं ।।२२९।।**

**भावार्थ–**

बिज्ञहरूले सही कुरा जानेर, अबिचलित स्वाच्छ चरित्र धोएको मेघवी, सिद्ध, प्रज्ञा र शीलसम्पन्न श्रेष्ट पुरुषहरूको प्रत्येक स्थानमा दिन प्रतिदिन प्रशंसा भैरहेका हुन्छन् । तर उनीहरूलाई प्रशंसाको कुनै अर्थ रअख्दैनन् ।

## २३०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको अतुल नामक उपासक ५०० उपासकहरूका साथ धर्म श्रवण गर्न जेतवन महाबिहारमा गयो । उ क्रमश, रेवत, सारिपुत्र र आनन्द स्थविरलाई भेटी अन्तमा तथागतनिर गएर भन्यो । 'हे भन्ते,' म यतिका उपासकहरूका साथमा धर्म श्रवण गर्न आएको थिए । तर रेवत स्थविर केही नबोली चुपचाप बसे । अहर्त सारिपुत्र पनि अभिधम्मको उपदेश दिए । तर हामीहरूले राम्रोसँग बुझ्ने, भन्यो । आनन्द स्थविर एकदमै कम बोल्नु भयो । त्यसैले म त्यहाँबाट रिसाएर आएको हुँ, भन्यो । तथागतले उनको कुरा सुने पछि, 'हे अतुल,' यो भव सागरमा को छ त्यस्तो मानिस, जसको निन्दा र प्रशंसा हुँदैन । यो हिजो पनि थियो । आज पनि छ । भोलि पनि रहने छ । जो नम्बरी सुनको मुद्रा जस्तै निक्खर छ । उसलाई निन्दा गर्नको योग्य हुन्छ र ? देवताहरू पनि उसको प्रशंसा गर्छन् । बुद्धहरूद्वारा उ प्रशंसित हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२२७॥

**पालीगाथा–**

**नेक्खं जम्बोनदस्सेन, को तं निन्दितुम अरहति**
**देवा पि नं पसंसन्ति, ब्रह्मुनापि पसंसितो ॥२३०॥**

**भावार्थ–**

प्राकृतिको गर्भमा पाइने उत्कृष्ट धातु हुन हो । जो नम्बरी सुनको मुद्रा जस्तै निक्खर छ । उसलाई निन्दा गर्न योग्य हुन्छ र ? देवलोकका देवताहरू पनि उसको प्रशंसा गर्छन् । बुद्धहरूद्वारा पनि उ प्रशंसित हुन्छन् ।

## २३१. समय सन्दर्भ–

एक समयमा तथागत बेनुबनमा बिहार गरिरहँदा, एकदिन छ-बर्गीय भिक्षुहरू काठको खराउ लगाएर खटखट आवाजकासाथ धुमिरहेका थिए । छ-बर्गीय भनेको छ जनाको समूह हो । यो समूह अहर्त आनन्दद्वारा प्रबर्जित भएकाले, उनकै निर्देशनमा काम गर्दथे । यस्तो खटखट आवाज सुनेर तथागतले अहर्त आनन्दसँग, 'हे आनन्द,' यो खटखटको आवाज कहाँबाट आइरहेको छ ? भन्दा, छ-बर्गीय भिक्षुहरू टाढाबाट तपाइँको दर्शनार्थ यही नजिकै आइरहेका छन्, भने । तथागतले उनीहरूलाई शिक्षापदको उपदेश दिँदै, सबै मानिसले शारीरिक दुराचारदेखि बच्नु पर्छ । शरीरक कर्मबाट संयमित हुनु पर्छ । श्रेष्ट मानिसहरूले शरीरको दुश्चरित्रहरूलाई परित्याग गर्नु पर्छ । शरीरद्वारा सच्च चरित्रको आचरण गर । यो नै सिद्धमहा पुरुषहरूको दैविक लक्षण हो भन्दै तथागतले दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**कायप्पकोपं रक्खेय्य, कायेन संवुतो सिया**
**कायदुच्चरितं हित्वा, कायेन सुचरितं चरे** ॥२३१॥

**भावार्थ–**

सबै मानिसले शारीरिक दुराचारदेखि बच्नु पर्छ । शरीरक कर्मबाट संयमित हुनु पर्छ । श्रेष्ट मानिसहरूले शरीरको दुश्चरित्रहरूलाई परित्याग गर्नु पर्छ । शरीरद्वारा सच्च चरित्रको आचरण गर । यो नै सिद्धमहापुरुषहरूको दैविक लक्षण हो ।

## २३२. समय सन्दर्भ–

एक समयमा तथागत बेनुबनमा बिहार गरिरहँदा, एकदिन छ-बर्गीय भिक्षुहरू काठको खराउ लगाएर खटखट आवाजकासाथ धुमिरहेका थिए । छ-बर्गीय भनेको छ जनाको समूह हो । यो समूह अहर्त आनन्दद्वारा प्रबर्जित भएकाले, उनकै निर्देशनमा काम गर्दथे । यस्तो खटखट आवाज सुनेर तथागतले अहर्त आनन्दसँग, 'हे आनन्द,' यो खटखटको आवाज कहाँबाट आइरहेको छ ? भन्दा, छ-बर्गीय भिक्षुहरू टाढाबाट तपाइँको दर्शनार्थ यही नजिकै आइरहेका छन्, भने । तथागतले उनीहरूलाई शिक्षापदको उपदेश दिँदै, सबै मानिसले शारीरिक दुराचारदेखि बच्नु पर्छ । शरीरबाट संयमित हुनु पर्छ । श्रेष्ट मानिसहरूले शरीरको दुश्चरित्रहरूलाई परित्याग गर्नु पर्छ । शरीरद्वारा सच्च चरित्रको आचरण गर । बाचिक दुराचारदेखि बच । बचनबाट संयमित हुनु पर्छ । बचनको दुश्चरित्रहरूलाई पूर्णरुपले परित्याग गर । बचनद्वारा सच्च चरित्रको आचरण गर । यो नै सिद्धमहा पुरुषहरूको दैविक लक्षण हो भन्दै तथागतले दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**–

**वचीपकोपं रक्खेय्य, वाचाय संवुतो सिया**
**वचीदुच्चरितं हित्वा, वाचाय सुचरितं चरे ॥२३२॥**

**भावार्थ**–

बाचिक दुराचारदेखि बच । बोली बचनबाट संयमित हुनु पर्छ । बचनको दुश्चरित्रहरूलाई परित्याग गर । बचनद्वारा सच्च चरित्रको आचरण गर । यो नै सिद्धपुरुषको दैविक लक्षण हो ।

# २३३. समय सन्दर्भ–

एक समयमा तथागत बेनुबनमा बिहार गरिरहँदा, एकदिन छ-बर्गीय भिक्षुहरू काठको खराउ लगाएर खटखट आवाजकासाथ धुमिरहेका थिए । छ-बर्गीय भनेको छ जनाको समूह हो । यो समूह अहर्त आनन्दद्वारा प्रबर्जित भएकाले, उनकै निर्देशनमा काम गर्दथे । यस्तो खटखट आवाज सुनेर तथागतले अहर्त आनन्दसँग, 'हे आनन्द,' यो खटखटको आवाज कहाँबाट आइरहेको छ ? भन्दा, छ-बर्गीय भिक्षुहरू टाढाबाट तपाइँको दर्शनार्थ यही नजिकै आइरहेका छन्, भने । तथागतले उनीहरूलाई शिक्षापदको उपदेश दिँदै, सबै मानिसले शारीरिक दुराचारदेखि बच्नु पर्छ । शरीरबाट संयमित हुनु पर्छ । श्रेष्ट मानिसहरूले शरीरको दुश्चरित्रहरूलाई परित्याग गर्नु पर्छ । शरीरद्वारा सच्च चरित्रको आचरण गर । मानसिक दुराचरणदेखि बच । मनबाट संयमित होउ । मनका दुष्चरित्रहरूलाई परित्याग गरी सच्च चरित्रको आचरण गर भन्दै दिएको उपदेशको पालीगाथा ॥२३१॥

**पालीगाथा–**

**मनोपकोप रक्खेय्य, मनसा संवुतो सिया**
**मनोदुदुच्चरतिं हित्वा, मनसा सुचरित चरे ॥२३३॥**

**भावार्थ–**

मानसिक दुराचरणदेखि बच । मनबाट सही ढंगले संयमित हुने बिधिलाई अभ्यास गर । मनका दुष्चरित्रहरूलाई परित्याग गरेर मनद्वारा सच्च चरित्रको आचरण गर ।

## २३४. समय सन्दर्भ–

एक समयमा तथागत बेनुबनमा बिहार गरिरहँदा, एकदिन छ-बर्गीय भिक्षुहरू काठको खराउ लगाएर खटखट आवाजकासाथ धुमिरहेका थिए । छ-बर्गीय भनेको छ जनाको समूह हो । यो समूह अहर्त आनन्दद्वारा प्रबर्जित भएकाले, उनकै निर्देशनमा काम गर्दथे । यस्तो खटखट आवाज सुनेर तथागतले अहर्त आनन्दसँग, 'हे आनन्द,' यो खटखटको आवाज कहाँबाट आइरहेको छ ? भन्दा, छ-बर्गीय भिक्षुहरू टाढाबाट तपाइँको दर्शनार्थ यही नजिकै आइरहेका छन्, भने । तथागतले उनीहरूलाई शिक्षापदको उपदेश दिँदै, सबै मानिसले शारीरिक दुराचारदेखि बच्नु पर्छ । शरीरबाट संयमित हुनु पर्छ । श्रेष्ट मानिसहरूले शरीरको दुश्चरित्रहरूलाई परित्याग गर्नु पर्छ । शरीरद्वारा सच्च चरित्रको आचरण गर । धीर पुरुष शरीर र वाणीबाट संयमित रहन्छन् । धीर पुरुष मनबाट संयमित रहन्छन् । क्षीणाश्रवहरू सम्पूर्ण रुपमा संयमित हुन्छन् भन्दै तथागतले दिएको उपदेशको पालीगाथा ॥२३१॥

**पालीगाथा–**

**कायेन संवुता धीरा, अयो वाचाय संबुता**
**मनसा संवुता धीरा, ते वे सुपरिसंबुता** ॥२३४॥

**भावार्थ–**

धीर पुरुषहरू शरीरिक कर्मबाट र वाणीबाट पूर्णरुपमा संयमित रहन्छन् । धीर पुरुषहरू मनबाट पनि संयमित रहन्छन् । उनीहरू सम्पूर्ण रुपमा संयमित हुन्छन् ।

# धम्मपद

# मल बर्ग– १८

## २३५. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा कुनै गोघातक सकाईको छोरा आफ्ना मरणासन्न पिताको महादुःख देखेर घरबार छोडी तक्षशिला गयो । त्यहाँ उनले सुनारको काम सिखी त्यही बस्न थाल्यो । आफ्नै आचार्यकी छोरीसँग उनको बिबाह भयो । त्यही संसारमा रमायो । बिस्तारै छोरा छोरी पनि जन्मे । समयको चक्र घुमेको उनलाई यादै भएन । उ बुढो पनि भयो । केही समय पछि उसका छोरा छोरीहरू श्रावस्ती आए । बाबुलाई पनि बोलाएर ल्याए । बाबुको पुण्यको लागि भिक्षु महासंघका साथ तथागतलाई पनि भोजन दानमा आमन्त्रण गरे । भेजन उपरान्त, 'हे भन्ते,' यो भोजन दान मेरो पिताजीको नाउँमा दिएको हो । उनकै नाउँमा अनुमोदन गरिदिनु होस् । जब तिमी पहेँलो पात जस्तै हुनेछौं । तिम्रो अगाडि यमदूतहरू पनि उपस्थित भैसकेका हुने छन् । तिमी बिछोडको मुखमा उभिएको हुनेछौं । तिमीसँग बाटो खर्च पनि हुने छैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पण्डुपलासो व दानिसि, यमपुरिसा पि च ते उपट्ठिता**
**उय्योगमुखे च तिट्ठसि, पाथेय्यं पि च ते न विज्जति ॥२३५॥**

**भावार्थ–**

जब तिमी पहेँलो पात जस्तै हुनेछौं । तिम्रो अगाडि यमदूतहरू पनि उपस्थित भैसकेका हुने छन् । तिमी बिछोडको मुखमा उभिएको हुनेछौं । त्यसबेला तिमीसँग बाटो खर्च पनि हुने छैन । मानव जीवनको अन्तिम सत्य यही हो ।

## २३६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा कुनै गोघातक कसाइको छोरा आफ्ना मरणासन्न पिताको महादुःख देखेर घरबार छोडी तक्षशिला गयो । त्यहाँ उनले सुनारको काम सिखी त्यही बस्न थाल्यो । आफ्नै आचार्यकी छोरीसँग उनको बिबाह भयो । त्यही संसारमा रमायो । बिस्तारै छोरा छोरी पनि जन्मे । समयको चक्र घुमेको उनलाई यादै भएन । उ बुढो पनि भयो । केही समय पछि उसका छोरा छोरीहरू श्रावस्ती आए । बाबुलाई पनि बोलाएर ल्याए । बाबुको पुण्यको लागि भिक्षु महासंघका साथ तथागतलाई पनि भोजन दानमा आमन्त्रण गरे । भेजन उपरान्त, 'हे भन्ते,' यो भोजन दान मेरो पिताजीको नाउँमा दिएको हो । उनकै नाउँमा दान अनुमोदन गरिदिनु होस् । अनि अब तिम्रो आयु समाप्त भएको छ । यमराजको समिप पुगिसकेको छ । तिम्रो लागि बाटोमा बास बस्ने कुनै ठाउँ पनि छैन । तिम्रो लागि बाटो खर्च पनि छैन भन्दै दिएको उपदेशको पालीगाथा ।।२३५।।

**पालीगाथा–**

**उपनितवयो च दानिसि, सम्पयातोसि यमसा सन्तिके**
**वासोपि च ते न'अत्थि अन्तरा, पाथेय्यं पिचं ते न बिज्जति ।।२३६।।**

**भावार्थ–**

अनि अब तिम्रो आयु समाप्त भएको छ । यमराजको समिप पुगिसकेको छ । तिम्रो लागि बाटोमा बास बस्ने कुनै ठाउँ पनि छैन । तिम्रो लागि बाटो खर्च पनि छैन । त्यसैले सतधर्मको श्रवण गर्नु । यसैले तिम्रो कल्याण गर्नेछ ।

## २३७. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा कुनै गोघातक सकाईको छोरा आफ्ना मरणासन्न पिताको महादुःख देखेर घरबार छोडी तक्षशिला गयो । त्यहाँ उनले सुनारको काम सिखी त्यही बस्न थाल्यो । आफ्नै आचार्यकी छोरीसँग उनको बिबाह भयो । त्यही संसारमा रमायो । बिस्तारै छोरा छोरी पनि जन्मे । समयको चक्र घुमेको उनलाई यादै भएन । उ बुढो पनि भयो । केही समय पछि उसका छोरा छोरीहरू श्रावस्ती आए । बाबुलाई पनि बोलाएर ल्याए । बाबुको पुण्यको लागि भिक्षु महासंघका साथ तथागतलाई पनि भोजन दानमा आमन्त्रण गरे । भेजन उपरान्त, 'हे भन्ते,' यो भोजन दान मेरो पिताजीको नाउँमा दिएको हो । उनकै नाउँमा दान अनुमोदन गरिदिनु होस् । अनि अब तिम्रो आयु समाप्त भएको छ। यमराजको समिप पुगिसकेको छ। तिम्रो लागि बाटोमा बास बस्ने कुनै ठाउँ पनि छैन। तिम्रो लागि बाटो खर्च पनि छैन भन्दै दिएको उपदेशको पालीगाथा ॥२३५॥

**पालीगाथा–**

**उपनितवयो च दानिसि, सम्पयातोसि यमस्स सन्तिके**
**वासोपि च ते न'अत्थि अन्तरा, पाथेय्यं पिच तेन विज्जति ॥२३७॥**

**भावार्थ–**

अनि अब तिम्रो आयु समाप्त भएको छ। यमराजको समिप पुगिसकेको छ । तिम्रो लागि बाटोमा बास बस्ने कुनै ठाउँ पनि छैन। तिम्रो लागि बाटो खर्च पनि छैन। त्यसैले सतधर्मको श्रवण गर्नु। यसैले तिम्रो कल्याण गर्नेछ।

## २३८. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरमा कुनै गोघातक कसाइको छोरा आफ्ना मरणासन्न पिताको महादुःख देखेर घरबार छोडी तक्षशिला गयो । त्यहाँ उनले सुनारको काम सिखी त्यही बस्न थाल्यो । आफ्नै आचार्यकी छोरीसँग उनको बिबाह भयो । त्यही संसारमा रमायो । बिस्तारै छोरा छोरी पनि जन्मे । समयको चक्र घुमेको उनलाई यादै भएन । उ बुढो पनि भयो । केही समय पछि उसका छोरा छोरीहरू श्रावस्ती आए । बाबुलाई पनि बोलाएर ल्याए । बाबुको पुण्यको लागि भिक्षु महासंघका साथ तथागतलाई पनि भोजन दानमा आमन्त्रण गरे । भेजन उपरान्त, 'हे भन्ते,' यो भोजन दान मेरो पिताजीको नाउँमा दिएको हो । उनकै नाउँमा दान अनुमोदन गरिदिनु होस् । आफैलाई एक दीप टापु बनाउ । आत्म दर्शनको दीप प्रकाश बनाउ । द्रुतगतिमा अभ्यास गरेर बिद्वान बन । मनको सबै मयल धोएर निर्वाण मार्ग अवलम्बन गर भन्दै दिएको उपदेशको पालीगाथा ॥२३५॥

**पालीगाथा–**

**सो करोही दीपं अत्तनो, खिप्पं वायं पण्डितो धव**
**निद्धन्तमलो अनंगनो, न पुनं जातिजरं उपेहिसि ॥२३८॥**

**भावार्थ–**

तिमी आफैले आफुलाई एक दीप टापु बनाउ । आत्म दर्शनको दीप जस्तै चम्किलो प्रकाश बनाउ । द्रुतगतिमा धर्मको अभ्यास गरेर बिद्वान बन । मनको सबै मयल धोएर निर्वाण मार्ग अवलम्बन गर । यो भन्दा आर्को उत्तम मार्ग छैन ।

## २३९. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको कुनै ब्राह्मण एकदिन भिक्षुहरूले चिबर फेर्ने ठाउँमा उभिएर हेर्दै थियो। त्यहाँ आसपासमा घाँसको झाडी थियो । घाँसमा रहेको शीतको बिन्दुले एकजना भिक्षुको चिबर भिजेको देखे। अब उप्रान्त, भिक्षुहरूले सुखपूर्वक सुरक्षित रुपमा चिबर फेर्न सकून भनी, भोलिपल्ट बिहानै उनले सबै घाँसहरू सफा गरिदिए। यसैगरी क्रमश उनले त्यहाँ बलुवा बिछ्याउने मण्डप बनाउने र एउटा टहरो बनाउने काम पनि गरे। टहरो बनाउने काम केही दिनमै सकियो। टहरो बनाउने काम सकिए पछि, भिक्षु महासंघका साथ तथागतलाई पनि आमन्त्रण गरी भोजन दान सहित टहरो दान दिए। भोजन उपरान्त उनले आफुले गरेको पूर्वकार्यहरूको फेरिस्त सबै सुनाए । त्यसपछि तथागतले ब्राहमणलाई साधुवाद दिँदै कुनै स्वर्णकारले चाच्दीको कसर निखारेर फालेझैं ज्ञानी पुरुषहरूले पनि क्रमिक रुपमा थोरैथोरै गरी छिनछिनमा आफुभित्रको भएको कसरहरू धोएर निखार्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अनुपुब्बेन मेघवी, थोकंथोकं खणेखणे**
**कम्मारो रजतस्सेव, निद्धमे मलं अत्तनो**॥२३९॥

**भावार्थ–**

कुनै ब्यवसयिक स्वर्णकारले चाच्दीको कसर निखारेर फालेझैं ज्ञानी पुरुषहरूले पनि क्रमिक रुपमा थोरैथोरै गरी छिनछिनमा आफुभित्रको भएको कसरहरू धोएर निखार्नु पर्छ।

## २४०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीबासी तिस्स स्थविरले वर्षाबास पछि आठ हात लामो मोटो सुतीको कपडा ल्याएर आफ्नी बहिनीलाई दिए। बहिनीले मोटो कपडा देखेर आफ्नो शीपले त्यसलाई नौ हातको पातलो बस्त्र बनाइदिइन्। त्यसलाई चिबर बनाएर लगाउँला भन्दै तिस्स स्थविरले भुडेल्नोमा टाँगिदिए। भोजन अपच भएको कारणले उनी मरे। चिबरको तृष्णा रहेकोले उनी मरे पछि त्यही कपडामा जुम्रोको रुपमा उत्पन्न भयो। भोलिपल्ट दाह संस्कार सकिए पछि त्यो चिबर बनाउने भन्ने कपडा भिक्षुहरूले बाँडने भनी उठाए। मेरो बस्तु भिक्षुहरूले लुट्दैछन् भनेर जुम्रो यताउती दगुर्दै चिच्याउन थाले। यो कुरा गन्धकुटीमा रहेको तथागतले दिब्य दृष्टीबाट थाहा पाए पछि स्थबिरको कपडा जहाँ थियो। त्यही राखिदिनु। जसरी खियाले फलामबाट उब्जेर फलामलाई नै खाइदिन्छ। त्यसै गरी सदाचार उल्लङ्घन गर्ने ब्यक्तिलाई आफैबाट भएका कर्मले आफैलाई दुर्गतिमा पुऱ्याउँछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**अयसा व मलं समुट्ठितं, तदुट्ठाय तम एवं खादति**

**एवं अतिधोनचारिनं, सक्कम्मानि नयन्ति दुग्गतिं ॥२४०॥**

**भावार्थ**–

जसरी खियाले फलामबाट उब्जेर फलामलाई नै खाइदिन्छ। त्यसै गरी सदाचार उल्लङ्घन गर्ने ब्यक्तिलाई आफैबाट भएका कर्मले आफैलाई दुर्गतिमा पुऱ्याउँछ।

## २४१. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको नगरबासीहरूले सारिपुत्र र मौदगल्यानसँग धर्म श्रमण गरेर उनीहरूको प्रशंसा गरिहेका थिए । त्यो सुनेर भिक्षु लालुदायीले भन्यो, के मेरो धर्मोपदेशको प्रशंसा गर्दैनौ, भन्यो । केही समय पछि नगरबासीहरूले लालुदायीलाई धर्मोपदेश गर्न प्रार्थन गरे । यसरी पटक पटक प्रार्थना गर्दा पनि आलटाल गरे । हुन पनि सारिपुत्र र मौदगल्यानको तुलनामा उनले उपदेश दिन सक्दैनथ्यो । त्यही कारणमा उनले आलटाल गरेको हुन् भन्ने कुरा नगरबासीले थाहा पाए पछि उनको निन्दा गर्न थाले । आफ्नो निन्दा सुन्न नसके पछि उनी नगरबाट भागे । यसरी भाग्दै जाँदा गोरेटो बाटोमा लडेर गुहुमा लतपतियो । 'हे भिक्षुहरू,' अहिले मात्र होइन, पहिले पनि उनी गुहुको कुवामा खसेको थियो भन्दै सुकर जातक कथा सुनाउदै पाठ र स्वाध्याय नगर्नु मन्त्रहरूको मल हो । उन्नतिको प्रयास नगुर्न र गृहस्तहरूले आफ्नो घरलाई नियमित मर्मत संभार नगर्नु पनि मल हो । अल्छि हुनु पनि मल हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**असज्झायमला मन्ता, अनुट्ठानमला घरा**
**मलं वण्णस्स कोसज्जं, पदामो रक्खते मलं ॥२४१॥**

**भावार्थ–**

पाठ र स्वाध्याय नगर्नु मन्त्रहरूको मल हो । उन्नतिको प्रयास नगुर्न र गृहस्तहरूले आफ्नो घरलाई नियमित मर्मत संभार नगर्नु पनि मल हो । अल्छि हुनु पनि मल हो ।

# २४२. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा कुनै कुलपुत्रको बिबाह भयो। उनकी पत्नी ब्यभिचारिणी हुन भन्ने कुरा जानेर उनी लज्जित भए। यो कुरा जानेर कुलपुत्रलाई लाज भएकोले उनी लामो समयसम्म तथागतसँग धर्म श्रवण गर्न पनि जान सकेन। एकदिन धर्म श्रवण गर्न जाँदा, तथागतसँग भेटेर आफ्नो सबै फेरस्ती गरे। तथागतले 'हे उपासक,' यी स्त्रीहरू नदी, बाटो, सभा, पाटी पौवा, ठाटी, रक्सीभट्ठी सार्वजनिक धारा वा पँधेराको पानी आदि जस्तै सबैका लागि समान हुन्। उनीहरूसँग रिसाउनु हुँदैन। उनीहरूको मनोबिज्ञान बुझेर काम गर्नु उपयुक्त हुन्छ। नारीहरूको मल वा खराब चरित्र भनेको दुराचार हो। दानीहरूको मल कन्जुस्याई हुन्। पापपूर्ण कार्यहरू यो लोक र परलोकमा पनि मल जस्तै खराब हुन् भनी अनभिरत जातकको कुरा सुनाउदै नारीहरूको खराब चरित्र भनेको दुराचार हो। दानीहरूको मल कन्जुस्याई। पापकर्महरू यो लोक र परलोकमा पनि मल जस्तै खराब हुनेछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**मल'इत्थिया दुच्चरितं, मच्छेरं ददतो मलं**

**मला वे पापका धम्मा, अस्मिं लोके परम्हि च॥२४२॥**

**भावार्थ**–

नारीहरूको मल वा खराब चरित्र भनेको दुराचार हो। दानीहरूको मल कन्जुस्याई हुन् हो। पापपूर्ण कार्यहरू यो लोक र परलोकमा पनि मल जस्तै खराब हुनेछ।

## २४३. समय सन्दर्भ–

एक समयमा राजगृह नगरमा कुनै कुलपुत्रको बिबाह भयो। उनकी पत्नी ब्यभिचारिणी हुन भन्ने कुरा जानेर उनी लज्जित भए। यो कुरा जानेर कुलपुत्रलाई लाज भएकोले उनी लामो समयसम्म तथागतसँग धर्म श्रवण गर्न पनि जान सकेन। एकदिन धर्म श्रवण गर्न जाँदा, तथागतसँग भेटेर आफ्नो सबै फेरस्ती गरे। तथागतले 'हे उपासक,' यी स्त्रीहरू नदी, बाटो, सभा, पाटी पैवा, ठाटी, रक्सीभट्ठी सार्वजनिक धारा वा पँधेराको पानी आदि जस्तै सबैका लागि समान हुन्। उनीहरूसँग रिसाउनु हुँदैन। उनीहरूको मनोबिज्ञान बुझेर काम गर्नु उपयुक्त हुन्छ। नारीहरूको मल वा खराब चरित्र भनेको दुराचार हो। दानीहरूको मल कन्जुस्याई हुन्। पापपूर्ण कार्यहरू यो लोक र परलोकमा पनि मल जस्तै खराब हुन् भनी अनभिरत जातकको कुरा सुनाउदै मानव जीवनको मलहरूमा सबैभन्दा अधिकतम मल वा खराब भनेको अविद्या हो। अविद्याको मललाई परित्याग गरी निर्मल बन भन्दै दिएको उपदेशको पालीगाथा ॥२४२॥

**पालीगाथा–**

**ततो मला मलतरं, अविज्जा परमं मलं**
**एतं मलं पहत्वान, निम्मला होथ भिक्खवे ॥२४३॥**

**भावार्थ–**

मानव जीवनको मलहरूमा सबैभन्दा अधिकतम मल वा खराब भनेको अविद्या हो। 'हे भिक्षुहरू,' यो अविद्याको मललाई परित्याग गरी निक्खर एवं निर्मल मलरति बन।

## २४४. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गरिरहँदा एकदिन सारिपुत्र स्थविरको शिष्य थुल्लसारिले बैद्य कर्म गर्दै सधै यसै गरी आहार ल्याउने छु, भन्यो । अहर्त सारिपुत्र उनको कुरा सुनेर चुपचाप बाहिरा गयो । उनले यस बिषयमा कुनै प्रतिकृया गरेन । एकदिन कुनै भिक्षुले यो कुरा सुने पछि तथागतनिर गएर सुनायो । कुनै नयाँ कुरा सुने पछि तथागतसँग गएर भन्ने भिक्षुहरूको संख्या पनि कम थिएन । 'हे भिक्षुहरू,' निर्लज्ज कौवा समान एक्काइस प्रकारका मिथ्या जीविकाले कोही सुख पूर्वक बाँच्छ ? तर, लज्जवानले भने निकै गाह्रोसँग जीवन बिताएको हुन्छ । लाज हराएको, कौवा जस्तै सूरो वा स्वार्थी बाठो, अर्काको अपकारक कुभलो गर्ने, घृणित वा बिबेकहीन र पापी भएर जीवन बिताउन सजिलो छ । लाज हराएको, कौवा जस्तै सुरो वा स्वार्थी अर्काको अपकारक कुभलो गर्ने, बिबेकहीन र पापी भएर जीवन बिताउन सजिलो छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सुजीवं अहिरिकेन, काकसूरेन धंसिना**
**पक्खन्दिना पगब्भेन, संकिलिट्ठेन जीवितं ॥२४४॥**

**भावार्थ–**

लाज हराएको, कौवा जस्तै सुरो, स्वार्थी, बाठो, अर्काको अपकारक कुभलो गर्ने, घृणित वा बिबेकहीन र पापी भएर जीवन बिताउन सजिलो छ । तर त्यस्ता मानिसहरू सुखी हुँदैनन् ।

## २४५. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गरिरहँदा एकदिन सारिपुत्र स्थविरको शिष्य थुल्लसारिले बैद्य कर्म गर्दै, सधै यसै गरी आहार ल्याउने छु, भन्यो । अहर्त सारिपुत्र उनको कुरा सुनेर चुपचाप बाहिरा गयो । उनले यस बिषयमा कुनै प्रतिकृया गरेन । एकदिन कुनै भिक्षुले यो कुरा सुने पछि तथागतनिर गएर सुनायो । कुनै नयाँ कुरा सुने पछि तथागतसँग गएर भन्ने भिक्षुहरूको संख्या पनि कम थिएन । 'हे भिक्षुहरू,' निर्लज्ज कौवा समान एककाइस प्रकारका मिथ्या जीविकाले कोही सुख पूर्वक बाँच्छ ? तर, लज्जवानले भने निकै गाह्रोसँग जीवन बिताएको हुन्छ । लाज हराएको, कौवा जस्तै सूरो वा स्वार्थी बाठो, अर्काको अपकारक कुभलो गर्ने, घृणित वा बिबेकहीन र पापी भएर जीवन बिताउन सजिलो छ । लज्जवानहरू निरन्तर पबित्रताको खोजी गर्छन् । सचेत, सतर्क एवं शुद्ध बिचार भएको बिचारशील मानिसहरूको जीवन यापन अत्यन्तै कठिन हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥२४४॥

**पालीगाथा–**

**हिरीमता च दुज्जीवं, निच्चं सुचिगवेसिना**
**अलिलेन अप्पगब्भेन, शुद्धजीवेन पस्सता ॥२४५॥**

**भावार्थ–**

लज्जवान मानिसहरू निरन्तर पबित्रता र शुद्धताको खोजी गर्छन् । सचेत, सतर्क वा शुद्ध बिचार भएको बिचारशील मानिसहरूको जीवन यापन अत्यन्तै कठिन भए पनि आत्मसम्मान हुन्छ ।

## २४६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको ५०० उपासकहरू मध्ये एउटाले एक शीलको पालन गर्थ्यो । आर्कोले आर्को शीलको पालन गर्थ्यो । यसरी सबै मिलेर पञ्चशीलको एक एक अंशको पालन गर्दथे । यसैगरी लामो समयसम्म चलीरहेको थियो । एकदिन उनीहरूमा शील पालन गर्ने सवालमा बिबाद भयो । सबैले भन्यो कि, मैले गाह्रो शील पालन गरेको छु भन्दै आपासमा बिबाद हुन थाल्यो । उनीहरूको आपासमा कुरा नमिले पछि तथागतनिर आएर सबै कुरा बिस्तारमा भन्यो । 'हे उपासकहरू,' सबैको पालना गर्न कठिन छ । समाग्रमा भननु पर्दा, प्राणीहरूको हिंसा गर्ने, झुठ बोल्ने, अरुलाई आदर सत्कार र सम्मान नगर्ने, अहंकार गर्ने, नदिएको कुरा पनि जवर्जस्ती खोसेर लिने, एवं चोरी गर्ने मादक पदार्थको सेवन गर्ने र अर्काकी स्त्रीमा आँखा लगाएर गमन गर्ने मानिसहरूले नरक प्राप्त गर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो पाणं अतिपातेति, मुसावादञ्च भासति**
**लोके आदिन्न आदियति, परदारञ्च गच्छति ॥२४६॥**

**भावार्थ–**

प्राणीहरूको हिंसा गर्ने, झुठ बोल्ने, अरुलाई आदर सत्कार र सम्मान नगर्ने, अहंकार गर्ने, नदिएको कुरा पनि जवर्जस्ती खोसेर लिने, एवं चोरी गर्ने, मादक पदार्थको सेवन गर्ने र अर्काकी स्त्रीमा आँखा लगाएर गमन गर्ने मानिसहरूले नरक प्राप्त गर्छ ।

# २४७. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको ५०० उपासकहरू मध्ये एउटाले एक शीलको पालन गर्थ्यो । आर्कोले आर्को शीलको पालन गर्थ्यो । यसरी सबै मिलेर पञ्चशीलको एक एक अंशको पालन गर्दथे । यसैगरी लामो समयसम्म चलीरहेको थियो । एकदिन उनीहरूमा शील पालन गर्ने सवालमा बिबाद भयो । सबैले भन्यो कि, मैले गाह्रो शील पालन गरेको छु भन्दै आपासमा बिबाद हुन थाल्यो । उनीहरूको आपासमा कुरा नमिले पछि तथागतनिर आएर सबै कुरा बिस्तारमा भन्यो । 'हे उपासकहरू,' सबैको पालना गर्न कठिन छ । समाग्रमा भन्नु पर्दा, प्राणीहरूको हिंसा गर्ने, झुठ बोल्ने, अरुलाई आदर सत्कार र सम्मान नगर्ने, अहंकार गर्ने, नदिएको कुरा पनि जवर्जस्ती खोसेर लिने, एवं चोरी गर्ने मादक पदार्थको सेवन गर्ने र अर्काकी स्त्रीमा आँखा लगाएर गमन गर्ने मानिसहरूले नरक प्राप्त गर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।।२४६।।

**पालीगाथा–**

**सुरामेरयपानञ्च च, यो नरो अनुयुञ्जति**
**इधेवमेसो लोकस्मिं, मूलं खणति अत्तनो ।।२४७।।**

**भावार्थ–**

जो ब्यक्ति मदिरा वा नशालु पदार्थको सेवन वा उपभोग गर्दछ । त्यस्तो ब्यक्तिहरूले यस संसारमा आफ्नो जरो आफैले खनेर देखाउँछ । किनभने मादक पदार्थ सेवन गर्ने मानिस अचेत हुन्छ । अचेत मानिसले गरेको कुनै पनि कामहरू उत्तम हुँदैन ।

## २४८. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको ५०० उपासकहरू मध्ये, एउटाले एक शीलको पालन गर्थ्यो । आर्कोले आर्को शीलको पालन गर्थ्यो । यसरी सबै मिलेर पञ्चशीलको एक एक अंशको पालन गर्दथे । यसैगरी लामो समयसम्म चलीरहेको थियो । एकदिन उनीहरूमा शील पालन गर्ने सवालमा बिबाद भयो । सबैले भन्यो कि मैले गाह्रो शील पालन गरेको छु भन्दै आपासमा बिबाद हुन थाल्यो । उनीहरूको आपासमा कुरा नमिले पछि तथागतनिर आएर सबै कुरा बिस्तारमा भन्यो । 'हे उपासकहरू,' सबैको पालना गर्न कठिन छ । तर प्राणीहरूको हिंसा गर्ने, झुठ बोल्ने नदिएको कुरा पनि जवर्जस्ती खोसेर लिने, एवं चोरी गर्ने, अर्काकी स्त्रीमा आँखा लगाएर गमन गर्ने मानिस दुर्गतिमा जान्छ । 'हे पुरुष,' संयमित रहित पाप कर्म यस्तै हुन्छन् । यो कुरा जान । यस्तो कुरा सधै हेक्का राख । अधर्मले तिमीलाई लामो समयसम्म दुःखमा लैजाने छ भन्दै दिएको उपदेशको पालीगाथा ॥२४६॥

**पालीगाथा–**

**एवं भो पुरिस जानाहि, पापधम्म असञ्ञता**
**मा तं लोभो अधम्मो च, चिरं दुक्खाय रन्धुयुं ॥२४८॥**

**भावार्थ–**

हे पुरुष, संयमित रहित पाप कर्महरू यस्तै हुन्छन् । यो कुरा राम्रोसँग जान । यस्तो कुरा सधै हेक्का राख । अधर्मले तिमीलाई लामो समयसम्म दुःखमा डोराएर लैजाने छ । जुनबेला तिमीलाई यसको अनुभूति हुनेछ । त्यसबेला अबेर भैसक्ने छ ।

## २४९. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, कुनै द्वारपालको छोरा तिस्स नामक बालक ब्यापारीहरूको साथमा घरबाट निस्केर कलिलै उमेरमा प्रबर्जित भयो। उनी भोजन दानमा जाँदा सबै दानीहरूको निन्दा गर्थे। आफ्नो गाउँ र घरको प्रशंसा गर्थ्यो। एकदिन तरुण भिक्षुहरू परिक्षणको लागि भनेर उनको गाउँमा भिक्षाटनमा गए। उनले गर्ने गरेको निन्दा र प्रशंसाहरू मिथ्य भएको यर्थात कुरा जानकारी भयो। एकदिन धर्मसभा सकिए पछि भिक्षुहरूले यो कुरा तथागतलाई जानकारी गराए। 'हे भिक्षुहरू,' उनी अहिले मात्र होइन पहिले पनि यसरी नै मिथ्य प्रशंसा र निन्दा गर्दै घुम्थ्यो भन्दै अतीतको कटाह नामक जातक कथाको प्रसँग बताए। मानिसहरूले आफ्नो श्रद्धा र इच्छा अनुसार दान दिन्छन्। अरुको खानपान देखेर जसको चित्त असन्तुष्टिले भित्रभित्रै जल्छ, त्यस्तो मानिसले एकाग्रता प्राप्त गर्न सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**ददाति वे यथासद्धं, यथापसादनं जनो**
**तत्थ यो मंकु भवति, परेसं पानभोजने**
**न सो दिवा वा रत्तिं वा, समाधिं अधिगच्छति॥२४९॥**

**भावार्थ–**

मानिसहरूले आफ्नो श्रद्धा र इच्छा अनुसार दान दिन्छन्। अरुको खानपान देखेर जसको चित्त असन्तुष्टिले भित्रभित्रै जल्छ, त्यस्तो मानिसले एकाग्रता प्राप्त गर्न सक्दैन।

# २५०. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, कुनै द्वारपालको छोरा तिस्स नामक बालक ब्यापारीहरूको साथमा घरबाट निस्केर कलिलै उमेरमा प्रबर्जित भयो। उनी भोजन दानमा जाँदा सबै दानीहरूको निन्दा गर्थे। आफ्नो गाउँ र घरको प्रशंसा गर्थ्यो। एकदिन तरुण भिक्षुहरू परिक्षणको लागि भनेर उनको गाउँमा भिक्षाटनमा गए। उनले गर्ने गरेको निन्दा र प्रशंसाहरू मिथ्य भएको यर्थात कुरा जानकारी भयो। एकदिन धर्मसभा सकिए पछि भिक्षुहरूले यो कुरा तथागतलाई जानकारी गराए। 'हे भिक्षुहरू,' उनी अहिले मात्र होइन पहिले पनि यसरी नै मिथ्य प्रशंसा र निन्दा गर्दै घुम्थ्यो भन्दै अतीतको कटाह नामक जातक कथाको प्रसँग बताउनु भयो। जसको मिथ्य बिचारहरू नष्ट भएका छन्। अथवा जरैदेखि उखेलिएका छन्। उनले रात वा दिन कुनै पनि समयमा एकाग्रता र शान्ति प्राप्त गर्न सक्दछन् भन्दै दिएको उपदेशको पालीगाथा॥२४९॥

**पालीगाथा**– *****

**यस्स च'एतं समुच्छिन्नं, मूलघच्चं समूहतं**
**स वे दिवा वा रतिं वा, समाधिं अधिगच्छति॥२५०॥**

**भावार्थ**–

जसको मिथ्य बिचारहरू नष्ट भएका छन्। अथवा जरैदेखि उखेलिएका छन्। उनले रात वा दिन कुनै पनि समयमा एकाग्रता र शान्ति प्राप्त गरी निर्वाण प्राप्त गर्न सफल हुन्छन्।

## २५१. समय सन्दर्भ–

एक समयमा ५०० उपासक उपासिकाहरू तथागतको उपदेश सुन्न भनेर जेतवन महाबिहारमा आए। गृहस्तहरू दिनभर काम गरेर थाकेका हुन्छन् । फेरि पनि उनीहरू धर्म सुन्न चाहन्छन् । त्यसैले सन्ध कालिन धर्म सभामा बसेकाहरूले कसैले त्यही बसिबसी निदाउने, घुर्ने र कसैले माथिमाथी हेर्ने गरेर राम्रोरी उपदेश पनि सुनेन् । तिनीहरूको यस्तो आचरण देखेर भिक्षु आनन्द स्थविरले 'हे भन्ते,' यस्तो राम्रो उपदेशमा पनि किन ध्यान दिएनन् होला भन्दा, तथागतले उनीहरूको पूर्वजन्मको कुरा बताउँदै राग, द्वेष, माया, मोह, काम वासना र तृष्णामा डुबेका मानिसहरूको आचरण यस्तै हुन्छ । राग समानको कुनै आगो छैन । द्वेष समानको कुनै ग्रह छैन । मोह समानको कुनै जाल छैन । तृष्णा समानको कुनै नदी छैन । यसलाई परित्याग गर्न सकेमा मानिस सुखी हुन्छ । यही कारण उनीहरूले धर्म श्रवण गर्न सक्दैनन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीथागा**– *****

**न'अत्थि रागसमो अग्गि, न'अत्थि दोससमो गहो**
**न'अत्थि मोहसमं जालं, न'अत्थि तण्हासमा नदी ॥२५१॥**

**भावार्थ**–

राग समानको कुनै आगो छैन । द्वेष समानको कुनै ग्रह छैन । मोह समानको कुनै जाल छैन । तृष्णा समानको कुनै नदी छैन । यसलाई परित्याग गर्न सके मानिसहरू सुखी हुन्छन् । यही कारण उनीहरूले धर्म श्रवण गर्न सक्दैनन् ।

## २५२. समय सन्दर्भ–

एक समयमा तथागत अंगुतरापमा चारिका गर्दै जातिया बनमा आएको थाहा पाएर मेण्डक भन्ने एकजना सेठ दर्शनार्थ जान लाग्दा, बाटोमा तिर्थिकहरूले उनलाई देखेर तिमी क्रियावादी भएर पनि अक्रियावादीनिर किन जादैछौं भनेर तथानाम उडाएर रोक्न खोजे, तर उ रोकिएन। सरासर तथागतनिर पुगेर बन्दना गरी एक छेउमा बस्यो। उनले बाटोमा तिर्थिकहरूसँग गरेको सम्बाद पनि सुनाए। 'हे मेण्डक,' यो भवसागरका मानिसहरू आफुले गरेको ठुला दोषहरू कत्ति पनि देख्दैनन्। तर अरु मानिसहरूले गरेका स-साना दोषहरूलाई पनि कोट्याएर बढाइ चढाइ गरेर भूस जस्तै गरी ठाउँठाउमा उडाउदै हिँड्छन् भनि अनुपूर्वी जातक कथाको बृतान्त कथा सुनाए। अरुको दोष देख्न सजिलो हुन्छ। तर, आफ्नो दोष देख्न गाह्रो हुन्छ। त्यस्तो मानिसले अरुको दोषलाई भूस जस्तै उडाउछ। तर आफ्नो दोषलाई भने लुकाएर राख्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सुदस्सं बज्जं अञ्ञेसं, अत्तनो पन दुद्दसं**
**परेसं हि सो बज्जानि, ओपुनाति यथा भुसं**
**अत्तनो पन छादेति, कलिं व कितवा सठो॥२५२॥**

**भावार्थ–**

अरुको दोष देख्न सजिलो हुन्छ। तर, आफ्नो दोष देख्न गाह्रो हुन्छ। त्यस्तो मानिसहरूले अरुको दोषलाई भूस जस्तै उडाउछ। तर आफ्नो दोषलाई भने, एकदमै लुकाएर राख्छन्।

## २५३. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा उज्झान सञ्ञी नामक स्थविरले सधै फलनाले यस्तो लगाउँछन् ? उस्तो पहिरिन्छन् ? यस्तो ओड्छन् ? उस्तो खान्छन ? यसरी हिँड्छन् ? त्यसरी सुत्छन् ? यहाँ जान्छन् ? त्यहाँ जान्छन् ? के के पिउछन् भन्दै भिक्षुहरूको दोष मात्र देखाइरहन्थ्यो । भिक्षुहरूले यो कुरा सुने पछि आपासमा छलफल पनि गरे । अन्तमा, तथागतलाई सबै कुरा सुनाए । 'हे भिक्षुहरू,' खाने, पिउने, पहिरिने र ओढ्ने कुरा मात्र नभएर उपदेश दिने तौर तरिकामा पनि खोट लगाएको भए, ठिकै थियो । तर, चिढिएर असन्तुष्ट हुने । आफ्नो दोष नदेख्ने । अरुलाई मात्र दोषी आँखाले हेरी अनार्थको टिप्पणी गर्दा ध्यान प्राप्ति हुँदैन । उल्टै उसैको ज्ञान र भावनामा क्षति हुन्छ । अरुको दोष देख्ने, कोट्र्याइरहने र चुक्ली लगाउने चेतना भएका मानिसको चित्तको मल बढ्दछ । उसको बासनारुपी आश्रवहरूको बिनाश त धेरै टाढाको कुरा हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**परवज्जानुस्सिस्स, निच्चं उज्झानसञ्ञिनो**
**आसवा तस्स वट्ठिन्त, आरा सो आसवक्खया ॥२५३॥**

**भावार्थ–**

अरुको दोष देख्ने, कोट्र्याइरहने र चुक्ली लगाउने चेतना भएका मानिसको चित्तको मल बढ्दछ । उसको बासनारुपी आश्रवहरूको बिनाश त धेरै टाढाको कुरा हुन्छ ।

## २५४. समय सन्दर्भ–

एक समयमा सर्वज्ञ तथागत बुद्ध कुशीनगरमा अवस्थित शालवाग उद्यानको परिनिर्वाण मञ्चमा आराम गरिरहनु भएको थियो । त्यस समय तथागतलाई तीन प्रश्न सोध्न आएका सुभद्र परिब्रजकलाई आनन्द स्थविरले रोके । यो कुरा तथागतले थाहा पाए पछि सुभद्र तथागतको नजिकै गएर बन्दना गरी बसे । 'हे सुभद्रे,' तथागतसँग अझैं पनि केही समय छ । केही प्रश्न सोध्नु छ भने संकोच नगरी सोध, भने । 'हे भन्ते,' के आकाशमा पद हुन्छ ? यसदेखि बाहिर पनि श्रमण छ ? संस्कार शास्वत हो ? भन्दै प्रश्न सोध्दा, "अपोदीपभव बुद्धदर्शन संस्कार दर्पपण" भन्दै उनको प्रश्नको उत्तर दिए । उनी त्यसै बखत प्रबर्जित भए । सुभद्र बुद्धशासनको अन्तिम भिक्षु थियो । अपोदीपभव बुद्धदर्शन संस्कार दर्पपणको उपदेश । आकाशमा कुनै बाटो हुँदैन । बुद्धको अनुशासन भन्दा बाहिर आश्रम हुँदैन । आम मानिसहरू प्रपञ्चले ग्रस्त छन् । तर तथागत बुद्धहरू प्रपञ्च रहित अपोदीपभव हुन् भन्दै दिएको अन्तिम उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**आकासे च पदं न'अत्थि, समणो न'अत्थि बाहिरे**
**पपञ्चाभिरता पजा, निप्पपञ्चा तथागता ॥२५४॥**

**भावार्थ–**

आकाशमा कुनै बाटो हुँदैन । बुद्धको अनुशासन भन्दा बाहिर आश्रम हुँदैन । आम मानिसहरू प्रपञ्चले ग्रस्त छन् । तर तथागत बुद्धहरू प्रपञ्च रहित अपोदीपभव हुन् ।

## २५५. समय सन्दर्भ–

एक समयमा सर्वज्ञ तथागत बुद्ध कुशीनगरमा अवस्थित शालवाग उद्यानको परिनिर्वाण मञ्चमा आराम गरिरहनु भएको थियो । त्यस समय तथागतलाई तीन प्रश्न सोध्न आएका सुभद्र परिब्रजकलाई आनन्द स्थविरले रोके । यो कुरा तथागतले थाहा पाए पछि सुभद्र तथागतको नजिकै गएर बन्दना गरी बसे । 'हे सुभद्रे,' तथागतसँग अझैं पनि केही समय छ । केही प्रश्न सोध्नु छ भने संकोच नगरी सोध, भने । 'हे भन्ते,' के आकाशमा पद हुन्छ ? यसदेखि बाहिर पनि श्रमण छ ? संस्कार शास्वत हो ? भन्दै प्रश्न सोध्दा, "अपोदीपभव बुद्धदर्शन संस्कार दर्पपण" भन्दै उनको प्रश्नको उत्तर दिए । उनी त्यसै बखत प्रबर्जित भए । सुभद्र बुद्धशासनको अन्तिम भिक्षु थियो । अपोदीपभव बुद्धदर्शन संस्कार दर्पपणको उपदेश । आकाशमा कुनै बाटो हुँदैन । बुद्धको अनुशासन भन्दा बाहिर आश्रम हुँदैन । संस्कारहरू शास्वत हुँदैनन् । आम मानिसहरू प्रपञ्चले ग्रस्त छन् । तर तथागत बुद्धहरूमा चञ्चलता हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा ॥२५४॥

**पालीगाथा–**

**आकासे च पदं न'अत्थि, समणो न'अत्थि बाहिरे**
**संखारा सस्सता न'अित्थ, न'अत्थि बुद्धानमिञ्जितं ॥२५५॥**

**भावार्थ–**

आकाशमा कुनै बाटो हुँदैन । बुद्धको अनुशासन भन्दा बाहिर आश्रम हुँदैन । संस्कारहरू शास्वत हुँदैनन् । आम मानिसहरू प्रपञ्चले ग्रस्त छन् । तर तथागत बुद्धहरूमा चञ्चलता हुँदैन ।

# धम्मपद

# धर्मष्ट (न्याय) बर्ग– १९

## २५६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको उत्तरद्वारको नजिकमा अवस्थित गाउँमा भिक्षाटन र भोजन गरेर नगरको बीच भागबाट भिक्षुहरू आउँदै थिए । अचानक बादल उठेर भिषण पानी पर्न थाल्यो । भिक्षुहरू अगाडिको विनिश्चय शाखामा ओत लिएर बसे । त्यहाँ उनीहरूले विनिश्चय कार्यालय भित्र महात्माहरूको बार्तलप सुने अनुसार नगरबासीहरूसँग घूस लिएर सत्यलाई झुट र झुटलाई सत्य बनाउँदै गरेको नक्कली काम देखेर, त्यहाँको बृतान्त कुरा तथागतलाई सुनाए । 'हे भिक्षुहरू,' छन्द आदिबाट वशीभूत नभइकन वा बिचारै नगरिकन न्याय गर्ने मानिसहरू न्यायाधीश हुन सक्दैन । तर, दोषहरूको ठिक ठीकसँग बिचार गरी सोही बमोजिक न्याय गर्नेहरू बास्तविक अर्थमा न्यायाधीश हुन्छन् । यदि कसैले बिचार नपुराइकन न्याय गर्छ भने, उसले बास्तवमा न्याय गरेको हुँदैन । जसले ठिक बेठिक जानेर बुझेर न्याय दिन्छ । त्यसैलाई न्यायाधीश हुन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**न तेन होति धम्मट्ठो, येन'अत्थ सहसा नये**

**यो च अत्थ अनत्थञ् च, उभो निच्छेय्य पण्डितो ॥२५६॥**

**भावार्थ**–

यदि कसैले बिचार नपुराइकन न्याय गर्छ भने, न्यायको सिद्धान्त अनुसार उसले बास्तवमा न्याय गरेको हुँदैन । जसले ठिक बेठिक जानेर बुझेर न्याय दिन्छ । त्यसैलाई न्यायाधीश भनिन्छ । त्यही मानिस बास्तवमा न्यायमूति हुन् ।

## २५७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको उत्तरद्वारको नजिकमा अवस्थित गाउँमा भिक्षाटन र भोजन गरेर नगरको बीच भागबाट भिक्षुहरू आउँदै थिए । अचानक बादल उठेर भिषण पानी पर्न थाल्यो । भिक्षुहरू अगाडिको विनिश्चय शाखामा ओत लिएर बसे । त्यहाँ उनीहरूले विनिश्चय कार्यालय भित्र महात्माहरूको बार्तलप सुने अनुसार नगरबासीहरूसँग घूस लिएर सत्यलाई झुट र झुटलाई सत्य बनाउँदै गरेको नक्कली काम देखेर, त्यहाँको बृतान्त कुरा तथागतलाई सुनाए । 'हे भिक्षुहरू,' छन्द आदिबाट वशीभूत नभइकन वा बिचारै नगरिकन न्याय गर्ने मानिसहरू न्यायाधीश हुन सक्दैन । तर, दोषहरूको ठिक ठीकसँग बिचार गरी सोही बमोजिक न्याय गर्नेहरू बास्तविक अर्थमा न्यायाधीश हुन्छन् । जसले न्याय संगत रुपले निष्पक्ष भएर अरुलाई बिचार पूर्वक न्याय दिन्छन् । उनी धर्मको रक्षक वा साँचो अर्थमा बास्तविक न्यायाधीश हुन् भन्दै दिएको उपदेशको पालीगाथा ॥२५६॥

**पालीगाथा**–

**असाहसेन धम्मेन, समेन नयती परे**
**धम्मस्स गुत्तो मेघावी, धम्मट्ठो ति पवुच्चति ॥२५७॥**

**भावार्थ**–

जसले न्याय संगत रुपले निष्पक्ष भएर अरुलाई बिचार पूर्वक न्याय दिन्छन् । उनीहरू मेघवी, धर्मको रक्षक, प्राकृतिक न्यायको सिद्धान्त बमोजिम साँचो अर्थमा बास्तविक न्यायाधीश भनिन्छ । त्यही मानिस बास्तवमा न्यायमूति हुन् ।

## २५८. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा हुँदा, छ’बर्गीय भिक्षुहरूले गाउँमा र बिहारमा पनि खलबल गर्दथे । उनीहरूको आचरण एकदमै उग्र रुपमा थियो । यसबाट अरु भिक्षुहरू पनि सन्तुष्त थिएनन् । फेरि पनि बरिष्ट भिक्षुहरूले परिणाम राम्रो नआउने थाहा पाएर सहेरै बसेका थिए । एकदिन गाउँमा भोजन गरेर आउँदै गरेका तरुण चिक्षुहरूलाई स्थविरहरूले सोधे । ‘हे भिक्षुहरू,’ आजको भोजन कस्तो लाग्यो भनेर सोध्यो ? उनीहरूले भन्यो, ‘हे भन्ते,’ कुरै नगर्नुहोस् । उनीहरूले त हामी छ-बर्गीयहरू भिक्षुहरू मात्रै पण्डित हौं भन्दै, हामी सबैको पिठ्युमा समाती जुठो छरिदिएर गडबडी गरेका हुन्, भने । स्थविरहरूले यो कुरा सुने पछि बाध्यतावस् तथागतलाई सुनाए । तथागतले सबै कुरा बृतान्त सुने पछि, भन्नु भयो कि धेरै बोल्ने भएको कारणले मात्र कोही पनि मन्छे प्राज्ञ वा पण्डित मानिदैन । क्षमाशील, बैरभाव रहित एवं निर्भय मानिस नै प्रज्ञावान पण्डित भनिन्छ भन्दै पण्डितको बारेमा दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न तेन पण्डितो होति, यावता बहु भासति**
**खेमी अवेरी अभयो, पण्डितोति पबुच्चति ॥२५८॥**

**भावार्थ–**

धेरै बोल्ने भएको कारणले मात्र कोही पनि मान्छे प्राज्ञ, आचार्य वा पण्डित मानिदैन । क्षमाशील, शीलवान, ध्यान, भावना र समाधिमा पारंगत भएका बैरभाव रहित एवं निर्भय मानिस नै प्रज्ञावान पण्डित भनिन्छ ।

## २५९. समय सन्दर्भ–

एक समयमा एकुदान नामक अहर्त भिक्षु जंगलमा एक्लै बस्थे । उनलाई एक उदान मात्र थाहा थियो । उपोसथको दिन त्यही भनेर धर्मोपदेश दिन्थे । त्यो सुनेर सारा जंगल गुन्जाउदै देवताहरूले साधुवाद गर्थे । एकदिन पाँच पाँच सय भिक्षुहरूका साथमा त्रिपिटकधारी दुई जना भिक्षु आए । एकुदानले प्रसन्न हुँदै, 'हे भन्ते,' तपाइँहरू आएर राम्रो भयो । आज हामी तपाइँहरूको धर्मोपदेश सुन्ने छौं भने पछि त्रिपिटकधारी भिक्षुहरूले उपदेश दिए । तर, देवताहरूले साधुवाद गरेनन् । आगन्तुक भिक्षुले एकुदानलाई उपदेश दिनु भने पछि उनले धर्मदेशना गरे । तर, एउटा श्लोक मात्र भनेका थिए, सारा जंगलको देवताहरूको साधुकार गुन्जियो । जो थोरै सुने पनि धर्मलाई धारणा गर्छ । उही धर्मधर हो । धेरै बोलेर मात्र कोही पनि धर्मधर हुँदैन । जो थोरै सुने पनि धर्मलाई धारणा गर्दछ । अभ्यास गर्दछ । प्रमाद गर्दैन, उही धर्मधर हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**न तावता धम्मधरो, यावता वहु भासति**
**यो च अप्पमपि सुत्वान, धम्मं कायेन पस्सति**
**स वे धम्मधरो होति, यो धम्मं नप्पमज्जति ॥२५९॥**

**भावार्थ**–

धेरै बोलेको कारणले मात्र कोही पनि धर्मधर हुँदैन । जो थोरै सुने पनि धर्मलाई धारणा गर्दछ । अभ्यास गर्दछ । धर्मको नाउँमा प्रमाद गर्दैन, बास्तवमा उही धर्मधर हुन् ।

## २६०. समय सन्दर्भ–

एक समयमा जेतवन महबिहारमा लकुन्टक नामक भद्दिय स्थविर सानो उमेरको थियो । एकदिन उनी तथागतको बन्दना गरेर फर्कँदै थियो । त्यसै समय अरन्यबाट तीस जना भिक्षुहरू तथागतको दर्शन गर्न जेतवन आएका थिए । ती भिक्षुहरूलाई तथागतले सोधे । 'हे भिक्षहरू,' तिमीहरूले बाटामा जादै गरेको एकजना स्थविरलाई देखेनौं, भने । एकजना सानो उमेरको श्रमनेर त जाँदै थियो भने । तथागतले भन्यो, उ श्रमनेर होइन । स्थविर हो भने पछि, 'हे भन्ते,' उ त साह्रै सानो पो थियो, भने । यसै क्रममा तथागतले भन्नु भयो । 'हे भिक्षुहरू,' जसको दाह्री जुंगा र कपाल फुलेको छ । त्यसैको कारणले मात्र कोही पनि मानिस स्थविर हुन सक्दैन । स्थविर हुनका लागि शील, ध्यान, भावना साधना र प्रज्ञामा पारंगत हुनु पर्छ । जसको उमेर छिप्पिएको छ । त्यसलाई बृद्ध भनिन्छ । यो सनातन हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**न तेन थेरो होति, येन'अस्स पलितं सिरो**
**परिपक्को वयो तस्स, मोघजिण्णो ति वुच्चति ॥२६०॥**

**भावार्थ–**

जसको दाह्री जुंगा र कपाल फुलेको छ । त्यसैको कारणले मात्र कोही पनि मानिस स्थविर हुन सक्दैन । स्थविर हुनका लागि शील, ध्यान, भावना साधना र प्रज्ञामा पारंगत हुनु पर्छ । जसको उमेर छिप्पिएको छ । त्यसलाई बृद्ध भनिन्छ । यो सनातन हो ।

## २६१. समय सन्दर्भ–

एक समयमा जेतवन महबिहारमा लकुन्टक नामक भद्दिय स्थविर सानो उमेरको थियो । एकदिन उनी तथागतको बन्दना गरेर फर्कँदै थियो । त्यसै समय अरन्यबाट तीस जना भिक्षुहरू तथागतको दर्शन गर्न जेतवन आएका थिए । ती भिक्षुहरूलाई तथागतले सोधे । 'हे भिक्षहरू,' तिमीहरूले बाटामा जादै गरेको एकजना स्थविरलाई देखेनौँ, भने । एकजना सानो उमेरको श्रमनेर त जाँदै थियो भने । तथागतले भन्यो, उ श्रमनेर होइन । स्थविर हो भने पछि, 'हे भन्ते,' उ त साह्रै सानो पो थियो, भने । यसै क्रममा तथागतले भन्नु भयो । 'हे भिक्षुहरू,' जसको दाह्री जुंगा र कपाल फुलेको छ । त्यसैको कारणले मात्र कोही पनि मानिस स्थविर हुन सक्दैन । स्थविर हुनका लागि शील, ध्यान, भावना साधना र प्रज्ञामा पारंगत हुनु पर्छ । जसको उमेर छिप्पिएको छ । त्यसलाई बृद्ध भनिन्छ । यो सनातन हो भन्दै दिएको उपदेशको पालीगाथा ॥२६०॥

**पालीगाथा**– *****

**यम्हि सच्चञ्च च धम्मो च, अहिंसा सञ्ञमो दमो**
**स वे वन्तमलो धीरो, थेरो ति पदुच्चति ॥२६१॥**

**भावार्थ**–

बुद्ध धर्मलाई अवलम्बन गर्ने बौद्धमार्गीहरू जसमा सत्य, धर्म संयमित अनि आत्म नियन्त्रण छ । चित्तको बिकाररुपी मलरहित छ । राग, द्वेष, माया, मोहा, काम, वासना र तृष्णाबाट पर छ । त्यस्ता पुरुषलाई स्थविर वा अहर्त भन्दछन् ।

# २६२. समय सन्दर्भ–

एक समयमा जेतवन बिहारमा एकजना युवा भिक्षु तथा श्रमनेरहरूको धर्मचर्या एवं चिबर आदि रंगाउने काम गर्थ्यो। उनीहरूले त्यस्तो काम गर्दै गरेको देखेर भिक्षुहरूले तथागतसँग गएर भन्यो। 'हे भन्ते,' तपाइँले यिनीहरूलाई आज्ञा दिनुहोस् कि अरुसँग धर्म सिकेर हामीहरूलाई राम्रोसँग नसुनाइकन स्वाध्यान पनि नगरुन्। यस्तो गरेमा हामीहरूको लाभ एवं सत्कार पनि बढ्ने छैन। किनभने कुनै पनि मानिस इर्ष्यलु लोभी, वेइमान दुष्ट, छल कपट षड्यान्त्र गर्ने मानिस जतिसुकै बोल्न सिपालु मिजासिलो र रुपवान भए पनि सबैबाट गन्य मन्य र प्रतिष्ठित हुन सक्दैन। यस बिषयलाई लिएर भिक्षुहरूबीचमा सामूहिम सम्बाद, छलफल, बिचार, बिमर्श र तर्कबितर्क सुन्दै तथागतले भन्यो, 'हे भिक्षुहरू,' इर्ष्यलु लोभी, वेइमान, दुष्ट, छल, कपट फट्याइ गर्ने मानिस जतिसुकै बोल्न सिपालु, मिजासिलो र रुपवान भए पनि सबैबाट सर्वमान्य, गन्यमन्य र प्रतिष्ठित हुन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**न वाक्करणमत्तेन, वण्णपोक्खरताय वा**
**साधुरुपो नरो होति, इस्सुकी मच्छरी सठो ॥२६२॥**

**भावार्थ–**

इर्ष्यलु, लोभी, वेइमान, दुष्ट, छल, कपट, फट्याइ गर्ने मानिस जतिसुकै बोल्न सिपालु, मिजासिलो र रुपवान भए पनि सबैबाट सर्वमान्य, गन्यमन्य र प्रतिष्ठित हुन सक्दैन।

## २६३. समय सन्दर्भ–

एक समयमा जेतवन बिहारमा एकजना युवा भिक्षु तथा श्रमनेरहरूको धर्मचर्या एवं चिबर आदि रंगाउने काम गर्थ्यो । उनीहरूले त्यस्तो काम गर्दै गरेको देखेर भिक्षुहरूले तथागतसँग गएर भन्यो । 'हे भन्ते,' तपाइँले यिनीहरूलाई आज्ञा दिनुहोस् कि अरुसँग धर्म सिकेर हामीहरूलाई राम्रोसँग नसुनाइकन स्वाध्यान पनि नगरुन् । यस्तो गरेमा हामीहरूको लाभ एवं सत्कार पनि बढ्ने छैन । किनभने कुनै पनि मानिस इर्ष्यलु लोभी, वेइमान दुष्ट, छल कपट षड्यान्त्र गर्ने मानिस जतिसुकै बोल्न सिपालु मिजासिलो र रुपवान भए पनि सबैबाट गन्य मन्य र प्रतिष्ठित हुन सक्दैन । यस बिषयलाई लिएर भिक्षुहरूबीचमा सामूहिम सम्बाद, छलफल, बिचार, बिमर्श र तर्कबितर्क सुन्दै तथागतले भन्यो, 'हे भिक्षुहरू,' इर्ष्यलु लोभी, वेइमान, दुष्ट, छल, कपट फट्याइ गर्ने मानिस जतिसुकै बोल्न सिपालु, मिजासिलो र रुपवान भए पनि सबैबाट सर्वमान्य, गन्यमन्य र प्रतिष्ठित हुन सक्दैन भन्दै दिएको उपदेशको पालीगाथा ॥२६२॥

**पालीगाथा–**

**यस्स च'एतं समुच्छिन्नं, मूलघच्चं समुहतं**
**स वन्तदोसो मेघावी, साधुरुपो ति बुच्चति ॥२६३॥**

**भावार्थ–**

अनि जसको त्यस्तो खराब प्रकृतिहरू छिन्नभिन्न र टुक्राटुक्रा भएर जरैदेखि पूर्णरुपले उखेलिएर नष्ट भएका हुन्छन् । त्यो दोषरहित मेघावीलाई नै बास्तवमा साधुरुप भनिन्छ ।

## २६४. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा महाबिहारमा हत्थक नामक भिक्षु बस्दथे । उनको स्वभाव अलि चिडचिडापन थियो । उनी सधै सबैसँग वादबिवादमै रहन्थे । उनले तिर्थिकहरूसँग भन्ने गर्थे कि 'हे तिर्थिकहरू,' अमुक स्थानमा आफ्नो शास्त्रार्थ हुने छ, भन्ने गर्नु हुन्थ्यो । तिर्थिकहरू आउनु भन्दा पहिले नै त्यहाँ गएर उनले भन्ने गर्थे कि, हेर तिर्थिकहरू शास्त्रार्थ गर्न डराएर भागे । उही उनीहरूको हार हो । यो सबै कुरा र गतिबिधिहरूको बारेमा तथागतलाई थाहा भए पछि, हत्थकलाई बोलाए, 'हे भिक्षु,' तिमीले सधै यस्तै गर्छौ भनेर सोध्दा, उनले हो भन्ते भन्यो । यो कार्य भिक्षुको आचरण बिपरित छ । जो ब्रतरहित छ झुट बोल्छ र ब्रह्मचार्य पालन गर्दैन । कपाल मुण्डन गर्दैमा उ श्रमण हुँदैन । राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा, इच्छा र लोभले भरिएको मान्छे कसरी श्रमण बन्न सक्छ ? भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न मुन्डकेन समणो, अब्बतो अलिकं भणं**
**इच्छालोभ समापन्नौ समणो, किं भविस्सति ।।२६४।।**

**भावार्थ–**

जो ब्रतरहित छ । हिंसा गर्छ । झुट बोल्छ । चोरी गर्छ । मिथ्यचार गर्छ । मादक पदार्थको सेवन गर्छ । ब्रह्मचार्य पालन गर्दैन । कपाल मुण्डन गर्दैमा वा चीबर धारणा गर्दैमा उ श्रमण हुँदैन । इच्छा र लोभले भरिएको मान्छे कसरी श्रमण बन्न सक्छ ?

# २६५. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा महाबिहारमा हत्थक नामक भिक्षु बस्दथे । उनको स्वभाव अलि चिडचिडापन थियो । उनी सधै सबैसँग वादबिवादमै रहन्थे । उनले तिर्थिकहरूसँग भन्ने गर्थे कि 'हे तिर्थिकहरू,' अमुक स्थानमा आफ्नो शास्त्रार्थ हुने छ, भन्ने गर्नु हुन्थ्यो । तिर्थिकहरू आउनु भन्दा पहिले नै त्यहाँ गएर उनले भन्ने गर्थे कि, हेर तिर्थिकहरू शास्त्रार्थ गर्न डराएर भागे । उही उनीहरूको हार हो । यो सबै कुरा र गतिबिधिहरूको बारेमा तथागतलाई थाहा भए पछि, हत्थकलाई बोलाए, 'हे भिक्षु,' तिमीले सधै यस्तै गर्छौ भनेर सोध्दा, उनले हो भन्ते भन्यो । यो कार्य भिक्षुको आचरण बिपरित छ । जो ब्रतरहित छ झुट बोल्छ र ब्रह्मचार्य पालन गर्दैन । कपाल मुण्डन गर्दैमा उ श्रमण हुँदैन । राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा, इच्छा र लोभले भरिएको मान्छे कसरी श्रमण बन्न सक्छ ? भन्दै दिएको उपदेशको पालीगाथा ।।२६४।।

**पालीगाथा–**

**यो च समेति पापानि, अणुंथूलानि सब्बसो**
**समितत्ता हि पापानं, समणोति पबुच्चति ।।२६५।।**

**भावार्थ–**

जसले राग, द्वेष, माया, मोहा, काम वासना, तृष्णा, इच्छा र लोभलाई त्याग गर्न सक्छ, उनी श्रमणेर बन्न सक्छ । २२२जसले साना ठुला सबै प्रकारका पापहरू सर्वथा दमन गर्दछ । जसले पापको दमन गर्न उपयुक्त आचरण गरेको हुन्छ । उसैलाई मात्र श्रमण भन्न सकिन्छ ।

# २६६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको छिमेकमा कुनै आर्को धर्ममा प्रबर्जित भएको पूर्णजित नामक एकजना ब्रह्मणको आश्रम थियो। उनी पनि भिक्षाटनबाटै जिविका गर्थे । एकदिन उनी चारिका गर्दै जेतवन बिहारमा आएर तथागतसँग केही कुराहरूमा सम्बाद गर्न थाले । सम्बादमा, 'हे गौतम,' तपाइँका शिष्यहरूले भिक्षाटनबाट जिविका गर्ने भएकाले भिक्षु भन्नु हुन्छ। म पनि भिक्षाटन गर्छु । मलाई पनि भिक्षु भन्नु होस्, भने। उनको कुरा सुने पछि तथागतले, 'हे पूर्णजित,' भिक्षु हुनको लागि पनि केही नियमहरू छन् । जो मानिस अरुसँग भिक्षाटन गरी हिँड्छन्। सोही कारणले मात्र भिक्षु हुँदैन। उनले प्रबज्य ग्रहण गरी, बुद्ध, धर्म र संघको शरण गमन गर्नु पर्छ। शील पालन गर्नु पर्छ। अष्टमार्गको आचरण गर्नु पर्छ। ध्यान, भावना र साधना गर्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**न तेन भिक्खु सो होति, यावता भिक्खते परे**
**विस्सं धम्मं समादाय, भिक्खु होति न तावता॥२६६॥**

**भावार्थ–**

जो मानिस अरुसँग भिक्षाटन गरी हिँड्छन्। सोही कारणले मात्र भिक्षु हुँदैन। उनले प्रबज्य ग्रहण गरी, बुद्ध, धर्म र संघको शरण गमन गर्नु पर्छ । शील पालन गर्नु पर्छ । अष्टमार्गको अनुसारको आचरण पनि गर्नु पर्छ । राग, द्वेष, माया, मोहा, काम, वासना र तृष्णा सबै त्याग्नु पर्छ। साधनामा पारंगत हुनु पर्छ।

## २६७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको छिमेकमा कुनै आर्को धर्ममा प्रबर्जित भएको पूर्णजित नामक ब्रह्मणको आश्रम थियो । उनी पनि भिक्षाटनबाटै जिविका गर्थे । एकदिन उनी चारिका गर्दै जेतवन बिहारमा आएर तथागतसँग केही कुराहरूमा सम्बाद गर्न थाले । सम्बादमा, 'हे गौतम,' तपाइँका शिष्यहरूले भिक्षाटनबाट जिविका गर्ने भएकाले भिक्षु भन्नु हुन्छ । म पनि भिक्षाटन गर्छु । मलाई पनि भिक्षु भन्नु होस्, भने । उनको कुरा सुने पछि तथागतले जो मानिस अरुसँग भिक्षा मागी हिँड्छन् । सोही कारणले मात्र भिक्षु हुँदैन वा भिक्षु भन्न मिल्दैन । उनले बिषय धर्म ग्रहण गरी त्यही अनुसारको आचरण पनि गर्नु पर्छ । बहुजन हिताय बहुजन सुखाएको काम पनि गर्नु पर्छ । जसले यहाँ पुण्य र पापलाई छाडेर ब्रह्मचर्यको पालना गर्छ । जो राम्रो समझदार भएर संसारमा बिचरण गर्छ । उसैलाई बास्तवमा भिक्षु भनिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।।२६६।।

**पालीगाथा**– *****

**यो'ध पुञ्ञञ्च च पापञ्च च, बाहेत्वा ब्रह्मचरिय वा**

**संखाय लोके चरितं, स वे भिक्खु ति बुच्चति ।।२६७।।**

**भावार्थ**–

जसले यहाँ पुण्य र पापलाई छाडेर ब्रह्मचर्यको पालना गर्छ । जो राम्रो समझदार भएर संसारमा बिचरण गर्छ । ध्यान, भावना र साधनामा पारंगत छन्, उसैलाई बास्तवमा भिक्षु भनिन्छ । साधनामा पारंगत भएकाहरूलाई स्थविर वा अहर्त भनिन्छन् ।

## २६८. समय सन्दर्भ–

एक समयमा श्रावस्ती क्षेत्र वरपर गृहस्थहरूका घरमा आमन्त्रित भिक्षुहरूले भोजन पछि दान अनुमोदन गर्थे । यसो गर्नु भिक्षुहरूको आचरण मात्र नभएर विनय र कर्तब्य पनि पनि हो । तर तिर्थिकहरूले सुखहोतु आदि मात्र भनेर जान्थे । त्यसैले मानिसहरू भिक्षुहरूको प्रशंसा र तिर्थिकहरूको निन्दा गर्थे । यो कुरा सुनेर बुझेर उनीहरूले पनि हामी मुनि हौँ । त्यसैले मौन रहन्छौँ, भन्थ्यो । तर श्रमण गौतमका शिष्यहरूले भोजनको समयमा महाकथा भन्दछन् भनेर निन्दा गर्न थाले । भिक्षुहरूले यो कुराको बृतान्त कथा तथागतलाई सुनाए । 'हे भिक्षुहरू,' कोही पनि बिद्वान, भिक्षु वा स्थविर मौन बस्दैमा मुनि बन्न सक्दैन । उनले असल र खराब कुराहरूलाई बिबेकको तुलामा जोखेर, असल मात्र ग्रहण गर्ने र त्यही अनुसारको आचरण गर्ने मानिसहरूलाई मुनि, प्रज्ञा वा पण्डित भनिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**न मोनेन मुनि होति, मुल्हरूपो अविद्दसु**

**यो च तुलं व पग्गय्ह, वरं आदाय पण्डितो ॥२६८॥**

**भावार्थ–**

यो भव सागरको कोही पनि बिद्वान, भिक्षु वा स्थविर मौन बस्दैमा मुनि बन्न सक्दैन । उनले असल र खराब कुराहरूलाई बिबेकको तुलामा जोखेर, असल मात्र ग्रहण गर्ने र त्यही अनुसारको आचरण गर्ने मानिसहरूलाई मुनि, प्रज्ञा वा पण्डित भनिन्छ । यो कुरा बुद्ध शासनको मानक हो ।

# २६९. समय सन्दर्भ–

एक समयमा श्रावस्ती क्षेत्र वरपर गृहस्थहरूका घरमा आमन्त्रित भिक्षुहरूले भोजन पछि दान अनुमोदन गर्थे । यसो गर्नु भिक्षुहरूको आचरण मात्र नभएर विनय र कर्तब्य पनि पनि हो । तर तिर्थिकहरूले सुखहोतु आदि मात्र भनेर जान्थे । त्यसैले मानिसहरू भिक्षुहरूको प्रशंसा र तिर्थिकहरूको निन्दा गर्थे । यो कुरा सुनेर बुझेर उनीहरूले पनि हामी मुनि हौँ । त्यसैले मौन रहन्छौँ, भन्थ्यो । तर श्रमण गौतमका शिष्यहरूले भोजनको समयमा महाकथा भन्दछन् भनेर निन्दा गर्न थाले । भिक्षुहरूले यो कुराको बृतान्त कथा तथागतलाई सुनाए । 'हे भिक्षुहरू,' यो भवसागरमा जसले खराब कर्महरू र पापहरूलाई त्याग्छन्, त्यो मुनि हो । यस कारणले उ मुनि हो, जस्ले दुबै लोक वा यहलोक र परलोकलाई पनि जान्दछन् । मानिसहरू उसैलाई सच्चा मुनि भन्दछन् । बुद्ध शासनको मानक पनि यही हो भन्दै दिएको उपदेशको पालीगाथा ।।२६८।।

**पालीगाथा**– *****

**पापानि परिवज्जेति, स मुनि तेन सो मुनि**
**यो मुनाति उभो लोके, मुनि तेन पवुच्चति ।।२६९।।**

**भावार्थ**–

यो भवसागरमा जसले खराब कर्महरू र पापहरूलाई त्याग्छन्, त्यो मुनि हो । यस कारणले उ मुनि हो, जस्ले दुबै लोक वा यहलोक र परलोकलाई पनि जान्दछन् । मानिसहरू उसैलाई सच्चा मुनि भन्दछन् । बुद्ध शासनको मानक पनि यही हो ।

## २७०. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा आर्य नाम गरेको कुनै चर्चित बाँसुरी बादक थियो । तथागत श्रावस्तीको उत्तर ग्राममा भिक्षाटन गरेर फर्कँदै गर्दा, उ बाँसुरी बजाउँदै सानो खोल्सामा माछा मार्दै थियो । तथागतलाई देखे पछि हतपत आफ्नो हातको बाँसुरी फ्याँकेर सादर प्रणाम गरी उभियो । 'हे मछुवा,' तिम्रो नाम के हो ? भनेर सोध्दा, मेरो नाम आर्य हो भन्ते, भन्यो । त्यस पछि तथागतले 'हे आर्य,' तिमी जस्तो प्राणी हिंसक कदापि आर्य हुन सक्दैन । आर्य भनेको त सर्वश्रेष्ट हो । सर्वश्रेष्ट मानिसले अरुलाई दुःख दिने होइन, सुख पो दिनु पर्छ । यो भवसागरमा प्राणीहरूको हिंसा गर्ने, झुट बोल्ने, चोरी गर्ने ब्यभिचार गर्ने, मादक सेवन गर्ने मानिसहरू कोही पनि आर्य हुन सक्दैन । सबै प्राणीहरू प्रति समभाव राख्ने, प्रेम र करुणा प्रकट गरी उनीहरूको भावना बुझ्न सक्ने मानिस मात्र बास्तवमा आर्य हुन सक्दछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न तेन अरियो होति, येन पाणाति हिंसति**
**अहिंसा सब्बपाणानं, अरियोति पवुच्चति ॥२७०॥**

**भावार्थ–**

यो भवसागरमा प्राणीहरूको हिंसा गर्ने, झुट बोल्ने, चोरी गर्ने ब्यभिचार गर्ने, मादक सेवन गर्ने मानिसहरू कोही पनि आर्य हुन सक्दैन । सबै प्राणीहरू प्रति समभाव राख्ने, प्रेम र करुणा प्रकट गरी उनीहरूको भावना बुझ्न सक्ने मानिस मात्र आर्य हुन् ।

## २७१. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा धेरै शीलसम्पन्न भिक्षुहरूको मनमा यस्तो बिचार आयो । हामीहरू शील सम्पन्न छौं । समाधि प्राप्त छौं । हामीहरूले चाहेको समयमा निर्वाण प्राप्त गर्न सक्छौं । फेरि पनि हामीहरू तथागतको शासनमा प्रबर्जित भएका छौं । त्यसैले अबको बाटो के हो ? यस बारेमा स्पष्ट हुनु पर्छ भनि तथागतलाई सोधे । 'हे भिक्षुहरू,' के तिमीहरूको प्रबर्जित हुनुको उद्देश्य पूर्ण भयो ? भनेर तथागतले सोधे । उनीहरू सबैले आ-आफ्नो मनमा लागेको कुराहरू सुनाए । त्यसपछि तथागतले पनि ध्यान, भावना र साधनाको बारेमा आफ्नो अनुभवहरू सुनाए । यो भवसागरमा न शील, ब्रतको धारणा र आचरण मात्रले या त फेरि धेरै जानेको बुझेको बहुश्रुता वा श्रोतापन्न हुनाले वा ध्यान, भावना र समाधिको लाभले अथवा एकान्तमा शयन गर्नाले पनि साधनामा सजिलैसँग लिन हुन सकिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न शीलब्बतमत्तेन, वहुसच्चेन वा पुन**
**अथ वा समाधिलाभेन, विवित्तसयनेन वा ॥२७१॥**

**भावार्थ–**

यो भवसागरमा न शील, ब्रतको धारणा र आचरण मात्रले या त फेरि धेरै जानेको बुझेको बहुश्रुता वा श्रोतापन्न हुनाले वा ध्यान, भावना र समाधिको लाभले अथवा एकान्तमा शयन गर्नाले पनि साधनामा सजिलैसँग लिन हुन सकिन्छ ।

## २७२. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा धेरै शीलसम्पन्न भिक्षुहरूको मनमा यस्तो बिचार आयो । हामीहरू शील सम्पन्न छौं । समाधि प्राप्त छौं । हामीहरूले चाहेको समयमा निर्वाण प्राप्त गर्न सक्छौं । फेरि पनि हामीहरू तथागतको शासनमा प्रबर्जित भएका छौं । त्यसैले अबको बाटो के हो ? यस बारेमा स्पष्ट हुनु पर्छ भनि तथागतलाई सोधे । 'हे भिक्षुहरू,' के तिमीहरूको प्रबर्जित हुनुको उद्देश्य पूर्ण भयो ? भनेर तथागतले सोधे । उनीहरू सबैले आ-आफ्नो मनमा लागेको कुराहरू सुनाए । त्यसपछि तथागतले पनि ध्यान, भावना र साधनाको बारेमा आफ्नो अनुभवहरू सुनाए । यो भवसागरमा न शील, ब्रतको धारणा र आचरण मात्रले या त फेरि धेरै जानेको बुझेको बहुश्रुता वा श्रोतापन्न हुनाले वा ध्यान, भावना र समाधिको लाभले अथवा एकान्तमा शयन गर्नाले पनि साधनामा सजिलैसँग लिन हुन सकिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।।२७१।।

**पालीगाथा–**

**फुसामि नेक्खम्मसुखं, अपुथुज्जनसेवितं**
**भिक्खु विस्सासमापादि, अप्पत्तो आसवक्खयं ।।२७२।।**

**भावार्थ–**

यो भवसागरमा जन्म लिएका जो कसैको लागि पनि दुर्लभ नैष्कम्य सुखको स्पर्षद्वारा मैले अनुभूति गरिरहेको छु । 'हे भिक्षुहरू,' जबसम्म इच्छाहरू निर्मुल हुँदैनन्, तबसमम बिश्वस्त नहोउ । ध्यान, भावना र साधनामा लिन भैरहनु पर्छ । यो आर्यहरूको जीवनचर्य हो ।

# धम्मपद

# मार्ग बर्ग– २०

## २७३. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० भिक्षुहरू चारिकाबाट आए । उनीहरू आसन शालामा बसी आपासमा कुराकानी गर्दै थिए । फलना गाउँको बाटो राम्रो छ । फलना गाउँको बाटो नराम्रो छ । फलना गाउँमा गेगर छ । फलना गाउँमा हिलो छ । फलना नदीमा पुल छैन । फलना गाउँमा भिक्षा थोरै पाइन्छ वा धेरै पाइन्छ आदि भन्दै छलफल गर्दै थिए । तथागतले उनीहरूको कुरा सुने पछि, 'हे भिक्षुहरू,' यी सबै त बाहिरी बाटोहरू हुन् । भिक्षुहरू त आर्य मार्गमा लाग्नु पर्छ । किनभने प्राकृतिमा ऋतु श्रेष्ठ हुन । धातुहरूमा स्वर्ण श्रेष्ठ हुन् । मार्गहरूमा आर्य अष्टाङ्गिक मार्ग श्रेष्ठ हुन् । सत्यमा चार आर्य सत्य हुन् । शीलमा पञ्चशील श्रेष्ठ हुन् । धर्ममा बैराग्य श्रेष्ठ हुन् । प्राणीहरूमा मानुष्य श्रेष्ठ हुन र मनुष्यमा बुद्ध श्रेष्ठ हुन् । यो अत्यन्तै मनन् योग्य छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**मग्गान'अट्ठङ्गिको सेट्ठो, सच्चानं चतुरो पदा**
**बिरागो सेट्ठो धम्मानं, द्बिपदानञ् च चक्खुमा ॥२७३॥**

**भावार्थ–**

प्राकृतिमा ऋतु श्रेष्ठ हुन । धातुहरूमा स्वर्ण श्रेष्ठ हुन् । मार्गहरूमा आर्य अष्टाङ्गिक मार्ग श्रेष्ठ हुन् । सत्यमा चार आर्य सत्य हुन् । शीलमा पञ्चशील श्रेष्ठ हुन् । धर्ममा बैराग्य श्रेष्ठ हुन् । प्राणीहरूमा मानुष्य श्रेष्ठ हुन र मनुष्यमा बुद्ध श्रेष्ठ हुन् । यो अत्यन्तै मनन् योग्य छ ।

## २७४. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० भिक्षुहरू चारिकाबाट आए । उनीहरू आसन शालामा बसी आपासमा कुराकानी गर्दै थिए । फलना गाउँको बाटो राम्रो छ । फलना गाउँको बाटो नराम्रो छ । फलना गाउँमा गेगर छ । फलना गाउँमा हिलो छ । फलना नदीमा पुल छैन । फलना गाउँमा भिक्षा थोरै पाइन्छ वा धेरै पाइन्छ आदि भन्दै छलफल गर्दै थिए । तथागतले उनीहरूको कुरा सुने पछि, 'हे भिक्षुहरू,' यी सबै त बाहिरी बाटोहरू हुन् । भिक्षुहरू त आर्य मार्गमा लाग्नु पर्छ । किनभने प्राकृतिमा ऋतु श्रेष्ठ हुन । धातुहरूमा स्वर्ण श्रेष्ठ हुन् । मार्गहरूमा आर्य अष्टाङ्गिक मार्ग श्रेष्ठ हुन् । सत्यमा चार आर्य सत्य हुन् । शीलमा पञ्चशील श्रेष्ठ हुन् । धर्ममा बैराग्य श्रेष्ठ हुन् । प्राणीहरूमा मानुष्य श्रेष्ठ हुन् र मनुष्यमा बुद्ध श्रेष्ठ हुन् । यो कुरा अत्यन्तै मनन् योग्य छ भन्दै दिएको उपदेशको पालीगाथा । ॥२७३॥

**पालीगाथा–**

**एस'एवं मग्गो न'अत्थ'अञ्ञो, दस्सनस्स विसुद्धिया**
**एतं हि तुम्हे पटिपज्जथ, मारस्सेतं पमोहनं ॥२७४॥**

**भावार्थ–**

कुनै पनि दर्शनको बिशुद्धिको लागि चार आर्य सत्य, पञ्चशील अष्टमार्ग र प्रतित्यसमुत्पाद मात्र उत्तम मार्ग हो । यो भन्दा अनुत्तर मार्ग आर्को छैन । यही बाटोमा तिमी अधि बढ । यही मार्गले मारलाई मुर्छित पारी निर्वाण प्राप्त गर्न सफल हुनेछ ।

## २७५. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० भिक्षुहरू चारिकाबाट आए । उनीहरू आसन शालामा बसी आपासमा कुराकानी गर्दै थिए । फलना गाउँको बाटो राम्रो छ । फलना गाउँको बाटो नराम्रो छ । फलना गाउँमा गेगर छ । फलना गाउँमा हिलो छ । फलना नदीमा पुल छैन । फलना गाउँमा भिक्षा थोरै पाइन्छ वा धेरै पाइन्छ आदि भन्दै छलफल गर्दै थिए । तथागतले उनीहरूको कुरा सुने पछि, 'हे भिक्षुहरू,' यी सबै त बाहिरी बाटोहरू हुन् । भिक्षुहरू त आर्य मार्गमा लाग्नु पर्छ । किनभने प्राकृतिमा ऋतु श्रेष्ठ हुन । धातुहरूमा स्वर्ण श्रेष्ठ हुन् । मार्गहरूमा आर्य अष्टाङ्गिक मार्ग श्रेष्ठ हुन् । सत्यमा चार आर्य सत्य हुन् । शीलमा पञ्चशील श्रेष्ठ हुन् । धर्ममा बैराग्य श्रेष्ठ हुन् । प्राणीहरूमा मानुष्य श्रेष्ठ हुन र मनुष्यमा बुद्ध श्रेष्ठ हुन् । यो कुरा अत्यन्तै मनन् योग्य छ भन्दै दिएको उपदेशको पालीगाथा । ।।२७३।।

**पालीगाथा–**

**एतं हि तुम्हे पटिपन्ना, दुक्खस्स अतं करिस्सथ**
**अक्खातो वे मया मग्गो, अञ्ञाय सल्लसन्थनं ।।२७५।।**

**भावार्थ–**

चार आर्य सत्यलाई चिनेर, पञ्चशीलको पालन गरी, आर्य अष्टाङ्गिक मार्गको बाटोमा हिँडेमा तिमीले साँच्चै नै दुःखलाई अन्त्य गर्ने छौं । समान दुःखका काँडाहरू पन्छाउने उपाय बुझ्रेर मैले यो उपदेश दिएको हुँ । यसलाई राम्रोरी बुझ्र ।

## २७६. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० भिक्षुहरू चारिकाबाट आए । उनीहरू आसन शालामा बसी आपासमा कुराकानी गर्दै थिए । फलना गाउँको बाटो राम्रो छ । फलना गाउँको बाटो नराम्रो छ । फलना गाउँमा गेगर छ । फलना गाउँमा हिलो छ । फलना नदीमा पुल छैन । फलना गाउँमा भिक्षा थोरै पाइन्छ वा धेरै पाइन्छ आदि भन्दै छलफल गर्दै थिए । तथागतले उनीहरूको कुरा सुने पछि, 'हे भिक्षुहरू,' यी सबै त बाहिरी बाटोहरू हुन् । भिक्षुहरू त आर्य मार्गमा लाग्नु पर्छ । ध्यान, भावना र साधना त तिमी आफैले गर्नु पर्छ । तथागतहरू त खालि उद्घोषक मात्र हुन् । किनभने प्राकृतिमा ऋतु श्रेष्ठ हुन । धातुहरूमा स्वर्ण श्रेष्ठ हुन् । मार्गहरूमा आर्य अष्टाङ्गिक मार्ग श्रेष्ठ हुन् । सत्यमा चार आर्य सत्य हुन् । शीलमा पञ्चशील श्रेष्ठ हुन् । धर्ममा बैराग्य श्रेष्ठ हुन् । प्राणीहरूमा मानुष्य श्रेष्ठ हुन र मनुष्यमा बुद्ध श्रेष्ठ हुन् । यो कुरा अत्यन्तै मनन् योग्य छ भन्दै दिएको उपदेशको पालीगाथा । ॥२७३॥

**पालीगाथा–**

**तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता**

**पटिपन्ना पमोक्खन्ति, झायिनो मारबन्धना ॥२७६॥**

**भावार्थ–**

ध्यान, भावना र साधना त तिमी आफैले गर्नु पर्छ । तथागतहरू त खालि उद्घोषक मात्र हुन् । यस्तो बाटोबाट अधि बढेर ध्यानीहरू मारका बन्धनबाट मुक्त हुने छन् ।

## २७७. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० आगन्तुक भिक्षुहरू आएर सन्धकालिन धर्मसभामा बसेर उपदेश सुने । उपदेश सुने पछि उपयुक्त कर्म स्थान ग्रहण गरी १०० योजन टाढाको जंगलमा गएर ध्यान, भावना र साधनाको प्रयत्न गरे । यसरी लामो समय प्रयत्न गर्दा पनि कुनै उपलब्धि प्राप्त हुन सकेन । पटक पटक प्रयत्न गर्दा पनि असफल भए पछि उनीहरू पुनः जेतवन फर्किए । अन्तमा, फेरि तथागत निर आएर बिशेष रुपमा कर्म स्थान तोकिदिन समूहिक रुपमा अनुरोध गरे । 'हे भिक्षुहरू,' तिमीहरूले पूर्वजन्मा अनित्य लक्षणको भावना गरेकाले काम भाव आदिमा भवसागरका सबै संस्कारहरू अनित्य हुन् । तर यही संस्कारमा समुदाय रमाएका हुन्छन् । यस्तो कुरा जब कसैले प्रज्ञादृष्टिद्वारा देख्दछन् । अनि त्यसपछि सबै दुःखहरूबाट बैराग्य प्राप्त हुन्छ । यो नै बिशुद्धिको सरल मार्ग हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सब्बे संखारा अनिच्चा ति, यदा पञ्ञाय पस्सति**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो बिसुद्विया ॥२७७॥**

**भावार्थ–**

भवसागरका सबै संस्कारहरू अनित्य हुन् । तर यही संस्कारमा समुदाय रमाएका हुन्छन् । यस्तो कुरा जब कसैले प्रज्ञादृष्टिद्वारा देख्दछन् । अनि त्यसपछि सबै दुःखहरूबाट बैराग्य प्राप्त हुन्छ । यो नै बिशुद्धिको सरल मार्ग हो ।

## २७८. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० आगन्तुक भिक्षुहरू आएर सन्धकालिन धर्मसभामा बसेर उपदेश सुने । उपदेश सुने पछि उपयुक्त कर्म स्थान ग्रहण गरी १०० योजन टाढाको जंगलमा गएर ध्यान, भावना र साधनाको प्रयत्न गरे । यसरी लामो समय प्रयत्न गर्दा पनि कुनै उपलब्धि प्राप्त हुन सकेन । पटक पटक प्रयत्न गर्दा पनि असफल भए पछि उनीहरू पुनः जेतवन फर्किए । अन्तमा, फेरि तथागत निर आएर बिशेष रुपमा कर्म स्थान तोकिदिन समूहिक रुपमा अनुरोध गरे । 'हे भिक्षुहरू,' तिमीहरूले पूर्वजन्मा अनित्य लक्षणको भावना गरेकाले काम भाव आदिमा भवसागरका सबै संस्कारहरू अनित्य हुन् । तर यही संस्कारमा समुदाय रमाएका हुन्छन् । यस्तो कुरा जब कसैले प्रज्ञादृष्टिद्वारा देख्दछन् । अनि त्यसपछि सबै दुःखहरूबाट बैराग्य प्राप्त हुन्छ । यो नै बिशुद्धिको सरल मार्ग हो भन्दै दिएको उपदेशको पालीगाथा ॥२७७॥

**पालीगाथा–**

**सब्बे संखारा दुब्खा ति, यदा पञ्ञाय पस्सति**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥२७८॥**

**भावार्थ–**

सबै संसारहरू दुःखपूर्ण छन् । यस्तो कुरा जब कसैले प्रज्ञा दृष्टिद्वारा देख्दछन् । अनि त्यसपछि सबै दुःखहरूबाट बैराग्य प्राप्त हुन्छ । अनि उसले ध्यान, भावना र साधनाको मार्ग खोज्छन् । यो नै बिशुद्धिको सरल मार्ग हो ।

# २७९. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, ५०० आगन्तुक भिक्षुहरू आएर सन्धकालिन धर्मसभामा बसेर उपदेश सुने । उपदेश सुने पछि उपयुक्त कर्म स्थान ग्रहण गरी १०० योजन टाढाको जंगलमा गएर ध्यान, भावना र साधनाको प्रयत्न गरे । यसरी लामो समय प्रयत्न गर्दा पनि कुनै उपलब्धि प्राप्त हुन सकेन । पटक पटक प्रयत्न गर्दा पनि असफल भए पछि उनीहरू पुनः जेतवन फर्किए । अन्तमा, फेरि तथागत निर आएर बिशेष रुपमा कर्म स्थान तोकिदिन समूहिक रुपमा अनुरोध गरे । 'हे भिक्षुहरू,' तिमीहरूले पूर्वजन्मा अनित्य लक्षणको भावना गरेकाले काम भाव आदिमा भवसागरका सबै संस्कारहरू अनित्य हुन् । तर यही संस्कारमा समुदाय रमाएका हुन्छन् । यस्तो कुरा जब कसैले प्रज्ञादृष्टिद्वारा देख्दछन् । अनि त्यसपछि सबै दुःखहरूबाट बैराग्य प्राप्त हुन्छ । यो नै बिशुद्धिको सरल मार्ग हो भन्दै दिएको उपदेशको पालीगाथा ।।२७७।।

**पालीगाथा**– *****

**सब्बे धम्मा अनत्ता ति, यदा पञ्ञाय पस्सति**

**अथ निब्बिन्दति दुक्खे, एस मग्गो बिसुद्विया** ।।२७९।।

**भावार्थ**–

सबै धर्मको स्वभावहरू अनात्म हुन् । अनात्मा भनेको अनित्य हो । अनित्य भनेको रुपान्तरणको प्रकृया हो । यस्तो कुरा जब कसैले प्रज्ञा दृष्टिबाट देख्दछन् । अनि त्यसपछि सबै दुःखहरूबाट बैराग्य प्राप्त हुन्छ । यो नै बिशुद्धिको सरल मार्ग हो ।

## २८०. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा रहँदा, ५०० कुलपुत्रहरू प्रबर्जित भएर कर्म स्थान ग्रहण गरी जंगलमा गए। भिक्षुहरूले मेहनत गरेर छिटै अहर्त्व प्राप्त गरी फर्कियो। फर्किदा बाटोमा एकजना उपासकले भोजन दान दिए। जेतवन आएर तथागतसँग मधुर बचन बोलेको देखेर जेतवनमा बसेको भिक्षुले मनमनै सोँच्यो कि, तथागतले यिनीहरूसँग मिठो मिठो कुरा गर्छन्। मसँग भने बोल्दा पनि बोल्दैनन्। अब म पनि अहर्त्व प्राप्त गरेर तथागतसँग यसरी नै कुराकानी गर्ने छु भनी, रातभर जाग्रम बसेर चंक्रमण गर्दा, नींद लागेर ढुंगामा पछारियो। तिघ्राको हड्डी भाँचियो। उपचार गर्दागर्दै ढिलो भएर आगन्तुक भिक्षुहरू निमन्त्रणामा पनि जान सकेन। उद्योग गर्ने समयमा जो उठ्दैन। युवा एवं बलवान भएर पनि अल्छि छ वा जसले आकांक्षहरूलाई छोडेको छ। जो सुस्त गतिको छ। त्यस्तोले प्रज्ञामार्ग भेटाउदैन। 'हे भिक्षुहरू,' यसले अहिले मात्र होइन। पहिले पनि त्यसै गरेको हुन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**उट्ठानकालम्हि अनुट्ठहानो, युवा बली आलसियं उपेतो**
**संसन्नसंकप्पमनो कुसीतो, पञ्ञाय मग्गं अलसो न बिन्दति ॥२८०॥**

**भावार्थ–**

उद्योग गर्ने समयमा जो उठ्दैन। युवा एवं बलवान भएर पनि अल्छि छ वा जसले आकांक्षहरूलाई छोडेको छ। जो सुस्त गतिको छ। त्यस्तोले प्रज्ञामार्ग भेटाउदैन।

## २८१. समय सन्दर्भ–

एक समयमा महामौदगल्यान स्थविर गृद्धकुट पर्वतबाट ओर्लंदा मुस्कुराइरहेको अवस्थामा लक्खन स्थविरले देखेको थियो । उनले कारण सोध्दा, तथागतनिर गएको समयमा सोध्नु भन्यो । तथागतनिर पुगे पछि सोध्दा, 'हे आबुस,' गृद्धकुटबाट झर्दा, मैले एउटा यस्तो प्रेत देखे । जसको शरीर तीन गब्यूतिको र मान्छेको जस्तो आकृति तर शिर भने सुँगुरको जस्तो थियो । यसको मुखमा पुच्छार थियो । मुखमा किराहरू सल्बलाईरहेको थियो । त्यस्तो प्राणी कहिल्यै देखेको थिएन । त्यसैले हाँसेको हुँ, भन्यो । उनको कुरा सुने पछि तथागतले मैले पनि एक पटक बोधिबृक्ष मुनि त्यस्तै प्रेत देखेको थियो, भन्यो । काश्यप बुद्धको पालामा भिक्षुहरूलाई फुट पारेर बिहारबाट भागेथ्यो । त्यसैले अबीचिमा परेको हो । बोली बचन राम्रो राख्नु । मनलाई पूर्णरुपमा सयंमित राख्नु । शरीरबाट कुनै खराब काम नगर्नु । तीनवटै कर्म पथलाई शुद्ध गरेर मुनिहरूद्वारा बताइएको मार्ग अनुसरण गर्नु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**बाचानुरक्खी मनसा सुसंवुतो, कायेन च अकुसलं न कयिरा**
**एतेतयो कम्मपये विसोधये, आराधये मग्गं इसिप्पवेदितं ॥२८१॥**

**भावार्थ–**

बोली बचन राम्रो राख्नु । मनलाई पूर्णरुपमा सयंमित राख्नु । शरीरबाट कुनै खराब काम नगर्नु । तीनवटै कर्म पथलाई शुद्ध गरेर मुनिहरूद्वारा बताइएको मार्ग अनुसरण गर्नु ।

## २८२. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा महाबिहारमा रहँदा, पोठिला नामक त्रिपिटकधारी धर्म कथिकसँग धेरै भिक्षुहरूले पढ्थे । तर उनी आफैले ध्यान र मार्ग फल पाएका थिएनन् । त्यसैले तथागतले उनलाई तुच्छ पोठिल भनेर सम्बोधन गर्थे । तथागतको यस्तो सम्बोधनबाट उनलाई धेरै संवेग उत्पन्न भयो । उनी चीबर पात्र लिएर एक्लै ध्यान गर्न निस्के । श्रावस्तीबाट एक सय बीस योजन टाढा जंगलमा पुगे पछि त्यहाँ रहेका भिक्षुहरूसँग उनले 'हे भन्ते,' मलाई आश्रय दिनु, भने । तर ती भिक्षुहरूले, 'हे आबुस,' तिमी त्रिपिटकधारी धर्मकथित भएर यो के भन्दैछौं ? एकाग्रताद्वारा नै प्रज्ञा उत्पन्न हुन्छ । एकाग्रताको अभावले प्रज्ञाको नाश हुन्छ । उन्नति र बिनाशको यो दोहोरो बाटोलाई जानेर आफैलाई सजग गराउनु होस् । जेतवन महाबिहारमा बसेको तथागतले पोठिलको चित्त एकाग्र भएको देखि अगाडिनै उभिए झैं गरी गन्धकुटीबाटै उनलाई दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**योगा वे जायती भूरी, अयोगा भूरिसंखयो**
**एतं द्वेघापथं ञत्वा, भवाय विभवाय च**
**तथ'अत्तानं निवेसेय्य, यथा भूरि पवट्ठति ॥२८२॥**

**भावार्थ–**

एकाग्रताद्वारा नै प्रज्ञा उत्पन्न हुन्छ । एकाग्रताको अभावले प्रज्ञाको नाश हुन्छ । उन्नति र बिनाशको यो दोहोरो बाटोलाई जानेर आफैलाई सजग गराउनु होस् ।

## २८३. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गर्दा धेरै बृद्ध पुरुषहरू एकैसाथ प्रबर्जित भएर बिहारको एक छेउमा कुटी बनाएर बसेको देखे । उनीहरू कुनै ध्यान भावना र साधनाबिन रातदिन गफ मात्रै गरेर बस्दथे । यही क्रम उनीहरूको दिनचर्य हुन्थ्यो । उनीहरूमा एकजनाकी पुरानी स्त्रीले उनको लागि मीठो मसिनो खाने कुरा पनि ल्याइदिन्थिन् । जब उनी मरिन् सबै भिक्षुहरू एक आपासमा आगालो हालेर रुन थाले । यो कुरा भिक्षुहरूले तथागतलाई बताए पछि, 'हे भिक्षुहरू,' राग द्वेष, माया मोहा, काम वासना र तृष्णाका कारण नै उनीहरूले दुःख पाएका हुन् । बनबाट भय उत्पन्न हुन्छ । वासनारुपी बनलाई सखाप पार, बृक्षलाई होइन । बनबाट भय उत्पन्न हुन्छ । वासनारुपी बनलाई सखाप पार, बृक्षलाई होइन । बनबाट भय उत्पन्न हुन्छ । बन तथा कामनारुपी झाडी फाँडेर 'हे भिक्षुहरू,' बासनारुपी बनरहित बन । यसबाट मुक्ति पाउने छ । यसरी उनीहरूलाई काग जातकको कथा सुनाउदै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**वनं छिन्दथ मा रुक्खं, वनतो जायती भयं**
**छेत्वा वनञ्च वनथञ्च, निब्बना होथ भिक्खवो ॥२८३॥**

**भावार्थ–**

वासनारुपी बनलाई सखाप पार, बृक्षलाई होइन । बनबाट भय उत्पन्न हुन्छ । बन तथा कामनारुपी झाडी फाँडेर 'हे भिक्षुहरू,' बासनारुपी बनरहित बन । यसबाट मुक्ति पाउने छ ।

## २८४. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गर्दा धेरै बृद्ध पुरुषहरू एकैसाथ प्रबर्जित भएर बिहारको एक छेउमा कुटी बनाएर बसेको देखे । उनीहरू कुनै ध्यान भावना र साधनाबिन रातदिन गफ मात्रै गरेर बस्दथे । यही क्रम उनीहरूको दिनचर्य हुन्थ्यो । उनीहरूमा एकजनाकी पुरानी स्त्रीले उनको लागि मीठो मसिनो खाने कुरा पनि ल्याइदिन्थिन् । जब उनी मरिन् सबै भिक्षुहरू एक आपासमा आगालो हालेर रुन थाले । यो कुरा भिक्षुहरूले तथागतलाई बताए पछि, 'हे भिक्षुहरू,' राग द्वेष, माया मोहा, काम वासना र तृष्णाका कारण नै उनीहरूले दुःख पाएका हुन् । बनबाट भय उत्पन्न हुन्छ । वासनारुपी बनलाई सखाप पार, बृक्षलाई होइन । बनबाट भय उत्पन्न हुन्छ । वासनारुपी बनलाई सखाप पार, बृक्षलाई होइन । बनबाट भय उत्पन्न हुन्छ । बन तथा कामनारुपी झाडी फाँडेर 'हे भिक्षुहरू,' बासनारुपी बनरहित बन । यसबाट मुक्ति पाउने छ । उनीहरूलाई काग जातकको कथा सुनाउदै दिएको उपदेशको पालीगाथा ॥२८३॥

**पालीगाथा–**

**याव हि वनथो न छिज्जति, अणुमत्तोपि नरस्स नारिसु**
**पटिवद्धमनो व ताव सो, वच्छो खीरपकोव मातरि ॥२८४॥**

**भावार्थ–**

जबसम्म पुरुषहरूमा स्त्रीप्रतिको कामनारुपी झाडीलाई नष्ट गरिन्न, तबसम्म दूधमुखे बच्चाको लगाव आमातिर रहेझैं पुरुषहरू पनि महिला प्रति असक्त रहन्छन् ।

## २८५. समय सन्दर्भ–

एक समयमा अहर्त सारिपुत्र स्थविरको एकजना शिष्य सुवर्णकार कुलबाट प्रबर्जित भयो। उसलाई शुभ कर्म स्थान दिए। चार महिनासम्म उद्योग गर्दा पनि कुनै बिशेषता पिाउन नसके पछि उनलाई तथागतनिर लगेर गयो। 'हे भिक्षु सुवर्णकार,' तिम्रो पूर्व जन्महरू हेर्दा, ५०० वर्षसम्म सुवर्णकार कुलमै जन्म भएको देखेर उनलाई सुवर्णको एउटा पद्म फूल दिँदै, यो फूललाई बालुवा माथि राखेर भावना गर, भने। उनले तथागतको आज्ञा अनुसार भावना गर्दै जाँदा, चतुर्थ ध्यान प्राप्त भयो। तथागतले ऋद्धिबलद्वारा निर्माण गरेको पद्म फूल ओइलाउने संकेत देखे पछि, भिक्षुले अनित्य लक्षणलाई नमस्कार गर्यो। शरद याममा फुलेको कुमुद (राती फूल्ने कमल)लाई हातले चुँच्डाले झैं आत्मको स्नेहलाई पनि यसै गरी चुँडालि देउ। तथागतद्वारा उपदेशित शान्ति मार्गमा अधि बढ। तथागतले गन्धकुटीबाटै उनको चित्त प्रबति देखेर दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**उच्छिन्द सिनेहं अत्तनो, कुमुदं सारदिकं व पाणिना**
**सन्तिमग्गं एवं ब्रुहय, निब्बानं सुगतेन देसितं ॥२८५॥**

**भावार्थ–**

शरद याममा फुलेको कुमुद (राती फूल्ने कमल)लाई हातले चुँच्डाले झैं आत्मको स्नेहलाई पनि यसै गरी चुँडालि देउ। तथागतद्वारा उपदेशित शान्ति मार्गमा अधि बढ। यसबाट जीवनको लक्ष्य प्राप्तितिर उन्मुख हुने छ।

## २८६. समय सन्दर्भ–

एक समय तथागत जेतवन महाबिहारमा रकेको समयमा वाराणसीको कुनै महाधनी बनियाले ५०० गोरुगाडामा फूल तथा रङ्गी-बिरङ्गी कपडाहरू लिएर बेच्नको लागि श्रावस्ती आयो। रात परे पछि उसले भोलिपल्ट नगरमा जाने बिचार गरी नदीको किनारमा गोरुगाडा रोक्यो। नदीमा राती ठुलो बाढी आयो। तर उनले त्यही बस्ने बिचार गर्यो। उनको बिचारलाई जानेर तथागत मुस्कुरायो। आनन्दले मुस्कुराउनुको कारण सोध्दा, 'हे आनन्द,' त्यो बनियाले तीनै याममा त्यही बसेर कपडा बेच्ने संकल्प गरेको छ। तर उसको आयु अब एक साता मात्र बाँकी छ, भन्यो। तथागतको आज्ञा अनुसार आनन्द त्यहाँ गएर बनियालाई उपदेश दिए। मृत्युबाट भयभित बनियाले एक सप्ताहसम्म भोजन दान दिए। सातौ दिनमा दानानुमोदन गर्दै बर्षा, हेमन्त र ग्रीष्म तीनै ॠतुमा म यही बसेर राम्रो ब्यापार गर्ने छु भनि ब्यापारीले चिन्तन गर्छन्। तर उनले आफ्नो मृत्युको बारेमा चिन्तन गर्दैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**इध वस्सं वसिस्सामि, इध हेमन्तगिम्हिसु**

**इति बालो विचिन्तेति, अन्तरायं न बुज्झति ॥२८६॥**

**भावार्थ–**

बर्षा, हेमन्त र ग्रीष्म तीनै ॠतुमा म यही बसेर राम्रो ब्यापार गर्ने छु भनि ब्यापारीले चिन्तन गर्छन्। उही उनको कर्तब्य हो। तर उनले आफ्नो मृत्युको बारेमा चिन्तन गर्दैन।

## २८७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको एक सम्पन्न सेठकी पत्नी किसा गौतमी आफ्नो एक्लो प्यारो छोराको मृत्यु भए पछि यसलाई काखमा लिएर मरेकालाई ब्युताउने बैद्यको खोजिमा घुम्दै थिइन् । यही क्रममा उनी तथागतकहाँ पुगिन् । उनले आफ्नो छोरा ब्युताइदिन अनुरोध गरिन् । 'हे गौतमी,' तिम्रो छोरालाई ब्युताउनको लागि अलिकति सर्स्युँ चाहिन्छ । तर, त्यो घरमा कहिल्यै पनि मानिस मरेको हुनु हुँदैन भने । गौतमी, दौडिएर गाउँमा सर्स्युँ माग्न पुगिन् । उनले सारा नगर घुमिन् तर, मानिस नमरेको घर कतै पनि भेटिएन । उ खालि हात फर्कियो । 'हे गौतमी,' मैले भने जस्तो सर्स्युँ ल्यायो त ? भनेर सोध्दा, 'हे भन्ते,' म अज्ञानीले तपाइँको आसय नबुझिकनै सर्स्युँ खोज्न गए । मलाई अहिल्यै प्रबज्य दिनु भनिन् । पुत्र शोकमा असक्त भएका मानिसहरूलाई मध्य रातमा आएको बाढीले पुरै गाउँ बगाएर लगे जस्तै गरी मृत्युले झुक्याएर लैजान्छ । तर उनलाई यसको कुनै आभास हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा ॥११४॥

**पालीगाथा**– *****

**तं पुत्तप सुसम्मत्तं, ब्यासत्तमनसं नरं**

**सत्तं गाम महोधो व, मच्चु आदाय गच्छति ॥२८७॥**

**भावार्थ**–

पुत्र शोकमा असक्त मन भएका मानिसहरूलाई मध्य रातमा आएको बाढीले पुरै गाउँ बगाएर लगे जस्तै गरी मृत्युले झुक्याएर लैजान्छ । तर उनलाई यसको कुनै आभास हुँदैन ।

## २८८. समयम सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै महिला आफ्ना दुई छोराहरू र पति मरेको तथा आमा, बाबा र भाइ समेत एउटै चित्तामा जलेको देखे पछि बौलाइन् । उनी आफ्नो लुगाको पनि ख्यालै नगरी नाङ्गै घुम्न थालिन् । एकदिन जेतवन जाना लाग्दा, त्यहाँ रोक्न खोजे । तर तथागतले नरोक्नु भने । तथागतको नजिकै जाँदा उनको चेतना खुल्यो । आफुलाई नाङ्गै देखेर लज्जित भइ भुइमा थुचुक्क बसिन् । कसैले बस्त्र दिए पछि तथागतलाई पञ्चाङ्ग प्रणाम गरिन् । तथागतको उपदेश सुने पछि श्रोतापतिफल प्राप्त गरिन् । प्रबर्जित भए पछि उनको नाम पटाचारा थेरी राखियो । एकदिन उनले गोडा धुदै गर्दा, पञ्चस्कन्धहरूको उत्पति र बिनाशको बारेमा मनन् गर्दै थिइन् । जीवनको अन्तिम समयमा मृत्युले गाजेको मान्छेको रक्षा न त पुत्रपुत्री, दाजुभाइ, बन्धुबान्धव, आफन्त, नातेदार साथीभाइहरू कसैले पनि गर्न सक्दैनन् । त्यसैबेला गन्धकुटीबाट उनको चित्तको प्रबृति जानी उनकै अगाडि उभिएर तथागतले दिएको उपदेशको पालीगाथा ॥११३॥

**पालीगाथा–**

**न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा**
**अन्तकेनाधिपन्नस्स, न'अत्थि ञातीसु ताणता ॥२८८॥**

**भावार्थ–**

जीवनको अन्तिम समयमा मृत्युले गाजेको मान्छेको रक्षा न त पुत्रपुत्री, दाजुभाइ, बन्धुबान्धव, आफन्त, नातेदार, इष्टमित्र साथीभाइहरू कसैले पनि गर्न सक्दैनन् । त्यसबेल तपाइँको कर्म र प्रज्ञाले मात्र साथ दिने छ ।

## २८९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै महिला आफ्ना दुई छोराहरू र पति मरेको तथा आमा, बाबा र भाइ समेत एउटै चित्तामा जलेको देखे पछि बौलाइन् । उनी आफ्नो लुगाको पनि ख्यालै नगरी नाङ्गै घुम्न थालिन् । एकदिन जेतवन जाना लाग्दा, त्यहाँ रोक्न खोजे । तर तथागतले नरोक्नु भने । तथागतको नजिकै जाँदा उनको चेतना खुल्यो । आफुलाई नाङ्गै देखेर लज्जित भइ भुइमा थुचुक्क बसिन् । कसैले बस्त्र दिए पछि तथागतलाई पञ्चाङ्ग प्रणाम गरिन् । तथागतको उपदेश सुने पछि श्रोतापतिफल प्राप्त गरिन् । प्रबर्जित भए पछि उनको नाम पटाचारा थेरी राखियो । एकदिन उनले गोडा धुदै गर्दा, पञ्चस्कन्धहरूको उत्पति र बिनाशको बारेमा मनन् गर्दै थिइन् । शीलवान पण्डित वा सिद्धवान महापुरुषले यस्तो आर्थपूर्ण गाँठी कुरा जानेर राग, द्वेष, माया मोह, काम, वासना र तृष्णा त्यागेर निर्वाणतिर उन्मुख रहोस् । त्यसै समय गन्धकुटीबाट उनको चित्त प्रबृति जानी उनकै अगाडि उभिएर तथागतले दिएको उपदेशको पालीगाथा ॥२८८॥

**पालीगाथा–** *****

**एतं अत्थवसं ञत्वा, पण्डितो सीलसंबुतो**

**निब्बनगमनं मग्गं, खिप्पमं एवं विसोधये ॥२८९॥**

**भावार्थ–**

शीलवान पण्डित वा सिद्धवान महापुरुषले यस्तो आर्थपूर्ण गाँठी कुरा जानेर राग, द्वेष, माया, मोह, काम, वासना र तृष्णा त्यागेर निर्वाणतिर जाने मार्ग तुरुन्तै पहिल्यावस् ।

# धम्मपद

# प्रकिर्ण बर्ग– २१

## २९०. समय सन्दर्भ–

एक समयमा बैशाली नगरमा अनिकाल लाग्यो । प्लेगको महामारी फैलियो । अमनुष्यहरूबाट उपद्रव भइरहेको थियो । लिच्छिबी राजाले राजगृह गएर तथागतलाई निमन्त्रणा गरे । तथागत आएर रत्न सूत्रको पाठ गराए पछि सारा महामारी शान्त भयो । तथागत त्यहाँबाट बैशाली जाँदा बिशेष प्रकारले बाटो सजाइएको थियो । लिच्छबी राजा र बिम्बीसार दुबैले नदीको वारपार उत्सव मनाइरहेका थिए । भिक्षुहरूले उत्सवको कारण सोध्दा, 'हे भिक्षुहरू,' पूर्वजन्म मा मैले शंख नामक ब्राह्मण भएर शुसीम नामक प्रत्येक बुद्धको चैत्यमा पूजा गरेको थिए । यो उत्सव, सत्कार र सम्मान त्यसै बिपाकबाट पाएको हो । यदि थोरै सुख त्यागेर धेरै सुख पाइन्छ भने, पण्डित र बुद्धिमान मानिसहरूले धेरै सुखको ख्याल राखेर थोरै सुखको परित्याग गर्न सक्नु पर्छ । अतीतमा अल्प मात्र त्यागेको थिए । आज यसको फल बिशाल भएको छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**मत्तासुखपरिच्चागा, पस्से चे विपुलं सुखं**
**चजे मत्तासुखं धीरो, सम्मस्सं विपुलं सुखं ॥२९०॥**

**भावार्थ**–

यदि थोरै सुख त्यागेर धेरै सुख पाइन्छ भने, पण्डित र बुद्धिमान मानिसहरूले धेरै सुखको ख्याल राखेर थोरै सुखको परित्याग गर्न सक्नु पर्छ । यसको परिणाम आफ्नै जीवनकालमा भाग्न पाइन्छ भन्ने कुरा बिद्वान र ज्ञानीहरूले मात्र अनुभूति हुने छ ।

## २९१. समय सन्दर्भ–

एक समयमा पूर्वजन्ममा सौता सौतेनी हुँदा एक आर्काको डाहले अनेक जुनिहरूमा परस्पर बदला लिँदै बुद्धकालमा माली यक्षनी र कुलकन्या भई श्रावस्तिमा जन्मिएका सौता सौतेनीमध्ये दुई पटकसम्म सौता कुलकन्याको नवजात शिशु खोसेर खाइदिने काली यक्षनी र तेश्रो पटक माइत गएर सुत्केरी भइ पतिको घर फर्कँदै गर्दा, बाटोमा जेतवन महाबिहार नजिकै बसेर दूध चुसाउन लागेको बेला काली यक्षनी आउँदै गरेको देखी फेरी पनि आफ्नो बच्चा गुमाउनु पर्ने डरले तथागतको शरणमा गएकी कुलकन्याले भन्ते यो शिशुलाई जीवन दान दिनुहोस् भने पछि तथागतले जेतवनको द्वारमै रोकिराखेकी काली यक्षनी र मृत बच्चा की आमा कुलकन्या दुबैलाई सँगै राखी सौता सौतेनीको बारेमा उपदेश दिए। जो मानिस अर्कालाई दुःख दिएर आफ्नो सुख चाहन्छ। त्यस्तो मानिसको बैरभावको संसर्गमा परेको त्यो मानिस दुस्मनीबाट कहिल्यै पनि मुक्त हुन सक्दैन् भन्दै दिएको उपदेशको पालीगाथा ॥५॥

**पालीगाथा–**

**परदुक्खुपधानेन, यो अत्तानो सुखमिच्छति**
**वेरसंसग्गसंसट्ठो, वेरो सो न परिमुच्चति ॥२९१॥**

**धावार्थ–**

जो मानिस अर्कालाई दुःख दिएर आफ्नो सुख चाहन्छ। त्यस्तो मानिसको बैरभावको संसर्गमा परेको त्यो मानिस दुस्मनीबाट कहिल्यै पनि मुक्त हुन सक्दैन्।

## २९२. समय सन्दर्भ–

एक समयमा तथागत जातियबनको बिहारमा बिहार गर्दै गर्दा भद्दिकाबासी भिक्षुहरू तथागतबाट कर्म स्थान प्राप्त गरी ध्यान भावन र साधना गर्न बनमा गएका थिए । उनीहरूले गर्नु पर्ने ध्यान, भावना र साधना नगरी, नाना प्रकारका पादुका बानउनेतिर लागेको थिए । उनीहरू यही काममा रमाए । भिक्षुहरूले यो कुरा तथागतलाई सुनाए पछि, एकदिन पादुका बनाउने भिक्षुहरूलाई बोलाएर, 'हे भिक्षहरू,' तिमीहरूलाई एउटा काममा आएर आर्को काम गर्ने गर्छौ भन्ने कुरा सुन्नमा आएको छ । के यो कुरा सत्य हो ? भनेर सोध्दा, हो भन्ते भन्यो । किन त्यसो गर्यो त भनेर सोध्दा, तत्काल कुनै उत्तर आएन । मानव जीवनमा जो काम गर्नै पर्ने हुन्छ, त्यसालाई राम्रोरी सम्पन्न गार्नु पर्छ । गर्नु पर्ने कामलाई छाडेर, जो गर्नै नहुने छन् त्यस्ता कामहरू जसले गर्दछन् । मैलो कसर वा फोहरले भरिएको ती प्रमादीहरूको आश्रव बढेर जान्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यं हि किच्चं अपविद्धं, अकिच्चं पन कयिरति**
**उन्नलानं पमत्तानं, थेसं वङ्कन्ति आसवा ॥२९२॥**

**भावार्थ–**

मानव जीवनमा जो काम गर्नै पर्ने हुन्छ, त्यसालाई राम्रोरी सम्पन्न गार्नु पर्छ । गर्नु पर्ने कामलाई छाडेर, जो गर्नै नहुने छन् त्यस्ता कामहरू जसले गर्दछन् । मैलो कसर वा फोहरले भरिएको ती प्रमादीहरूको आश्रव बढेर जान्छन् ।

## २९३. समय सन्दर्भ–

एक समयमा तथागत जातियवनमा बिहारमा बिहार गर्दै गर्दा, भद्दिकाबासी भिक्षुहरू तथागतबाट कर्म स्थान प्राप्त गरी ध्यान, भावन र साधना गर्न बनमा गएका थिए। उनीहरूले गर्नु पर्ने ध्यान, साधना र भावना नगरी, नाना प्रकारका पादुका बानउनेतिर लागेको थिए। भिक्षुहरूले यो कुरा तथागतलाई सुनाए पछि, एकदिन पादुका बनाउने भिक्षुहरूलाई बोलाएर, 'हे भिक्षहरू,' तिमीहरूलाई एउटा काममा आएर आर्को काम गर्ने गर्छौ भन्ने कुरा सुन्नमा आएको छ। के यो कुरा सत्य हो ? भनेर सोध्दा, हो भन्ते भन्यो। जो काम गर्नै पर्ने हुन्छ, त्यसलाई छाडेर, जो गर्नै नहुने छन्, त्यस्ता कामहरू जसले गर्दछन् । मैलो कसर वा फोहरले भरिएको ती प्रमादीहरूको आश्रव बढेर जान्छन् जसको स्मृति निरन्तर स्थिर रहन्छ। त्यो मानिसले गर्न नहुने कामको अनुसरण कहिल्यै पनि गर्दैन । त्यस्तो मानिसको आश्रव आफै नष्ट हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥२९२॥

**पालीगाथा–**

**येसय् च सुसमारद्धा, निच्चं कायगता सति**
**अकिच्चं ते न सेवन्ति, किच्चे सातच्चकारिनो**
**सतानं सम्पजानानं, अत्थत गच्छति आसवा ॥२९३॥**

**भावार्थ–**

जसको स्मृति निरन्तर स्थिर रहन्छ। त्यो मानिसले गर्न नहुने कामको अनुसरण कहिल्यै पनि गर्दैन । त्यस्तो सचेत मानिसको आश्रव आफै नष्ट भएर जान्छ।

# २९४. समय सन्दर्भ–

एक समयमा जेतवनमा धेरै आगन्तुक भिक्षुहरू तथागतको बन्दना गरेर एक छेउमा बसेका थिए। उनीहरू तथागतको उपदेश सुन्न उत्सुक थिए। त्यैसेबेला लाकुण्टक भद्दिय स्थविर तथागतदेखि केही टाढा जादै थियो। तथागतले उसलाई संकेत गर्दै भने, 'हे भिक्षुहरू,' त्यो लकुन्टक भिक्षुलाई हेर्दै भन्यो। उसले आफ्नो आमा र बाबा दुबैलाई मारेर आफैले दुःख बेसाएको छ। तथागतको कुरा सुनेर भिक्षुहरूले आपासमा मुखामुख गर्दै सोधे। 'हे भन्ते,' तपाइँले के भन्दै हुनुहुन्छ ? के यो कुरा सत्य हो ? यसको आसय के हो ? उसले यो सबै कुकर्म किन गर्नु पर्यो ? यसको पछिडि के रहस्य लुकेको थियो ? भन्दै कुरा गर्दा, माता पिता तिर्सना र अहंकार दुई क्षेत्रीय राजाहरू हुन्। यसलाई शास्वत दृष्टि एवं अनुचरका साथमा सारा असक्तिलाई त्यागेर निर्वाणको बाटो अबलम्वन गर्न सकिन्छ भन्दै दिनु भएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**मातरं पितरं हत्वा, राजानो द्वे त खत्तिये**
**रट्ठं सानुचरं हन्त्वा, अनीधो याति ब्राह्मणो ॥२९४॥**

**भवार्थ–**

माता, पिता, तिर्सना र अहंकार दुई क्षेत्रीय राजाहरू जस्तै हुन्। यसलाई शास्वत दृष्टि, उच्छेद दृष्टि एवं अनुचरका साथमा सारा राष्ट्र असक्तिलाई मारेर पश्चताप गर्नु भन्दा, निर्वाण मार्ग अवलम्बन गर्न उत्तम हुने देखिन्छ।

## २९५. समय सन्दर्भ–

एक समयमा जेतवनमा धेरै आगन्तुक भिक्षुहरू तथागतको बन्दना गरेर एक छेउमा बसेका थिए। उनीहरू तथागतको उपदेश सुन्न उत्सुक थिए। त्यैसेबेला लाकुण्टक भद्दिय स्थविर तथागतदेखि केही टाढा जादै थियो । तथागतले उसलाई संकेत गर्दै भने, 'हे भिक्षुहरू,' त्यो लकुन्टक भिक्षुलाई हेर्दै भन्यो। उसले आफ्नो आमा र बाबा दुबैलाई मारेर आफैले दुःख बेसाएको छ। तथागतको कुरा सुनेर भिक्षुहरूले आपासमा मुखामुख गर्दै सोधे। 'हे भन्ते,' तपाइँले के भन्दै हुनुहुन्छ ? के यो कुरा सत्य हो ? यसको आसय के हो ? उसले यो सबै कुकर्म किन गर्नु पर्यो ? यसको पछिडि के रहस्य लुकेको थियो ? भन्दै कुरा गर्दा, माता पिता तिर्सना र अहंकार दुई क्षेत्रीय राजाहरू जस्तै हुन् । यसलाई शास्वत दृष्टि एवं अनुचरका साथमा सारा असक्तिलाई त्यागेर कामेच्छालाई निवारण गरेर कुनै ब्याकुलतामा नरही निर्वाणको बाटो अबलम्वन गर्न सकिन्छ भन्दै दिनु भएको उपदेशको पालीगाथा ।।२९४।।

**पालीगाथा–**

**मातरं पितरं हन्त्वा, राजाने द्वे च सोत्थिये**
**वेयग्घपञ्चमं हन्त्वा, अनिघो याति ब्राह्मणो ।।२९५।।**

**भावार्थ–**

माता, पिता, तिर्सना र अहंकार दुई ज्ञानी क्षेत्रीय राजाहरू जस्तै हुन् । कामेच्छालाई निवारण गरेर कुनै ब्याकुलतामा नरही निर्वाणको मार्ग अवलम्बन गर्न उत्तम हुनेछ।

# २९६. समय सन्दर्भ–

एक समयमा राजगृहमा सम्यकदृष्टि र मिथ्यदृष्टि दुबैका छोराहरू सँगसँगै दण्डीबियो खेल्थे। समयकदृष्टिको छोराले नमो बुद्धस्स भन्थ्यो। मिथ्यदृष्टिको छोराले नमो अहर्तन भन्थ्यो। खेल चाहि बुद्धस्स भन्ने केटोले जित्थ्यो। एकदिन बाबु छोरो गाडामा दाउरा लादेर आउँदा बाटैमा गाडा फस्यो । त्यसपछि पछि गोरु फुकाएर बिश्रम गरे । केही समय पछि पुनः गोरु खोजेर फर्कदा नगरको द्वार बन्द भैसकेको थियो। बालक गाडा मुनि सुत्यो। राती दुई जना भूतहरू आएर बालकलाई खान खोज्यो । उनले नमो बुद्धस्स भनेकाले भूतहरू हरायो। राती बाआमाको रुपमा सुनको थालमा खाना ल्याएर खुवायो। बिहान सिपाइहरू सुनको थाल खोज्दै ओउदा गाडामा भेटिएकोले उनलाई राजा बिम्बिसारको दरबार लगियो । तथागतको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन्। साथै उनको स्मृति दिनमा तथा रातमा लगातार बुद्ध निर्देशित भइरहन्छन् । यस प्रसँगमा बालकको बृतात्न कुरा सन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**सुप्पबुद्धं पबुज्भन्ति, सदा गोतमसावका**
**येसं दिवा च रतो च, निच्चं बुद्धगता सति ॥२९६॥**

**भावार्थ**–

तथागत शाक्यमुनि गौतम बुद्धको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको स्मृति दिनमा तथा रातमा लगातार बुद्ध निर्देशित भइरहन्छन् ।

## २९७. समय सन्दर्भ–

एक समयमा राजगृहमा सम्यकदृष्टि र मिथ्यदृष्टि दुबैका छोराहरू सँगसँगै दण्डीबियो खेल्थे । समयकदृष्टिको छोराले नमो बुद्धस्स भन्थ्यो । मिथ्यदृष्टिको छोराले नमो अहर्तन भन्थ्यो । खेल चाहि बुद्धस्स भन्ने केटोले जित्थ्यो । एकदिन बाबु छोरो गाडामा दाउरा लादेर आउँदा बाटैमा गाडा फस्यो । त्यसपछि पछि गोरु फुकाएर बिश्रम गरे । केही समय पछि पुनः गोरु खोजेर फर्कदा नगरको द्वार बन्द भैसकेको थियो । बालक गाडा मुनि सुत्यो । राती दुई जना भूतहरू आएर बालकलाई खान खोज्यो । उनले नमो बुद्धस्स भनेकाले भूतहरू हरायो । राती बाआमाको रुपमा सुनको थालमा खाना ल्याएर खुवायो । बिहान सिपाइहरू सुनको थाल खोज्दै ओउदा गाडामा भेटिएकोले उनलाई राजा बिम्बिसारको दरबार लगियो । तथागतको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको स्मृति दिनमा तथा रातमा लगातार धम्म निर्देशित भइरहन्छन् । यस प्रसँगमा बालकको बृतात्न कुरा सन्दै दिएको उपदेशको पालीगाथा ।।२९६।।

**पालीगाथा**– *****

**सुप्पबुद्धं पबुज्भन्ति, सदा गोतमसावका**
**येसं दिवा च रतो च, निच्चं धम्मगता सति ।।२९७।।**

**भावार्थ**–

तथागत शाक्यमुनि गौतम बुद्धको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको स्मृति दिनमा तथा रातमा लगातार धर्म निर्देशित भइरहन्छन् ।

## २९८. समय सन्दर्भ–

एक समयमा राजगृहमा सम्यकदृष्टि र मिथ्यदृष्टि दुबैका छोराहरू सँगसँगै दण्डीबियो खेल्थे। समयकदृष्टिको छोराले नमो बुद्धस्स भन्थ्यो। मिथ्यदृष्टिको छोराले नमो अहर्तन भन्थ्यो। खेल चाहि बुद्धस्स भन्ने केटोले जित्थ्यो। एकदिन बाबु छोरो गाडामा दाउरा लादेर आउँदा बाटैमा गाडा फस्यो । त्यसपछि पछि गोरु फुकाएर बिश्रम गरे । केही समय पछि पुनः गोरु खोजेर फर्कदा नगरको द्वार बन्द भैसकेको थियो। बालक गाडा मुनि सुत्यो। राती दुई जना भूतहरू आएर बालकलाई खान खोज्यो । उनले नमो बुद्धस्स भनेकाले भूतहरू हरायो । राती बाआमाको रुपमा सुनको थालमा खाना ल्याएर खुवायो । बिहान सिपाइहरू सुनको थाल खोज्दै ओउदा गाडामा भेटिएकोले उनलाई राजा बिम्बिसारको दरबार लगियो । तथागतको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन्। साथै उनको स्मृति दिनमा तथा रातमा लगातार संघ निर्देशित भइरहन्छन् । यस प्रसँगमा बालकको बृतात्न कुरा सन्दै दिएको उपदेशको पालीगाथा ॥२९६॥

**पालीगाथा**– *****

**सुप्पबुद्धं पबुज्भन्ति, सदा गोतमसावका**
**येसं दिवा च रतो च, निच्चं संघगता सति ॥२९८॥**

**भावार्थ**–

तथागत शाक्यमुनि गौतम बुद्धको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको स्मृति दिनमा तथा रातमा लगातार संघ निर्देशित भइरहन्छ।

## २९९. समय सन्दर्भ–

एक समयमा राजगृहमा सम्यकदृष्टि र मिथ्यदृष्टि दुबैका छोराहरू सँगसँगै दण्डीबियो खेल्थे । समयकदृष्टिको छोराले नमो बुद्धस्स भन्थ्यो । मिथ्यदृष्टिको छोराले नमो अहर्तन भन्थ्यो । खेल चाहि बुद्धस्स भन्ने केटोले जित्थ्यो । एकदिन बाबु छोरो गाडामा दाउरा लादेर आउँदा बाटैमा गाडा फस्यो । त्यसपछि पछि गोरु फुकाएर बिश्रम गरे । केही समय पछि पुनः गोरु खोजेर फर्कदा नगरको द्वार बन्द भैसकेको थियो । बालक गाडा मुनि सुत्यो । राती दुई जना भूतहरू आएर बालकलाई खान खोज्यो । उनले नमो बुद्धस्स भनेकाले भूतहरू हरायो । राती बाआमाको रुपमा सुनको थालमा खाना ल्याएर खुवायो । बिहान सिपाइहरू सुनको थाल खोज्दै ओउदा गाडामा भेटिएकोले उनलाई राजा बिम्बिसारको दरबार लगियो । तथागतको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको स्मृति दिनमा तथा रातमा लगातार बुद्ध निर्देशित भइरहन्छन् । यस प्रसँगमा बालकको बृतात्न कुरा सन्दै दिएको उपदेशको पालीगाथा ॥२९६॥

**पालीगाथा**– *****

**सुप्पबुद्धं पबुज्झन्ति, सदा गोतमसावका**
**येसं दिवा च रतो च, निच्चं कायगता सति ॥२९९॥**

**भावार्थ**–

तथागत शाक्यमुनि गौतम बुद्धको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको स्मृति दिनमा तथा रातमा लगातार कायद्वारा निर्देशित भइरहन्छ ।

# ३००. समय सन्दर्भ–

एक समयमा राजगृहमा सम्यकदृष्टि र मिथ्यदृष्टि दुबैका छोराहरू सँगसँगै दण्डीबियो खेल्थे। समयकदृष्टिको छोराले नमो बुद्धस्स भन्थ्यो। मिथ्यदृष्टिको छोराले नमो अहर्तन भन्थ्यो। खेल चाहि बुद्धस्स भन्ने केटोले जित्थ्यो। एकदिन बाबु छोरो गाडामा दाउरा लादेर आउँदा बाटैमा गाडा फस्यो । त्यसपछि पछि गोरु फुकाएर बिश्रम गरे । केही समय पछि पुनः गोरु खोजेर फर्कदा नगरको द्वार बन्द भैसकेको थियो। बालक गाडा मुनि सुत्यो। राती दुई जना भूतहरू आएर बालकलाई खान खोज्यो । उनले नमो बुद्धस्स भनेकाले भूतहरू हरायो । राती बाआमाको रुपमा सुनको थालमा खाना ल्याएर खुवायो । बिहान सिपाइहरू सुनको थाल खोज्दै ओउदा गाडामा भेटिएकोले उनलाई राजा बिम्बिसारको दरबार लगियो । तथागतको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन्। साथै उनको स्मृति दिनमा तथा रातमा लगातार बुद्ध निर्देशित भइरहन्छन् । यस प्रसँगमा बालकको बृतात्न कुरा सन्दै दिएको उपदेशको पालीगाथा ।।।२९६।।

**पालीगाथा**– *****

**सुप्पबुद्धं पबुज्भन्ति, सदा गोतमसावका**

**येसं दिवा च रतो च, निच्चं अहिंसाय रतोमनो ।।३००।।**

**भावार्थ**–

तथागत शाक्यमुनि गौतम बुद्धको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन् । साथै उनको मन रात दिन अहिंसामा निरन्तर केन्द्रीत रहन्छ। यही उनको दैनिकी थियो ।

## ३०१. समय सन्दर्भ–

एक समयमा राजगृहमा सम्यकदृष्टि र मिथ्यदृष्टि दुबैका छोराहरू सँगसँगै दण्डीबियो खेल्थे। समयकदृष्टिको छोराले नमो बुद्धस्स भन्थ्यो। मिथ्यदृष्टिको छोराले नमो अहर्तन भन्थ्यो। खेल चाहि बुद्धस्स भन्ने केटोले जित्थ्यो। एकदिन बाबु छोरो गाडामा दाउरा लादेर आउँदा बाटैमा गाडा फस्यो। त्यसपछि पछि गोरु फुकाएर बिश्रम गरे। केही समय पछि पुनः गोरु खोजेर फर्कदा नगरको द्वार बन्द भैसकेको थियो। बालक गाडा मुनि सुत्यो। राती दुई जना भूतहरू आएर बालकलाई खान खोज्यो। उनले नमो बुद्धस्स भनेकाले भूतहरू हरायो। राती बाआमाको रुपमा सुनको थालमा खाना ल्याएर खुवायो। बिहान सिपाइहरू सुनको थाल खोज्दै ओउदा गाडामा भेटिएकोले उनलाई राजा बिम्बिसारको दरबार लगियो। तथागतको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन्। साथै उनको स्मृति दिनमा तथा रातमा लगातार बुद्ध निर्देशित भइरहन्छन्। यस प्रसँगमा बालकको बृतात्न कुरा सन्दै दिएको उपदेशको पालीगाथा ॥२९६॥

**पालीगाथा**– *****

**सुप्पबुद्धं पबुज्झन्ति, सदा गोतमसावका**
**येसं दिवा च रतो च, निच्चं भावनाय रतोमनो ॥३०१॥**

**भावार्थ**–

तथागत शाक्यमुनि गौतम बुद्धको शिष्यहरू सधै पूर्णरुपले जागृत र प्रबुद्ध रहन्छन्। साथै उनको मन रात दिन ध्यान र भावनामा निरन्तर केन्द्रीत रहन्छ। यही उनको दैनिकी थियो।

## ३०२. समय सन्दर्भ–

एक समयमा तथागत बैशालीको महाबनमा रहेको बेलामा जंगलमा बिहार गर्दै गर्दा, कुनै बज्जिपुत्र भिक्षु पूर्णिमाको दिन नगर उत्सवमा बजाइने बाजा आदिको आवाज सुनेर उदास भयो। आफ्नो भिक्षु जिवनलाई सबै भन्दा तुच्छा ठान्यो । त्यसै बेला देवताहरूले गाथा गाएर उसलाई उद्धिग्न गराए। भोलि पल्ट त्यस भिक्षुले तथागतसँग आएर सबै कुरा सुनाए पछि, तथागतले चार आर्यसत्य पञ्चशील, अष्टमार्ग र प्रतित्यसमुत्पादको मौलिक सिद्धान्तको बारेमा बताए। किनभने प्रबज्य र सन्यासी हुन सजिलो छ। तर, यो मानव जीवनमा प्रबज्य वा सन्यास लिनु पनि चुनौति एवं कष्टपूर्ण छ। असमान छिमेकीहरूसँग न्यानो सम्बन्ध स्थापना गर्न पनि सजिलो छैन । घुमन्ते, फिरन्ते र घुमक्कड भएर भासिनु पनि सुखद होइन भन्दै दिएको उपदेशको लालीगाथा।

**पालीगाथा–**

**दुप्पब्बज्ज दुरभिरमं, दुरावासा घरादखा**
**दुक्खो समानसंवासने, दक्खानुपतित्’अद्धगु**
**तस्मान च’अद्धगु सिया, न च दुक्खानु पतितो सिया॥३०२॥**

**भावार्थ–**

यो मानव जीवनमा प्रबज्य वा सन्यास लिनु पनि चुनौति एवं कष्टपूर्ण छ। सामाजिक समानताका लागि असमान छिमेकीहरूसँग न्यानो सम्बन्ध स्थापना गर्न पनि सजिलो छैन। घुमन्ते फिरन्ते र घुमक्कड भएर भासिनु पनि सुखद होइन।

## ३०३. समय सन्दर्भ–

एक समयमा मच्छिकासण्ड नामक नगरमा चित्त नामक एक श्रोतापन्न गृहपति थियो। उनले अम्बाटकबन भन्ने उद्यानमा एउटा बिहार बनाएर भिक्षु महासंघलाई दान दिएको थियो। त्यहाँ सुधम्म भन्ने स्थविर रहन्थे । एकदिन चित्त गृहपतिले भोजनको लागि निमन्त्रणा गर्ने क्रममा आग्रश्रावकहरूलाई पहिले र आफुलाई पछिबाट भनेको भन्दै रुष्ट भएर निमन्त्रणा अस्वीकार गर्ने भिक्षु सुधम्मलाई तथागतले तिम्रै दोष छ। चित्तसँग क्षमा माँग, भने पछि सुधम्मले क्षमा माँगे । तर, गृहपति चित्तले मैले किन क्षमा दान गर्ने ? मैले क्षमा गरेर के हुन्छ भनेर क्षमा दिएनन् । यसै प्रसँगमा तथागतले, 'हे भिक्षुहरू,' उनी मेरो श्रमणेर हो । यो मेरो बिहार हो। मेरो निवास स्थान हो। मेरो उपासक हुन्। यस्तो सोँचेर मान र इर्ष्य गर्नु हुँदैन। श्रद्धा, शील, यश काम, वासना र भोगले युक्त भएका उपासकहरू, उपासिकाहरू र सिद्धपुरुषहरू जुनजुन प्रदेशमा सहभागी हुन्छन् त्यही सम्मानित एवं पूजित हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥७३॥

**पालीगाथा–**

**सद्धो शीलेन सम्पन्नो, यसोभोगसमप्पितो**
**यं'यं पदेसं भजति, तत्थ तत्थ'एवं पुजितो ॥३०३॥**

**भावार्थ–**

श्रद्धा, शील, यश, काम, वासना, तृष्णा र भोगले युक्त भएका उपासकहरू, उपासिकाहरू र सिद्धपुरुषहरू जुनजुन प्रदेशमा सहभागी हुन्छन् त्यही सम्मानित एवं पूजित हुन्छन् ।

## ३०४. समय सन्दर्भ–

एक समयमा अनाथपिण्डक सेठकी छोरी शुभद्दको बिबाह उग्गत सेठको छोरासित भयो। उग्गत सेठ मिथ्य दृष्टिक थियो। उनीहरू आएको समयमा दान दिने र परिवारलाई प्रणाम गर्न लगाउँथे। तर शुभद्द चाहि लाजले गर्दा प्रणाम गर्न जान्नथिइन्। उनको यस्तो क्रियाकलप देखेर ससुरा रिसाए। तैले हाम्रो साधुहरूको निन्दा गर्ने। तर भिक्षुहरूको प्रशंसा गर्छेस्। ल तेरा भिक्षुहरूलाई पनि बोला त भने पछि चुल र शुद्दमले ५०० भिक्षुहरूको लागि खाना तयार गरी महलको माथि गइ जेतवनतिर मुख फर्काएर पञ्चांग प्रणाम गर्दै, 'हे भन्ते,' भोलिका लागि ५०० भिक्षुहरूको साथमा मेरो भोजन दान स्वीकार गर्नुहोस् भनि आकाशमा आठ मुठी फूल फालिन। त्यही फूलको निमन्त्रणामा ५०० भिक्षुहरू सहित आकाश मार्गबाट भोजन दानमा कसरी आए ? राम्रो सन्तानहरू टाढा भए पनि हिमचुली जस्तै चहकिला हुँदै चम्कन्छन्। खराब मानिसहरू आँध्यारो रातमा फ्याँकिएका बाण जस्तै यही नजिकै भए पनि देखिँदैन भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**दूरे सन्तो पकासेन्ति, हिमवन्तोव पब्बतो**
**असन्त'एत्थ न दिस्सन्ति, रत्तिंखित्ता यथा सरा॥३०४॥**

**भावार्थ**–

राम्रो सन्तानहरू टाढा भए पनि हिमचुली जस्तै चहकिला हुँदै चम्कन्छन्। खराब मानिसहरू आँध्यारो रातमा फ्याँकिएका बाण जस्तै यही नजिकै भए पनि देखिँदैन।

## ३०५. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गर्दै गर्दा, त्यहाँ एकजना मंगल नामक भिक्षु एक्लै बस्थे । एक्लै चंक्रमण गर्थे । एक्लै उभिन्थे । उनको एक्लोपन देखेर भिक्षुहरूको बीचमा पनि यस बारेमा ब्यापक रुपमा छलफल भयो । सबैले आ-आफ्नो कुरा राखे । तर्कबिर्त भयो । यो कुरा परिषदमा चारैतिर फैलियो । सन्य कालिन धर्म सभामा पनि चर्चा चल्यो । अन्तमा यो कुरा तथागतनिर पुग्यो । 'हे भिक्षुहरू,' साँचो अर्थमा भन्नु पर्दा भिक्षुहरू एकान्तबासी हुनु पर्छ । बुद्ध शासनमा प्रबर्जित भए पछि एक्लै बस्ने, एक्लै शयन गर्ने, एक्लै बिचरण गर्ने, आलस्यहीन र क्रियाशील एवं आफु स्वयंलाई दमन गर्ने ब्यक्ति एक्लै बनन्तमा रमाएर घुमुन् । यही श्रमणेरको दैनिकी हो । यसैलाई निरन्तरता दिनु पर्छ भन्दै भिक्षु मंगललाई साधुकार दिँदै दिनु भएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**एकासनं एकसेय्यं, एको चरं अतन्दितो**
**एको दमयम'अत्तानं, वनन्ते रमितो सिया ॥३०५॥**

**भवार्थ–**

बुद्ध शासनमा प्रबर्जित भए पछि एक्लै बस्ने, एक्लै शयन गर्ने, एक्लै बिचरण गर्ने, आलस्यहीन र क्रियाशील एवं आफु स्वयंलाई दमन गर्ने ब्यक्ति एक्लै बनन्तमा रमाएर घुमुन् । यही श्रमणेरको दैनिकी हो । यसैलाई निरन्तरता दिनु पर्छ ।

# धम्मपद

# निरय बर्ग– २२

## ३०६. समय सन्दर्भ–

एक समयमा तथागतको लाभ सत्कार रोक्न तिर्थिकहरूले षड्यान्त्र रचे। बुद्धको चरित्र हत्या गर्न एकजना सुन्दरी परिब्रजकलाई केही सुबिधा दिएर खटाए। उनी साँझपख तिर गन्धकुटीतिर आउने गर्थिन् । रातमा परिब्रजकहरूको कुटीमा बस्थिइन् । भोलिपल्ट बिहानै नगरतिर फर्कने समयमा कसैले बाटोमा सोध्दा, रातभर श्रमण गौतमको गन्धकुटीमा बसेर फर्केकी हुँ भन्थिन्। केही समय पछि तिर्थिकहरूले गुन्डाहरूलाई प्रलोभन दिएर सुन्दरीलाई मारी जंगलमा गाडि दिए। आर्को दिन राजालाई, 'हे महाराज,' शाक्य पुत्रहरूले आफ्नो तथागतको कुकर्म लुकाउनका लागि सुन्दरीलाई मारेर लुकाउन पनि सक्छ भनेर उजुरी गरे। नगर भरी खोजी भए। तथागतको अपमान भयो । भिक्षुहरू दुःखि भए। तथागतले यो अकीर्ति एक सातासम्म रहन सक्छ। असत्य बोल्ने मानिस नरकमा जान्छ। जसले कुनै गलत काम गरेर गरेको छैन भनी ढाँट्छ, त्यो पनि नरकमा जान्छ। कुनै पनि निच गर्ने र गराउने दुबै नरक जान्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**अभूतवादी निरयं उपेति, यो वापिकत्वा न करोमि च'अह**
**उभो पि ते पेच्च समा भवन्ति, निहिनकम्म मनुजा परत्थ ॥३०६॥**

**भवार्थ–**

असत्य बोल्ने मानिस नरकमा जान्छ। जसले कुनै गलत काम गरेर गरेको छैन भनी ढाँट्छ, त्यो पनि नरकमा जान्छ। कुनै पनि निच गर्ने र गराउने दुबै नरक जान्छन् ।

## ३०७. समय सन्दर्भ–

एक समयमा गृद्धकुट पर्वतबाट तल ओर्लँदै गर्दा मुगलान वा महामौदगल्यान स्थविर अचानक मुस्कुराए। उनको साथमा रहेको लक्खण स्थविरले उनलाई मुस्कुराउनको कारण सोध्दा पहिलेको कथामा भने जस्तै, जेतवनमा तथागतकहाँ गएर सोध्नु भने। 'हे आबुस,' मैले यस्ता पाँच भिक्षुहरू देखे जसको शरीर आदीप्त रुपमा जलिरहेको थियो। चीबर, काय बन्धन आदि पनि जलिरहेको थियो। यो के कारणमा भैरहेको थियो भन्ने बिषयमा मुगलानलाई स्पष्ट भनएकोले, जेतवनमा पुगेर तथागतलाई सोधे। मुगलान स्थविरको कुरा सुनेर तथागतले काश्यप बुद्धको समयमा उनीहरूले गरेको दुस्चरित्रको बिपाकलाई देखाएर अतीतको जातक कथालाई दोहराए। काँधमा चीबर वा गेरुवा बस्त्र र भिक्षापात्र भिरेर पनि धेरै मानिसहरू आचरहिनता र पाप मानसिकता र असंयमित भएका हुन्छन्। त्यस्ता दुष्ट स्वभाव भएकाहरू आफ्नै कुकर्मले गर्दा, नरक जान्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**कासावकण्ठा बहवो, पापधम्मा असञ्चता**
**पापा पापेही कम्मेही, निरयं ते उपपज्जरे ॥३०७॥**

**भावार्थ–**

काँधमा चीबर वा गेरुवा बस्त्र भिरेर पनि धेरै मानिसहरू आचार हिनता र पाप मानसिकता र असंयमित भएका हुन्छन्। त्यस्ता दुष्ट स्वभाव भएकाहरू आफ्नै कुकर्मले गर्दा, नरकमा जान्छन्।

## ३०८. समय सन्दर्भ–

एक समयमा तथागत बैशाली नगरमा बिहार गरिरहँदा बग्गु मुद्धतीबासी भिक्षुहरू ऋद्धिवान नभएर पनि आफुहरू ऋद्धिवान छन् भनेर सर्वसाधरणहरूलाई भिथ्य प्रर्दशन गर्दथे । यस्तो मिथ्य भ्रमक र कपोलकल्पित कुराहरू चौथो पारजिका सम्बन्धि गाथामा पनि प्रष्ट रुपमा भनिएको छ । यसरी भिक्षुहरूको बीचमा यस बिषयमा नाना प्रकारले दैनिक रुपमा समूह समूहमा चर्चा परिचर्चा, छलफल र तर्कबिर्तकहरू हुने गर्दथे । यसरी दैनिक चर्चा र निन्दा गरेको गतिबिधिहरूको बारेमा आपासी छलफल भए तापनि कुनै निस्कर्ष हुन सकेन । अन्तमा, तथागतले अतीतको भिथ्य जातक कथा सुनाएर यस बारेमा स्पष्ट गराए । यसरी असंयमीत र दुराचारी मानिसको लागि राष्ट्रको पिण्ड वा अन्नपानी खानुभन्दा, दन्केको आगोको ज्वाला जस्तो तातो फलामको डल्लो खानु बेस हो । उनको लागि यही सजाय उपयुत्त हो भन्दै तथागतले दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सेय्यो अयोगुलो भुत्तो, तत्तो अग्गिसिखुपमो**
**यञ् चे भुञ्जेय्य दुस्सीलो, रट्ठपिण्ड असञ्ञतो ॥३०८॥**

**भावार्थ–**

मिथ्य बचन, भ्रमक, कपोल कल्पित, असंयमी र दुराचारी मानिसको लागि राष्ट्रको पिण्ड वा अन्नपानी खानुभन्दा, दन्केको आगोको ज्वाला जस्तो तातो फलामको डल्लो खानु बेस हो । उनको लागि यही सजय उपयुक्त हो ।

# ३०९. समय सन्दर्भ–

एक समयमा जेतवनमा महाउपासक अनाथपिण्डक सेठको खेम नामक भानिज सह्रै रुपवान थियो । उनलाई देखेर गाउँका स्त्रीहरू सबै मोहित हुन्थे । युवा खेम पनि परस्त्री गमनमा रत थियो । बिस्तारै उनको चर्चा टोल छिमेक र गाउँमा ब्यापक हुन थाल्यो । यसको परिणाम के हुन्छ ? सायत उनलाई पूर्णरुपमा जानकारी थिएन । उनको मामा अनाथपिण्डकले यो कुरा थाहा पाए पछि भान्जलाई सम्झाए । तर परिणाम उल्टो भयो । मामाले बिस्तारै सम्झाउँदै तथागतकहाँ लिएर गयो । 'हे भन्ते,' यसलाई उपदेश दिनुहोस् भनी उनको बृतान्त सुनाएर बिन्ति गरे । तथागतले उनलाई संवेनात्मक कथा सुनाएर परस्त्री गमनको दोष र परिणाम भविष्यमा हुन सक्ने समस्यको बारेमा संक्षिप्त ब्याख्या र बिश्लेषण गर्दै अतीतको जातक कथा सुनाए । अर्काकी पत्नीलाई आँखा लगाएर गमन गर्ने प्रमादी मानिस पहिलो अधर्मको सञ्चय । दोश्रो असुखद शैया । तेश्रो निन्दा र नरकवास गरी चार अवस्थामा पर्छ दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**चतारि ठानानि नरो पमत्तो, आपज्जति परदारुपसेवी**
**अपुञ्जलाभं न निकामसेय्यं, निन्दंततीयं निरयं चतुत्थं ॥३०९॥**

**भावार्थ**–

अर्काकी पत्नीलाई आँखा लगाएर गमन गर्ने प्रमादी मानिस पहिलो अधर्मको सञ्चय । दोश्रो असुखद शैया । तेश्रो निन्दा र नरकवास गरी चार अवस्थामा पर्छ ।

# ३१०. समय सन्दर्भ–

एक समयमा जेतवनमा महाउपासक अनाथपिण्डक सेठको खेम नामक भानिज सह्रै रुपवान थियो । उनलाई देखेर गाउँका स्त्रीहरू सबै मोहित हुन्थे । युवा खेम पनि परस्त्री गमनमा रत थियो । बिस्तारै उनको चर्चा टोल छिमेक र गाउँमा ब्यापक हुन थाल्यो । यसको परिणाम के हुन्छ ? सायत उनलाई पूर्णरुपमा जानकारी थिएन । उनको मामा अनाथपिण्डकले यो कुरा थाहा पाए पछि भान्जलाई सम्झाए । तर परिणाम उल्टो भयो । मामाले बिस्तारै सम्झाउँदै तथागतकहाँ लिएर गयो । 'हे भन्ते,' यसलाई उपदेश दिनुहोस् भनी उनको बृतान्त सुनाएर बिन्ति गरे । तथागतले उनलाई संवेनात्मक कथा सुनाएर परस्त्री गमनको दोष र परिणाम भविष्यमा हुन सक्ने समस्यको बारेमा संक्षिप्त ब्याख्या र बिश्लेषण गर्दै अतीतको जातक कथा सुनाए । अर्काकी पत्नीलाई आँखा लगाएर गमन गर्ने प्रमादी मानिस पहिलो अधर्मको सञ्चय । दोश्रो असुखद शैया । तेश्रो निन्दा र नरकवास गरी चार अवस्थामा पर्छ दिएको उपदेशको पालीगाथा ॥३०९॥

**पालीगाथा–**

**अपुञ्चलाभो च गति च पापिका, भितस्सभीताय रतीच थोकिका,**
**राजा च'दण्डं गरुकंपणेति, तस्मनरो परखारं न'सेवे ॥३१०॥**

**भावार्थ–**

परस्त्री गमन भनेको अधर्म, नराम्रो गति, भयभित अवस्था न्यून सन्तुष्टि, समाजबाट हुने निन्दा र कडा खालको दण्ड सजाय दिइनु जस्ता सामाजिक अपराध मानिन्छ ।

## ३११. समय सन्दर्भ–

एक समयमा जेतवनमा एकजना भिक्षुले नजानी नजानी पाराले घाँस काट्यो । पछि उनलाई पनि संकोच भयो र कुनै भिक्षुलाई गएर भन्यो । 'हे आबुस,' मैले घाँस काटेँ, भन्यो । आर्को भिक्षुले भन्यो कि तिमीले त घाँसको ठाउँमा झारपता पो काटेको छ । यसमा केको अपत्ति भन्दै आफुले पनि हातैले झार उखेल्यो । भिक्षुहरूले यस बिषयमा आपासमा छलफल गर्यो । भिक्षुले बिनय बिपरित आचरण गरेको ठहर गर्यो । अन्तमा यो कुरा तथागतलाई बताए पछि, त्यो भिक्षुलाई बोलाएर, 'हे अबुसो,' तिमीले जे काम गरिहेको छ, त्यो भिक्षुहरूको आचरण बिपरित छ । एउटा असल चरित्र भएको भिक्षुले त ध्यान, भावना, साधना र प्रज्ञामा जोड दिएर पारंगत हुनु पर्छ भनेर अनेक प्रकारले निन्दा गरे । जसरी राम्रोसँग नसमाएको कुशले हात काटिदिन्छ । राम्रोसँग नछाएको घरको छानामा पानी चुहिन्छ । त्यसरी नै राम्रोरी ग्रहण नगरेको श्रमणले नरकतिर लैजान्छ । यो कुरा सबैले मनन् गर्नु होला भन्दैं दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**कुसो यथा दुग्गहितो, हत्थं एवानुकन्तति**
**समञ्ञं दुप्परामट्ठं, निरयाय् उपकड्ढति ॥३११॥**

**भवार्थ–**

जसरी राम्रोसँग नसमाएको कुशले हात काटिदिन्छ । राम्रोसँग नछाएको घरमा पानी चुहिन्छ । त्यसरी नै राम्रोरी ग्रहण नगरेको श्रमणले नरकतिर लैजान्छ । यो कुरा सबैले मनन् गर्नु होला ।

## ३१२. समय सन्दर्भ–

एक समयमा जेतवनमा एकजना भिक्षुले नजानी नजानी पाराले घाँस काट्यो । पछि उनलाई पनि संकोच भयो र कुनै भिक्षुलाई गएर भन्यो। 'हे आबुस,' मैले घाँस काटैं, भन्यो। आर्को भिक्षुले भन्यो कि तिमीले त घाँसको ठाउँमा झारपता पो काटेको छ। यसमा केको अपत्ति भन्दै आफुले पनि हातैले झार उखेल्यो। भिक्षुहरूले यस बिषयमा आपासमा छलफल गर्यो। भिक्षुले बिनय बिपरित आचरण गरेको ठहर गर्यो। अन्तमा यो कुरा तथागतलाई बताए पछि, त्यो भिक्षुलाई बोलाएर, 'हे अबुसो,' तिमीले जे काम गरिहेको छ, त्यो भिक्षुहरूको आचरण बिपरित छ। एउटा असल चरित्र भएको भिक्षुले त ध्यान, भावना, साधना र प्रज्ञामा जोड दिएर पारंगत हुनु पर्छ भनेर अनेक प्रकारले निन्दा गरे । जसरी राम्रोसँग नसमाएको कुशले हात काटिदिन्छ। राम्रोसँग नछाएको घरको छानामा पानी चुहिन्छ । त्यसरी नै राम्रोरी ग्रहण नगरेको श्रमणले नरकतिर लैजान्छ। यो कुरा सबैले मनन् गर्नु होला भन्दै दिएको उपदेशको पालीगाथा ॥३११॥

**पालीगाथा–**

**यं किञ्चि सिथिलं कम्मं, संकिलिट्ठञ् च यं वतं**
**संकस्सरं ब्रह्मचरियं, न तं होति महप्फलं ॥३१२॥**

**भवार्थ–**

कुनै पनि मानिसको कर्म शिथिल छ। आचरण बिपरित छ। जुनसुकै ब्रत मल युक्त छ। अनि जो ब्रह्मचर्य हो, त्यो अशुद्ध छ भने, ती सबै धेरै फलदायी हुँदैनन् ।

## ३१३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै उपासकले एकदिन आफ्नी दासीसित गोप्य कोठामा मैथुन गर्यो । उपासककी स्त्रीले यो कुरा थाहा पाए पछि, दासीको हातखुट्ठा बाँधेर नाक कान छेडेर कोठामा थुनिदिइन् । यो कुरा कसैले पनि थाहा नपाउन भनेर उनी पतिको साथमा धर्म श्रवणको लागि बिहारमा गइन् । त्यही समयमा घरमा आएका कोही पाहुनाले ढोका खोलेर दासीलाई निकाले । दासीले बिहारमा गएर यो कुरा तथागतलाई बृतान्त सुनाए । उनको कुरा सुनेर, 'हे दासी,' यो कुरा कसैले थाहा नपाउन भनेर, थोरै मात्रमा भए पनि दुश्चरित्र गर्नु हुँदैन । त्यसैगरी अरुले थाहा नपाए पनि सुचरित्र गर्नु पर्छ । लुकाएर गरेको दुश्चरित्र पापले पश्चताप गराउँछ । तर, राम्रो कामले प्रमोदलाई बढाउछ । यदि कुनै मानिसले केही राम्रो कर्म गर्नु छ भने, त्यो गरिहाला । पराक्रम दृढतापूर्वक सम्पन्न गर । साँच्चै ढिलो चालको नयाँ जोगीले धेरै खरानी घस्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**कयिरा चे कयिराथ'एनं, दल्हं एतं परक्कमे**
**सठिलो हि परिब्बाजो, भिय्यो आकिरते रजं ।।३१३।।**

**भवार्थ–**

यदि कुनै मानिसले केही राम्रो कर्म गर्नु छ भने, त्यो गरिहाला । पराक्रम दृढतापूर्वक सम्पन्न गर । साँच्चै ढिलो चालको नयाँ जोगीले धेरै खरानी घस्छन् । यो ध्रुब सत्य हो ।

## ३१४. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै उपासकले एकदिन आफ्नी दासीसित गोप्य कोठामा मैथुन गर्यो । उपासककी स्त्रीले यो कुरा थाहा पाए पछि, दासीको हातखुट्ठा बाँधेर नाक कान छेडेर कोठामा थुनिदिइन् । यो कुरा कसैले पनि थाहा नपाउन भनेर उनी पतिको साथमा धर्म श्रवणको लागि बिहारमा गइन् । त्यही समयमा घरमा आएका कोही पाहुनाले ढोका खोलेर दासीलाई निकाले । दासीले बिहारमा गएर यो कुरा तथागतलाई बृतान्त सुनाए । उनको कुरा सुनेर, 'हे दासी,' यो कुरा कसैले थाहा नपाउन भनेर, थोरै मात्रमा भए पनि दुश्चरित्र गर्नु हुँदैन । त्यसैगरी अरुले थाहा नपाए पनि सुचरित्र गर्नु पर्छ । लुकाएर गरेको दुश्चरित्र पापले पश्चताप गराउँछ । तर, राम्रो कामले प्रमोदलाई बढाउछ । यदि कुनै मानिसले केही राम्रो कर्म गर्नु छ भने, त्यो गरिहाला । पराक्रम दृढतापूर्वक सम्पन्न गर । साँच्चै ढिलो चालको नयाँ जोगीले धेरै खरानी घस्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।।३१३।।

**पालीगाथा–**

**अकतं दुक्कटं सेय्यो, पच्छा तप्पति दुक्कटं**
**कतञ्च सुकतं सेय्यो, यं कत्वा नानुतप्पति ।।३१४।।**

**भावार्थ–**

कुनै पनि मानिसले दुष्कर्म नगर्नु बेस हो । दुष्कर्म गर्ने मान्छेलाई पछि पछुताउनु पर्छ । असल कर्म गर्नु श्रेयकार हो । सत्कर्म गर्ने मानिसहरू कसैलाई पनि पछुतो हुँदैन ।

# ३१५. समय सन्दर्भ–

एक समयमा धेरै भिक्षुहरू सीमान्त गाउँमा गएर वर्षबास गर्दा, पहिलो महिनामा गाउँलेहरूले धेरै आदर सत्कार गरे। दोश्रो महिनामा गाउँमा चोरहरू पसेर धेरै धनमालहरू लुटेको हुँदा गाउँको सुरक्षामा ध्यान दिनु पर्दा भिक्षुहरूतिर खासै ध्यान दिन सकेनन् । भिक्षुहरूले वर्षबास सकेर तथागतलाई भेट्ना जेतवन जाँदा, 'हे भिक्षुहरू,' वर्षाबास राम्रै भयो होला नि ? भनेर सोधे । 'हे भन्ते,' पहिलो महिना राम्रै हेरबिचार गरे । दोश्रो महिनामा गाउँमा चोर पसेकाले हामीलाई त्यति ध्यान दिन सकेनन् भनी यर्थात कुरा बताए । 'हे भिक्षुहरू,' सधै सुखपूर्वक रहने बिहार दुर्लभ हुन्छन् । जसरी ती मानिसहरूले गाउँको रक्षा गरे। भिक्षुहरूले पनि त्यसैगरी आफ्नो सुरक्षा आफै गर्नु पर्छ। जसरी सीमान्तको नगरलाई भित्र र बाहिराबाट सुरक्षित राखिन्छ। त्यसैगरी आफु स्वयंको पनि रक्षा गर्नु पर्छ । समयको पहिचान गरी उपयोग गर्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**नगरं यथा पञ्चन्तं, गुत्तं सन्तरबाहिरं**
**एवं गोपेथ अत्तानं, खणो वे मा उपच्चगा**
**खणातीता हि सोचन्ति, निरयम्हि समप्पिता ॥३१५॥**

**धावार्थ–**

जसरी सीमान्तको नगरलाई भित्र र बाहिराबाट सुरक्षित राखिन्छ। त्यसैगरी आफु स्वयंको पनि रक्षा गर्नु पर्छ। सही समयको पहिचान गरी उपयोग गर्नु पर्छ।

## ३१६. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगर वरिपरी भिक्षुहरूले निर्ग्रन्थहरूलाई देखेर आपासमा भने, 'हे आबुसहरू,' अचेलका नांगा रहने साधुहरू भन्दा त ती निर्ग्रन्थहरू नै ठिक छन्। जसले कमसेकम अगाडिको भाग त ढाक्दछन्, भने। निर्ग्रन्थहरूले उनीहरूको कुरा सुने पछि भने, पशुराज पनि प्राणी नै हुन्। कतै उनीहरू भिक्षापात्रमा नचढुन्, भनेर सोँचेर ढोग्ने गर्छौं, भने। यसरी भिक्षुहरू र निर्ग्रन्थहरूको बीचमा धेरै समयसम्म बादबिवाद भयो। छलफल र तर्क बिर्तक भयो। दुबै पक्ष आ-आफ्नै मतमा अडिक रहेकाले कुनै खास बिन्दुमा पुग्न सकेन। दुबै पक्षले गरेको लामो छलफल निस्कर्ष बिहिन भयो। यो कुराको बृतान्त सुनाए पछि तथागतले जुन कुरामा लजाउनु पर्दैन त्यसमा लाज मान्ने र जुन कुरामा लाज मान्नु पर्छ त्यसमा लाज नमान्ने मिथ्य दृष्टिले भरिएका मानिसहरूले यो लोक र परलोक दुबैमा दुर्गति प्राप्त गर्दछन् भन्दै भिक्षुहरूलाई निर्ग्रन्थहरूको बास्तविक स्वभाव र प्रसँगलाई दोहराउँदै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अलज्जिताये लज्जन्ति, लज्जिताय न लज्जरे**
**मिच्छा दिट्ठिसमादाना, सत्ता गच्छान्ति दुग्गतिं ॥३१६॥**

**भावार्थ–**

जुन कुरामा लजाउनु पर्दैन, त्यसमा लाज मान्ने र जुन कुरामा लाज मान्नु पर्छ, त्यसमा लाज नमान्ने मिथ्य दृष्टिले भरिएका मानिसहरूले अन्तत दुर्गति प्राप्त गर्दछन्।

# ३१७. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगर वरिपरी भिक्षुहरूले निर्ग्रन्थहरूलाई देखेर आपासमा भने, 'हे आबुसहरू,' अचेलका नांगा रहने साधुहरू भन्दा त ती निर्ग्रन्थहरू नै ठिक छन् । जसले कमसेकम अगाडिको भाग त ढाक्दछन्, भने । निर्ग्रन्थहरूले उनीहरूको कुरा सुने पछि भने, पशुराज पनि प्राणी नै हुन् । कतै उनीहरू भिक्षापात्रमा नचढुन्, भनेर सोँचेर ढोग्ने गर्छौं, भने । यसरी भिक्षुहरू र निर्ग्रन्थहरूको बीचमा धेरै समयसम्म बादबिवाद भयो । छलफल र तर्क बिर्तक भयो । दुबै पक्ष आ-आफ्नै मतमा अडिक रहेकाले कुनै खास बिन्दुमा पुग्न सकेन । दुबै पक्षले गरेको लामो छलफल निस्कर्ष बिहिन भयो । यो कुराको बृतान्त सुनाए पछि तथागतले जुन कुरामा लजाउनु पर्दैन त्यसमा लाज मान्ने र जुन कुरामा लाज मान्नु पर्छ त्यसमा लाज नमान्ने मिथ्य दृष्टिले भरिएका मानिसहरूले यो लोक र परलोक दुबैमा दुर्गति प्राप्त गर्दछन् भन्दै भिक्षुहरूलाई निर्ग्रन्थहरूको बास्तविक स्वभाव र प्रसँगलाई दोहराउँदै दिएको उपदेशको पालीगाथा ।।३१६।।

**पालीगाथा–**

**अभये भयदस्सिनो, भये चाभयदस्सिनो**
**मिच्छादिट्ठिसमादाना, सत्ता गच्छान्ति दुग्गतिं ।।३१७।।**

**भावार्थ–**

जुन कुरामा डराउनु पर्दैन, त्यसमा डर मान्ने र जुन कुरामा डर मान्नु पर्छ, त्यसमा डर नमान्ने भिथ्य दृष्टिले भरिएका मानिसहरूले अन्तत दुर्गति प्राप्त गर्दछन् ।

## ३१८. समय सन्दर्भ–

एक समयमा तिर्थिकहरूको श्रावकले आफ्नो केटाकेटीहरूलाई शपथ खुलाउँछन् कि, उनीहरू कहिल्यै पनि भिक्षुलाई प्रणाम नगरुन र बिहारमा पनि नजाउन। उनीहरू एकदमै अतिवादी नकारात्मक एवं संकोचित स्वभावका थिए। एकदिन उनका केटाकेटीहरू जेतवन बिहारको बाहिरा खेल्दा खेल्दै, तिर्खा लाग्यो। भित्र गएर पानी पिए। अरु केटाकेटीहरूले पनि आएर पानी पिए। पानी पिए पछि उनीहरू तथागतको उपदेश सुन्न बसे। 'हे केटाकेटीहरू,' तपाइँहरू भनेको यो देशको कर्णधारहरू हौँ। सबैले राम्रो आचरण गर्नु पर्छ। बाबा आमा र गुरुहरूले भनेको कुरा सुन्नु पर्छ। राम्रो कुराहरू मान्नु पर्छ। ज्ञानी र स्वाबलम्बि बन्नु पर्छ। आफ्नो परिवार, कुल, बंश, समुदय, जन्भूमि र राष्ट्रलाई सेवा गर्नु पर्छ। जुन कुरा दोष रहित छन्। तिनमा दोष देख्ने बुद्धि भएका र जुन कुरामा दोष छन्, तिनमा दोष नभएको देख्ने मिथ्य दृष्टिले भरिएका मानिसहरूले दुर्गति प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अवज्जे बज्जमतिनो, बज्जे चावज्जदस्सिनो**
**मिच्छादिट्ठिसमादाना, सत्ता गच्छान्ति दुग्गति ॥३१८॥**

**भावार्थ–**

जुन कुरा दोष रहित छन्। तिनमा दोष देख्ने बुद्धि भएका र जुन कुरामा दोष छन्, तिनमा दोष नभएको देख्ने मिथ्य दृष्टिले भरिएका मानिसहरूले अन्तत दुर्गति प्राप्त गर्दछन्।

## ३१९. समय सन्दर्भ–

एक समयमा तिर्थिकहरूको श्रावकले आफ्नो केटाकेटीहरूलाई शपथ खुलाउँछन् कि, उनीहरू कहिल्यै पनि भिक्षुलाई प्रणाम नगरुन र बिहारमा पनि नजाउन। उनीहरू एकदमै अतिवादी नकारात्मक एवं संकोचित स्वभावका थिए। एकदिन उनका केटाकेटीहरू जेतवन बिहारको बाहिरा खेल्दा खेल्दै, तिर्खा लाग्यो। भित्र गएर पानी पिए। अरु केटाकेटीहरूले पनि आएर पानी पिए। पानी पिए पछि उनीहरू तथागतको उपदेश सुन्न बसे। 'हे केटाकेटीहरू,' तपाइँहरू भनेको यो देशको कर्णधारहरू हौं। सबैले राम्रो आचरण गर्नु पर्छ। बाबा आमा र गुरुहरूले भनेको कुरा सुन्नु पर्छ। राम्रो कुराहरू मान्नु पर्छ। ज्ञानी र स्वाबलम्बि बन्नु पर्छ। आफ्नो परिवार, कुल, बंश, समुदय, जन्भूमि र राष्ट्रलाई सेवा गर्नु पर्छ। जुन कुरा दोष रहित छन्। तिनमा दोष देख्ने बुद्धि भएका र जुन कुरामा दोष छन्, तिनमा दोष नभएको देख्ने मिथ्य दृष्टिले भरिएका मानिसहरूले दुर्गीति प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३१८॥

**पालीगाथा–**

**वज्जञ् च वज्जतो अत्वा, अवज्जञ् च अवज्जतो**
**सम्मादिट्ठिस मादाना, सत्ता गच्छान्ति सुग्गतिं ॥३१९॥**

**भवार्थ–**

दोषपूर्ण वर्जनीय कार्यलाई दोष जस्तै वर्जित र दोषरहित अवर्जनीय कार्यलाई निर्दोष र ग्रहणीय हुन् भन्ने जानेर सम्यक दृष्टि ग्रहण गर्ने प्राणीहरूले सद्गति प्राप्त गर्दछन्।

# धम्मपद

# नाग र हात्ती बर्ग– २३

# ३२०. समय सन्दर्भ–

एक समयमा तथागत कौशम्बीमा रहेको समयमा मागन्दियले नगरबासीहरूलाई घूस दिइ तथागत एवं भिक्षु महासंघ प्रति आक्रोश फैलाएर त्यहाँबाट भगाउने प्रयत्न गर्यो । नगरबासीहरूले भिक्षुहरूलाई देख्ने बत्तिकै तिमीहरू चोर डाँका, मुर्ख, गधा, गोरु र पशु हो भन्दै गाली गर्नु भन्ने षड्यन्त्र गराएका थिए । नगरबासीहरूले त्यही अनुसार गरे । आनन्दले तथागतनिर गएर 'हे भन्ते,' नगरबासीले हामीहरूलाई आक्रोश गर्दै छन् । यहाँबाट आर्कै ठाउँमा जाउँ भनी बिन्ती गरे । 'हे आनन्द,' तत्कालको लागि यो कुरा उपयुक्त छैन । किनभने, यहाँ नगरबासीले बिवाद उत्पन्न गराएको छ । यसमा कुनै कारण हुनु पर्छ । जबसम्म बिवाद शान्त हुँदैन, यही बस्नु पर्छ । बिवाद शान्त भए पछि मात्र आर्को ठाउँमा जाँउला । म कटुबचनलाई यसरी सहन गर्ने छु । जसरी लडाइँमा धनुषबाट प्रहार गरिएका तीखा बाणहरूलाई हात्तीले सहन गर्दछन् । बास्तवमा धेरैजसो मानिसहरू दुराचारी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**अहं नागो व सँगामे, चापातो पतितं सरं**

**अतिवाक्यं तितिक्खस्सं, दुस्सीलो हि बहुज्जनो ॥३२०॥**

**भ्नवार्थ–**

म कटुबचनलाई यसरी सहन गर्ने छु । जसरी लडाइँमा धनुषबाट प्रहार गरिएका तीखा बाणहरूलाई हात्तीले सहन गर्दछन् । बास्तवमा धेरैजसो मानिसहरू दुराचारी हुन्छन् ।

## ३२१. समय सन्दर्भ–

एक समयमा तथागत कौशम्बीमा रहेको समयमा मागन्दियले नगरबासीहरूलाई घूस दिइ तथागत एवं भिक्षु महासंघ प्रति आक्रोश फैलाएर त्यहाँबाट भगाउने प्रयत्न गर्यो। नगरबासीहरूले भिक्षुहरूलाई देख्ने बत्तिकै तिमीहरू चोर डाँका, मुर्ख, गधा, गोरु र पशु हो भन्दै गाली गर्नु भन्ने षड्यन्त्र गराएका थिए। नगरबासीहरूले त्यही अनुसार गरे। आनन्दले तथागतनिर गएर 'हे भन्ते,' नगरबासीले हामीहरूलाई आक्रोश गर्दै छन्। यहाँबाट आर्कै ठाउँमा जाउँ भनी बिन्ती गरे। 'हे आनन्द,' तत्कालको लागि यो कुरा उपयुक्त छैन। किनभने, यहाँ नगरबासीले बिवाद उत्पन्न गराएको छ। यसमा कुनै कारण हुनु पर्छ। जबसम्म बिवाद शान्त हुँदैन, यही बस्नु पर्छ। बिवाद शान्त भए पछि मात्र आर्को ठाउँमा जाँउला। म कटुबचनलाई यसरी सहन गर्ने छु। जसरी लडाइँमा धनुषबाट प्रहार गरिएका तीखा बाणहरूलाई हात्तीले सहन गर्दछन्। बास्तवमा धेरैजसो मानिसहरू दुराचारी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३२०॥

**पालीगाथा–**

**दन्त नयन्ति, दन्तं राजाभिरुहति**
**दन्तो सेट्ठो मनुस्सेसु, यो'तिवाक्यं तितिक्खति ॥३२१॥**

**भवार्थ–**

दाइएको हात्तीलाई भेला समारोहहरूमा लगिन्छ। त्यस्ता वशीकृत हात्तीमा राजा र प्रतिष्ठित ब्यक्तिहरू चढ्छन्। त्यही मानिस शिक्षित मानिन्छ, जो कटुबचन सहन्छन्।

# ३२२. समय सन्दर्भ–

एक समयमा तथागत कौशम्बीमा रहेको समयमा मागन्दियले नगरबासीहरूलाई घूस दिइ तथागत एवं भिक्षु महासंघ प्रति आक्रोश फैलाएर त्यहाँबाट भगाउने प्रयत्न गर्यो । नगरबासीहरूले भिक्षुहरूलाई देख्ने बत्तिकै तिमीहरू चोर डाँका, मुर्ख, गधा, गोरु र पशु हो भन्दै गाली गर्नु भन्ने षड्यन्त्र गराएका थिए । नगरबासीहरूले त्यही अनुसार गरे । आनन्दले तथागतनिर गएर 'हे भन्ते,' नगरबासीले हामीहरूलाई आक्रोश गर्दै छन् । यहाँबाट आर्कै ठाउँमा जाउँ भनी बिन्ती गरे । 'हे आनन्द,' तत्कालको लागि यो कुरा उपयुक्त छैन । किनभने, यहाँ नगरबासीले बिवाद उत्पन्न गराएको छ । यसमा कुनै कारण हुनु पर्छ । जबसम्म बिवाद शान्त हुँदैन, यही बस्नु पर्छ । बिवाद शान्त भए पछि मात्र आर्को ठाउँमा जाँउला । म कटुबचनलाई यसरी सहन गर्ने छु । जसरी लडाइँमा धनुषबाट प्रहार गरिएका तीखा बाणहरूलाई हात्तीले सहन गर्दछन् । बास्तवमा धेरैजसो मानिसहरू दुराचारी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।।३२०।।

**पालीगाथा–**

**वरं अस्सतरा दन्त, आजानीया च सिन्धवा**
**कुञ्जरा च महानागा, अत्तदन्तो ततो वरं ।।३२२।।**

**भावार्थ–**

खच्चड, असली जातको सिन्धी घोडा तथा महानाग दामी हात्तीहरू राम्ररी दाइए पछि श्रेष्ट हुन्छन् । संयमले आफुलाई नियन्त्रणमा राख्ने ब्यक्ति पनि सर्वश्रेष्ट हुन्छन् ।

## ३२३. समय सन्दर्भ–

एक समयमा कुनै बेला हात्तीको माहुते भएर काम गरेको भिक्षुले अचिरवती नदीको किनारमा जंगली हात्तीलाई दमन गर्दै गरेको एकजना अङ्कशधारी माहुतेलाई देखेर भिक्षुहरूले भन्यो, 'हे माहुते,' जसले अमुक ठाउँमा भाला घसायो भने मात्र हात्तीले चाडै सिक्नेछ, भन्यो । माहुतेले पनि भिक्षुले भने झैं गर्यो । हेर्दाहेर्दै हात्तीले छिटै सिक्यो । भिक्षुहरूले यो कुरा तथागतलाई भने पछि पूर्वमाहुते भिक्षुलाई बोलाएर, 'हे भिक्षु,' तिमीले जो काम गर्दै छौं । त्यो काम तिम्रो होइन, भनेर निन्दा गर्यो । हात्तीलाई दमन गर्नु भन्दा आफैलाई दमन गर्न उपयुक्त हुन्छ। किनभने अब तिमी माहुते होइन, भिक्षु हो । जबसम्म आफुलाई दमन गर्दैन, तबसम्म निर्वाण मार्ग अवलम्बन गर्न सक्दैन । श्रावस्तीमा सवारी साधनबाट कहिल्यै नगएको दिशामा कोही पनि जान सक्दैन । जसरी आफुलाई राम्ररी दाएको आत्म संयमी मानिस मात्र निर्वाणमा सजिलै पुग्न सकिन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**–

**न हि एतेहि यानेहि, गच्छेय्य अगतं दिसं**
**यथ'अत्तना सुदन्तेन, दन्तो दन्तेन गच्छति ॥३२३॥**

**भावार्थ**–

श्रावस्तीमा सवारी साधनबाट कहिल्यै नगएको दिशामा कोही पनि जान सक्दैन । जसरी आफुलाई राम्ररी दाएको आत्म संयमी मानिस मात्र निर्वाणमा पुग्न सकिन्छ ।

## ३२४. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा लाखौ सम्पत्ति भएको कुनै ब्राह्मणले आफ्नो चार छोराहरूको बिबाह गरी बाँकी रहेको सम्पत्ति बराबर बाँडिदिए। उनी चारै छोराहरूसँग पालैपालो बस्दथे। केही समय पछि बुहारीहरूले हेला गर्न थाले। अन्तमा उनी भिक्षाबृत्ति गरेर जीवन चलाउन थाले। एकदिन उनी तथागतनिर गए। 'हे ब्राह्मण,' तिमीलाई यी गाथाहरू फलदायी हुने छन् भनी पाँच गाथा भने। यी गाथाहरू ब्राह्मण परिषदमा बताउनु, जहाँ तिम्रा छोराहरू पनि हुने छन् भनी उपाए बताए। ब्राह्मणहरूको भेलामा उनले गाथा सुनाए। त्यस समय बाबा आमालाई नपाल्ने छोरालाई मृत्यु दण्ड दिने कानुन थियो। केही समय पछि तथागत सहित भिक्षु महासंघलाई भोजन दान गरे। तथागतले मातुपोसका नागराज जातकको कथा सुनाए। मदोन्मत्त धनपाल नामक हात्तीलाई रोक्न धेरै गाह्रो हुन्छ। मुस्किलले बशमा लिएको हात्तीले आफ्नै जंगलको निकुञ्ज सम्झेर सानो टुक्र घाँस पनि मुखमा हाल्दैन दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**धनपालको नाम कुञ्जरो, कटुकप्पभेदनो दुन्निवारये**
**बद्धो कबलं न भुञ्जति, सुमरति नागवनस्स कुञ्जरो॥३२४॥**

**भवार्थ–**

मदोन्मत्त धनपाल नामक हात्तीलाई रोक्न धेरै गाह्रो हुन्छ। मुस्किलले बशमा लिएको हात्तीले आफ्नै जंगलको निकुञ्ज सम्झेर सानो टुक्र घाँस पनि मुखमा हाल्दैन।

## ३२५. समय सन्दर्भ–

एक समयमा कोसल नरेश प्रसेनजित तथागतको उपदेश सुन्न जाँदा उनी एकातिर बसेर घुर्न लाग्यो। तथागतले 'हे महाराज,' आज आराम नगरिकन आउनु भयो कि के हो भनि सोध्दा, 'हे भन्ते,' आज खाना खाए पछि महादुःख भइरहेछ भन्यो। तथागतले एउटा गाथा भन्नु भयो। त्यो गाथा प्रसेनजितको आग्नेय सुदर्शन भन्ने मन्त्रीले कण्ठ गर्यो। प्रसेनजितले खाना खाने बेलामा सुदर्शनले त्यो गाथा सुनायो। प्रसेनजितले बिस्तारै खाना कम गर्दै गए। उनमा फुर्ति र बल पनि आयो। 'हे भन्ते,' वजिरा कुमारीसँग सुदर्शनको बिबाह भयो र हराएको मणि पनि भेटियो भन्यो। 'हे महाराज,' निरोगी हुनु परम् लाभ हो। सन्तोष बराबर को घन, बिश्वास बराबरको दाजुभाइ र निर्वाण बराबरको अरु सुख छैन। आरोग्य सबै भन्दा ठुलो लाभ हो। सन्तोष सबै भन्दा ठुलो धन वा सम्पत्ति हो। बिश्वास सबै भन्दा ठुलो आफन्त वा बन्धु हो। निर्वाण सबै भन्दा उत्तम सुख हो भन्दै दिएको उपदेशको पालीगाथा ।।२०४।।

**पालीगाथा–**

**मिद्धि यदा होति महग्धसो च, निद्दायिता सम्परिवत्तसायी**
**महावराहोव निवापपुट्ठो, पुनप्पुनं गब्भं उपेति मन्दो ।।३२५।।**

**भावार्थ–**

जब कोही मानिस अल्छी भुँडे बन्छ, निंद्रालु छ र कोल्टो फेरी फेरी सुतिरहन्छन्। धेरै दाना खुवाएर मोटाएरको सुंगुर जस्तै उसले बारम्बार जुनी फेरिरहन्छन्।

## ३२६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीकी कुनै उपासिकाले आफ्नो छोरालाई श्रद्धाकासाथ प्रबर्जित गराइन् । उनको नाम सानु श्रमणेर रह्यो । उ उपदेश दिन सिपालु थियो । उपदेशले आफ्ना माता पितालाई पनि सन्तुष्ट दिन्थे । उनको पूर्वजन्मकी आमा सम्मानित यक्षिनी थिइन् । सानु तन्नेरी भए पछि गृहस्त हुन घर आए । उनको यस्तो बिचार जानेर पूर्वजन्मकी आमा उनको शरीरमा पसेर गाउँलेहरू जुटेको ठाउँमा गइ, यसले धर्म गर्यो भने ठिक छ। अन्यथा कही गएर पनि बाँच्ने छैन भनिन् । केही छिन पछि सानुको होस आयो । आफ्नो यस्तो अवस्था देखेर, दुःखित हुँदै पुनः बिहारतिर फर्कियो । उनकी आमाले अष्टपरिकार बनाएर उनको उपसम्पदा गराइन् । यो मेरो भड्केको चित्त, चाहना र कामनाले जता तान्दछ । जहाँ सुखको अनुभूति हुन्छ, त्यतै बिचरण गरिरह्यो । अब म यसलाई क्रमबद्ध ढंगले बशमा ल्याउने छु। तथागतले उनको चित्त निग्रहमा उत्साह बढाउन दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**इदं पुरे चित्तमचारि चारिकां, येनिच्छकं यत्थकामं यथासुखं**
**तदअज्ज अहं निग्गहेस्सामि योनिसो, हत्थिप्पभिन्नं विय अंकुसग्गाहो ॥३२६॥**

**भावार्थ–**

यो मेरो भड्केको चित्त, चाहना र कामनाले जता तान्दछ र जहाँ सुखको अनुभूति हुन्छ, त्यतै बिचरण गरिरह्यो । अब म यसलाई क्रमबद्ध ढंगले बशमा ल्याउने छु ।

## ३२७. समय सन्दर्भ–

एक समयमा कोसल नरेशको बद्धरेक नामक महाबलवान हात्ती बुढो भए पछि एकदिन राजबागको नजिकैको पोखरीको हिलोमा फस्यो । धेरै प्रयास गर्दा पनि पोखरीबाट निस्कन सकेन । बद्धरेक हात्तीको यस्तो दर्दनायक अवस्था देखे पछि नगरबासीले राजालाई निबेदन गर्यो कि, यो बृद्ध हात्तीलाई जसरी पनि हिलोबाट उद्धार गर्नुहोस्, भनी निबेदन गर्यो । नगरबासीहरूको आवाजलाई मध्ये नजर राख्दै, राजाले महावतलाई आदेश दियो । राजाको आदेश अनुसार महावतले किनारमा गएर सङ्ग्राम भेरी बजाउन साथ हात्ती जोडले उठेर किनारमा आयो । यसै कथालाई टृष्टान्त बनाइ तथागतले, 'हे भिक्षुहरू,' तिमीहरू पनि क्लेशको दुर्गबाट बाहिर निस्कने प्रयत्न गर । अप्रमादमा लाग्ने प्रयत्न गर । आफ्नो मनको रक्षा आफै गर । भवसागरको कठिन बाटोबाट आफुलाई आफै माथि उठाउ । जसरी हिलोमा भासिएर फसेको हात्तीले आफै उद्धार गर्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**अप्पमादरता होथ, सचितं बनुरक्खथ**
**दुग्ग उद्धरथ अत्तानं, पंके सन्ने व कुञ्जरो ॥३२७॥**

**भावार्थ–**

सचेत मानिसहरू अप्रमादमा लाग्ने प्रयत्न गर । आफ्नो मनको रक्षा आफै गर । भवसागरको कठिन बाटोबाट आफुलाई आफै माथि उठाउ । जसरी हिलोमा भासिएर फसेको हात्तीले आफै उद्धार गर्छ । मानिसहरू क्लेशबाट आफै निस्कनु पर्छ ।

## ३२८. समय सन्दर्भ–

एक समयमा कौशम्बीको घोषित ग्राममा बुद्ध शासनको लागि बिनय सम्बन्धि प्रथम पटक संघायना भयो। संघायनामा बिनयको बिभिनन बुँदाहरूमा छलफल भयो। यसरी छलफल हुँदा, सामान्य कुरामा फाटो भयो। यस बिषयमा तथागतले भिक्षुहरूलाई धेरै उपमा दिएर सम्झाउँदा पनि मानेनन्। आपासमा बैचारिक द्वन्द्व भयो। तर्कबिर्तक भयो। पक्ष र बिपक्ष भयो। बिनयको बिबिध बुँदाहरूमा समिक्षा भयो। पछि दुबै पक्षले आ-आफ्नो दोष स्वीकार गरेर आपासमा क्षमा याचना गर्दै तथागतनिर गएका पाँच पाँच सयको संख्यामा रहेका बिनयधर र धर्मकथित नामक दुई समूहका भिक्षुहरूलाई तथागतले श्रावस्तीको जेतवन महाबिहारमा बसेर तीन दिनसम्म छलफल भयो। यदि सँगै घुम्नको लागि अनुकूल परिपक्क, सदाचारी र बुद्धिमान साथी भेटियो भने, बिध्नहरूमाथि प्राप्त गरेर पनि उसैको साथमा स्मृतिवान हुँदै बिचरण गर्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥६॥

**पालीगाथा**– *****

**सचे लभेथ निपकं सहायं, सद्धिंचरं साधुविहारिधीरं**
**अभिभुय्य सब्बानि परिस्सयानि, चरेय्य तेनअत्तमनो सतिमा ॥३२८॥**

**भावार्थ**–

यदि सँगै घुम्नको लागि अनुकूल परिपक्क, सदाचारी र बुद्धिमान साथी भेटियो भने, बिध्नहरूमाथि प्राप्त गरेर उसैको साथमा स्मृतिवान हुँदै बिचरण गर्नु पर्छ।

## ३२९. समय सन्दर्भ–

एक समयमा कौशम्बीको घोषित ग्राममा बुद्ध शासनको लागि बिनय सम्बन्धि प्रथम पटक संघायना भयो । संघायनामा बिनयको बिभिनन बुँदाहरूमा छलफल भयो । यसरी छलफल हुँदा, सामान्य कुरामा फाटो भयो । यस बिषयमा तथागतले भिक्षुहरूलाई धेरै उपमा दिएर सम्झाउँदा पनि मानेनन् । आपासमा बैचारिक द्वन्द्व भयो । तर्कबिर्तक भयो । पक्ष र बिपक्ष भयो । बिनयको बिबिध बुँदाहरूमा समिक्षा भयो । पछि दुबै पक्षले आ-आफ्नो दोष स्वीकार गरेर आपासमा क्षमा याचना गर्दै तथागतनिर गएका पाँच पाँच सयको संख्यामा रहेका बिनयधर र धर्मकथित नामक दुई समूहका भिक्षुहरूलाई तथागतले श्रावस्तीको जेतवन महाबिहारमा बसेर तीन दिनसम्म छलफल भयो । यदि सँगै घुम्नको लागि अनुकूल परिपक्क, सदाचारी र बुद्धिमान साथी भेटियो भने, बिध्नहरूमाथि प्राप्त गरेर पनि उसैको साथमा स्मृतिवान हुँदै बिचरण गर्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥३२८॥

**पालीगाथा–**

**नो चे लभेय निपकं सहायं, सद्धिंचरं साधुविहारिधीरं**
**राजा व रट्ठं’विजितं पहाय, एकोचरे मातंगरञ्ञेव नागो ॥३२९॥**

**भावार्थ–**

यदि सँगै घुम्नको लागि अनुकूल परिपक्क, सदाचारी र बुद्धिमान साथी भेटिएन भने, एक्लै बिचरण गर्नु पर्छ । जस्तै हारेको राजा वा निकुञ्जको हात्ती एक्लै घुम्छ ।

## ३३०. समय सन्दर्भ–

एक समयमा कौशम्बीको घोषित ग्राममा बुद्ध शासनको लागि बिनय सम्बन्धि प्रथम पटक संघायना भयो । संघायनामा बिनयको बिभिनन बुँदाहरूमा छलफल भयो । यसरी छलफल हुँदा, सामान्य कुरामा फाटो भयो । यस बिषयमा तथागतले भिक्षुहरूलाई धेरै उपमा दिएर सम्झाउँदा पनि मानेनन् । आपासमा बैचारिक द्वन्द्व भयो । तर्कबिर्तक भयो । पक्ष र बिपक्ष भयो । बिनयको बिबिध बुँदाहरूमा समिक्षा भयो । पछि दुबै पक्षले आ-आफ्नो दोष स्वीकार गरेर आपासमा क्षमा याचना गर्दै तथागतनिर गएका पाँच पाँच सयको संख्यामा रहेका बिनयधर र धर्मकथित नामक दुई समूहका भिक्षुहरूलाई तथागतले श्रावस्तीको जेतवन महाबिहारमा बसेर तीन दिनसम्म छलफल भयो । यदि सँगै घुम्नको लागि अनुकूल परिपक्क, सदाचारी र बुद्धिमान साथी भेटियो भने, बिध्नहरूमाथि प्राप्त गरेर पनि उसैको साथमा स्मृतिवान हुँदै बिचरण गर्नु पर्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥३२८॥

**पालीगाथा**– *****

**एकस्स चरितं सेय्यो, न'अत्थि बाले सहायता**

**एकोचरे न च पापानि कयिरा, अप्पोस्सुक्को मातङ्गरञ्ञे व नागो ॥३३०॥**

**भावार्थ**–

अज्ञानीसँगको मित्रता भन्दा, बरु एक्लै घुम्नु श्रेयकार हो भन्ने बिचरण गर्नु पर्छ । पाप कर्म गर्नु हुँदैन । अनासक्त भएर निकुञ्जको हात्ती जस्तै एक्लै घुम्नु पर्छ ।

# ३३१. समय सन्दर्भ–

एक समयमा तथागत हिमवन्ततिर अरण्य कुटीमा बिहार गर्दा त्यहाँको राजाले नाना प्रकारले राष्ट्रबासीहरूलाई पिडित गर्दछन् भन्ने कुराको जानकारी भयो। त्यसैमा तथागतको मनमा यस बिषयमा यस्तो बितर्क उत्पन्न भयो। 'हे राजन,' के कसैलाई पिडित नगरिकन राज्य गर्न सकिन्न ? आफ्नो नागरिकलाई बिना कारण दण्ड दिनै पर्छ ? तथागतको यस्तो बितर्क जानेर मारले आज्ञा भयो। 'हे भन्ते,' तथागत वा सुगतले राज्य गरेमा कसैलाई पिडा नदिइ राज्य गर्न सक्दछ। तथागतले मारलाई फट्कार्दै भन्यो, 'हे मार,' तेरो उपदेश अर्कै रहेछ। त्यो हामीलाई खाँचो छैन। मानिसलाई खाँचो पर्दा मित्र हुनु सुखदायक हो। खोज्दै जाँदा जे जति जस्तो अवस्थामा भेटिन्छ, त्यसैलाई उपभोग गर्दै जानु पनि सन्तुष्ट र सुखदायक हो। मृत्यु भए पछि पहिले गरेको असल काम र दुःखहरूको निवारण पनि सुखदायक हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अत्थम्हि जातम्हि सुखा सहाया, तुट्ठि सुखा या इतरीतरेन**
**पुञ्ञं सुखं जीतिसंखयसम्ह, सब्बस्स दुक्खस्स सुखं पहानं ॥३३१॥**

**भावार्थ–**

मानिसलाई खाँचो पर्दा मित्र हुनु सुखदायक हो। खोज्दै जाँदा जे जति जस्तो अवस्थामा भेटिन्छ, त्यसैमा सन्तुष्ट हुनु सुखदायक हो। मृत्यु भए पछि पहिले गरेको असल काम र दुःखहरूको निवारण पनि सुखदायक हुन्छ।

## ३३२. समय सन्दर्भ–

एक समयमा तथागत हिमवन्ततिर अरण्य कुटीमा बिहार गर्दा त्यहाँको राजाले नाना प्रकारले राष्ट्रबासीहरूलाई पिडित गर्दछन् भन्ने कुराको जानकारी भयो। त्यसैमा तथागतको मनमा यस बिषयमा यस्तो बितर्क उत्पन्न भयो। 'हे राजन,' के कसैलाई पिडित नगरिकन राज्य गर्न सकिन्न ? आफ्नो नागरिकलाई बिना कारण दण्ड दिनै पर्छ ? तथागतको यस्तो बितर्क जानेर मारले आज्ञा भयो। 'हे भन्ते,' तथागत वा सुगतले राज्य गरेमा कसैलाई पिडा नदिइ राज्य गर्न सक्दछ। तथागतले मारलाई फट्कार्दै भन्यो, 'हे मार,' तेरो उपदेश अर्कै रहेछ। त्यो हामीलाई खाँचो छैन। मानिसलाई खाँचो पर्दा मित्र हुनु सुखदायक हो। खोज्दै जाँदा जे जति जस्तो अवस्थामा भेटिन्छ, त्यसैलाई उपभोग गर्दै जानु पनि सन्तुष्ट र सुखदायक हो। मृत्यु भए पछि पहिले गरेको असल काम र दुःखहरूको निवारण पनि सुखदायक हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।।३३१।।

**पालीगाथा–** *****

**सुख मत्तेय्यता लोके, अथो पेत्तेय्यता सुखा**
**सुखा सामञ्ञता लोके, अथो ब्रह्मञ्ञता सुखा ।।३३२।।**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार आमा हुनु र आमाको सेवा गर्नु सुखदायक हो। त्यस्तै पिता हुनु र पिताको सेवा गर्नु पनि सुखदायक हो। यो भवसागरमा श्रमणभाव, श्रमण्य र करुणा राख्नु पनि सुखदायक हो।

## ३३३. समय सन्दर्भ–

एक समयमा तथागत हिमवन्तातिर अरण्य कुटीमा बिहार गर्दा त्यहाँको राजाले नाना प्रकारले राष्ट्रबासीहरूलाई पिडित गर्दछन् भन्ने कुराको जानकारी भयो । त्यसैमा तथागतको मनमा यस बिषयमा यस्तो बितर्क उत्पन्न भयो । 'हे राजन,' के कसैलाई पिडित नगरिकन राज्य गर्न सकिन्न ? आफ्नो नागरिकलाई बिना कारण दण्ड दिनै पर्छ ? तथागतको यस्तो बितर्क जानेर मारले आज्ञा भयो । 'हे भन्ते,' तथागत वा सुगतले राज्य गरेमा कसैलाई पिडा नदिइ राज्य गर्न सक्दछ । तथागतले मारलाई फट्कार्दै भन्यो, 'हे मार,' तेरो उपदेश अर्कै रहेछ । त्यो हामीलाई खाँचो छैन । मानिसलाई खाँचो पर्दा मित्र हुनु सुखदायक हो । खोज्दै जाँदा जे जति जस्तो अवस्थामा भेटिन्छ, त्यसैलाई उपभोग गर्दै जानु पनि सन्तुष्ट र सुखदायक हो । मृत्यु भए पछि पहिले गरेको असल काम र दुःखहरूको निवारण पनि सुखदायक हुन्छ । जीवनको बृद्धावस्थासम्म शीलको पालना गर्नु सुखदायक हो भन्दै दिएको उपदेशको पालीगाथा ॥३३१॥

**पालीगाथा–**

**सुखं याव जरा शीलं, सुखा सद्धा पतिट्ठिता**
**सुखो पञ्ञाय पटिलाभो, पापानै अकरणं सुखं ॥३३३॥**

**भावार्थ–**

जीवनको बृद्धावस्थासम्म शीलको पालना गर्नु सुखदायक हो । प्रतिष्ठित श्रद्धा हुनु सुखदायक हो । प्रज्ञाको लाभ सुखदायक हो । कुनै पनि दुष्कर्म नगर्नु महासुखदायक हो ।

# धम्मपद

# तृष्णा वर्ग– २४

## ३३४. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा बिहार गर्दा, श्रावस्तीको नगर द्वारमा बस्ने केवट्ठ गाउँका माझीका केटाकेटीले अचिरवती नदीमा जाल हान्दा, सुनौलो माछा समाते । माझीले राजालाई देखाए । राजाले माछालाई दुनामा राख्न लगाएर तथागतकहाँ गए । 'हे भन्ते,' यो माछाको शरीर सुनौलो छ । तर मुखबाट दुर्गन्ध आउँछ । अहिले जेतवन भरी दुर्गन्ध फैलिएको छ, भने । 'हे महाराज,' काश्यप बुद्धको शासनमा यो कपिल नामक अभिमानी र दुराचारी भिक्षु थियो । उनले काश्यपको बिरोध गर्यो । तर केही समय बुद्धबचनको प्रशंसा गरेकोले स्वर्ण काय भएको हो । तर भिक्षुहरूलाई दुर्बचन बोलेकोले मुखबाट दुर्गन्ध आएको हो । त नै कपिल हो ? कहाँबाट आइस् र कहाँ जादै छस् भन्द म नै कपिल हुँ । म फेरी अबिची जादैछु भन्यो । प्रमत्त भएर बिचरण गर्ने मानिसको तृष्णा मालुवा नामक लहरो झैं बढदै जान्छ । फलहरू खोज्दै बनमा उफ्रिने बाँदर जस्तै जन्म जन्मसम्म भड्किरहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**मनुजस्स पमत्तचारिनो, तण्हा वट्ठति मालुवा विय**
**सो प्लवति हुराहुरं, फलं इच्छं व वनस्मिं वानरो ॥३३४॥**

**भावार्थ–**

प्रमत्त भएर बिचरण गर्ने मानिसको तृष्णा मालुवा नामक लहरो झैं बढदै जान्छ । फलहरू खोज्दै बनमा उफ्रिने र फालहान्ने बाँदर जस्तै जन्म जन्मसम्म भड्किरहन्छ ।

## ३३५. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा बिहार गर्दा, श्रावस्तीको नगर द्वारमा बस्ने केवट्ठ गाउँका माझीका केटाकेटीले अचिरवती नदीमा जाल हान्दा, सुनौलो माछा समाते । माझीले राजालाई देखाए । राजाले माछालाई दुनामा राख्न लगाएर तथागतकहाँ गए । 'हे भन्ते,' यो माछाको शरीर सुनौलो छ । तर मुखबाट दुर्गन्ध आउँछ । अहिले जेतवन भरी दुर्गन्ध फैलिएको छ, भने । 'हे महाराज,' काश्यप बुद्धको शासनमा यो कपिल नामक अभिमानी र दुराचारी भिक्षु थियो । उनले काश्यपको बिरोध गर्यो । तर केही समय बुद्धबचनको प्रशंसा गरेकोले स्वर्ण काय भएको हो । तर भिक्षुहरूलाई दुर्बचन बोलेकोले मुखबाट दुर्गन्ध आएको हो । त नै कपिल हो ? कहाँबाट आइस् र कहाँ जादै छस् भन्द म नै कपिल हुँ । म फेरी अबिची जादैछु भन्यो । प्रमत्त भएर बिचरण गर्ने मानिसको तृष्णा मालुवा नामक लहरो झैं बढदै जान्छ । फलहरू खोज्दै बनमा उफ्रिने बाँदर जस्तै जन्म जन्मसम्म भड्किरहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।।३३४।।

**पालीगाथा–**

**यं एसा सहते जम्मी, तण्हा लोके विसत्तिका**
**सोका तस्स पवट्ठन्ति, अभिवट्ठं व बीरणं ।। ३३५।।**

**भावार्थ–**

बारम्बर दुःख दिइरहने लालसा र तृष्णाले संसारमा जसलाई सताउँछ । त्यस्तै मानिसका शोकहरू पनि यसरी बढदै जान्छन् । जसरी पानी परे पछि घाँसपातहरू हस्किन्छन् ।

## ३३६. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा बिहार गर्दा, श्रावस्तीको नगर द्वारमा बस्ने केवट्ठ गाउँका माझीका केटाकेटीले अचिरवती नदीमा जाल हान्दा, सुनौलो माछा समाते । माझीले राजालाई देखाए । राजाले माछालाई दुनामा राख्न लगाएर तथागतकहाँ गए । 'हे भन्ते,' यो माछाको शरीर सुनौलो छ । तर मुखबाट दुर्गन्ध आउँछ । अहिले जेतवन भरी दुर्गन्ध फैलिएको छ, भने । 'हे महाराज,' काश्यप बुद्धको शासनमा यो कपिल नामक अभिमानी र दुराचारी भिक्षु थियो । उनले काश्यपको बिरोध गर्यो । तर केही समय बुद्धबचनको प्रशंसा गरेकोले स्वर्ण काय भएको हो । तर भिक्षुहरूलाई दुर्बचन बोलेकोले मुखबाट दुर्गन्ध आएको हो । त नै कपिल हो ? कहाँबाट आइस् र कहाँ जादै छस् भन्द म नै कपिल हुँ । म फेरी अबिची जादैछु भन्यो । प्रमत्त भएर बिचरण गर्ने मानिसको तृष्णा मालुवा नामक लहरो झैं बढदै जान्छ । फलहरू खोज्दै बनमा उफ्रिने बाँदर जस्तै जन्म जन्मसम्म भड्किरहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।।३३४।।

**पालीगाथा–**

**यो चेतं सहते जम्मिं, तण्हं लोके दुरच्चयं**
**सोका तम्हा पपतन्ति, उदविन्दु व पोक्खरा ।।३३६।।**

**भावार्थ–**

अनि संसारमा जसले यस्तो दुर्जय तृष्णालाई परास्त गरी पन्छाउँछ । उसका शोकहरू पनि यसरी हराएर जान्छन्, जसरी कमलको पातमा टप्केको पानी छिनमै खसेर हराउँछ ।

## ३३७. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा बिहार गर्दा, श्रावस्तीको नगर द्वारमा बस्ने केवट्ठ गाउँका माझीका केटाकेटीले अचिरवती नदीमा जाल हान्दा, सुनौलो माछा समाते । माझीले राजालाई देखाए । राजाले माछालाई डुनामा राख्न लगाएर तथागतकहाँ गए । 'हे भन्ते,' यो माछाको शरीर सुनौलो छ । तर मुखबाट दुर्गन्ध आउँछ । अहिले जेतवन भरी दुर्गन्ध फैलिएको छ, भने । 'हे महाराज,' काश्यप बुद्धको शासनमा यो कपिल नामक अभिमानी र दुराचारी भिक्षु थियो । उनले काश्यपको बिरोध गर्यो । तर केही समय बुद्धबचनको प्रशंसा गरेकोले स्वर्ण काय भएको हो । तर भिक्षुहरूलाई दुर्बचन बोलेकोले मुखबाट दुर्गन्ध आएको हो । त नै कपिल हो ? कहाँबाट आइस् र कहाँ जादै छस् भन्द म नै कपिल हुँ । म फेरी अबिची जादैछु भन्यो । प्रमत्त भएर बिचरण गर्ने मानिसको तृष्णा मालुवा नामक लहरो झैं बढदै जान्छ । फलहरू खोज्दै बनमा उफ्रिने बाँदर जस्तै जन्म जन्मसम्म भड्किरहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ॥३३४॥

**पालीगाथा–** *****

**तं वो वदामि भद्दं वो, यावन्त्'एत्व समागता**
**तण्हाय मूलं खणथ, उसीरत्थो व बीरणं**
**मा वो नलं व सोतो व, मारो भञ्जिं पुनप्पुनं ॥३३७॥**

**भावार्थ–**

यहाँ जे जति जुटेका छौ, हामीहरू सबैलाई मेरो अभिवादन छ । तृष्णाका जराहरूलाई निर्मुल गर्ने प्रयास गर । जसरी उर्लदो भेलले कमलको डाँठलाई छिन्नभिन्न पार्छ ।

## ३३८. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा भिक्षाटनको लागि जाँदै गर्दा एउटा सुँगुरको पाठी देखेर मुस्कुराए। साथमा रहेको आनन्द स्थविरले मुस्कुराउनुको कारण सोध्दा, 'हे अनन्द,' यो सुँगुरको पाठी ककुच्छन्द बुद्धको शासनमा कुनै आशन शालामा कुखुरी भएर उत्पन्न भइन्। कुनै योगवचर भिक्षुले स्वाध्याय गरेको शब्द सुनेर त्यहाँबाट च्युत भई उवरी नामक राजकन्या भएर जन्मिइन्। एकदिन चर्पीको कीरा देखेर पुलवक संज्ञाको भावना गर्दै प्रथम ध्यान प्राप्त गरी ब्रह्मलोकमा उत्पन्न भइन्। त्यहाँबाट च्युत भएपछि आवागमनको चक्करमा अहिले सुँगुर्नी भएको देखेर मुस्कुराएको हुँ, भन्यो। यो कुरा सुनेर भिक्षुहरू ठुलो संवेगमा परे। जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ। त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ। तथागतले उनीहरूलाई संविग्न गराएर भवतृष्णामा दोषहरू देखाउँदै नगरको मूलबाटो मै उभिएर दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यद्यापि मूले अनुपद्दवे दल्हे, छिने पि रुक्खो पुनरेव रुहति**
**एवं'पि तण्हानुसये अनुहते, निब्बत्तति दुक्खं इदं पुनप्पनं ॥३३८॥**

**भावार्थ–**

जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ। त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ।

## ३३९. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा भिक्षाटनको लागि जाँदै गर्दा एउटा सुँगुरको पाठी देखेर मुस्कुराए । साथमा रहेको आनन्द स्थविरले मुस्कुराउनुको कारण सोध्दा, ‘हे अनन्द,’ यो सुँगुरको पाठी ककुच्छन्द बुद्धको शासनमा कुनै आशन शालामा कुखुरी भएर उत्पन्न भइन् । कुनै योगवचर भिक्षुले स्वाध्याय गरेको शब्द सुनेर त्यहाँबाट च्युत भई उवरी नामक राजकन्या भएर जन्मिइन् । एकदिन चर्पीको कीरा देखेर पुलवक संज्ञाको भावना गर्दै प्रथम ध्यान प्राप्त गरी ब्रह्मलोकमा उत्पन्न भइन् । त्यहाँबाट च्युत भएपछि आवागमनको चक्करमा अहिले सुँगुर्नी भएको देखेर मुस्कुराएको हुँ, भन्यो । यो कुरा सुनेर भिक्षुहरू डुलो संवेगमा परे । जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ । त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ । तथागतले उनीहरूलाई संविग्न गराएर भवतृष्णामा दोषहरू देखाउँदै नगरको मूलबाटो मै उभिएर दिएको उपदेशको पालीगाथा ।।३३८।।

**पालीगाथा–**

**यस्स छत्तिंसति सोता, मनापसवना भुसा**
**वाहा बहन्ति दद्दिट्ठिं, संकप्प रागनिस्सिता ।।३३९।।**

**भावार्थ–**

जसका छत्तिस प्रवासहरू रमणीय पदार्थतिर सोझिएर बग्द छन् । त्यस्तो मानिसलाई रागबाट निस्केका आसक्तिपूर्ण संकल्पहरूले उर्लदो भेल बनेर बगाएर लैजान्छन् ।

## ३४०. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा भिक्षाटनको लागि जाँदै गर्दा एउटा सुँगुरको पाठी देखेर मुस्कुराए। साथमा रहेको आनन्द स्थविरले मुस्कुराउनुको कारण सोध्दा, 'हे अनन्द,' यो सुँगुरको पाठी क्रकुच्छन्द बुद्धको शासनमा कुनै आशन शालामा कुखुरी भएर उत्पन्न भइन्। कुनै योगवचर भिक्षुले स्वाध्याय गरेको शब्द सुनेर त्यहाँबाट च्युत भई उवरी नामक राजकन्या भएर जन्मिइन्। एकदिन चर्पीको कीरा देखेर पुलवक संज्ञाको भावना गर्दै प्रथम ध्यान प्राप्त गरी ब्रह्मलोकमा उत्पन्न भइन्। त्यहाँबाट च्युत भएपछि आवागमनको चक्करमा अहिले सुँगुर्नी भएको देखेर मुस्कुराएको हुँ, भन्यो। यो कुरा सुनेर भिक्षुहरू डुलो संवेगमा परे। जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ। त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ। तथागतले उनीहरूलाई संविग्न गराएर भवतृष्णामा दोषहरू देखाउँदै नगरको मूलबाटो मै उभिएर दिएको उपदेशको पालीगाथा ॥३३८॥

**पालीगाथा–**

**सवन्ति सब्बधि सोता, लता उब्भिज्ज तिट्ठति**
**तञ् च दिस्वा लतं जातं, मूलं पञ्ञाय छिन्दथ ॥३४०॥**

**भावार्थ–**

प्रवाहका धाराहरू सबैतिर बग्दछन्। लहराहरू उम्रेर ठाडा हुन्छन्। उम्रेका त्यस्ता लहराहरू देख्नसाथ आफ्नो प्रज्ञा बलले जरैदेखिन चुँडाल्ने प्रयास गर्नु पर्छ। यसबाट भावतृष्णाको बिनाश हुन्छ।

## ३४१. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा भिक्षाटनको लागि जाँदै गर्दा एउटा सुँगुरको पाठी देखेर मुस्कुराए। साथमा रहेको आनन्द स्थविरले मुस्कुराउनुको कारण सोध्दा, 'हे अनन्द,' यो सुँगुरको पाठी क्रकुच्छन्द बुद्धको शासनमा कुनै आशन शालामा कुखुरी भएर उत्पन्न भइन्। कुनै योगवचर भिक्षुले स्वाध्याय गरेको शब्द सुनेर त्यहाँबाट च्युत भई उवरी नामक राजकन्या भएर जन्मिइन्। एकदिन चर्पीको कीरा देखेर पुलवक संज्ञाको भावना गर्दै प्रथम ध्यान प्राप्त गरी ब्रह्मलोकमा उत्पन्न भइन्। त्यहाँबाट च्युत भएपछि आवागमनको चक्करमा अहिले सुँगुर्नी भएको देखेर मुस्कुराएको हुँ, भन्यो। यो कुरा सुनेर भिक्षुहरू डुलो संवेगमा परे। जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ। त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ। तथागतले उनीहरूलाई संविग्न गराएर भवतृष्णामा दोषहरू देखाउँदै नगरको मूलबाटो मै उभिएर दिएको उपदेशको पालीगाथा ॥३३८॥

**पालीगाथा–**

**सरितानि सिनेहितानि च, सोमनस्सानि भवन्ति जन्तुनो**
**ते सातसिता सुखेसिनो, ते वे जातिजरुपगा नरा ॥३४१॥**

**भावार्थ–**

प्रवाहित हुने धाराहरू सबै प्राणीहरूको लागि मनोहर र मायालु हुन्छन्। खुसी र रमाइलोसँग जोडिएका सुखको खोजीमा रहने मानिसहरू पटक पटक जन्ममा घुमिरहन्छन्।

## ३४२. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा भिक्षाटनको लागि जाँदै गर्दा एउटा सुँगुरको पाठी देखेर मुस्कुराए । साथमा रहेको आनन्द स्थविरले मुस्कुराउनुको कारण सोध्दा, 'हे अनन्द,' यो सुँगुरको पाठी ककुच्छन्द बुद्धको शासनमा कुनै आशन शालामा कुखुरी भएर उत्पन्न भइन् । कुनै योगवचर भिक्षुले स्वाध्याय गरेको शब्द सुनेर त्यहाँबाट च्युत भई उवरी नामक राजकन्या भएर जन्मिइन् । एकदिन चर्पीको कीरा देखेर पुलवक संज्ञाको भावना गर्दै प्रथम ध्यान प्राप्त गरी ब्रह्मलोकमा उत्पन्न भइन् । त्यहाँबाट च्युत भएपछि आवागमनको चक्करमा अहिले सुँगुर्नी भएको देखेर मुस्कुराएको हुँ, भन्यो । यो कुरा सुनेर भिक्षुहरू ठुलो संवेगमा परे । जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ । त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ । तथागतले उनीहरूलाई संविग्न गराएर भवतृष्णामा दोषहरू देखाउँदै नगरको मूलबाटो मै उभिएर दिएको उपदेशको पालीगाथा ॥३३८॥

**पालीगाथा–**

**तसिणाय पुरक्खता पजा, परिसप्पन्ति ससो व बाधितो**
**सञ्ञोजनसँगसत्तका, दुक्खमुपेन्ति पुनप्पुनं चिराय ॥३४२॥**

**भावार्थ–**

तृष्णाको पछि लाग्ने मानिस जालमा परेको खरायो जस्तै बन्धनमै चक्कर काटिरहन्छन् । त्यसरी जालमा फसेकाले लामो समयसम्म दुक्ख पनि पाइरहन्छन् । यही हो तृष्णाको परिणाम् ।

## ३४३. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा भिक्षाटनको लागि जाँदै गर्दा एउटा सुँगुरको पाठी देखेर मुस्कुराए। साथमा रहेको आनन्द स्थविरले मुस्कुराउनुको कारण सोध्दा, 'हे अनन्द,' यो सुँगुरको पाठी ककुच्छन्द बुद्धको शासनमा कुनै आशन शालामा कुखुरी भएर उत्पन्न भइन्। कुनै योगवचर भिक्षुले स्वाध्याय गरेको शब्द सुनेर त्यहाँबाट च्युत भई उवरी नामक राजकन्या भएर जन्मिइन्। एकदिन चर्पीको कीरा देखेर पुलवक संज्ञाको भावना गर्दै प्रथम ध्यान प्राप्त गरी ब्रह्मलोकमा उत्पन्न भइन्। त्यहाँबाट च्युत भएपछि आवागमनको चक्करमा अहिले सुँगुर्नी भएको देखेर मुस्कुराएको हुँ, भन्यो। यो कुरा सुनेर भिक्षुहरू डुलो संवेगमा परे। जसरी मूल जरोलाई नखल्बल्याइकन ढालेको रुख फेरी पलाएर आउँछ। त्यसै गरी चित्त भित्र सुसुप्त अबस्थामा रहेको तृष्णालाई पनि दमन गर्न सकेन भने दुःख दिन्छ। तथागतले उनीहरूलाई संविग्न गराएर भवतृष्णामा दोषहरू देखाउँदै नगरको मूलबाटो मै उभिएर दिएको उपदेशको पालीगाथा ॥३३८॥

**पालीगाथा–**

**तसिणाय पुरक्खता पजा, परिसप्पन्ति ससो व बाधितो**
**तस्सम तसिणं बिनोदये, भिक्खु आकंखी विरागं अत्तनो ॥३४३॥**

**भावार्थ–**

तृष्णाको पछि लाग्ने मानिस जालमा परेको खरायो जस्तै बन्धनमै चक्कर काटिरहन्छन्। त्यसकारण आफ्नै बैराग्य को आकांक्ष राख्ने भिक्षुले तृष्णालाई त्याग्नु पर्छ।

# ३४४. समय सन्दर्भ–

एक समयमा जेतवनमा महाकाश्यप स्थविरको एकजना शिष्यले चारै ध्यान प्राप्त गरेर पनि आफ्ना मामाको घरको एउटी स्त्रीप्रति मोहित भएर चीबर छोडी गृहस्थ बन्यो । अल्छि भएर घरको मानिसले पनि घरबाट निकालि दियो । अब उनले चोरी गरेर जीविका गर्न थाल्यो । एकदिन चोरी गर्न लाग्दा पकडेर राजाकहाँ लग्यो । राजाले मृत्यु दण्ड दियो । जल्लादहरूले मार्न लैजादै गर्दा भिक्षाटनमा निस्केको महाकाश्य स्थविरले उनलाई चिनेर नजिकै आएर भने । 'हे अज्ञानी,' पहिलेका ध्यानहरू स्मरण गर, भने । स्थविरले भन्ने बित्तिकै उनलाई पहिलेका ध्यानहरू स्मरण गर्यो । उनलाई जल्लादहरूले मार्न खोज्यो । तर हतियारले उनको शरीरमा कुनै असर भएन । यो कुरा राजाकहाँ पुग्यो । राजाले छाडिदिन आदेश दियो । कामनारुपी झाडी एवं वासनारुपी बनबाट मुक्त भैसके पछि पनि जो फेरी तृष्णारुपी बनतिर नै दौडिन्छन् । त्यस्तो मानिस बन्धन नै खोजेर त्यतैतिर दौडिरहन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो निब्बनथो वनाधिमुत्तो, वनमुत्तो वनं एवं धावति**
**तं पुग्गलं एवं पस्सथ, मुत्तो बन्धनं एवं धावति ॥३४४॥**

**भावार्थ–**

कामनारुपी झाडी एवं वासनारुपी बनबाट मुक्त भैसके पछि पनि जो फेरी तृष्णारुपी बनतिर नै दौडिन्छन् । त्यस्तो मानिस बन्धन नै खोजेर त्यतैतिर दौडिरहन्छ ।

## ३४५. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा आगन्तुक भिक्षुहरू भिक्षाटनमा जाँदा गाउँबाट एकदमै टाढा अपाएक ठाउँमा स्थापति झ्यालखानामा धेरै चोरहरू बाँधेको देखे । उनीहरूले झ्यालखानाको बारेमा सोधपुछ गर्न चाहे । तर त्यहाँका सुरक्षाकर्मीहरूले केही कुरा बताउन चाहेनन् । उनीहरू भिक्षाटनबाट फर्के पछि तथागतकहाँ गएर गएर प्रणाम गर्दै भने, 'हे भन्ते,' हामीहरूले गाउँबाट एकदमै टाढा अपाएक ठाउँमा झ्यालखाना देखे । सोधपुछ गर्दा, त्यहाँका सुरक्षाकर्मीहरूले केही बताउन चाहेनन् । त्यहाँ भित्र धेरै चोरहरूलाई बाँधेर राखेको देख्यौं । यो भन्दा पनि दह्रो कुनै बन्धन छ र ? भनेर सोध्यो । उनीहरूको कुरा सुनेर 'हे भिक्षुहरू,' त्यो बन्धन भन्दा त धन धान्य र पुत्र स्त्रीको क्लेश बन्धन सयौं गुना दृढतर हुन्छन् । यो भवसागरमा बिद्वान धीर पुरुषहरू फलामको काठको वा बाबियोको बन्धनलाई बलियो मान्दैनन् । बास्तवमा बलियो बन्धन त मणिरत्न, गरगहना, धनसम्पत्ति र माया मोहा हुनु हो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न तं दल्हं बन्धनं आहुधीरा, यदायसं दारुजं बब्बजञ् च**
**सारत्तरत्ता मणिकुण्डलेसु, पुत्तेसुदारेसु चयअपेक्खा ॥३४५॥**

**भावार्थ–**

बिद्वान धीर पुरुषहरू फलामको, काठको वा बाबियोको बन्धन लाई बलियो मान्दैनन् । बास्तवमा बलियो बन्धन त मणिरत्न गरगहना, धनसम्पत्ति र माया मोहा हुनु हो ।

## ३४६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा आगन्तुक भिक्षुहरू भिक्षाटनमा जाँदा गाउँबाट एकदमै टाढा अपाएक ठाउँमा स्थापति झ्यालखानामा धेरै चोरहरू बाँधेको देखे । उनीहरूले झ्यालखानाको बारेमा सोधपुछ गर्न चाहे । तर त्यहाँका सुरक्षाकर्मीहरूले केही कुरा बताउन चाहेनन् । उनीहरू भिक्षाटनबाट फर्के पछि तथागतकहाँ गएर गएर प्रणाम गर्दै भने, 'हे भन्ते,' हामीहरूले गाउँबाट एकदमै टाढा अपाएक ठाउँमा झ्यालखाना देखे । सोधपुछ गर्दा, त्यहाँका सुरक्षाकर्मीहरूले केही बताउन चाहेनन् । त्यहाँ भित्र धेरै चोर हरूलाई बाँधेर राखेको देख्यौं । यो भन्दा पनि दह्रो कुनै बन्धन छ र ? भनेर सोध्यो । उनीहरूको कुरा सुनेर 'हे भिक्षुहरू,' त्यो बन्धन भन्दा त धन धान्य र पुत्र स्त्रीको क्लेश बन्धन सयौं गुना दृढतर हुन्छन् । यो भवसागरमा बिद्वान धीर पुरुषहरू फलामको काठको वा बाबियोको बन्धनलाई बलियो मान्दैनन् । बास्तवमा बलियो बन्धन त मणिरत्न, गरगहना, धनसम्पत्ति र माया मोहा हुनु हो भन्दै दिएको उपदेशको पालीगाथा ॥३४५॥

**पालीगाथा–**

**एतंदल्ह बन्धनं बाहुधीरा, ओहारिनं सिथिलं दुप्पमुञ्चं**
**एतं पिछेत्वान परिब्बजन्ति, अनपेक्खिनो कामसुखं पहाय ॥३४६॥**

**भावार्थ–**

धैर्यवान बिद्वानहरू त्यसैलाई बन्धन मान्दछन् । जसले अधोगति तर्फ लैजान्छन् । जो शिथिल छ । छोडन गाह्रो छ । कुनै अपेक्षा नराख्ने मानिस कामभोगको बन्धन चुँडालेर प्रबर्जित हुन्छन् ।

## ३४७. समय सन्दर्भ–

एक समयमा राजा बिम्बिसारकी जेठी रानी खेमालाई आफ्नो रुपको निकै घमण्ड थियो । तथागतले रुपको निन्दा गर्छन भन्ने सुनेर उनी कहिल्यै पनि उपदेश सुन्न गइनन् । तथागतको उपदेश सुन्न एकजना दासीलाई पठाउने गर्थिन् । उनले सुनेर आए पछि रानीलाई उपदेश सुनाउने गर्थिन् । एकदिन रानीले त्यहाँ हेर्न जाने बिचार गरिन् । उनी आउन लागेको थाहा पाएर तथागतले परिषदमा उपदेश दिँदा, ऋद्धिबालद्वारा एउटी रुपवती बनाएर उनको पछाडी उभिएर पंखा हम्कँदै थिइन् । बेणुबन पुगेकी खेमाले रुपवतीलाई देखेर आश्चर्य मान्दै हेर्न थालिन् । 'हे खेमा,' तिमी रुपलाई सार सम्झन्छौं । तर, यो शरीर असार हुने कुरा हो भन्दै आतुर असुति भन्ने गाथा सुनाए । त्यो गाथा सुन्ने बित्तिकै रानी खेमा श्रोतापन्न भइन् । जो रागरञ्जित छन् उनीहरू आफैले बनाएको श्रोतमा फस्छन् । जसरी माकुरो आफ्नै जालमा अल्झिन्छ । कुनै अपेक्षा नराख्ने मानिस कामभोग त्यागेर प्रबर्जित हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**ये रागरत्तानुपतन्ति सोतं, सयंकतं मक्कटको व जालं**

**एतं पिछेत्वान वजन्ति धीरा, अनपेक्खिनो सब्बदुखं पहाय ।।३४७।।**

**भावार्थ–**

जो रागरञ्जित छन्, उनीहरू आफैले बनाएको श्रोतमा फस्छन् । जसरी माकुरो आफ्नै जालमा अल्झिन्छ । कुनै अपेक्षा नराख्ने मानिस कामभोग त्यागेर प्रबर्जित हुन्छन् ।

## ३४८. समय सन्दर्भ–

एक समयमा राजगृहमा बर्सेनी ५०० नर्तकहरू आएर खेल देखाउँथे । एकदिन त्यहाँको कुनै सेठको छोरा उग्गसेन एउटी नर्तकीसँग मोहित भएर बिबाह गरी त्यही टोलीसँग गयो । उनीहरूसँग घुम्दै गर्दा केही दिनमै उनले पनि नृत्य सिके । आर्को वर्ष पुनः राजगृह आउँदा, भोली उग्गसेनको खेल हुँदैछ भनी प्रचार गरियो । भोलिपल्ट उग्गसेनले साठी हात अग्लो बाँसमा चढेर खेल देखाउँदा, उग्गसेनतिरबाट मुन्टो फर्काएर तथागतलाई हेर्न थाले । यस्तो अवस्था देखेर उग्गसेन उदास भए । उग्गसेनको अबस्था बुझेर तथागतले मौदगल्यान मार्फत खेल जारी राख्नु भने । उनले खुसी हुँदै खेलहरू प्रस्तुत गरे । 'हे उग्गसेन,' बुद्धिमान ब्यक्तिले भूतकालबाट शिक्षा लिएर बर्तमानलाई समृद्ध बनाउँदै भबिष्यको लागि अगाडि पछडि अर्थात भूत, बर्तमान र भबिष्यको सबै कुरा कुझेर बर्तमानलाई प्रभावकारी बनाउनु पर्छ । बर्तमान प्रभावकारी भए पछि भविष्य पनि सुरक्षित हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**मुञ्च पुरे मुञ्च पच्छतो, मज्झे मुञ्च भवस्स पारगु**
**सब्बत्थ विमुत्तमानसो, न पुनं जातिजरं उपेहिसि ॥ ३४८॥**

**भावार्थ**–

अगाडि पछडि अर्थात भूत, बर्तमान र भबिष्यको सबै कुरा कुझेर बर्तमानलाई प्रभावकारी बनाउनु पर्छ । बर्तमान प्रभावकारी भए पछि भविष्य पनि सुरक्षित हुन्छ ।

## ३४९. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, कुनै स्त्रीले कायस्त नामक तरुण भिक्षुलाई मोहित बनाएर उनलाई गृहस्त बनाउन अनेक प्रकारका प्रलोभन दिए। युवतीको कुरा सुनेर त्यो भिक्षु पनि चीवर त्यागेर गृहस्त हुन तयार भए। भिक्षुहरूले कायस्तलाई अनेक प्रकारले सम्झाउने प्रयास गरे। तर सफल भएन। अन्तमा बृतान्त कुरा तथागतलाई सनाए पछि उनले भिक्षुलाई सम्झाउँदै 'हे अबुस,' तिमी के कारणले भिक्षु बन्यो ? आज फेरी के कारणले गर्दा गृहस्त बन्न खोजेको हो ? मलाई स्पष्टसँग भन, भनेर सम्झाउँदा, उनी चुचाप मौन बसे। तथागतले त्यो युवतीको जन्म कुण्डली सहित पूर्व चरित्र बताउँदै चुल्ल धनुग्गह जातक कथा बृतान्त सुनाए। यो भवसारमा सन्देहले हुँडलिएका, तीब्र रागले भरिएका, जताततै शुभ र रमाइलो मात्र देख्न चाहने मानिसहरूको तिर्सना झनझन बढेर जान्छन्। आफ्नो बन्धन आफैले कस्दै लगिरहेका हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**वितक्कमथितस्स जन्तुनो, तिब्बरागस्स सुभानुपस्सिनो**
**भिय्यो तण्हा पवड्ढति, एस खोदल्हं करोतिबन्धनं ॥३४९॥**

**भावार्थ–**

यो भवसारमा सन्देहले हुँडलिएका, तीब्र रागले भरिएका, जताततै शुभ र रमाइलो मात्र देख्न चाहने मानिसहरूको तिर्सना झनझन बढेर जान्छन्। आफ्नो बन्धन आफैले कस्दै लगिरहेका हुन्छन्।

## ३५०. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, कुनै स्त्रीले कायस्त नामक तरुण भिक्षुलाई मोहित बनाएर उनलाई गृहस्त बनाउन अनेक प्रकारका प्रलोभन दिए। युवतीको कुरा सुनेर त्यो भिक्षु पनि चीवर त्यागेर गृहस्त हुन तयार भए। भिक्षुहरूले कायस्तलाई अनेक प्रकारले सम्झाउने प्रयास गरे। तर सफल भएन। अन्तमा बृतान्त कुरा तथागतलाई सनाए पछि उनले भिक्षुलाई सम्झाउँदै 'हे अबुस,' तिमी के कारणले भिक्षु बन्यो ? आज फेरी के कारणले गर्दा गृहस्त बन्न खोजेको हो ? मलाई स्पष्टसँग भन, भनेर सम्झाउँदा, उनी चुचाप मौन बसे। तथागतले त्यो युवतीको जन्म कुण्डली सहित पूर्व चरित्र बताउँदै चुल्ल धनुग्गह जातक कथा बृतान्त सुनाए। यो भवसारमा सन्देहले हुँडलिएका, तीब्र रागले भरिएका, जताततै शुभ र रमाइलो मात्र देख्न चाहने मानिसहरूको तिर्सना झनझन बढेर जान्छन्। आफ्नो बन्धन आफैले कस्दै लगिरहेका हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३४९॥

**पालीगाथा–**

**बितक्कुपसमे च यो रतो, असुभं भावयते सदासतो**
**एस खो ब्यन्तिकाहिति, एस'च्छेदति मारबन्धनं ॥३५०॥**

**भावार्थ–**

अनि सन्देहहरूको शमनमा जो रत छ। सधैभरी सचेत रहदै शुभदेखि बिपरित भावना राख्दछ। उसैले मात्र मारका बन्धनहरूलाई निमट्यान्न परेर छिनाल्न सक्दछ।

## ३५१. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा रहँदा, अचानक धेरै आगन्तुक भिक्षुहरू आए। उनीहरूलाई बस्ने ठाउँ नभएकोले राहुल बस्ने ठाउँ खालि गराए। राहुलले अन्त सुत्ने ठाउँ नपाए पछि उनी गन्धकुटीको पिडीमा गएर सुते। त्यसबेला राहुलले अहर्तत्व प्राप्त गरिसकेको थियो । राहुल पिडीमा सुतेको देखेर मारले जंगली हात्तीको भेष धारणा गरी सुँडले उनको शिरलाई दबाउन खोज्यो। तथागतले यो कुरा थाहा पाए पछि, 'हे पापी मार,' तिमी जस्ता नीच आचरण र दुष्ट स्वभाव भएका हजारौँले पनि मेरो पुत्र राहुललाई डराउन र दबाउन सक्दैन। मेरो पुत्र राहुलले ऋद्धिबल प्राप्त गरेर अभए, निर्भिक, तृष्णारहित महाबलवान र महाबुद्धिवान छ । अहर्तत्व प्राप्त गरिसकेको निर्भिक, तृष्णारहित एवं निर्मल ब्यक्ति जसले भवसागरका बाधा र बन्धनहरूलाई काटिसकेको हुन्छ । त्यसका लागि भौतिक शरीर अन्तिम हो। अर्थात उ पूनर्जन्मबाट मुक्त छ भन्दै गन्धकुटीबाटै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**निट्ठङ्गतो असन्तासी, वीततण्हो अनङ्गणो**
**अच्छिन्दि भवसल्लानि, अन्तिमो'यं समुस्सयो ॥३५१॥**

**भावार्थ**–

अहर्तत्व प्राप्त गरिसकेको निर्भिक, तृष्णारहित एवं निर्मल ब्यक्ति जसले भवसागरका बाधा र बन्धनहरूलाई काटिसकेको हुन्छ। उनको भौतिक शरीर अन्तिम हो। पूनर्जन्मबाट मुक्त छ।

# ३५२. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा रहँदा, अचानक धेरै आगन्तुक भिक्षुहरू आए। उनीहरूलाई बस्ने ठाउँ नभएकोले राहुल बस्ने ठाउँ खालि गराए। राहुलले अन्त सुत्ने ठाउँ नपाए पछि उनी गन्धकुटीको पिडीमा गएर सुते। त्यसबेला राहुलले अहर्तत्व प्राप्त गरिसकेको थियो । राहुल पिडीमा सुतेको देखेर मारले जंगली हात्तीको भेष धारणा गरी सुँडले उनको शिरलाई दबाउन खोज्यो । तथागतले यो कुरा थाहा पाए पछि, 'हे पापी मार,' तिमी जस्ता दुष्ट स्वभाव भएका हजारौँले पनि मेरो पुत्र राहुललाई डराउन र दबाउन सक्दैन । मेरो पुत्र राहुलले ऋद्धिबल प्राप्त गरेर अभए निर्भिक, तृष्णारहित महाबलवान र महाबुद्धिवान छ । अहर्तत्व प्राप्त गरिसकेको निर्भिक, तृष्णारहित एवं निर्मल ब्यक्ति जसले भवसागरका बाधा र बन्धनहरूलाई काटिसकेको हुन्छ। त्यसका लागि भौतिक शरीर अन्तिम हो। अर्थात उ पूनर्जन्मबाट मुक्त छ भन्दै गन्धकुटीबाटै दिएको उपदेशको पालीगाथा ॥३५१॥

**पालीगाथा–**

**बिततण्हो अनादानो, निरुत्तिपदकोबिदो**
**अक्खरानं सन्निपातं, जञ्ञा पुब्बापरानि च**
**सवे अन्तिमसारिरो, महापञ्ञो महापुरिसो तिबुच्चति ।३५२॥**

**भावार्थ–**

जो तृष्णा रहित, बन्धन रहित, निरुक्ति र पदको जानकार छ। जसले अक्षरहरूको सन्निधान अगाडि पछाडि मिलाएर सही क्रममा राख्न सक्छ, उनैलाई सिद्ध पुरुष भनिन्छ।

## ३५३. समय सन्दर्भ–

एक समयमा तथागत ऋषिपतन मृगदायबनमा पञ्च बर्गीय भिक्षुहरूलाई उपदेश दिन उरुबेलदेखि काशीतिर जादै गर्दा बाटोमा एकजना उपक आजीवकलाई भेट्यो । उसले तथागतलाई देखेर सोध्यो, 'हे आबुस,' तिम्रो इन्द्रियहरू परिशुद्ध र बिमल छन् । के उद्देश्यले प्रबर्जित भएको हो ? तिम्रो शास्त को हुन् ? तिमी कुन धर्म मान्छौं ? भनी सोधे । 'हे श्रमणेर,' म कुनै धर्म मान्दिन । मेरो कुनै आचार्य वा उपाध्याय पनि छैनन् । यसको अर्थ मैले कुनै आश्रममा गएन भन्न खोजेको होइन । धेरै आश्रममा गएर ध्यान साधना गरे । तर त्यहाँ केही पनि पाएन । जब मैले पाए, तब म एक्लै थिए । मैले यसरी पाए कि अब मैले पाउनु पर्ने केही बाँकी छैन । सबै मान्छेमा चेतना छ । त्यसैमा बुद्ध बसेको छ । त्यसैलाई जगाउँनु पर्छ । म सर्वबिजयी हुँ सर्वज्ञानी हुँ, सबै मानसिक प्रकृतिमा अलिप्त छ । सर्वत्यागी हुँ । तृष्णाहरू नाश गरेर तिनबाट बिमुक्त छु । यस्ता कुरा जाने पछि कसलाई गुरु मानुँ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**सब्बाभिमू सब्बबिदुहं अस्मि, सब्बेसु धम्मेसु अनुपलितो**
**सब्बञ्जहो तण्हक्खये बिमुत्तो, सयं अभिञ्ञाय कं उद्दिसेय्यं ॥३५३॥**

**भावार्थ**–

म सर्वबिजयी हुँ, सर्वज्ञानी हुँ, सबै मानसिक प्रकृतिमा अलिप्त छ । सर्वत्यागी हुँ । तृष्णाहरू नाश गरेर तिनबाट बिमुक्त छु । यस्ता कुरा जाने पछि कसलाई गुरु मानुँ ।

## ३५४. समय सन्दर्भ–

एक समयमा देवलोकको देवताहरूमा पनि प्रश्न उठ्यो कि दानहरूमा कुन दान श्रेष्ठ हो ? रसहरूमा कुन रस श्रेष्ठ हो ? रतिहरूमा कुन रति श्रेष्ठ हो ? तृष्णा क्षयलाई किन श्रेष्ठ मानिन्छ भनि आपासमा छलफल गरे । तर, देवताहरू कसैले पनि सही उत्तर दिन सकेन। किनभने देवलोकका देवताहरू परम् सुख सयल, मनोरञ्जन र बिलासित आनन्दमा रमाउँछन् । भोक बिलासको लतमा रहने भएकाले उनमा बृत्तिबिकास धेरै कम हुन्छन्। अन्तमा, देवेन्द्र सहित देवताहरू जेतवन आएर तथागतलाई सादर प्रणाम गरी सोध्दा, 'हे देवेन्द्र,' दानहरूमा धर्मदान श्रेष्ठ छ । रसहरूमा धर्म रस श्रेष्ठ छ। रतिहरूमा धर्म रति श्रेष्ठ छ। तृष्णाको क्षय भए पछि अहर्तत्व प्राप्त हुन्छ । सबै किसिमको दानलाई धर्मदानले जित्छ । सबै किसिमको रसहरूलाई धर्मरसले जित्छ । सबै किसिमको अनुरागहरूलाई धर्मानुरागले जित्छ। तृष्णाको बिनाशले सबै दुःखहरू आफै हराउँछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**सब्बदानं धम्मदानं जिनाति, सब्बरसं धम्मरसो जिनाति**
**सब्बरतिं धम्मरति जिनाति, तण्हक्खयो सब्बदुक्खं जिनाति ॥३५४॥**

**भावार्थ**–

सबै किसिमको दानलाई धर्मदानले जित्छ। सबै किसिमको रसहरूलाई धर्मरसले जित्छ । सबै अनुरागहरूलाई धर्मअनुरागले जित्छ। तृष्णाको बिनाशले दुःखहरू आफै हराउँछ।

## ३५५. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै निःसन्तान सेठ मरे पछि कोसल नरेशले सात दिनसम्म उनको धनमाल गाडाहरूमा लादेर दिउँसोको समयमा तथागतकहाँ गएर। 'हे भन्ते,' निःसन्तान सेठसँग यतिका धेरै धन सम्पत्ति रहेछ। तर उनी रुखोसुखो खान्थ्यो। पुरानो पकडा लाउथ्यो। थोत्रो रथ चढ्थ्यो, भन्यो। 'हे महाराज,' पूर्वकालमा उनले तगरशिखी नामक प्रत्येक बुद्धलाई दान दिएको कारण यतिका धेरै सम्पत्ति प्राप्त भयो। तर दान दिएर पश्चताप गरेकोले उनलाई मिठो खाने, राम्रो लाउने र शुख भोग गर्नेतिर लागेन। सम्पत्तिको कारण भतिजलाई मार्यो। त्यसैले उनको सन्तान भएन। सम्पत्ति भएर पनि दान धर्म गरेन। पहिला गरेको पुण्य सकियो। नयाँ पुण्य कमाउन नसकेकोले उनी अबिची नरकमा उत्पन्न भए। अज्ञानीलाई भोगले हानि पुऱ्याउँछ। बास्तवमा जो भवसागरको पारिपट्टिको किनारको खोजिमा छन्। उनीहरूको लागि होइन तृष्णाले गर्दा आफैलाई हानि पुऱ्याउँछ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**हनन्ति भोगा दुम्मेधं, नो चे पारगवेसिनो**
**भोगतण्हाय दुम्मेधो, हन्ति अञ्ञे व अत्तानं ॥३५५॥**

**भावार्थ–**

अज्ञानीलाई भोगले हानि पुऱ्याउँछ। बास्तवमा जो भवसागरको पारिपट्टिको किनारको खोजिमा छन्। उनीहरूको लागि होइन तृष्णाले गर्दा, आफैलाई हानि पुऱ्याउँछ।

## ३५६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा अषाड पूर्णिमा दिनमा तथागतले गन्डम्ब आँपको बुक्षमुनि यमक प्रतिहार्य गरेर तावतीस भूवनमा पान्डुकम्बल शिलासनमा तीन महिना बर्षाबास बसेर अभिधम्म पिटकको उपदेश दिए । महापवरणाको दिन तीन महाब्रह्मा इन्द्रादिद्वारा छत्र धारणा गरी मणिमय सोपनबाट तल झरे। त्यसबेला देवता र मानिसको सन्निपात गनिनसक्नु थियो। द्यौताले मानिसलाई र मानिसले खोतालाई हेर्दै थिए । तथागतको शोभा अबर्णनीय थियो। यस प्रकारको बुद्ध पहिले नदेखेको सारिपुत्रले प्रणाम गरी 'हे भन्ते,' सबै द्यौताहरू र मानिसहरू तपाइँलाई चाहन्छन् । सत्य कुरा भन्नु पर्दा, सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् भन्दै देवता र मानिसको तुलना गर्दै तथागत सारिपुत्रलाई खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू रागले दुषित हुन्छन् । त्यसैले जो राग रहित छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥१८१॥

**पालीगाथा–** *****

**तिणदोसानि खेत्तानि, रागदोसा अयं पजा**
**तस्स हि वितरागेसु, दिन्नं होति महप्फलं ॥३५६॥**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू रागले दुषित हुन्छन् । त्यसैले जो राग रहित छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् ।

## ३५७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा अषाड पूर्णिमा दिनमा तथागतले गन्डम्ब आँपको बुक्षमुनि यमक प्रतिहार्य गरेर तावतीस भूवनमा पान्डुकम्बल शिलासनमा तीन महिना बर्षाबास बसेर अभिधम्म पिटकको उपदेश दिए । महापवरणाको दिन तीन महाब्रह्मा इन्द्रादिद्वारा छत्र धारणा गरी मणिमय सोपनबाट तल झरे। त्यसबेला देवता र मानिसको सन्निपात गनिनसक्नु थियो। द्यौताले मानिसलाई र मानिसले खोतालाई हेर्दै थिए । तथागतको शोभा अबर्णनीय थियो। यस प्रकारको बुद्ध पहिले नदेखेको सारिपुत्रले प्रणाम गरी 'हे भन्ते,' सबै द्यौताहरू र मानिसहरू तपाईंलाई चाहन्छन् । सत्य कुरा भन्नु पर्दा, सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् भन्दै देवता र मानिसको तुलना गर्दै तथागत सारिपुत्रलाई खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू रागले दुषित हुन्छन् । त्यसैले जो राग रहित छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।।३५६।।

**पालीगाथा**– *****

**तिणदोसानि खेतानि, दोसदोसा अयं पजा**
**तस्मा हि वितदोसेसु, दिन्नं होति महप्फलं ।।३५७।।**

**भावार्थ**–

प्राकृतिको नियम अनुसार खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू द्वेषले दुषित हुन्छन्। त्यसैले जो द्वेष रहति छन्। त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् ।

## ३५८. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा अषाड पूर्णिमा दिनमा तथागतले गन्डम्ब आँपको बुक्षमुनि यमक प्रतिहार्य गरेर तावतीस भूवनमा पान्डुकम्बल शिलासनमा तीन महिना बर्षाबास बसेर अभिधम्म पिटकको उपदेश दिए । महापवरणाको दिन तीन महाब्रह्मा इन्द्रादिद्वारा छत्र धारणा गरी मणिमय सोपनबाट तल झरे। त्यसबेला देवता र मानिसको सन्निपात गनिनसक्नु थियो। द्यौताले मानिसलाई र मानिसले खोतालाई हेर्दै थिए । तथागतको शोभा अबर्णनीय थियो। यस प्रकारको बुद्ध पहिले नदेखेको सारिपुत्रले प्रणाम गरी 'हे भन्ते,' सबै द्यौताहरू र मानिसहरू तपाइँलाई चाहन्छन् । सत्य कुरा भन्नु पर्दा, सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् भन्दै देवता र मानिसको तुलना गर्दै तथागत सारिपुत्रलाई खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू रागले दुषित हुन्छन् । त्यसैले जो राग रहित छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।।३५६।।

**पालीगाथा**– *****

**तिणदोसानि खेत्तानि, मोहदोसा अयं पजा**

**तस्मा हि बितमोहेसु, दिन्नं होति महाप्फलं ।।३५८।।**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू मोहले दुषित हुन्छन् । त्यसैले जो मोह रहति छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् ।

## ३५९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा अषाड पूर्णिमा दिनमा तथागतले गन्डम्ब आँपको बुक्षमुनि यमक प्रतिहार्य गरेर तावतीस भूवनमा पान्डुकम्बल शिलासनमा तीन महिना बर्षाबास बसेर अभिधम्म पिटकको उपदेश दिए । महापवरणाको दिन तीन महाब्रह्मा इन्द्रादिद्वारा छत्र धारणा गरी मणिमय सोपनबाट तल झरे। त्यसबेला देवता र मानिसको सन्निपात गनिनसक्नु थियो। द्यौताले मानिसलाई र मानिसले खोतालाई हेर्दै थिए । तथागतको शोभा अबर्णनीय थियो। यस प्रकारको बुद्ध पहिले नदेखेको सारिपुत्रले प्रणाम गरी 'हे भन्ते,' सबै द्यौताहरू र मानिसहरू तपाइँलाई चाहन्छन् । सत्य कुरा भन्नु पर्दा, सम्यक सम्बुद्धहरूसँग देवताहरू पनि लोभिएर होडबाजी गर्दछन् भन्दै देवता र मानिसको तुलना गर्दै तथागत सारिपुत्रलाई खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू रागले दुषित हुन्छन् । त्यसैले जो राग रहित छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३५६॥

**पालीगाथा–**

**तिणदोसानि देतानि, इच्छादोसा अयं पजा**
**तस्मा हि विगतिच्छेसु, दिन्नं हाति महाप्फलं ॥३५९॥**

**भावार्थ–**

प्राकृतिको नियम अनुसार खेतहरू झारपातले दुषित हुन्छन् । मानिसहरू इच्छाले दुषित हुन्छन् । त्यसैले जो इच्छा रहति छन् । त्यस्तामा अर्पित दान महाफलदायी हुन्छन् ।

# धम्मपद

# भिक्षु बर्ग– २५

## ३६०. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा रहँदा, पाँच जना यस्ता भिक्षुहरू थिए । जो पञ्च इन्द्रियहरूमा एक एकको संवार वा अभ्यास गर्दथे । एकदिन पाँचै जना भिक्षुहरू सँगै बसेर आपासमा छलफल गरे । छलफल गर्दा कस्को संवार कति उचित छ ? यसबाट के लाभ कसरी लिन सकिन्छ ? भन्ने कुराको निर्णय हुन नसके पछि उनीहरू तथागतनिर आएर सोध्दा, 'हे भन्ते,' पञ्च इन्द्रियहरू मध्ये कुन चाहिको संवार कठिन र उचित छ ? भनी प्रश्न गर्दा 'हे भिक्षुहरू,' यो सबै इन्द्रियहरूको उचित ढंगले संवार गर्न कठिन हुन्छ । किनभने शरीर बिज्ञानको नियम अनुसार आँखको काम हेर्नु हो । कानको काम सुन्नु हो । नाकको काम सुँध्नु हो । जिब्रोको काम स्वाद लिनु हो । छालाको काम स्पर्ष गर्नु हो । सबैको आ-आफ्नै काम हुन्छन् । यही हो प्रतित्यसमुत्पाद भनेको भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**चक्खना संवरो साधु, साधु सोतेन संवरो**
**घानेन संवरो साधु, साधु जिब्हाय संवरो ॥३६०॥**

**भावार्थ–**

किनभने शरीर बिज्ञानको नियम अनुसार आँखको काम हेर्नु हो । कानको काम सुन्नु हो । नाकको काम सुँध्नु हो । जिब्रोको काम स्वाद लिनु हो । छालाको काम स्पर्ष गर्नु हो । सबैको आ-आफ्नै काम छन् । यही हो प्रतित्यसमुत्पाद भनेको ।

## ३६१. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा रहँदा, पाँच जना यस्ता भिक्षुहरू थिए । जो पञ्च इन्द्रियहरूमा एक एकको संवार वा अभ्यास गर्दथे । एकदिन पाँचै जना भिक्षुहरू सँगै बसेर आपासमा छलफल गरे । छलफल गर्दा कस्को संवार कति उचित छ ? यसबाट के लाभ कसरी लिन सकिन्छ ? भन्ने कुराको निर्णय हुन नसके पछि उनीहरू तथागतनिर आएर सोध्दा, 'हे भन्ते,' पञ्च इन्द्रियहरू मध्ये कुन चाहिको संवार कठिन र उचित छ ? भनी प्रश्न गर्दा 'हे भिक्षुहरू,' यो सबै इन्द्रियहरूको उचित ढंगले संवार गर्न कठिन हुन्छ । किनभने शरीर बिज्ञानको नियम अनुसार आँखको काम हेर्नु हो । कानको काम सुन्नु हो । नाकको काम सुँध्नु हो । जिब्रोको काम स्वाद लिनु हो । छालाको काम स्पर्ष गर्नु हो । सबैको आ-आफ्नै काम हुन्छन् । यही हो प्रतित्यसमुत्पाद भनेको भन्दै दिएको उपदेशको पालीगाथा ॥३६०॥

**पालीगाथा–** *****

**कायेन संवरो साधु, साधु वाचाय संवरो**
**मनसा संवरो साधु, साधु सब्बत्थ संवरो**
**सब्बत्थ संबुतो भिक्खु, सब्बदुक्खा पमुच्चति ॥३६१॥**

**भावार्थ–**

शरीर बिज्ञानको नियम अनुसार संयमित हुनु भलो हो । बोली बचनले संयमित हुनु भलो हो । मनले संयमित हुनु भलो हो । सबैतिर संयमित हुन सकेमा दुःखहरूबाट मुक्त हुन सकिन्छ । अष्टमार्ग वा अष्टशील भनेको यही हो ।

# ३६२. समय सन्दर्भ–

एक समयमा तथागत जेतवनमा रहँदा, तरुण भिक्षुहरू अचिरवती नदीमा नुहाएर घाम तापिरहेका थिए। गर्मीको समयमा नदीमा पौडी खेल्ने र नुहाउने त युवा भिक्षुहरूको दिनचर्यनै थियो। त्यसैबेला आकाशमा एक बथान हाँसहरू उडेर कतै जाँदै थिए। त्यो देखेर एकजना युवा भिक्षुले ढुंगाले हान्यो। एउटा हाँसको आँखमा लागेर क्वाक्वा कराउदै भुइमा खस्यो। सबै भिक्षुहरूले उसको निन्दा गर्यो। तर उनले पश्चताप गरेन। उनको आचरण भिक्षुको शील बिपरित थियो। जिव हिंसा नगर्नु शीलको पहिलो बुँदामा हुन्छ। यो कुरा तथागतलाई सुनाए पछि भिक्षुलाई बोलाएर, 'हे आबुस्,' तिमी भिक्षु भएर शील पालना गर्न सकेनौ भने, जीव हिंसा त्याग्न सकेनौ भने, प्रबर्जित हुनुको कुनै अर्थ रहदैन। जो मानिस हात, खुट्ठा र बाणीले समेत संयमित छ। उत्तम आचरणले संयमित छ। शील पालना गर्छ। आत्मैबाट सन्तुष्ट छ। एकाग्रता छ। उसैलाई भिक्षु भन्दछ भन्दै कलिङ्ग जातक कथा भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**हत्थसञ्चतो पादसञ्ञतो, वाचाय सञ्ञतो सञ्ञतुत्तमो**
**अज्झत्तरतो समाहितो, एको सन्तुसितो तम्आहु भिक्खुं ॥३६२॥**

**भावार्थ–**

जो मानिस हात, खुट्ठा र बाणीले समेत संयमित छ। उत्तम आचरणले संयमित छ। शील पालना गर्छ। आत्मैबाट सन्तुष्ट छ। एकाग्रता छ। उसैलाई भिक्षु भन्दछ।

## ३६३. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगर नजिकैको पिपल नामक ब्राह्मण गाउँमा कोकालिक भिक्षु अग्रश्रावकलाई आक्रोशन गरेर पृथ्वीमा धसिरएर मर्यो । अनि पद्म नामक नरकमा उत्पन्न भयो । उनको कर्म र आचरणको आधारमा उनले परिणाम भोग्नु पर्यो । भिक्षुहरूको बिचमा यसको बारेमा बृहत छलफल र तर्क बिर्तक भयो । यसको चर्चा र परिचर्चा भूसको आगोझैं भित्रभित्रै सल्कियो । सम्पूर्ण जम्बुद्धीपमा यसैको सम्बन्धमा धेरै चर्चा भयो । यसरी ब्यापक चर्चा भएको सुनी तथागतले, पनि 'हे भिक्षुहरू,' कोकालिक भिक्षु अहिले मात्रै होइन । उनी पहिले पनि आफ्नै मुखको कारण पूर्ण रुपमा नष्ट भएको थियो भन्दै बहुभाषिक जातकको कुरालाई बिभिन्न उपमा दिँदै प्रकाशित गरे । जो भिक्षु मुखले संयमित छ । शुद्धसँग मन्त्र भन्छ वा भट्याउछ । अहंकार रहित छ । धर्मको कुरालाई सही रुपमा अभिब्यक्त गर्दछ । त्यसको प्रवचन पनि मिठो हुन्छ । त्यसलाई भिक्षु भन्दछ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो मुखसञ्ञचो भिक्खु, मन्तभाणी अनुद्धतो**
**अत्थं धम्मं च दीपेति, मधुरं तस्स भासितं ॥३६३॥**

**भावार्थ–**

जो भिक्षु मुखले संयमित छ । शुद्धसँग मन्त्र भन्छ वा भट्याउछ । अहंकार रहित छ । धर्मको कुरालाई सही रुपमा अभिब्यक्त गर्दछ । त्यसको प्रवचन मिठो हुन्छ । त्यसलाई भिक्षु भन्दछ ।

# ३६४. समय सन्दर्भ–

एक समयमा तथागतले अबको चार महिना पछि मेरो महापरिनिर्वाण हुने छ, भने पछि भिक्षुहरूलाइ धर्म संवेग उत्पन्न भयो । त्यसबेला धम्मराम भन्ने एकजना स्थविरले म अझैं राग रहित भएको छैन । तथागतले परिनिर्वाण लिनु भन्दा पहिले नै मैले अहर्त्व प्राप्त गरिसक्नु पर्छ भन्ने संकल्प गरी, एकान्तमा एकाग्र गर्न थाले । भिक्षुहरूसँग पनि धेरै घुलमिल हुन चाहेन । अरुले केही सोधिहाले पनि मौन बस्दथे । तथागतले यो कुरा सुने पछि 'हे धम्मराम,' तिम्रो बारेमा मैले जे कुरा सुन्नमा आएको छ । के यो कुरा सत्य हो भनेर सोध्दा, सत्य हो भन्ते, भन्यो । उनकै मुखबाट यो कुरा सुने पछि साधुवाद दिँदै, 'हे भिक्षुहरू,' जसलाई म प्रति स्नेह छ, धम्मराम जस्तै हुनु पर्छ । माला र गन्ध आदिले मात्र पूजा गर्दैमा मेरो श्रद्धा हुने छैन । धर्मरुपी फूलबारीमा रमण गर्ने, धर्ममा अनुरत, धर्ममै बिचार मग्न, चिन्तनशील, धर्मको अनुयायी, भिक्षु सद्धर्म वा असल कामबाट कहिल्यै पनि च्युत हुँदैन भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**धम्मरामो धममरतो, धम्मं अनुविचिन्तयं**
**धम्मं अनुस्सरं भिक्खु, सद्धम्मा न परिहायति ॥३६४॥**

**भावार्थ–**

धर्मरुपी फूलबारीमा रमण गर्ने, धर्ममा अनुरत, धर्ममै बिचार मग्न, चिन्तनशील, धर्मको अनुयायी, भिक्षु सद्धर्म वा असल कामबाट कहिल्यै पनि च्युत हुँदैन ।

## ३६५. समय सन्दर्भ–

एक समयमा एकजना तरुण भिक्षुले केही दिन देवदत्तकहाँ रहेर त्यहाँ आउने लाभ सत्कार सबै प्राप्त गर्यो । त्यसपछि फेरी बेणुबन बिहारमा आयो । भिक्षुहरूले यो कुरा थाहा पाए पछि तथागतलाई सुनाए । एकदिन धर्मसभा पछि उनलाई बोलाएर 'हे भिक्षु,' तिमीले साँच्चै यस्तै गरेको हो ? भनेर सोध्दा, हो भन्ते । मेरो एकजना साथीको कारण म देवदत्तकोमा बसेको हुँ, । तर अब म देवदत्तको पक्षमा छैन, भन्यो । उनको आचरण ठिक लागेन । त्यसैले उनलाई त्यागेको हुँ, भन्यो । 'हे भिक्षु,' तिमीले उनको मत मान्दैनौं भन्यो । यद्यापि देख्ने सुन्नेहरूले त तिमी देवदत्तको पक्षमै रहेको हो भन्छन नि ? तिमीले अहिले मात्र होइन, पहिले पनि त्यस्तै गरेको थियो भन्दै महिलासुख जातकको कुरा सुनाए । आफ्नो लाभलाई अवहेलना गर्नु हुँदैन । अरुको लाभमा इर्ष्या पनि गर्नु हुँदैन । अरुको लाभमा कल्पने र डहनिने भिक्षुले एकाग्रता सहित समाधि प्राप्त गर्न सक्दैन दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**सलाभं नातिमञ्ञेय्य, नाञ्ञेसं पिहयं चरे**
**अञ्ञेसं पिहयं भिक्खु, समाधिं माधिगच्छति ।।३६५।।**

**भावार्थ–**

आफ्नो लाभलाई अवहेलना गर्नु हुँदैन । अरुको लाभमा इर्ष्या पनि गर्नु हुँदैन । अरुको लाभमा कल्पने र डहनिने भिक्षुले एकाग्रता सहित समाधि प्राप्त गर्न सक्दैन ।

## ३६६. समय सन्दर्भ–

एक समयमा एकजना तरुण भिक्षुले केही दिन देवदत्तकहाँ रहेर त्यहाँ आउने लाभ सत्कार सबै प्राप्त गर्यो । त्यसपछि फेरी बेणुबन बिहारमा आयो । भिक्षुहरूले यो कुरा थाहा पाए पछि तथागतलाई सुनाए । एकदिन धर्मसभा पछि उनलाई बोलाएर 'हे भिक्षु,' तिमीले साँच्चै यस्तै गरेको हो ? भनेर सोध्दा, हो भन्ते । मेरो एकजना साथीको कारण म देवदत्तकोमा बसेको हुँ, । तर अब म देवदत्तको पक्षमा छैन, भन्यो । उनको आचरण ठिक लागेन । त्यसैले उनलाई त्यागेको हुँ, भन्यो । 'हे भिक्षु,' तिमीले उनको मत मान्दैनौं भन्यो । यद्यापि देख्ने सुन्नेहरूले त तिमी देवदत्तको पक्षमै रहेको हो भन्छन नि ? तिमीले अहिले मात्र होइन, पहिले पनि त्यस्तै गरेको थियो भन्दै महिलासुख जातकको कुरा सुनाए । आफ्नो लाभलाई अवहेलना गर्नु हुँदैन । अरुको लाभमा इर्ष्या पनि गर्नु हुँदैन । अरुको लाभमा कल्पने र डहनिने भिक्षुले एकाग्रता सहित समाधि प्राप्त गर्न सक्दैन दिएको उपदेशको पालीगाथा ॥३६५॥

**पालीगाथा–**

**अप्पलाभो पि चे भिक्खु, सलाभं नातिमञ्ञति**
**तं वे देवा पसंसन्ति, शुद्धाजीविं अतन्दितं ॥३६६॥**

**भावार्थ–**

बिशुद्ध जीविका भएको र आलस्य रहित भिक्षुले अत्यन्तै थोरै मात्रामा भए पनि आफ्नो लाभको अवहेलना गर्दैन । बास्तवमा देवताहरूले पनि उनको प्रशंसा गर्दछन् ।

## ३६७. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा पञ्चग्र दायक नामक ब्राह्मण थियो। उनले खेत रोपेर बाली नपाक्दासम्म पाँच पटक दान दिन्थे। तथागतले ती ब्राह्मणको निश्चयलाई देखेर एकदिन भिक्षाटनमा जाँदा उनको ढोकामा गएर उभिए। त्यसलेला ब्राह्मण ढोकातिर पीठ फर्काएर भोजन गर्दै थियो। ब्राह्मणीले यदि यिनले पस्केको खाना श्रमण गौतम लाई दिए भने मेरो लागि फेरि पकाउनु पर्छ। यिनले नदेखुन भन्ने साँचेर तथागततिर पीठ फर्काई ब्राह्मण लाई छेकेर उभिइन् । तथागतले त्यसबेला आफ्नो छबर्णको ज्योति फ्याँके । यो केको ज्योति हो ? भन्ने सोची पछाडि फर्किदा तथागतलाई देखे। उनले बन्दना गर्दै अवशेष भोजन दिँदै भन्यो। 'हे गौतम,' तपाइँ आफ्नो शिष्यहरूलाई भिक्षु भन्नु हुन्छ। सबै भिक्षु कसरी हुन्छ ? भन्दा, उनको प्रश्न सुनी अतीत कालमा उनको नामरुपमा श्रद्धा देखेर नहुने कुराबाट जसले शोक गर्दैन। जसलाई प्राप्त गर्दा, कसैलाई पनि हानी गर्दैन । त्यसलाई भिक्षु भनिन्छ दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**सब्बसोँ नामरुपस्मिं, यस्स न'अत्थि ममायितं**
**असता च न सोचति, स वे भिक्खु ति बुच्चति ॥३६७॥**

**भावार्थ–**

नाम र रुपमा जसको कति पनि मोह छैन। नहुने कुराबाट जसले शोक गर्दैन। जसलाई प्राप्त गर्दा, कसैलाई पनि हानी गर्दैन। त्यसलाई भिक्षु भनिन्छ।

## ३६८. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा भैंं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**मेत्ताविहारी यो भिक्खु, पसन्ने बुद्धशासने**
**अधिगच्छे पदं सन्तं, संखारुपसं सुखं ॥३६८॥**

**भावार्थ–**

जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् ।

## ३६९. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा भैंं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।।३६८।।

**पालीगाथा–**

**सिञ्च भिक्खु इमं नावं, सित्ता ते लहुमेस्सति**
**छेत्वारागञ्च च दोसञ्च च, ततो निब्बानं एहिसित ।।३६९।।**

**भावार्थ–**

'हे भिक्षु,' यो डुँगालाई टकटक्याएर पानी खाली गर । त्यसो गरेमा हलुंगो भई, तिमीलाई सजिलैसँग पारि लैजाने छ । त्यसपछि तिमीले छिटै निर्वाण प्राप्त गर्ने छ ।

## ३७०. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा झैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३६८॥

**पालीगाथा–**

**पञ्च छिन्दे पञ्च जहे, पञ्च च’उत्तरिभावये**
**पञ्चसँगातिगो भिक्खु, ओधतिण्णो ति बुच्चति ॥३७०॥**

**भावार्थ–**

‘हे भिक्षुगण,’ सत्यकायदृष्टि, शीलब्रत, परामर्श, कामराग र ब्यापदरुपी कुरालाई नष्ट गर । अविद्यालाई त्यागेका भिक्षु नै बाढीबाट पार भएको मानिन्छ ।

## ३७१. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा झैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ।।३६८।।

**पालीगाथा–**

**झाय भिक्खु मा च पमादो, माते कामगुणे भमस्सुचित्तं**
**मा लोहगुलं गिलीपमत्तो, मा'कन्दि दुक्खमिदन्ति डह्यमानो ।।३७१।।**

**भावार्थ–**

'हे भिक्षु,' ध्यान, भावना गर । प्रमाद नगर । तिम्रो चित्तलाई भोगहरूको चक्करमा भड्किन नदेउ । प्रमाद भएर फलामको डल्ला निल्ने नहोउ, त्यसैमा बिलाप गर्ने छौं ।

## ३७२. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा झैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३६८॥

**पालीगाथा–**

**न'अत्थि झानं अपञ्ञस्स, पञ्ञा न'अत्थि अझायता**
**यम्हि'झानञ्च च पञ्ञ च, स वे निब्बानसन्तिके ॥३७२॥**

**भावार्थ–**

जो प्रज्ञाबिहिन छ, उसको ध्यान र साधना हुँदैन । जसले ध्यान र साधना गर्दैन उसको प्रज्ञा हुँदैन । जोसँग ध्यान, साधना र प्रज्ञा हुन्छ, उनीहरू निर्वाणको समिप पुगेको हुन्छन् ।

## ३७३. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा झैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३६८॥

**पालीगाथा–**

**सुञ्ञागारं पविट्ठस्स, सन्तचित्तस्स भिक्खुनो**
**अमानुसी रति होति, सम्मा धम्मं विपस्सतो ॥३७३॥**

**भावार्थ–**

शुन्य स्थानमा प्रवेश गरेर एक्लै बस्ने शान्तचित्त भएका सम्यक धर्मको विपाश्यना र उपासना गर्ने भिक्षुहरूलाई अमानुषी वा अलौकिक अनुराग प्राप्त हुन्छन् ।

# ३७४. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा झैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३६८॥

**पालीगाथा–**

**यतो यतो सम्मसति, खन्धानं उदयब्बयं**
**लभति पितिपामोज्जं, अमतं तं विजानतं ॥३७४॥**

**भावार्थ–**

मानिस जति जति शरीरको तत्वस्वरुप रहने स्कन्धहरूको उत्पति र ब्युत्पतिको बारेमा बिचार गर्दछ, उति उति निर्वाण मार्गलाई बुझ्रेर आनन्द प्राप्त गर्दछन् ।

## ३७५. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा भ्कैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३६८॥

**पालीगाथा–**

**तत्रायं आदि भवति, इधं पञ्ञस्स भिक्खुनो**
**इन्द्रियगुति सन्तुट्ठि, पातिमोक्खे च संवरो**
**मित्ते भजस्सु कल्याणे, शुद्धाजीवे अतन्दिते ॥ ३७५॥**

**भावार्थ–**

इन्द्रिय निग्रह, सन्तृष्टि अनि प्रतिमोक्षमा बताइए अनुसार संयमित रहनु प्रज्ञावान भिक्षुको प्रारम्भिक कुरा हो । शुद्ध जीविका भएका मित्रहरूको संगत गर्नु उत्तम हुन्छ ।

## ३७६. समय सन्दर्भ–

एक समयमा अयुष्मान महाकात्यानको शिष्य कुटिकन्न स्थविर जेतवन आई तथागतलाई प्रणाम गरेर आए पछि उनकी आमा पनि नगरबासीहरूसँगै उपदेश सुन्न गइन् । उनले उपदेश सुन्न भएको मौका छोपेर चोरहरूले उनको घरको धन सम्पत्ति सबै लुटेर लगे । दासीले उपासिकासँग घरमा चोर पसेको कुरा सुनाउदा पनि उपदेश सुन्न लागेको समयमा ब्यवधान नगर भनिन् । चोरको सरदार पनि उपासिकासँगै उपदेश सुन्न बसेको थियो । उपदेश समाप्त भए पछि चोरको सरदारले उपासिकासँग माफि मागेर चोरेको सबै धनमाल पनि फिर्ता गर्यो । यदि हामीलाई पनि क्षमा दिनुहुन्छ भने, आफ्नो छोरा झैं प्रबर्जित गराइ दिनु भनी प्रार्थना गरे । उनको छोरालाई भनेर उनीहरूलाई पनि प्रबर्जित गराए । जो भिक्षु सधै मैत्रीभावमा बिचरण गरी बुद्धको उपदेश एवं शीलमा प्रसन्न रहन्छन् । तिनले संस्कारहरूको उपशमन गर्ने सुखमय शान्त पद प्राप्त गर्दछन् भन्दै दिएको उपदेशको पालीगाथा ॥३६८॥

**पालीगाथा–**

**पटिसन्थारवुत्त'अस्स, आचारकुसलो सिया**
**ततो पामोज्जबहुलो, दुक्खस्स'अन्तं करिस्सति ॥३७६॥**

**भावार्थ–**

तिमीले सद्भावनाको आचरण गर्नु पर्छ । सदाचारमा निपुन हुन पर्छ । अनि त्यसपछि त तिमी धेरै प्रमुदित भएर दुःखलाई सजिलैसँग अन्त्य गर्न सक्ने छौ ।

## ३७७. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा ५०० भिक्षुहरूले उपयुक्त कर्म स्थान प्राप्त गरी ध्यान, भावना र साधनामा बसे । त्यसबेला तथागतले उपदेश गर्दा, 'हे भिक्षुहरू,' प्राकृतिको नियम अनुसार बिहान फुलेका जुहीका फूलहरू साँझ परेपछि ओइलाएर झर्दछन् । किनभने फूलहरूको जीवन नै एकदिने मात्र हो । जो अत्यन्तै सुन्दर हुन्छन । उनको आयु पनि त्यतिकै छोटो हुन्छन् । त्यसैले यसको नाम फूल भनिएको हो । दोश्रो दिनमा उनको अस्तित्व रहदैन । तर, तिमीहरू झर्नु भन्दा पहिले नै राग, द्वेष, माया, मोह, काम, वासना र तृष्णाबाट मुक्त हुनु पर्छ । भिक्षुहरूले ओइलिनु भन्दा पहिले नै निर्वाण मार्ग सिद्ध गरिसक्नु पर्छ । 'हे भिक्षुहरू,' जसरी बर्खेफूल जुहीले ओइलाएका आफ्नो कमलो फूलहरूलाई हाँगाबाट झरालि दिन्छन् । त्यसैगरी तिमीहरूले पनि राग, द्वेष, माया, मोहा, काम, वासना र तृष्णालाई त्याग्नु पर्छ भन्दै तथागतले गन्धकुटीबाटै आलोक छेरेर दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**वस्सिका विय पुप्फानि, मद्दवानी पमुञ्चति**
**एवं रागञ्च दोसञ्च, विप्पमुञ्चेथ भिक्खवो ॥३७७॥**

**भावार्थ–**

हे भिक्षुहरू, जसरी बर्खेफूल जुहीले ओइलाएका आफ्नो कमलो फूलहरूलाई हाँगाबाट झरालि दिन्छन् । त्यसैगरी तिमीहरूले पनि राग, द्वेष, माया, मोहा, काम, वासना र तृष्णालाई त्याग्नु पर्छ ।

## ३७८. समय सन्दर्भ–

एक समयमा जेतवन महाबिहारमा शान्तकाय नामक एकजना आगन्तुक भिक्षु थियो । उनी सबै प्रकारले शरीरबाटै शान्त रहन्थे । उनको हाव, भाव, शील, स्वभाव र आचरण देखेर भिक्षुहरूबीच पनि छलफलको बिषय हुन्थ्यो । एसै सिलसिलामा एकजना भिक्षुले त, 'हे भन्ते,' शान्तकाय भिक्षु जस्तो स्थविर आजसम्म हामीले देखेका छैनौं सम्म पनि भन्न भ्याए । यिनी बसे पछि त हात खुट्ठा पनि चल्दैनन् । शरीर पनि हल्लि दैनन् । बिल्कुल प्रतिमुर्ति जस्तै रहन्छन् भने । भिक्षुहरूको लागि उनी एउटा उदाहरणनै बन्यो । यो कुराको बारेमा तथागतले थाहा पाए पछि भिक्षुहरूलाई बोलाएर 'हे भिक्षुहरू,' बास्तवमा भिक्षुको शील स्वभाव र आचरण त शान्तकाय स्थविर जस्तै उपशान्त हुनु पर्छ । शरीरले शान्त, बोली बचनले मधूर, ध्यान, भावना साधना र समाधिको एकाग्रता प्राप्त गरेको भिक्षुहरूले अशुद्ध खाद्य पदार्थहरूलाई उल्टी गरे जस्तै गरी त्यागेको हुन्छन् भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**सन्तकायो सन्तवाचो, सन्तवा सुसमाहितो**

**वन्तलोकमिसो भिक्खु, उपसन्तोति वुच्चति ॥ ३७८॥**

**भावार्थ**–

शरीरले शान्त, बोली बचनले मधूर, ध्यान, भावना, साधना र समाधिको एकाग्रता प्राप्त गरेको भिक्षुहरूले अशुद्ध खाद्य पदार्थहरूलाई उल्टी गरे जस्तै गरी त्यागेको हुन्छन् ।

## ३७९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै गरीबले हलो जोतर जीविका चलाउथ्यो। एकदिन उनलाई भिक्षुहरूले लगेर प्रबर्जित गराइ दिए। प्रबर्जित हुने समयमा उनलो हलो नजिकैको एउटा रुखमा लगेर झुन्डायो। केही दिन पछि उनलाई उदासी भयो। आफ्नो हलो निकालेर गृहस्त बन्न रुख मुनि गयो। तर, त्यहाँ पुग्ने बित्तिकै बिरक्त भएर फर्कियो। यसरी उनले धेरै पटक प्रयास गर्यो। भिक्षुहरूले उनको नाम पनि नांगलकुल राखि दियो। एकदिन उनले रुख मुनि गएर फर्कँदै गर्दा, अहर्तत्व पनि प्राप्त गर्यो। त्यसपछि त्यहाँ जान छाड्यो। अब तिमी रुख मुनि जाँदैनौं भनेर सोध्दा, पहिले संसर्ग हुँदा, जान्थ्यो। अब जान्न, भन्यो। 'हे भिक्षुहरू,' मेरो पुत्रले अहर्तत्व पनि प्राप्त गर्यो। आफैले उपदेश दिएर प्रबर्जित हुने कृत्यलाई पनि समाप्त गर्यो। तिमी आफुले आफैलाई उत्प्रेरित गर। तिमी आफैले आफुलाई संलग्न गर। जो भिक्षु आत्म रक्षित र स्मृतिवान छ। उ सधै सुखपूर्वक बिचरण गर्छ भन्दै दिएको उपदेशको लालीगाथा।

**पालीगाथा–**

**अत्तना चोदय्'अत्तानं, पटिमासे अत्तं अत्तना**
**सो अत्तगुत्तो सतिमा, सुखं भिक्खु विहाहिसि ॥३७९॥**

**भावार्थ–**

तिमी आफुले आफैलाई उत्प्रेरित गर। तिमी आफैले आफुलाई संलग्न गर। जो भिक्षु आत्म रक्षित र स्मृतिवान छ। उ सधै सुखपूर्वक बिचरण गर्छ।

## ३८०. समयम सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै गरीबले हलो जोतर जीविका चलाउथ्यो। एकदिन उनलाई भिक्षुहरूले लगेर प्रबर्जित गराइ दिए। प्रबर्जित हुने समयमा उनलो हलो नजिकैको एउटा रुखमा लगेर झुन्डायो। केही दिन पछि उनलाई उदासी भयो। आफ्नो हलो निकालेर गृहस्त बन्न रुख मुनि गयो। तर, त्यहाँ पुग्ने बित्तिकै बिरक्त भएर फर्कियो। यसरी उनले धेरै पटक प्रयास गर्यो। भिक्षुहरूले उनको नाम पनि नांगलकुल राखि दियो। एकदिन उनले रुख मुनि गएर फर्कँदै गर्दा, अहर्तत्व पनि प्राप्त गर्यो। त्यसपछि त्यहाँ जान छाड्यो। अब तिमी रुख मुनि जाँदैनौं भनेर सोध्दा, पहिले संसर्ग हुँदा, जान्थ्यो। अब जान्न, भन्यो। 'हे भिक्षुहरू,' मेरो पुत्रले अहर्तत्व पनि प्राप्त गर्यो। आफैले उपदेश दिएर प्रबर्जित हुने कृत्यलाई पनि समाप्त गर्यो। तिमी आफुले आफैलाई उत्प्रेरित गर। तिमी आफैले आफुलाई संलग्न गर। जो भिक्षु आत्म रक्षित र स्मृतिवान छ। उ सधै सुखपूर्वक बिचरण गर्छ भन्दै दिएको उपदेशको लालीगाथा॥३७९॥

**पालीगाथा–**

**अत्ता हि अत्तनो नाथो, अत्ता हि अत्तनो गति**
**तस्मा सञ्ञमय'अत्तानं, अस्सं भद्रं व वाणिजो॥३८०॥**

**भावार्थ–**

आफु नै आफ्नो मालिक हो। आफु नै आफ्नो नियति हो। त्यसैले आफैले आफुलाई रोका। जसरी असल घोडालाई ब्यापारी वा घोडाको मालिकले रोकेर राख्दछ।

## ३८१. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको ब्राह्मण कुलमा जन्मेको वक्कलि तथागतको रुप देखेर, यदि म यिनीसँगै भिक्षु बने भने त यिनलाई सधै देख्न पाउने छु, भन्ने सोँचेर प्रबर्जित भए । प्रबज्यको दिन देखि नै उनी ध्यान नगरेर खालि तथागतको सौन्दर्य मात्र हेरिहन्थे । उनको उमेर पाको नभएकोले तथागतले पनि केही भनेनन् । तर उनको उमेर पाको भए पनि भने 'हे वक्कलि,' यो शरीरलाई हेरेर मात्र के लाभ ? जसले धर्मलाई हेर्छ ? उसले मात्र मलाई देख्न सक्छ भन्दै उपदेश दिए । तर कुनै परिवर्तन भएन । यो भिक्षुले संवेग प्राप्त नगरीकन धर्म बुझ्न सक्दैन भनी, तिमी यहाँबाट गईहाल भन्दै धपाइ दिए । मसँग तथागत रिसाए । अब म गृद्धकूट पर्वतबाट फाल हानेर मर्छु भनी पहाड चढे । धेरै प्रसन्न बुद्धका उपदेश र अनुशासनमा दृढ एवं सदाचारी सबै संस्कारहरूको उपशामन गर्ने भिक्षुले सुखमय र शान्त पद प्राप्त गर्दछन् । तथागतले उनको मनको भाव बुझेर गन्धकुटीबाटै प्रीति उत्पन्न गरायो भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पमोज्जबहुलो भिक्खु, पसन्नो बुद्धशासने**
**अधिगच्छे पदं सन्तं, संखारुपसमं सुखं ॥३८१॥**

**भावार्थ–**

धेरै प्रसन्न बुद्धका उपदेश र अनुशासनमा दृढ एवं सदाचारी सबै संस्कारहरूको उपशामन गर्ने भिक्षुले सुखमय र शान्त पद प्राप्त गर्दछन् । यही उनको दैनिकी हुनेछ ।

## ३८२. समय सन्दर्भ–

एक समयमा सात वर्षको उमेरमा अहर्तत्व प्राप्त गरेको सुमन श्रमणेर अनुरुद्ध स्थविरको साथ श्रावस्तीको पूर्वराम बिहारमा आउँदा, भिक्षुहरूले उनको काननाक समातेर उदास त छैनौ भन्थे। यो देखेर तथागतले आनन्दलाई बोलाएर, 'हे आनन्द,' म अनवतप्त तालको जलले खुट्ठा धुन चाहन्छु। कुनै श्रमणेरलाई पानी लिन पठाउ भने। आनन्दले सबै श्रमणेरहरूलाई भन्यो। तर कोही पनि तयार भएन। अन्तमा, सुमनलाई भन्दा उनी घैटो लिएर आकाश मार्गबाट गए। आकाश मार्गबाट पानी ल्याउदै गर्दा तथागतले उनलाई देखाउँदै ठुलो प्रशंसा गरे। नजिकै आए पछि, तिमी कति वर्ष भयौँ भनी सोध्दा, सात, भन्यो। आजको दिनदेखि अहर्त भयो भनी दायज्ज उपसम्पदा दिए। दायज्ज उपसम्पदा पाउनेमा उनी दोश्रो हुन्। जो सानै उमेरको युवा भिक्षु, जो साँच्चैनै बुद्धको उपदेश र अनुशासनमा प्रयासरत छ। त्यस्तो भिक्षुले बादलले छोडेको चन्द्रमाले जस्तै संसारलाई प्रकाशित गर्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यो ह'वे दहरो भिक्खु, युञ्जति बुद्धशासने**
**सो'म लोकं पभासेति, अब्भा मुत्तो व चन्दिमा ॥३८२॥**

**भावार्थ–**

जो सानै उमेरको युवा भिक्षु, जो साँच्चैनै बुद्धको उपदेश र अनुशासनमा प्रयासरत छ। त्यस्तो भिक्षुले बादलले छोडेको चन्द्रमाले जस्तै संसारलाई प्रकाशित गर्छ।

# धम्मपद

# ब्राह्मण बर्ग– २६

## ३८३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै श्रदालु ब्राह्मणले तथागतको उपदेश सुनेर प्रति दिन १६ जना भिक्षुहरूलाई भोजन दान दिन थाले । भिक्षुहरू जाँदा, ब्राह्मणले सबैलाई अहर्त सम्बोधन गरी ठुलो सेवा र सत्कार गर्ने हुँदा, अहर्तहरूले हामीले अहर्त प्राप्त गरेको यिनी जान्दछन् भन्थे । नपाएकाहरू अलि लज्जित हुन्थे । यसरी संकोचमा परेर एकदिन कोही पनि गएनन् । कोही पनि नआए पछि ब्राह्मण दुःखित हुँदै तथागतकहाँ आएर, 'हे भन्ते,' आज एकजना पनि भिक्षु मेरो घरमा भोजन गर्न आएनन् भने । यो कुरा सुनेर तथागतले, 'हे भिक्षुहरू,' भोजन दानमा नगएको कारण सोधे । भिक्षुहरूले सबै कुरा बताए पछि उनले श्रद्धाकासाथ सबैलाई अहर्त भनेका हुन् । यसमा अपत्ति मान्नु पर्ने कुरा के छ र ? ब्राह्मणहरूले अहर्तहरूलाई श्रद्धा गर्दछन् । 'हे ब्राह्मण,' श्रोतलाई काटिदेउ । पराक्रम गरेर काम भोगहरूलाई टाढा भगाउँ । तिमीले संस्कारहरूको क्षयलाई राम्ररी जानेर बुझेर निर्वाणलाई साक्षात्कार गर्ने छौं भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा**– *****

**छिन्द सोतं परक्कम्म, कामे पनुद ब्राह्मण**
**संखारानं खयं अत्वा अकतञ्ञुसि ब्राह्मण ॥३८३॥**

**भावार्थ**–

हे ब्राह्मण, श्रोतलाई काटिदेउ । पराक्रम गरेर काम भोगहरूलाई टाढा भगाउँ । तिमीले संस्कारहरूको क्षयलाई राम्ररी जानेर बुझेर निर्वाणलाई साक्षात्कार गर्ने छौं ।

## ३८४. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा रहँदा, एकदिन बिभिन्न ठाउँहरूबाट अचानक धेरै आगन्तुक भिक्षुहरू आए। यसरी अचानक भिक्षुहरू आउने र जाने प्रकृया त नियमित भैरहन्थ्यो। उनीहरूको अहर्तत्व प्राप्तिको निश्चयलाई देखेर अहर्त एवं बुद्ध शासनको धर्म सेनापति सारिपुत्रले तथागतकहाँ गई श्रद्धाकासाथ प्रणाम गर्दै भने, 'हे भन्ते,' दुई धर्महरू कुन कुन हुन् ? भनेर सोधे। 'हे सारिपुत्र,' समथ वा समथा र बिपाश्यनालाई दुई धर्म भन्दछन्। समथा भनेको बिज्ञान अर्थात धरातल हो। बिपाश्यना भनेको उत्कृष्ट फल वा बिशेषण हुन्। किनभने कुनै पनि बस्तुले राम्रोसँग कार्य गर्नाका लागि राम्रो घरातल चाहिन्छ। अर्थात रुखको जरा राम्रोसँग गाडिएको छ भने, आयु पनि राम्रो हुन्छ। यसको साधनाबाट निवार्ण मार्ग अवलम्बन गर्न सकिन्छ। जब ब्राह्मण चित्त संयमित र बिपाश्यनारुपी दुईटा धर्मबाट पारंगत हुन्छ, तब उसको लागि सबै बन्धनहरू नष्ट भएर जान्छन् भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**यदा द्वयेसु धम्मेसु, पारगु होति ब्राह्मणो**
**अथ'अस्स सब्बे संयोगा, अत्थं'गच्छति जानतो ॥३८४॥**

**भावार्थ**–

जब ब्राह्मण चित्त संयमित र बिपाश्यनारुपी दुईटा धर्मबाट पारंगत हुन्छन्, तब जान्ने बुझ्ने भएको उसको लागि सबै बन्धनहरू नष्ट भएर जान्छन्।

## ३८५. समय सन्दर्भ–

एक समयमा तथागत गन्धकुटीमा नियमित बिपाश्यनामा बसिरहनु भएको थियो । एकजना साधरण मनुष्यको भेषमा असमायिक ढंगले गन्धकुटीको ढोकामा उभिन आयो । यसरी कुनै पनि समयमा गन्धकुटीको ढोकामा आनन्द स्थविर बाहेक अरु मानिसहरू आउँदैनथे । फेरि पनि तथागतले खासै ध्यान दिएनन् । 'हे भन्ते,' पार केलाई भन्दछ ? भनेर प्रश्न गरे । तथागतले यो मानिस को रहेछ भनी ध्यान दृष्टिले हेर्दा, स्वयं मारले साधरण मानुष्यको भेषमा आएको देखेर, 'हे पापी मार,' तँ जस्तोलाई पारसित केको चासो ? भेष बदलेर किन प्रश्न गर्न आएको ? यही हिम्मत छ भने तिम्रो असली रुपमा आउ । म तिमीलाई भूत, बर्तमान र भविष्यको लागि पनि धर्मोपदेश गर्छु । पार भनेको बीतरागहरूले मात्र पाउँछन् । जसको लागि पञ्चेन्द्रिय र मनरुपी एवं म र मेरो भन्ने अहंकार, पारापार वा वारिपारी रहदैन । जो निर्भय अनि अनासक्त छ, उसलाई म ब्राह्मण भन्छु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**यस्स पारं अपारं वा, पारापारं न विज्जति**
**वीतद्दरं विसंयुत्तं, तं अहं ब्रुमि ब्राह्मणं ॥३८५॥**

**भावार्थ–**

जसको लागि पञ्चेन्द्रिय र मनरुपी पार एवं म र मेरो भन्ने अहंकार, पारापार वा वारिपारी रहदैन । जो निर्भय अनि अनासक्त छ, उसलाई म ब्राह्मण भन्छु ।

## ३८६. समय सन्दर्भ–

एक समयमा जेतवन निबासी कुनै ब्राह्मणले तथागतसँग आएर आचर संहितको पालना गर्दै, 'हे भन्ते,' तपाइँ आफ्ना श्रवकहरूलाई ब्राह्मण भनेर बोलाउन चाहनु हुन्छ। यसको अर्थ के हो ? कसरी ब्राह्मण भन्नु हुन्छ ? ब्राह्मण, क्षेत्री, बैश्य र सुद्र भनेको के हो ? यो कुरा तपाइँलाई स्वीकार्य छ कि छैन ? भनेर प्रश्न गरे। हुन त म जातैले ब्राह्मण हुँ, भनेर अहंकार पनि देखाए। 'हे ब्राह्मण,' मैले जाति वा गोत्रको आधारमा कसैलाई पनि ब्राह्मण भन्दिन। ब्राह्मण, क्षेत्री, बैश्य र सुद्र म पनि स्वीकार गर्छु। यो त सनातन हो। सामाजिक बत्रर्गीकरण हो। तर जन्मको आधारमा होइन। ब्यक्तिको श्रेष्टताको आधारमा मात्र स्वीकार गर्दछु। ब्राह्मण परिवारमा जन्मिए पनि उनको आचरण शुद्ध छैन भने, त्यो कसरी ब्राह्मण हुा सक्छ ? तर जो ध्यानी निर्मल, विरज, रजोगुणरुपी धुलो मैलो नभएको आसनवद्ध कृतकृत्य र आश्रव रहित छ। जसले श्रेष्टता प्राप्त गरेको छ। उसलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–** *****

**झायिं विरजं आसीनं, कतकिच्चं अनासवं**

**उत्तमत्थं अनुप्पत्तं, तं'अहं ब्रुमि ब्राह्मणं ॥३८६॥**

**भावार्थ–**

जो ध्यानी, निर्मल, विरज रजोगुणरुपी धुलो मैलो नभएको आसनवद्ध कृतकृत्य र आश्रव रहित छ। जसले श्रेष्टता प्राप्त गरेको छ। उसलाई म ब्राह्मण भन्दछु।

## ३८७. समय सन्दर्भ–

एक समयमा तथागत मिगारमातु प्रसादको बिहारमा रहेको समयमा एकदिन आन्द स्थविरले तथागतलाई आचर संहिताको पालना गर्दै प्रणाम गरी, 'हे भन्ते,' आज मैले प्रकाश हेर्दा प्रकाशहरू मध्येमा तपाइँको प्रकाश सबै भन्दा उत्कृष्ट लाग्यो भन्यो । आनन्द स्थविरको मुखबाट यस्तो कुरा सुनेर तथागत पनि एक छिन मौन बस्यो । सायद उनलाई पत्यार भएन वा हाँसो उठ्यो । कारण के थियो भने, प्राकृतिको प्रकाश पनि तथागतको छुट्ठै हुने । सर्वसाधरणको छुट्ठै हुने ? यो कस्तो कुरा गर्यो, आनन्द तिमीले ? भन्दै उनले गरेको प्रश्न उसैलाई तेर्साइ दिए । दिउँसोमा सूर्य चहकिलो हुन्छ । रातमा चन्द्रमाले प्रकाश दिन्छ । कुनै क्षेत्रीय योद्धा शास्त्रास्त्रले सज्जित हुँदा पनि चम्किलो देखिन्छ । ध्यान गरेको बेला ब्राह्मण तेजस्वी देखिन्छ । त्यो भन्द ज्योतिरमय बुद्ध हुन्छ भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**दिवा तपति आदिच्चो, रत्तिं आभाति चन्दिमा**
**सन्नद्धो खत्तियो तपति, झायी तपति ब्राह्मणो**
**अथ सब्बं अहोरत्तं, बुद्धो तपति तेजसा ॥३८७॥**

**भावार्थ–**

दिउँसोमा सूर्य चहकिलो हुन्छ । रातमा चन्द्रमाले प्रकाश दिन्छ । कुनै क्षेत्रीय योद्धा शास्त्रास्त्रले सज्जित हुँदा पनि चम्किलो देखिन्छ । ध्यान गरेको बेला ब्राह्मण तेजस्वी देखिन्छ । त्यो भन्द बढि ज्योतिरमय बुद्ध हुन्छ ।

## ३८८. समय सन्दर्भ–

एक समयमा बाह्य परिब्रजकसँग प्रबर्जित भएको कुनै ब्राह्मणले तथागतसँग गएर सोधे । 'हे भन्ते,' तपाइँ आफ्नो शिष्यहरूलाई प्रबर्जित गराउनु हुन्छ। म पनि प्रबर्जित भएको हुँ नि ? भने। तथागतले उनलाई सिधै जवाब दिँदै भन्यो 'हे ब्राह्मण,' प्रबर्जित भई पहेलो बस्त्र धारणा गरेर भिक्षापात्र लिएर, भिक्षाटन गर्दैमा म त्यसलाई भिक्षु भन्दिन । मेरो शासनमा प्रबर्जित हुने प्रत्येक भिक्षुले मापदण्ड अनुसार आचरण गर्नु पर्छ। जस्तै, त्रिरत्न शरण गमण, चार आर्यसत्य, पञ्चशील, अष्टशील, अष्टमार्ग, दशमार्ग र प्रतित्यसमुत्पाद आदि छन् । यसलाई ध्यान, भावना र साधना द्वारा राम्रोरी मनन गरेर साक्षत्कार गर्नु पर्छ । जसले चित्तको मलहरू हटाएर क्लेश रहित भएका छन्। म उनैलाई मात्र प्रबर्जित भन्छु। जसले पापजति पखालेर बगाइदिन्छ, उ ब्राह्मण हो। जसले समताको आचरण गर्दछ, उ श्रमण हो। जसले आफै भित्रको मललाई हटाउछ, उ प्रबर्जित हो भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**वाहितपापो ति ब्राह्मणो, समचरिया समणोति वुच्चति**
**पब्बाजयमत्तनो मलं, तस्मा पब्बजितोति बुच्चति ॥३८८॥**

**भावार्थ**–

जसले पापजति पखालेर बगाइदिन्छ, उ ब्राह्मण हो। जसले समताको आचरण गर्दछ, उ श्रमण हो । जसले आफै भित्रको मललाई हटाउछ, उ प्रबर्जित हो ।

## ३८९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको नगरबासीहरू एक ठाउँमा भेला भएर सारिपुत्र स्थविरको प्रशंसा गर्दै थिए। उनी अत्यन्तै सहनशील र आक्रोस रहित छन् । यसै सिलसिलामा एकजना मिथ्य दृष्टि ब्राह्मणले भन्यो, उनले क्रोधित हुन नजानेर होला। हेर, म उनलाई क्रोधित गराउँछु, भन्यो । एकदिन सारिपुत्र भिक्षाटन गर्दै गर्दा, उनको पिठ्युमा जोरले हान्यो। स्थविरले यो के हो ? कस्ले के गरेको होला भनेर पछाडितिर फर्केर पनि हेरेनन् । एकछिन पछि ब्राह्मणको शरीर एकदमै जलेर आयो। उनलाई खपिनसक्नु नभए पछि, सारिपुत्रसँग क्षमा याचना गरे । भोजन दान गरे । भोजन दान पश्चात सारिपुत्र बिहारमा आयो। तथागतले क्रोध अनागामी मार्गबाट मात्र नष्ट हुन्छ भने। ब्राह्मण माथि हातपात गर्नु हुँदैन। कसैबाट प्रहार भएमा ब्राह्मणले पनि त्यसको रिसइबी लिन हुँदैन। जसले ब्राह्मणलाई हान्छ, उसले आफैलाई धिक्कारने छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**न ब्राह्मणस्स पहरेय्य, नास्त मुञ्चेथ ब्राह्मणो**
**धी ब्राह्मणस्स हन्तारं, ततो धी यस्स मुञ्चति ॥३८९॥**

**भावार्थ–**

ब्राह्मण माथि हातपात गर्नु हुँदैन । कसैबाट प्रहार भएमा ब्राह्मणले पनि त्यसको रिसइबी लिन हुँदैन। जसले ब्राह्मणलाई हान्छ, उसले आफैलाई धिक्कारने छ।

# ३९०. दसमय सन्दर्भ–

एक समयमा श्रावस्तीको नगरबासीहरू एक ठाउँमा भेला भएर सारिपुत्र स्थविरको प्रशंसा गर्दै थिए। उनी अत्यन्तै सहनशील र आक्रोस रहित छन् । यसै सिलसिलामा एकजना मिथ्य दृष्टि ब्राह्मणले भन्यो, उनले क्रोधित हुन नजानेर होला। हेर, म उनलाई क्रोधित गराउँछु, भन्यो । एकदिन सारिपुत्र भिक्षाटन गर्दै गर्दा, उनको पिठ्युमा जोरले हान्यो । स्थविरले यो के हो ? कस्ले के गरेको होला भनेर पछाडितिर फर्केर पनि हेरेनन् । एकछिन पछि ब्राह्मणको शरीर एकदमै जलेर आयो। उनलाई खपिनसक्नु नभए पछि, सारिपुत्रसँग क्षमा याचना गरे । भोजन दान गरे । भोजन दान पश्चात सारिपुत्र बिहारमा आयो। तथागतले क्रोध अनागामी मार्गबाट मात्र नष्ट हुन्छ भने। ब्राह्मण माथि हातपात गर्नु हुँदैन। कसैबाट प्रहार भएमा ब्राह्मणले पनि त्यसको रिसइबी लिन हुँदैन। जसले ब्राह्मणलाई हान्छ, उसले आफैलाई धिक्कारने छ भन्दै दिएको उपदेशको पालीगाथा ॥३८९॥

**पालीगाथा–**

**नब्राहमणस्स एतद् अकिञ्चि सेय्यो, यदानिसेधो मनसो पियेहि,**
**यतोयतो हिंसमनो निबत्तति, ततोततो सम्मतिं एवं दुक्खं ॥३९०॥**

**भावार्थ–**

ब्राह्मणको लागि यो काम श्रेष्ट होइन। जब उ आफ्नो मन पर्ने प्रिया पदार्थहरूबाट चित्त हटाउछ। जहाँ हिंसाबाट मन फर्किन्छ त्यहाँ दुःखहरू आफै शान्त हुँदै जान्छन् ।

## ३९१. समय सन्दर्भ–

एक समयमा तथागत जेतवन महाबिहारमा बिहार गरिरहनु भएको थियो। एकदिन भिक्षुणीहरूको ठुलो समूह गएर, 'हे भन्ते,' महाप्रजापति गौतमीले आफ्नै हातले रंगाएर चीबर पहिरेकी छिन्। उनको आचार्य वा उपाध्याय कोही पनि छैनन्। उनीसित उपोसथ ब्रत गर्न हामीलाई संकोच लाग्छ, भनेर कुरा सुनाए। तर, महाप्रजापति को थिइन् ? शाक्य कुलमा उनको हैसियत के थियो ? तथागतसँग उनको ब्यक्तिगत सम्बन्ध के छ ? यो कुराहरू भिक्षुणीहरूलाई जानकारी थियो वा थिएन ? तथागतले खासै चासो दिएन। उनीहरूको कुरा सुनेर, 'हे भिक्षुणीहरू,' महाप्रजापतिलाई मैले आठ गुरु धर्म दिएको छु। उनको आचार्य वा उपाध्याय जे भने पनि मै हुँ। दुश्चरित्र रहित क्षीण श्रवकहरूमा संकोच गर्नु हुँदैन। जसको शरीर, बचन र मनबाट कुनै खराब काम हुँदैन भने, ती तीनैवटा कुरा पूर्णतय संयमित छन्। त्यस्ता ब्यक्तिलाई मात्र ब्राह्मण भनिन्छ भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यस्स कायेन वाचाय, मनसा न'अत्थि दुक्कटं**
**संवुतं तीहि ठानेहि, तं'अहं ब्रुमि ब्राह्मणं ॥३९१॥**

**भावार्थ–**

जसको शरीर, बचन र मनबाट कुनै खराब काम हुँदैन भने, ती तीनैवटा कुरा पूर्णतय संयमित छन्। त्यस्ता ब्यक्तिलाई मात्र ब्राह्मण भनिन्छ। यो भनाइ मनन् योग्य छ।

## ३९२. समय सन्दर्भ–

एक समयमा सारिपुत्र स्थविर अश्वजित स्थविरसँग धर्म श्रवण गरेर श्रोतापतिफल प्राप्त गरेपछि नै जुन दिशामा अश्वजित स्थविर छन् । त्यतैपट्टिठ हात जोडेर त्यतैतिर सिरानी गरी सत्थे । सारपुत्रको यो कृत्यको बारेमा भिक्षु महासंघमा चर्चा परिचर्चा र छलफल भयो । सबैले आ-आफ्नै तर्कबिर्तहरू राखे । तर यस बारेका कसैले पनि यसै हुनु पर्छ वा गर्नु पर्छ भनेर निर्णय दिन सकेन । यो कुरा तथागतनिर पुग्यो । 'हे भन्ते,' सारिपुत्र जस्तो बिद्वानले पनि मिथ्य दृष्टि राख्नु उपयुक्त हो ? भने । 'हे सारिपुत्र,' तिमीले दिशा नमस्कार गर्छौ रे हो ? भनेर सोध्दा, हो भन्ते भन्यो । किन त ? भनेर सोध्दा, मेरो आचार्य अश्वजित जुन दिशामा हुन्छ । म त्यतै फर्केर नमस्कार गर्छु । त्यतै सिरानी गरेर सुत्छु भन्यो । जसबाट सम्यक सम्बुद्धको उपदिष्ट धर्म सिकियो । त्यस्तालाई सम्मान र सत्कारपूर्वक निहुरेर नमस्कार गर्नु पर्छ । जसरी हवनको अग्निलाई ब्राह्मणले ढोग्दछ । सारिपुत्रले दिशा नमस्कार गर्नुको कारण खुलाउदै गरेको उपदेशको पालीगाथा ।

**पालीगाथा–** *****

**यम्हा धम्मं विजानेय्य, सम्मासम्बुद्धदेसितं**
**सक्कच्चं तं नमस्येय्य, अग्गिहुत्तं व ब्राह्मणो ।।३९२।।**

**भावार्थ–**

जसबाट सम्यक सम्बुद्धको उपदिष्ट धर्म सिकियो । त्यस्तालाई सम्मान र सत्कारपूर्वक निहुरेर नमस्कार गर्नु पर्छ । जसरी हवनको अग्निलाई ब्राह्मणले ढोग्दछ ।

## ३९३. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा जटाधारी ब्राह्मणले तथागतसँग गएर सोधे । 'हे भन्ते,' तपाइँ आफ्नो शिष्यहरूलाई ब्राह्मण भन्नु हुन्छ । म त ब्राह्मण कुलमै जन्मिएको हुँ । के मलाई पनि ब्राह्मण भन्न सक्नु हुन्छ ? भन्दै प्रश्न सोधे । तथागतले उनलाई सिधै जवाब दिँदै भन्यो 'हे ब्राह्मण,' ब्राह्मण कुलमा जन्मेर जटाधरी हुँदैमा मैले ब्राह्मण भन्दिन । मेरो शासनमा प्रबर्जित हुने प्रत्येक भिक्षुले मापदण्ड अनुसार आचरण गर्नु पर्छ । जस्तै, त्रिरत्न शरण गमण, चार आर्यसत्य, पञ्चशील, अष्टमार्ग, दशमार्ग र प्रतित्यसमुत्पाद आदि छन् । यसलाई राम्रोरी मनन गरेर साक्षत्कार गर्नु पर्छ । जसले चित्तको मलहरू हटाएर क्लेश रहित भएका छन् । न जटा पाल्नाले, न थर गोत्रले, न त कुनै घरानियाँ जन्मले मानिस ब्राह्मण बन्दछ । जसमा सत्य, धर्म, श्रद्धा र निष्ठ छ । त्यही मानिस बास्तवमा ब्राह्मण हो । म उनैलाई मात्र ब्राह्मण भन्छु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**न जटाहि न गोत्तेन, न जच्चा होति ब्राह्मणो**
**यम्हि सच्चञ्च धम्मो च, सुची सो च ब्राहमणो ॥३९३॥**

**भावार्थ–**

संसारिक देखासिखी रुपमा न जटा पाल्नाले, न थर गोत्रले, न त कुनै घरानियाँ जन्मले मानिस ब्राह्मण बन्दछ । जसमा ध्यान भावना, साधना, सत्य, धर्म, प्रज्ञा, श्रद्धा र निष्ठ छ । त्यही मानिस बास्तवमा ब्राह्मण हो ।

## ३९४. समय सन्दर्भ–

एक समयमा तथागत बैशाली नगरको कुटागार शालामा ध्यान, भावना र साधना गरिरहँदा, त्यहाँ कुनै एउटा पाखण्डी ब्राह्मण नगरको नजिकै एउटा रुखमा चढेर दुबै खुट्ठा रुखको हाँगामा राखी उधोमुन्टो लगाएर झुन्डियो । त्यहाँ आएका नगरबासीहरूलाई उनले धमक्याउँदै भन्यो कि, मलाई एक सय गाईहरू एक हजार कार्षापण र परिचारिकाहरू दिएनौ भने, म यहीबाट खसेर मर्छु । म मरे पछि प्रेत भएर नगरबासीहरूलाई पनि उजाड पारिदिन्छु भन्यो । मानिसहरू डराएकाले उनले भनेका सबै कुराहरू पूर्या गरी दिए । भिक्षाटनमा देखेको यो धटना तथागतलाई सुनाए । 'हे भिक्षुहरू,' त्यो पाखण्डि ब्राह्मण अहिले मात्र होइन । अतीतको जन्ममा पनि पाखण्डि नै थियो । तर उसबेला भिक्षुहरू र पण्डितहरूलाई ठग्न सकेन । 'हे दुर्बुद्धि,' तिमीले लट्ठाजट्ठा पालेर मात्र के हुन्छ र ? मृगको छाला लगाएर मात्र के हुन्छ ? भित्र फोहर मैला जमेको छ भने बाहिर मात्र पखालेर के हुन्छ र ? भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**किं ते जटाहि दुम्मेध, किं ते अजिनसाटिया**
**अब्भन्तरं ते गहनं, वाहिरं परिमज्जसि ॥३९४॥**

**भावार्थ–**

हे दुर्बुद्धि, तिमीले लट्ठाजट्ठा पालेर मात्र के हुन्छ र ? मृगको छालाले बनेको लुगा लगाएर मात्र के हुन्छ ? भित्र फोहर मैला जमेको छ भने, बाहिर मात्र पखालेर के हुन्छ र ?

# ३९५. समय सन्दर्भ–

एक समयमा तथागत गृद्धकुद पर्वतमा रहँदा, एक रात शक्रदेव परिषदको साथमा तथागतनिर आई सन्चो बिसन्चो सोध्दै उनको सेवा गर्न थाले । त्यसै समय तथागतलाई बन्दना गर्न आकाश मार्गबाट आएकी किसा गोतमी थेरीले शक्रदेवलाई देखेर आकाशबाटै तथागतलाई प्रमाण गरी फर्किइन् । किसा गोतमी शक्रदेवको पूर्वजुनीको यशिका थिइन । त्यसैले उनी त्यहाँ आउन उचित ठानेनन् । शक्रदेवले तथागतलाई, 'हे भन्ते,' यिनी को थिइन ? जो आउँदा आउँदै तपाइँलाई आकाशबाटै प्रणाम गरी फर्किहालिन, भने । 'हे महाराज,' यो किसा गोतमी नामकी मेरी पुत्री हो । पूर्वजुनीमा तपाइँसँग उनको के सम्बन्ध थियो ? भन्ने बारेमा पनि उनी जानकार छिन् । जो झुत्रो कपडा लगाउने थेरीहरूमा अग्रणी हो । जसले पुराना चीबर धारणा गर्छ । जो दुब्लो पातलो छ । जसको शरीरमा बेरिएको नसा छर्लङ्गै देखिन्छ । जो जंगलमा एक्लै ध्यान, भावना र साधना गर्छ । उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पंसुकुधरं जन्तुं, किसं धमनिसन्थतं**
**एकं वनिस्मिं झायन्तं, तं'अहं ब्रुमि ब्राह्मणं ॥३९५॥**

**भावार्थ–**

जसले पुराना चीबर बस्त्र धारणा गर्छ । जो दुब्लो पातलो छ । जसको शरीरमा बेरिएको नसा छर्लङ्गै देखिन्छ । जो जंगलमा एक्लै ध्यान र साधना गर्छ । उसैलाई म ब्राह्मण भन्दछु ।

## ३९६. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा जटाधारी ब्राह्मणले तथागतसँग गएर सोधे । 'हे भन्ते,' तपाइँ आफ्नो शिष्यहरूलाई ब्राह्मण भन्नु हुन्छ । म त ब्राह्मण कुलमै जन्मिएको हुँ । के मलाई पनि ब्राह्मण भन्न सक्नु हुन्छ ? भन्दै प्रश्न सोधे । तथागतले उनलाई सिधै जवाब दिँदै भन्यो 'हे ब्राह्मण,' ब्राह्मण कुलमा जन्मेर जटाधरी हुँदैमा मैले ब्राह्मण भन्दिन । मेरो शासनमा प्रबर्जित हुने प्रत्येक भिक्षुले मापदण्ड अनुसार आचरण गर्नु पर्छ । जस्तै, त्रिरत्न शरण गमण, चार आर्यसत्य, पञ्चशील, अष्टमार्ग, दशमार्ग र प्रतित्यसमुत्पाद आदि छन् । यसलाई राम्रोरी मनन गरेर साक्षत्कार गर्नु पर्छ । जसले चित्तको मलहरू हटाएर क्लेश रहित भएका छन् । न जटा पाल्नाले, न थर गोत्रले, न त कुनै घरानियाँ जन्मले मानिस ब्राह्मण बन्दछ । जसमा सत्य, धर्म, श्रद्धा र निष्ठ छ । त्यही मानिस बास्तवमा ब्राह्मण हो । म उनैलाई मात्र ब्राह्मण भन्छु भन्दै दिएको उपदेशको पालीगाथा ॥३९३॥

**पालीगाथा–**

**न चाहं ब्राह्मणं ब्रुमि, योनिजं मत्रिसंभवं**
**भोवादी नाम सो होति, सचे होति सकिञ्चनो**
**अकिञ्चनं अनादानं तं, अहं'ब्रुमि ब्राह्मणं ॥३९६॥**

**भावार्थ–**

बाहुनी आमाबाट पैदा भएकालाई मात्र म ब्राह्मण मान्दिन । यदि परिग्रही छ भने, सम्बोधनले अरुलाई अवज्ञा गर्ने वा बन्धन मुक्त छ भने उसैलाई म ब्राह्मण भन्दछु ।

## ३९७. समय सन्दर्भ–

एक समयमा राजगृहमा बर्सेनी ५०० नर्तकहरू आएर खेल देखाउँथे । एकदिन त्यहाँको कुनै सेठको छोरा उग्गसेन एउटी नर्तकीसँग मोहित भएर बिबाह गरी त्यही टोलीसँग गयो । उनीहरूसँग घुम्दै गर्दा केही दिनमै उनले पनि नृत्य सिके । आर्को वर्ष पुनः राजगृह आउँदा, भोली उग्गसेनको खेल हुँदैछ भनी प्रचार गरियो । भोलिपल्ट उग्गसेनले साठी हात अग्लो बाँसमा चढेर खेल देखाउँदा, उग्गसेनतिरबाट मुन्टो फर्काएर तथागतलाई हेर्न थाले । यस्तो अवस्था देखेर उग्गसेन उदास भए । उग्गसेनको अबस्था बुझेर तथागतले मौदगल्यान मार्फत खेल जारी राख्नु भने । उनले खुसी हुँदै खेलहरू प्रस्तुत गरे । 'हे उग्गसेन,' बुद्धिमान ब्यक्तिले भूतकालबाट शिक्षा लिएर बर्तमानलाई समृद्ध बनाउँदै भबिष्यलाई सुरक्षित गर्नु पर्छ । साँच्चै सबै बन्धनहरूलाई काटेर छिनालेको कुनै कुराको तिर्सना नलिने र कहिल्यै पनि नडराउने बिषयरुपी सँगीहरूबाट छुट्टिएको अनसक्तलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ॥३४८॥

**पालीगाथा–**

**सब्बसंयोजनं छेत्वा, यो वे न परितस्सति**
**सङ्गातिगं विसंयुत्तं, तं अहं ब्रुमि ब्राह्मणं ॥३९७॥**

**भावार्थ–**

साँच्चै सबै बन्धनहरूलाई काटेर छिनालेको कुनै कुराको तिर्सना नलिने र कहिल्यै पनि नडराउने बिषयरुपी सँगीहरूबाट छुट्टिएको अनसक्तलाई म ब्राह्मण भन्दछु ।

## ३९८. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको दुई ब्राह्मणहरू बीचमा तेरो भन्दा मेरो गोरु बलियो । तेरो भन्दा मेरो गोरु बलियो भन्ने कुराले होडबाजी चल्यो। ब्राह्मणहरू दुबै हठी स्वभावका थिए। कसैले पनि पछि हट्ने संकेत गरे । त्यसको निर्क्यौल गर्नाको लागि भोलीपल्ट बिहान सबेरै दुबैले अचिरवती नदीको किनारमा गएर गाडामा बालुवा लादेर गोरु हाँक्न थाले । यसरी गाडा हाँक्दा, डोरी, लगाम पेटी आदि सबै चुँडेर गए। तर बढि बोझ भएकोले गाडाले आफ्नो ठाउँ छाडेन । त्यो अवस्था देखेर भिक्षुहरूले तथागतकहाँ गई बृतान्त कुरा बताए पछि तथागतले, 'हे भिक्षुहरू,' यी सबै बाहिरी डोरी र पेटीहरू हुन् । जो कसैले पनि यिनलाई काट्न सक्छन् । भिक्षुहरूले भित्रको क्रोध देख्ने जुइना र तृष्णाको डोरीलाई काट्न सक्नु पर्छ। कुनै साहसी बहन स्वरुपको घोडा वा गोरुले झैं ज्यानमा जेलिएका पेटी डोरी नेल, जिउरा, लगाम छडी, कोर्रा आदिलाई आफै काटेर उड्न सक्छ, त्यही ब्राह्मण हो भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**छेत्वा नदिं वरत्तञ् च, सन्दानं सहनुक्कमं**
**उक्खित्तपलिधं बुद्धं, तं'अहं ब्रुमि ब्राह्मणं ॥३९८॥**

**भावार्थ–**

कुनै साहसी बहन स्वरुपको घोडा वा गोरुले झैं ज्यानमा जेलिएका पेटी, डोरी, नेल, जिउरा, लगाम, छडी, कोर्रा आदिलाई आफै काटेर उड्न सक्छ, त्यही ब्राह्मण हो ।

## ३९९. समय सन्दर्भ–

कुनै समयमा राजगृहमा धनञ्जाति नामक कुनै ब्राह्मणी श्रोतापतिफल भएदेखि नै ॐ नमो भगवतो अहर्तो सम्मा सम्बुद्धस्स भन्दथिइन् । एकदिन उनको घरमा भोज थियो । त्यो दिनमा पनि त्यसै भनिन् । यो सुनेर उनको जेठाज्यू भारद्धाजले तेरो नाश होस् ! जहाँ पायो त्यही मुडुलो श्रमणको प्रशंसा गर्छेस् भन्दै गाली गर्यो । आज म श्रमण गौतमसँग शास्त्रार्थ गर्छु भने । तथागत आए पछि केही प्रश्न गरे । उनले चित्त बुझ्दो उत्तर दिए पछि त्यही प्रबर्जित भए । त्यही समय उनले अहत्व पनि प्राप्त गर्यो । उ घर फर्केन । उनका दाजु आक्रोशक भारद्धाज बुद्धलाई गाली गर्दै वेणुबन गए । उपदेश सुने पछि उनी पनि प्रबर्जित भए । सुन्दरिक र बिलिङ्गक पनि क्रमश प्रबर्जित भए । यसरी क्रोधि माथि शान्तिले बिजय गरेको कथा सुनए । जसले चित्तमा कुनै किसिमको क्षेभ नराखी गाली र बन्धनलाई सहन गर्न सक्छ । अर्थात जसको शक्तिशाली सैन्याधिपति बनेको छ । उसैलाई ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालगिाथा–**

**अक्कोसं वधबन्धञ् च, अदुट्ठो यो तितिक्खति**
**खन्तिबलं बलानिकं, तं'अहं ब्रुमि ब्राह्मणं ।।३९९।।**

**भावार्थ–**

जसले चित्तमा कुनै किसिमको क्षेभ नराखी गाली, बध र बन्धनलाई सहन गर्न सक्छ । अर्थात जसको शक्तिशाली सैन्याधिपति बनेको छ । उसैलाई म ब्राह्मण भन्दछु ।

## ४००. समय सन्दर्भ–

एक समयमा तथागत बेनुबनमा बिहार गर्दा, एकदिन सारिपुत्र स्थविर ५०० भिक्षुहरूको साथमा भिक्षाटन गर्दै नालक गाउँमा गए। उनकी आमाले सबैलाई भोजन गराइन्। के ता जुठो खानकै लागि अस्सी करोडको सम्पत्ति छोडेर प्रबर्जित भएको होस् ? भनी भात पस्कने समयमा नराम्रो बचन बोलिन् । भोजन उप्रान्त सबै बिहारमा फर्के पछि तथागतले राहुल स्थविरलाई 'हे राहुल,' आज भिक्षाटनको लागि कतातिर गएको थियो ? भनी सोध्दा 'हे भन्ते,' उपाध्याय सारिपुत्रकी आमाको घरमा भनेर बृतान्त सुनाए। मेरो उपाध्यायले आमाको गाली सुनेर पनि केही भनेनन्। यो कुरा सुनेर भिक्षुहरूले पनि सारिपुत्र साह्रै क्षाशील छन् । जस्ले क्रोध गरे पनि प्रतिक्रिया गर्दैनन् भने । तथागतले र क्षीणाश्रवले क्रोध गर्दैनन् । अक्रोधि नरिसाउने ब्रत धारणा सम्पन्न गर्ने शीलवान अनुश्रुत गुरुपरम्पराको संस्कार जानेको संयमित मानिस, जो पुर्नजन्मको चक्करमा नपर्नेलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा**– *****

**अक्कोधनं वतवन्तं, शीलवन्तं अनुस्सदं**
**दन्तं अन्तिमशारीरं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४००॥**

**भावार्थ**–

अक्रोधि नरिसाउने ब्रत धारणा सम्पन्न गर्ने शीलवान अनुश्रुत गुरुपरम्पराको संस्कार जानेको संयमित मानिस, जो पुर्नजन्मको चक्करमा नपर्नेलाई म ब्राह्मण भन्दछु।

## ४०१. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै सेठको उप्पलवण्ण नामक सुन्दरी छोरी थिइन । उनी श्रावस्ती नगर र आसपासको क्षेत्रमा सुन्दरीमा एकदमै चर्चित थिइन् । उनलाई जम्बुद्धीपका सारा राजाहरूले बिबाह गर्न चाहन्थे । त्यसैले राजा महाराजाहरूका आपासमा द्वन्द्व भैरहेका थिए। सामाजिक सुरक्षाको संकटले गर्दा, सेठले उनलाई भिक्षुनी आश्रममा लगी प्रवर्जित गराइ दिए। उनले छोटो समयमै अहर्तत्व पनि प्राप्त गरिन्। त्यस पछि उनी अन्धबनमा बिहार बनाएर रहन थालिन्। उनको मामाको छोरा नन्दमानव उनी प्रति अत्यन्तै माहित थियो । एक रात अवसर छोपेर बिहारमा घुसेर भिक्षुनीलाई बलात्कार गरी भागेको अवस्थामा नन्दमानव उनको कुकर्मले गर्दा, घर्ती फाटेर त्यही समाहित भए। कमलको पातमा पानी र सियोको टुप्पमा सर्स्युउको दाना नअडिए भैं, जो काम, भोग र वासनामा लिप्त भएर कअिल्यै अडिन्न, त्यसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ॥६९॥

**पालीगाथा**– *****

**वारि पोक्खरपत्तेव, आरग्गे'रइव सासपो**
**योन लिम्पति कामेसु, तं'अहं ब्रुमि ब्राह्मणं ॥४०१॥**

**भावार्थ**–

कमलको पातमा पानी र सियोको टुप्पमा सर्स्युउको दाना नअडिए भैं, जो काम, भोग र वासनामा लिप्त भएर कअिल्यै अडिन्न। त्यसैलाई म ब्राह्मण भन्दछु।

## ४०२. समय सन्दर्भ–

एक समयमा श्रावस्तीमा कुनै ब्राह्मणको दास भागेर भिक्षुहरूकहाँ गए । दासको जीवन जिउनु भन्दा त भिक्षु भएर भिक्षाटनबाट जीविका गर्न उचित सम्झेर प्रबर्जित भए । त्यही प्रबर्जित भएर छिटै अहर्त्व पनि प्राप्त गर्यो । ब्राह्मणले उसलाई खोज्दै जाँदा, एकदिन तथागत को पछिपछि भिक्षाटनमा जाँदै गरेको देखी, जोरसँग उनको चीबर समाते । तथागतले पछाडि फर्केर हेर्दा, चीबर समातेको देखेर भन्यो, 'हे ब्राह्मण,' यो मानिसले तिम्रो भारी फालेर मुक्त भए जस्तो छ, भन्यो । ब्राह्मणले चीबर छोडिदिँदै यस्तो पो हो गौतमको अवस्था ? भनेर भन्यो । तथागतले तत्कालै प्रतिउत्तर गर्दै 'हे ब्राह्मण,' यो त सबै भारी फालेर उन्मुक्त भएको छ । जसले यसै संसारमा आफ्नो दुःखको बिनाश कसरी गर्ने भन्ने बारेमा जानि सकेको छ । जसले आफ्नो भारी बिसाएको छ । जो काम, भोग र वासनामा अनासक्त छ, म उसैलाई ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको लालीगाथा ।

**पालीगाथा–**

**यो दुक्खस्स पजानाति, इध'एवं खयं अत्तनो**
**पन्नभारं विसंयुत्तं, तं'अहं ब्रुमि ब्राह्मणं ।।४०२।।**

**भावार्थ–**

जसले यसै संसारमा आफ्नो दुःखको बिनाश बारे जानि सकेको छ । जसले आफ्नो भारी बिसाएको छ । जो काम, भोग र वासनामा अनासक्त छ, म उसैलाई ब्राह्मण भन्दछु ।

## ४०३. समय सन्दर्भ–

एक समयमा तथागत गृद्धकुद पर्वतमा रहँदा, एक रात शक्रदेव परिषदको साथमा तथागतनिर आई सन्चो बिसन्चो सोध्दै उनको सेवा गर्न थाले । त्यसै समय तथागतलाई बन्दना गर्न आकाश मार्गबाट आएकी खेमाले शक्रदेवलाई देखेर आकाशबाटै तथागत लाई प्रमाण गरी फर्किइन् । खेमा शक्रदेवको पूर्वजुनीको यशिका थिइन । त्यसैले उनी त्यहाँ आउन उचित ठानेनन् । शक्रदेवले तथागतलाई, 'हे भन्ते,' यिनी को थिइन ? जो आउँदा आउँदै तपाइँलाई आकाश मार्गबाटै प्रणाम गरी तत्कालै फर्किहालिन भने । 'हे महाराज,' यो खेमा नामकी मेरी पुत्री हुन् । पूर्वजुनीमा तपाइँसँग उनको के सम्बन्ध थियो ? भन्ने बारेमा पनि उनी जानकार छिन् । जो झुत्रो कपडा लगाउने थेरीहरूमा अग्रणी हो । जसले पुराना चीबर धारणा गर्छ । गहिरो प्रज्ञादृष्टि भएको मेघावी, असल र खराब बाटोको जानकारी भएको अथवा जसले उत्तम मार्गको रुपमा निर्वाणको साक्षत्कार गरेकोलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**गम्भीरपञ्ञं मेघाविं, मग्गामग्गस्स कोविदं**
**उत्तमत्थं अनुप्पत्तं, तं'अहं ब्रूमि ब्राह्मणं ॥४०३॥**

**भावार्थ–**

जो गहिरो प्रज्ञादृष्टि भएको मेघावी, असल र खराब बाटोको जानकारी भएको अथवा जसले उत्तम मार्गको रुपमा निर्वाणको साक्षत्कार गरेकोलाई म ब्राह्मण भन्दछु ।

## ४०४. समय सन्दर्भ–

एक समयमा जेतवनमा तथागतबाट कर्म स्थान ग्रहण गरेको तिस्स स्थविर कन्दरामा रही धर्म श्रवण गर्न लागे। कन्दराबासी स्थानीय देवताहरूले उनलाई त्यहाँ बस्न दिन चाहेन। आफ्नो उपस्थकको पुत्रको शरीरमा आवेश गराएर भन्यो। 'हे उपस्थक,' तिमीले स्थविरको खुट्ठा धोएर पानी शिरमा राख्यो भने, मैले यसलाई छाडिदिन्छु भन्यो। उनको कुरा सुनेर उपस्थक हड्बडाए। स्थविर दिउँसोको भोजन गर्न जाँदा उपस्थकले त्यसै गर्यो। यता उसलाई देवताले छोडर कन्दारबाट निस्किए। तिस्स स्थविर वर्षाबास सकेर जेतवन फर्किए। त्यहाँ उनले भिक्षुहरूसँग सबै कुरा बताए। तिमीलाई देवताले निषेध गर्दा पनि क्रोध उत्पन्न भएन, भन्दा। भएन भन्यो। यो कुरा तथागतले सुने पछि, 'हे भिक्षुहरू,' मेरो पुत्र तिस्सले क्रोध गर्दैन। गृहस्त तथा घरबार बिहिन दुबैसित जसले संसर्ग राख्दैन। जो बिना ठेगाना बिचरण गर्दछ। जसले थोरै मात्रमा चाहना राख्दछ। उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**असंसट्ठं गहट्ठेहि, अनगारेहि च'उभयं**
**अनोकसारिं अप्पिच्छं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४०४॥**

**भावार्थ–**

गृहस्त तथा घरबार बिहिन दुबैसित जसले संसर्ग राख्दैन। जो बिना ठेगाना बिचरण गर्दछ। जसले थोरै मात्रमा चाहना राख्दछ। उसैलाई म ब्राह्मण भन्दछु।

## ४०५. समय सन्दर्भ–

एक समयमा जेतवनमा तथागतबाट कर्म स्थान ग्रहण गरेको कुनै भिक्षुले जंगलमा गई ध्यान, साधना र भावना गरी अहर्तत्व प्राप्त गरे। तथागतलाई आफ्नो अनुभव सुनाउनका लागि जेतवनतिर आए। त्यही दिन कुनै स्त्री पतिसँग झगडा गरी माइत जान निस्किइन्। बाटोमा भिक्षुलाई देखेर पछि लागिन्। घरमा पत्नीलाई नदेखे पछि उनलाई खोज्न ससुरालीतिर लाग्यो। आफ्नो पत्नी भिक्षुको पछि लागेको देखेर भिक्षुले प्रलोभित गरेकी होलिन भन्ने सोँचेर भिक्षुलाई पिट्यो। पत्नीलाई घर लग्यो। जेतवन आएर भिक्षुहरूलाई सबै कुरा बतायो। 'हे आबुस्,' त्यसरी पिट्दा, तिमीलाई रिस उठेन भनेर सोध्दा, उठेन भन्यो। भिक्षुहरूले यसले अहर्त प्राप्त गरेको नाटक गर्यो भनी तथागतलाई सुनायो। 'हे भिक्षुहरू,' क्षीणाश्रवहरू दण्ड रहित हुन्छ। स्थिर हुने कुनै पनि प्राणीलाई जसले लौरोले प्रहार गर्दैन। जसले न आफैले घात गर्छ, न त अरु मार्फत घात गराउँछ। उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**निधाय दण्डं भूतेसु, तसेसु थावरेसु च**
**यो न हन्ति न घातेति, नं'अहं ब्रुमि ब्राह्मणं ॥४०५॥**

**भावार्थ–**

स्थिर वा गतिशील हुने कुनै पनि प्राणीलाई जसले लौरोले प्रहार गर्दैन। जसले न आफैले घात गर्छ, न त अरु मार्फत घात गराउँछ। उसैलाई म ब्राह्मण भन्दछु।

## ४०६. समय सन्दर्भ–

एक समएमा तथागत जेतवनमा रहँदा, कुनै ब्राह्मणले चार भिक्षुको लागि भोजन तयार गरी बिहारमा गएर सात वर्षको उमेरका चार जना श्रमणेरहरू ल्याए। ब्राह्मणीले पाको भिक्षु लिएर आउ भनी फेरि पठाए। ब्राह्मणले सारिपुत्र स्थविरलाई ल्याए। स्थविरले श्रमणेरहरू बसेको देखेर पात्र लिएर हिँडे। पत्नीको आग्रहमा पुनः मौदगल्यानलाई ल्याए। श्रमणेरहरू देखे पछि उनी पनि हिँडे। त्यसपछि पत्नीले कुनै बृद्ध ब्राह्मणलाई ल्याउन पठाइन्। श्रमणेरको भेषमा रहेको शक्रदेवलाई भेट्ठाएर ल्याए। उनीले श्रमणेरहरूलाई प्रणाम गर्दै भुइमा बसे। यो देखेर ब्राह्मणी रुष्ट भइन्। पति पत्नी दुबै मिलेर उनलाई निकाल्न खोजे तर सकेन। अन्तमा, सबैलाई भोजन दान गरे। हे भिक्षुहरू, क्षीणाश्रवकहरू बिरोधिसँग पनि बिरोध गर्दैनन्। जो बिरोधिहरूको बीचमा अबरुद्ध रहन्छ। दण्डधारीहरूको बीचमा अचल र निहत्था रहन्छ। बँधुवाहरूको बीचमा फुक्का रहन्छ। उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**अबिरुद्धं बिरुद्धेसु, अत्तदण्डेसु निब्बुतं**
**सादानेसु अनादानं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४०६॥**

**भावार्थ–**

जो बिरोधिहरूको बीचमा अबरुद्ध रहन्छ। दण्डधारीहरूको बीचमा अचल र निहत्था रहन्छ। बँधुवाहरूको बीचमा फुक्का रहन्छ। उसैलाई म ब्राह्मण भन्दछु।

## ४०७. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनको बिहारमा रहँदा, भिक्षुहरू बीचमा छलफल भयो कि, भिक्षुहरू मात्र नभएर बरिष्ट भिक्षुहरू र क्षीणाश्रवहरूमा पनि क्रोध हुन्छ जस्तो लाग्छ। किनभने महापन्थक स्थविरले आफ्नै सहोदर भाइ चुलपन्थक स्थविरलाई अपमान गर्दै बिहारबाट निकालि दिए। दाजुभाइको बीचमा यतिका धेरै तिक्तता कसरी भयो ? भाइलाई बिहारबाट निकाले दाइले के गर्न खोजेको हो ? अखिर उनले के पायो ? उनी पनि त मानवै हो नि ? सानो तिनो कमि कमजोरी त हरेक भिक्षुमा हुन्छ नै। कमिकमजोरी हुनु त मानविय स्वभाव नै हो। यो कुरा तथागतले थाहा पाए पछि, 'हे भिक्षुहरू,' क्षीणाश्रवमा राग, द्वेष र क्लेश हुँदैनन्। मेरो पुत्रले अर्थ र धर्मलाई हेरेर त्यस्तो गरेको थिएन। जसको राग, द्वेष दम्भ, कपटी र कन्जुसीपनले गर्दा, छाला छेड्ने सियोको टुप्पमा सस्र्युँको दाना नअडिए जस्तै गरी जसले यसलाई फाल्दछ उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यस्स रागो च दोसो च, मानो मक्खो च पातितो**
**सासपो'रइव आरग्गा, तं'अहं ब्रुमि ब्राह्मणं॥४०७॥**

**भावार्थ–**

जसको राग, द्वेष, दम्भ, कपटी र कन्जुसीपनले गर्दा, छाला छेड्ने सियोको टुप्पमा सस्र्युँको दाना नअडिए जस्तै गरी जसले यसलाई फाल्दछ, उसैलाई म ब्राह्मण भन्दछु।

# ४०८. समय सन्दर्भ–

एक समयमा पिलिन्द बच्छ स्थविरले प्रर्जित र गृहस्तहरूलाई पनि आउ जाउ भनी बोलाउथे । उनको यो मौलिक स्वभाव नै थियो । भिक्षुहरूलाई यो कुरा ठिक लागेन । सायत सर्वसाधरणमा धेरै घुलमिल नहुने भनेर पो हो कि ? भिक्षुको मूल उद्देश्य भनेको भिक्षाबाट जिविका गरी कल्याणकारी काम गर्ने हो । यस बारेमा तथागतलाई बृतान्त कुरा बताए । तथागतले बच्छलाई बोलाएर 'हे स्थिविर,' यो कुरा साँचो हो कि, तिमीले सबैलाई बसल भनी सम्बोध गर्छौं रे ? भनी सोध्दा, यो कुरा साँचो हो भन्ते, भन्यो । 'हे भिक्षुहरू,' तिमीहरू पिलिन्द बच्छ माथि रुष्ट नहोउ । मेरो पुत्रले पहिले ५०० जन्मसम्म ब्राह्मण कुलमा उत्पन्न भएर बसलवादको अभ्यास गरेको थियो । क्षीणाश्रवहरू अरुलाई मर्माहत गर्ने बचन बोल्दैनन् । जसको बोलि बचन रुखो टर्रो वा अरुलाई बिझाउने खालको हुँदैन । सबैले सजिलैसँग बुझ्न सक्ने हुन्छ । अर्थात सही, सरल र सत्य हुन्छ, त्यसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**अकक्कसं विञ्ञापनिं, गिरं सच्चं उदिरये**

**याय नाभिसजे कञ्चि, तं'अहं ब्रुमि ब्राह्मणं ॥४०८॥**

**भावार्थ–**

जसको बोलि बचन रुखो, टर्रो वा अरुलाई बिझाउने खालको हुँदैन । सबैले सजिलैसँग बुझ्न सक्ने हुन्छ । अर्थात सही, सरल र सत्य हुन्छ, त्यसैलाई म ब्राह्मण भन्दछु ।

## ४०९. समय सन्दर्भ–

एक समयमा श्रावस्तीको कुनै ब्राह्मण आफ्नो च्यादर उतारेर छेउमा राखी घरको ढोकातिर मुख फर्काएर बसेका थिए। भोजन गरेर बिहारतिर फर्कन लागेका एकजना स्थविरले झुत्रो भएर फालेको सम्झी, त्यो च्यादर उठाए। आफ्नो बस्त्र लैजान लागेको देखेर ब्राह्मण दौडेर आयो। उनलाई देखेर स्थविरले भने, 'हे ब्राह्मण,' मैले त झुत्रो सम्झेर ल्याएको भन्दै फिर्ता गरे। तर भिक्षुहरूलाई भने 'हे स्थविर,' त्यो बस्त्र राम्रो र नराम्रो कस्तो थियो ? भन्दै उपाहस गरे। उनीहरूको कुरा सुनेर, 'हे भिक्षुहरू,' मलाई बस्तुमा कुनै राग छैन। मैले त खाली झुत्रो देखेर लिएको मात्र हुँ, भन्यो। भिक्षुहरूले अहर्त प्राप्त गरेको स्वाङ गरेको भनेर तथागतलाई कुरा सुनाए। 'हे भिक्षुहरू,' उ सत्य बोल्दै छ। क्षीणाश्रवहरूले अर्काको बस्तु प्रति कुनै चाह हुँदैन। जसले यस् संसारमा कसैले नदिईकन सानो, ठुलो, राम्रो, नराम्रो, जेसुकै होस् कुनै पनि बस्तु चोरेर वा जबरजस्ती खोसेर लिँदैन भने, त्यसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**यो'ध दीधं वा रस्सं वा, अणुथुलं सुभासुभं**
**लोके अदिन्नं नादियति, तं'अहं ब्रुमि ब्राह्मणं ॥४०९॥**

**भावार्थ–**

जसले यस् संसारमा कसैले नदिईकन होस् वा छोटो, सानो ठुलो राम्रो, नराम्रो, जेसुकै होस् ? कुनै पनि बस्तु चोरेर जबरजस्ती खोसेर लिँदैन भने, त्यसैलाई म ब्राह्मण भन्दछु।

## ४१०. समय सन्दर्भ–

एक समयमा सारिपुत्र स्थविर ५०० भिक्षुहरूका साथमा कछारको कुनै बिहारमा वर्षाबास बसे । त्यहाँका मानिसहरूले वर्षाबास बसेका भिक्षुहरूलाई धेरै बस्त्र दान दिने बचन दिएका थिए। सारिपुत्रले प्रवारण गरेर तथागतको दर्शनार्थ जेतवन आउँदा भिक्षुहरूलाई भने कि वर्षाबासिक बस्त्रको लागि तरुण भिक्षुहरूलाई पठाइ दिन भने। स्थविर जेतवन पुगे पछि भिक्षुहरूले उनको कुरा सुनेर अझैं पनि सारिपुत्रलाई तृष्णा रहेछ, भन्ने बुझिन्छ भन्दै उनको पछि कुरा काट्ना थाले। भिक्षुहरूको कुरा सुनेर तथागतले, 'हे भिक्षुहरू,' मेरो पुत्रलाई कुनै तृष्णा छैन। उनी मोहाबाट मुक्त भैसकेका छन्। मानिसहरूलाई पुण्यबाट बञ्चित नहोउन् र तरुण भिक्षुहरूलाई पनि चीबरलाभ होस् भन्ने सोँचेर उनले त्यसो गरेका हुन्। यो लोक र परलोकको विषयमा जसको केही पनि आशाहरू राख्दैनन् । जो निराश्रय, अनासक्त काम, भोग र वासनाबाट मुक्त छन्, उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**आसा यस्स न विज्जन्ति, अस्मिं लोके परम्हि च**
**निरासयं विसँगुत्तं, तं'अहं ब्रुमि ब्राह्मणं ।।४१०।।**

**भावार्थ–**

यो लोक र परलोकको विषयमा जसको केही पनि आशाहरू राख्दैनन् । जो निराश्रय, अनासक्त, राग, द्वेष, माया, मोहा, काम भोग र वासनाबाट मुक्त छन्, उसैलाई म ब्राह्मण भन्दछु ।

# ४११. समय सन्दर्भ–

एक समयमा सारिपुत्र स्थविर ५०० भिक्षुहरूका साथमा कछारको कुनै बिहारमा वर्षाबास बसे । त्यहाँका मानिसहरूले वर्षाबास बसेका भिक्षुहरूलाई धेरै बस्त्र दान दिने बचन दिएका थिए । सारिपुत्रले प्रवारण गरेर तथागतको दर्शनार्थ जेतवन आउँदा भिक्षुहरूलाई भने कि वर्षाबासिक बस्त्रको लागि तरुण भिक्षुहरूलाई पठाइ दिन भने । स्थविर जेतवन पुगे पछि भिक्षुहरूले उनको कुरा सुनेर अझैं पनि सारिपुत्रलाई तृष्णा रहेछ, भन्ने बुझिन्छ भन्दै उनको पछि कुरा काट्ना थाले । भिक्षुहरूको कुरा सुनेर तथागतले, 'हे भिक्षुहरू,' मेरो पुत्रलाई कुनै तृष्णा छैन । उनी मोहाबाट मुक्त भैसकेका छन् । मानिसहरूलाई पुण्यबाट बञ्चित नहोउन् र तरुण भिक्षुहरूलाई पनि चीबरलाभ होस् भन्ने सोँचेर उनले त्यसो गरेका हुन् । यो लोक र परलोकको विषयमा जसको केही पनि आशाहरू राख्दैनन् । जो निराश्रय, अनासक्त काम, भोग र वासनाबाट मुक्त छन्, उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।।४१०।।

**पालीगाथा–**

**यस्सालया न विज्जन्ति, अञ्ञाय अकथंकथी**
**अमतोगधं अनुप्पत्तं, तं'अहं ब्रुमि ब्राह्मणं ।।४११।।**

**भावार्थ–**

जसमा तिर्सनका कुनै पनि आलय छैनन् । जसले सबै कुरा जानेका छन् । मनमा कुनै किसिमको दुबिधा छैन । अमरत्वमै डुबुल्की मारेको छ, उसैलाई म ब्राह्मण भन्दछु ।

## ४१२. समय सन्दर्भ–

एक समयमा अहर्त सारिपुत्रका भाइ रेवत बिबाह पछि बाटैबाट भागी अरण्यक भिक्षुहरूका साथ प्रबर्जित भएर खदिर बनमा आए। परिश्रम गरी सातै वर्षमा प्रतिसम्भिदा सार्थ अहर्तत्व पनि प्राप्त गरे । वर्षा बास पछि तथागत त्यहाँ आउँदा, उनले ऋद्धिबलबाट आसन बनाए । एक महिना त्यहाँ बसेर फर्कदा, दुईजना भिक्षुको केही सामान छुटेर ती भिक्षुहरू फर्कि त्यहाँ सामान लिन जाँदा बास स्थान पुरै काँडैकाँडाले भरिएको देखे । श्रावस्ती फर्के पछि भोलिपल्ट बिहान महाउपासिका बिशाखाको घरमा यवागु खान जाँदा, बिशाखाले 'हे भन्ते,' आर्य रेवतको बास स्थान कस्तो छ ? भनि सोध्दा, काँडैकाँडा छ, भन्ने उत्तर दिए । आर्को भिक्षुसँग सोध्दा, देवसभा जस्तो छ, भन्ने उत्तर पाइन् । फरक भनाइले आश्चर्यमा परेकीले तथागतसँग सोध्दा, जसले यहाँ पाप र पुण्य दुबैको आसक्ति छोडिदिएको छ। जो शोक रहित छ। जसमा रजोगुण स्वरुपको धुलो मैलो छैन, निर्मल छ, उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।।९८।।

**पालीगाथा–**

**यो'ध पुञ्ञञ् च पापञ् च, उभोसंङ्ग उपच्चग**
**असोकं विरजं शुद्धं तं'अहं ब्रुमि ब्रँहमणं ।।४१२।।**

**भावार्थ–**

जसले यहाँ पाप र पुण्य दुबैको आसक्ति छोडिदिएको छ । जो शोक रहित छ । जसमा रजोगुण स्वरुपको धुलो मैलो छैन, निर्मल छ, उसैलाई म ब्राह्मण भन्दछु ।

## ४१३. समय सन्दर्भ–

एक समयमा राजगृहमा चन्द्राभ नामक ब्राह्मण पुत्र थियो। पूर्वजन्ममा काश्यप बुद्धको चैत्यमा चन्दन लगाएको पुण्यले गर्दा उनको नाभिबाट चन्द्र मण्डल जस्तै आभा निस्कन्थ्यो। जसले उनको शरीर छुन्छ, उसको मनले चिताएको पुग्छ भन्दै नगर भरि घुमाएर उनको पिताले पैसा बटुल्थ्यों। एकदिन तथागतनिर उपदेश सुन्न पुगे। तर, आभा लुप्त भयो। 'हे गौतम,' मलाई पनि आभा लुप्त गर्ने मन्त्र दिनु भने। 'हे ब्राह्मण,' म प्रर्जित भएकालाई मात्र मन्त्र दिन्छु, भन्यो। त्यसो भने पछि उनी प्रबर्जित भए। थोरै समयमै अहर्त्व पनि प्राप्त गर्यो। जब ब्राह्मण चन्द्राभलाई लिन आए, उनी जान मानेन्। चन्द्राभले अहर्त्व प्राप्त गरे भन्दै झुट बाल्दैछ भनी सुनायो, 'हे भिक्षुहरू,' मेरो पुत्रको तृष्णा क्षीण भैसकेकोले उ सत्य बौल्दै छ। जो चन्द्रमा जस्तै निष्कलङ्क, कञ्चन, शितल, शुद्ध एवं शान्त छन्। जसको पुनर्जन्मको तृष्णा नष्ट भैसकेको छ उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा।

**पालीगाथा–**

**चन्दं व विभलं शुद्धं, विप्पसन्नं अनाविलं**
**नन्दीभव परिक्खीणं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४१३॥**

**भावार्थ–**

जो पूर्णिमाको चन्द्रमा जस्तै निष्कलङ्क, कञ्चन, शितल, शुद्ध एवं शान्त छन्। जसको पुनर्जन्मको तृष्णा पूर्ण रुपमा नष्ट भैसकेको छ, उसैलाई म ब्राह्मण भन्दछु।

## ४१४. समय सन्दर्भ–

एक समयमा कोलिया कन्या सुप्पवासाले सात वर्षसम्म गर्भमा राखेर ठुलो दुःख खेपी सिवलिलाई जन्म दिइन । सिवलि स्थविर बालपनमै घरबाट निस्की प्रबर्जित भएर अउले अहर्त्व पाए । भिक्षुहरूले धर्मसभामा चर्चा परिचर्चा चलाए । 'हे आबुसो,' यसरी अहर्त प्राप्तिको उपनिश्चय वा पूर्वकृत पुण्य हुँदाहुँदै पनि त्यस भिक्षुले त्यतिका समयसम्म आमाको पेटमा दुःख सहेर बस्नु पर्ने कारण के थियो ? यो भवसागरमा बिना कारण कुनै पनि घटनाहरू घट्दैनन् भनेर छलफल भयो । भिक्षुहरूको कुरा सुनेर तथागतले, 'हे भिक्षहरू,' मेरो पुत्र सिवलि यतिका धेरै दुःखहरूबाट छुटे । अहिले निर्वाणलाई साक्षत्कार गरी बिहार गर्दै छन् । जसले यो घुमाउरो बाटोबाट दुर्गम जन्म र मरणरुपी चक्र वा संसारका सबै मोहहरू त्यागिसकेका छन् । जो संसारिक बन्धनबाट मुक्त भैसकेका छन्, उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो इमं पलियथं दुग्गं, संसारं मोहं अच्चग**
**तिण्णो पारगतो झायी, अनेजो अकथंकथी**
**अनुपादाय निब्बुतो, तं'अहं ब्रुमि ब्राह्मणं ॥४१४॥**

**भावार्थ–**

जसले यो घुमाउरो बाटोबाट दुर्गम जन्म र मरणरुपी चक्र वा संसारका सबै मोहहरू त्यागिसकेका छन् । सबै बन्धनबाट मुक्त भैसकेको छ, उसैलाई म ब्राह्मण भन्दछु ।

## ४१५. समय सन्दर्भ–

एक समयमा श्रावस्ती नगरको सुन्दरसमुद्र नामक कुलपुत्र तथागतको उपदेश सुनेर धेरै प्रयत्न गरी बाबा आमाको आज्ञाले प्रबर्जित भएर भिक्षुहरूका साथ राजगृहमा रहन्थ्यो । उनका बाआमाले गृहस्थ अपनाउन कुनै गणिकालाई प्रशास्त पैसा लिएर राजगृह पठाए । सुन्दरसमुद्र भिक्षाटनमा जाँदा यबागु र भोजन दिने गर्न थालिन् । बिस्तारै गणिकाले फकाउदै एकदिन आफ्नो कोठीमा लागीन् । तपाइँ अहिले तरुण हुनुहुन्छ ? तरुण अवस्थामा मोज मस्ती गरौँ । बृद्ध भए पछि प्रबर्जित होउला, भनिन् । 'हे गणिका,' तिमीले मलाई मोहित बनाएर कोठीमा ल्यायौँ । भन के बिचार छ ? तिमीलाई मैले के गर्नु पर्छ ? मैले त ठुलो अपराध गरे भनेर भन्दै गर्दा, भिक्षुको आसय जानेर जो यस संसारमा काम भोगलाई छोडेर प्रबर्जित भएको होस् । जसको कामना अभिलाषा र वासनाको उत्पति नै नष्ट भैसकेको होस्, त्यसैलाई म ब्राह्मण भन्दछु । तथागतले गन्धकुटीबाटै काम र वासनाहरू त्याग भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो'ध कामे पहत्वान, अनागारो परिब्बजे**
**कामभवपरिक्खीणं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४१५॥**

**भावार्थ–**

जो यस संसारमा काम भोगलाई छोडेर प्रबर्जित भएको होस् । जसको कामना, अभिलाषा र वासनाको उत्पति नै नष्ट भैसकेको होस्, त्यसैलाई म ब्राह्मण भन्दछु ।

## ४१६. समय सन्दर्भ–

एक समयमा एउटा जटिल नामक सेठले आफ्ना तीन छोराहरूको बिबाह गराइ सबैको घरबार बसाए । त्यसपछि छोराहरूलाई बराबर सम्पत्ति सुम्पेर प्रबर्जित भइ केही दिन मै अहर्त्व पनि प्राप्त गरे । एकदिन ५०० भिक्षुहरूका साथमा भिक्षाटन गर्दै द्वारमा आएको तथागतलाई उनको छोराहरूले पालैपालो आधा महिनासम्म भोजन दान गरे । भिक्षुहरूले धर्मसभामा यस कुराको चर्चा पनि चलाए । उनको छोराहरूको चारैतिर प्रसंशा भयो । तर, केही भिक्षुहरूले भने उनले अहर्त्व प्राप्त गरेका छैन । उनले खालि अहर्त्व प्राप्त गरेको नाटक गर्दै छन् । जटिल सेठमा अझैं पनि राग, द्वेष, माया, मोहा, काम, भोग, वासना र तृष्णा बाँकी छ, भनी तथागतलाई यावत कुराहरू सुनाए । 'हे भिक्षुहरू,' मेरा पुत्रमा तृष्ण छैन । जो यस संसारमा सबै तिर्सनाहरूलाई छोडेर प्रबर्जित बनेका छन् । जसको कामना र तृष्णाको उत्पति नै नष्ट भैसकेको होस् । उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यो'ध तण्हं पहत्वान, अनागारो परिब्बजे**
**तण्हाभवपरिक्खीणं, तं'अहं ब्रुमि ब्राह्मणं ।।४१६।।**

**भावार्थ–**

जो यस संसारमा सबै तिर्सनाहरूलाई छोडेर प्रबर्जित बनेका छन् । जसको कामना र तृष्णाको उत्पति नै नष्ट भैसकेका होस् उसैलाई म ब्राह्मण भन्दछु ।

## ४१७. समय सन्दर्भ–

एक समयमा जेतवनमा महाबिहरमा कुनै नट पुत्रले तथागतको उपदेश सुनेर प्रबर्जित भई केही दिनमै अहर्त्व पनि प्राप्त गर्यो । एकदिन भिक्षाटनमा जाँदा, बाटोमा खेल देखाउँदै गरेको कुनै नटलाई देखेर भिक्षुहरूले उनलाई सोधे । 'हे नट,' यिनीहरूले पनि तिमीले खेलेका खेलहरू नै खेल्दै छन् । तिमीमा यसप्रति कुनै स्नेह छ कि छैन ? भनी सोध्दा, 'हे भिक्षुहरू,' यसमा अब मलाई कुनै चासो छैन भने । मैले सबै कुरा त्यागीसको भन्यो । तर भिक्षुहरूलाई उनको कुरामा पत्यार भएन । त्यसैले उनले भनेको कुरालाई तथागतसँग सुनाउदै, 'हे भन्ते,' यसले स्नेह छैन भनी झुट बोलेको छ । अहर्त्व प्राप्त गरेको नाटक रचेको छ भनी भन्दा, 'हे भिक्षुहरू,' मेरो पुत्रले सबै योग बन्धनहरूलाई छाडिसकेको छ । जसले मानविय सम्बन्ध छोडेको छ । दिब्य आलौकिक सम्बन्धलाई पनि त्यागेको छ । सबै किसिमका सम्बन्धहरूबाट अनासक्त छ, त्यसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**हित्वा मानुसकं गोगं, दिब्बं योगं उपच्चग**
**सब्बयोग विसंयुत्तं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४१७॥**

**भावार्थ–**

जसले मानविय सम्बन्ध छोडेको छ । दिब्य आलौकिक सम्बन्ध लाई पनि त्यागेको छ । सबै किसिमका सम्बन्धहरूबाट अनासक्त छ, त्यसैलाई म ब्राह्मण भन्दछु ।

# ४१८. समय सन्दर्भ–

एक समयमा जेतवनमा महाबिहरमा कुनै नट पुत्रले तथागतको उपदेश सुनेर प्रबर्जित भई केही दिनमै अहर्त्व पनि प्राप्त गर्यो । एकदिन भिक्षाटनमा जाँदा, बाटोमा खेल देखाउँदै गरेको कुनै नटलाई देखेर भिक्षुहरूले उनलाई सोधे । 'हे नट,' यिनीहरूले पनि तिमीले खेलेका खेलहरू नै खेल्दै छन् । तिमीमा यसप्रति कुनै स्नेह छ कि छैन ? भनी सोध्दा, 'हे भिक्षुहरू,' यसमा अब मलाई कुनै चासो छैन भने । मैले सबै कुरा त्यागीसको भन्यो । तर भिक्षुहरूलाई उनको कुरामा पत्यार भएन । त्यसैले उनले भनेको कुरालाई तथागतसँग सुनाउदै, 'हे भन्ते,' यसले स्नेह छैन भनी झुट बोलेको छ । अहर्त्व प्राप्त गरेको नाटक रचेको छ भनी भन्दा, 'हे भिक्षुहरू,' मेरो पुत्रले सबै योग बन्धनहरूलाई छाडिसकेको छ । जसले मानविय सम्बन्ध छोडेको छ । दिब्य आलौकिक सम्बन्धलाई पनि त्यागेको छ । सबै किसिमका सम्बन्धहरूबाट अनासक्त छ, त्यसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ॥४१७॥

**पालीगाथा–**

**हित्वा रतिञ्च अरतिञ्च, सितिभूतं निरुपधिं**
**सब्बलोकभिभुं वीरं, तं'अहं ब्रुमि ब्रह्मणं ॥ ४१८॥**

**भावार्थ–**

अनुराग र बिराग दुबैलाई छोडेर जो शान्त सेलाएको एवं आसक्ति र क्लेश रहित छ । जो सर्वलोक विजयी बीर र प्रतापी छ । उसैलाई म ब्राह्मण भन्दछु ।

## ४१९. समय सन्दर्भ–

एक समयमा राजगृहको बङ्गिस नामक ब्राह्मण पुत्रले मरेको मान्छेको खप्पर उठाएर उनीहरूको उत्पति स्थान बताउथ्यो । दिनभर नगरमा घुमेर त्यसैको सहराले खाने पिउने गर्दथ्यो । एक पटक उ खप्पर लिएर श्रावस्ती गए अनि तथागतकै कुरा सुन्न गए । बङ्गिस आएको थाहा पाएर तथागतले पशुयोनी, मनुष्यलोक र देवलोकका उन्पन्न भएको मानिस र अहर्तको खप्पर सँगै राखी भन्यो 'हे बङ्गिस,' के तिमीले बताउन सक्छौं ? यिनीहरू कहाँ उत्पन्न भएका हुन् ? भन्दा, अँ, सक्छु भन्दै चारवटाको क्रमश बतायो । तर पाँचमा पुगे पछि चुप भयो । 'हे बङ्गिस,' अगाडिको मैले बताउँछु भन्यो । यो मन्त्र मलाई पनि बताउनुहोस् भन्दा प्रबर्जित नभएकोलाई भन्दिन भन्यो । उनी त्यही समय प्रबर्जित भएर अहर्त्व पनि प्राप्त गर्यो । जसले प्रणीहरूको बिनाश र उत्पतिको नियमलाई राम्रोसँग जान्दछ । जो असक्ति रहित सुगत गति लिएको छ र प्रबुद्ध छ, उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**चुतिं यो वेदि सत्तानं, उपपत्तिञ्च सब्बसो**
**असंत्त. सुगतं बुद्धं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४१९॥**

**भावार्थ–**

जसले प्रणीहरूको बिनाश र उत्पतिको नियमलाई राम्रोसँग जान्दछ वा बुझ्दछ । जो असक्ति रहित सुगत गति लिएको छ र प्रबुद्ध छ । उसैलाई म ब्राह्मण भन्दछु ।

## ४२०. समय सन्दर्भ–

एक समयमा राजगृहको बङ्गिस नामक ब्राह्मण पुत्रले मरेको मान्छेको खप्पर उठाएर उनीहरूको उत्पति स्थान बताउथ्यो । दिनभर नगरमा घुमेर त्यसैको सहराले खाने पिउने गर्दथ्यो । एक पटक उ खप्पर लिएर श्रावस्ती गए अनि तथागतकै कुरा सुन्न गए । बङ्गिस आएको थाहा पाएर तथागतले पशुयोनी, मनुष्यलोक र देवलोकका उन्पन्न भएको मानिस र अहर्तको खप्पर सँगै राखी भन्यो 'हे बङ्गिस,' के तिमीले बताउन सक्छौं ? यिनीहरू कहाँ उत्पन्न भएका हुन् ? भन्दा, अँ, सक्छु भन्दै चारवटाको क्रमश बतायो । तर पाँचमा पुगे पछि चुप भयो । 'हे बङ्गिस,' अगाडिको मैले बताउँछु भन्यो । यो मन्त्र मलाई पनि बताउनुहोस् भन्दा प्रबर्जित नभएकोलाई भन्दिन भन्यो । उनी त्यही समय प्रबर्जित भएर अहर्त्व पनि प्राप्त गर्यो । जसले प्रणीहरूको बिनाश र उत्पतिको नियमलाई राम्रोसँग जान्दछ । जो असक्ति रहित सुगत गति लिएको छ र प्रबुद्ध छ, उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ॥४१९॥

**पालीगाथा–**

**यस्स गतिं न जानन्ति, देवा गन्धब्बमानुसा**
**खीणसवं अरहन्तं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४२०॥**

**भावार्थ–**

जसको गतिलाई देवता, गन्दर्भ तथा मानिसहरूले पनि जान्दैनन् । जो क्षीणाश्रव तिर्सनारुपी आश्रवका मलहरू नष्ट भैसकेको अहर्त छ । उसैलाई म ब्राह्मण भन्दछु ।

## ४२१. समय सन्दर्भ–

एक समयमा तथागत बेणुबनमा रहँदा, राजगृहबासी एकजना बिशख नामक उपासकले तथागतको उपदेश सुनेर अनागामी भई घर गएर आफ्नी पत्नी धम्मदिन्नालाई बोलाई सबै सम्पत्ति सुम्पन्न लागे । पतिको यो दशा देखेर पत्नीले पनि प्रबर्जित हुने इच्छा गरिन् । यो कुरा थाहा पाएर उनलाई पनि भिक्षुणीहरूनिर लगेर प्रबर्जित गराएर आफु पनि प्रबर्जित भए । उनले ध्यान भावना र साधनामा मेहनेत गरी थोरै समयमै उनले अहर्त्व पनि प्राप्त गरे । उनी जब राजगृह फर्किइन्, एकदिन बिशाखले उनीसँग चुलबेदल्ल सूत्रको प्रश्नहरू सोध्दा, उनले सबै कुरा ठिकठिकसँग बताइन् । तथागतले यो सबै कुरा थाहा पाए पछि मेरी पुत्री धम्मदिन्नाले सबै कुरा ठीक भनेकी छिन् । यिनी श्रोतापन्न भैसकेकी छिन । जसको अगाडि पछाडि र बीचमा बिगत, भविष्य र बर्तमानमा केही पनि छैन । जो परिग्रह रहित शान्त र बन्धन बिहिन छ । उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**यस्स पुरे च पच्छा च, मज्झे च नत्थि किञ्चनं**
**अकिञ्चनं अनादानं, तं'अहं ब्रुमि ब्राह्मणं** ।।४२१।।

**भावार्थ–**

जसको अगाडि पछाडि र बीचमा बिगत, भविष्य र बर्तमानमा केही पनि छैन । जो बिल्कुल परिग्रह रहित शान्त र बन्धन बिहिन छ । उसैलाई म ब्राह्मण भन्दछु ।

## ४२२. समय सन्दर्भ–

एक समयमा ५०० भिक्षुहरूका साथमा चारिका गर्दै जेतवन आउनु भएको तथागतलाई राजाले भोजनको लागि निमन्त्रणा गरे। दानको बिधि हेर्नकाल लागि नगर बासीलाई पनि बोलाइयो। त्यसपछि फेरि नगरबासीहरूले आमन्त्रण गरी राजाले भन्दा बढी दान दिए। राजा र नगर बासीहरूबीच प्रतिस्पर्ध नै चले जस्तो भयो। दानमा नगर बासीहरूलाई कसरी जित्ने भन्ने कुरामा छलफल भयो। रानी मल्लिकाले असदृश दानको उपाए निकालेर सुझाइन् राजाले त्यसै गरे। काल नामक मन्त्रीले राज्यकोषबाट खर्चेर गरेको दानको अलोचना गर्यो। दानानुमोदन गर्ने बेलमा तथागत मौन बस्नु भयो। राजाले यसको कारण सोध्दा, 'हे राजन,' मुर्खहरू अर्काको दानमा अप्रसन्न भएर दुर्गति प्राप्त गर्छन। तर पण्डितहरू दानानुमोदन गरी सुखी हुन्छन्। जो उत्तम प्रवर एवं बरिष्ठता प्राप्त गरी कुनै किसमिको कामुकता रहित धर्ममा श्रेष्टता हाँसिल गरेको छ। उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ॥१७७॥

**पालीगाथा–**

**उसभं पंवरं बीरं, महेसि विसजताविनं**
**अनेजं नहातकं बुद्धं, तं'अहं ब्रमि ब्राह्मणं** ॥४२२॥

**भावार्थ–**

जो उत्तम प्रवर एवं बरिष्ठता प्राप्त गरी महर्षि मन्त्रद्रष्ट बिजेता कुनै किसमिको कामुकता रहित स्नातक धर्ममा श्रेष्टता हाँसिल गरेको छ। उसैलाई म ब्राह्मण भन्दछु।

# ४२३. समय सन्दर्भ–

एक समयमा जेतवनमा तथागतलाई वायु रोग भयो । उनले तातो पानी ल्याउनको लागि उपवन स्थविरलाई देवङ्गिक ब्राह्मणकहाँ पठायो । अचानक स्थविर आएको देखी ब्राह्मण आँत्तिए । स्थविरले सबै कुरा भने पछि उनले तुरुन्तै पानी तताएर जेतवन ल्याए । उपवन स्थविरलाई साथमा महको भाँडो पनि दिए । तातो पानीमा मह मिसाएर पिउने बित्तिकै तथागतको रोग बिस्तारै निको भयो । तथागतलाई निको भएको देखेर, 'हे भन्ते,' कसलाई दिएको दान महाफलवान हुन्छ ? भने । उनको कुरा सुनेर 'हे ब्राह्मण,' यस प्रकार ब्राह्मणले दिएको दान महाफल वान हुन्छ । जसले आफ्नो पूर्वजन्म र निवास जान्दछ । सृष्टि प्रलय, स्वर्ग र नर्कलाई प्रत्यक्ष देख्दछ । पूर्वजन्मको क्षय प्राप्त गरेको मुनिसमान जसको प्रज्ञा परिपूर्ण भएको छ । उसैलाई म ब्राह्मण भन्दछु भन्दै दिएको उपदेशको पालीगाथा ।

**पालीगाथा–**

**पुब्बेनिवासं यो वेदि, सग्गापायञ्च पस्सति**
**अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि**
**सब्बवोसितवोसानं, तं'अहं ब्रुमि ब्राह्मणं ॥४२३॥**

**भावार्थ–**

जसले आफ्नो पूर्वजन्म र निवास जान्दछ । सृष्टि, प्रलय, स्वर्ग र नर्कलाई प्रत्यक्ष देख्दछ । पूर्वजन्मको क्षय प्राप्त गरेको मुनिसमान जसको प्रज्ञा परिपूर्ण भएको छ । उसैलाई म ब्राह्मण भन्दछु ।

धम्मपद २६ बर्ग

४२३ पालीगाथा

उपदेश सहित समाप्त भयो ।

॥ भवतु सर्वमंगलम् ॥